नेकाप

२०७६

फागुन

अङ्क

११

नेपाल कानून पत्रिका

भाग-६१ **२०७६ फागुन** अङ्क-११

<u>प्रकाशक</u>

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष
मुख्य रजिस्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत - सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवीकुमारी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा :
ना.सु.श्री अर्जुन चौधरी

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

प्रकाशित सङ्ख्या : ३५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७६..., ...महिना, नि.नं. ...., पृष्ठ ...

उदाहरणार्थ : *नेकाप,* २०७६, फागुन, नि.नं.१०३८०, पृष्ठ २२२३

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन, २०७६, ...- १ वा २, पृष्ठ ...

उदाहरणार्थ : *सअ बुलेटिन*, २०७६, फागुन – १ वा २, पृष्ठ १

सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np

मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ।

साथै, नेपाल कानून पत्रिका मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न www.nkp.gov.np** मा जानुहोला।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा कुनै शब्द **नेपाली युनिकोड फन्ट**मा टाइप गरी खोज्न सक्नुहुन्छ। वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोजमा** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु

लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्ठं।

अद्यैव वा मरणं मस्तु युगान्तरे वा

न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ॥८४॥

- भर्तृहरि नीतिशतकम्

<u>अर्थ:</u> **निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,**
आजै मर्नुपरोस् वा कालान्तरमा,
यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी
न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन्।

सूचना

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सँगालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.७५।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	१०३८० संयुक्त उत्प्रेषण / परमादेश	राजेश्वरलाल जोशीसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत	▪ प्लाष्टिकको झोलाबाट वातावरणमा दुस्प्रभाव पर्ने, यसलाई पुनः नवीकरण गर्न नसकिने र नसड्ने हुनाले लामो समयसम्म जमिनमा रही माटोको गुणस्तर कम भई माटो, पानीलगायत प्रदूषित भई जीव तथा वनस्पतिको जीवन खतरामा परेको अवस्था छ । वातावरण एवं जनस्वास्थ्यलाई ध्यानमा राख्दा हालको जस्तो प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको निर्वाध प्रयोग र यसबाट सिर्जित फोहोर व्यवस्थापन नयाँ ढंगले नियमन गर्नुपर्ने ।	२२२३
२.	१०३८१ संयुक्त लागु औषध (डाइजेपाम)	नेपाल सरकार विरूद्ध देवबहादुर घले	▪ लागु औषध बरामद भएपछि त्यसको प्रकृति अर्थात् त्यसले मानव स्वास्थ्यमा पार्ने असर, लागु औषधको परिमाण, वारदात र वारदात हुँदाको अवस्था, प्रतिवादीले पहिले पनि कारोबार गरे नगरेको र सेवन गर्ने नगर्ने अवस्थासमेतलाई मध्यनजर गरी कसुरको मात्रा निर्धारण गर्नुपर्ने ।	२२४०
३.	१०३८२ संयुक्त उत्प्रेषण / परमादेश	सन्तोष खनालसमेत विरूद्ध लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत	▪ कानूनमा भएको व्यवस्थाबमोजिम नोकरी जोड्न समयमा नै निवेदन गरी कर्मचारीले आफ्नो कर्तव्य पालना गरेकोमा सार्वजनिक निकाय वा पदाधिकारीले ढिला निर्णय गरेका कारण त्यसको दुष्परिणाम कर्तव्य पालन गरेको कर्मचारीलाई बहन गराउन नमिल्ने ।	२२४६
४.	१०३८३ संयुक्त उत्प्रेषण / परमादेश	कमलराज ढकाल विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ नगरप्रमुखले नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा सम्झौता गरी कसैलाई निजी बाटोको रूपमा प्रयोग गर्न दिएमा त्यस्तो कार्य स्वत: (ipso facto) गैरकानूनी हुने देखिन्छ । यस्तो गैरकानूनी कार्यको सम्बन्धमा अख्तियार दुरूपयोग	२२५४

			अनुसन्धान आयोगले निर्णय गरी निर्देशन नदिएको अवस्थामा पनि त्यस्तो कानूनविपरीतको कार्य स्वत: गैरकानूनी हुन जान्छ र कानूनअनुसार उक्त जग्गा स्थानीय प्रशासनले संरक्षण गर्नु पर्ने।	
५.	१०३८४ संयुक्त उत्प्रेषण / प्रतिषेध	राजेशमान श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	▪ कानूनबमोजिम मालपोत कार्यालयले मात्र कुनै जग्गा सार्वजनिक हो होइन र दर्ता गर्न मिल्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार राख्नेमा व्यक्तिको नाममा जग्गा दर्ता गर्ने नगर्ने जस्ता जग्गा प्रशासनसम्बन्धी कुनै क्षेत्राधिकारै नभएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो काम, कर्तव्य र क्षेत्राधिकारभन्दा बाहिर गई गरेको निर्देशित आदेशबाट स्वयं मालपोत कार्यालयको क्षेत्राधिकार नै निष्क्रिय र सीमित हुने।	२२६४
६.	१०३८५ संयुक्त आगो लगाई कर्तव्य ज्यान	नेपाल सरकार विरुद्ध हसिना हास्मीसमेत	▪ मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा ग्रहण गर्नको लागि दुई वा दुईभन्दा बढी कागज पेस भएकोमा ती कागजहरू वा दुई वा दुईभन्दा बढी व्यक्तिहरूले सुनेको भनी लेखाएको विषय एकापसमा विरोधाभाषपूर्ण हुनुहुँदैन । अस्पतालमा गराइएको भनिएको कागजमा उपचारमा संलग्न चिकित्सक वा अन्य कर्मचारीलाई रोहवरमा राखी निजहरूले अदालतसमक्ष सोको विषयमा बकपत्र गरेको हुनुपर्दछ। पेस गरिएका कागजमा उल्लिखित बेहोरा मिसिल संलग्न कागजबाट समर्थित भएको हुनुपर्दछ, सो नभए पनि खण्डित भएको हुनु नहुने।	२२८०

७.	१०३८६ संयुक्त टप घर भत्काई खिचोला छोडाई बाटो कायम चलन	जगतप्रसाद साहसमेत विरूद्ध जानकीदेवी धनुकाइनसमेत	▪ दाताले बाटो निकास रहेको भनी लिखतमा उल्लेख गरेको बेहोरालाई पछि जग्गा खरिद गर्ने दातालाई पनि सो तथ्य बन्धनकारी हुने र बाटो निकासलाई अवरोध गर्न नमिल्ने।	२३०८
८.	१०३८७ संयुक्त भ्रष्टाचार	जगरनाथप्रसाद सोनार विरूद्ध नेपाल सरकार	▪ भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने।	२३१८
९.	१०३८८ संयुक्त उत्प्रेषण	लेनिन विष्ट विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत	▪ जबसम्म कानूनद्वारा अख्तियार प्राप्त निकायले कुनै कानूनी कारबाही सुरू गरी कानूनको अख्तियारीभित्र रही विदेश यात्रालाई रोक्दैन तबसम्म यस्तो यात्रा रोक्न नमिल्ने।	२३७१
१०.	१०३८९ संयुक्त उत्प्रेषण / परमादेश	न्हुच्छेबहादुर खड्गीसमेत विरूद्ध मध्यपुर ठिमी नगरपालिकाको कार्यालय, मध्यपुर ठिमी, भक्तपुरसमेत	▪ स्ववासीको नाममा केही समयदेखि कब्जा गरी बसेका तथा परापूर्वकालदेखि बसोवास गरी आएका बिचको अधिकारमा भिन्नता हुन्छ। कुनै जग्गा हाल कब्जा गरी बस्ने तथा परापूर्वकालदेखि नै सन्तान दरसन्तानदेखि बसोवास गरी आएकालाई एकै कसीमा राख्न नमिल्ने।	२३८४

११.	१०३९० संयुक्त जबरजस्ती करणी	मदन परियार विरूद्ध नेपाल सरकार	▪ अन्य प्रमाणहरूले जाहेरी बेहोराका साथै पीडितको मौकाको कागजलाई समर्थन गरिरहेको अवस्थामा ती प्रमाणहरूलाई नजरअन्दाज गरी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान र पुनरावेदन जिकिरलाई आधार मानी आरोपित कसुरबाट उन्मुक्ति दिन सकिने अवस्था नहुने।	२३९२
१२.	१०३९१ संयुक्त बन्दी प्रत्यक्षीकरण	हरिकृष्ण सुवेदी विरूद्ध श्रीजया कार्कीसमेत	▪ सामान्यतया अदालत वा न्यायाधीशले बालबालिकाको सर्वोत्तम हित हेर्दा बच्चाको विशिष्ठ परिस्थिति, उसको व्यक्तिगत अवस्था र परिवेशलाई मूल्याङ्कन गर्नुपर्दछ। यस्तो निर्णयमा पुग्दा बालबालिकाको मनोवैज्ञानिक अवस्थासहितको प्रतिवेदनसमेतलाई विचार गरी निर्णयमा पुग्नु महत्त्वपूर्ण आधार हुन सक्दछ। त्यस्तै यस्तो निर्णयमा पुग्दा बुबा, आमा, हजुरबुबा, हजुरआमा, कुनै पनि नातेदार वा अन्य संघ संस्थाको परिस्थिति वा अवस्था होइन निज बालकको परिस्थिति र इच्छासहितको वस्तुगत दृष्टिकोण महत्त्वपूर्ण हुने।	२४०२
१३.	१०३९२ संयुक्त अपहरण तथा शरीर बन्धक	नेपाल सरकार विरूद्ध प्रेमबहादुर वि.क.समेत	▪ पछि दिइएको वा दोस्रो जाहेरी वारदात र तथ्यको नजिक छ, किटानी छ, प्रतिवादीहरूको बयान पनि वारदातसँग नजिक छ, त्यसलाई भौतिक र परीक्षण प्रतिवेदन जस्ता अन्य स्वतन्त्र प्रमाणहरूले पनि समर्थन गर्दछ र जाहेरवाला स्वयंले तथ्य पुष्टि हुने गरेर अदालतमा आई किटानी बकपत्र गरी दिन्छन् भने त्यस्तो जाहेरीलाई ढिलो गरिदिएको वा "सोच विचार गरी" **(after thought)** पूर्वाग्रह राखी दिइएको जाहेरीको कोटीमा राख्न नमिल्ने।	२४१९
१४.	१०३९३ संयुक्त उत्प्रेषण / परमादेश	तसलिम खाँ मिस्कार विरूद्ध वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौंसमेत	▪ कम्पनीका सेयर होल्डरहरूमध्ये कसैको मृत्यु भएमा सेयर कारोबार के कसरी विभाजन गरी हक दायित्व बाँडफाँड गर्ने भन्ने कुरा पक्षहरूको दायित्व हुने र सोबमोजिमको हिसाब किताब बाँडफाँड गरी पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने कानूनी दायित्व कम्पनीको सञ्चालकहरूमा नै निहित रहने।	२४३१

निर्णय नं. १०३८०

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७४।५।११
०६९-WO-१२५८

विषयः- उत्प्रेषण / प्रतिषेध

निवेदक : ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १ स्थित नेपाल प्लाष्टिक उत्पादक संघको अख्तियारप्राप्त ऐ.का महासचिव ऐ.ऐ. वडा नं. ६ बस्ने राजेश्वरलाल जोशीसमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

- **प्लाष्टिकको झोलाबाट वातावरणमा दुस्प्रभाव पर्ने, यसलाई पुनः नवीकरण गर्न नसकिने र नसड्ने हुनाले लामो समयसम्म जमिनमा रही माटोको गुणस्तर कम भई माटो, पानीलगायत प्रदूषित भई जीव तथा वनस्पतिको जीवन खतरामा परेको अवस्था छ । वातावरण एवं जनस्वास्थ्यलाई ध्यानमा राख्दा हालको जस्तो प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको निर्वाध प्रयोग र यसबाट सिर्जित फोहोर व्यवस्थापन नयाँ ढंगले नियमन गर्नुपर्ने ।**

(प्रकरण नं.३)

- **हामी बाँचिरहेको प्रकृति हामी सबै पृथ्वीवासीहरूको साझा घर हो र यसको संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने दायित्व सबै मानवजातिको हो । हामीले गर्ने मानवीय जीवनका हरेक क्रियाकलापहरू वातावरण र प्रकृतिमैत्री हुनुपर्छ र वर्तमानको उपभोगले भावी पिँढीको जीवनशैली र उपभोग क्षमतालाई प्रभाव पार्नु नहुने ।**

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री गोपालप्रसाद अर्याल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला, विद्वान् अधिवक्ता श्री दामोदर खड्का

सरोकारवालाको तर्फबाट : विद्वान् अधिवक्ता श्री हरिशचन्द्र सुवेदी, श्री भुवनप्रसाद वाग्ले, श्री गणेश दाहाल

अवलम्बित नजिर :

- ने.का.प.२०६१, अंक ८, नि.नं.७४३०

सम्बद्ध कानून :

- वातावरण संरक्षण ऐन, २०५३

आदेश

स.प्र.न्या.गोपाल पराजुली : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

रिट निवेदनको बेहोरा

निवेदकमध्येको नेपाल प्लाष्टिक उत्पादक संघ नेपाल राज्यभित्र प्लाष्टिक उत्पादक व्यवसायीहरूको हकहित संरक्षण गर्नको लागि संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको गैरनाफामूलक परोपकारी संस्था हो । निवेदकमध्येको एटलस पेट प्लस इण्डष्ट्रिज नेपाल प्रा.लि. कम्पनी ऐन, २०५३ बमोजिमको

कानूनी व्यक्ति हो र औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३(क) बमोजिम प्लाष्टिकजन्य वस्तु उत्पादन गर्नको लागि इजाजत प्राप्त गरेको छ । त्यसैगरी निवेदकमध्येको महालक्ष्मी पोलिमर्स उद्योग, सबनम प्लाष्टिक उद्योग, राधाकृष्ण प्लाष्टिक उद्योग, विष्णु ट्रेडर्स, तिवारी प्लाष्टिक उद्योग, सुनकोशी प्लाष्टिक उद्योग, निता स्टोर फर्म प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको प्लाष्टिकका पोलिथिन झोला एवं प्लाष्टिकजन्य विभिन्न वस्तु उत्पादन र बिक्री वितरण गर्ने कानूनी व्यक्ति हो र निवेदकमध्येको म नारायणप्रसाद रिमाल पोलिथिन झोला प्रयोगकर्ता हुँ। हामी निवेदकहरू प्रचलित कानूनबमोजिम आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कसमेतको लागि दर्ता भई प्लाष्टिकका पोलिथिन झोला र विभिन्न सामानहरू उत्पादन र बिक्री वितरण गरी आएकोमा विपक्षी काठमाडौं महानगरपालिकाबाट मिति २०७०।३।१ देखि काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाई र सोको बर्खिलाप गरेमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम प्रयोगकर्तालाई रू. ५००।- र बिक्रेतालाई रू. १,०००।- सम्म जरिवाना गर्ने बेहोराको सूचना मिति २०७०।१।२ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित गरेकोमा पोलिथिनको झोलाको बिक्री वितरण गर्न प्रतिबन्ध लगाउने विपक्षीहरूको निर्णयको सम्बन्धमा बुझ्दा मिति २०७०।१।५ मा बसेको काठमाडौं महानगरपालिकाको बोर्ड बैठकको एजेन्डा नं.१२ को विषयवस्तुमा का.म.पा. क्षेत्रभित्र प्लाष्टिक मुक्त बनाउने सम्बन्धमा मिति २०६८।३।२६ मा काठमाडौं महानगरपालिकाको समग्र विकास तथा सुधारको लागि कार्यसूची तयार गरी तत्कालीन सम्माननीय प्रधामन्त्रीबाट काठमाडौं घोषणामार्फत २ वर्षभित्र काठमाडौं महानगर क्षेत्रभित्र चरणबद्ध पोलिथिन झोलामुक्त बनाउने कार्यक्रम रहेकोले यही मिति २०७०।३।१ बाट पोलिथिन झोला मुक्त गर्न वातावरण व्यवस्थापन विभागबाट यससम्बन्धी सार्वजनिक सूचना जारी गर्ने, उक्त मितिबाट प्लाष्टिक झोला प्रयोग गर्नेहरूको लागि रू.५००।- र बिक्रीकर्ताको लागि रू. १,०००।- जरिवाना तोक्ने, सरोकारवाला निकायहरू, नेपाल सरकारका सबै कार्यालय, सार्वजनिक संस्थान कार्यालयहरूमा पत्राचारद्वारा जानकारी गराउने र वातावरणसम्बन्धी कार्य गर्ने NGO/INGO सँग छलफल गरी प्रभावकारी ढङ्गले परिचालन गर्न विविध कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रमको प्रबर्द्धन गर्न छुट्टै प्रबर्द्धन तथा प्रचार प्रसार समिति गठन गर्नेसमेतको निर्णय भएको रहेछ। उक्त निर्णयबाट हामी निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१) र १९(१), औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९ र कम्पनी ऐन, २०६३ को दफा ३ द्वारा प्रदत्त मौलिक एवं कानूनी हकमा आघात पुगेकोले यो रिट निवेदन लिई अदालतमा उपस्थित भएका छौं।

प्लाष्टिक वा पोलिथिन झोला उत्पादन गर्ने उद्योगहरू कम्पनी ऐन, २०५३ तथा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएका हुन् । प्राइभेट फर्म घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुने हुँदा दर्ता र इजाजत एकैपटक प्राप्त गरेका हुन्छन् । कम्पनी ऐनबमोजिम दर्ता भएका उद्योगहरू पुँजी / लगानी एवं क्षमताको आधारमा घरेलु तथा साना उद्योग कार्यालय एवं उद्योग विभागमा उद्योगको रूपमा दर्ता एवं वस्तु उत्पादनको इजाजत प्राप्त गरी सञ्चालनमा रहेका हुन्छन् । यसबाट हामी प्रचलित कानून र करको दायरामा आई व्यवसाय सञ्चालन गरी आएका हौं । प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानप्रति जनसाधारणको सकारात्मक धारणा रही आएको छ र जनमत पनि यसमा रोक लगाउने नभई कानूनद्वारा नियमित गरिनुपर्दछ भन्ने पक्षमा रहेको छ। नियमित गरिएको खण्डमा जनस्वास्थ्य, जमिनको उर्वराशक्ति र फोहोरमैला व्यवस्थापनमा प्लाष्टिकजन्य

सामानबाट सिर्जित चुनौती अन्त्य हुने कुरामा विवाद छैन। आजको मानव जीवन प्लाष्टिकजन्य सामानबिना चल्न नसक्ने हुँदा यसलाई कानूनद्वारा नियमित गर्नुको विकल्प छैन । यसैले विपक्षी का.म.न.पा.बाट नेपाल सरकारको नीतिविपरीत हुने गरी लगाइएको प्रतिबन्ध कानूनसम्मत छैन। यसबाट वातावरण र जनस्वास्थ्यमा पर्ने असरको विषयमा वैज्ञानिक अनुसन्धान नगरी रोक लगाउने निष्कर्षमा पुग्नु न्यायोचित छैन । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६१, नि.नं. ७४३० मा प्रतिपादित सिद्धान्तअनुसार विपक्षीसमेतको नाममा प्राविधिक समिति गठन गरी उपयुक्त निर्णय गर्न परमादेशको आदेश जारी भएकोमा हालसम्म त्यसो नगरी अदालतको अवहेलना गर्ने कार्य भएको छ।

औद्योगिक व्यवसाय ऐन, २०४९ मा मिति २०४५।५।६ मा भएको पहिलो संशोधनले प्लाष्टिक उद्योगलाई अनुसूची-२ बाट हटाइएपछि यस उद्योगको स्थापनासमेतको लागि अनुमति लिनुपर्ने व्यवस्था हटाइएबाट प्लाष्टिकजन्य वस्तुको उत्पादन एवं प्रयोग जनस्वास्थ्य प्रतिकूल नभएको स्पष्ट छ । प्लाष्टिक उद्योगबाट उत्पादन एवं बिक्री हुने पोलिथिन झोलाको उत्पादनलाई कुनै पनि कानूनद्वारा प्रतिबन्ध लगाइएको छैन र नियमित मात्र गरिएको छ। मिति २०५७।१।१९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट प्लाष्टिक झोलाको मापदण्ड २० माइक्रोन वा सोभन्दा बढी हुनुपर्ने गरी तोकिएको छ । उक्त सूचनाबमोजिमको उत्पादन स्वदेशी उपयोगको लागि हो। निर्यात प्रयोजनको लागि सोभन्दा कमको उत्पादन गर्न सकिने बेहोरा मिति २०५७।१।२६ को राजपत्रबाट स्पष्ट हुन्छ । यसबाट पोलिथिन झोला उक्त मापदण्डबमोजिम उत्पादन र बिक्री वितरण गर्न पाइन्छ र यसलाई कतै निषेध गरिएको छैन । यसको नियमनलाई अझ प्रभावकारी बनाउनुपर्ने अवस्था छ । औद्योगिक व्यवसाय ऐनको प्रावधानलाई अन्य कानूनी व्यवस्थाले प्रभावित गर्न सक्दैन। वातावरण परीक्षणबाट पनि यसलाई नियमित गर्न सकिन्छ। पोलिथिन झोला उत्पादन गर्ने उद्योगलाई कानूनले नै वातावरणमा असर पार्ने उद्योग नमानेको अवस्थामा प्रत्यर्थीले वातावरण र जनस्वास्थ्यमा असर परेको भन्ने बेहोरा वातावरण संरक्षण ऐन, २०५३ र ऐ. नियमावली, २०५४ प्रतिकूल छ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ बनाई लागू गरेको छ । यस निर्देशिकाको नियम ३ मा २० माइक्रोनभन्दा कमको झोला उत्पादन गर्न नपाइने र त्यस्तो उत्पादनलाई बिसर्जन गर्नुपर्ने व्यवस्था गरेको छ । यसप्रकार कानूनले उत्पादन, बिक्री र प्रयोगको लागि अनुमति लिई नियमन गरेको वस्तुलाई प्रतिबन्ध लगाउने गरी विपक्षीहरूबाट भएका निर्णयसमेतका काम कारबाहीबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) द्वारा प्रत्याभूत हाम्रो उद्योग, व्यापार र रोजगारको स्वतन्त्रतामा रोक लगाएको र विधायिकी कानूनले त्यस्तो स्वतन्त्रतामा प्रतिबन्ध लगाएको अवस्था छैन । प्रचलित कानूनले प्रतिबन्ध नलगाएको एवं कानूनबमोजिम दर्ता भई इजाजत र अनुमति लिई व्यवसाय सञ्चालन गरिरहेको र समान प्रकृतिको अन्य वस्तुमा प्रतिबन्ध नलगाएको अवस्थामा हामी निवेदकहरूलाई असमान व्यवहार गरिएको ऐ. संविधानको धारा १३(१) मा प्रदत्त मौलिक हक अतिक्रमण गरिएको छ।

नेपालमा निवेदकसहित करिब ४०० वटा प्लाष्टिक उद्योगहरू स्थापना र सञ्चालनमा छन् । त्यसमा ठूलो मात्रामा स्वदेशी पुँजी लगानी भएकोले विपक्षीहरूबाट ऐ. सम्पत्ति आर्जन एवं अन्य कारोबार गर्न पाउने हक कुण्ठित भएको अवस्था छ । विपक्षी का.म.न.पा.द्वारा प्रकाशित उक्त सूचनाको बर्खिलाप गरेमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार दण्ड जरिवाना गर्ने अधिकार विपक्षी का.म.न.पा.लाई

नहुँदा सो सूचना प्रारम्भदेखि गैरकानूनी छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(छ)(५) र (६) को आधारमा प्रचलित कानूनबमोजिम इजाजतप्राप्त उत्पादन, बिक्री वितरण, प्रयोग र व्यावसायिक कार्यमा प्रतिबन्ध लगाउन मिल्ने होइन। प्लाष्टिक तथा पोलिथिन झोलाबाट वातावरणलाई असर पर्छ भन्ने अफवाह फैलाउनेलगायतका भ्रमपूर्ण धारणा अभिव्यक्त हुने गरेकोले यथार्थता लगाई निष्कर्षमा पुग्नुपर्ने भनी सर्वोच्च अदालतबाट ने.का.प. २०६१, नि.नं. ७४३० मा सिद्धान्त प्रतिपादन भएको हुँदा अध्ययन अनुसन्धान नगरी पोलिथिन झोलालाई प्रतिबन्ध लगाउने विपक्षीहरूको कार्य त्रुटिपूर्ण छ । साथै हाल जनप्रतिनिधि नभएको अवस्थामा आफूलाई प्राप्त फोहोर मैला व्यवस्थापन गर्ने पदीय जिम्मेवारी वहन नगरी मिति २०७०।१।२ मा सूचना प्रकाशित गरेपछि मिति २०७०।१।५ मा मात्र निर्णय गर्ने कार्य कानूनको मान्य सिद्धान्त प्रतिकूल भएकोले काठमाडौं महानगरपालिकाबाट मिति २०७०।३।१ देखि काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला प्रतिबन्ध लगाउने र त्यस्तो कार्य गरे जरिवाना गर्ने भनी मिति २०७०।१।२ मा प्रकाशित सूचना र मिति २०७०।१।५ को बोर्ड निर्णय एवं सोसम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी सम्मानित अदालतबाट ने.का.प. २०६१, नि.नं. ७४३० मा मिति २०६१।८।४ मा जारी आदेशबमोजिम अध्ययन अनुसन्धान र निर्णय नभएसम्म विपक्षीको निर्णयानुसार प्लाष्टिक झोला बिक्री र प्रयोगमा प्रतिबन्ध नलगाउनु भनी प्रतिषेधसमेत जारी गरिपाऊँ । साथै विपक्षी का.म.न.पा.ले मिति २०७०।१।२ को नागरिक दैनिकमा प्रकाशित सूचना र मिति २०७०।१।५ बोर्ड निर्णयसमेतको आधारमा मिति २०७०।३।१ देखि पोलिथिन झोलाको बिक्री तथा प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयन भएमा निवेदकहरूलाई अपूरणीय क्षति हुने भएकोले प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म उक्त निर्णय एवं सूचनाअनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक (पोलिथिन) झोला बिक्री तथा प्रयोगमा रोक लगाउने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

यस अदालतबाट भएको आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षी नं. १ तथा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षी नं. २ र ३ का नाममा यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै निवेदन मागबमोजिम अन्तरिम आदेश हुने नहुने सम्बन्धमा विपक्षीसमेतलाई राखी छलफल गरी निष्कर्षमा पुग्नुपर्ने हुनाले सो सम्बन्धमा प्लाष्टिकको झोलामा प्रतिबन्ध लगाउने गरी काठमाडौं महानगरपालिकाको मिति २०७०।१।२ को सूचनाबमोजिमको कार्य तत्कालको लागि यथास्थितिमा राखी सो सम्बन्धमा अन्तरिम आदेश छलफलको लागि मिति २०७०।२।२९ को पेसी तोकी विपक्षीहरूलाई जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।२।२२ को आदेश।

यसमा निवेदकहरूतर्फका कानून व्यवसायीहरूले अन्तरिम आदेश जारी गरिपाउन माग गर्दा यस अदालतबाट ने.का.प. २०६१, नि.नं. ७४३० मा मिति २०६१।८।४ मा जारी आदेशबमोजिम अध्ययन, अनुसन्धान र निर्णय नभएसम्म प्लाष्टिक

झोलाको प्रयोग एवं बिक्री वितरणमा प्रतिबन्ध नलगाउन माग गरेतर्फ हेर्दा उक्त मुद्दामा निर्णय हुँदा यस विषयमा बृहत् एवं गम्भीर अध्ययन अनुसन्धान गरी आ.व. ०६१/०६२ भित्रै रायसहितको प्रतिवेदन पेस गर्ने कार्यादेश दिई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं जनसंख्या तथा वातावरण मन्त्रालयको नाममा निर्देशात्मक आदेशसहितको परमादेश जारी भए पनि सोबमोजिम कुनै काम गरेको वा प्रतिवेदन प्राप्त गरेको नेपाल सरकारतर्फबाट बताउन सकेको पाइएन । यति महत्त्वपूर्ण विषयमा भएको आदेशबमोजिमको काम हालसम्म पनि सम्पन्न नगरी अटेर गरी बस्न वा सहन मिल्ने देखिएन। उक्त विवरण प्रस्तुत मुद्दामा भएको आदेशको कार्यान्वयनको लागि अति सान्दर्भिक रूपले जोडिएको देखिएकोले उपर्युक्त निर्णयबमोजिम प्राविधिक समिति गठन गरी अध्ययन अनुसन्धान गरी रायसहितको प्रतिवेदन प्राप्त भएको भए ७ दिनभित्र यस अदालतमा पठाउनु भनी र सोबमोजिम नगरेको भए १५ दिनभित्र प्राविधिक समिति गठन गर्न लगाई उक्त समितिले अविलम्ब काम सम्पन्न गराई राय प्रतिवेदन प्राप्त गरी सोबमोजिम काम कारबाही पूरा गरी नतिजा पठाउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनू । साथै सोबमोजिम प्राविधिक समिति गठन गरेको कुराको अविलम्ब यस अदालतमा जानकारी पठाउन लेखी पठाउनू। उक्त काम सम्पन्न भएपछि मागबमोजिमको आदेश सम्बन्धमा छलफलको निम्ति पेस गर्नू।

तत्काल अन्तरिम आदेश निरन्तर गर्ने वा नगर्ने भन्ने सम्बन्धमा विचार गर्दा विपक्षी काठमाडौं महानगरपालिकाको मिति २०७०।१।२ मा नागरिक राष्ट्रिय दैनिकमा प्लाष्टिक झोलामुक्त काठमाडौं अभियानको लागि काठमाडौं महानगरपालिकाको अत्यन्त जरूरी सूचना भनी प्रकाशित सूचनामा मिति २०७०।३।१ देखि महानगरपालिका क्षेत्रभित्र प्लाष्टिकको झोला बिक्री वितरण तथा प्रयोग नगरिदिनुहुन अनुरोध गरिएको देखिन्छ। त्यस्तो अनुरोधभित्र निहित हितार्थमा प्रश्न उठाउनु पर्ने नभए पनि सो सूचनाको बर्खिलाप काम गरेमा फोहोर मैला व्यवस्थापन ऐन, २०६८ अनुसार प्लाष्टिक झोला प्रयोग गर्ने र बिक्री वितरण गर्नेलाई दण्ड जरिवाना तोकेको हकमा त्यसको अमुक कानूनी दफा र अख्तियारी खोलेको नपाइएको र लिखित जवाफसमेत प्राप्त हुन बाँकी हुँदा सो हदसम्म अर्को आदेश नभएसम्मको लागि यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७०।२।२२ मा जारी भएको तत्कालको लागि यथास्थितिमा राख्ने भन्ने आदेशमा अन्यथा गर्नुपर्ने देखिएन भन्ने यस अदालतको मिति २०७०।२।२९ को आदेश।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को लिखित जवाफ

निवेदकले दाबी लिनुभएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको छ ? भन्ने सम्बन्धमा निवेदकले निवेदनमा कुनै कुरा उल्लेख गर्नुभएको छैन । यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन। विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने कुनै दायित्व पूरा नगरेकोले यस कार्यालयलाई विपक्षी बनाउनु परेको हो भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेकोले प्रथमदृष्टिमा नै रिट निवेदन खारेजभागी छ। प्लाष्टिक झोलाको बिक्री तथा उपयोगमा प्रतिबन्ध लगाउने सम्बन्धमा सर्वोच्च अदालतबाट ने.का.प. २०६१, नि.नं. ७४३० मा मिति २०६१।८।४ मा जारी आदेशबमोजिम प्लाष्टिक झोलाहरूको उत्पादन, बेचबिखन एवं उपयोगका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूबाट आवश्यक काम कारबाही सम्पादन हुँदै आइरहेको छ । प्लाष्टिकका झोलाहरूको बढ्दो प्रयोगका कारण मानव स्वास्थ्य तथा वातावरणमा परिरहेको प्रतिकूल असरलाई न्यून

गरी स्वच्छ वातावरणमा सम्मानपूर्वक जीउन पाउने व्यक्तिको संवैधानिक अधिकारको संरक्षण र प्रबर्द्धनको लागि प्लाष्टिकका झोलाहरूको बेचबिखन एवं प्रयोगमा रोक लगाउने गरी सम्बन्धित अधिकारप्राप्त निकायले निर्णय गर्न नसक्ने भन्ने हुँदैन । कुनै खास क्षेत्रमा प्लाष्टिकका झोलाको बेचबिखन र उपयोगमा रोक लगाउने गरी अधिकारप्राप्त निकायबाट निर्णय भएको कारणबाट प्लाष्टिकजन्य वस्तु उत्पादन गर्नको लागि प्रचलित कानूनबमोजिम इजाजत पाएको कम्पनीको व्यापार एवं व्यवसाय गर्न पाउने अधिकारको अतिक्रमण भएको मान्न मिल्दैन । रिट निवेदक कम्पनीहरूले प्लाष्टिकजन्य वस्तु उत्पादन नै गर्न नपाउने गरी निर्णय भएको नभई कुनै खास क्षेत्रलाई प्लाष्टिकको झोला प्रयोग गर्नबाट रोक लगाइएको अवस्थासम्म हो । यस्तै प्रकृतिको विवादमा सर्वोच्च अदालतबाट ने.का.प. २०६० नि.नं. ७२०७ को उत्प्रेषण परमादेश रिटमा महेन्द्रनगर नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्लाष्टिकको झोला प्रयोग गर्न रोक लगाउने गरी गरेको निर्णयबाट निवेदकको पेसा, रोजगार, उद्योग व्यापार गर्ने स्वतन्त्रता र सम्पत्तिको हकमाथि हनन भएको भन्न नमिल्ने र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी जनस्वास्थ्यको लागि हानिकारक चिजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने निर्णय नगरपालिकाले गर्न सक्ने हुँदा प्रस्तुत रिट निवेदनको औचित्य नरहेकोले खारेज गरिपाऊँ ।

विपक्षी काठमाडौं महानगरपालिका तथा ऐ. का कार्यकारी अधिकृतको लिखित जवाफ

यसमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले महानगरपालिकालाई स्थानीय स्वायत्त सरकारको रूपमा स्थापित गरेको छ । ऐनले दिएको अधिकार एवं स्वायत्तताको परिधिभित्र रहेर महानगरपालिकाले यसको परिषद् एवं बोर्डमार्फत सार्वजनिक स्वास्थ्यको संरक्षणको लागि आवश्यक नीति बनाउन सक्ने भएकोले त्यही प्रयोजनका लागि नगरबासीका स्वास्थ्य एवं वातावरण संरक्षण गर्ने प्रयोजनका लागि नगर क्षेत्रभित्र प्लाष्टिकका झोलाको उपयोगमा प्रतिबन्ध लगाउने नीतिगत निर्णय भएको र यस्तो नीतिगत निर्णयको औचित्यभित्र प्रवेश गरी रिट जारी गर्न Doctrine of Political Question को सिद्धान्तले मिल्दैन । महानगरपालिकाले गरेको नीतिगत निर्णयबाट निवेदकको मौलिक हकमा प्रतिकूल असर परेको छैन । रिट निवेदकले दाबी लिइएका मौलिक हकका संवैधानिक धाराहरू निरपेक्ष होइनन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१) र १९(१) को प्रतिबन्धात्मक व्यवस्था हेर्दा सार्वजनिक स्वास्थ्य, नैतिकता र स्वच्छ वातावरण एवं सार्वजनिक हकको निम्ति मौलिक हकमा बन्देज लगाउन सकिने हुँदा यस महानगरपालिकाले सरोकारवाला निकाय र व्यक्तिसँग परामर्श गरी मिति २०६८।३।२६ मा तत्कालीन प्रधानमन्त्रीमार्फत सार्वजनिक गरेको काठमाडौं घोषणापत्रमार्फत २ वर्षभित्र काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोलामुक्त गर्ने निर्णय गरिएको हुँदा रिट निवेदन खारेजभागी छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(छ)(५) ले जनस्वास्थ्यको लागि हानिकारक ठानिएका चिजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने अधिकार स्थानीय निकायलाई भएकोले उल्लिखित काठमाडौं घोषणापत्र र मिति २०७०।१।५ गतेको बोर्ड बैठकको निर्णयानुसार सूचना निकालिएको हो । त्यसैगरी महेन्द्रनगर नगरपालिका कञ्चनपुरद्वारा गरेको यस्तै प्रकृतिको निर्णय विरूद्ध यस्तै प्रकृतिको रिटमा ने.का.प. २०६१, नि.नं. ७४३० अंक ८ पृ. १०८९) सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको छ । महानगरपालिकाभित्र प्लाष्टिक झोलाले ढल जाम गरेको, सडक फोहोर बनाएको, चौपायाको

स्वास्थ्यमा प्रतिकूल असर पुगेको, सहरको सुन्दरता समाप्त पारेको र त्यस प्रकारका झोलाको Disposal कार्य पनि कठिन भई वातावरणमा प्रतिकूल असर परेकोले सार्वजनिक हितलाई ध्यानमा राखेर उपयुक्त निर्णय गरिएको हुनाले रिट निवेदन खारेज गरिपाउँ भन्ने काठमाडौं महानगरपालिका र ऐ.का कार्यकारी अधिकृत लक्ष्मण अर्यालको लिखित जवाफ।

कानून व्यवसायीहरूको बहस जिकिर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गोपालप्रसाद अर्यालले विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ बनाई मिति २०६८।९।९ देखि लागू भइसकेको अवस्था हुँदा यस सम्बन्धमा छुट्टै निर्णय, आदेश र सूचना जारी हुनुपर्ने अवस्था छैन। विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ ले दिएको अधिकार प्रयोग गरी प्लाष्टिक झोलाको सन्दर्भमा त्यसले पारेको असरलाई कम गरी सोलाई व्यवस्थित गर्न, नियमको पालना नगर्नेहरूलाई ऐन नियमबमोजिम कारबाही गरी यस सम्बन्धमा परेका समस्याको समाधान गर्न उल्लिखित निर्देशिका जारी भई हालसम्म दोस्रो संशोधन भई लागू भएकोले प्लाष्टिक झोलालगायत प्लाष्टिकजन्य सामग्रीमा प्रतिबन्ध लगाउने नभई यसलाई उल्लखित ऐन, नियम र निर्देशिकाबाट नियमित गर्ने नीति नेपाल सरकारको रहेको छ। साथै विपक्षी का.म.न.पा.ले मिति २०७०।१।२ मा नागरिक दैनिक पत्रिकासमेतमा प्लाष्टिक झोला प्रतिबन्ध लगाउने सूचना प्रकाशित गरिसकेपछि मिति २०७०।१।५ को बोर्ड बैठकले निर्णय गरेकोसमेत कानूनसम्मत छैन। यसरी पहिले पत्रिकामा सूचना प्रकाशित गरेर पछि मात्र निर्णय गर्ने कार्य दुरासययुक्त छ। औद्योगिक व्यवसाय ऐन, २०४९ मा भएको पहिलो संशोधनले प्लाष्टिक उद्योगलाई अनुसूची-२ बाट हटाएपछि यस उद्योगको स्थापनासमेतको लागि अनुमति लिनु नपर्ने भएबाट प्लाष्टिकजन्य वस्तुको उत्पादन एवं प्रयोग जनस्वास्थ्य प्रतिकूल छैन। आजको समयमा प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानबिनाको जनजीवन संभव नभएकोले यसलाई कानूनबमोजिम नियमित गरिनुपर्दछ। यस सम्बन्धमा न्यायिक दृष्टिकोणसमेत रोक नलगाई व्यवस्थापन गरिनुपर्दछ भन्ने रहेको हुँदा निवेदन मागबमोजिम काठमाडौं महानगरपालिकाबाट मिति २०७०।३।१ देखि का.म.न.पा. क्षेत्रभित्र प्लाष्टिक झोला प्रतिबन्ध लगाउने मिति २०७०।१।२ मा प्रकाशित सूचना र मिति २०७०।१।५ को बोर्ड निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी प्लाष्टिक झोला बिक्री र प्रयोगमा प्रतिबन्ध नलगाउनु भनी प्रतिषेधसमेत जारी गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले प्लाष्टिक झोलालगायत प्लाष्टिकजन्य सामग्रीबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर परिरहेको वर्तमान अवस्थामा प्लाष्टिक झोलाको विकल्प खोज्नुपर्ने अवस्था छ। निवेदकले प्लाष्टिक झोला प्रतिबन्ध नभई नियमित र व्यवस्थित गर्नुपर्दछ भनी लिएको जिकिरलाई अन्यथा भन्नुपर्ने अवस्था पनि छैन। साथै नेपाल सरकारले यस सम्बन्धमा प्रचलित ऐन, नियम र निर्देशिकाको पालना गरी प्लाष्टिकको प्रयोगलाई नियमित गराउन सक्ने र सो क्रममा का.म.न.पा. र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोगलाई नियमित गराउन चालिएको कामकारबाही कानूनसम्मत भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षी काठमाडौं म.न.पा.को तर्फबाट

उपस्थित विद्वान् अधिवक्ता श्री दामोदर खड्काले स्थानीय स्वायत्त शासन ऐन,२०५५ को दफा ९६(१)(ग)(४)र(छ)(५) ले दिएको अधिकार प्रयोग गरी जनस्वास्थ्य काठमाडौं महानगरलाई प्लाष्टिकमुक्त वातावरणमैत्री नमुना सहर बनाउने उद्देश्यले प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य सामानमा प्रतिबन्ध लगाउने गरी नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी बोर्डबाट निर्णय गराइएको हो । यस सम्बन्धमा महानगरवासीमा जनचेतना फैलाइएको र तयारीको लागिसमेत पर्याप्त समय दिइएको हो । प्लाष्टिक नसड्ने प्रकृतिको भएकोले यसबाट सिर्जित फोहोर व्यवस्थापनमा कठिनाई भएकोले प्रचलित कानूनको दायरामा रहेर यस्तो निर्णय लिइएको हुनाले रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

सरोकारवाला अधिवक्ताहरू श्री हरिश्चन्द्र सुवेदी, भुवन प्रसाद वाग्ले र गणेश दाहालले प्लाष्टिक non disposable प्रकृतिको हुने भएकोले काठमाडौं महानगरलाई यसबाट सिर्जित फोहोर व्यवस्थापनमा भइरहेको कठिनाईलाई ध्यानमा राखेर लामो समयको तयारीस्वरूप का.म.न.पा.बाट प्लाष्टिक झोलामुक्त अभियानको लागि सूचना जारी गरी बोर्ड निर्णय गरिएको हुनाले निवेदन मागबमोजिम रिट जारी हुने अवस्था छैन। प्लाष्टिकलाई recycle र decompose को व्यवस्था नभएसम्म यसको प्रयोग नियमित र व्यवस्थित हुन नसक्ने हुँदा का.म.न.पा.ले काठमाडौं महानगरपालिका क्षेत्रलाई प्लाष्टिकमुक्त बनाउने निर्णयबाट संविधानप्रदत्त महानगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण हुने भएकोले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो। अब रिट निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. अब निर्णयतर्फ विचार गर्दा विपक्षी काठमाडौं महानगरपालिकाबाट मिति २०७०।३।१ देखि काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला प्रतिबन्ध लगाउने र त्यस्तो कार्य गरे जरिवाना गर्ने भनी मिति २०७०।१।२ मा प्रकाशित सूचना र मिति २०७०।१।५ को बोर्ड निर्णय एवं सोसम्बन्धी काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी सर्वोच्च अदालतबाट मिति २०६१।८।४ मा जारी आदेश (ने.का.प. २०६१, अङ्क ८, नि.नं. ७४३०) बमोजिम अध्ययन अनुसन्धान र निर्णय नभएसम्म विपक्षीको निर्णयानुसार प्लाष्टिक झोला बिक्री र प्रयोगमा प्रतिबन्ध नलगाउनु भनी प्रतिषेधसमेत जारी गरिपाउँ भन्ने नै मुख्य रिट निवेदन जिकिर रहेको देखिन्छ भने प्लाष्टिकका झोलाहरूको बढ्दो प्रयोगका कारण जनस्वास्थ्य र वातावरणमा परेको असर न्यून गर्नको लागि अधिकार प्राप्त निकायले उपयुक्त निर्णय भएको, कुनै खास क्षेत्रमा प्लाष्टिकका झोलाको बेचबिखन र उपयोगमा रोक लगाउने गरी अधिकारप्राप्त निकायबाट भएको निर्णयबाट कसैको व्यापार व्यवसाय गर्न पाउने अधिकारको अतिक्रमण भएको मान्न नमिल्ने र निवेदकहरूले प्लाष्टिकजन्य वस्तु उत्पादन र प्रयोग गर्न नपाउने गरी निर्णय भएको नभई काठमाडौं महानगर क्षेत्रलाई प्लाष्टिकको झोलामुक्त सम्म गर्न लागिएको कार्यबाट निवेदकको पेसा, रोजगार, उद्योग व्यापार गर्ने स्वतन्त्रता र सम्पत्तिको हकमाथि हनन भएको भन्न नमिल्ने र स्थानीय निकायले जनस्वास्थ्यको लागि हानिकारक चिजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउन सक्ने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने भनाइ विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र स्थानीय निकायले जनस्वास्थ्यको लागि हानिकारक चिजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउन सक्ने हुँदा मिति २०६८।३।२६ तत्कालीन प्रधानमन्त्रीले २ वर्षभित्र काठमाडौं महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोलामुक्त गर्ने भनी गरेको घोषणाअनुसार मिति २०७०।१।५ को बोर्ड बैठकको निर्णयानुसार काठमाडौं महानगर क्षेत्रभित्र

मिति २०७०।३।१ देखि प्लाष्टिक झोलामुक्त गर्ने सूचना निकालिएको, महानगरपालिकाभित्र प्लाष्टिक झोलाले ढल जाम गरेको, सडक फोहोर बनाएको, चौपायाको स्वास्थ्यमा प्रतिकूल असर पुगेको, सहरको सुन्दरता समाप्त पारेको र सो झोला Disposal कार्य पनि कठिन भई वातावरणमा प्रतिकूल असर परेकोले सार्वजनिक हितलाई ध्यानमा राखेर उपयुक्त निर्णय गरिएको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने भनाइ विपक्षी काठमाडौं महानगरपालिकासमेतको रहेको देखिन्छ । आजको समयमा प्लाष्टिक मानव जीवनको अभिन्न अंग भइसकेको हुँदा प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोगलाई प्रचलित ऐन, नियम र निर्देशिकाबमोजिम नियमित र व्यवस्थित गरिनुपर्दछ भन्ने निवेदकको भनाइ र प्लाष्टिक झोलाको कारण जनस्वास्थ्य र वातावरणमा परेको प्रभाव न्यून गरी मानवको स्वच्छ वातावरणमा बाँच्न पाउने संविधानप्रदत्त मौलिक हकको संरक्षण हुनुपर्दछ भन्ने विपक्षीतर्फको भनाइमा तादात्म्यता नै रहेको देखिन्छ । प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोगबिना आजको मानव जीवनशैली असम्भव रहेको कुरामा समेत मतभेद रहेको देखिँदैन । यसैले प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोगलाई नियमित र व्यवस्थित गरिनुपर्दछ र यसबाट सिर्जित फोहोरलाई वैज्ञानिक ढंगबाट डिस्पोज, डिकम्पोज र रिसाइकल गरिएको खण्डमा जनस्वास्थ्य र वातावरणमा परेको असर कम हुने र सविधानप्रदत्त मानवको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षण हुने कुरामा दुईमत छैन ।

३. प्लाष्टिकको झोलाबाट वातावरणमा दुस्प्रभाव पर्ने, यसलाई पुनः नवीकरण गर्न नसकिने र नसड्ने हुनाले लामो समयसम्म जमिनमा रही माटोको गुणस्तर कम भई माटो, पानीलगायत प्रदूषित भई जीव तथा वनस्पतिको जीवन खतरामा परेको अवस्था छ । काठमाडौं उपत्यकाको वातावरण एवं जनस्वास्थ्यलाई ध्यानमा राख्दा हालको जस्तो प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको निर्वाध प्रयोग र यसबाट सिर्जित फोहोर व्यवस्थापन नयाँ ढंगले नियमन गर्नुपर्ने देखिन्छ । प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोग आजको समयमा मानव जीवनको अभिन्न अंग भइसकेकोले यसलाई विपक्षीहरूको भनाइबमोजिम उत्पादन र प्रयोगमा प्रतिबन्ध लगाउने कुरा व्यावहारिक हुँदैन । संसारका विकसित मलुकको अनुभवलाई हेर्दासमेत अहिलेको मानव जीवन प्लाष्टिकजन्य सामानबिना सम्भव नदेखिने हुँदा प्लाष्टिकजन्य सामानको प्रयोग र यसबाट सिर्जित फोहोर व्यवस्थापन प्रचलित ऐन, नियम र निर्देशिकाबाट नियमन गर्नुपर्ने देखिन्छ । यसकारण यसअघि सर्वोच्च अदालतबाट भएका फैसलाबाट प्रतिपादित सिद्धान्त एवं प्रचलित ऐन, नियम र निर्देशिकाबाट प्लाष्टिकजन्य सामानको प्रयोग र यसबाट सिर्जित फोहोर व्यवस्थापन गरिनु नै निवेदकको माग र विपक्षीहरूको भनाइको उचित सन्तुलन हुने देखिन्छ ।

४. काठमाडौं उपत्यका हाम्रो देश नेपालको राजधानी शहर हुनुको साथै नेपालको जनसंख्याको ठूलो हिस्साको बसोवास यहीँ रहेको परिप्रेक्ष्यमा काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्नको लागि उपयुक्त कदम चाल्न सक्ने र सोही क्रममा काठमाडौं महानगरपालिकाले बोर्ड बैठकद्वारा मिति २०७०।१।५ मा आफ्नो क्षेत्रमा प्लाष्टिक झोलाको प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेको देखिन्छ । यसरी मिति २०७०।१।५ मा मात्रै बोर्ड बैठकबाट मिति २०६८।३।२६ मा गते काठमाडौं महानगरपालिकाको समग्र विकास तथा सुधारको लागि कार्यसूची तयार गरी तत्कालीन प्रधानमन्त्रीज्यूबाट काठमाडौं घोषणामार्फत २ वर्षभित्र काठमाडौं महानगरक्षेत्रभित्र चरणबद्ध पोलिथिन झोलामुक्त बनाउने कार्यक्रम रहेकोले यही मिति २०७०।३।१ बाट पोलिथिन झोलामुक्त गर्न वातावरण व्यवस्थापन

विभागबाट यससम्बन्धी सार्वजनिक सूचना जारी गर्ने, उक्त मितिबाट प्लाष्टिक झोला प्रयोग गर्नेहरूको लागि रू.५००।-र बिक्रीकर्ताको लागि रू. १,०००।-जरिवाना तोक्ने, सरोकारवाला निकायहरू, नेपाल सरकारका सबै कार्यालय, सार्वजनिक संस्थान कार्यालयहरूमा पत्राचारद्वारा जानकारी गराउने र वातावरणसम्बन्धी कार्य गर्ने NGO/INGO सँग छलफल गरी प्रभावकारी ढङ्गले परिचालन गर्न विविध कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रमको प्रबर्द्धन गर्न छुट्टै प्रबर्द्धन तथा प्रचार प्रसार समिति गठन गर्नेसमेत भनी निर्णय भएकोमा सोको सार्वजनिक सूचना उक्त निर्णयअगावै मिति २०७०।१।२ मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित भएको देखिन्छ । काठमाडौं महानगरलाई प्लाष्टिक झोलामुक्त गर्ने निर्णय वातावरणीय सन्तुलन र मानव स्वास्थ्यको दृष्टिले उपयुक्त भएकोमा विवाद छैन र यस्तो दुरगामी महत्त्वको निर्णयलाई अन्यथा मान्नुपर्ने अवस्था नभए पनि प्लाष्टिक झोलामुक्त महानगर नै स्वच्छ वातावरणको एक मात्र विकल्प हो भन्नु वाञ्छनीय हुँदैन । प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोग २१ औँ शताब्दी मानव जीवनको लागि अभिन्न र अपरिहार्य भइसकेको अवस्था छ । प्लाष्टिक झोला र सामानमा प्रतिबन्ध गरेर नभई यसको प्रयोगमा नियमित र व्यवस्थित गरेर पनि काठमाडौं उपत्यकाको वातावरणीय सन्तुलन कायम राख्न र मानव स्वास्थ्यको हिसाबले उपयुक्त काठमाडौं महानगर बनाउन सकिने कुरामा विवाद छैन । साथै काठमाडौ महानगर क्षेत्रमा प्लाष्टिक झोलामुक्त गर्ने भनी मिति मिति २०७०।१।२ मा सार्वजनिक सूचना जारी भइसकेपछि मिति २०७०।१।५ मा मात्रै बोर्ड बैठकबाट सार्वजनिक सूचना जारी गर्नेसमेत भनी निर्णय गरिएबाट सूचना प्रकाशन गर्न हतार गरिएको र यस सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान नगरी निर्णय लिइएको देखिन्छ।

५. यसै विषयमा काठमाडौं उपत्यकामा प्लाष्टिकको झोलाको प्रयोगबाट पर्यावरण र जनस्वास्थ्यमा परेको असर, यस्तो असरलाई न्यून गर्ने उपाय, प्लाष्टिकको झोलाको प्रयोगमा प्रतिबन्ध नै लगाउने हो भने यसको भरपर्दो विकल्प, काठमाडौंका बासिन्दाहरूको प्लाष्टिक प्रयोगसम्बन्धी धारणासमेतका विषयमा विस्तृत अध्ययन अनुसन्धान नगरी निष्कर्षमा पुग्न उचित र व्यावहारिक नहुने हुँदा यसको निम्ति एक प्राविधिक समिति गठन गर्नु वाञ्छनीय हुने हुँदा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (RONAST) का प्लाष्टिक प्राविधिज्ञ एवं वातावरणविद्, त्रिभुवन विश्वविद्यालयका रसायनशास्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय तथा काठमाडौं उपत्यकाका सबै नगरपालिका एवं नेपाल प्लाष्टिक उत्पादक संघका प्रतिनिधिसमेत समावेश हुने गरी एक प्राविधिक समिति गठन गरी उपर्युक्त विषयमा विस्तृत अनुसन्धान गरी रायसहितको प्रतिवेदन तयार गरी यस अदालतसमेतमा पेस गर्नु भनी यस अदालतबाट सन्तोषकुमार महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको परमादेशसमेत मुद्दा (ने.का.प. २०६१, अङ्क ८, नि.नं. ७४३०) मा भनी मिति २०६१।८।४ मा निर्देशनात्मक परमादेश जारी भएको देखिन्छ । यसरी उक्त मिति २०६१।८।४ मा जारी भएको निर्देशनात्मक परमादेशबमोजिमको प्राविधिक समिति गठन भई सो समितिको प्रतिवेदन नआएसम्म प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध लगाउन नमिल्ने हुँदा पहिले सोअनुसार प्राविधिक समिति गठन गरी विस्तृत अध्ययन अनुसन्धान हुनुपर्दछ र विपक्षीहरूबाट त्यस्तो समिति गठन नगरी सोझै प्लाष्टिक प्रतिबन्ध लगाउने कार्य कानूनसम्मत नहुनको साथै प्रतिपादित उक्त सिद्धान्तको विपरीत रहेको भनी निवेदकले जिकिर लिएको देखिन्छ । उल्लिखित मिति २०६१।८।४ मा जारी भएको निर्देशनात्मक परमादेशबमोजिम प्राविधिक समिति गठन गरी आदेशानुसारको कार्य सम्पन्न गरी अविलम्ब जानकारी यस अदालतसमेतलाई

दिनु भनी यस अदालतबाट मिति २०७०।२।२९ मा आदेश जारी भएको, सो आदेशानुसार तयार भएको प्लाष्टिक तथा प्लाष्टिकजन्य पदार्थ तथा प्लाष्टिकका झोलाहरूको व्यवस्थापन सम्बन्धमा तयार पारिएको प्रतिवेदन, २०७० मिति २०७०।१२।०६ मा यस अदालतमा पेस भएको र प्रस्तुत प्रतिवेदनले समेत प्लाष्टिक झोलासमेतको प्रतिबन्ध लगाउनमा नभई प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामानको प्रयोग / उपभोगमा नियमन र व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिएकोले आगामी दिनमा नेपाल सरकारसमेतले सो प्रतिवेदनसमेतका आधारमा प्लाष्टिक झोलासमेतको व्यवस्थापन गर्ने र वातावरण संरक्षण ऐन, २०५३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ बनाई लागू गरेको र उक्त निर्देशिकाले समेत प्लाष्टिक झोलासमेतको प्रतिबन्ध नभई नियमन र व्यवस्थापनमा जोड दिएकोले निवेदन मागअनुसार आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। मिति २०७०।२।२२ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुन्छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु। तर राय पुष्टि गर्ने सम्बन्धमा मेरो थप आधारहरू छुट्टै पेस गरेकी छु।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत: विदुर काफ्ले, सन्देश श्रेष्ठ
इति संवत् २०७४ साल भाद्र ११ गते रोज १ शुभम्।

मा.न्या.सपना प्रधान मल्लको राय

नेपाल प्लाष्टिक उत्पादक संघका अख्तियारप्राप्त राजेश्वरलाल जोशीसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं ०६९-WO-१२५८ मा सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीको रायसँग सहमत हुँदै राय पुष्टि गर्ने सम्बन्धमा माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको थप आधारहरू:

सर्वप्रथम स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रभित्र प्लाष्टिक झोला बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउन मिल्ने हो, होइन ? भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा विपक्षी काठमाडौं महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) को प्रयोग गरी काठमाडौं महानगर क्षेत्रभित्र प्लाष्टिकको झोलाको बिक्री वितरणमा प्रतिबन्ध लगाएकोमा उक्त दफाको आधारमा त्यसरी प्रतिबन्ध लगाउन नमिल्ने भनी जिकिर लिई प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) मा *नगरपालिकाको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरी नगर परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त नगरपालिकाले नगरपालिका क्षेत्रमा अनिवार्य रूपमा गर्नुपर्ने काम र कर्तव्य देहायबमोजिम हुनेछ* भन्ने व्यवस्था गरी उपदफा १ को खण्ड ग(४) मा *नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने* भनी व्यवस्था गरेको देखिन्छ भने खण्ड छ (५) मा *नगरपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने* भनी व्यवस्था गरेको देखिन्छ। उपर्युक्त दफाहरूको व्यवस्था हेर्दा नगरपालिकाले विभिन्न प्रकारका प्रदूषणको नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्न तथा जनस्वास्थ्यको लागि हानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउन सक्ने देखिन्छ। अतः उक्त दफाहरूको प्रयोग गरी विपक्षी काठमाडौं महानगरपालिकाले प्लाष्टिकको

सामानको प्रयोग र वितरणमा प्रतिबन्ध लगाउने निर्णय गरेको कार्य कानूनबमोजिम छ वा छैन, स्वच्छ र स्वस्थ वातावरणीयअनुकूल छ वा छैन भन्ने सम्बन्धमा विचार गर्नुपूर्व प्लाष्टिकको सामग्री कस्तो प्रकृतिको सामग्री हो र यसको प्रयोगबाट उक्त दफामा व्यवस्था भए जस्तो जनस्वास्थ्यमा हानि पुगी प्रदूषण निम्तने हो वा होइन तथा यस सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ भन्ने सम्बन्धमा विश्लेषण गर्नु वाञ्छनीय हुने देखिन्छ।

प्लाष्टिकको झोला कस्तो प्रकृतिको सामग्री हो भन्ने सम्बन्धमा हेर्दा पेट्रोलियम र प्राकृतिक ग्याँसलाई पोलिमर (Polymer) मा रूपान्तरण गरी उक्त पोलिमर भन्ने पदार्थबाट निर्माण हुने प्लाष्टिक झोलालाई सजिलैसँग पुनःनवीकरण गर्न सकिँदैन भने कुहिएर पनि जाँदैन। बरू लामो समयको अन्तरालमा सानो सानो टुक्रामा परिणत हुँदै जान्छ जसलाई Micro plastic भनिन्छ। यसरी सानो सानो टुक्रामा परिणत भएको प्लाष्टिक कुहिएर जान निकै लामो समय लाग्छ। Equinox Center नामक अन्तर्राष्ट्रिय संस्थाले Plastic Bag Bans: Analysis of Economic and Environmental Impacts, 2013 मा प्लाष्टिकको झोलाको सम्बन्धमा अनुसन्धान गरी निकालेको प्रतिवेदनअनुसार प्लाष्टिकका झोलाहरू करिब एक हजार वर्षसम्म पनि नकुहीकन रहन सक्छन्। यसरी प्लाष्टिकको झोला कुहिएर नजाने र पुनःनवीकरण गर्न पनि निकै कठिन भएकोले यसको सही व्यवस्थापन हुन नसक्दा जल र जमिनमा प्रतिकूल प्रभाव पार्दछ भने जथाभावी रूपमा जलाउँदा हावालाई समेत प्रदूषित गर्दछ। प्लाष्टिकको झोलालाई पुनःनवीकरण गर्नको लागि विशेष प्रविधिको आवश्यकता पर्ने तर सर्वसाधारण नागरिकसँग सो प्रविधिको पहुँच नहुने भएकोले यस प्रकारका झोलाहरू जथाभावी फालिँदा जमिनको कृषि उत्पादकत्वमा कमी आउने, नदी पोखरीलगायतका पानीका स्रोतहरूमा पुग्दा सोको कारणले पानीमा रहने जलचरहरू प्रभावित हुने, जथाभावी रूपमा आगो लगाउँदा कार्बनमोनोअक्साइडलगायतका ग्याँसबाट वायु प्रदूषण हुने तथा प्लाष्टिकजन्य पदार्थ मिसिँदा अन्य प्रकारको फोहरमैलाको व्यवस्थापनमा समेत समस्या हुने देखिन्छ। त्यसैगरी प्लाष्टिकको सामग्रीहरूलाई अव्यवस्थित रूपमा जथाभावी फाल्दा प्राकृतिक पानीको बहाव तथा ढल निकास प्रणालीलाई अवरूद्ध गर्ने, मलेरियालगायतका रोगहरू उत्पन्न गराई जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेलगायतका समस्याहरू पनि उत्पन्न हुने सम्भावना रहन्छ। प्लाष्टिकको सामग्रीहरूको अत्यधिक प्रयोगको कारणले निम्तिएको आर्थिक क्षति पनि ठुलो रहेको देखिन्छ। United Nations Environment ले सन् २०१८ मा प्रकाशन गरेको Single use plastics -A Roadmap for sustainability, UNEP, International Environment Technology Center नामक प्रतिवेदनमा उल्लेख भएअनुसार प्लाष्टिकजन्य सामग्रीहरूले उत्पन्न गरेको प्रदूषणको कारणले एसिया प्रशान्त क्षेत्रमा पर्यटन, माछापालन र पानीजहाजको क्षेत्रमा वार्षिक १.३ विलियन डलर प्रतिवर्ष आर्थिक क्षति पुगेको छ भने युरोपियन देशहरूमा सामुद्रिक तट र किनाराबाट प्लाष्टिकजन्य फोहोर सफा गर्नको लागि वार्षिक रूपमा १३ विलियन डलर खर्च हुने देखिन्छ। त्यसैगरी प्लाष्टिकजन्य फोहोरहरू समुद्रमा मिसाउँदा सोको कारणले समुद्रमा पाइने जीवहरूको स्वास्थ्यमा प्रतिकूल असर पुग्ने र त्यस्ता समुद्री जीवहरूलाई खाद्यवस्तुको रूपमा प्रयोग गर्दा मानव स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्ने देखिन्छ।

प्लाष्टिक एवं प्लाष्टिकजन्य पदार्थ तथा प्लाष्टिकको झोलाहरूको व्यवस्थापन सम्बन्धमा तयार गरिएको प्रतिवेदन, २०७० ले नेपालको सन्दर्भमा पनि प्लाष्टिकको व्यापक प्रयोग र उपयोगिता हुँदाहुँदै पनि यसको Non bio degradable Nature का कारण प्लाष्टिकको सही व्यवस्थापन हुन नसकेमा वातावरण र स्वास्थ्यमा व्यापक असर पर्ने तथ्यहरू

नेपाल सरकारकै तर्फबाट गराइएको अध्ययनसमेतले देखाइएको छ।

प्लाष्टिकजन्य सामग्रीहरूको नियन्त्रण तथा नियमनको सम्बन्धमा विभिन्न देशको अनुभव हेर्दा भारतमा पुनः नवीकरण (Recycle) गरिएको प्लाष्टिकको झोलालाई नियमन र व्यवस्थापन गर्नको लागि सन् १९९९ मा नै Recycled Plastic Manufactures and Usage Rules जारी गरेको देखिन्छ । उक्त नियमले पुनः नवीकरण भई बनेको प्लाष्टिकको झोलामा खाद्य सामग्रीहरू प्याक गर्न नपाइने, तोकिएको मापदण्डबमोजिम प्लाष्टिकको पुनः नवीकरण गरिनुपर्ने, प्लाष्टिकको झोलाको मोटाई कम्तीमा 20μm हुनुपर्नेलगायतको व्यवस्था गरेको थियो भने सन् २००३ मा उक्त नियमलाई पुनरावलोकन गरी Plastic Manufactures, Sale and Usage Rules नामाकरण गरी विभिन्न थप नियमहरू जारी गरेको देखिन्छ । जसअनुसार ५० वटा प्लाष्टिक झोलाको तौल कम्तिमा १०५ ग्राम हुनुपर्ने, प्लाष्टिकको झोलाको उत्पादन गर्नुभन्दा अगाडि राज्यको प्रदूषण नियन्त्रण बोर्डमा अनिवार्य रूपमा दर्ता गर्नुपर्नेलगायतका नियमहरू रहेका छन् । यसरी भारतले प्लाष्टिकको प्रयोगको नियमन गर्नको लागि सन् १९९९ देखि नै नियमहरू जारी गरेकोमा भारतकै एक राज्य सिक्किमले सन् १९९७ देखि नै प्लाष्टिकको झोलालाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको पाइन्छ । सिक्किम सरकारले सन् २०१६ मा प्रकाशन गरेको Environmental Initiatives of Sikkim Government नामक प्रतिवेदनमा प्लाष्टिक झोलाहरूले जमिन र पानीलाई प्रदूषण गर्ने, माटोको गुणस्तरमा नकारात्मक प्रभाव पारी कृषि उत्पादनमा ह्रास ल्याउने, हरित गृहमा प्रभाव पारी विश्व जलवायु परिवर्तनमा नकरात्मक असर गर्ने र समग्रमा मानव स्वास्थ्यमा नकरात्मक असर गर्ने गरेकोले प्लाष्टिक झोलामा प्रतिबन्ध गर्नुपरेको भनी उल्लेख गरेको देखिन्छ । त्यसैगरी अर्को दक्षिण एसियाली मुलुक बङ्गलादेशले पनि सन् २००२ बाट नै प्लाष्टिकको झोलाको प्रयोगलाई प्रतिबन्ध लगाएको देखिन्छ । प्लाष्टिकको अत्यधिक प्रयोगको कारणले पानी र ढलको निकासलाई अवरूद्ध गर्दा बाढिको जोखिम बढेको, प्लाष्टिकको सामानहरूले जम्मा गरेको फोहरको कारणले डेन्गु र मलेरियाजस्ता रोगको सम्भावना बढेकोले जनस्वास्थ्यमा चुनौती थपिएकोलगायतका कारणहरू देखाई बङ्गलादेशमा प्लाष्टिकको झोलामा प्रतिबन्ध लगाएको देखिन्छ । त्यसैगरी अफ्रिकी मुलुक केन्यामा समेत प्लाष्टिकले पारेको वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नको लागि त्यहाँको वातावरण तथा प्राकृतिक स्रोत मन्त्रालयले २८ फेब्रुअरी २०१७ मा राजपत्र प्रकाशन गरी प्लाष्टिकको सामग्रीको उत्पादन, आयात, बिक्री तथा प्रयोगमा पूर्ण रूपमा प्रतिबन्ध लगाएको देखिन्छ । प्लाष्टिक प्रतिबन्ध लगाउने सम्बन्धमा संसारकै सबैभन्दा कठोर मानिएको उक्त व्यवस्थाअनुसार प्लाष्टिकको सामग्रीको उत्पादन, वितरण तथा प्रयोग गर्नेलाई ३८,००० डलर जरिवाना र ४ वर्षसम्मको कैदको व्यवस्था गरिएको छ। त्यसैगरी कोष्टारिकाले सन् २०१७ को वातावरण दिवसको अवसर पारेर सन् २०२१ सम्ममा सम्पूर्ण Single use प्लाष्टिकलाई विस्थापन गर्ने राष्ट्रिय रणनीति लिएको छ । माथि उल्लिखित यी उदाहरणहरू केही प्रतिनिधिमूलक उदाहरणहरू मात्र हुन् । United Nations Environment ले सन् २०१८ मा प्रकाशन गरेको Single use plastic-A Roadmap for sustainability नामक प्रतिवेदनअनुसार हालसम्म ६० भन्दा बढी देशहरूले प्लाष्टिकजन्य पदार्थको प्रयोगमा प्रतिबन्ध वा नियन्त्रण गरेको देखिन्छ।

यसै सन्दर्भमा वातावरण संरक्षणको लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा धरै अघिदेखि प्रयास हुँदै आएको पाइन्छ। खासगरी सन् १९७२ मा स्वीडेनको राजधानी स्टकहोममा सम्पन्न भएको मानव

वातावरणका लागि संयुक्त राष्ट्र संघीय सम्मेलनबाट यसको अन्तर्राष्ट्रिय सुरूवात भएको र क्रमशः राष्ट्रिय स्तरमा समेत यसको प्रभाव परेको देखिन्छ । नेपालले पनि उक्त सम्मेलनपछि वातावरण संरक्षणको क्षेत्रमा प्रयास गरेको र १९९२ को रियो दि जेनेरियोको सम्मेलनपछि यसमा तिव्रता दिएको देखिन्छ । रियो सम्मेलनले जारी गरेको रियो घोषणापत्रले वातावरण र विकासको बिचमा सन्तुलन कायम गरिनुपर्ने, विकासका गतिविधिहरू सञ्चालन गर्दा भावी पुस्ताको विकास र वातावरणको आवश्यकताहरूलाई पनि विचार गरिनुपर्ने, वातावरण संरक्षण र दिगो विकासको लागि कानूनी तथा अन्य आवश्यक प्राविधिक व्यवस्थापन गर्नु पर्नेलगायतका विषयहरू उल्लेख गरेको देखिन्छ भने संयुक्त राष्ट्रसंघले सन् २०१५ मा जारी गरेको पेरिस सम्झौता (Paris Agreement) मा जलवायु परिवर्तनबाट सिर्जना भएका चुनौती र जोखिमहरूको व्यवस्थापन गर्नुपर्ने आवश्यकतालाई पहिचान गर्दै जलवायु परिवर्तनको समस्यालाई नियन्त्रण र व्यवस्थापनको लागि सदस्य राष्ट्रहरूले अपनाउनुपर्ने कदमहरूको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ ।

हामी बाँचिरहेको प्रकृति हामी सबै पृथ्वीवासीहरूको साझा घर हो र यसको संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने दायित्व सबै मानवजातिको हो । हामीले गर्ने मानवीय जीवनका हरेक क्रियाकलापहरू वातावरण र प्रकृतिमैत्री हुनुपर्छ र वर्तमानको उपभोगले भावी पिँढीको जीवनशैली र उपभोग क्षमतालाई प्रभाव पार्नु हुँदैन । अर्को शब्दमा भन्नुपर्दा वर्तमान पुस्ताको आवश्यकता पूरा गर्दा भावी पुस्ताको आवश्यकता कटौती गर्न मिल्दैन । यसै क्रममा परम्परागत विकासको अवधारणामा परिवर्तन आई दिगो विकासको (Sustainable Development) को अवधारणाको समेत विकास भएको छ । जसको मतलब विकासको लाभ र गतिलाई वर्तमानको अतिरिक्त भविष्यसम्म सुनिश्चितता गर्नुपर्छ र स्रोत साधनको उपभोग गर्दा अन्तरपुस्ता (Inter-Generational) समता कायम हुने गरी गर्नुपर्छ भन्ने हो । त्यसैगरी एकै समय पृथ्वीमा बाँचिरहेका मानव जातिहरूमध्ये पनि फरकफरक उमेर समूहका मानिसहरू रहेका र उनीहरूको पर्यावरणीय आवश्यकता भिन्न भिन्न रहने भएकोले हाल बाँचिरहेका मानिसहरूबिच पनि पुस्तागत समता (Intra Generational Equity) कायम गर्नुपर्ने हुन्छ । वातावरणको संरक्षणको लागि पूर्वरोकथाम (Preventive) र पूर्वसावधानी (Precautionary) गरी दुईवटा विधिहरूको अवलम्बन गर्न सक्ने देखिन्छ । पूर्वरोकथाम विधिमा वातावरण विनास हुनुभन्दा अगाडि नै सो अवस्था आउन नदिनको लागि निरोधात्मक उपायहरू अपनाउनु पर्दछ भने पूर्वसावधानी विधिमा वातावरणमा जोखिमता नै देखिएको परिस्थितिमा देखिएका जोखिमता (Risk) को पहिचान गर्दै जोखिमतालाई न्यूनीकरण गर्नको लागि विभिन्न उपायहरू अपनाउनु पर्दछ भन्ने अवधारणाहरूसमेतको वातावरणीय न्यायको परिप्रेक्ष्यमा भएको देखिन्छ ।

नेपालको संविधानको धारा ३०(१) मा *प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ* भन्ने व्यवस्था गरी स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने हकलाई संविधानले नै मौलिक हकको रूपमा व्यवस्था गरेको देखिन्छ । संविधानको धारा ५१(छ)(७) मा *"प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने"* र धारा ५१(छ)(८) मा *"वातावरण प्रदूषण गर्नेले सोबापत दायित्व बेहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने"* राज्यका नीतिहरूको व्यवस्था गरेको पाइन्छ । वातावरण संरक्षण गर्नको लागि केन्द्रीय तथा स्थानीय तहमा समेत विभिन्न कानूनी व्यवस्थाहरू

गरेको छ । वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ ले जनसाधारणको स्वास्थ्य हितार्थ तथा स्वच्छ वातावरणको लागि प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्नसमेत कानूनी व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) को व्यवस्थालाई पनि वातावरण संरक्षणको लागि आवश्यक उपायहरू अपनाउनको लागि स्थानीय निकायलाई दिएको अधिकारको रूपमा लिन सकिन्छ । यसै सम्बन्धमा यस अदालतबाट पनि स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हकको संरक्षणको लागि विभिन्न मुद्दाहरूमा व्याख्या भएको देखिन्छ । **चन्देश्वरी कर्माचार्यसमेत विरूद्ध अशोक के.सी.समेत (ने.का.प.२०६८ अंक १२ निर्णय नं ८७३१)** भएको मुद्दामा यस अदालतको संयुक्त इजलासले *राज्यको महत्त्वपूर्ण भूमि र प्राकृतिक स्रोतहरूको विवेकपूर्ण ढंगले वर्तमान र भावी पुस्ताको आवश्यकतालाई समेत विचार गरी दिगो उपयोग गर्नुपर्ने हुन्छ । त्यस्ता स्रोतहरू नितान्त व्यक्तिगत सम्पत्तिको रूपमा अन्धाधुन्द रूपमा उपयोग गर्न दिन मिल्ने नभई समाज र राज्यको बृहत्तर हित र आवश्यकतालाई ध्यानमा राखी योजनाबद्ध ढंगले प्रयोग गर्ने गराउने र सुरक्षित राख्ने विधिसम्मत दृष्टिकोण लिनुपर्ने* भनी व्याख्या गरेको देखिन्छ भने **रमेशकुमार सिंह विरूद्ध रामाज्ञा साह कलवार (ने.का.प.२०६७ अंक १० नि.नं.८४९०)** समेत भएको मुद्दामा *कुनै पनि उद्योग वा व्यावसायिक प्रतिष्ठानले आफ्नो उद्योग कारखाना वा व्यावसायिक प्रतिष्ठान सञ्चालन गर्दा वातावरणमा प्रतिकूल प्रभाव नहुने गरी उद्योग सञ्चालन गर्नुपर्ने, उद्योग सञ्चालनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव वा प्रदूषण न्यून गर्ने उपायहरू वास्तविक रूपमा अवलम्बन गर्नुपर्ने र यसरी प्रदूषण नियन्त्रण वा वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि उद्योगले अपनाएको पद्धति वा उपकरणमा लागेको खर्चमा कर छुट पाउनेसमेतका व्यवस्था कानूनले गरेको स्थितिमा स्थापित उद्योगको कारणले उद्योग अवस्थित क्षेत्रमा वातावरण प्रदूषण हुन नदिनु उद्योगको प्रमुख कर्तव्य तथा दायित्वमा पर्ने* भनी व्याख्या गरेको देखिन्छ । अत: संविधान प्रदत्त मौलिक हक र यसै अदालतद्वारा प्रतिपादित नजिरहरूको आधारमा समेत प्रदूषित वातावरणबाट हुन जाने अपूरणीय क्षति (Irreparable loss) मानव सभ्यताको बचाउ र स्वच्छ वातावरणमा बाँच्न पाउने मानिसको अपरिवर्तनीय हकको रूपमा मान्यता प्राप्त देखिन्छ ।

जहाँसम्म रिट निवेदकले ने.का.प. २०६१, अङ्क ८, नि.नं. ७४३० मा जारी भएको आदेशअनुसार अध्ययन, अनुसन्धान र निर्णय भएको अवस्था नहुँदा अनुसन्धान, अध्ययन र निर्णय नभएसम्म प्लाष्टिक झोलाको बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउन नपाउने निवेदकहरूको निवेदन माग सम्बन्धमा विचार गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा अदालतको आदेशबमोजिम प्राविधिक समिति गठन भई प्रतिवेदन पेस भइसकेको छ । उक्त प्रतिवेदनकै आधारमा नेपाल सरकार सम्बन्धित मन्त्रालयबाट आवश्यक काम कारबाही सम्पादन हुँदै आइरहेको छ भन्ने मिति २०७०।३।१६ को लिखित जवाफमा उल्लेख भएको देखिन्छ । प्लाष्टिकको प्रयोगले स्वास्थ्य तथा वातावरणमा पार्ने प्रभाव सबै देशहरूमा करिब समान प्रकारको भएकोले विभिन्न देशहरूमा यस सम्बन्धमा भएका अध्ययन पनि हाम्रो सन्दर्भमा सान्दर्भिक नै हुने देखिन्छ । तसर्थ माथि विविध प्रकरणमा उल्लिखित अध्ययनहरू तथा प्लाष्टिक एवं प्लाष्टिकजन्य पदार्थ तथा प्लाष्टिकको झोलाहरूको व्यवस्थापन सम्बन्धमा तयार गरिएको प्रतिवेदन, २०७० र विभिन्न देशहरूले गरेका व्यवस्थाहरूको आधारमा हेर्दा हाम्रो सन्दर्भमा पनि प्लाष्टिकका सामग्रीहरूको अत्यधिक प्रयोगले वातावरणलाई प्रदूषित गरी मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने नै देखिन्छ । त्यसैगरी ने.का.प. २०६१, अङ्क ८, नि.नं. ७४३० को आदेशपछि नेपाल

सरकार, वातावरण मन्त्रालयले २०६८ सालमा नै प्लाष्टिक झोला (नियमन र नियन्त्रण) निर्देशिका, २०६८ जारी गरी २० माइक्रोनभन्दा बढी मोटाइको प्लाष्टिकको झोला उत्पादनमा प्रतिबन्ध लगाएको देखिन्छ भने प्लाष्टिक झोलाको उत्पादन, भण्डारण, बिक्री तथा वितरण गर्दा अपनाउनु पर्ने उपायहरूको सम्बन्धमा पनि व्यवस्था गरेको देखिन्छ । मिति २०७०।१।५ मा बसेको काठमाडौं महानगरपालिकाको बोर्ड बैठकले का.म.न.पा. क्षेत्रिभित्र प्लाष्टिक मुक्त बनाउने सम्बन्धमा मिति २०६८।३।२६ मा काठमाडौं महानगरपालिकाको समग्र विकास तथा सुधारको लागि कार्यसूची तयार गरी तत्कालीन सम्माननीय प्रधानमन्त्रीबाट काठमाडौं घोषणामार्फत २ वर्षभित्र काठमाडौं महानगर क्षेत्रभित्र चरणबद्ध पोलिथिन झोलामुक्त बनाउने कार्यक्रम रहेकोले यही मिति २०७०।३।१ बाट पोलिथिन झोला मुक्त गर्न वातावरण व्यवस्थापन विभागबाट यससम्बन्धी सार्वजनिक सूचना जारी गर्ने, उक्त मितिबाट प्लाष्टिक झोला प्रयोग गर्नेहरूको लागि रू.५००।- र बिक्रीकर्ताको लागि रू. १,०००।- जरिवाना तोक्ने, सरोकारवाला निकायहरू, नेपाल सरकारका सबै कार्यालय, सार्वजनिक संस्थान कार्यालयहरूमा पत्राचारद्वारा जानकारी गराउने र वातावरणसम्बन्धी कार्य गर्ने NGO/INGO सँग छलफल गरी प्रभावकारी ढङ्गले परिचालन गर्न विविध कार्यक्रम सञ्चालन गर्ने, उक्त कार्यक्रमको प्रबर्द्धन गर्न छुट्टै प्रबर्द्धन तथा प्रचार प्रसार समिति गठन गर्नेसमेतको निर्णय भएको पाइन्छ। यसरी प्लाष्टिकको सामग्रीहरूको प्रयोगबाट वातावरण प्रदूषित भएको तथा बेलैमा नियन्त्रण नगरिएको अवस्थामा थप विकराल अवस्था पैदा हुन सक्ने अवस्थामा विपक्षी महानगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी प्लाष्टिकको झोलाको प्रयोग, उत्पादन तथा बिक्री वितरणलाई प्रतिबन्ध लगाउने गरी गरेको निर्णयलाई कानूनविपरीतको भन्न मिल्ने देखिएन । जुन तथ्य विश्वव्यापी अध्ययन अनुसन्धानबाट वैज्ञानिक तवरबाट स्थापित भई संयुक्त राष्ट्र संघको मापदण्ड, अन्तर्राष्ट्रिय कानूनले समेत प्रतिबन्ध लगाएको देखिन्छ। यस्तो अवस्थामा पर्याप्त अध्ययन र अनुसन्धानको अभावको नाममा संविधान र कानून प्रदत्त नागरिकको अधिकार र राज्यको स्वच्छ र स्वस्थ वातावरण सुनिश्चित गर्ने दायित्व शून्य अवस्थामा पुर्‍याउन नसकिने देखिन्छ।

अब प्लाष्टिकको झोला बिक्री, वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने विपक्षीहरूको निर्णयले निवेदकहरूको उद्योग, रोजगार र व्यापारको स्वतन्त्रतामा आघात पुगेको हो, होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गरौं। प्रस्तुत रिट निवेदनमा निवेदकहरूले आफूहरू प्लाष्टिकका पोलिथिन झोला एवं प्लाष्टिकजन्य विभिन्न वस्तु उत्पादन र बिक्री वितरण गर्ने कानूनी व्यक्ति हो र निवेदकमध्येको नारायणप्रसाद रिमाल पोलिथिन झोला प्रयोगकर्ता भएकोमा विपक्षीहरूले प्लाष्टिकको झोलाको उत्पादन, बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउँदा आफूहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) ले प्रदत्त गरेको उद्योग, व्यापार र रोजगारीको स्वतन्त्रतामा रोक लगाएकोले विपक्षीहरूको उक्त निर्णय बदर हुनुपर्छ भनी जिकिर लिएको देखिन्छ । यसरी प्रस्तुत रिट निवेदनमा एकातर्फ विपक्षीहरूले वातावरणीय प्रदूषण नियन्त्रण गर्नको लागि स्वच्छ र स्वस्थ वातावरणीय हक सुनिश्चितताका लागि प्लाष्टिकको झोलाको उत्पादन र बिक्री वितरणमा रोक लगाएको जिकिर लिएको देखिन्छ भने अर्कोतर्फ निवेदकले विपक्षीहरूको उक्त निर्णयले आफूहरूको उद्योग, व्यापार र रोजगारीको स्वतन्त्रतामा आघात पुगेको भनी दाबी लिएको देखिन्छ।

नेपाली नागरिकको हैसियतमा यी रिट निवेदकहरूलाई तत्काल विद्यमान रहेको नेपालको

अन्तरिम संविधानको धारा १२(३)(च) तथा नेपालको संविधानले प्रत्याभूत गरेको नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार गर्ने स्वतन्त्रता रहेकोमा कुनै विवाद हुन सक्दैन तर कुनै पनि हक र स्वतन्त्रताको अभ्यास र कार्यान्वयन निरपेक्ष रूपमा कुनै सीमा वा बन्देजविना गर्न मिल्ने होइन। त्यस्तो हक अधिकारको उपभोग गर्दा अरूको हक अधिकारमा आघात पुग्छ भने राज्यले त्यस्तो हक अधिकारको प्रयोगमा केही सीमाहरू निर्धारण गर्न सक्छ । प्लाष्टिकका झोलाहरूको प्रयोगबाट वातावरणमा नकरात्मक प्रभाव पुगी वातावरण प्रदूषण निम्तने र अन्ततोगत्वा जीवनमा नै असर पार्ने अवस्था देखिन्छ। निवेदकहरूलाई संविधानले उद्योग, पेसा र व्यवसाय गर्ने स्वतन्त्रता प्रदान गरेजस्तै संविधानले नै नागरिकहरूलाई पनि सम्मानपूर्वक बाँच्न पाउने हक, वातावरण तथा स्वास्थ्यसम्बन्धी हकलगायतका मौलिक हकहरू प्रदान गरेको हुँदा निवेदकहरूले उद्योग, पेसा र व्यवसाय गर्ने स्वतन्त्रताको उपभोग गर्दा अन्य नागरिकहरूको सम्मानपूर्वक स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकहरूको उपभोगमा कुनै आघात नपुग्ने गरी गर्नुपर्छ । यदि कसैले सञ्चालन गरेको कुनै प्रकृतिको उद्योग, व्यवसाय वा पेसाले अरू नागरिकहरूको संविधान प्रदत्त मौलिक हकमा आघात पुग्छ भने राज्यले केही निश्चित सीमा वा बन्देज तोक्न सक्छ। हुन त त्यसरी सीमा वा बन्देजहरू लगाउँदा उक्त सीमा वा बन्देज निश्चय नै मनासिब, उचित र समानुपातिक हुनुपर्छ। निवेदकहरूले जिकिर लिएको नेपालको अन्तरिम संविधान,२०६३ को धारा १२(३)(च) मा पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता रहेको भए तापनि उक्त दफाको प्रतिबन्धात्मक वाक्यांशमा *खण्ड (च) को कुनै कुराले सर्वसाधारण जनताको स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास, उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेसा वा रोजगारी गर्नको लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन* भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसैगरी हाल नेपालको संविधानको धारा १७(२)(च) को प्रतिबन्धात्मक वाक्यांशमा समेत सोही प्रकारको व्यवस्था रहेको देखिन्छ । यसरी संविधानले नै नागरिकहरूको पेसा, रोजगार गर्ने र उद्योग, व्यापार गर्ने हक अधिकार निरपेक्ष नभई कानूनले उचित सीमा तोक्न सक्ने भन्ने नै मनसाय राखेको देखिन्छ । नेपालले सन् २००७ मा नै Stockholm Convention on Protecting Human Health and the Environment from Persistent Organic Pollutants, 2004 लाई अनुमोदन गरिसकेको सन्दर्भमा प्लाष्टिकको प्रयोगबाट हुन सक्ने वातावरणीय असरबाट जोगाउनु राज्यको दायित्व नै देखिन्छ । अतः प्लाष्टिकको झोलाको बिक्री, वितरण र प्रयोगलाई व्यवस्थित र नियमित गर्न आवश्यक प्रतिबन्ध लगाउने विपक्षीहरूको निर्णयले आफूहरूको उद्योग, रोजगार र व्यापारको स्वतन्त्रतामा आघात पुगेको भन्ने निवेदकहरूको जिकिरसँग सहमत हुन सकिएन। उद्योग, व्यापार र व्यवसायको अधिकारको प्रयोग गर्दा जीवन र स्वस्थ वातावरणको हकसँग सम्झौता गर्न नसकिने।

यसर्थ स्थानीय स्वायत्त ऐन, २०५५ अनुसार आफ्नो क्षेत्रभित्र जलवायु तथा प्रदूषण नियन्त्रण गरी वातावरणलाई स्वच्छ र स्वास्थ्य बनाउन सहयोग पुऱ्याउनु नगरपालिकाको दायित्व रहेको अवस्थामा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने उपभोग्य वस्तुको बेचबिखनमा र उपयोगमा रोक लगाउने काम नगरपालिकाको काम र कर्तव्यअन्तर्गत नै पर्न आउँछ । नगरपालिकाले प्लाष्टिक झोलाहरूको उत्पादनमा रोक लगाएको नभई आफ्नो इलाकाभित्र बेचबिखन र उपयोगमा मात्र रोक लगाएको देखिँदा रिट निवेदकको उद्योग, रोजगार र व्यापारको मौलिक हक उपलब्ध भएको भन्न मिल्ने देखिएन । आफ्नो

क्षेत्रमा प्लाष्टिकको प्रयोग र उपयोगबाट वातावरण र जीवनमा आउने सक्ने जोखिमताको आधारमा जोखिम न्यूनीकरणको लागि काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्लाष्टिकको झोला वितरण, बेचबिखन र प्रयोगलाई व्यवस्थित र नियमित गर्ने कार्यलाई अन्यथा भन्न सकिएन।

अब, रिट निवेदकहरूको निवेदन दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा माथि विवेचना भएबमोजिम प्लाष्टिकको झोलाको प्रयोगबाट जल, वायु तथा जमिन प्रदूषण रोक्न कठिनाई हुने, जनस्वास्थ्यको लागि जोखिम उत्पन्न हुन सक्ने, देखिएका जोखिमता न्यूनीकरण गर्न कठिनाई हुने जसको परिणाम दीर्घकालीन विकास (Sustainable Development) मा नै असर पर्न सक्ने तथा पुस्तागत समता कायम (Intergenerational Equity) गर्न कठिनाई हुने देखिँदा पूर्वरोकथाम विधिमा वातावरण विनास हुनुभन्दा अगाडि नै सो अवस्था आउन नदिनको लागि निरोधात्मक उपायहरू (Preventive) अपनाउन तथा देखिएका जोखिमतालाई न्यूनीकरण गर्न पूर्वसावधानीका (Precautionary) उपायहरू अपनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाभित्र प्लाष्टिकको झोलाको प्रयोग, उत्पादन तथा बिक्री वितरणलाई व्यवस्थित र नियमित गर्न निश्चित मापदण्डबाहेकको प्लाष्टिकको झोला प्रयोग उत्पादन, बिक्री वितरणलाई प्रतिबन्ध लगाउने गरी गरेको मिति २०७०।१।५ को काठमाडौं महानगरपालिकाको निर्णय कानूनबमोजिम नै देखिँदा तथा नेपाल सरकारले ने.का.प. २०६१ नि.नं. ७४३० मा आदेश गरेबमोजिम प्लाष्टिकले वातावरण र स्वास्थ्यमा असर पार्न सक्ने अध्ययन प्रतिवेदनसमेत प्रस्तुत भई प्लाष्टिकको झोलाको उचित व्यवस्थापन गर्न पर्ने प्लाष्टिक एवं प्लाष्टिकजन्य पदार्थ तथा प्लाष्टिकका झोलाहरूको व्यवस्थापन सम्बन्धमा तयार गरिएको प्रतिवेदन, २०७० समेत आइसकेको परिप्रेक्ष्यमा रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

इजलास अधिकृतः विदुर काफ्ले, सन्देश श्रेष्ठ
इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम्।

निर्णय नं. १०३८१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
फैसला मिति : २०७५।७।२७
०७१-CR-१४९५

मुद्दाः- लागु औषध (डाइजेपाम)

पुनरावेदक / वादी : प्र.स.नि. देवबहादुर खत्रीसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला चितवन पिप्ले गा.वि.स. वडा नं.५ बस्ने देवबहादुर घले

- **लागु औषध बरामद भएपछि त्यसको प्रकृति अर्थात् त्यसले मानव स्वास्थ्यमा पार्ने असर, लागु औषधको परिमाण, वारदात र वारदात हुँदाको अवस्था, प्रतिवादीले**

पहिले पनि कारोबार गरे नगरेको र सेवन गर्ने नगर्ने अवस्थासमेतलाई मध्यनजर गरी कसुरको मात्रा निर्धारण गर्नुपर्ने ।

- **बिक्री वितरण गर्ने गरेको भन्ने दाबी लिँदा त्यसको वस्तुनिष्ठ आधारसमेत खुलाएको हुनुपर्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३

सुरू तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारी
मकवानपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री डिल्लीराज आचार्य
माननीय न्यायाधीश श्री विनोद शर्मा
पुनरावेदन अदालत हेटौंडा

फैसला

न्या.डम्बरबहादुर शाही : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

मिति २०७०।१२।३ गते अं.१६:३० बजेको समयमा विशेष सूचनाको आधारमा वीरगन्जबाट नारायणगढतर्फ आइरहेको ना.४ ख.६३ नं. को बस रोकी चेकजाँच गर्ने क्रममा जिल्ला चितवन पिप्ले गा.वि.स. वडा नं. ५ बस्ने वर्ष १९ को देवबहादुर घलेको शरीर तलासी लिँदा निजले शरीरमा लुकाई छिपाई ल्याएको लागु औषध डाइजेपाम २९ एम्पुल, फेनारगन २९ एम्पुल र नरफिन २७ एम्पुल फेला पारी बरामद गरी निज देवबहादुर घलेसमेतलाई पक्राउ गरेको भन्ने सुरूको सञ्चार जाहेरी ।

मिति २०७०।१२।३ गते अं.१६:३० बजेको समयमा विशेष सूचनाको आधारमा जिल्ला मकवानपुर मनहरी गा.वि.स.वडा नं.३ स्थित प्रहरी चेक पोष्टमा वीरगन्जबाट नारायणगढतर्फ आइरहेको ना.४.ख. ६३ नं.को बस रोकी चेकजाँच गर्ने क्रममा जिल्ला चितवन पिप्ले गा.वि.स.वडा नं.५ बस्ने वर्ष १९ को देवबहादुर घलेको शरीर तलासी लिँदा निजले शरीरमा लुकाई छिपाई ल्याएको लागु औषध डाइजेपाम 2ml को २९ एम्पुल, फेनारगन 2ml को २९ एम्पुल र नरफिन 2ml को २७ एम्पुल फेला पारी बरामद गरेको भन्ने बरामदी मुचुल्का ।

मिति २०७०।१२।३ गते अं.१६.३० बजेको समयमा विशेष सूचनाको आधारमा जिल्ला मकवानपुर मनहरी गा.वि.स.वडा नं.३ स्थित प्रहरी चेकपोष्टमा वीरगन्जबाट नारायणगढतर्फ आइरहेको ना.४.ख.६३ नं. को बस रोकी चेकजाँच गर्ने क्रममा जिल्ला चितवन पिप्ले गा.वि.स.वडा नं.५ बस्ने वर्ष १९ को देवबहादुर घलेको शरीर तलासी लिँदा निजले शरीरमा लुकाई छिपाई ल्याएको लागु औषध डाइजेपाम 2ml को २९ एम्पुल, फेनारगन 2ml को २९ एम्पुल र नरफिन 2ml को २७ एम्पुल फेला पारी बरामद गरी आवश्यक कारबाहीको लागि मानिस तथा बरामद भएको लागु औषध डाइजेपामसमेत दाखिला गरेको भन्ने प्र.स.नि. देवबहादुर खत्रीसमेतको प्रतिवेदन ।

भौतिक सबुद नं.१ मा डाइजेपाम र सबुद नं.२ मा ब्युप्रिनोर्फिन पाइएको छ भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन ।

बरामद भएको लागु औषध डाइजेपाम २० एम्पुल, फेनारगन २० एम्पुल र नरफिन १८ एम्पुल टुटाई फुटाई नष्ट गरेको भन्ने मुचुल्का ।

वारदात मिति, समयमा जिल्ला मकवानपुर मनहरी गा.वि.स. वडा नं.३ स्थित प्रहरी चेक पोष्टमा वीरगन्जबाट नारायणगढतर्फ आइरहेको ना.४.ख. ६३ नं. को बसको दाहिने साइडको पछाडिको अन्तिम सिटभन्दा अगाडिको सिटको झ्याल साइडमा बसी आएका वर्ष अं.१९ को देवबहादुर घले नाम बताउने मानिसको शरीर प्रहरीले तलासी लिँदा लागु औषध डाइजेपाम 2ml को २९ एम्पुल, फेनारगन 2ml को २९ एम्पुल र नरफिन 2ml को २७ एम्पुल फेला पारी बरामद गरेको हो । निज प्रतिवादीले त्यति ठूलो परिमाणमा उल्लिखित लागु औषध बोकी आएकोले सेवन गर्ने मात्र नभई ओसारपसार र बिक्री वितरणसमेत गर्ने गरेको हुनुपर्छ भन्ने बेहोराको मौकामा बुझिएका प्रमिलादेवी मोक्तानसमेतको घटना विवरण कागज।

मिति २०७०।१२।३ गते बिहान भारतको रक्सौल बजारबाट रू.३,०००।– (तीन हजार) मा खरिद गरी लागु औषध डाइजेपाम 2ml को २९ एम्पुल, फेनारगन 2ml को २९ एम्पुल र नरफिन 2ml को २७ एम्पुल शरीरमा लुकाई छिपाई बसमा चढी ल्याइरहेको अवस्थामा सोही दिनको अं.१६.३० बजे जिल्ला मकवानपुर मनहरी गा.वि.स. वडा नं.३ स्थित प्रहरी चेक पोष्टअगाडि आई पुग्दा प्रहरीले के कसरी थाहा पाई उल्लिखित परिमाणको लागु औषध डाइजेपाम, नरफिन, फेनारगनसमेत मेरो शरीर तलासी लिँदा फेला पारी बरामद गरी मसमेतलाई पक्राउ गरेको हो, म सेवन मात्र गर्छु भन्नेसमेत बेहोराको प्रतिवादी देवबहादुर घलेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०७०।१२।३ गते प्रतिवादी देवबहादुर घलेले भारतको रक्सौल बजारबाट लागु औषध डाइजेपाम 2ml को २९ एम्पुल, फेनारगन 2ml को २९ एम्पुल र नरफिन 2ml को २७ एम्पुल खरिद गरी सेवनसमेत गर्ने उद्देश्यले आफ्नो शरीरमा लुकाई छिपाई चितवनतर्फ लिई गइरहेको अवस्थामा जिल्ला मकवानपुर मनहरी गा.वि.स. वडा नं.३ स्थित प्रहरी चेकपोष्टमा निजलाई चेकजाँच गर्दा उल्लिखित लागु औषधसहित पक्राउ परेको हुँदा निज प्रतिवादीको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ङ)(च)(छ) को कसुर अपराध भएकोले निजलाई सोही ऐनको दफा १४(१)(ज) र (झ) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

मैले लागु औषध डाइजेपाम प्रयोग गर्न लागेको करिब २ वर्ष भयो। म लागु औषध दुर्व्यसनी भई युथ भिजन शाखा कार्यालय भैरहवामा करिब ३ महिना बसी आएको थिएँ। सो ठाउँबाट आएपछि पनि लागु औषध सेवन गर्न मन लागेकोले बरामद भएको लागु औषध म आफूले सेवन गर्न भनी ल्याएको हुँ। उक्त लागु औषध चितवनमा महङ्गो पर्ने हुँदा भारत रक्सौल गई रू.३,०००।– मा खरिद गरी करिब ७ दिनको लागि ल्याएको हुँ। सो लागु औषध ल्याउँदै गरेको अवस्थामा मनहरी भन्ने ठाउँमा प्रहरीले चेकजाँच गर्दा मेरो साथबाट बरामद भएको हो। सो लागु औषध मैले बिक्री वितरण गर्न ल्याएको नभई म आफैँले सेवन गर्न ल्याएको हुँदा अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी देवबहादुर घलेले सुरू अदालतमा गरेको बयान।

मिति २०७०।१२।३ गते नारायणगढतर्फ जाँदै गरेको ना.४ख ६३ नं. को बसमा सवार भई आएका देवबहादुर घलेको शरीर खानतलासी गर्दा निजको साथबाट २९ एम्पुल डाइजेपाम, २९ एम्पुल फेनारगन र २७ एम्पुल नर्फिन बरामद भई निजलाई पक्राउ गरी प्रतिवेदनसाथ पेस गरेको हो भन्नेसमेत बेहोराको प्रतिवेदक प्र.स.नि. देवबहादुर खत्रीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी देवबहादुर घलेले लागु औषध ल्याई खाने गर्दा रहेछन्। हामीले देख्ने गरी खाने गरेका थिएनन्। निजलाई ३।४ महिनाजति सुधार गृहमा पनि राखिएको थियो। निजले लागु औषध बिक्री वितरण गरेको कुरा अहिलेसम्म थाहा छैन। निज सेवनकर्ता

मात्र हुँदा अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी मसिना गुरूङले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी देवबहादुर घलेले रक्सौलबाट बरामद भएको लागु औषध खरिद गरेको लागु औषध लिई आउँदाको बखत पक्राउ परेको देखिएको सुधार केन्द्रमा रहेको भने पनि सुधारात्मक बाटोमा गएको भन्ने निजको क्रियाकलापबाट नदेखिएको सेवन गर्ने प्रयोजनको लागि खरिद गरेको भन्ने बयानको रहेको भएपनि सेवन भनेकै भरमा सेवन मात्र हो भनी मान्नु कानूनसम्मत देखिँदैन । प्रतिवादीले सेवन गर्न खरिद गरेको कार्यलाई स्वीकार गरी सँगसाथमा सो लागु औषध लिएर आएको भन्ने निजकै बयान बेहोरा रहे भएबाट र परीक्षणबाट लागु औषध देखिई बरामद लागु औषधको मात्रा र परिमाणबाट सेवन मात्र भन्ने अवस्था पुष्टि नभएबाट निज प्रतिवादीले आरोपित कसुर गरेको ठहर्छ । सो ठहर्नाले सेवनतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ज) बमोजिम १ (एक) महिना कैद र रू.१,०००।- जरिवाना तथा ऐ.१४(१) (झ) बमोजिम कसुरको मात्रा प्रकृति र परिमाण, संलग्नता र लागु औषध लिई आउँदा अपनाएको तरिका र अवस्थासमेतको रोहबाट निजलाई २ (दुई) वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७१।२।१९ को फैसला ।

वादी पक्षले शंकारहित रूपमा निर्विवादित ठोस सबुद प्रमाणबाट अभियोग दाबी पुष्टि गर्न सकेको छैन । शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त छ । प्रतिवेदक प्र.स.नि. देवबहादुर खत्रीले बकपत्र गर्दा निज देवबहादुर घलेको साथबाट २९ एम्पुल डाइजेपाम र २९ एम्पुल फेनारगान २७ एम्पुल नोर्फीन बरामद भएको हो भनी बरामद भएको तथ्यसम्मको मात्र बकपत्र गरेका छन् । निज प्रतिवेदकले ठुलो परिमाणमा ल्याएको हुँदा ओसारपसार हुन सक्दछ भनी गरिएको बकपत्रले अभियोग दाबी पुष्टि हुन सक्दैन । त्यसैले वादी पक्षले पर्याप्त निर्विवादित सबुत प्रमाणबाट मउपर लगाएको अभियोग पुष्टि गर्न नसकेको अवस्थामा मलाई कसुरदार ठहर गर्ने गरी गरिएको फैसला त्रुटिपूर्ण छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को परिभाषा खण्डले खरिदलाई छुट्टै अपराध भनी व्यवस्था गरेको अवस्थामा सेवनको लागि भनी खरिद गरेकोमा स्वीकारोक्ति छ भनी खरिदतर्फ सजाय हुने गरी गरिएको फैसलाले मलाई अन्याय परेको छ । म पुनरावेदक लागु औषध सेवन गर्ने दुर्व्यसनी हुँ । यसभन्दा अगाडि पनि लागु औषध सेवन गरी युथ भिजन सुधार गृह भैरहवामा १०० दिन बसी आएको र अब आइन्दा सेवन नगर्ने भन्ने मनस्थितिमा रही लामो समय सेवन गरिनँ । मिति २०७०।१२।२ गते बेलुकी अं.१९ बजेतिर लागु औषध डाइजेपामसमेतको लागु औषध सेवन गर्न मन लागी रक्सौल बजारमा गएकोमा रेलको लिगदेखि अं.२०० मिटर टाढा मलाई एकजना मानिसले तिमी ड्रग्स लिन आएको हो, हिँड मेरो पसलमा छ भनी लगेको र मैले आफैँ लैजान्छु भनी बसमा आउँदा प्रहरीले फेला पारी बरामद गरी पक्राउ परेको हुँ । अधिकारप्राप्त अधिकारी र अदालतमा मैले सेवन मात्र गर्छु भनी बयान गरेको छु । मैले खरिद बिक्री ओसारपसार गरेको छैन । मेरो इन्कारी बयानलाई मेरा साक्षीले पुष्टि गरिदिएका छन् । यस्तो अवस्थामा मलाई सेवनसम्मको कसुरदार ठहर गर्नुपर्नेमा सुरू जिल्ला अदालतले दुई वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने ठहर गरेको फैसला त्रुटिपूर्ण भएकोले केही उल्टी गरी खरिदतर्फको अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालतमा परेको पुनरावेदन ।

प्रतिवादीले सेवन गर्न ल्याएको भनी बयान गरेको देखिएको र बरामदी लागु औषधको परिमाणसमेतलाई ध्यानमा राख्दा सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।२।१९ मा भएको

फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय भई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.ब. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ छलफलका लागि पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडालाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।८।१६ को आदेश।

प्रतिवादी देवबहादुर घले युथ भिजन लागु औषध दुर्व्यसनी उपचार तथा पुनःस्थापना केन्द्र शाखा कार्यालय, सिद्धार्थनगर भैरहवामा पुनःस्थापना प्रयोजनको लागि बसेका हुन् वा होइन ? बसेको भए कहिलेसम्म बसेका हुन् सो कुरा पुष्टि हुने कुनै रेकर्ड भए सोसमेतको स्पष्ट जवाफ उक्त केन्द्रबाट लिई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।९।१ को आदेश।

बरामद भएको लागु औषधको मात्रा एवम् वारदातको प्रकृतिसमेतबाट प्रतिवादीको कसुर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (ज) अनुसार सेवनसम्मको देखिएकोले पुनरावेदक प्रतिवादी देवबहादुर घलेलाई सोहीबमोजिम २ महिना कैद तथा रू.२०००।- समेतको दुवै सजाय हुने ठहर्छ। लागु औषध बिक्री वितरणतर्फको निजउपर अभियोग दाबी प्रमाणित हुन नसकेकोले मकवानपुर जिल्ला अदालतको मिति २०७१।१२।१९ को फैसला केही उल्टी हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१०।१३ मा भएको फैसला।

प्रस्तुत मुद्दामा प्रतिवादीले भारतको रक्सौलबाट लागु औषध डाइजेपाम २९ एम्पुल, फेनारगन २९ एम्पुल र नरफिन २७ एम्पुल खरिद गरी लिई हिँडेको अवस्थामा पक्राउ परेको भन्ने बेहोराको जाहेरी प्रतिवेदनलाई समर्थन गर्ने गरी प्रमिलादेवी मोक्तानको ठुलो परिमाणमा उल्लिखित लागु औषध बोकी आएकोले सेवन गर्ने मात्र नभई ओसारपसार र बिक्री वितरण गर्ने गरेको हुनुपर्छ भन्ने बेहोराको घटना विवरण कागज, परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्थामा सेवनसम्मको कसुर गरेको भनी कम सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण छ। डाइजेपाम एक एम्पुलमा २ एम.एल. हुन्छ। २ एम.एल अर्थात् एक एम्पुलमा १० मि.ग्रा. हुन्छ। २९ थान डाइजेपाममा २९० मि.ग्रा. डाइजेपाम हुन्छ। Laboratory studies have shown that single dose of diazepam, (5-20mg) are capable of causing significant performance decrements भनिएको पाइन्छ। प्रतिवादीबाट बरामदित लागु औषधको परिमाण र प्रकृति हेर्दा निजले सेवनसम्मको लागि लिई हिँडेको भन्ने विश्वास गर्न सकिँदैन। प्रस्तुत सन्दर्भमा **"सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री वितरण गर्नेलाई खरिद हुने अवस्था छुट्टयाउन लागु औषधको परिमाणलाई हेरिनुपर्ने हुन्छ। सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागु औषध अत्यधिक मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने** (नेकाप २०६९, अंक ११, नि.नं. ५९२३, पृष्ठ १७१०) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१०।१३ मा भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले प्रतिवादीबाट लागु औषध बरामद भएकोमा विवाद छैन। बरामदी लागु औषध सेवनको लागि लिई आएको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारी

र अदालतसमक्ष बयान गरे पनि बरामदी परिमाण हेर्दा, सेवनको लागि मात्र ल्याएको भन्न मिल्ने देखिँदैन । तसर्थ प्रतिवादीलाई अभियोग दाबीबमोजिम ओसारपसार र बिक्री वितरणतर्फसमेत कसुर कायम गरी सजाय गरिनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

अब प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम सजाय गरेको सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई सेवनतर्फ मात्र सजाय गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।१३ को फैसला मिलेको छ, छैन र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो, होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी देवबहादुर घलेले भारतको रक्सौलबाट लागु औषध डाइजेपाम २९ एम्पुल, फेनारगन २९ एम्पुल र नरफिन २७ एम्पुल खरिद गरी वीरगन्जबाट नारायणगढतर्फ गाडीमा आउँदै गर्दा प्रहरी चेकजाँचको क्रममा भएको निज प्रतिवादीको सँगसाथबाट उल्लिखित लागु औषध बरामद भएकोले बरामदी परिमाणसमेतको आधारमा सो कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को ङ, च, छ को कसुर अपराध हुँदा निजलाई ऐ. १४ (१)(ज) र (झ) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम सजाय गरेको र पुनरावेदन अदालतले सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई सेवनतर्फ मात्र सजाय गरेको फैसलाउपर चित्त नबुझाई वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखियो । पुनरावेदन पत्रमा ठूलो परिमाणको लागु औषध खरिद गरी लिई हिँडेको अवस्थामा लागु औषधसहित प्रतिवादी पक्राउ परेको, सेवन गर्ने प्रयोजनको लागि लिई हिँडेको भन्ने प्रतिवादीको बयान रहे पनि परिमाणले सेवनको लागि मात्र भन्ने नदेखिएकोले ओसारपसार र बिक्री वितरणतर्फ सजाय हुनुपर्छ भन्ने जिकिर लिएको पाइयो ।

३. प्रतिवादी वीरगन्जतर्फबाट नारायणगढ आउँदै गर्दा चेकजाँचको क्रममा निजको साथबाट २९ एम्पुल डाइजेपाम, २९ एम्पुल फेनारगेन र २७ एम्पुल नरफिन बरामद भई पक्राउ परेको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादी देवबहादुर घले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतको बयानमा समेत आफूले लागु औषध सेवन गर्ने गरेको, बिक्री वितरणको कार्य गर्ने नगरेको यसपूर्व सेवन गरेकै कारण सुधार गृहमा ३-४ महिनासम्म बसेको, पूर्व खाने लत परेको हुँदा नेपालमा खरिद गर्दा महङ्गो पर्ने भएका कारण भारत रक्सौलबाट खरिद गरी ल्याएको हो भनी एकै बेहोराको बयान गरेको देखिन्छ । वादी पक्षले सेवनको लागि मात्र होइन, बिक्री वितरणको लागि पनि ल्याएको हो भनी दाबी लिए पनि को कसलाई कहाँ के कसरी बिक्री वितरण गर्न लागेको हो भन्ने स्पष्ट रूपमा अभियोग दाबी लिन सकेको देखिँदैन । बरामदी परिमाण धेरै भएकोले बिक्री वितरणसमेत गर्ने प्रयोजन हो भनी हचुवाको भरमा दाबी लिएको र बरामदी लागु औषधको प्रकृति र त्यसको परिमाणलाई हेर्दा अति घातक प्रकृतिको पनि नदेखिएको र परिमाण पनि अत्यधिक रहेको भन्ने देखिँदैन । लागु औषध बरामद भएपछि त्यसको प्रकृति अर्थात् त्यसले मानव स्वास्थ्यमा पार्ने असर, लागु औषधको परिमाण वारदात र वारदात हुँदाको अवस्था, प्रतिवादीले पहिले पनि कारोबार गरे नगरेको र सेवन गर्ने नगर्ने अवस्थासमेतलाई मध्यनजर गरी कसुरको मात्रा निर्धारण गर्नुपर्ने हुन्छ । बिक्री वितरण गर्ने गरेको भन्ने दाबी लिँदा त्यसको वस्तुनिष्ठ आधारसमेत खुलाएको हुनुपर्छ । अनुसन्धानबाट यी प्रतिवादीले सेवनबाहेक बिक्री वितरणसमेत गर्ने गरेको र बरामदी लागु औषध को कसलाई, के कसरी बिक्री वितरण गर्ने गरेको सो यकिन गरी खुलाएको देखिन आउँदैन ।

४. प्रतिवादी पक्राउ पर्दा बिक्री वितरण गर्दैछन् भन्ने सूचना आएको भनी प्रतिवेदकले भनेको

अवस्थासमेत छैन । प्रतिवादीले आफूले सेवन गर्ने कुरा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा नै उल्लेख गरिसकेका र बिक्री वितरण गर्ने गरेको भन्ने कुरामा इन्कार रहेको अवस्था छ । अदालतमा समेत सेवन प्रयोजनार्थ ल्याएको भनेका छन् । प्रतिवादी लागु औषधको सेवनकै कारण सुधार गृहमा बसिसकेको भन्नेसमेत देखिएको र लागु औषधको प्रकृति र परिमाणसमेतलाई विचार गर्दा बिक्री प्रयोजनकै लागि ल्याएको भन्ने नदेखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

५. अतः माथि विवेचित आधार कारणबाट सुरू फैसला केही उल्टी गरी प्रतिवादी देवबहादुर घलेलाई लागु औषधको प्रकृति, त्यसको मात्रा र प्रतिवादीको प्रयोगको अवस्थासमेतलाई विचार गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (ज) को सेवनसम्मको कसुर ठहऱ्याई २ महिना कैद र रू.२०००।- जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।१३ को फैसला मिलेकै दैखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपकराज जोशी

इजलास अधिकृत: अनुपमा पन्त
इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम् ।

निर्णय नं. १०३८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७५।३।१०
०७१-WO-१०२७

मुद्दाः- उत्प्रेषण / परमादेश

निवेदक : तनहुँ जिल्ला, जामने गा.वि.स. वडा नं.१ घर भई पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय पोखरामा रा.प.अनं. प्रथम रेन्जर पदमा कार्यरत सन्तोष खनालसमेत

विरूद्ध

विपक्षी : लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत

- **कानूनमा भएको व्यवस्थाबमोजिम नोकरी जोड्न समयमा नै निवेदन गरी कर्मचारीले आफ्नो कर्तव्य पालना गरेकोमा सार्वजनिक निकाय वा पदाधिकारीले ढिला निर्णय गरेका कारण त्यसको दुष्परिणाम कर्तव्य पालन गरेको कर्मचारीलाई बहन गराउन नमिल्ने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री दिपेन्द्र अधिकारी
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

न्या.ओमप्रकाश मिश्र : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

हामी रिट निवेदकहरू सन्तोष खनाल मिति २०६०।११।१ मा र विष्णुबहादुर के.सी मिति २०६०।११।५ मा नेपाल वन सेवा, जनरल फरेस्ट्री समूह रा.प.अनं. प्रथम श्रेणीको रेन्जर पदमा सेवा प्रवेश गरी रा.प.तृतीय श्रेणीको लागि बढुवा हुन न्यूनतम सेवा अवधि पुगेको, बढुवाको लागि अयोग्य नभएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क बमोजिम नेपाल वन सेवा, जनरल फरेस्ट्री रा.प.तृतीय श्रेणीको बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको र लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा सम्पूर्ण विवरणसमेत खुलाई तोकिएको समयावधिभित्र मिति २०७१।९।१ सम्ममा दरखास्त फाराम बुझाई आएकोमा मिति २०७२।१।८ गते लोक सेवा आयोगका सदस्य र वन तथा भू-संरक्षण मन्त्रालयका सचिवज्यूबाट नेपाल वन सेवा, जनरल फरेस्ट्री समूह रा.प.अनं. प्रथम श्रेणीको पदबाट सोही सेवा समूहको रा.प.तृतीय (प्रा) पदमा ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सिफारिस गर्ने निर्णयानुसार मिति २०७२।१।९ को गोरखापत्रमा सूचनासमेत प्रकाशित भई हामी निवेदकहरू नेपाल वन सेवा, जनरल फरेस्ट्री समूह, रा.प.तृतीय श्रेणीको सहायक वन अधिकृत पदमा बढुवाको लागि सिफारिस भएका थियौं। विपक्षी सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको बढुवा हुनको लागि सेवा अवधि नभएको कारण बढुवा हुन नसकेकोमा उनीहरूले आफूहरूको अस्थायी सेवा अवधि जोडी बढुवा पाउनुपर्ने भनी विपक्षी लोक सेवा आयोगमा उजुरी दर्ता गराएकोमा लोक सेवा आयोगले निर्णय नं. ३०९।२०७२।३।३ मा हामी रिट निवेदकहरूलाई बढुवा गर्ने गरी बढुवा समितिले गरेको निर्णय बदर गरी विपक्षी सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठलाई बढुवा गर्ने त्रुटिपूर्ण निर्णय गरेबाट हामी निवेदकहरूको पेसागत हक अधिकार कुण्ठित हुन पुगी नेपालको अन्तरिम संविधानद्वारा प्रदत्त मौलिक हक र निजामती सेवा ऐन तथा नियमावलीद्वारा प्रदत्त कानूनी हकमा आघात पुगेको हुँदा हामीहरूको कानूनी एवं संवैधानिक हकको प्रचलनको लागि सम्मानित अदालतको शरणमा आएका छौं।

निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम १ को खण्ड (क) को उपखण्ड (४) बमोजिम पहिले भू-संरक्षण सहायक पदमा काम गरेको अस्थायी सेवा अवधि ज्येष्ठता प्रयोजनका लागि निजामती किताबखाना हरिहर भवनले बढुवाको दरखास्त दिने अन्तिम म्याद मिति २०७१।०९।०१ पछि अर्थात् मिति २०७१।१२।०८ मा मात्र जोडी दिएको पत्रको आधारमा सि.नं.१८ का सुरेशप्रसाद महतोलाई सिं.नं.९ मा र सि.नं.२४ का राजकुमार श्रेष्ठलाई सि.नं.१० मा राखी हामी सि.नं.१४ को सन्तोष खनाल र सि.नं.१५ को विष्णुबहादुर के.सी. लाई बढुवा सूचीबाट हटाई बढुवा समितिबाट मिति २०७२।१।५ मा भएको निर्णयलाई संशोधन गरी लोक सेवा आयोगले मिति २०७२।३।३ मा गरेको निर्णय मिति २०७२।३।३ को गोरखापत्र दैनिकमा सूचनासमेत प्रकाशित भएको रहेछ। निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ मा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका सन्दर्भमा (१) "यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने छ" भन्ने व्यवस्था भए गरिएको छ। निजामती सेवा नियमावली, २०५० को नियम १२३(३) मा 'यो नियमावली प्रारम्भ हुँदाका बखत

निजामती सेवामा कार्यरत रहेका निजामती कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र यो नियमावली प्रारम्भ भएपछि नियुक्ति पाएका निजामती कर्मचारीहरूले नियुक्ति पाएको मितिले एक वर्षभित्र यस नियमबमोजिम सेवा अवधि जोडाई सकेको हुनुपर्नेछ, उक्त अवधिभित्र सेवा अवधि नजोडिएमा त्यस्तो सेवा अवधि पछि जोडिने छैन" भन्ने व्यवस्थाका आधारमा विपक्षी व्यक्तिहरूको बढुवा हुन नसकेको हो । ऐन नियमविपरीत हुने गरी विपक्षीहरूको अस्थायी सेवा अवधि ज्येष्ठता प्रयोजनका लागि गणना गर्ने विपक्षी निजामती किताबखानाले अन्य कुनै निर्णय गरेको भए सो निर्णय र पत्राचारहरूसमेत बदरभागी छ । नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ मा रा.प.अनं प्रथम श्रेणीको पदनाम जनरल फरेष्टी समूहको भए रेन्जर प्रा.स. र स्वायल एन्ड वाटर कन्जरभेसन समूहको भए प्रा.सा. (वन) भू-संरक्षण सहायक रहने अनुसूची २ मा स्पष्ट उल्लेख भएकोले बढुवा हुने पद सहायक वन अधिकृतभन्दा एक तहमुनिको पद रेन्जर भएको उक्त पदमा नियुक्त भएको नियुक्ति मिति र निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ क मा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका सन्दर्भमा (१) "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक श्रेणीमुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने छ" भन्ने व्यवस्थालाई हेर्दा विपक्षी सुरेशप्रसाद महतो र राजकुमार श्रेष्ठभन्दा हामी निवेदक सन्तोष खनाल र विष्णुबहादुर के.सी. नै बढुवा हुने पद (सहायक वन अधिकृत) भन्दा एक श्रेणीमुनिको पद रेन्जरमा ज्येष्ठ रहेको प्रस्ट देखिएको हुँदा हामी निवेदकलाई संविधान र कानून प्रदत्त हकको प्रतिकूल हुने गरी लोक सेवा आयोग केन्द्रीय कार्यालयबाट निर्णय नं.३०९।२०७२।३।३ मा भएको निर्णय, विपक्षी सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको अस्थायी सेवा अवधि ज्येष्ठता प्रयोजनका लागि गणना गर्ने निजामती किताबखानाले कुनै निर्णय गरेको भए त्यस्तो दूषित र त्रुटिपूर्ण निर्णय एवं त्यसपछि लोक सेवा आयोग केन्द्रीय कार्यालय र निजामती किताबखानाबाट भए गरेका पत्राचारलगायतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी हामीलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को कानूनी व्यवस्थाबमोजिम बढुवा समितिबाट मिति २०७२।०१।०८ मा भएको बढुवा सिफारिसबमोजिमको बढुवाको नियुक्तिपत्र दिनु भन्नेसमेत बेहोराको परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ । लोक सेवा आयोगबाट निर्णय नं.३०९।२०७२।३।३ मा भएको बढुवाको निर्णय कार्यान्वयन भएमा वा निरन्तरता दिएमा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को कानूनी व्यवस्थाविपरीतको कार्यले प्रश्रय पाउन गई हामी रिट निवेदकहरूलाई अपूरणीय क्षति हुन जाने हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम विपक्षीहरूको नाउँमा प्रस्तुत मुद्दाको अन्तिम किनारा नलाग्दासम्म लोक सेवा आयोग केन्द्रीय कार्यालयको निर्णय नं. ३०९।२०७२।३।३ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु, विपक्षीहरूलाई बढुवाको नियुक्ति पत्र नदिनु, यदि दिइसकेको भए बढुवा भएको माथिल्लो पदको सेवा सुविधा एवं कार्य सम्पादन गर्न नदिनु भन्नेसमेत बेहोराको अन्तरिम आदेशसमेत जारी गरिपाऊँ । प्रस्तुत रिट निवेदन हामी निजामती कर्मचारीहरूको वृत्ति विकास एवं सेवाग्राहीहरूलाई दिनुपर्ने गुणस्तरीय सेवासँग गाँसिएको विषयवस्तु भएकोले यसको गाम्भीर्यलाई समेत विचार गरी अग्राधिकार दिई सुनुवाइ गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदन

मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१,२, ३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीका हकमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु साथै अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा दुवै पक्षको छलफलबाट अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा निर्णयमा पुग्नु उपर्युक्त देखिँदा मिति २०७२।३।२८ को पेसी तोकी सोको जानकारी विपक्षीहरूलाई दिई पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७२।०३।२० मा भएको आदेश।

निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम १ को खण्ड (क) मा भएको व्यवस्थाअनुसार ज्येष्ठताको प्रयोजनको निमित्त पहिले अस्थायी रूपमा काम गरेको भनी सुरेसकुमार महतो र विष्णुबहादुर के.सी. ले आ-आफ्नो तालुक निकायको सिफारिस पत्रसमेत पेस गरी अस्थायी सेवा अवधि जोडे जोडाएको देखिँदा रिट निवेदकको दाबी प्रचलित कानूनसम्मत देखिएन। रिट निवेदनमा विपक्षी बनाइएका सुरेस महतोसमेतले उपर्युक्त नियमावली तथा नियमबमोजिम एक वर्षभित्र आफ्नो सेवा अवधि जोडाउन प्रक्रिया सुरू गरे गराएको देखिँदा रिट निवेदकको दाबी युक्तिसङ्गत नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी निजामती किताबखानाको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा २० को उपदफा (१क) बमोजिमको बढुवा समितिले गरेको बढुवा सिफारिसमा आफ्नो नाम समावेश भएकोमा उक्त बढुवा समितिको निर्णय विरूद्ध ऐ. ऐनको दफा २४च. बमोजिम लोक सेवा आयोगमा उजुरी परी उक्त उजुरीउपरको पुनरावलोकनपछि प्रकाशित सूचीमा आफ्नो नाम समावेश नभएको भन्ने कुरा उल्लेख गर्नुभएको विषय छ। उक्त विषयमा यस मन्त्रालयको कुनै संलग्नता नै रहेको छैन। जहाँसम्म नियुक्तिको विषय छ, सो सम्बन्धमा लोक सेवा आयोगबाट भएको पुनरावलोकनसमेतका आधारमा बढुवा समितिबाट सिफारिस भएका व्यक्तिहरूलाई यस मन्त्रालयबाट नियुक्ति दिइएकोसम्म हो । यस आधारमा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको वन तथा भू-संरक्षण मन्त्रालय तथा बढुवा समितिको सचिवालयको लिखित जवाफ।

उजुरकर्ता राजकुमार श्रेष्ठले मिति २०५६।११।२९ देखि मिति २०६१।११।१ सम्म भु.सं.स (वन) पदमा गरेको अस्थायी सेवा मिति २०६१।११।२ मा साधारणतर्फ स्थायी नियुक्ति भएको सेवामा निजामती सेवा नियमावली, २०५० को नियम १२३(१)(क) बमोजिम ज्येष्ठता प्रयोजनार्थ गणना गर्ने गरी अभिलेख राखिएको भन्ने दरखास्तसाथ संलग्न निजामती किताबखानाको मिति २०६३।२।१० को पत्रबाट देखिएको साथै निजले दरखास्त फाराममा उक्त अस्थायी अवधि रा.प.अनं.प्रा, वन, स्वायल एन्ड वाटर कन्जरभेसन समूह उल्लेख गरेको र स्थायी नियुक्तिपश्चात् रमाना पत्र लिई गएको समेत जिल्ला भू-संरक्षण कार्यालय, जुम्लाको फाइल संलग्न मिति २०६१।१०।२५ च.नं. ३४७ को पत्रबाट देखिएको छ। अर्का उजुरकर्ता सुरेसप्रसाद महतोले पनि आफूले मिति २०५६।९।१३ देखि मिति २०६०।१२।१ सम्म रा.प.अनं. रेन्जर पदमा गरेको अस्थायी सेवा अवधि गणना गरिपाउँ भन्ने सम्बन्धमा निजले दरखास्त फाराममा उक्त अवधि भू.सं.स.,रा.प.अनं.प्र.(प्रा.) वन स्वायल एण्ड वाटर कन्जरभेसन अस्थायी उल्लेख

गरेको, दरखास्त फाराम साथ सो सेवा अवधि गणना सम्बन्धमा निजामती किताबखानाबाट जोडाएको पत्र समावेश भएको नदेखिए तापनि निजले हाल उजुरी निवेदन साथ उक्त अस्थायी अवधिको ७५% सेवा अवधि निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (४) बमोजिम बढुवाको लागि ज्येष्ठता प्रयोजनको निमित्त गणना गरिएको बेहोरा मिति २०७१।१२।८ को निर्णयानुसार अनुरोध छ भन्ने निजामती किताबखानाको च.नं.३९५२ मिति २०७१।१२।८ को पत्रको प्रतिलिपिसमेत संलग्न गरेको देखिन्छ । उल्लिखित दुवैजना उजुरकर्ताहरूले माथि उल्लेख भएबमोजिमको अस्थायी सेवा अवधि गणनाको लागि कानूनबमोजिम समयमा नै निवेदन दिई आफ्नो दायित्व पूरा गरेको देखिएको र निजामती किताबखानाबाट सोही निवेदनको आधारमा निजहरूको अस्थायी सेवा अवधि बढुवा प्रयोजनको लागि गणना गर्ने गरी एक वर्षपश्चात् निर्णय गरे तापनि उक्त सेवा अवधि गणना गरेको कुरालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । तसर्थ उल्लिखित दुवै जनाको अस्थायी सेवा अवधि कानूनबमोजिम जोडाइसकेको फाइल संलग्न निजामती किताबखानाको च.नं. ५०२६ मिति २०७२।३।२ को पत्रबाट देखिन्छ।

निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम (१) को खण्ड (क) को उपखण्ड (४) बमोजिम बढुवा प्रयोजनको लागि ७५% सेवा अवधि गणना हुने देखिन्छ। उपर्युक्त सेवा अवधि हालको सेवा अवधिमा जोड्दा बढुवा सिफारिस भएका उम्मेदवारको भन्दा निज उजुरकर्ताहरूको सेवा अवधि बढी हुने र निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. बमोजिमको आधारहरूसमेत पूरा भएको देखिएकोले निज दुवैजना उजुरकर्ताहरू बढुवा सिफारिस सूचीमा समावेश हुने र बढुवा सिफारिसको योग्यताक्रम नं.१४ का सन्तोष खनाल र योग्यताक्रम नं.१५ का विष्णुबहादुर के.सी. बढुवा सिफारिस सूचीबाट हट्ने ठहर्छ भनी उजुरकर्ताहरू सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको योग्यताक्रम क्रमशः ९ र १० हुने गरी संशोधित बढुवा सिफारिस सूची कायम गर्ने गरी यस अयोगबाट मिति २०७२।३।३ मा निर्णय भएको देखिएको र आयोगको उक्त निर्णय कानूनसम्मत नै देखिएकोले रिट निवेदन जिकिरबमोजिम आदेश जारी हुनु पर्ने होइन। तसर्थ आयोगको उक्त निर्णयमा उल्लिखित आधार र कारणबाट रिट निवेदकहरूको संवैधानिक तथा कानूनी हकमा आघात पार्ने निर्णय तथा काम कारबाही यस आयोगबाट नभए / नगरेकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी लोक सेवा आयोग केन्द्रीय कार्यालयको लिखित जवाफ।

म मिति २०५६।११।२९ मा निजामती सेवाअन्तर्गत वन सेवामा अस्थायी रूपमा कार्यरत रहँदारहँदै मिति २०६१।१०।१९ मा स्थाई नियुक्ति पाएको व्यक्ति र नियमावलीको नियम १२३ अनुरूप नै मैले ज्येष्ठता प्रयोजनको लागि सेवा जोडिएको पत्र लिइसकेको अवस्था हो । विपक्षीले उल्लेख गरेजस्तो गरी निजामती सेवा नियमावली, २०५० को नियम १२३ (१) क मा सम्बन्धित सेवा समूह तथा उपसमूहको पदमा भन्ने शब्दावली प्रयोग नभई सेवा वा पद भन्ने शब्दावली प्रयोग भएको छ। मैले स्थाई नियुक्ति पाउनुभन्दा अघि गरेको सेवा निजामती सेवा थियो वा थिएन त्यो अदालतले निक्र्यौल गर्ने कुरा हो। मैले निजामती सेवामा रहेर विगत करिब ५ वर्ष कार्य गरेको मेरो अनुभव तथा ज्येष्ठतालाई चुनौती दिन निजामती किताबखानाले मलाई निर्णयानुसार उपलब्ध गराएको ज्येष्ठता कायम गरिएको पत्रको प्रारम्भदेखिकै प्रक्रियालाई चुनौती दिनुपर्ने हुन्छ। जुन विपक्षीहरूले गरेको अवस्था छैन । उल्लिखित विभिन्न, तथ्य, आधार प्रमाणहरूबाट लोक सेवा आयोगको मिति २०७२।३।३ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान

नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी राजकुमार श्रेष्ठको लिखित जवाफ।

मैले मिति २०१६।९।१३ देखि रा.प.अनं. प.पा. रेन्जर पदमा अस्थायी सेवा प्रवेश गरी निरन्तर सेवा गरी आएकोमा लोक सेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय सुर्खेतको प.सं.०६०/०६१ च.नं.३५७ र मिति २०६०।११।११ को सिफारिस पत्रानुसार रा.प.अनं, प्रथम प्राविधिक श्रेणीको रेन्जर पदमा मिति २०६०।१२।०१ मा स्थायी नियुक्ति पाई मिति २०६०।१२।०२ मा हाजिर भई निरन्तर सेवा गर्दै आएको प्रस्तुत विज्ञापनमा योग्यताप्राप्त उम्मेदवार भएको हुनाले मैले पनि बढुवाको लागि आवेदन गरेको थिएँ। बढुवा समितिले मैले मिति २०५६।९।१३ देखि मिति २०६०।१२।१ सम्म रा.प.अनं.प्र.प्रा. रेन्जर पदमा गरेको ४ वर्ष २ महिना १८ दिनको अस्थायी सेवा अवधि बढुवाको लागि ज्येष्ठता गणनाको प्रयोजनको लागि ७५% अर्थात ३ वर्ष १ महिना २८ दिनको सेवा अवधि निजामती सेवा नियमावली, २०५० को नियम १२३(१)(क)(४) बमोजिम सेवा जोड्नु पर्नेमा सो नजोडेकोमा रीतपूर्वक लोक सेवा आयोगमा उजुर गरेको थिएँ । उक्त सेवा अवधि जोड्दा मेरो नियुक्ति मिति २०५७।१०।०४ कायम हुन आई मेरो ज्येष्ठता ९ औं स्थानमा हुन आई बढुवा हुनुपर्ने थियो। निजामती किताबखानाबाट जिल्ला वन कार्यालय सर्लाहीमा रेन्जर पदमा कार्यरत सुरेसप्रसाद महतो कर्मचारी संकेत नं. (१८१६१९) ले मिति २०५६।९।१३ देखि २०६०।१२।०१ सम्म अस्थायी रेन्जर पदमा गरेको सेवा अवधि ज्येष्ठता प्रयोजनको लागि मात्र हालको स्थाई सेवामा जोडी दिने विषयमा मिति २०६१।९।१४ मा वन विभागको पत्रबाट सिफारिस पाप्त भई विभिन्न चरणमा छलफल तथा निर्णयहरू हुँदै सामान्य प्रशासन मन्त्रालयको मिति २०७१।११।३ को च.नं.१८६ को पछिल्लो पत्र तथा सोही पत्रानुसार म्याद थपको पत्र हुँदा हाजिर प्रमाणितको आधारमा अस्थायी सेवा अवधि जोड्न उपयुक्त हुने बेहोराको काम प्राप्त भई भू तथा जलाधार सरक्षण विभागको च.नं.७० मिति २०७१।१२।११ को पत्र साथ हाजिर प्रमाणित एवं म्याद थपका पत्र प्राप्त भएको हुँदा निजको अस्थायी सेवा मिति २०६०।१२।०२ को हालको स्थायी सेवामा ज्येष्ठता प्रयोजनको लागि मात्र नि.से.नि. १२३(१)(क)(४) बमोजिम ७५% जोड्ने निर्णय मिति २०७१।१२।८ मा गरी सकेको देखिन्छ। निजामती सेवा नियमावली, २०५० को नियम १२३(१)(क)(४) र नियम १२३(३) कानूनको परिधिभित्र रही भएको हुनाले सोही आधारमा लोक सेवा आयोगको ३०९/०७२/३/३ को निर्णय मेरो हकमा कानूनबमोजिम नै भएको र यसबाट रिट निवेदकको कुनै पनि हकमा आघात नपुगेको हुनाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी सुरेसप्रसाद महतोको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको निवेदनको सन्दर्भमा निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री दिपेन्द्र अधिकारीले बढुवा समितिले गरेको निर्णय कानूनसम्मत छैन । बढुवाको फाराम भर्ने म्यादभन्दा पछि जोडेको अस्थायी अवधि ज्येष्ठतामा गणना गर्न मिल्दैन । तसर्थ लोक सेवा आयोगले रिट निवेदकहरूलाई बढुवा सूचीबाट हटाएको निर्णय बदर गरी बढुवा समितिको पूर्व निर्णयबमोजिम नै बढुवा गरिदिनु भन्ने परमादेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी लोक सेवा आयोगसमेतका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले बढुवा समितिको निर्णयउपर परेको उजुरीको सम्बन्धमा आवश्यक छानबिन गरी बढुवा समितिको पूर्व निर्णय त्रुटिपूर्ण देखाई लोक सेवा आयोगबाट पुनरावलोकन भएको हो। कानूनी व्यवस्थाको अधीनमा रही अस्थायी सेवा अवधिको ७५ प्रतिशतसम्मको

अवधिलाई ज्येष्ठता प्रयोजनको लागि गणना गर्न मिल्ने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

अब निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुनुपर्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदक सन्तोष खनाल मिति २०६०।११।१ मा र विष्णुबहादुर के.सी. मिति २०६०।११।५ मा नेपाल वन सेवा, जनरल फरेस्ट्रीको रा.प.अनं. प्रथम रेञ्जर पदमा सेवा प्रवेश गरी सोही सेवा समूहको रा.प.तृतीय प्रा. पदको लागि खुलेको बढुवा सूचनाअनुसार दरखास्त दिई वन तथा भू-संरक्षण मन्त्रालय, बढुवा समितिको मिति २०७२।१।८ को निर्णयअनुसार बढुवा क्रमसंख्या १४ र १५ मा बढुवा भएका थियौं । पछि विपक्षी कर्मचारीहरूको उजुरी लोक सेवा आयोगमा परी लोक सेवा आयोगको मिति २०७२।३।३ को नियमानुसार अर्को सूचना प्रकाशित गर्दा हाम्रो नाम हटाई सि.नं. १८ को सुरेसप्रसाद महतोलाई सि.नं.९ मा र सि.नं. २४ का राजकुमार श्रेष्ठलाई सि.नं. १० मा राखी सूचना निकालेकोले लोक सेवा आयोगको मिति २०७२।३।३ को निर्णय बदर गरी बढुवा समितिकै निर्णयानुसार हाम्रो बढुवा गर्नु गराउनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेको देखियो।

३. बढुवा समितिले निर्णय गर्दा सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको अस्थायी सेवा अवधिको ज्येष्ठताबापतको अंक गणना नगरेकोले सो जोडिएको सेवा अवधिको अंक प्रदान गर्दा निजहरूको योग्यताक्रम अगाडि आएकोले संशोधित बढुवा सूचना प्रकाशित गरिएको हुँदा सो कार्य कानूनसम्मत नै रहेकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्ने विपक्षी लोक सेवा आयोगसमेतको तर्फबाट लिखित जवाफ रहेको पाइयो।

४. लोक सेवा आयोगको बढुवा सूचना नं.१६३।७१-७२ नेपाल वन सेवा, जनरल फरेस्ट्री समूह, रा.प.तृतीय प्रा. पद संख्या १५ मा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा गर्दा बढुवा समितको सचिवालय, वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०७२।१।८ को निर्णयले मिति २०७२।१।९ मा गोरखापत्रमा सूचना प्रकाशित गर्दा रिट निवेदकहरू सन्तोष खनाल र विष्णुबहादुर के.सी. को नाम बढुवा सूचीको क्रमशः क्र.सं. १४ र १५ मा रहेको देखिन्छ । सो बढुवा सूचनाउपर चित्त नबुझी परेको उजुरीहरू छानबिन गर्दा लोक सेवा आयोग, केन्द्रीय कार्यालयको मिति २०७२।३।३ को निर्णयले संशोधित बढुवा सूची प्रकाशित गर्दा क्र.सं. १४ र १५ का रिट निवेदकहरूको नाम बढुवा सूचीबाट हटी विपक्षीमध्येका सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको नाम बढुवा सूचीको क्रमशः सि.नं. ९ र १० मा प्रकाशित भएको देखियो।

५. विपक्षीमध्येका सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको अस्थायी सेवा अवधि नजोडिएको र सो अवधिको ज्येष्ठताबापतको अंक प्रदान नभएको अवस्थामा रिट निवेदकहरूको बढुवा भएको देखिन्छ। निज सुरेसप्रसाद महतो र राजकुमार श्रेष्ठको अस्थायी सेवा अवधि जोडिने अवस्थाको हो वा होइन र सोबापत अंक प्रदान गरी बढुवा पुनरावलोकन गरिएको लोक सेवा आयोगको निर्णय कानूनसम्मत छ वा छैन भन्ने नै मुख्य विवादित विषय देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम १२३ मा पहिलेको सेवा अवधिको गणना सम्बन्धमा व्यवस्था रहेको देखिन्छ । जसअनुसार निजामती कर्मचारीको पहिले सेवा अवधिको गणना गर्दा "....निजामती सेवाको साधारणतर्फको पदमा एक वर्षभन्दा बढी अस्थायी सेवा गरी सो सेवालाई अविच्छिन्न राखी निजामती सेवातर्फ स्थायी नियुक्ति पाएका निजामती कर्मचारीको साबिकको विकास वा अस्थायी सेवा अवधिको गणना गर्दा राजपत्रअनंकित श्रेणी र परिचर पदमा गरेको सेवा

अवधिबापत पचहत्तर प्रतिशत ज्येष्ठता प्रयोजनको लागि गणना गरिने छ" भन्ने उल्लेख भएको पाइन्छ।

६. विपक्षीमध्येका राजकुमार श्रेष्ठको मिति २०५६।११।२९ देखि मिति २०६१।११।१ सम्मको समान पदमा गरेको अस्थायी सेवा अवधि मिति २०६१।११।२ देखिको स्थायी सेवामा ज्येष्ठता प्रयोजनार्थ गणना भएको भन्ने निजामती किताबखाना पत्रबाट देखिन्छ । सो बेहोरा निजले दरखास्त फाराममा उल्लेख गरेको भन्ने लोक सेवा आयोगको लिखित जवाफबाट देखिएको छ । अर्का विपक्षी सुरेसप्रसाद महतोले मिति २०५६।९।१३ देखि मिति २०६०।१२।१ सम्म गरेको समान पदको अस्थायी सेवा गणना गर्न समयमा नै कारबाही चलाएको देखिन्छ । निवेदन दिँदा साथ नोकरी जोड्ने वा नजोड्ने निर्णय नगरी एक वर्षपछि मात्र निजामती किताबखानाबाट निर्णय भएको अवस्थाको कारण मात्र सोसम्बन्धी पत्रपछि समावेश भएको भन्ने देखिन्छ । लोक सेवा आयोगको लिखित जवाफबाट निजको अस्थायी सेवा अवधि सेवामा गणना भइसकेको देखिएको छ । कानूनमा भएको व्यवस्थाबमोजिम नोकरी जोड्न समयमा नै निवेदन गरी कर्मचारीले आफ्नो कर्तव्य पालना गरेकोमा सार्वजनिक निकाय वा पदाधिकारीले ढिला निर्णय गरेका कारण त्यसको दुष्परिणाम कर्तव्य पालन गरेको कर्मचारीलाई बहन गराउन मिल्ने देखिँदैन । यसरी निजामती सेवा ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिम प्रक्रिया पूरा गरी गणना भइसकेको अस्थायी सेवा अवधिको ज्येष्ठताबापतको अंक नदिनु न्यायोचित हुँदैन । निजामती किताबखानाबाट जोडिसकिएको अस्थायी अवधिको गणना गरी अंक प्रदान गर्दा बढुवा समितिले गरेको निर्णय फरक पर्ने गरी लोक सेवा आयोगबाट भएको मिति २०७२।१।९ को सूचना कानूनसम्मत नै देखिँदा बदर गर्नुपर्ने अवस्था देखिन आएन।

७. अतः विपक्षी राजकुमार श्रेष्ठ र सुरेसप्रसाद महतोले गरेको अस्थायी सेवा अवधि ज्येष्ठता प्रयोजनको लागि निजामती किताबखानाबाट गणना गरेकोमा सो अवधिबापतको अंक प्रदान गरी निजहरूको बढुवा गरेको विपक्षी लोक सेवा आयोगको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिँदैन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या.प्रकाशमान सिंह राउत

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल असार १० गते रोज १ शुभम्।

निर्णय नं. १०३८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७६।९।१६
०७३-WO-०६७९

विषयः उत्प्रेषण / परमादेश

निवेदक / पक्ष : रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं.१ स्थित युनिभर्सल इन्स्टिट्युड अफ एडभान्स एन्ड रिसर्च प्रा. लि. को तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ.प्रा. लि.को प्रबन्धक कमलराज ढकाल (कर्मचारी व्यवस्थापन तथा लेखा)

विरूद्ध

विपक्षी / प्रत्यर्थी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **नगरप्रमुखले नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा सम्झौता गरी कसैलाई निजी बाटोको रूपमा प्रयोग गर्न दिएमा त्यस्तो कार्य स्वत: (ipso facto) गैरकानूनी हुने देखिन्छ । यस्तो गैरकानूनी कार्यको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्णय गरी निर्देशन नदिएको अवस्थामा पनि त्यस्तो कानूनविपरीतको कार्य स्वत: गैरकानूनी हुन जान्छ र कानूनअनुसार उक्त जग्गा स्थानीय प्रशासनले संरक्षण गर्नु पर्ने ।**

(प्रकरण नं.७)

निवेदक / पक्षका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सुरेन्द्रकुमार खड्का तथा श्री इन्द्रशेखर खड्का र अधिवक्ता श्री कमलप्रसाद खनाल
विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी, विद्वान् अधिवक्ता श्री कमलेश द्विवेदी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- स्थानीय प्रशासन ऐन, २०२८
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
- स्थानीय स्वायत्त शासन ऐन, २०५५

आदेश

न्या.हरिप्रसाद फुयाल : नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र रही दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ:

निवेदक युनिभर्सल मेडिकल कलेज र विपक्षी नगरपालिकाबिच नगरपालिकाको अमिनको प्रतिवेदन एवम् नक्साबमोजिम विद्यमान सडक खण्डलाई नालाको साइडबाट निवेदक कलेजको जग्गामा पर्ने गरी सुधार र स्तरउन्नति गर्न सीतापथबाट सिद्धार्थ राजमार्ग एवम् वीरपथ जोड्ने कलेजको जग्गा लिनुबाहेक अन्य विकल्प नरहेको, रिङ रोड निर्माण गर्नेलगायतका संलग्न गरिएको सम्झौताको उद्देश्यअनुरूपको कार्य गर्ने सर्तको अधीनमा रही र सोको लागि निवेदकको ज.वि.०-११-१५.७५ जग्गामा सार्वजनिक सडक निर्माण गर्ने प्रयोजनको लागि सन् २००० मे, ११ मा रिट निवेदक र विपक्षी सिद्धार्थनगर नगरपालिकाबिच सम्झौता भएको थियो । उक्त सम्झौताबमोजिम नगरपालिकाबाट बाटो कलभर्ट तथा नाला निर्माण भई बाटोसमेत पिच भई हाल सार्वजनिक बाटो तथा नालाको

रूपमा प्रयोग भई आएको छ। उक्त सम्झौताबमोजिमको भू-उपयोग गरी आउने क्रममा विपक्षी नगरपालिकाबाटै कम्पाउन्ड वालसमेतको नक्सा पास गरी भवन निर्माण गरी सालसालै कर दस्तुरसमेत बुझाई आएको छु । उक्त सम्झौताबमोजिमको साइड ढल र भौतिक पूर्वाधारहरूको निर्माण २०५५/५६ सालमै सम्पन्न भई बाटो ढल तथा अन्य भौतिक पूर्वाधारहरू निर्वाध रूपमा प्रयोग भइरहेका छन् । सो करार सम्झौताबमोजिमको कार्य बाँकी नरहेको र सोमा हदम्यादसमेत उल्लेख भएको छैन । यस अवस्थामा विपक्षी नगरपालिका कार्यालयको च.नं.७७८९ मिति २०७२।११।३० को पत्रबाट सन् २००० मे, ११ मा भएको सम्झौता विपक्षी आयोगको सम्पर्क कार्यालबाट मिति २०७२।१०।२८ को निर्णयको हवाला दिई उक्त सम्झौता सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि निजी कलेजले सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडिदिन सक्ने हैसियत भएको नदेखिँदा कानूनी आधारविना भएको उक्त सम्झौता अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्चाई सोको जानकारी दिनु भनी विपक्षी आयोगको सम्पर्क कार्यालय बुटवलबाट उक्त सम्झौता रद्द गरिएकोले तीन महिनाभित्र उक्त जग्गामा रहेको पूर्वाधार संरचना हटाई जानकारी दिने भनी लेखी आएको हुँदा सम्झौताबमोजिमको कार्य सम्पन्न भइसकेको र भौतिक संरचना तथा बाटोसमेत पूर्वआस्थामा जान सक्ने अवस्था नै नरहेकोमा सम्झौता बदर गरिएको भन्ने पत्र र भौतिक संरचना हटाउने भन्ने पत्र प्राप्त भएकोले मिति २०७२।१२।१६ मा निवेदकले विपक्षी आयोगको सम्पर्क कार्यालय बुटवलको पत्रलगायत निर्णय भए सोसमेतको नक्कल उपलब्ध गराई पाउँ भनी माग गर्दा नदिएकोले के कहाँबाट कस्तो निर्णय भएको छ ? सोको जानकारी निवेदकलाई नभई विपक्षी आयोगको सम्पर्क कार्यालयसमेतलाई विपक्षी बनाई उक्त निर्णय र पत्रसमेत बदर गर्न पुनरावेदन अदालत बुटवलमा ०७२-WO-००५४ को उत्प्रेषणसमेतको रिट दर्ता गरेको र उक्त सम्झौता रद्द गरिएकाले तीन महिनाभित्र विवादित जग्गाको पूर्वाधार संरचना हटाई जानकारी दिनु भन्ने विपक्षी आयोगबाट मिति २०७२।१०।२५ मा निर्णय भएको रहेछ । सन् २००० मे, ११ को उक्त सम्झौता डिजाइन तथा नक्साबमोजिम भू-उपयोग भई करिब १६ वर्षदेखि प्रयोग भइरहेको छ। करार ऐन, २०५६ को दफा १३ बमोजिम बाहेक पक्षहरूबिच भएको करार अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम काम सम्पन्न भई पूर्वअवस्थामा जान सक्ने र कामय रहन सक्ने अवस्था नरहेको हुँदा उक्त करार सम्झौता बदर गर्न मिल्ने होइन । मुलुकी ऐन, जग्गा आवाद गर्ने महलको ३ र ४ नं.ले चलिआएको बाटो ढल परिवर्तन हुन सक्दैन। नक्सा पास भई बनेको भौतिक संरचना घर बनाउनेको महलको ४ नं.समेतले भत्काउन मिल्दैन । पूर्व प्रयोगविहीन सडक नै कायम गर्नुपर्छ भन्ने तर्क न्यायसङ्गत हुँदैन । उक्त सम्झौता स्थानीय शासन ऐन, २०५५ को दफा ६९, ९७, ११३, ११४ र २५८ समेत बमोजिम भएको अवस्था हो । निवेदकले करारअनुसार निर्माण गरेको भौतिक संरचनासमेत सोही अवधिदेखि नक्सा पास भई निर्माण गरी कर दस्तुर नियमित बुझाइरहेको अवस्थामा रिट निवेदकलाई प्रत्यक्ष सरोकार राख्ने हुँदा सो विषयमा रिट निवेदकलाई नबुझी प्रतिरक्षा गर्ने हकबाट वञ्चित गरी भएको उक्त निर्णय र पत्रसमेत सदर हुन सक्दैन । विपक्षीहरूको उक्त काम कारबाही गैरकानूनी र गैरसंवैधानिक भएकोले सोउपर बाध्य भई विपक्षीको निर्णय र पत्रसमेत बदर गराउन अन्य वैकल्पिक र प्रभावकारी उपाय नभएको हुँदा उत्प्रेषणलगायतको आदेश जारी गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग काठमाडौंको मिति २०७२।१०।२५ को निर्णय र सोअनुसार मिति २०७२।११।२० मा लेखेको पत्र तथा विपक्षी नगरपालिकाको मिति २०७२।११।३०

को पत्रलगायतको काम कारबाहीसमेत बदर गरी, उक्त करार सम्झौता यथावत् राख्नु भनी परमादेश तथा अन्य उपयुक्त आदेश जारी गरिपाऊँ । साथै विपक्षीहरूको उक्त काम कारबाही कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी १ र ३ नं.ले महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी २ नं.ले आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै रिट निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, रिट निवेदक युनिभर्सल कलेज र विपक्षी सिद्धार्थनगर नगरपालिकाबिच सार्वजनिक सडक निर्माण गर्ने प्रयोजनका लागि सम्झौता भई भौतिक संरचनासमेत निर्माण भइरहेको अवस्थामा उक्त सम्झौतालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयअनुसार सिद्धार्थनगर नगरपालिकाबाट उक्त सम्झौता रद्द गर्ने गरी भएको निर्णयले निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।१०।२५ को निर्णय, मिति २०७२।११।२० को पत्र, सिद्धार्थनगर नगरपालिकाको मिति २०७२।११।३० को पत्र हाललाई कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरूलाई दिनु भन्ने यस अदालतबाट मिति २०७३।१०।२ मा भएको आदेश।

रूपन्देही जिल्ला, सिद्धार्थनगर वडा नं.१(क) को कि.नं.७२ को नेपाल सरकारको स्वामित्वमा रहेको ज.वि. ०-१५-४ जग्गामध्येको ज.वि.०-६-५ जग्गा मेडिकल कलेजलाई प्रयोग गर्न दिने भनी सन् २००० मे, ११ मा सिद्धार्थनगर नगरपालिका कार्यालयको तर्फबाट कुनै निर्णय नभई तत्कालीन नगरप्रमुख सागरप्रताप राणा र युनिभर्सल मेडिकल कलेजबिच सम्झौता भएको देखिन्छ। नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि कुनै निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा तथा हक छाडिदिन सक्ने कानूनी हैसियत तत्कालीन नगरप्रमुखलाई भएको नदेखिएको अवस्थामा कानूनी आधार विना नै भएको उक्त सम्झौता अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याई सोको जानकारी दिनु भनी आयोगबाट मिति २०७२।१०।२८ मा भएको निर्णय र सो निर्णयबमोजिम आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको सम्पर्क कार्यालय बुटवलको मिति २०७२।११।२० मा विपक्षी सिद्धार्थनगर नगरपालिकाको कार्यालयलाई पत्राचार गरिएको हो। आयोगको निर्णयउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग) बमोजिम पुनरावेदन गर्न सक्ने कानूनी उपचारको बाटो हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन । कानूनद्वारा स्थापित नै नभएको हक अधिकारको विषयमा तथ्यगत सम्झौताबाट नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा निजी मेडिकल कलेजलाई प्रयोग गर्न दिने गरी कुनै सम्झौता हुनै नसक्ने अवस्थामा त्यस्तो सम्झौताका आधारमा हक स्थापित रहेको भनी आयोगसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन प्रथमदृष्टिमा नै खारेजभागी छ। आयोगको निर्णयबाट रिट निवेदकको के कुन हक,

के कसरी हनन् हुन गएको हो ? कुनै कानूनी तथा संवैधानिक आधार निवेदकले खुलाउन सकेको छैन। उक्त विवादित विषयमा तत्कालीन पुनरावेदन अदालत बुटवलमा दायर गरेको रिट खारेज भइसकेको हुँदा विवादको टुंगो लागिसकेको विषयमा पुनः दायर गरेको रिट निवेदन प्राङ्न्यायको सिद्धान्तसमेतका आधारबाट खारेजयोग्य हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ।

विपक्षीले आफूअनुकूल नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा मिची घर निर्माण गर्ने र कम्पाउण्ड वालभित्रै उत्तरदक्षिणतर्फ गेट राखी पक्लिहवातर्फ जाने र बजारतर्फ निस्कने मेडिकल कलेजकै हाताभित्र तथाकथित बाटोको रूपरेखा देखाइएको अवस्था छ। त्यसमा मेडिकल कलेजकै सवारी साधन गुड्ने र मेडिकल कलेजमा आवत जावत गर्ने मानिस ओहोर दोहोर गर्ने गरेको हुँदा विपक्षीको रिट निवेदनको सम्पूर्ण बेहोरा गलत हो। सरकारी स्वामित्वको जग्गा सार्वजनिक जवाफदेहीको पदमा बसेको व्यक्तिले सम्झौता गरी अरू कोही कसैलाई हस्तान्तरण गर्ने गरी सिद्धार्थनगर नगरपालिकाको बोर्डको निर्णय नभई तत्कालीन नगरप्रमुख र विपक्षी रिट निवेदकबिच करार गरेको देखिन्छ। करार ऐन, २०५६ को दफा १३(ङ)(ज)(ञ)(ट) बमोजिम गरिएको करार स्वत: बदर हुन्छ। रिट निवेदकलाई जग्गा उपलब्ध गराउने गरी कुनै निर्णय नगरी नगरप्रमुखले सन् २००० मे, ११ मा सम्झौता गरेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७२।१०।२८ को निर्णयअनुसार नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि नाफा कमाउने उद्देश्यले खोलिएका निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडिदिन सक्ने कानूनी आधारविना नै भएको उक्त सम्झौता अख्तियार दुरूपयोग अनुसन्धानको आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याई सोको जानकारी दिनु भनी गरेको पत्रबमोजिम यस नगरपालिका कार्यालयबाट विपक्षी रिट निवेदकलाई पत्राचार गरेकोमा सोपछि विपक्षी रिट निवेदकले सिद्धार्थनगर नगरपालिकासमेत उपर रूपन्देही जिल्ला अदालतमा ०७२-CP-०८७४ नं.को करारको यथावत् पालना गराई पाउँ भन्ने मुद्दा र पुनरावेदन अदालत बुटवलमा ०७२-WO-००५४ नं.को उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिपाउँ भनी रिट निवेदन दिएको हुँदा उक्त मुद्दाबाटै विवादको टुङ्गो लाग्ने भएकोले विपक्षीको रिट निवेदन जारी हुनु पर्ने होइन, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी नगरपालिकाको कार्यालयको लिखित जवाफ।

युनिभर्सल मेडिकल कलेजले सिद्धार्थनगर नगरपालिकाको नगरप्रमुखलाई विभिन्न प्रलोभनमा परी स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा प्रमुखको काम कर्तव्यविपरीत रूपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.१(क) कि.नं. ७२ को जग्गा रिट निवेदक र नगरप्रमुखबिच सन् २००० मे, ११ मा अनधिकृत सम्झौता गरी नगरपरिषद्बाट अनुमोदन नगरी सार्वजनिक बाटो युनिभर्सल कलेजलाई हक हस्तान्तरण गरी सट्टापट्टा एवम् परिवर्तन र आफ्नो निजी कम्पाउण्डभित्र पर्ने गरी अनधिकृत रूपमा दिई अधिकारको दुरूपयोग गरेको हुँदा नापी नक्साअनुसार सार्वजनिक बाटोमाथि निर्माण भएको अवैधानिक संरचना हटाई पाउँ भनी मिति २०७१।८।१५ मा परेको उजुरी यस कार्यालयमा मिति २०७१।८।२५ मा ५४१ नं.मा दर्ता भएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोग काठमाडौंको च.नं.१११६ मिति २०७१।८।२८ को पत्रसाथ सोही बेहोराको उजुरी मिति २०७१।९।२७ मा यस कार्यालयमा प्राप्त भई सो उजुरीमा समावेश भएको हो। अख्तियार दुरूपयोग अनुसन्धान आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको मिति २०७१।९।९ को निर्णयानुसार मिति

२०७१।९।१३ मा उक्त उजुरी सम्बन्धमा आवश्यक कागजातसहितको राय प्रतिक्रिया पठाइदिनु भनी सिद्धार्थनगर नगरपालिकालाई पत्राचार गरिएको हो । सिद्धार्थनगर नगरपालिकाको च.नं.६४६७ मिति २०७१।९।२५ को पत्रबाट विपक्षी युनिभर्सल मेडिकल कलेजले खरिद गरेको जग्गा कलेज परिसरसम्म मात्र पहुँच रहेका स्थानीय जग्गाधनीहरूले आ-आफ्नो जग्गामा आवतजावत गर्न प्रयोग गरिरहेको सडक १० कट्ठा ८ धुर जग्गा सीतापथदेखि वीरपथसम्म जोड्नको लागि तत्कालीन नगरप्रमुख सागरप्रताप राणा र रिट निवेदक कलेजबिच सम्झौता भएको भनी लेखी आएकोले सो सम्बन्धमा बुझ्दा उक्त कि.नं.७२ को ज.वि. ०-१५-४ जग्गा नेपाल सरकारको नाउँमा दर्ता कायम रहेको भनी मालपोत कार्यालय रूपन्देहीको च.नं.३२३३९ मिति २०७२।३।१५ को पत्रबाट लेखी आएको देखिन्छ। त्यसपछि सो उजुरी सम्बन्धमा बुझ्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको मिति २०७२।५।३१ को निर्णयानुसार यस कार्यालयको च.नं.१३२० मिति २०७२।८।१४ को पत्रबाट सार्वजनिक जग्गा मेडिकल कलेजलाई दिने निर्णय नगरपालिकाबाट नगरप्रमुख सागरप्रताप राणाले गरे नगरेको वा जग्गा सट्टापट्टा निर्णय गरे नगरेको सम्बन्धमा बुझ्दा, सिद्धार्थनगर नगरपालिका कार्यालयको च.नं.४९९० मिति २०७२।९।१६ को पत्रमा उक्त कि.नं.७२ को जग्गा नेपाल सरकारको स्वामित्वमा रहेको ज.वि ०-१४-५ जग्गा मेडिकल कलेजलाई प्रयोग गर्न दिने गरी नगरपालिकाको बैठक तथा तत्कालीन नगरप्रमुखबाट कुनै निर्णय भएको अभिलेखबाट देखिँदैन । तर यस विषयमा सन् २००० मे, ११ मा मेडिकल कलेज र नगरपालिकाको तर्फबाट तत्कालीन नगरप्रमुख सागरप्रताप राणाबिचमा सम्झौता भएको देखिन्छ । हाल उक्त जग्गामध्ये मेडिकल कलेजले ज.वि.०-६-४ जग्गा उपभोग गरिरहेको छ । सम्झौताबमोजिम बाटोको लागि छाड्नु पर्नेमध्ये ज.वि.०-६-८ जग्गा छोडी मेडिकल कलेजले सीमा पर्खाल लगाई वैकल्पिक बाटो खोलिएको भए पनि उक्त सडक आवत जावत गर्न योग्य हुने गरी निर्माण भई नसकेको भनी प्रतिवेदन पठाएको देखिन्छ । उक्त कि.नं.७२ को ज.वि.०-१५-०४ जग्गा नेपाल सरकारको नाममा बाटो कायम रहेकोमध्ये मेडिकल कलेजको कम्पाउण्डभित्र ज.वि.०-६-५ जग्गा परेको र मेडिकल कलेजले उपयोग गरेको सरकारी बाटोको जग्गा मेडिकल कलेजको जग्गाको सम्बन्धमा सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुख र मेडिकल कलेजबिच सन् २००० मे, ११ मा सम्झौता भएको देखिएको छ । उल्लिखित विभिन्न कार्यालयहरूबाट प्राप्त पत्रहरू, प्राविधिकसहितको स्थलगत नापजाँच प्रतिवेदन र संलग्न कागजातसमेतका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।१०।२८ को निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि कुनै निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा तथा हक छाडिदिन सक्ने कानूनी हैसियत तत्कालीन नगरप्रमुखलाई भएको नदेखिएको अवस्थामा कानूनी आधारबिना नै भएको सम्झौता अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याउन सिद्धार्थनगर नगरपालिका कार्यालयलाई यस कार्यालयको च.नं.२२३१ मिति २०७२।११।२० को पत्रबाट कानूनबमोजिम लेखी पठाइएको हुँदा विपक्षी रिट निवेदकको जिकिरअनुसारको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय बुटवलको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता

श्री सुरेन्द्रकुमार खड्का तथा विद्वान् वरिष्ठ अधिवक्ता श्री इन्द्रशेखर खड्का र अधिवक्ता श्री कमलप्रसाद खनालले निवेदक युनिभर्सल मेडिकल कलेज र प्रत्यर्थी सिद्धार्थनगर नगरपालिकाबिच नगरपालिकाको अमिनको प्रतिवेदन एवम् नक्साबमोजिम विद्यमान सडक खण्डलाई नालाको साइडबाट निवेदक कलेजको जग्गामा पर्ने गरी सुधार र स्तरउन्नति गर्न सीतापथबाट सिद्धार्थ राजमार्ग एवम् वीरपथ जोड्ने कलेजको जग्गा लिनुबाहेक अन्य विकल्प नरहेको, रिङरोड निर्माण गर्नेलगायतका संलग्न गरिएको सम्झौताको उद्देश्यअनुरूपको कार्य गर्ने सर्तको अधीनमा रही सोको लागि निवेदक मेडिकल कलेजको ज.वि.०-११-१५.७५ जग्गामा सार्वजनिक सडक निर्माण गर्ने प्रयोजनको लागि रिट निवेदक मेडिकल कलेज र प्रत्यर्थी नगरपालिकाका तत्कालीन नगरप्रमुखबिच सन् २००० मे, ११ मा सम्झौता भई सोबमोजिम सडक विस्तार र स्तरउन्नति भइसकेको छ । उक्त सम्झौताबमोजिम सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि निजी कलेजलाई सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडिदिन सक्ने हैसियत नगरपालिकालाई भएको नदेखिँदा कानूनी आधारविना भएको उक्त सम्झौता बदर गर्न प्रत्यर्थी आयोगबाट मिति २०७२।१०।२८ मा भएको निर्णय गैरसंवैधानिक छ । करार ऐन, २०५६ को दफा १३ बमोजिम बाहेक पक्षहरूबिच भएको करार अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम काम सम्पन्न भई पूर्वअवस्थामा जान सक्ने र कायम रहन सक्ने अवस्था नरहेको हुँदा करार बदर गर्न मिल्ने होइन । उक्त करार सम्झौता स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम भएको अवस्था हो । रिट निवेदकले करारअनुसार निर्माण गरेको भौतिक संरचनासमेत सोही अवधिदेखि नक्सा पास भई निर्माण गरी कर दस्तुर नियमित बुझाइरहेको अवस्थामा रिट निवेदकलाई नबुझी प्रतिरक्षा गर्ने हकबाट वञ्चित गरी भएको उक्त निर्णय र पत्रसमेत सदर हुन सक्दैन । विपक्षीहरूको उक्त काम कारबाही गैरकानूनी र गैरसंवैधानिक भएको हुँदा उत्प्रेषणलगायतको आदेशद्वारा बदर गरी, उक्त करार यथावत् कायम राख्नु भनी परमादेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थीहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग र आयोगको सम्पर्क कार्यालय बुटवलको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले युनिभर्सल मेडिकल कलेजले नगरप्रमुखलाई विभिन्न प्रलोभनमा पारी स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा लेखिएको प्रमुखको काम कर्तव्यविपरीत रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं.१(क) कि.नं.७२ को नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा अनधिकृत सम्झौता गरी नगरपरिषद्बाट अनुमोदन नगरी सार्वजनिक बाटोको लागि युनिभर्सल कलेजलाई हक हस्तान्तरण तथा सट्टापट्टा गरी आफ्नो निजी कम्पाउण्डभित्र पर्ने गरी अनधिकृत रूपमा दिई अधिकारको दुरुपयोग गरेको हुँदा नापी नक्साअनुसार सार्वजनिक बाटोमाथि निर्माण भएको अवैधानिक संरचना हटाई पाउँ भनी परेको उजुरी सम्बन्धमा प्रत्यर्थी आयोगबाट अनुसन्धान हुँदा विपक्षी युनिभर्सल मेडिकल कलेजले खरिद गरेको जग्गा कलेज परिसरसम्म मात्र पहुँच रहेको र स्थानीय जग्गाधनीहरूले आ-आफ्नो जग्गामा आवतजावत गर्न प्रयोग गरिरहेको सडक १० कट्ठा ८ धुर जग्गा सीतापथदेखि वीरपथसम्म जोड्नको लागि नेपाल सरकारको नाउँमा दर्ता रहेको उक्त कि.नं.७२ को ज.वि.०-१५-०४ जग्गा नेपाल सरकारको नाममा बाटो कायम रहेकोमध्ये मेडिकल कलेजको कम्पाउण्डभित्र ज.वि.०-६-५ जग्गा परेको र सो जग्गा मेडिकल कलेजले उपयोग गरेको देखिएकोले प्रत्यर्थी आयोगको मिति २०७२।१०।२८ को निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने

प्रयोजनको लागि भए पनि कुनै निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडी दिन सक्ने कानूनी हैसियत तत्कालीन नगरप्रमुखलाई भएको नदेखिएको अवस्थामा कानूनी आधारबिना नै भएको उक्त सम्झौता अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याउन सिद्धार्थनगर नगरपालिका कार्यालयलाई कानूनबमोजिम पत्राचार गरेको हुँदा विपक्षी रिट निवेदकको जिकिरअनुसारको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी सिद्धार्थनगर नगरपालिका कार्यालयको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कमलेश द्विवेदीले विपक्षी रिट निवेदकले आफूअनुकूल नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा मिची घर निर्माण गर्ने र कम्पाउण्ड वालभित्रै उत्तरदक्षिणतर्फ गेट राखी पक्लिहवातर्फ जाने र बजारतर्फ निस्कने मेडिकल कलेजकै हाताभित्र तथाकथित बाटोको रूपरेखा देखाइएको अवस्था छ। सरकारी स्वामित्वको जग्गा सार्वजनिक जवाफदेहीको पदमा बसेको व्यक्तिले सम्झौता गरी अरू कोही कसैलाई सार्वजनिक जग्गा हस्तान्तरण गर्ने गरी सिद्धार्थनगर नगरपालिकाको बोर्डको निर्णय नभई तत्कालीन नगरप्रमुखले विपक्षी रिट निवेदकसँग गरेको करार स्वत: बदर हुन्छ। रिट निवेदकलाई जग्गा उपलब्ध गराउने गरी कुनै निर्णय नगरी नगरप्रमुखले गरेको सम्झौतालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।१०।२८ को निर्णयअनुसार नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि नाफा कमाउने उद्देश्यले खोलिएका निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडी दिन सक्ने कानूनी आधारविना नै भएको उक्त सम्झौता अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याई सोको जानकारी दिनु भनी गरेको पत्रबमोजिम नगरपालिकाको कार्यालयबाट विपक्षी रिट निवेदक मेडिकल कलेजलाई पत्राचार गरेको अवस्था हो । सोपछि विपक्षी रिट निवेदकले सिद्धार्थनगर नगरपालिकासमेत उपर रूपन्देही जिल्ला अदालतमा ०७२-CP-०८७४ नं.को करारको यथावत् पालना गराई पाउँ भन्ने मुद्दा र पुनरावेदन अदालत बुटवलमा ०७२-WO-००५४ नं.को उत्प्रेषण तथा परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदन दिएको हुँदा उक्त मुद्दाबाटै विवादको टुङ्गो लाग्ने हुँदा विपक्षीको रिट निवेदनअनुसारको आदेश जारी हुनु पर्ने होइन, खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त तथ्य र बहस जिकिर एवम् मिसिल संलग्न अन्य कागजातहरू अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको रिट जारी हुने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, निवेदक युनिभर्सल मेडिकल कलेज र प्रत्यर्थी सिद्धार्थनगर नगरपालिकाबिच नगरपालिकाको अमिनको प्रतिवेदन एवम् नक्साबमोजिम विद्यमान सडक खण्डलाई नालाको साइडबाट निवेदक कलेजको जग्गामा पर्ने गरी सुधार र स्तरउन्नति गर्न सीतापथबाट सिद्धार्थ राजमार्ग एवम् वीरपथ जोड्ने कलेजको जग्गा लिनुबाहेक अन्य विकल्प नरहेको, रिङरोड निर्माण गर्नेलगायतका संलग्न गरिएको सम्झौताको उद्देश्यअनुरूपको कार्य गर्ने सर्तको अधीनमा रही सोको लागि रिट निवेदकको ज.वि.०-११-१५.७५ जग्गामा सार्वजनिक सडक निर्माण गर्ने प्रयोजनको लागि निवेदक मेडिकल कलेज र प्रत्यर्थी सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुखबिच सन् २००० मे, ११ मा सम्झौता भई सोबमोजिम सडक विस्तार र स्तरउन्नति भइसकेको अवस्थामा उक्त सम्झौताबमोजिम सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि निजी मेडिकल

कलेजलाई सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडिदिन सक्ने हैसियत नगरप्रमुखलाई भएको नदेखिँदा कानूनी आधारविना भएको उक्त सम्झौता बदर गर्न प्रत्यर्थी आयोगबाट मिति २०७२।१०।२८ मा भएको निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारहरूसमेत गैरसंवैधानिक हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी उक्त करार यथावत् कायम राख्नु भनी परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदकको मागदाबी रहेको पाइन्छ।

३. प्रत्यर्थी आयोगको मिति २०७२।१०।२८ को निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गामा बाटो खोल्ने प्रयोजनको लागि भए पनि कुनै निजी मेडिकल कलेजसँग सम्झौताको माध्यमबाट सट्टापट्टा गरी हक छाडिदिन सक्ने कानूनी हैसियत सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुखलाई भएको नदेखिएको अवस्थामा कानूनी आधारबिना नै रिट निवेदक मेडिकल कलेज र सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुखबिच भएको उक्त सम्झौता अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम बदर गरी दुष्परिणाम सच्याउन सिद्धार्थनगर नगरपालिका कार्यालयलाई कानूनबमोजिम मिति २०७२।११।२० मा गरेको पत्रको आधारमा सिद्धार्थनगर नगरपालिकाले मिति २०७२।११।३० मा विपक्षी रिट निवेदक मेडिकल कलेजलाई पत्र लेखी पठाएको हुँदा विपक्षी रिट निवेदकको जिकिरअनुसारको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ रहेको पाइन्छ।

४. निवेदक युनिभर्सल मेडिकल कलेज र प्रत्यर्थी सिद्धार्थनगर नगरपालिकाबिच सन् २००० मे, ११ मा भएको सम्झौताको नेपाली अनुवाद हेर्दा, प्रस्तावित सडकको औसत चौडाई नगरपालिकाको मापदण्डअनुसार आठ मिटरको हुने, बाटो कलेज हातामा अन्त्य भए पनि किनाराबाट जाने बाटोले मेडिकल कलेज हुँदै सीतापथलाई वीरपथ जोड्ने, प्रस्तावित सडक निर्माणको लागि कलेजले नालीको छेउको जग्गा दिएकोले वर्तमान बाटोले लिएको जग्गा पूर्णत: मेडिकल कलेजले प्रयोग गर्ने र यस विषयमा पछि कसैबाट दाबी स्वीकार गरिने छैन, प्रस्तावित बाटोलाई सव-बेस कोर्ससम्म बनाउनको लागि सम्पूर्ण खर्च मेडिकल कलेजले गर्ने र कालोपत्रको निम्ति नगरपालिकाले खर्च गर्ने, बाटोको निम्ति मेडिकल कलेजले उपलब्ध गराएको सम्पूर्ण जग्गाको क्षेत्रफल ०-११-१५.७५ मेडिकल कलेजले लिने र बाटोको जग्गाको क्षेत्रफल ०-१०-८ हुने, प्रस्तावित बाटोको औसत चौडाई आठ मिटरको हुने भनी सर्त राखेको पाइन्छ। सो सम्झौताअनुसार बाटो निर्माण गरेपछि सोउपर उजुरी परी प्रस्तुत विवाद उठान भएको देखिन्छ।

५. प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७२।१०।२८ मा भएको निर्णय हेर्दा, युनिभर्सल मेडिकल कलेजले सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुखलाई विभिन्न प्रलोभनमा परी स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा लेखिएको प्रमुखको काम कर्तव्यविपरीत रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं.१(क) कि.नं.७२ को जग्गा अनधिकृत सम्झौता गरी नगरपरिषद्बाट अनुमोदन नगरी सार्वजनिक बाटो युनिभर्सल मेडिकल कलेजलाई हक हस्तान्तरण तथा सट्टापट्टा गरी आफ्नो निजी कम्पाउण्डभित्र पर्ने गरी अनधिकृत रूपमा दिई अधिकारको दुरूपयोग गरेको हुँदा नापी नक्साअनुसार सार्वजनिक बाटोमाथि निर्माण भएको अवैधानिक संरचना हटाई पाउँ भनी मिति २०७१।८।२५ मा परेको उजुरी सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा रहेको ज.वि.०-१४-५ जग्गा मेडिकल कलेजलाई प्रयोग गर्न दिने गरी सिद्धार्थनगर नगरपालिकाको बैठक तथा तत्कालीन नगरप्रमुखबाट

कुनै निर्णय नभएको, तर सन् २००० मे, ११ मा मेडिकल कलेज र नगरपालिकाको तर्फबाट तत्कालीन नगरप्रमुख सागरप्रताप राणाबिच सम्झौता भएको देखिन्छ । उक्त जग्गामध्ये हाल मेडिकल कलेजले ज.वि.०-६-५ जग्गा उपभोग गरिरहेको र सम्झौताबमोजिम बाटोको लागि छोड्नुपर्ने मध्ये ज.वि.०-६-८ जग्गा छोडी कलेजले सीमा पर्खाल लगाई वैकल्पिक बाटो खोलेको भए पनि उक्त सडक आवतजावत गर्न योग्य हुने गरी निर्माण भई नसकेको भन्ने प्राविधिकको प्रतिवेदनबाट देखिन्छ । नेपाल सरकारको नाममा रहेको जग्गा मेडिकल कलेजसँग सट्टापट्टा गर्ने गरी तत्कालीन नगरप्रमुखले गरेको उक्त सम्झौता स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३४(२) को विपरीत देखिन आएकोले त्यसरी गरिएको सम्झौता बदर गरी त्रुटि सच्याउन सिद्धार्थनगर नगरपालिकालाई लेखी पठाउने र नेपाल सरकारको नाममा रहेको उक्त जग्गा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६)(क) बमोजिम संरक्षण गर्न रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउने भन्ने उल्लेख भएको पाइयो। सो निर्णयअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको सम्पर्क कार्यालय बुटबलबाट सिद्धार्थनगर नगरपालिकालाई मिति २०७२।११।२० मा लेखेको पत्रको आधारमा सिद्धार्थनगर नगरपालिकाले मिति २०७२।११।३० मा रिट निवेदक मेडिकल कलेजलाई पत्राचार गरेको पाइयो।

६. यसरी सिद्धार्थनगर नगरपालिकाले विपक्षी रिट निवेदकलाई मिति २०७२।११।३० मा पत्राचार गरेपछि सोउपर यी रिट निवेदक युनिभर्सल मेडिकल कलेजले पुनरावेदन अदालत बुटवलमा ०७२-WO-००५४ नं.को उत्प्रेषण र परमादेश जारी गरिपाउँ भनी दिएको रिट निवेदन खारेज हुने गरी मिति २०७३।८।१ मा फैसला भएको देखिन्छ । त्यसैगरी प्रस्तुत विवादमा यी रिट निवेदक युनिभर्सल मेडिकल कलजले नै रूपन्देही जिल्ला अदालतमा सिद्धार्थनगर नगरपालिकाका तत्कालीन नगरप्रमुख सागरप्रताप राणा र युनिभर्सल मेडिकल कलेजबिच सन् २००० मे, ११ मा भएको उक्त करार सम्झौता यथावत् परिपालना गराई पाउँ भनी ०७२-CP-०८७४ नं.को मुद्दा दिई कारबाही चलिरहेकोमा यस अदालतमा चलेको प्रस्तुत ०७३-WO-०६७९ नं.को रिट निवेदनको कारबाही टुंगो लागेपछि जगाई कारबाही किनारा गर्ने गरी मुलुकी ऐन, अ.बं.१२ नं.बमोजिम रूपन्देही जिल्ला अदालतबाट मिति २०७४।२।११ को आदेशअनुसार मुल्तबिमा रहेको देखियो।

७. नगरपालिकाको प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९७ मा भएको कानूनी व्यवस्था हेर्दा, *नगरपरिषद् र नगरपालिकाको बैठक बोलाउने, नगरपरिषद् र नगरपालिकाको बैठकमा आवश्यक प्रस्ताव र कागजात पेस गर्ने गराउने, नगरपालिकाको आम्दानी, खर्चको हिसाब र अन्य कागजपत्रहरू सुरक्षितसाथ राख्ने राख्न लगाउने, नगरपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने, नगरपालिकाको दैनिक प्रशासनको रेखदेख र नियन्त्रण गर्ने गराउने, प्रचलित कानूनबमोजिम आवश्यक सिफारिस गर्ने, नगरपालिकाको चलअचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने, नगरपालिकाको बजेट र योजना तर्जुमा गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने साथै उपप्रमुख र सदस्यहरूलाई विषयगत कार्य विभाजन गर्ने तथा उपप्रमुख, सदस्य तथा सचिवलाई काज खटाउने* भन्ने उल्लेख भएको पाइन्छ । त्यसैगरी ऐ.ऐनको दफा २५८ मा *स्थानीय निकायले आफ्नो क्षेत्रभित्र कुनै विकास तथा निर्माणसम्बन्धी काम सञ्चालन गर्न जग्गा प्राप्त गर्नु पर्ने भएमा सो कामको लागि आवश्यक पर्ने जग्गा प्रचलित कानूनको रीत पुऱ्याई सम्बन्धित जग्गाधनीलाई जग्गाको मु-आब्जा दिई प्राप्त गर्न सक्ने* भन्ने उल्लेख भएको

पाइन्छ। सो कानूनी व्यवस्थाअनुसार नगरपालिकाको प्रमुखलाई नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा निजी रूपमा कसैलाई प्रयोग गर्न दिने अधिकार प्रदान गरेको देखिँदैन । तसर्थ, कुनै पनि नगरप्रमुखले यसरी नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा सम्झौता गरी कसैलाई निजी बाटोको रूपमा प्रयोग गर्न दिएमा त्यस्तो कार्य स्वत: (ipso facto) गैरकानूनी हुने देखिन्छ। यस्तो गैरकानूनी कार्यको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गरी निर्देशन नदिएको अवस्थामा पनि त्यस्तो कानूनविपरीतको कार्य स्वत: गैरकानूनी हुन जान्छ र कानूनअनुसार उक्त जग्गा स्थानीय प्रशासनले संरक्षण गर्नु पर्ने देखिन्छ।

८. प्रस्तुत विवादको सन्दर्भमा रिट निवेदक युनिभर्सल मेडिकल कलेज सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुखबिच सन् २००० मे ११ मा करार सम्झौता गरी नेपाल सरकारको स्वामित्वमा रहेको उक्त कि.नं.७२ को ज.वि.०-१४-५ को सार्वजनिक जग्गा निजी रूपमा सञ्चालित युनिभर्सल मेडिकल कलेजलाई बाटोको रूपमा प्रयोग गर्नको लागि सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुखले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९७ र १५८ बमोजिम दिन सक्ने देखिएन। यसरी कानूनले अधिकार नै नदिएको विषयमा सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुखले सम्झौता गरी नेपाल सरकारको स्वामित्वमा रहेको उक्त सार्वजनिक जग्गा रिट निवेदक मेडिकल कलेजलाई बाटोको रूपमा प्रयोग गर्न दिएको कार्य स्वत: (ipso facto) गैरकानूनी हुने देखिएको र त्यस्तो विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गरी निर्देशन नदिएको अवस्थामा पनि नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक जग्गा निजी मेडिकल कलेजलाई प्रयोग गर्न दिने गरी भएको त्यस्तो कार्य स्वत: गैरकानूनी हुन्छ। यस स्थितिमा रिट निवेदक युनिभर्सल मेडिकल कलेज र सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुखबिच सन् २००० मे ११ मा करार सम्झौताको वैधता (legality) को सम्बन्धमा रूपन्देही जिल्ला अदालतमा उक्त करारको यथावत् परिपालना गराई पाउँ भनी चलिरहेको ०७२-CP-०८७४ नं.को मुद्दा मुल्तबिमा रहेको भन्ने मिसिलबाट देखिँदा प्रस्तुत करारको वैधता सोही मुद्दा किनारा हुँदा न्याय निरूपण हुने नै हुँदा यस रिट निवेदनबाट सो करारको वैधताको विश्लेषण गरी निर्णय गर्न नमिल्ने हुँदा सो सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट केही बोल्न मिलेन।

९. यसप्रकार कानूनले अधिकार नदिएको विषयमा सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुख र यी रिट निवेदकबिच सन् २००० मे, ११ मा भएको सम्झौता बदर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०७२।१०।२८ को निर्णय र सिद्धार्थनगर नगरपालिकाको कार्यालयलाई मिति २०७२।११।२० मा लेखेको पत्रको आधारमा सिद्धार्थनगर नगरपालिकाको कार्यालयले मिति २०७२।११।३० मा रिट निवेदक युनिभर्सल मेडिकल कलेजलाई लेखी पठाएको पत्रले यी रिट निवेदकको कुन कुन संवैधानिक तथा कानूनी हक अधिकार उपभोग गर्न के कसरी आघात पुगेको हो, सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन। सिद्धान्तत: मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ । कानूनले दिएको अधिकारभन्दा बाहिर गई गरेको सम्झौता बदर गर्न भएको उक्त निर्णय र सोअनुसार गरेको पत्राचारको विषयले रिट निवेदकको संवैधानिक एवम् कानूनी हक अधिकार हनन हुने अवस्था नदेखिँदा त्यस्तो कार्यउपर रिट जारी गर्न मिल्ने देखिन आएन।

१०. अत: माथि उल्लिखित आधार र कारणबाट कानूनले अधिकार नै नदिएको विषयमा सिद्धार्थनगर नगरपालिकाको तत्कालीन नगरप्रमुखले सम्झौता गरी नेपाल सरकारको स्वामित्वमा रहेको उक्त

सार्वजनिक जग्गा रिट निवेदक मेडिकल कलेजलाई बाटोको रूपमा प्रयोग गर्न दिने गरी सन् २००० मे, ११ मा भएको करार सम्झौता स्वत: गैरकानूनी हुन जाने देखिरहेको अवस्थामा उक्त करार सम्झौता बदर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।१०।२८ को निर्णय र सिद्धार्थनगर नगरपालिकाको कार्यालयलाई मिति २०७२।११।२० मा लेखेको पत्रको आधारमा सिद्धार्थनगर नगरपालिकाको कार्यालयले मिति २०७२।११।३० मा यी रिट निवेदकलाई लेखी पठाएको पत्रसमेतबाट यी रिट निवेदकको मौलिक हक एवम् कानूनी हक अधिकार हनन भएको अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत :- रामचन्द्र खड्का
इति संवत् २०७६ साल पुस १६ गते रोज ४ शुभम् ।

&

निर्णय नं. १०३८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
आदेश मिति : २०७६।१।१६
०७४-WO-०१६९

विषयः- उत्प्रेषण / प्रतिषेध

निवेदक : रूपन्देही जिल्ला, बुटवल उप.म.न.पा.वडा नं. ३ बस्ने राजेशमान श्रेष्ठ

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

- **दर्ता छुट भएको भनी माग गरेको जग्गामा नदी उकाशपश्चात् आफ्नै भोगमा रहेको भन्ने उल्लेख गरेको र मालपोत कार्यालयबाट निवेदकले पेस गरेको साबिक दर्ता भोगसमेतको प्रमाणहरूको रोहमा स्थलगत सर्जमिन बुझ्ने, जग्गाको रेखाङ्कन गर्ने, भू-संरक्षण कार्यालयको सहमति लिनेसमेतको प्रक्रिया पूरा गरी निवेदकले छुट दर्ता माग गरेको जग्गा निवेदकको भोगमा रहेको देखिएकोमा नेपाल सरकारले कसैको नाममा दर्ता नभएको सार्वजनिक जग्गा नेपाल सरकारको नाउँमा दर्ता गर्ने भनी गरेको नीतिगत निर्णयको आधारमा स्थलगत कुनै कुराको जाँचबुझ नगरी नेपाल सरकारको नाउँमा दर्ता गरेको आधारमा व्यक्ति**

विशेषको साबिक दर्ताको जग्गाको हक समाप्त नहुने ।

(प्रकरण नं.१२)

- **कानूनबमोजिम मालपोत कार्यालयले मात्र कुनै जग्गा सार्वजनिक हो होइन र दर्ता गर्न मिल्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार राख्नेमा व्यक्तिको नाममा जग्गा दर्ता गर्ने नगर्ने जस्ता जग्गा प्रशासनसम्बन्धी कुनै क्षेत्राधिकारै नभएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो काम, कर्तव्य र क्षेत्राधिकारभन्दा बाहिर गई गरेको निर्देशित आदेशबाट स्वयं मालपोत कार्यालयको क्षेत्राधिकार नै निष्क्रिय र सीमित हुने ।**
- **जुन निकाय वा पदाधिकारीले सार्वजनिक जग्गा सम्बन्धमा निर्णय गर्न सक्ने हो त्यस निकायको अधिकार क्षेत्रभित्र प्रवेश गरी अमुक काम गर्नु वा नगर्नु भनी निर्देशित आदेश एवं निर्णय गर्ने कार्य कानूनबमोजिम भन्न नमिल्ने ।**

(प्रकरण नं.१५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेल र विद्वान् अधिवक्ता श्री बद्री पाठक

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी, विद्वान् अधिवक्ताहरू श्री दलबहादुर धामी र श्री भोजराज विनाडी

अवलम्बित नजिर :

- ने.का.प. २०५४, अङ्क २, नि.नं. ६३१७

सम्बद्ध कानून :

- जग्गा (नाप जाँच) ऐन, २०१९
- मालपोत ऐन, २०३४

आदेश

न्या.केदारप्रसाद चालिसे : नेपालको संविधानको धारा ४६ र १३३(३) बमोजिम निवेदन पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

म निवेदकका पिता कपिलमान श्रेष्ठले नारायण विक्रम शाहबाट मिति २०२२।७।२६ मा रूपन्देही माल रजिस्ट्रेसन फाँटबाट पारित गरी लिएको सौरहा मौजे रानीगंजको ख बिर्ताबाट रैकरमा परिणत भएको जग्गा बिगाहा १३S१॥३ जग्गा कहिले तिनाउ नदी कटानमा परी घटी हुन जाने र कहिले नदी उकास भई बढी हुन आउने भई आएकोमा पिता कपिलमानको परलोकपश्चात् नदी सिमानातर्फको छुट दर्ता हुन बाँकी रहेको ज.वि. ८-१०-१३ जग्गा म निवेदकले आजसम्म आफ्नो जानी भोग चलन गरी आएको छु। सर्भे नापीको बेलामा छुट हुन गएको भए तापनि भोगचलनमा कुनै बाधा अवरोध थिएन। छुट दर्ता हुन बाँकी रहेको ज.वि. ८-१०-१३ जग्गा दर्ताको लागि सिफारिस पाउन मोतिपुर गाउँ विकास समितिमा म निवेदकले निवेदन दिएकोमा उक्त जग्गा कुनै सरकारी सार्वजनिक जग्गा पर्दछ पर्दैन, के कस्तो कस्को जोत भोगमा छ, दर्ता गर्न मिल्ने नमिल्ने के हो ? साँध सँधियारलाई कुनै असर पर्ने हो, होइन ? भन्ने बेहोराको स्थलगत सर्जमिन गराई पिता कपिलमानको मृत्युपश्चात् निजको हक खाने निजको पत्नीहरू राधादेवी श्रेष्ठ-१ कालिकादेवी श्रेष्ठ-१ र छोराहरूमा सुनिलमान श्रेष्ठ-१ म निवेदक राजेशमान श्रेष्ठ-१ र राजेशमान श्रेष्ठ-१ समेत जना ५ रहेको भए तापनि अन्य अंशियारहरूले समेत म निवेदकको नाममा दर्ता गराउन मन्जुरी दिएकाले सोही बेहोरा जनाई मोतिपुर गाउँ विकास समितिले मिति २०६२।१९।३ मा गरिदिएको सिफारिससमेतका सबुद प्रमाणसमेत संलग्न गरी २०६२ सालमा छुट जग्गा दर्ताको लागि कारबाही चलाएको थिएँ।

निवेदनको कारबाहीका क्रममा कहिले विपक्षी

मालपोत कार्यालय रूपन्देहीले विपक्षी भूमि सुधार तथा व्यवस्थापन विभागलाई लेखी पठाउने, कहिले नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति आवश्यक पर्ने भनी विपक्षी मन्त्रालयहरूमा पठाउने, मन्त्रिपरिषद्बाट निर्णय नहुँदै मन्त्रिपरिषद् परिवर्तन हुने, मन्त्रिपरिषद् परिवर्तन हुनासाथ परिवर्तित सन्दर्भमा भन्दै निर्णय हुन बाँकी रहेका प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा नै फिर्ता पठाउने, कहिले जिल्ला भू-संरक्षण कार्यालयलाई सोध्ने, जिल्ला भू-संरक्षण कार्यालयले भू तथा जलाधार संरक्षण विभागलाई सोध्ने, कहिले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले फाइल खिच्ने र क्षेत्राधिकार नाघेर छुट दर्ता रोक लगाउने गरी अनधिकृत निर्णय गर्ने, कहिले कता कहिले कता सोध्ने र निकासा माग गर्ने गर्दागर्दै वर्षौं यत्तिकै बित्न गयो । छुट जग्गा दर्ताको कारबाही कुनै टुंगो लाग्न सकेन ।

पछिल्लो समयमा आएर मालपोत कार्यालय रूपन्देही विभाजित भई विपक्षी मालपोत कार्यालय, बुटवल खडा भएपछि म निवेदकको जग्गा मालपोत कार्यालय, बुटवलअन्तर्गत रहन गएपछि दर्ता कारबाहीको ताकेता गर्दा छुट दर्ता कारबाहीको मिसिल विपक्षी मालपोत कार्यालय भैरहवा, रूपन्देहीले बुटवललाई नदिने र बुटवलले छुट जग्गा दर्तासम्बन्धी सक्कल फाइलको अभावमा केही गर्न नसक्ने निरिहता व्यक्त गर्ने गरेबाट वैकल्पिक कानूनी उपचारको खोजीमा जानसमेत असर पर्न जाने ठानी बाध्य भई जो जे निर्णय गर्नु पर्छ गर्ने गरी सम्बन्धित मालपोत कार्यालय भैरहवा र मालपोत कार्यालय बुटवलका नाउँमा आदेशको माग गरी मिति २०७३।१२।२७ मा माननीय मन्त्री, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार काठमाडौंमा निवेदन दिएकोमा तोक आदेश भई तोक दर्तासहितको पत्र भूमिसुधार तथा व्यवस्थापन विभाग हुँदै मालपोत कार्यालय बुटवलमा गएछ ।

उक्त पत्र विपक्षीमध्येको मालपोत कार्यालय बुटवलमा पुगेपछि मिति २०७४।३।१९ मा निवेदकको माग निवेदनबमोजिमको मोतिपुर गाउँ विकास समिति, वडा नं. १क कि.नं. ४७ को जग्गामध्ये ८-१०-१३ जग्गा फिल्डबुकमा तिनाउ नदी भएको र उक्त जग्गाको फिल्डबुकमा मिति २०५१।०९।०६ मा नेपाल सरकारको नाउँमा कायम गरी पुर्जा स्रेस्तासमेत तयार भइसकेको र सोही जग्गा नेपाल सरकारको मिति २०७२।१२।०१ को निर्णयानुसार यस कार्यालयबाट मिति २०७३।०१।२९ को निर्णयले बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भइसकेको अवस्थामा निवेदकको माग निवेदनअनुसार दर्ता गर्न नमिल्ने देखिँदा सो निवेदन खारेज हुने ठहर्छ भनी निर्णय भएको कुरा मिति २०७४।४।२५ मा नक्कल सारी लिई हेर्दा थाहा जानकारी हुन आयो ।

नापीका बखतको कि.नं. ४७ बाट नापी भई फिल्डबुकमा जोताहाको महलमा तिनाउ नदी जनिएको र क्षेत्रफलमा १११-०-१३ भएकोमा उक्त कि.नं. ४७ को चार किल्ला हेर्ने हो भने पूर्व नदी भनी उल्लेख भएबाट नै २०२२।७।२६ मा पारित राजीनामाको लिखतमा उल्लिखित पूर्व नदी भनी उल्लेख भएको पूरै मेल खाएबाट पनि उक्त कि.नं. ४७ बाट नापी भएको जग्गामध्ये उत्तरतर्फको मध्य भागको जग्गा मेरा पिता कपिलमानले २०२२।७।२६ मा पारित गरिलिएको राजीनामाको जग्गा भएको कुरा स्पष्ट छ ।

सर्भे नापीमा पिताका नाउँमा नापजाँच र दर्ता हुन छुट भएको नम्बरी जग्गासमेत कि.नं. ४७ बाट नापी भई नदी जनिएकोमा पिताको निधनपश्चात् म निवेदकको हक हुन आएको र उक्त कि.नं. ४७ बाट नापी भएको जग्गामध्ये उत्तरतर्फको मध्य भागको ज.वि. ८-१०-१३ जग्गा म निवेदकको हक भोगको भएको र छुट दर्ता हुन बाँकी रहे भएको सुस्पष्ट छ । सो कुरा मैले छुट दर्ताको माग गरेपछि चलेको कारबाहीका क्रममा नापी कार्यालय, बुटवल रूपन्देहीले कि.नं. ४७ मध्ये उत्तरतर्फको मध्य भागको ज.वि. १०-९-० जग्गा नक्सा ट्रेस गरी छुट्टाई दिएबाट समेत थप पुष्टि भएको

छ।

उपर्युक्तानुसार पिता कपिलमानले खरिद गरी लिएको जग्गामध्ये छुट दर्ता हुन बाँकी रहेको ज.वि. ८-१०-१३ जग्गा दर्ताको कारबाही चलिरहेको र साधिकार निकायहरूले आवश्यक जाचबुझ गरी छुट दर्ताको चरणमा रहेको अवस्थामा अनधिकृत रूपमा प्रवेश गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६८।९।७ मा लामो अन्तरालपछि यो वा त्यो बहानामा बुटवल नगरपालिका क्षेत्रभित्र पर्ने अति संवेदनशील जग्गालाई छुट जग्गाअन्तर्गत दर्ता गरिपाउन माग गर्नुलाई न्यायोचित र सान्दर्भिक मान्न सकिएन भन्दै व्यक्ति विशेषको नाममा दर्ता गर्ने गरी प्रक्रिया नै अगाडि नबढाउने भनी भएको निर्णय र सो निर्णयका आधारमा भए गरिएका काम कारबाहीमा अधिकार क्षेत्रात्मक त्रुटि रहने भनी उर्मिला प्रधान विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत भएको ०७१-WO-००८३ को उत्प्रेषणसमेतको रिटमा सर्वोच्च अदालतबाट मिति २०७२।१०।७ मा प्रतिपादित नजिरबाट समेत प्रस्ट भइराखेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनधिकृत हस्तक्षेप गरी छुट जग्गा दर्ता हुन रोक लगाएको छ।

मालपोत कार्यालय बुटवलबाट मिति २०७४।३।१९ मा गरेको निर्णयमा सोही जग्गा नेपाल सरकारको २०७२।१२।१ को निर्णयानुसार यस कार्यालयबाट मिति २०७३।१।२९ को निर्णयले बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भइसकेको भन्नेसम्म ठहर गरियो। जुन सफेद झुठ र नेपाल सरकारको निर्णय प्रतिकूलसमेत छ। नेपाल सरकारको मिति २०७२।१२।१ को निर्णयले कि.नं. ४७ पूरै जग्गा औद्योगिक क्षेत्रको लागि लिएको नभई कि.नं. ४७ मध्ये नयाँ बस्तीभन्दा दक्षिणतर्फको मात्र दिएको देखिन्छ। औद्योगिक क्षेत्र स्थापनाको लागि लिएको चार किल्लामा उत्तरतर्फ मोतिपुर वडा नं. १ को नयाँवस्ती भनी उल्लेख गरिएको छ। सो कुरा नेपाल सरकारको मिति २०७२।१२।१ को निर्णयको १ को (ग) मा स्पष्ट रूपमा उल्लेख छ र म निवेदकले छुट दर्ताको दाबी लिएको कि.नं. ४७ मध्येको जग्गा भनेको मोतिपुर वडा.नं. १ को नयाँ बस्तीभन्दा उत्तरतर्फको हो। जुन कुरा नापी कार्यालय बुटवल रूपन्देहीले गरेको नक्सा ट्रेसले समेत प्रस्ट गर्दछ।

अतः मोतिपुर गाउँ विकास समिति, वडा नं. १क कि.नं. ४७ को जग्गा फिल्डबुकमा तिनाउ नदी जनिएकै भरमा नेपाल सरकारको नाउँमा कायम गर्ने मिति २०५१।०९।०६ को निर्णय, म निवेदकको नाउँमा छुट दर्ता गर्न रोक लगाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।९।७ को अनधिकृत निर्णय र नेपाल सरकारको मिति २०७२।१२।०१ को निर्णय एवं सो निर्णयका आधारमा बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भइसकेको भनी भएको मालपोत कार्यालय बुटवलको मिति २०७३।१।२९ को निर्णय र सो निर्णयहरूसमेतका आधारमा विपक्षीहरूबाट भए गरिएका सबै काम कारबाहीहरू जग्गा मिच्नेको २ नं. र जग्गा पजनीको ८ नं. तथा ने.का.प. २०५४ अंक २ पृष्ठ ९८ नि.नं.६३१७, ने.का.प. २०५९ अंक ३।४ पृष्ठ १८२ नि.नं. ७०७७ ने.का.प. २०६६ अंक १ पृष्ठ १७ नि.नं. ८०५१ मा प्रकाशित एवं स्थापित नजिरहरू तथा नेपालको संविधानको धारा १८, २५ र २६ द्वारा प्रदत्त मेरो संवैधानिक एवं मौलिक हकको प्रतिकूल भई बदरभागी भएकोले उत्प्रेषणको आदेशले बदर गरी निवेदकको मागबमोजिम निवेदकका नाममा छुट दर्ता गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश जारी गरिपाऊँ। साथै यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यथास्थितिमा राख्नु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने राजेशमान श्रेष्ठले यस अदालतमा पर्न आएको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ देखि १० सम्मका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ११ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा यी निवेदकले छुट दर्ता गरिपाउँ भनी माग गरेको दर्ताको निवेदनलाई मालपोत कार्यालयले खारेज गरेको देखिन्छ। ने.का.प. २०६९, नि.नं. ७०७७, अंक ४ मा प्रकाशित नजिर व्यक्ति विशेषको जग्गा कुनै कारणले सर्भे नाप जाँच हुँदा त्यस्तो व्यक्तिले आफ्नो नाउँमा दर्ता गराउन सकेको रहेनछ र कानूनबमोजिम छुट दर्ता गरी पाउन निवेदन दिएको रहेछ भने त्यस्तो जग्गा सम्बन्धमा सोको सबुद प्रमाण बुझी निजको हक भोगको देखिन आए कानूनबमोजिम दर्ता गरिदिनु पर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुने भन्ने उल्लेख भएको र निवेदकले माग गरेको दर्ता राजीनामाको जग्गा कि.नं. ४७ मा नदी बगेको कारणबाट कारबाही हुन नसकी हाल नदी उकास भई उक्त कि.नं. को पेस भएको जग्गा नक्साको उत्तरतर्फ मोतिपुर नयाँ बस्तीदेखि पश्चिमको जग्गा नदीले छोडी उकास भई आएको अवस्थामा नेपाल सरकारको निर्णयले बुटवल औद्योगिक क्षेत्रलाई दिँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट निवेदकलाई मर्का पर्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त जग्गालाई कुनै प्रकारको हक हस्तान्तरण नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४७(२) (क) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु भन्ने बेहोराको मिति २०७४।५।२६ मा यस अदालतबाट भएको आदेश।

रूपन्देही जिल्ला, मोतिपुर गाउँ विकास समितिअन्तर्गत तिनाउ नदी किनारामा रहेको सरकारको जग्गामध्येबाट केही जग्गा राजेशमान श्रेष्ठले आफ्नो नाममा दर्ता गर्न लागेको भन्ने उजुरीका विषयमा आयोगबाट अनुसन्धान भई रूपन्देही जिल्ला, मोतिपुर गाउँ विकास समिति, वडा नं. १क कित्ता नं. ४७ को जग्गाको साबिक नापीको फिल्डबुकमा तिनाउ नदी जनिई नेपाल सरकारको नाममा दर्ता प्रमाणित भइरहेको अवस्थामा कपिलमान श्रेष्ठको छोरा राजेशमान श्रेष्ठले उक्त कि.नं. ४७ को जग्गामध्येबाट ज.वि. ९-०-० जग्गा मरो भोगमा रहेकोले मेरो नाममा दर्ता गरी प्रमाण पुर्जा पाउँ भनी मिति २०६३।८।१० मा भूमि सुधार तथा व्यवस्था मन्त्रीज्यूसमक्ष निवेदन गरी मन्त्रीज्यूको आदेशअनुसार मालपोत कार्यालय, रूपन्देहीबाट दर्ता कारबाही अगाडि बढाएको देखियो। छुट जग्गा दर्ताअन्तर्गत दर्ता माग गर्ने राजेशमान श्रेष्ठले मुख्य प्रमाणको रूपमा आफ्ना बाबु कपिलमान श्रेष्ठले २०२२।७।२२ मा नारायण विक्रम शाहसँग खरिद गरेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा कपिलमान श्रेष्ठले सुरू नापीबाट नै प्राप्त गरिसकेको देखियो । एक पटक बाबुले जग्गाधनी प्रमाण पुर्जा लिइसकेको अवस्थामा लामो अन्तरालपछि यो वा त्यो बहानामा बुटवल नगरपालिका क्षेत्रभित्र पर्ने अति संवेदनशील जग्गालाई छुट जग्गाअन्तर्गत दर्ता गरी पाउन माग गर्नुलाई न्यायोचित र सान्दर्भिक मान्न सकिएन । तसर्थ सुरू नापीको समयमा नै कानूनी प्रक्रिया पूरा गरी नेपाल सरकारको नाममा दर्ता प्रमाणितसमेत भएको यस्तो जग्गा नेपाल सरकारको रहे भएको कुरामा कुनै विवाद गर्नुपर्ने देखिँदैन। यस्ता सरकारी जग्गामा कसैले अतिक्रमण गरी भोग चलन गरेको भन्ने बहानामा

सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुन सक्ने हुँदैन । अतः यस्तो भोग चलन गरेको भन्ने बहानामा सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुन सक्ने हुँदैन । अतः यस्तो सरकारी सार्वजनिक जग्गा यो वा त्यो बहानामा व्यक्ति विशेषको नाममा दर्ता गर्ने गरी प्रक्रिया नै अगाडि नबढाउने भनी प्रस्तुत जग्गाको सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने भनी आयोगबाट मिति २०६८।९।७ मा निर्णय भएअनुरूप उक्त निर्णय कार्यान्वयनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको हो । पछि उक्त जग्गाको विषयमा पुनः अर्को उजुरी परी आयोगबाट उक्त उजुरी तामेलीमा राख्ने गरी मिति २०७२।३।१६ मा निर्णय भएको छ । आयोगबाट कानूनसम्मत तवरबाट भएको उक्त निर्णय एवं काम कारबाहीबाट रिट निवेदकको कुनै पनि संवैधानिक एवं कानूनी हक अधिकारको हनन भएको नहुँदा उक्त रिट निवेदन खारेजभागी छ ।

वैकल्पिक उपचार प्राप्त नहुने अवस्थामा मात्र रिट क्षेत्रबाट उपचार खोज्न पाउने रिटसम्बन्धी अवधारणाको मान्य सिद्धान्त हो । आयोगबाट भएको निर्णय / आदेशउपर विशेष अदालतमा पुनरावेदन गर्न सकिने स्पष्ट कानूनी व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ ग मा रहेको छ । तर विपक्षीले पुनरावेदकीय कानूनी उपचारको मार्ग अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको हुँदा रिट क्षेत्रमा प्रवेश गरेको हुँदा निज सफा हात नलिई अदालतमा प्रवेश गरेको प्रस्ट देखिएकोले पनि प्रस्तुत रिट निवेदन स्वत: खारेजभागी छ भन्ने बेहोरासमेतको अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको लिखित जवाफ ।

विपक्षीले दाबी लिनु भएको मोतिपुर गाउँ विकास समिति, वडा नं. १क कि.नं. ४७ को जग्गा फिल्डबुकमा तिनाउ नदी रहेको कुरा निवेदकले नै स्वीकार गरेको देखिन्छ । उक्त नदी भएको जग्गा व्यक्तिको हो भनी निवेदकले लिएको दाबीको सम्बन्धमा अख्तियारप्राप्त निकायले सरकारी जग्गाको ठहर गरेको विषयलाई निवेदकले अन्यथा भन्न मिल्ने पनि हुँदैन । देवानी विवादमा दाबी लिनु मात्र पर्याप्त हुँदैन, दाबी लिनेले सो कुरा पुष्टि गर्न सक्नुपर्छ । सो कुराको वस्तुनिष्ठ तवरबाट पुष्टि गर्ने आधारसमेत लिन सकेको देखिँदैन । साथै मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) ले सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न नहुने र दर्ता गरी आवाद गरेमा स्वतः दर्ता बदर हुनेसमेतको व्यवस्था गरेको

छ । जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ मा जग्गा नाप जाँचसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । उक्त दफामा कुनै स्थानको जग्गा नाप जाँच गर्दा १५ दिन अगावै जग्गावाला, मोही, सँधियार, जिमिन्दार, पटवारी र स्थानीय निकायलाई समेत जानकारी दिइने, सोही ऐनको दफा ६ को उपदफा (५) बमोजिम निर्दिष्ट अवधिभित्र जग्गा नाप जाँच हुँदा आफ्नो हकभोगको स्रोत एवं प्रमाण पेस गरी उक्त जग्गा आफ्नो नाममा दर्ता गराउन सक्ने व्यवस्था रहेको छ । साथै उक्त नापजाँच तथा दर्ता गर्दा चित्त नबुझेमा उजुरी निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेको छ अन्यथा सो दाबी प्रमाणित हुन सक्दैन । निवेदकले दाबी लिनु भएको जग्गा सर्भे नापीको बखत नदी कायम भएको भनी निवेदनमा नै स्वीकार गर्नु भएको र उक्त जग्गा नदी उकास भई पुनः भोग गर्दै आएको भन्ने दाबी लिए तापनि निजले उक्त जग्गा लामो समयसम्म कानूनबमोजिम आफ्नो नाममा कायम गराउनेसमेत सकेको देखिँदैन । नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम भएको लामो समयपश्चात् आफ्नो स्वामित्वको वा हकभोगभित्रको जग्गा भनी दाबी लिनु सरकारी जग्गा हडप्ने नियत मात्र हो । साथै निवेदकले लामो समयपश्चात् सो जग्गा आफ्नो भनी दाबी लिनु विलम्बको सिद्धान्तसमेतको प्रतिकूल रहेको हुँदा निवेदन खारेज गरिपाउँ भन्ने बेहोरासमेतको नेपाल सरकार, प्रधानमन्त्री तथा

मन्त्रिपरिषद् र वन तथा भू-संरक्षण मन्त्रालयको एकै बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

रिट निवेदनमा मोतीपुर गाउँ विकास समिति, वार्ड नं. १क कित्ता नं. ४७ को फिल्डबुकमा तिनाउ नदी उल्लेख भएको बेहोरा स्वयंले स्वीकार गरेको देखिन्छ । त्यस्ता प्रकृतिका जग्गाहरू मालपोत ऐन, २०३४ को दफा २(ख२) र २(ख३) को परिभाषाभित्र पर्ने जग्गा हुन् । निज निवेदकको साबिक प्रमाण भिड्ने जग्गा भएको भए २०२१/०२२ सालतिर सर्भे नापी भएकै समयमा फिल्डबुकमा तिनाउ नदी उल्लेख भएको जग्गामा चालीस वर्षपछि अर्थात् २०६२ सालमा मेरो जग्गा हो भनी दाबी गर्नु गलत एवं जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ को उपदफा (५घ), उपदफा ६ र उपदफा (६क) तथा दफा ६ख को उपदफा (१) विपरीत हुन जान्छ । निवेदकले सोही ऐनको दफा ६ख को उपदफा (१) बमोजिम समयभित्रै दाबी निवेदनसमेत गरेको देखिँदैन। तसर्थ, तिनाउ नदी जनिएको उक्त जग्गा सरकारी सार्वजनिक भएकोले जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ख को उपदफा (३) बमोजिम मिति २०५१।९।६ मा नै नेपाल सरकारको नाममा दर्ता कायम गरिएको निर्णय कानूनसम्मत नै भएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोरासमेतको नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ।

यस सम्बन्धमा मालपोत कार्यालय, रूपन्देहीले माग गरेको विवरण भू-तथा जलाधार संरक्षण विभाग र मातहतको जिल्ला भू-संरक्षण कार्यालय रूपन्देहीले संयुक्त फिल्ड निरीक्षण गरी प्रतिवेदनसमेत तयार गरी रुपन्देही जिल्लाको मालपोत कार्यालयलाई मिति २०६६।६।२७ मा प्राविधिक प्रतिवेदन पठाइसकेको हुँदा उक्त प्राविधिक प्रतिवेदन मालपोत कार्यालय रूपन्देहीमा रहेको बेहोरा अनुरोध गर्दछु । साथै सो प्राविधिक प्रतिवेदन झिकाई बुझी पाउनसमेत सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको भू तथा जलाधार संरक्षण विभागको लिखित जवाफ।

प्रस्तुत रिट निवेदनको बेहोरा अध्ययन गर्दा नै विपक्षी रिट निवेदकको निवेदन दाबी झुट्टा

देखिन्छ। फिल्डबुकमा तिनाउ नदी जनिएको, सोही आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत निजको नाममा छुट जग्गा दर्ता गर्न नमिल्ने भनी मिति २०६८।९।७ मा निर्णय भइसकेको अवस्थामा उल्लिखित कि.नं. ४७ को जग्गामा निजको अधिकार नै स्थापित भई नसकेकोले उक्त जग्गा दाबी गर्ने हकदैया नै निज रिट निवेदकलाई

देखिँदैन । अतः आफ्नो कानूनबमोजिम अधिकार नै स्थापित नभएको र २०५१ सालमै नेपाल सरकारको नाममा दर्ता भइसकेको जग्गाको विषयमा विनाहकदैया दिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, उद्योग मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ।

रिट निवेदकले जिल्ला रूपन्देही, साबिक मोतिपुर गाउँ विकास समिति, वडा नं. १ कि.नं. ४७ को जग्गामध्ये क्षेत्रफल ज.वि. ८-१०-१३ को फिल्डबुकको बेहोरामा तिनाउ नदी लेखिएको हुँदा मिति २०५०।९।६ को परिपत्रानुसार नेपाल सरकारको नाममा कायम भएको सो सरकारी जग्गा नेपाल सरकारको निर्णयले सार्वजनिक प्रयोजनको लागि उपलब्ध गराउन सक्ने व्यवस्थाअनुरूप बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाममा दाखिल खारेज दर्ता गर्ने निर्णय भई जग्गाधनी दर्ता स्रेस्ता पुर्जा तयार भई गएको हो। हाल उक्त जग्गा रहेको क्षेत्रको भूमि व्यवस्थापनको क्षेत्राधिकार मालपोत कार्यालय बुटवलमा निहित रहेको हुँदा यस मालपोत कार्यालय भैरहवालाई विपक्षी बनाइदिएको निवेदन खारेज गरी उक्त मुद्दाबाट फुर्सद पाउँ भन्ने मालपोत कार्यालय, भैरहवाको लिखित जवाफ।

रिट निवेदकको हक स्वामित्वको कुनै पनि जग्गा नभएको निजको नाममा नरहे भएको तथा २०५१ सालमै कि.नं. ४७ को सम्पूर्ण जग्गा

नेपाल सरकारको नाममा दर्ता भएको, अन्य विभिन्न कित्ता जग्गाहरू नेपाल सरकारको नाममा रहेभएका अवस्थामा स्थानीय सरकारी तथा गैरसरकारी संस्थाहरूको अनुरोध तथा यस क्षेत्रमा औद्योगिक क्षेत्र विस्तार गर्नु परेको र मोतिपुरको यस क्षेत्र सबैभन्दा उपयुक्त भएकोले सबै कानूनी प्रक्रियाहरू पूरा गरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड बालाजुको नाममा दर्ता स्रेस्ता कायम भएकोले अदालतलाई गुमराहमा पारी अन्तरिम आदेश गराउन सफल भए पनि उक्त अन्तरिम आदेशसहित रिट निवेदन खारेज गरिपाउँ भन्ने बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बुटवलको लिखित जवाफ।

रिट निवेदकले माग दाबी लिएको विषयका सम्बन्धमा यस मन्त्रालयको के कस्तो निर्णय एवं काम कारबाहीबाट रिट निवेदकलाई असर परेको भन्ने कुरा रिट निवेदनमा खुलाउन सक्नु भएको छैन । जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (५) बमोजिम जग्गा नापजाँच हुँदा जग्गावालाले आफ्नो हक भोगको प्रमाण आफैँ वा आफ्नो प्रतिनिधिद्वारा पठाई आफ्नो जग्गा दर्ता गराउन पर्नेमा सो दाबी लिन सक्नु भएको छैन। उक्त ऐनमा जग्गा नापजाँचपछि पनि दाबी विरोधका सबै प्रक्रियामा निजले दाबी विरोध गरेको प्रमाण पेस गर्न सक्नु भएको छैन। ऐनको दफा ६ को खण्ड (ग) बमोजिम साबिकमा सरकारी वा सार्वजनिक जग्गा जनिई नापजाँच भएको कुनै जग्गा कसैले आवाद कमोद वा घरबास गरी अतिक्रमण गरी भोग गरेको भए पनि नापजाँच गर्दा त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रूपमा दर्ता गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ।

मागदाबीको जग्गा तिनाउ नदी जनिएको सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख३) बमोजिम मालपोत कार्यालय बुटवलले फिल्डबुकमा जनिएको उक्त जग्गा मिति २०५१।९।६ मा नेपाल सरकारको नाममा कायम गरी स्रेस्तासमेत तयार भइसकेको र सोही जग्गा नेपाल सरकारको मिति २०७२।१२।१ को निर्णयानुसार मालपोत कार्यालयको मिति २०७३।१।२९ को निर्णयबाट बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाममा दर्ता स्रेस्ता तयार भएको कानूनसम्मत भएकोले सार्वजनिक जग्गा हाम्रो नाउँमा दर्ता गरिपाउँ भन्ने रिट निवेदकको माग दाबी पुग्न नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउन सादर अनुरोध गर्दछु भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

विपक्षीले दाबी लिएको साबिक मोतिपुर १क को कि.नं. ४७ ज.वि. ८-१०-१३ को जग्गा सम्बन्धमा विपक्षीले रिट निवेदनमा जे जति बेहोरा लेखे पनि सो जग्गा सुरू नापी हुँदाको अवस्थामा फिल्डबुकमा तिनाउ नदी जनिएको । मालपोत ऐन, २०३४ को दफा २ को (ख२) बमोजिम नदी, खोला प्रकृतिको जग्गा सरकारी जग्गा हुने र सोही ऐनको दफा २४(१) बमोजिम सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता नहुने, साथै सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने भनी सोही ऐनको दफा २४ (२) ले व्यवस्था गरेको छ। अतः साबिक मोतिपुर १क को कि.नं. ४७ ज.वि. ८-१०-१३ को नापीको फिल्डबुक विरहमा तिनाउ नदी जनिएको सरकारी जग्गा मालपोत ऐन, २०३४ को दफा २४(३) बमोजिम मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०५१।९।६ मा तत्कालीन श्री ५ को सरकारको नाउँमा दर्ता गरी स्रेस्ता कायम भइसकेको सोही जग्गा नेपाल सरकारको मिति २०७२।२।१ को निर्णयानुसार यस कार्यालयबाट मिति २०७३।१।२९ मा बुटवल औद्योगिक क्षेत्र लिमिटेडका नाउँमा स्रेस्ता पुर्जा तयार भएको हो।

नेपाल सरकारका नाममा स्रेस्ता कायम भएको सरकारी जग्गा मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक व्यवस्थाबमोजिम

नेपाल सरकारको निर्णयानुसार श्री बुटवल औद्योगिक क्षेत्र लिमिटेडका नाममा दर्ता स्रेस्ता कायम भएकाले नेपाल सरकारका नाममा दर्ता भइसकेको जग्गालाई मेरो राजीनामाभित्रको जग्गा मेरा नाउँमा दर्ता हुनु पर्ने भनी सरकारी जग्गा हडप्ने उद्देश्यबाट गरेको यो रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको मालपोत कार्यालय, बुटवलको लिखित जवाफ।

यस कार्यालयको प्राविधिक टोलीले संयुक्त रूपमा सो जग्गाको फिल्ड निरीक्षण गरिदिएको राय प्रतिक्रियासहितको प्रतिवेदन मालपोत कार्यालय, रूपन्देहीलाई मिति २०६६।६।२७ मा पठाइसकेको हुँदा उक्त प्राविधिक प्रतिवेदन मालपोत कार्यालय, रूपन्देहीमा रहेको बेहोरा अनुरोध गर्दछु । साथै सो प्राविधिक प्रतिवेदन झिकाई बुझी पाउन सादर अनुरोध गर्दछु। सो जग्गा नदीले आफ्नो धार परिवर्तन गरी उकास भएको बगर क्षेत्र हो र हाल व्यक्तिहरूले अतिक्रमण गरी घर बनाई बसोवास गरेको देखिन्छ। उक्त नदी उकास जग्गा दर्ता गर्नेसम्बन्धी विषय नेपाल सरकार कार्य विभाजन नियमावलीअनुसार यस कार्यालयका क्षेत्राधिकारको विषय नभएकोले निज विरूद्ध कुनै किसिमको काम कारबाहीसमेत नगरिएको बेहोरा सादर अनुरोध गर्दछु भन्ने बेहोराको जिल्ला भू-संरक्षण कार्यालय रूपन्देहीको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेल र विद्वान् अधिवक्ता श्री बद्री पाठकले निवेदकका बाबु कपिलमान श्रेष्ठले मिति २०२२।७।२६ मा नाराण विक्रम शाहबाट २ कित्ता जग्गा राजीनामा गरी लिएका हुन् । २०२७ सालमा नापी हुँदा तिनाउ नदीमा परेको हो । तिनाउ नदीमा परेको कि.नं. ४७ को जग्गा १११-०-१३ मध्ये ८-१०-१३ जग्गा सर्भे नापीका बखत छुट हुन गएको हो । निवेदकका बाबुले गरिलिएको राजीनामामा पूर्व तिनाउ नदी पश्चिम आफैँ उत्तर ढुण्डीराज भण्डारी दक्षिण बाटो भनी चार किल्ला उल्लेख छ । निवेदकले उक्त दर्ता छुट हुन गएकोले जग्गा दर्ता गरिपाउँ भनी निवेदन दिएका छन । ७ नं. फाँटवारीमा उक्त जग्गा उल्लेख गरी तिरो तिरान गरी आएको छ । नापी कार्यालय, रूपन्देहीले नक्सा रेखाङ्कन गरी पठाएको छ। जिल्ला भू-संरक्षण कार्यालयले दर्ता गर्न सहमति दिएको छ । नेपाल सरकारले कि.नं. ४७ को पूरै जग्गा औद्योगिक क्षेत्र विकास लिमिटेडलाई दिएको होइन । मालपोत कार्यालय, रूपन्देहीले उक्त कि.नं. ४७ को जग्गा पूरै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाउँमा दर्ता गरिदिएको कार्यले निवेदकको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकको नाउँमा उक्त जग्गा दर्ता गरिदिनु भनी परमादेशलगायतको उपयुक्त आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

त्यसैगरी विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले उक्त कि.नं. ४७ को जग्गा भूमि सुधार मन्त्रालयको मिति २०५०।९।६ को परिपत्रअनुसार मिति २०५१।३।२४ को निर्णयअनुसार नेपाल सरकारको नाउँमा दर्ता भएको छ। दर्ता भएको लामो समय २०६३ सालमा मात्र निवेदकले छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन दिएको देखिन्छ। आफ्नो हकभोगको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएको कुरा थाहा नपाउने पर्ने कुनै कारण उल्लेख गर्न सकेको देखिँदैन। तसर्थ नेपाल सरकारको नाउँमा दर्ता भएको जग्गा व्यक्तिको नाउँमा दर्ता गर्न मिल्दैन। तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री दलबहादुर धामी र श्री भोजराज विनाडीले नेपाल सरकारको निर्णयबमोजिम उक्त जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाउँमा दर्ता भएको हो ।

उक्त निर्णयउपर लामो समयसम्म यी निवेदकले कुनै कारबाही नचलाई बसेकोले विलम्बको आधारमा उक्त रिट खारेज हुनुपर्छ सरकारले आफ्नो नाउँमा रहेको जग्गा कुनै सरकारी निकायले प्रयोग गर्न सक्ने गरी दिन सक्ने हुँदा उक्त निर्णय कानूनबमोजिम हुँदा रिट खारेज हुनुपर्छ भनी गर्नु भएको बहससमेत सुनियो।

विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहस सुनी निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुने हो, होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, मोतिपुर गाउँ विकास समिति, वडा नं.१ कि.नं.४७ को जग्गा निवेदकका पिता कपिलमान श्रेष्ठको नम्बरी जग्गा भई निजको मृत्युपश्चात् निवेदकको नाममा छुट दर्ता गराउनु पर्नेमा फिल्डबुकमा तिनाउ नदी जनिएकै भरमा नेपाल सरकारको नाउँमा मिति २०५११०९।०६ कायम गर्ने निर्णय भयो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निवेदकको नाममा छुट जग्गा दर्ता गर्न रोक लगाउने मिति २०६८।०९।०७ मा निर्णय

भयो। उक्त जग्गामा औद्योगिक क्षेत्र स्थापना गर्ने सम्बन्धमा भएको नेपाल सरकारको मिति २०७२।१२।०१ को निर्णय र सो निर्णयका आधारमा बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाममा स्रेस्ता पुर्जा तयार भइसकेको भनी भएको मालपोत कार्यालय बुटवलको मिति २०७३।०१।२९ को निर्णयसमेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी छुट जग्गा दर्ता गरिपाउँ भन्ने निवेदन जिकिर रहेकोमा रिट निवेदकले जिल्ला रूपन्देही साबिक मोतिपुर गाउँ विकास समिति, वडा नं.१ कि.नं. ४७ को जग्गामध्ये क्षेत्रफल ज.वि. ८-१०-१३ को फिल्डबुकको बेहोरामा तिनाउ नदी उल्लेख भएको हुँदा मिति २०५०।९।६ को परिपत्रानुसार नेपाल सरकारको नाममा कायम भएको सो सरकारी जग्गा नेपाल सरकारको निर्णयले सार्वजनिक प्रयोजनको लागि उपलब्ध गराउन सक्ने व्यवस्थाअनुरूप बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाममा दा.खा. दर्ता गर्ने निर्णय भई जग्गाधनी दर्ता स्रेस्ता पुर्जा तयार भई गएको हुँदा निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ परी पेस भएको पाइयो।

२. सो सन्दर्भमा विचार गर्दा, निवेदकका बाबु कपिलमान श्रेष्ठले नारायण विक्रम शाहबाट मिति २०२२।७।२६ मा सौराहा मौजे रानीगंजको (ख) बिर्ताबाट रैकरमा परिणत भएको दुई कित्ता जग्गा बिगाह १३-१-१३ पारित गरिलिएको देखिन्छ । कपिलमान श्रेष्ठले जग्गा पारित गरी लिएपछि २०२७ सालको सर्भे नापी हुँदाका बखत राजीनामाभित्रको जग्गामा तिनाउ नदी पसी दर्ता हुन छुट भएको ज.वि. ८-१०-१३ जग्गा नदी उकास भई भोगचलन गरी आएकोले दर्ता गरिपाउँ भनी निवेदक राजेशमान श्रेष्ठले अन्य हकदारहरूको मन्जुरी लिई छुट जग्गा दर्ता गर्न मालपोत कार्यालयमा कारबाही चलाएको देखिन्छ।

३. निवेदकका बाबु कपिलमान श्रेष्ठले पारित गराई लिएको उल्लिखित राजीनामामा दुई कित्ता जग्गा रहेको देखिन्छ । ती दुई कित्ता जग्गाको चारकिल्ला यसप्रकार रहेको देखिन्छ । हरिहर कुल्लाको नदी सो पश्चिम विना साह सो उत्तर दक्षिण-१, नदी सो पश्चिम हरिहर सो पूर्व विना साह सो दक्षिण प्रदीप विक्रम शाह सो उत्तर-१, दुवै कित्ता जग्गाको पूर्वतर्फको किल्ला नदी रहेको देखिएको छ र सो नदी तिनाउ नदी भएकोमा विवाद देखिएको छैन।

४. नदी किनारमा रहेको जग्गामा नदी पस्ने र नदी उकास हुने कुरा स्वभाविक हुन्छ । दर्ता भोगचलन भइरहेको जग्गामा नदी पसेको अवस्थामा र नदीले छाडी जग्गा उकास भएको अवस्थामा जग्गाको भोग चलन गर्ने सम्बन्धमा मुलुकी ऐन जग्गा मिच्नेको महलको २ नं. मा निम्न व्यवस्था भएको पाइन्छ "एकै जग्गामा माझमा खोलो पसी वारिपारि जग्गा भयो फेरी खोलाले छोड्यो भने त्यो खोलो हिँडेको बगर जसको जग्गा हो उसैको हुन्छ । खोलोले साँधको

जग्गामा जतातिर बगर पार्‍यो उतै तिरकाले आवाद गरी तिरोभरो गरी खान पाउँछ। बारीको बगर पारितिरकाले पारीको बगर वारितिरकाले आवाद गर्न पाउँदैन । बगर परे तिरेकाले आवाद नगरे अरूले आवाद गरी तिरोभरो गरी खान हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार खोलो पसेको जग्गा खोलाले छाडेपछि सो जग्गा जसको हो उसैको हुने देखिन्छ । साबिक हकभोगको जग्गा नापीमा दर्ता गर्न छुट हुन गएको सम्बन्धमा रहेको कानूनी व्यवस्था हेर्दा, मालपोत ऐन, २०३४ को दफा ७ मा जग्गा दर्तासम्बन्धी विशेष व्यवस्था भन्ने शीर्षकअन्तर्गत निम्न व्यवस्था भएको पाइन्छ :

> "(१) दफा ६ को उपदफा (२) बमोजिम दर्ता किताब खडा गर्दा जग्गा (नाप जाँच) ऐन, २०१९ अन्तर्गत नापी हुँदा कुनै जग्गाको नापी नक्सा गर्न छुट हुन गएकोमा मालपोत कार्यालयले नापी, विभागको सहमति लिई तोकिएको समितिको सिफारिसमा सो जग्गाको नापी नक्सा गराई दर्ता गर्न सक्नेछ"
>
> "(२) जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ। त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले दुई वर्षभित्र अन्तिम टुङ्गो लगाई सक्नु पर्नेछ" भन्ने उल्लेख भएको पाइन्छ । मालपोत नियमावली, २०३६ को नियम ४ख मा मालपोत ऐन, २०३४ को दफा ७ बमोजिम नाप नक्सा र दर्ता छुट भएको जग्गाको नाप नक्सा र दर्ता गर्ने प्रयोजनको लागि जग्गा दर्ता समितिको गठनको व्यवस्था गरेको देखिन्छ । सो समितिमा प्रमुख मालपोत अधिकृत अध्यक्ष, प्रमुख नापी अधिकृत र मालपोत कार्यालयको वरिष्ठ कर्मचारी सदस्य तोकेको देखिन्छ।

५. २०२७ सालमा भएको नापीमा तिनाउ नदी मोतिपुर, १क कि.नं. ४७ मा ज.वि. १११-०-१३ नापी भएको देखिएको छ। निवेदकले २०२२ सालको राजीनामाभित्रको जग्गामध्ये ज.वि. ८-१०-१३ जग्गामा उक्त तिनाउ नदी पसेको कारण नापीमा नापनक्सा हुन नसकेको र नदी उकास भएपछि सो जग्गा भोग गरी आएको भनी सम्बन्धित मालपोत कार्यालयमा छुट जग्गा दर्ताको लागि कारबाही चलाएको देखिन्छ।

६. मालपोत कार्यालयबाट प्राप्त निवेदकको छुट जग्गा दर्ता सम्बन्धमा कारबाही चलेको फाइल अध्ययन गर्दा निवेदकले २०२२ सालको राजीनामा, ७ नं. फाँटवारी साबिक तिरो तिरेको रसिदहरू, मोतिपुर गाउँ विकास समितिको कार्यालयले निवेदकको नाउँमा दर्ताको लागि मिति २०६२।११।३ मा गरेको सिफारिस संलग्न रहेको देखिन्छ। कारबाहीकै क्रममा निवेदकले पेस गरेको प्रमाणभित्रको दर्ता गर्न माग गरेको जग्गा हो होइन भनी यकिन गर्न गन्यमान्य, पार्टी प्रतिनिधि, गाउँ विकास समितिका पदाधिकारी, सँधियारसमेतको रोहवरमा मालपोत नियमावली, २०१६ को दफा ४क. को उपदफा ३ बमोजिम स्थलगत सर्जमिन बुझी कारबाही अघि बढाउनु पर्ने सम्बन्धमा टिप्पणी उठी सो टिप्पणीमा दोहोरो दर्ता, सरकारी जग्गा, दर्ता, मोठ रोक्का, तामेली लगत, भु.सु.का. ७ नं. फाँटवारी भिडाई सम्बन्धित गाउँ विकास समितिको किटानी सिफारिस नभएकोले पेस गर्न लगाउने, निवेदकको मागदाबीअनुसार दर्ता गर्न मिल्ने नमिल्नेसम्बन्धी सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि हकदाबीसम्बन्धी स्थानीय पत्रिका, जिल्ला विकास समिति बुटवल, नगरपालिका, सिद्धार्थनगर

नगरपालिका, सम्बन्धित गाउँ विकास समितिमा समेत विस्तृत विवरण खोली हकदाबीसम्बन्धी सार्वजनिक सूचना (३५ दिनको) प्रकाशित गरी दाबी परे नपरेको बेहोरासहित खुलाई पेस गर्ने भनी मिति २०६४।१०।२४ मा मालपोत कार्यालय रूपन्देहीबाट आदेश भएको देखिन्छ । सो आदेशानुसार सम्बन्धित स्थान एवं कार्यालयहरूमा सूचना टाँस गरी बुटवल टुडे र मेची काली दैनिक पत्रिकाहरूमा समेत हकदाबीसम्बन्धी सूचना प्रकाशित गरी मिति २०६४।११।२५ मा गाउँ विकास समिति अध्यक्ष (सचिव) समेतको रोहवरमा सर्जमिनसमेत बुझी पुनः निवेदकका साबिक नम्बरी दर्ता प्रमाणभित्रको जग्गा सर्भे नापीमा नापनक्सा हुँदा तिनाउ नदीको कित्तामा घुसाई नाप नक्सा भएको देखिँदा संलग्न प्रमाणहरूको आधारमा नापी शाखाबाट फिल्डमा अमिन खटाई नम्बरी जग्गा छुट्याई कि.का. गरी दर्ता गर्ने सम्बन्धमा आवश्यक निर्देशनको लागि प्रस्तुत फाइल श्री भूमिसुधार तथा व्यवस्थापन विभागमा पठाउने रायसाथ टिप्पणी पेस भएकोमा जग्गा प्रशासन निर्देशिका, २०५८ को प्रकरण नं. ८१(७.२) मा सुरू नापी फिल्डबुक तथा नक्सामा अन्य बेहोरा खाली भई नदी वा खोला जनिएको जग्गा प्रमाणको मूल्याङ्कन गर्दा व्यक्ति विशेष हो भनी भन्ने यकिन ठहर पेस हुन आएमा नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृत लिएर मात्र मालपोत कार्यालयले सम्बन्धित व्यक्तिका नाउँमा दर्ता गर्न सक्नेछ भनी व्यवस्था भएको हुँदा प्रस्तुत फायल मागदाबी गरेको जग्गा पनि तिनाउ नदीमा उल्लेख भएको देखिँदा पेस भएबमोजिम दर्ता गर्न स्वीकृतको लागि भूमि सुधार तथा व्यवस्थापन विभागमा पठाउने गरी टिप्पणी सदर भएको देखिन्छ।

७. तत्पश्चात् भूमिसुधार तथा व्यवस्थापन विभाग जग्गा प्रशासन शाखाबाट नापीका समयमा फिल्डबुकमा तिनाउ नदी जनिई नापनक्सा भई नेपाल सरकारको नाममा दर्ता रहेको जग्गाको दर्ता सच्याई व्यक्तिको नाममा दर्ता गर्नको लागि सम्बन्धित कानून तथा निर्देशिकाले निर्दिष्ट गरेबमोजिम प्रमाण बुझी संकलित प्रमाणको आधारमा मूल्याङ्कन गर्दा व्यक्तिको हो भन्ने यकिन हुन आएमा आधार तथा प्रमाण खुलाई किटानी रायसाथ सहमतिको लागि पठाउनु पर्नेमा सोबमोजिम नपठाएको र बुझ्नु पर्ने आवश्यक प्रमाणसमेत बुझी पठाएको नदेखिएको हुँदा विद्यमान ऐन, नियम तथा निर्देशिका कार्यविधिसमेतको परिपालन गर्नु पर्ने सोअनुसार भए गरेको पाइएन । तसर्थ सोहीअनुरूपको निर्देशनसहित फाइल फिर्ता पठाउने मिति २०६५।१।२९ मा निर्णय भएको भन्ने उल्लेख गरी मिति २०६५।१।३० मा फाइल मालपोत कार्यालय रूपन्देहीमा फिर्ता पठाएको देखियो।

८. मिति २०६५।१।३० को पत्रबाट फिर्ता आएको फाइल पुनः मालपोत कार्यालय रूपन्देहीले मिति २०६५।२।३ को टिप्पणी आदेशबाट भूमिसुधार तथा व्यवस्था विभागमा पठाएकोमा सम्बन्धित भू-संरक्षण कार्यालयको सहमति प्राप्त भएमा ऐन, नियम निर्देशिका एवं कार्यविधि र भइरहेको परिपत्रअनुसार कारबाही गर्न फाइल मालपोत कार्यालयमै पठाएको देखिन्छ।

९. यसरी भूमि सुधार तथा व्यवस्थापन विभागबाट भू-संरक्षण कार्यालयको सहमति प्राप्त भएमा ऐन, नियम, निर्देशिका एवं कार्यविधि र भइरहेको परिपत्रअनुसार कारबाही गर्ने भनी मालपोत कार्यालयमा फाइल फिर्ता आएपछि मालपोत कार्यालयले नापी कार्यालय, रूपन्देहीलाई नक्सामा रेखाङ्कन गरी पठाउने सम्बन्धमा मिति २०६५।८।१७ मा पत्र लेखेको र भूमि संरक्षण कार्यालयको सहमतिको लागि पत्राचार भएकोमा भू-संरक्षण कार्यालय रूपन्देहीले नदी उकास जग्गा उपयोग तथा दर्ता सहमति निर्देशिका, २०६५ को अनुसूची ५ बमोजिम विभिन्न शीर्षक, उपशीर्षकअन्तर्गत बाढी क्षेत्रभित्र नपर्ने, भू-क्षयको दृष्टिकोणबाट संवेदनशील नरहेको, नदी बगेको क्षेत्र र जग्गाको दुरी ४७२ मिटर रहेको भन्नेसमेत उल्लेख

गरी अनुसूची फाराम भरी दर्ताको लागि सहमति प्रदान भएको भन्ने देखिएको छ।

१०. यसरी निवेदकले छुट जग्गा दर्ताको लागि माग गरेको सम्बन्धमा कारबाही चलिरहेको विवादित जग्गा मालपोत कार्यालय, बुटवलअन्तर्गत पर्ने भएकोले मालपोत कार्यालय रूपन्देहीबाट दर्तासम्बन्धी कारबाहीको फाइल मालपोत कार्यालय बुटवलमा प्राप्त भएपछि सो कार्यालयबाट दर्ता माग गरेको जग्गा सरकारको नाममा फिल्डबुक कायम भएको जग्गा हो भनी निवेदनमार्फत स्वीकार गरेको फिल्डबुकमा तिनाउ नदी भएको र उक्त जग्गाको फिल्डबुकमा मिति २०५१।९।६ मा नेपाल सरकारको नाउँमा कायम गरी पुर्जी स्रेस्तासमेत तयार भइसकेको र सोही जग्गा नेपाल सरकारको मिति २०७२।१२।०१ निर्णयअनुसार यस कार्यालयबाट मिति २०७३।१।२९ को निर्णयले बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भइसकेको अवस्थामा निवेदकको मागअनुसार दर्ता गर्न नमिल्ने भनी खारेज गरेको देखिन्छ।

११. मालपोत कार्यालय, बुटवलबाट निवेदकको निवेदन मागबमोजिम दर्ता गर्न नमिल्ने भनी खारेज गर्ने गरी भएको निर्णय पर्चामा निवेदकले छुट जग्गा दर्ता माग गरेको जग्गा मिति २०५१।९।६ मा नेपाल सरकारको नाममा पुर्जा स्रेस्ता तयार भएको, फिल्डबुकमा तिनाउ नदी उल्लेख भएको र सोही जग्गा नेपाल सरकारको मिति २०७२।१२।०१ को निर्णयअनुसार मिति २०७३।१।२९ को निर्णयले बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भएको भन्ने आधार उल्लेख भएको देखिएको छ। साबिक दर्ता तिरो भोग चलनमा रहेको जग्गामा खोलो पसेको कारण तत्काल भोग चलन गर्न नसकेकोमा पछि खोलाले छोडी नदी उकास हुन गएको जग्गा साबिक दर्तावालाले दर्ता गराई लिन पाउने कानूनी व्यवस्था माथि उल्लेख गरेको मुलुकी ऐन, २०२० को जग्गा मिच्नेको महलको २ नं. मा रहेको छ। मालपोत नियमावली, २०३६ को नियम ४क को उपनियम ४ मा नदी उकास भएको जग्गाको सम्बन्धमा भू-संरक्षण कार्यालयको सहमति लिनु पर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी, जग्गा प्रशासन निर्देशिका, २०५८ को क्रमाङ्क ८ को उपक्रमाङ्क ७(२) मा सुरू नापीमा फिल्डबुक तथा नक्सामा अन्य बेहोरा खाली भई नदी वा खोला भनी जनिएको जग्गा प्रमाणको मूल्याङ्कन गर्दा व्यक्ति विशेषको भन्ने यकिन ठहर पेस हुन आएमा नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति लिएर मात्र मालपोत कार्यालयले सम्बन्धित व्यक्तिको नाउँमा दर्ता गर्न सक्ने भन्ने उल्लेख भएको देखिन्छ।

१२. साबिक हकभोगको जग्गामा खोलो पसी नापीका बखत दर्ता हुन नसकेको जग्गा खोलाले जग्गा छोडेपछि साबिक दर्तावालाले दर्ता गराउन पाउने उल्लिखित ऐन, नियम एवं निर्देशिकाले व्यवस्था गरेको र त्यसरी खोला पसी दर्ता हुन नसकेको जग्गा खोलाले छोडेपछि दर्ता गराउने सम्बन्धमा छुट जग्गा दर्ता गर्न निवेदन दिने म्यादसमेत तोकिएको देखिँदैन। यी निवेदकले दर्ता छुट भएको नदी उकास जग्गा दर्ता गराई पाउँ भनी साबिक दर्ता हकभोगको प्रमाणसहित २०६२ सालमा निवेदन दिएको देखिन्छ। निवेदकले दर्ता छुट भएको भनी माग गरेको जग्गामा नदी उकासपश्चात् आफ्नै भोगमा रहेको भन्ने उल्लेख गरेको र मालपोत कार्यालय, रूपन्देहीबाट निवेदकले पेस गरेको साबिक दर्ता भोगसमेतको प्रमाणहरूको रोहमा स्थलगत सर्जिमन बुझ्ने, जग्गाको रेखाङ्कन गर्ने, भू-संरक्षण कार्यालयको सहमति लिनेसमेतको प्रक्रिया पूरा गरी निवेदकले छुट दर्ता माग गरेको जग्गा निवेदकको भोगमा रहेको भन्ने उल्लेख भएको देखिएकोमा नेपाल सरकारले कसैको नाममा दर्ता नभएको सार्वजनिक जग्गा नेपाल सरकारको नाउँमा दर्ता गर्ने भनी गरेको नीतिगत निर्णयको आधारमा स्थलगत कुनै कुराको जाँचबुझ नगरी नेपाल सरकारको नाउँमा दर्ता गरेको आधारमा त्यस्तो नीतिगत निर्णयबाट व्यक्ति विशेषको

साबिक दर्ताको जग्गाको हक समाप्त हुने अवस्था हुँदैन । फिल्डबुकमा तिनाउ नदी जनिएको कारणले नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मिति २०५१।९।६ मा नेपाल सरकारको नाउँमा कायम गरी पुर्जा तयार गरेको भन्ने कुराबाट निवेदकले छुट जग्गा दर्ता गर्न दिएको निवेदनको औचित्य नै समाप्त हुने अवस्था देखिँदैन । "क्षेत्रीय किताबमा पर्ती जनिई श्री ५ को सरकारको नाउँमा दर्ता हुँदैमा सबुद प्रमाणको मूल्याङ्कन गरी छुट दर्ता सम्बन्धमा निर्णय गर्न नसक्ने भन्न नमिल्ने" भनी यस अदालतबाट न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको छ । (ने.का.प. २०५४, अङ्क २, नि.नं. ६३१७)

१३. निवेदकको छुट जग्गा दर्ता सम्बन्धमा २०६२ सालमा नै निवेदन परी कारबाही चलिरहेकोमा नेपाल सरकारको मिति २०७२।१२।१ को निर्णयअनुसार मिति २०७३।१।२९ मा मालपोत कार्यालयबाट बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार भएको भन्ने अर्को आधार उल्लेख गरी निवेदकको निवेदन खारेज गरेको सम्बन्धमा हेर्दा उल्लिखित औद्योगिक क्षेत्रलाई उपलब्ध गराएको जग्गा र निवेदकहरूले छुट दर्ता माग गरेको जग्गा अलग अलग रहेको भन्ने निवेदकले दर्ता माग गरेको जग्गा नयाँ बस्तीभन्दा उत्तरको हो र औद्योगिक क्षेत्रलाई उपलब्ध गराएको जग्गाको उत्तर किल्ला मोतिपुर वडा नं. १ नयाँ बस्ती उल्लेख भएको भन्ने निवेदकको भनाइ रहेको देखिन्छ । अर्कोतर्फ निवेदकले २०६२ सालबाटै छुट दर्तामा कारबाही चलाइरहेको जग्गा निवेदकले माग गरेअनुसार दर्ता छुट भएको हो, होइन ? निवेदकले दाबी गरेको जग्गा निवेदकले प्रमाणमा दिएको साबिक दर्ता तिरोको हो होइन ? भन्ने सम्बन्धमा निर्णय नै नगरी निवेदकको छुट दर्तासम्बन्धी कारबाहीलाई बेवास्ता गरी मिति २०७३ सालमा बुटवल औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता तयार भएको भन्ने आधारमा निवेदकको निवेदन खारेज गर्ने गरेको मालपोत कार्यालय, बुटवलको निर्णय कानूनसम्मत देखिन आएन ।

१४. निवेदकले छुट दर्ता माग गरेकै जग्गाको विषयमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकका बाबु कपिलमान श्रेष्ठले मिति २०२२।७।२२ मा नारायण विक्रम शाहसँग खरिद गरेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा कपिलमान श्रेष्ठले सुरू नापीबाटै प्राप्त गरिसकेकोमा लामो अन्तरालपछि यो वा त्यो बहानामा बुटवल नगरपालिका क्षेत्रभित्र पर्ने अति संवेदनशील जग्गालाई छुट जग्गाअन्तर्गत दर्ता गरी पाउन माग गर्नुलाई न्यायोचित र सान्दर्भिक मान्न सकिएन, नेपाल सरकारको नाउँमा दर्ता प्रमाणितसमेत भएको जग्गा कसैले अतिक्रमण गरी भोग चलन गरेको भन्ने बहानामा सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता हुन नसक्ने हुँदा व्यक्ति विशेषको नाउँमा दर्ता गर्ने गरी प्रक्रिया अघि नबढाउने भनी भूमि सुधार तथा व्यवस्थापन मन्त्रालयलाई निर्देशन दिने भनी मिति २०६८।९।७ मा निर्णय भएको पनि देखिएको छ । निवेदकका बाबु कपिलमानले राजीनामा गराई लिएको जग्गा नापीकै समयमा दर्ता गराइसकेको हो होइन भन्ने कुराको जाँचबुझ गर्ने आधिकारिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग होइन । कपिलमानले राजीनामा गराई लिएको जग्गाको चारकिल्ला कुन हो ? सोही राजीनामाभित्रको जग्गा दर्ता भएको छ वा छैन ? दर्ता भएको भए के कति जग्गा दर्ता भएको छ ? आदि कुराको जाँचबुझ छानबिन गर्ने कानूनी अधिकार प्राप्त निकायहरूबाट हुने हो, छुट जग्गा दर्तासम्बन्धी विषयमा छानबिन गरी निर्णय गर्ने कानूनी क्षेत्राधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहे भएको पाइँदैन ।

१५. सार्वजनिक जग्गा व्यक्ति विशेषले दर्ता गर्न नहुने भन्ने सम्बन्धमा विवाद हुन सक्दैन । तर कुनै पनि जग्गा सार्वजनिक हो होइन ? भन्ने कुराको निरूपण सम्बद्ध तथ्य र प्रमाणको समुचित मूल्याङ्कनद्वारा

साधिकार निकायबाट ठहर गरिनु पर्छ । मालपोत ऐन, २०३४ को दफा २४(२) मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषले दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर भई व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार जग्गा व्यक्ति विशेषले दर्ता गराएमा त्यस्तो दर्ता बदर गर्ने अधिकार सम्बन्धित मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीलाई मात्र भएको देखिन्छ । यसरी जग्गा दर्ता गर्ने नगर्ने अधिकार सो अधिकार प्रयोग गर्ने अधिकारीले जाँच प्रारम्भ गरी जग्गा दर्ताको वैधानिकताको सम्बन्धमा प्रमाणको मूल्याङ्कनद्वारा वस्तुनिष्ठ रूपमा सार्वजनिक जग्गा हो भन्ने प्रमाणित भएको अवस्थामा मात्रै उक्त अधिकारीले जग्गा दर्ता नगर्ने वा दर्ता भइसकेको जग्गाको लगत कट्टा गर्ने कानूनी प्रक्रिया हो । कानूनबमोजिम मालपोत कार्यालयले मात्र कुनै जग्गा सार्वजनिक हो होइन र दर्ता गर्न मिल्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार राख्नेमा व्यक्तिको नाममा जग्गा दर्ता गर्ने नगर्ने जस्ता जग्गा प्रशासनसम्बन्धी कुनै क्षेत्राधिकारै नभएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो काम, कर्तव्य र क्षेत्राधिकारभन्दा बाहिर गई गरेको निर्देशित आदेशबाट स्वयं मालपोत कार्यालयको क्षेत्राधिकार नै निष्क्रिय र सीमित हुन गएको देखिन्छ । जुन निकाय वा पदाधिकारीले सार्वजनिक जग्गा सम्बन्धमा निर्णय गर्न सक्ने हो त्यस निकायको अधिकार क्षेत्रभित्र प्रवेश गरी अमुक काम गर्नु वा नगर्नु भनी निर्देशित आदेश एवं निर्णय गर्ने कार्य कानूनबमोजिम भन्न मिल्दैन ।

१६. यस्तै विषयका निवेदक सुकदेव श्रेष्ठ विपक्षी मालपोत कार्यालय संखुवासभासमेत भएको २०५५ सालको रिट नं.३१६२, २०५४ सालको रिट नं.२८७६, २०५४ सालको रिट नं.३०४८ समेतका निवेदनमा यस अदालतको संयुक्त इजलासबाट "वन क्षेत्र हो भन्ने देखिने कारण, आधार र प्रमाणसमेत कुनै उल्लेख नै नगरी विवादका जग्गा निवेदकका नाममा दर्ता गर्न नमिल्ने भनी गरेको उक्त समितिको निर्णय कानूनसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ" भन्ने आदेश भएको देखिन्छ । उक्त आदेशसमेतको आधारमा निवेदकले दाबी गरेको कि.नं.४७ को जग्गामध्ये क्षेत्रफल ज.वि. ८-१०-१३ को जग्गाका सम्बन्धमा सोसम्बन्धी मिसिल र निवेदकले पेस गरेका प्रमाणसमेत बुझी सो प्रमाणहरू ग्राह्ययोग्य छ,छैन भन्नेबारे यकिन गरी निजको हक, भोग, तिरोको हो, होइन ? सोसम्बन्धी वस्तुनिष्ठ प्रमाणको समष्टिगत मूल्याङ्कन गरी प्रक्रिया पूरा गरी निर्णय हुनु पर्ने अवस्था देखिन्छ ।

१७. मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) मा "जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापनक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयमा निवेदन परेको मितिले २ वर्षभित्र अन्तिम टुङ्गो लगाई सक्नु पर्नेछ" त्यसैगरी उपदफा ३ मा "जग्गावालाको नाम, थर, वतन, उमेर वा निजको बाबु, बाजे, पति वा ससुराको नाम थर वा जग्गाको कित्ता नं. क्षेत्रफल वा किसिम फरक परेमा वा दोहोरो दर्ता हुन गएकोमा मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । मालपोत कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रको जग्गाका सम्बन्धमा दर्ता छुट हुन गएमा वा दोहोरो दर्ता हुन गएमा आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता गर्ने वा नगर्ने विषयमा निर्णय दिने अधिकार मालपोत ऐन, २०३४ ले सम्बन्धित

मालपोत कार्यालयलाई भएको देखिन्छ।

१८. तसर्थ, निवेदकले दर्ता छुट भएको भनी साबिक दर्ता स्रेस्ताभित्रको जग्गा तिनाउ नदीमा परी नापीमा मोतिपुर वडा नं. १(क) कित्ता नं. ४७ मा तिनाउ नदी उल्लेख भई १११-०-१३ जग्गा नापी भएकोमा नदी उकास भई भोगचलन गरी आएको भनी दर्ता माग गरेको जग्गाको विषयमा निवेदन मागबमोजिम नापीमा तिनाउ नदीमा परेको हो, होइन ? नदी उकास भएको हो, होइन ? निवेदकको बाबु कपिलमानले नारायण विक्रम शाहसँग राजीनामा गराई लिएको जग्गा के कति नापीका समयमा दर्ता भयो वा भएन ? सो सम्बन्धमा छानबिन गरी निवेदन मागबमोजिम छुट जग्गा दर्ता हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा निवेदकले छुट जग्गा दर्ता सम्बन्धमा दिएको निवेदनउपरको कारबाहीलाई नै प्रत्यक्ष असर पर्ने देखिएको रूपन्देही जिल्ला, मोतिपुर गाउँ विकास समिति वडा नं. १क कि.नं. ४७ को तिनाउ नदी जनिएको जग्गा नेपाल सरकारको नाउँमा कायम गर्ने नेपाल सरकारको मिति २०५१।९।६ को निर्णय, विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।९।७ को निर्णय, नेपाल सरकारको बुटवल औद्योगिक क्षेत्र लिमिटेडलाई जग्गा उपलब्ध गराउने भनी मिति २०७२।१२।१ को निर्णय र सोको आधारमा सो औद्योगिक क्षेत्र लिमिटेडको नाउँमा स्रेस्ता पुर्जा तयार गर्ने गरी भएको निर्णयहरूको आधारमा मालपोत कार्यालय, बुटवलले निवेदकको निवेदन खारेज गर्ने गरेको मिति २०७४।३।१९ को निर्णय साबिक मुलुकी ऐन, जग्गा मिच्नेको २ नं. मालपोत नियमावली, २०३६ को नियम ४क(४), नेपाल कानून पत्रिका, २०५४, अंक २, पृ. ९८ नि.नं. ६३१७ समेतको त्रुटि देखिन आएकोले निवेदकको छुट जग्गा दर्तासम्बन्धी कारबाहीमा असर पर्ने हदसम्म मात्र उक्त निर्णयहरू उत्प्रेषणको आदेशबाट बदर हुन्छ । अब निवेदकले दर्ता छुट भएको भनी माग गरेको जग्गा निवेदकका बाबु कपिलमानले नारायण विक्रम शाहबाट खरिद गरी लिएको राजीनामाभित्रको साबिक दर्ता तिरोको हो, होइन ? सो जग्गामा तिनाउ खोला लागी पछि नदी (खोला) उकास भएको हो, होइन ? कपिलमानले राजीनामाले गरी लिएको जग्गा नापीका समयमा दर्ता भइसकेको हो, होइन ? निवेदन मागबमोजिमको जग्गा छुट दर्ता हुने हो, होइन ? सो सम्बन्धमा छानबिन गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, बुटवलका नाममा परमादेश जारी गरिदिएको छ । आदेशको जानकारी महान्यायाधिवक्ता कार्यालयमार्फत विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७६ साल वैशाख १६ गते रोज २ शुभम्।

निर्णय नं. १०३८५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७६।१।२२
०७४-CR-०२८४

मुद्दाः आगो लगाई कर्तव्य ज्यान

पुनरावेदक / वादी : आरिफ अहमद राइनको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला बर्दिया, गुलरिया न.पा. वडा नं.८ वतन भएकी हसिना हास्मीसमेत

०७४-CR-०९७२

पुनरावेदक / प्रतिवादी : रहिस अहमद हास्मीको छोरा बर्दिया जिल्ला, गुलरिया नगरपालिका हाल वडा नं.६ घर भई हाल कारागार कार्यालय बर्दिया, गुलरियामा थुनामा रहेको रिजवान अहमद हास्मीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : आरिफ अहमद राइनसमेतको जाहेरीले नेपाल सरकार

- **मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा ग्रहण गर्नको लागि दुई वा दुईभन्दा बढी कागज पेस भएकोमा ती कागजहरू वा दुई वा दुईभन्दा बढी व्यक्तिहरूले सुनेको भनी लेखाएको विषय एकापसमा विरोधाभाषपूर्ण हुनुहुँदैन । अस्पतालमा गराइएको भनिएको कागजमा उपचारमा संलग्न चिकित्सक वा अन्य कर्मचारीलाई रोहवरमा राखी निजहरूले अदालतसमक्ष सोको विषयमा बकपत्र गरेको हुनुपर्दछ । पेस गरिएका कागजमा उल्लिखित बेहोरा मिसिल संलग्न कागजबाट समर्थित भएको हुनुपर्दछ, सो नभए पनि खण्डित भएको हुनु नहुने ।**

(प्रकरण नं.२०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी
प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
- ने.का.प.२०६९, अंक १२, नि.नं.८९३०

सम्बद्ध कानून :
- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः
मा. जिल्ला न्यायाधीश श्री बसन्तराज पौडेल
बर्दिया जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री वीरबहादुर डाँगी
मा. न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारी
उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास

फैसला

न्या.हरिकृष्ण कार्की : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

मिति २०६९।८।२२ गते बर्दिया जिल्ला, गुलरिया नगरपालिका-८ स्थित मेरो घरमा बहिनी

शिवा हास्मीलाई बाबु खाँले रातो रङ्गको प्लाष्टिकको जगमा ल्याएको पेट्रोल हाली सलाई कोरी आगो लगाई दिई सख्त घाइते बनाएको र निजले पटकपटक बहिनीलाई विवाह गरौं भनी फोनबाट भनेको र विवाह नगर्ने भए तँलाई मारी सिध्याई दिन्छु भनेकोसमेत हुँदा ज्यान मार्ने उद्योगअन्तर्गत आवश्यक कानूनी कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको रिजवान हास्मीको जाहेरी दरखास्त।

बर्दिया जिल्ला, गुलरिया नगरपालिका वडा नं.८ स्थित पूर्वमा राज्जा अली हलवाईको घर, पश्चिममा बारीस अली शाहको बारी, उत्तरमा मदन थापाको बारी, दक्षिणमा मस्जिद टोलको बाटो यति चार किल्लाभित्र शिवा हास्मीको एकतले पक्की घर, सोही घरको उत्तरतर्फ फोहर पानी फाल्ने पानी जमेको खाल्डो, सो खाल्डोको पश्चिम किनारामा हरियोमा सेतो रातो धर्का भएको कपडा जलेको, उक्त कपडा प्रहरीले जिम्मा लिएको, सो स्थानमा बाबु खाँले शिवा हास्मीलाई आगो लगाई दिएको भन्ने देखाएको घटनास्थलमा मुद्दासँग प्रमाण लाग्ने चिजवस्तुहरू केही फेला नपरेको, सो घरको भित्र पस्दा तीन वटा कोठामध्ये बिचको कोठामा खाटमुनि कोकको डेढ लिटरको बोतलमा अन्दाजी ५० मि.लि. मट्टितेल र सिसीको टुकी बत्ती फेला पारी प्रहरीले आफ्नो जिम्मामा लिएको ठीक छ भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

मिति २०६९।८।२२ गते धाराबाट पानी ल्याउँदै गरेको अवस्थामा बाबु खाँले पछाडिबाट पेट्रोल छरी आगो लगाएको हो जस्तो लाग्छ भन्नेसमेत बेहोराको पीडित शिवा हास्मीले उपचारको क्रममा जिल्ला अस्पताल बर्दियामा मेडिकल अधिकृत डा. अमित लामगादेको रोहवरमा गरेको मौकाको कागज।

जाहेरवाला रिजवान हास्मीले मिति २०६९।८।२१ गते दिएको ठाडो निवेदनका सम्बन्धमा रिजवान हास्मी र बाबु खाँ दुवैलाई कार्यालयमा राखी बाबु खाँले निवेदकको बहिनीलाई अब आउँदाका दिनहरूमा आँखा नलगाउने, कुनै नराम्रो दृष्टिकोणले नहेर्ने, निवेदकका तर्फबाट समेत बाबु खाँलाई अपशब्द गाली गलौज नगर्ने, बाबु खाँले मोबाइलमा शिवा हास्मीलाई पठाएका एस.एम.एस.सबै हटाई दुवै पक्षले अब यसै विषयलाई लिएर वादविवाद झैझगडा नगर्ने भनी मौखिक सहमति भएको भन्नेसमेत बेहोराको प्र.स.नि.सुनिलजंग शाहले रिजवान हास्मीले दिएको निवेदन साथै राखी पेस गरेको प्रतिवेदन।

जिल्ला बर्दिया, गुलरिया नगरपालिका वडा नं.८ स्थित प्रतिवादी बाबु खाँको मोटरसाइकल ग्यारेज खानतलासी गर्दा मुद्दासँग प्रमाणलायक चिजवस्तुहरू केही फेला नपरेको भन्नेसमेत बेहोराको खानतलासी बरामदी मुचुल्का।

मैले शिवा हास्मीलाई पेट्रोल हाली आगो लगाएको होइन। निज र मेरोबिच गहिरो प्रेमसम्बन्ध थियो। शिवा र मबिचको विवाहको कुरा गर्दा घरपरिवारले स्वीकार नगरी धाक, धम्की दिने गरेको, शिवा हास्मीसँग मेरो फोन सम्पर्क हुँदा तिमीले मसँग विवाह गरी लाँदैनौ भने मलाई मेरो घरका मानिसले आगो लगाई मारी दिन्छौं भनेका छन् भनी मसँग फोनमा भन्थिन्, त्यसैले मलाई निज शिवालाई आगो लगाउने निजकै घरपरिवार हुन् भन्ने कुरामा शंका लाग्छ भन्नेसमेत बेहोराको प्रतिवादी बाबु खाँ भन्ने रहिस खाँको मौकाको बयान कागज।

मिति २०६९।८।२२ गते आगोलागी भएको छ, तुरून्त जानु भन्ने आदेश भई गाडी घरसम्म नजाने भएकाले पैदल जाँदा शिवा हास्मी आगोले जली घाइते अवस्थामा म्याक्सी लगाई घरको उत्तरतर्फको कोठामा खटियामाथि राखिएको थियो। निजले पानी मागिरहेकी र अवस्था चिन्ताजनक भएकाले गाडी मगाएँ। घटना कसरी भयो भनी बुझ्दा आमा रोइकराई रहेकी, छोराहरूमध्ये जेठो मुन्ना र माहिलो चुन्नाले बाबु खाँले उत्तरतर्फको पर्खालबाट पेट्रोल छर्की आगो लगाई भागेको भनेपछि पर्खालतर्फ गई हेर्दा पछाडि अर्केको

करेसाबारी रहेको, पर्खाल नजिक शौचालय रहेको, पानीको हिलो रहेको, वरपर कुनै गन्ध थिएन, हिलोमा कुनै जुत्ता चप्पलको डाम थिएन, त्यति बेलासम्म गाडी आएकोले घाइतेलाई अस्पताल पुऱ्याउँदा ६:३०/ ६:४५ बजेको थियो होला। केही समयपछि बाबु खाँले आगो लगाएको भन्ने बाहिर हल्ला हुन थालेपछि प्रहरी टोली बाबु खाँको डेरा कोठामा पुगी बोलाउँदा घरबाहिर आएपछि निजलाई पक्राउ गरेको हो भन्नेसमेत बेहोराको प्र.ना.नि. विष्णुबहादुर के.सी.को प्रतिवेदन।

Burn injury over body, swelling of face and neck region साथै शरीरको अगाडिको भाग बढी जलेको हुनाले सोही भागबाट आगो लागेको अनुमान गर्न सकिने भन्नेसमेत बेहोराको शिवा हास्मीको घाउ जाँच केस फाराम।

प्रतिवादी बाबु खाँको मोबाइल नं.९८४८०४७९६९, ९८१९५४९७४२ र पीडित शिवा हास्मीको मोबाइल नं.९८०४५०२५५० नं. बिच पटकपटक फोन सम्पर्क भएको देखिने कल डिटेल्स कागज मिसिल सामेल रहेको।

बाबु खाँले मेरो बहिनी शिवा हास्मीलाई विवाह गर्छु भनी फोनबाट दबाब दिँदै आएको, शिवाले विवाह गर्दिनँ भनी अस्वीकार गरेपछि मिति २०६९।८।२२ गते बिहान पेट्रोल हाली आगो लगाएको र निजको उपचारको क्रममा मिति २०६९।८।२७ गते वीर अस्पताल, काठमाडौंमा मृत्यु भएको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको तनवीर अहमद हास्मीले महानगरीय प्रहरी परिसर, काठमाडौंमा दिएको किटानी जाहेरी दरखास्त।

मृतक शिवा हास्मीको कपाल जली खुइलिएको, निधार, दुवै कान, अनुहार, घाँटीदेखि खुट्टाको गोलीगाँठोसम्म, दुवै हात, पाखुरा, पञ्जासमेत जली छाला खुइलिएको, योनि मलद्वार जलेको, ओल्टाईपल्टाई हेर्दा कपाल जली खुम्चिएको, गर्धन तथा पिठ्यूँको भाग आगोले जली छाला खुइलिएको भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का।

मिति २०६९।८।२२ गते बिहान म ट्वाइलेट गई हात धुन लागेको अवस्थामा छोरी शिवा उठी उत्तरतर्फ रहेको दिवाल नजिक गई घोप्टो अवस्थामा ट्वाइलेट जाने भाँडो टिप्ने क्रममा एक्कासी कराउँदा आगो दन्किएको देखी मसमेत कराएको, सुतिरहेका छोराहरूले सुनी आगो निभाउने प्रयास गरेका हुन्, स्थानीय व्यक्तिहरूसमेत आई आगो निभाई प्रहरीले गाडीमा राखी शिवालाई उपचारको लागि लगेका हुन्, निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो यकिन मलाई थाहा छैन, रेडियोमार्फत बाबु खाँले आगो लगाएको भन्ने सुनेकी हुँ भन्नेसमेत बेहोराको शिवा हास्मीकी आमा हसिना हास्मीको घटना विवरण कागज।

मिति २०६९।८।२२ गते बिहान सुतिराखेको अवस्थामा आमा जोड जोडले कराएपछि बाहिर जाँदा दिवाल नजिक बहिनी शिवाको शरीरमा आगो लागेको देखी निभाई बहिनीलाई उपचार गर्न पठाएपछि आमा यो के भयो भन्दा बहिनी शिवाले मलाई बाबु खाँले पेट्रोल हाली आगो लगाई दिई उत्तरतर्फको पर्खालबाट भागी गए भनेकी हुन् भन्नेसमेत बेहोराको तनवीर अहमद हास्मीको घटना विवरण कागज।

मिति २०६९।८।२२ गते बिहान सुतिराखेको अवस्थामा दाजु रिजवान कराएको सुनी उठी बाहिर जाँदा बहिनीको शरीरमा आगो लागी फोहर पानी फाल्ने खाडलमा थिइन्, त्यहाँ बहिनीले मलाई पोल्यो भन्दै कराएकी थिइन्, अन्य कुनै कुरा गरेको मैले सुनिन भन्नेसमेत बेहोराको सिद्धु भन्ने रिहान अहमद हास्मीको घटना विवरण कागज।

भान्जी शिवाको शरीरमा आगो के कसरी लाग्न पुगेको हो मलाई यकिन थाहा जानकारी छैन, दिदी बाहिर जोडजोडसँग कराएको सुनी जाँदा भान्जी शिवाको शरीरमा आगो लागेको मैले देखेको हुँ भन्नेसमेत बेहोराको अब्दुल मोइज हास्मीको कागज।

मेरो बहिनी शिवा हास्मीलाई बाबु खाँले प्रेमसम्बन्ध राखेको भनेपछि रिस उठी मैले मिति २०६९।८।२० गते निज बाबु खाँलाई २/३ थप्पड हानेको हुँ, बहिनीको बेइज्जत हुने भयो भनी रिजवानले प्रहरीमा उजुरी दिई सहमति भएको थियो । मिति २०६९।८।२२ गते बिहान मेरो आमा जोडजोडसँग कराएको सुनी के भयो भनी बाहिर जाँदा बहिनी शिवा जल्दै गरेको अवस्थामा देखी बहिनीको शरीरको आगो निभाएको हुँ । निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो मलाई थाहा छैन, जाहेरवाला भाइ रिजवान अहमद हास्मीले आफ्नो जाहेरीमा बाबु खाँले पेट्रोल हाली आगो लगाई दिएको कुरा के कसरी उल्लेख गरेका हुन् यकिन मलाई थाहा छैन भन्नेसमेत बेहोराको मुन्ना भन्ने सुभान अहमद हास्मीको कागज ।

वारदातस्थलबाट बहिनी शिवा हास्मीलाई भित्र कोठामा लिई जाने क्रममा के कसरी आगो लाग्न पुगेको हो भन्दा बहिनी शिवाले मलाई बाबु खाँले रातो जगमा ल्याएको पेट्रोल हाली सलाई कोरी आगो लगाएको हो भनेकी हुँदा मैले तत्काल सोही बेहोराको जाहेरी जिल्ला प्रहरी कार्यालय बर्दियामा दिएको हुँ, बाबु खाँ भाग्दै गरेको देखेको होइन भन्नेसमेत बेहोराको रिजवान अहमद हास्मीको कागज ।

जाहेरवालाको आमा कराएको सुनी घटनास्थलमा गएकीमा मैले देख्दाको अवस्थामा शिवा हास्मी फोहर पानी फाल्ने खाडलमा थिइन्, शरीरको आगो निभिसकेको थियो । निजलाई मामा र दाइले खाडलबाट निकाल्दा निजको शरीरमा कपडा नभएपछि तन्नाले शिवालाई लपेटी भित्र लग्दाको अवस्थामा शिवाले आमा पानी दिनु भनेकी हुन्, अन्य केही कुरा बोलिनन् र केही समयपछि प्रहरीको गाडी आई उपचारको लागि जिल्ला अस्पताल बर्दियातर्फ पठाएका हौं । निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो यकिन मलाई थाहा छैन भन्नेसमेत बेहोराको जैतुन सैयदको कागज ।

हल्ला भएको सुनी जाहेरवालाको घरमा जाँदा शिवालाई कोठामा लगेका रहेछन् । टर्च बाली हेर्दा निजको मुख डढेको थियो, मैले कसरी आगो लाग्यो भन्दा मलाई केही थाहा छैन भनिन् । निजको शरीरमा कपडा नभएपछि म्याक्सी ओढाई दिएकी हुँ भन्नेसमेत बेहोराको राधा कुँवरको कागज ।

म नवाज पढी आउने क्रममा होहल्ला भएपछि के भएको हो भनी शिवाको घरमा जाँदा निजको घर पछाडि फोहर पानी फाल्ने खाडलबाट शिवालाई मामा र दाजुले निकाल्दै थिए । मैले निजलाई देख्दाको अवस्थामा पानी भन्दै दुईपटक बोलेकी हुन्, अन्य केही कुरा गरिनन् भन्नेसमेत बेहोराको मोहम्मद अहमदको कागज ।

आमा बचाउ भन्ने आवाज आएको सुनी के भयो भनी बाहिर आउँदा रिजवानको घरमा आगोको लप्का बलिरहेको देखी श्रीमतीलाई उठाएँ । श्रीमती त्यसतर्फ गएकी हुन्, के कसरी आगो लाग्यो थाहा भएन भन्नेसमेत बेहोराको मोहम्मद हनिफको कागज ।

मिति २०६९।८।२१ गते म शिवा हास्मीको घरमा सुतेकी थिएँ । भोलिपल्ट बिहानको समयमा म पिसाब फेरी सुत्न भित्र कोठामा गएँ, मामु धारामा हुनु हुन्थ्यो । शिवा हास्मी उठी बाहिर गएको केही छिनमै जोड जोडसँग कराएको सुनी के भयो भनी जाँदा शिवा हास्मीको शरीरमा आगो दन्किएको मैले देखेकी हुँ भन्नेसमेत बेहोराको तजकीरा हास्मीको कागज ।

शिवा हास्मीको उपचारको लागि म सँगै गएकी थिएँ । जिल्ला अस्पताल बर्दियामा प्रहरीले घटना सम्बन्धमा शिवा हास्मीलाई सोधपुछ गर्दा मलाई बाबु खाँले पेट्रोल हाली आगो लगाई दिएको भनेर भनिन् भन्ने कुरा सुनी थाहा पाएकी हुँ । निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो यकिन मलाई थाहा छैन भन्नेसमेत बेहोरा सविना हास्मीको कागज ।

मिति २०६९।८।२० गते कम्प्युटर लिई मेरो पसलमा गएका रिहानले घर फर्कने सवारी साधन

नपाएपछि मेरो मोटरसाइकलमा २ लिटर पेट्रोल हाली लिई गएका हुन् । उक्त मोटरसाइकल २०६९।८।२५ गते फिर्ता ल्याएको हो भन्नेसमेत बेहोराको आजम हास्मीको कागज ।

जाहेरवाला रिजवान अहमद हास्मीको घरभित्र ग्यालरीबाट शरीरमा आगो बल्दै बाहिर निस्किएको मैले देखेकी हुँ, पछि बुझ्दा शिवाको शरीरमा आगो लागेको रहेछ, निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो यकिन थाहा भएन भन्नेसमेत बेहोराको लक्ष्मी थापा, जुमा अन्सारी, शिखा मण्डलको अलग अलग कागज ।

मिति २०६९।८।२२ गते बिहान अं.६:३० बजेको समयमा म पिसाब फेर्न भनी बाहिर निस्किएको अवस्थामा सिद्धु जलादिया भनी हसिना हास्मी २ पटक कराएको मैले सुनेकी हुँ । तत्पश्चात् म ट्वाइलेटबाट फर्कने क्रममा निजले नै बाबुले जलाई दियो भन्दै कराएकी थिइन् । म घटनास्थलमा गइनँ । तत्काल के भयो थाहा भएन । पछि बुझ्दा शिवा हास्मीको शरीरमा आगो लागेको थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको हरीसुन शेषको कागज ।

मिति २०६९।८।२२ गते शिवा हास्मीलाई निजकै दाइ सिद्धु हास्मी, रिजवान हास्मी र आमा हसिना हास्मीले पेट्रोल हाली आगो लगाई दिएको र निजको उपचारको क्रममा ऐ.२७ गते वीर अस्पताल काठमाडौंमा मृत्यु भएको हुँदा ज्यानसम्बन्धीको महलबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको आरिफ अहमद राइनको जाहेरी दरखास्त ।

मैले देख्दा शिवा हास्मीको शरीरमा आगो निभिसकेको थियो । शिवा हास्मीलाई उपचार गराउन लैजाउ भन्दा निजको आमा, दाइ रिजवान र सिद्धुले मर्न देऊ औषधी गर्न लैजान्न भनेका कारणबाट सिद्धुले पेट्रोल खन्याएको रिजवान र हसिनाले आगो लगाएको हुनुपर्छ भन्नेसमेत बेहोराको आरिफ अहमद राईनको कागज ।

मिति २०६९।८।२२ गते बिहान नल्कामा पानी लिन गएको अवस्थामा मलाई समातेर दिवाल पछाडि ल्याई तँलाई मारिदिन्छु भनी बाबु खाँले प्लाष्टिकको बोतलमा ल्याएको पेट्रोल खनाई सलाई कोरी शरीरमा फालिदिएको हो भन्नेसमेत बेहोराको शिवा हास्मीले भेरी अञ्चल अस्पतालमा गरिदिएको मौकाको कागज ।

बाबु खाँको मोबाइल नं.मा शिवाले पठाएका तिमी बिना बाँच्न सक्दिन भन्नेसमेत बेहोराका एस.एम. एस.डिटेल्स मिसिल सामेल रहेको ।

मैले शिवालाई विवाह गर्न कर लगाएको र शिवाले नमानेपछि पेट्रोल छर्की आगो लगाएको भन्ने कुरा झुट्ठा हो । शिवालाई मैले कर्तव्य गरी मारेको होइन । निजको मृत्यु कालगतिले नभई कर्तव्य जस्तो लाग्छ, तर को कसले कर्तव्य गरे भन्न सक्दिन भन्नेसमेत बेहोराको पक्राउ प्रतिवादी बाबु खाँको ततिम्बा बयान कागज ।

म नवाज पढी फर्कने क्रममा रिजवान हास्मीको घरअगाडि आरिफ अहमद राईनसमेत ५/६ जना भेला भएको देखी के भयो भन्दा यिनीको घरको केटी जल्यो भनेपछि म भित्र जाँदा ग्यालरीमा मट्टितेल वा पेट्रोलको जस्तो गन्ध आएको थियो, सोध्दा हसिना हास्मीले मुनुवाको घरका मानिसले मेरो छोरीलाई जलाइदियो भन्दै यता उता गर्दै थिइन्, घर पछाडि खाडलमा शरीरमा लागेको आगो निभेको अवस्थामा शिवा हास्मीलाई देखेको हुँ । मैले बाहिरका मानिसलाई बोलाउँदा कोहीलाई नबोलाउ, मर्न देउ, गाडी नबोलाउ भनेपछि म बाहिर आएको र आरिफले प्रहरीलाई खबर गरेपछि प्रहरी आई शिवालाई लिएर गएको हो । शिवालाई कसरी आगो लाग्न पुग्यो थाहा छैन भन्नेसमेत बेहोराको निब्बर मनिहारको कागज ।

मिति २०६९।८।२० गते बाबु खाँलाई शिवाको आमाले घाँटीमा समातेकी, तनवीर, चुन्ना, मुन्ना, रिजवानसमेतले कुटपिट गर्न लागेको देखी सोध्दा यसले शिवालाई जिस्कायो भनेका थिए । ऐ.२२

गते शिवालाई कसरी आगो लाग्यो थाहा छैन, यसमा बाबु खाँको संलग्नता छैन जस्तो लाग्छ भन्नेसमेत बेहोराको मोहम्मद अयुव हलवाईको कागज।

हसिनाले हाम्रा बिटियाको बाबु जलाई दियो भन्दै कराएको सुनी जाँदा शिवाको शरीर पूरै जलेको अवस्थामा राधा कुँवरले च्यादर ओढाउँदै कोठामा ल्याउँदै गरेको देखेकी हुँ। उपचार गर्न लैजाउ भन्दा हसिनाले पहिले प्रहरीलाई खबर गर भनेकी, ९० प्रतिशत जल्दा पनि सँगै रहेकी आमाले आगो निभाउने कोसिस नगरेकीले घरपरिवारबाटै उक्त घटना घटाएकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको अनिता दाहाल राईनको कागज।

मेरो छोरी शिवाको शरीरमा आगो लगाउने व्यक्ति को हो मलाई यकिन थाहा छैन । उपचारको क्रममा मलाई आगो लगाउने बाबु खाँ हो भनी शिवाले भनिन् भन्ने कुरा मलाई जुमा अन्सारीले बताएपछि मात्र थाहा पाएकी हुँ । मैले निजलाई आगो लगाएकी हैन, छोरीलाई बिहे गरी लान नपाएको कारणले बाबुले आगो लगाएको हुनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी हसिना हास्मीको बयान कागज।

मेरो बहिनीको शरीरमा के कसरी आगो लाग्यो थाहा छैन, मैले आगो लगाएको होइन। बाबु र शिवाले एक अर्कालाई प्रेम गर्छन् भन्ने सुनेको थिएँ। शिवाले आफैँले आत्महत्या गर्नलाई आगो लगाएको हो जस्तो लाग्छ भन्नेसमेत बेहोराको प्रतिवादी सिद्धु भन्ने रिहान अहमद हास्मीको बयान कागज।

बाबुलाई फसाउन शिवाको शरीरमा पेट्रोल हाली आगो लगाउने निजकै घरपरिवार सिद्धु भन्ने रिहान अहमद हास्मी हुन् भन्नेसमेत बेहोराको पप्पु अहमद हलवाईको कागज।

पर्खाल हेर्दा बाहिरका मानिसले आगो लगाइदिने अवस्था नरहेको, शिवा र बाबु खाँको बिचमा गहिरो प्रेमसम्बन्ध रहेको हुँदा घरपरिवारकै सदस्यमध्ये को कसले शिवालाई जलाएका हुन्, घरपरिवारबाटै कर्तव्य भएकोमा पूर्णविश्वास लाग्छ भन्नेसमेत बेहोराको अब्बुल हसनको कागज।

मिति २०६९।८।२१ गते बेलुकाको समयमा म शिवाको घरमा गएका अवस्थामा निजको घरपरिवारमा कुनै प्रकारको झैझगडा भएको थिएन । अर्को दिन बिहान शिवालाई आगो लाग्यो भनी होहल्ला भएपछि के भएको रहेछ भनी शिवाको घरमा जाँदा शिवालाई उपचारको लागि अस्पताल लगेका रहेछन्, घरमा कोही थिएनन् । पछि म अस्पताल गई हेर्दा शिवाको हात जलेको, ग्लुकोज चढाई रहेका थिए। निजको शरीरमा आगो के कसरी लाग्न पुगेको हो, मलाई थाहा भएन भन्नेसमेत बेहोराको आरजु इराकीको कागज।

शिवा हास्मी मेरो आमाको दिदीको छोरी हुन्, मिति २०६९।८।२१ गते बेलुकाको समयमा मेरो घरपरिवार निजको घरमा गई खाना खाई म, मम्मी र बुबा आफ्नो कोठामा आई सुतेका हौं, भोलिपल्ट बिहानको समयमा तनबिरको घरमा आगो लाग्यो भनी होहल्ला भएपछि मम्मी हतारहतार गर्दै जानु भयो, म केहिछिनपछि जाँदा शिवालाई अस्पताल लानको लागि गाडीमा हालेका थिए भन्नेसमेत बेहोराको महमद कैफको कागज।

मिति २०६९।८।२२ गते बिहानको समयमा शिवा हास्मीलाई डा.अमित लामगादे एवं मसमेतले उपचार गरेका हौं । निजको अगाडिको भागमा बढी जलेको थियो, मैले कसरी आगो लाग्यो भन्दा मलाई पछाडिबाट कसैले आगो लगाई दियो भनिन् । पानी मागिरहेकी थिइन् । शरीर पोल्यो भन्दै थिइन्, अन्य केही बोलिनन् डेढ घण्टा उपचार गरी थप उपचारको लागि भेरी अञ्चल अस्पताल बाँकेमा एम्बुलेन्सद्वारा लिई गएका हुन् भन्नेसमेत बेहोराको अ.हे.व.शर्मिला सुवेदीको कागज।

शिवालाई जिल्ला अस्पतालबाट नेपालगन्ज स्थित भेरी अञ्चल अस्पतालमा उपचारको लागि लैजाँदा एम्बुलेन्समा म पनि गएको थिएँ। सो अवस्थामा

शिवा पोल्यो भन्दै कराएकी थिइन्, अन्य केही बोलिनन्, भेरी अञ्चल अस्पतालमा उपचार हुँदाको अवस्थामा प्रहरीद्वारा सोधपुछ हुँदा मलाई बाबु खाँले जलाएको हो भनेपछि प्रहरीले सोही बेहोराको कागज गरी मेरो रोहवरमा सहीछाप गराएको हो भन्नेसमेत बेहोराको मोहम्मद ऐजाद उर्फ राजुको कागज।

बाबुले फोन नउठाएपछि शिवा हास्मीले मलाई फोन गरी बाबुले फोन उठाई रहेको छैन भन्दा मैले कि आफ्नो घरकालाई सम्झाउ नभए बाबुलाई यसरी नसताउ तिमीलाई छोड्न भनी तिम्रा घरपरिवारले बाबुलाई कुटपिट गर्ने धम्की दिने गरेका छन् भनी बाबुले मलाई बताएको छ भनेको हुँ। शिवा हास्मीलाई निजकै परिवारका सिद्धु भन्ने रिहान अहमद हास्मी, हसिना हास्मी र रिजवान हास्मीसमेत जना ३ ले जलाई मारेको हुनुपर्छ भन्नेसमेत बेहोराको सुरज राईको कागज।

बाबु खाँको मोबाइलको मेमोरीमा सेभ भएका आवाजमध्ये चौथो नम्बरमा रेकर्ड भएको आवाज सुन्दा सोमा बोलेको आवाज मेरो मृतक बहिनी शिवा हास्मीको र केटाको आवाज बाबु खाँको हो। अन्य रेकर्ड भ्वाइस यकिन भएन भन्नेसमेत बेहोराको तनवीर अहमद हास्मी र उक्त मोबाइलमा सेभ भएका सबै भ्वाइस रेकर्डहरू शिवा हास्मी र बाबु खाँले बोलेका आवाजहरू हुन् भन्नेसमेत बेहोराको अब्बुल हसनसमेतको सनाखत कागज।

मिति २०६९।०८।२० गते साँझ आजम हास्मीसमेतका तीन जना आई मेरो पसलबाट मसँग एक लिटर पेट्रोल र मेरो बहिनीसँग १ लिटर पेट्रोल गरी जम्मा दुई लिटर पेट्रोल किनेर लगेका हुन्। आजम हास्मीसँग आएका अन्य दुईजनालाई म चिन्दिन भन्नेसमेत बेहोराको गिता बर्माले गरिदिएको घटनाविवरण कागज।

फरार प्रतिवादी रिजवान हास्मी फेला नपरेको भन्ने प्रहरी प्रतिवेदन।

मृत्युको कारण आगोमा जली परेको चोटबाट भएको (Cause of death flame burn injuries) भन्ने बेहोराको शिवा हास्मीको शव परीक्षण प्रतिवेदन।

भ्वाइस रेकर्ड उपलब्ध गराउन नसकिने भन्ने बेहोराको इमेल प्राप्त भएको भन्ने प्र.ज. नवराज भण्डारीको प्रतिवेदनसाथ संलग्न इमेल पत्र मिसिल सामेल रहेको रहेछ।

अनुसन्धानको क्रममा संकलित सबुद प्रमाणहरू जाहेरी दरखास्त, अनुसन्धानको क्रममा बुझिएका अब्दुल मोइज हास्मीसमेतका व्यक्तिहरूको कागज बेहोरा, प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयानसमेतका कागज प्रमाणहरूबाट मृतक शिवा हास्मीलाई प्रतिवादीहरू बाबु भन्ने राइस खाँ, रिहान अहमद हास्मी, हसिना हास्मी, रिजवान अहमद हास्मीसमेतको कर्तव्य एवं संलग्नताबाट शिवा हास्मीलाई आगोले जलाई कर्तव्य गरी मारेको भन्ने तथ्य प्रमाणित हुन आएकोले प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३ नं. बमोजिमको कसुर भएकोले यी प्रतिवादी बाबु भन्ने राइस खाँ, रिहान अहमद हास्मी, हसिना हास्मी, रिजवान अहमद हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३नं. को देहाय ३ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

छोरी शिवा हास्मीको जिउमा मिति २०६९।०८।२२ गतेको बिहान आगो लागी उपचारको लागि गुलरिया अस्पताल, नेपालगन्ज अस्पताल हुँदै काठमाडौं वीर अस्पतालमा उपचार हुँदाहुँदै मिति २०६९।०८।२७ गते मृत्यु भएको हो। शिवा हास्मी र प्रतिवादी बाबु खाँको बिच प्रेमसम्बन्ध रहेछ, सो कुरा तीन महिना अगाडि थाहा भएको हो। छोरीले बाबु खाँसँगै विवाह गर्दछु भनेकी थिइन्। त्यसो हो भने दुई वर्षपछि गर्ने भनी हामी बाबु आमाले भनेका थियौं। बाबु खाँले अहिले नै गर्ने भागी जाउँ भन्ने कुरा गरेका रहेछन्, त्यसपछि हामीहरूले प्रहरीमा उजुर गरी एकअर्कालाई फोन सम्पर्क नगर्ने, कुनै सन्देश नपठाउने

सहमति भएको थियो। छोरीको शरीरमा बिहान करिब ६:०० बजेतिर आगो लागेको हुनु पर्दछ। आगो लागेको देखेपछि म बेहोस भएँ, आगोले छोरी जलेको देखेँ अरू कसैलाई छोरीलाई अस्पतालमा भेट्न जाँदा बाबुले जलाई दियो भनेकी थिइन्। बाबु खाँ छोरीसँग रिसाएको थियो। आफूसँग भागेर नगएको रिसमा निजले छोरी ट्वाइलेट गर्न बाहिर आएको बेला मौका छोपी आगो लगाएको हुनुपर्छ। हाम्रो घरपरिवारले आगो लगाएको भन्ने बेहोरा झुट्टा हो, मैले अभियोग दाबीबमोजिमको कसुर नगरेकाले मलाई सजाय हुनुपर्ने होइन। मउपरको दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी हसिना हास्मीले सुरू अदालतमा गरेको बयान।

मृतक शिवा हास्मीको शरीरमा के कसरी आगो लाग्यो, आफैँ आगो लगाइन् वा अरू कसैले लगाई दिए, मैले नदेखेकोले केही भन्न सक्दिन। मैले आगो लगाएको होइन। हामी एक अर्कोले विवाह गर्न चाहेका थियौं। शिवा हास्मीका बाबु, आमा, दाजु, भाइले मानेका थिएनन्। बाबु, आमा, दाजु, भाइले मलाई मार्ने धम्की दिनुका साथै शिवा हास्मीलाई समेत मसँग विवाह गरेमा मारिदिने कुरा गरेका भन्ने कुरा शिवा हास्मीले मलाई भनेकी थिइन्। मलाई निजबाट अलग गराउन निकै प्रयास गरेका थिए। हामी अलग हुन सक्दैनथ्यौं। मिति २०६९।०८।२२ गते बिहान म आफ्नै डेरामा थिएँ, निजसँग सो दिन भेट भएन। म जाहेरवालाको घरमा गएको थिइनँ। आफ्नै घर डेराबाट चिल्लाएको आवाज सुनेँ। मेरो बुबाले बाहिर नजा, तँलाई गाली गरेका छन् भनेकाले बाहिर निस्कन पाइनँ, पछि तँलाई प्रहरीले खोजेका छन् भनी ढोका खोलिदिएपछि म बाहिर निस्कँदा प्रहरीले पक्राउ गरेका हुन्। मैले उद्धार गर्न पाइन। मैले अभियोग दाबीअनुसारको कसुर नगरेकाले सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बाबु भन्ने रइस खाँले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।०८।२२ गते म आफ्नै घर कोठामा सुतेको थिएँ। बिहान अचानक दाजु रिजवान जोडले कराएका र अम्मी-अम्मी के भयो भनेको आवाज कानमा परेकाले मेरो निद्रा खुली उठेँ, आमाले मेरो छोरीलाई बचाउ, आगो लाग्यो भन्ने आवाज सुनी बाहिर निस्कँदा बहिनी शिवा हास्मीको शरीरमा आगो लागेको थियो। बहिनी कराउँदै पानी फाल्ने खाल्डोमा ढलिन्। मसमेतले बहिनीको शरीरको कपडा तान्दै आगो निभाउने प्रयास भयो। आगो निभाइयो, शरीर जलेको थियो, तन्नाले शरीर लपेटी उपचारको लागि गुलरिया अस्पतालमा लगियो। त्यहाँबाट नेपालगन्ज हुँदै काठमाडौंमा उपचार हुँदाहुँदै बहिनी शिवा हास्मीको मृत्यु भएको हो। बहिनीको शरीरमा के कसरी आगो लाग्यो, म भन्न सक्दिन। मैले आगो लगाएको होइन र अरू कसैले आगो लगाएको देखिन। मैले अभियोग दाबीअनुसारको कसुर गरेको होइन। मलाई दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रिहान अहमद हास्मीले सुरू अदालतमा गरेको बयान।

मिति २०६९।०८।२१ गते राती हाम्रो घरमा हामी दाजुभाइ, आमा, मृतक शिवा हास्मी, सानीमाकी छोरी वर्ष ६ की तजकिरा, मामा मोइजु अहम्मद हास्मीसमेत आठ जना थियौं। साँझ खाना खाई १०:०० बजेतिर सुतेका हौं। अगाडिको कोठामा घरका चार दाजुभाइ र मामा सुत्यौं, बिचको कोठामा आमा, बहिनी शिवा र सानीआमाको छोरी तजकिरा सुते। भोलिपल्ट बिहान करिब ६:०० बजेतिर हो पछाडिबाट चिच्याएको आवाज आयो। सो आवाजले हामी सबैको निद्रा खुल्यो। सो आवाज बहिनीको रहेछ। निजले बचाउ-बचाउ भनेकी थिइन्। म उठेँ र अरू कोठामा भएका भाइहरूसमेतलाई उठाई हामीहरू खाली खुट्टा घरको पछाडिपट्टि दौडियौं। बहिनी फोहोर पानीको खाल्डोमा ढलेकी थिइन्। निजको शरीरमा आगो लागेको थियो। हामी सबैले बहिनीलाई उपचारका लागि जिल्ला अस्पताल लग्यौं। उपचारको अवस्थामा प्रहरीले सोधपुछ गर्दा बाबु खाँले आगो लगाई दियो

भनिन्, सोही आधारमा प्रहरीले बाबु खाँलाई पक्राउ गरेको हो । मैले बाबु खाँले आगो लगाएको देखिनँ । मसमेतका उपरको जाहेरी बेहोरा झुट्टा हो । मैले जाहेरी तथा अभियोग दाबीबमोजिमको कसुर गरेको होइन । बाबु खाँ र बहिनीको बिचमा प्रेमसम्बन्ध थिएन । बाबु खाँले बहिनीलाई फोन गरेर सताउने गरेकाले सो सम्बन्धमा मिति २०६९।०८।२१ गते बाबु खाँ र मेराबिच प्रहरीको रोहवरमा अब आइन्दा फोन नगर्ने सम्झौता भएको थियो । मिति २०६९।०८।२० गते बाबु खाँलाई कुटपिट गरेको भन्ने बेहोरा झुट्टा हो । मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रिजवान अहमद हास्मीले सुरू अदालतमा गरेको बयान ।

शिवा हास्मीको मृत्यु आगोले जलेर भएको हो । आगो को कसले लगाएका हुन्, मैले देखिनँ । बाहिरको व्यक्तिले शिवा हास्मीलाई आगो लगाई मारेको होइन । घटना हेर्दा घरभित्रको जो कोही व्यक्तिले उक्त घटना घटाएको हुनुपर्दछ भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने अनिता दाहाल राइनले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो पसलदेखि शिवा हास्मीको घर आमनेसामने करिब १०/१२ मिटरको फरकमा छ । म पसलमा थिएँ । शिवा हास्मी घरको बिच कोठाबाट आगोले जल्दै बरन्डाबाट पछाडितर्फ जाँदै गरेको देखेकी हुँ को कसले आगो लगाएको हो सो मलाई थाहा भएन भन्नेसमेत बेहोराको जुमा अन्सारीले सुरू अदालतमा गरेको बकपत्र ।

शिवा हास्मीको शरीरमा आगो लागी उपचारको क्रममा मृत्यु भएको कुरा थाहा छ । बाबु खाँले आगो लगाएको होइन, आगो लगाएको भए घरभित्रकै कसैले लगाएका होलान्, यसैले हो भनी म भन्न सक्दिन भन्नेसमेत बेहोराको प्रहरीमा कागज गर्ने हसिव हल्वाईले सुरू अदालतमा गरेको बकपत्र ।

बाहिर कोही कराएको आवाज आयो, सो आवाज आएपछि म घरबाहिर आएँ, शिवा हास्मीको आमा हसिना हास्मी कराएकी रहिछन् । निजले हाय-हाय हमारा बेटीका सद्दु जलाई दियो भन्दै दुईपटक भनेको आवाज सुने, केहिछिनपछि म निजको घर नजिक आएँ, मानिस जम्मा भइसकेका थिए । सो बखतमा शिवाकी आमाले बाबु जलाई दिइस् भन्दै थिइन्, शिवा हास्मीको शरीरमा के कसरी आगो लाग्यो मलाई केही थाहा छैन तर बाबु खाँले आगो लगाएको जस्तो लाग्दैन भन्नेसमेत बेहोराको प्रतिवादी बाबु खाँको साक्षी हरिसुन शेषले सुरू अदालतमा गरेको बकपत्र ।

शिवा हास्मीलाई प्रतिवादी बाबु खाँले आगो लगाएका होइनन् । घरभित्रैबाट आगलागी भएको हो । घरभित्र को कसले किन आगो लगाए वा के कसरी आगो लाग्यो म भन्न सक्दिन भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने मो.आयुव हल्वाईले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६९।०९।०३ गते जिल्ला प्रहरी कार्यालय, बर्दियामा दिएको जाहेरी बेहोरा मेरै हो । मैले जाने बुझेसम्मको कुरा खुलाई जाहेरी दिएको हुँ । मृतक शिवा हास्मी र प्रतिवादी बाबु खाँ भन्ने रइस खाँबिच प्रेमसम्बन्ध धेरै अगाडिदेखि रहेको थियो । यी दुईजनाको प्रेमसम्बन्धको बारेमा दुवै परिवारबिच वादविवाद पनि थियो । बाबु खाँलाई शिवा हास्मीका दाइभाइले मारपिट गरेको अवस्थामा शिवा हास्मीले बाबु खाँलाई मारपिट नगर बचाउ भनेकी थिइन् । शिवा हास्मीको आमासँग सबै कुरा मिलेकै छ, विवाह गरी देउभन्दा विवाह हुन सक्दैन, बरू शिवा हास्मीलाई मारिदिन्छु भन्नु भयो । निज दुईजनाको प्रेमसम्बन्धको बारेमा जिल्ला प्रहरी कार्यालय, बर्दियामा समेत छलफल भएको हो । छलफलमा अब दुवै पक्षले एकअर्कालाई कुनै सम्बन्ध नराख्ने भन्ने समझदारी पनि भएको हो । मिति २०६९।०८।२२ गते बिहान शिवा हास्मीलाई आगो लगाइएको कुरा सुनेँ । म घटनास्थलमा पुग्दा निजको अवस्था नाजुक थियो ।

पुलिसलाई खबर गरौं, एम्बुलेन्स बोलाई उपचारको लागि लैजाउँ भन्दा शिवाका दाजुभाइ, आमाले उपचार गर्ने होइन जली मर्न देउ भन्दै थिए । निजहरूले जे भने पनि एम्बुलेन्स बोलाई पुलिसलाई खबर गरी उपचारको लागि अस्पताल लगेको हो । घटनास्थलको भौतिक अवस्थासमेतबाट बाबु खाँउपरको जाहेरी बेहोरा अविश्वसनीय भएको देखिएबाट शिवा हास्मीको शरीरमा आगो लगाउने व्यक्ति घरभित्रकै हुन् प्रतिवादी बाबु खाँ होइनन् भनी मैले जाहेरी दिएको हुँ भन्नेसमेत बेहोराको जाहेरवाला आरिफ अहमद राइनले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो घरदेखि शिवा हास्मीको घर २०/२२ फिटको फरकमा छ । शिवा हास्मीको घर, आँगन, धारा, ग्यालरी सबै देखिन्छ । मृतक शिवा हास्मीको शरीरमा आगो घरभित्रै लागी बाहिर ग्यालरी हुँदै आएको देखेको हुँ । घटना देखेपछि म गई केटीलाई सोधपुछ गर्दा म सुतिरहेको अवस्थामा आगो लाग्यो भनेकी थिइन्, प्रतिवादी बाबु खाँले आगो लगाएका होइनन् । निजउपरको जाहेरी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी बाबु खाँको साक्षी शिखा मण्डलले सुरू अदालतमा गरेको बकपत्र ।

शिवा हास्मीलाई आगो लाग्दाको अवस्थामा देखिनँ । शिवा हास्मीको घरदेखि मेरो घर अं. १५० मिटर टाढा पर्दछ । निज जली उपचारका लागि लाँदै गर्दा देखेको हुँ । अस्पतालमा निजको उपचार हुँदै थियो, प्रहरी आई शिवा हास्मीको बयान लिन लागे, बयानमा बाबु खाँले पेट्रोल छर्केर आगो लगाएको हो भनिन् । अस्पतालले अब यहाँ बढी उपचार हुँदैन, थप उपचारका लागि नेपालगन्ज लानुपर्छ भनेकाले एम्बुलेन्समा राखी थप उपचारको लागि लगेका हुन् । घरपरिवारसँग सम्बन्ध राम्रो थियो । घरपरिवारले निजलाई कुटपिट गरी मार्नुपर्ने कारण केही थिएन । आरीफ अहमदको जाहेरी बेहोरा झुट्टा हो भन्नेसमेत बेहोराको रिहान हास्मीको साक्षी मोविन हास्मीले सुरू अदालतमा गरेको बकपत्र ।

शिवा हास्मीलाई प्रतिवादी रइस खाँले आगो लगाएका होइनन् भन्नेसमेत बेहोराको प्रतिवादी रइस खाँको साक्षी निम्बर मनिहारले सुरू अदालतमा गरेको बकपत्र ।

बर्दिया जिल्ला अस्पतालमा सोधपुछको क्रममा बाबु खाँले पेट्रोल छर्की आगो लगाइदियो भनी शिवा हास्मीले भनेकी हुन् भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने मोहमद ऐजाज (उर्फ राजु) ले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६९।०८।२२ गते म दिदी हसिना हास्मीको घरमा थिएँ । भान्जा ४ वटा र म एउटै कोठामा सुतेका थियौं, भित्री कोठामा भान्जी शिवा हास्मी, दिदी हसिना हास्मी र सानो भान्जी तसकिरा सुतेका थिए । बिहान ५:३० बजेतिर रोए कराएको आवाज म सुतिरहेको अवस्थामा सुनी मलगायत सो कोठामा सुतेका भान्जाहरू सबै उठी बाहिर आयौं । गल्लीबाट बाहिर हेर्दा शिवा हास्मी जलिरहेको अवस्थामा दौडँदै जाँदै थिइन् । म जाँदाजाँदै भान्जी शिवा हास्मीले पानीको खाल्डोमा हाम फालिन् । केटीसँग कोही कसैले सोधपुछ गरेनन् र निजले पनि केही भनिनन् । केटीले पुलिससँग के भनिन् मलाई केही थाहा छैन । केटी जलेको मात्र देखेको हुँ भन्नेसमेत बेहोराको अब्दुल मोहिज हास्मीले सुरू अदालतमा गरेको बकपत्र ।

बाबु खाँले बहिनी शिवा हास्मीलाई टेलिफोन गरी विवाह गरौं भनेका रहेछन् । सो कुरा बहिनीले आमालाई भनिन् । सो विषयमा गाउँघरमा र जिल्ला प्रहरी कार्यालयसमेतमा छलफल भयो । छलफलबाट अब कसैले कसैलाई फोन सम्पर्क नगर्ने सम्झदारी भयो । समझदारीअनुसार केटा केही दिनको लागि बाहिर गए । पुनः बाबु खाँले बहिनीलाई फोन गर्ने विवाहको कुरा गर्ने गरेपछि जिल्ला प्रहरी कार्यालय, बर्दियामा समेत निवेदन दिई मिति २०६९।०८।२१ गते छलफल र समझदारीसमेत भएको हो । भोलिपल्ट २२ गते

बहिनीको शरीरमा आगलागी भयो। आगो लगाउँदा मैले देखिनँ। उपचारको क्रममा बहिनीले पुलिस, डाक्टर र पत्रकारको रोहवरमा बाबु खाँले मलाई आगो लगाएको हो भनिन्। निजको भनाइअनुसार मैले जाहेरी दिएको हुँ भन्नेसमेत बेहोराको जाहेरवाला तनवीर अहमद हास्मीले सुरू अदालतमा गरेको बकपत्र।

शिवालाई आगो लगाएको कुरा हल्ला भई सुनी म घटनास्थलमा गएँ, जाँदा त्यहाँ पुलिससमेत आई पुगेका थिए। उपचारको लागि जिल्ला अस्पताल बर्दियामा लगियो। म पनि गएको थिएँ, त्यहाँ केही कुरा भएन। भेरी अञ्चल अस्पतालमा गइसकेपछि त्यहाँ पनि पूरा उपचार हुन नसकेकोले थप उपचारको लागि काठमाडौं लगियो। काठमाडौंमा उपचारकै क्रममा तीन दिनपछि शिवा हास्मीको मृत्यु भएको हो। शिवा हास्मीले प्रहरीसमक्ष कागज गर्दा बाबु खाँले आगो लगाई दिएको भनेकी रहिछन्। नेपालगन्ज अस्पतालमा भने मसमेतको रोहवरमा बाबु खाँले पेट्रोल छर्की आगो लगाई दिएको भनी कागज गरेकी हुन्। आगो लगाउँदा मैले देखिनँ। उक्त कागज हुँदा म रोहवरमा थिएँ र रोहवरमा मैले पनि सहीछाप गरेको छु। शिवा हास्मीलाई घरका मानिस हसिना हास्मीसमेतले आगो लगाएका होइनन्। भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने सविना हास्मीले सुरू अदालतमा गरेको बकपत्र।

आमाले केटी जलेकी छ भन्दै हल्ला गर्नुभयो, सो हल्ला सुनेपछि हामी पाँचजना नै बाहिर आयौं। बहिनी जलिरहेकी थिइन्। मैले हातले आगो निभाउन खोजेँ, मेरो हात पनि जल्यो, बहिनी पानीको खाल्डोमा हाम फालिन्, आगो निभ्यो, बहिनीलाई उठाई भित्र लगी राखियो, बाहिरका मानिसहरूसमेत जम्मा भए, उपचारको लागि जिल्ला अस्पतालमा लगियो, पत्रकार आई बहिनीसँग सोधपुछ गर्दा बाबु खाँले जलाएको भनिन्। बहिनीको उपचारको क्रममा मृत्यु भएको हो। बहिनीलाई कसले आगो लगायो मैले देखिनँ भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने सुभान अहमद हास्मीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी बाबु भन्ने रइस खाँले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादी रिजवान अहमद हास्मी र सिद्धु भन्ने रिहान अहमद हास्मीका हकमा निजहरूलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा जन्मकैदको सजाय हुने ठहर्छ। प्रतिवादी हसिना हास्मीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१।०५।१५ मा भएको फैसला।

प्रतिवादी हसिना हास्मीसमेत उपर किटानी जाहेरी परेको र सो किटानी बेहोरालाई समर्थन गर्दै जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा मृतक शिवा हास्मी र बाबु भन्ने रहिस खाँको प्रेम सम्बन्धको विषयलाई लिएर परिवारमा वादविवाद हुँदा जाहेरवाला अरिफ अहमदले निजहरूको विवाह गराइदिने भन्दा प्रतिवादी हसिना हास्मीले शिवा हास्मीलई मारिदिने भनी भनेको थिइन् भनी लेखाई दिएको, आगो लागी घाइते भएको शिवालाई उपचार गर्न लान निजले समेत आलटाल गरेको भन्ने जाहेरी तथा मृतकको घरको भित्रबाट मानिसको शरीरको आगोको लप्का घर पछाडिपट्टि गएको र निभेको देखेको भन्ने लक्ष्मी थापासमेतले लेखाई दिएको कागज, हरिसुन शेषले कागज गर्दा हसिना हास्मीले सिद्धु जलाई दियो भन्ने दुई पटक कराएको सुनेको भन्ने बेहोरा लेखाई दिएको अवस्था हुँदाहुँदै उल्लिखित प्रमाणहरूको विवेचना नै नगरी समानसरहका अन्य प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरे तापनि यी प्रतिवादी हसिना हास्मीलाई कम सजाय हुने गरी तथा अर्का प्रतिवादी बाबु भन्ने रहिस खाँउपर किटानी जाहेरी परी उक्त किटानी बेहोरालाई मृतक शिवा हास्मीले मौकामा कागज गर्दा प्रतिवादी बाबुले पेट्रोल खनाई आगो लगाई दियो भनी लेखाई दिएको देखिन्छ।

घटनामा स्वयम् घाइतेले मौकामा व्यक्त गरेको कुरालाई प्रमाणको रूपमा लिनु पर्ने कानूनी व्यवस्था हुँदाहुँदै उक्त प्रमाणको बेवास्ता गरी प्रतिवादी बाबु भन्ने रहिस खाँलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत नेपालगन्जमा परेको पुनरावेदन पत्र।

हामी प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को अभियोग दाबी लिइएकोमा अभियोग दाबी पूरा हुने गरी फैसला गरिएको छ। आफ्नी एक मात्र बहिनी छोरीलाई आगो लगाएर मार्नु पर्ने कुनै आधार, प्रमाण मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएको छैन। म प्रतिवादी आमा र छोराहरूको कर्तव्यबाट मारिएको भनिएको छ तर हामीलाई मृतकलाई मार्नुपर्नेसम्मको कारण, मार्नलाई बनाएको योजना सहमति र तयारी (Meeting of mind) हाम्रो मानसिक अवस्था यस्तो प्रकृति थियो र अपराध घटाउँदा हामी प्रतिवादीहरूको आपराधिक दायित्व, भूमिका, संलग्नता यसरी सम्पन्न भएको हो भनी प्रतिव्यक्ति प्रमाणहरू पुऱ्याई अभियोग लगाएको अवस्था पनि नरहेको र फैसलामा आत्मनिष्ठ आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर नै स्थापित हुन नसकेको अवस्थामा हामीहरूलाई ऐ. ऐनको १३(३) नं. बमोजिम सजाय हुने गरी जानाजान कानूनको व्याख्यात्मक त्रुटि गरी तथा प्रमाण ऐन, २०३१ को दफा ३, ७(ग), १०, १८, २५ र ५४ बमोजिम वादी पक्षले बुझ्नु पर्ने प्रमाण नबुझेको र नबुझ्नु पर्ने प्रमाण बुझी गरेको तर्कसङ्गत अनुमान नगरी आत्मनिष्ठ अनुमान गरेको, वादी पक्ष र प्रतिवादी बाबु खाँका संयुक्त साक्षीहरूको सुरू र अदालतमा भएको विवादास्पद बकपत्रलाई मात्र आधार बनाएको र वादी दाबी प्रमाणित गर्ने भार अभियोजन पक्षले पूरा नगरेको अवस्थामा समेत कसुर ठहर गरी बर्दिया जिल्ला अदालतबाट मिति २०७१।०५।१५ मा भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पूर्ण इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी रिहान अहमद हास्मी र रिजवान अहमद हास्मीको तर्फबाट पुनरावेदन अदालत नेपालगन्जमा परेको संयुक्त पुनरावेदन पत्र।

म प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को अभियोग दाबी लिइएकोमा ऐ.१७(३) नं. बमोजिम कसुर ठहर गरी फैसला गरिएको छ । आफ्नी एक मात्र छोरीलाई जलाएर मार्नु पर्ने कुनै आधार, प्रमाण मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएको छैन। म प्रतिवादी आमा र छोराहरूको कर्तव्यबाट मारिएको भनिएको छ तर हामीलाई मृतकलाई मर्नुपर्नेसम्मको कारण, मार्नलाई बनाएको योजना सहमति र तयारी (Meeting of mind) हाम्रो मानसिक अवस्था यस्तो प्रकृति थियो र अपराध घटाउँदा हामी प्रतिवादीहरूको आपराधिक दायित्व, भूमिका, संलग्नता यसरी सम्पन्न भएको हो भनी प्रतिव्यक्ति प्रमाणहरू पुऱ्याई अभियोग लगाएको अवस्था पनि नरहेको र फैसलामा आत्मनिष्ठ आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर नै स्थापित हुन नसकेको अवस्थामा म प्रतिवादीलाई ऐ. ऐनको १७(३) नं. बमोजिम जानाजान कानूनको व्याख्यात्मक त्रुटि गरी तथा प्रमाण ऐन, २०३१ को दफा ३, ७(ग), १०, १८ २५ र ५४ बमोजिम वादी पक्षले बुझ्नु पर्ने प्रमाण नबुझेको र नबुझ्नु पर्ने प्रमाण बुझी गरेको तर्कसङ्गत अनुमान नगरी आत्मनिष्ठ अनुमान गरेको, वादी पक्ष र प्रतिवादी बाबु खाँका संयुक्त साक्षीहरूको सुरू र अदालतमा भएको विवादास्पद बकपत्रलाई मात्र आधार बनाएको र वादी दाबी प्रमाणित गर्ने भार अभियोजन पक्षले पूरा नगरेको अवस्थामा समेत कसुर ठहर गरी सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१।०५।१५ मा भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पूर्ण इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी हसिना

हास्मीको तर्फबाट पुनरावेदन अदालत नेपालगन्जमा परेको पुनरावेदन पत्र।

यसमा दुवै पक्षको पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन एक अर्कालाई जानकारी गराई अनुपस्थित प्रतिवादीहरूलाई म्याद जारी गरी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।०१।२७ मा भएको आदेश।

पुनरावेदक प्रतिवादी हसिना हास्मीसमेतको कानून व्यवसायी विद्वान् अधिवक्ता श्री शालिकराम सापकोटा, प्रतिवादी बाबु भन्ने रहिस खाँको कानून व्यवसायी विद्वान् अधिवक्ता श्री टीकाजंग सिंह तथा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकिल कार्यालय, नेपालगन्जले पेस गरेको बहसनोट मिसिल सामेल रहेको रहेछ।

शिवा हास्मीले आफू आगोले जलेको अवस्थामा रहेको भए तापनि निज बोल्न सक्ने अवस्थामा थिइन् । निजलाई देख्दा शरीर जलेको अवस्थामा थियो। निजले मसमक्ष कागज गर्दा कागजमा लेखिएकै बेहोरा भनेकी थिइन् भनी पुनरावेदन अदालत नेपालगन्जमा बुझिएका पूर्णबहादुर वलीले गरेको बकपत्र।

शिवा हास्मी चिन्ताजनक अवस्थामा बर्दिया जिल्ला अस्पतालमा उपचार गराइरहेको अवस्थामा मेरोसमक्ष कागज भएको हो । निजलाई आगो कसले लगाएको हो भनी सोध्दा निजले भनिन्; म धारामा पानी लिन गएकी थिएँ, त्यसै अवस्थामा मेरो पछाडिबाट बाबु खाँजस्तो व्यक्तिले पेट्रोल खन्याई आगो लगाई दियो भनी भनेकी थिइन् भनी अनुसन्धान गर्ने प्रहरी कर्मचारी अरूणकुमार सिंहले पुनरावेदन अदालत नेपालगन्जमा गरेको बकपत्र।

अत: माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी रिजवान अहमद हास्मी र प्रतिवादी सिद्धु भन्ने रिहान अहमद हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्म कैद हुने र प्रतिवादी हसिना हास्मीलाई ऐ.को १७(३) नं. बमोजिम २ (दुई) वर्ष कैद सजाय हुने तथा प्रतिवादी बाबु खाँ भन्ने रइस खाँलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१०।२४ मा भएको फैसला।

प्रस्तुत मुद्दामा प्रतिवादी हसिना हास्मीसमेत उपर किटानी जाहेरी परेको छ । सो किटानी जाहेरी बेहोरालाई समर्थन गर्दै जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा मृतक शिवा हास्मी र बाबु भन्ने रइस खाँको प्रेमसम्बन्धको विषयलाई लिएर परिवारमा वादविवाद हुँदा जाहेरवाला आरिफ अहमदले निजहरूको विवाह गराइदिने भन्दा प्रतिवादी हसिना हास्मीले शिवा हास्मीलाई मारिदिने भनी भनेकी थिइन् भनी लेखाई दिएकोसमेतबाट प्रतिवादी हसिना हास्मीको उक्त घटनामा मुख्य भूमिका रहेको पुष्टि भइरहेको छ । यी प्रतिवादी आमा हसिना हास्मीको चाहनाविपरीतको व्यक्तिसँग मृतकले प्रेमसम्बन्ध राखेको रिसइवी लिई निजलाई आगो लगाई मार्ने कार्यमा संलग्नता रहेको र मृतक प्रतिवादी हसिना हास्मीले मृतकको प्रेम सम्बन्ध छुटाउन जेसुकै पनि गर्न तयार रहेको परिस्थितिको मूल्याङ्कन एवं विश्लेषण नै नगरी भएको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी हसिना हास्मी र मृतक शिवा हास्मी एउटै कोठामा सुतेको र बिहान सबेरै हास्मीलाई आगो लगाएको र आगो लागी घाइते भएको शिवालाई उपचार गर्न लैजान निजले समेत आलटाल गरेको भन्ने जाहेरी तथा मृतकको घरको भित्रबाट मानिसको शरीरको आगोको लप्का घर पछाडिपट्टि गएको र निभेको देखेको भन्ने लक्ष्मी थापा, शिवा मण्डल, जुमा अन्सारीसमेतले लेखाई दिएको कागज, हरिसुन

शेषले कागज गर्दा हसिना हास्मीले सिद्धु अर्थात् रिहान अहमद हास्मीले जलाई दियो भन्ने २ पटक कराएको सुनेको भन्ने घटनाका प्रत्यक्षदर्शी एवं थाहा पाउने अन्य मानिसहरूले बेहोरा लेखाई दिएको अवस्था विद्यमान हुँदाहुँदै उल्लिखित प्रमाणहरूको विवेचना नै नगरी समान स्तरका अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरे तापनि यी प्रतिवादी हसिना हास्मीलाई कम सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

प्रतिवादी बाबु भन्ने रइस खाँउपर किटानी जाहेरी परेको छ। सो किटानी बेहोरालाई मृतक शिवा हास्मीले आफू जीवित छँदै मौकामा कागज गर्दा अर्थात् मृत्युकालीन घोषणा (Dying Declaration) गर्ने क्रममा बाबु भन्ने रइस खाँले बिहान धारामा पानी लिन गएको अवस्थामा मलाई पर्खालपछाडि ल्याई तँलाई मारिदिन्छु भनी प्लास्टिकको बोतलमा ल्याएको पेट्रोल खनाई सलाई कोरी शरीरमा फालिदिएको हो भनी किटानीपूर्वक लेखाई दिएको देखिन्छ। घटनामा स्वयं घाइतेले मौकामा व्यक्त गरेको कुरालाई प्रमाणको रूपमा लिनु पर्ने कानूनी व्यवस्था हुँदाहुँदै उक्त प्रमाणको बेवास्ता गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलामा प्रमाणको मूल्याङ्कन एवं विश्लेषणमा गम्भीर कानूनी त्रुटि रहेको छ। अतः उल्लिखित आधार र कारणबाट प्रतिवादी हसिना हास्मीलाई दाबीभन्दा कम सजाय हुने र प्रतिवादी बाबु भन्ने रइस खाँलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला त्रुटिपूर्ण हुँदा सो बदर गरी निज प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दर्ता भएको पुनरावेदनपत्र।

उच्च अदालतले गरेको फैसलामा मुख्य आधारको रूपमा आरिफ अहमद राइनको किटानी जाहेरी दरखास्त र निजको अदालतसमक्ष भएको बकपत्रलाई लिएको छ। जाहेरी दरखास्त आफैँमा अभियोग पुष्टि गर्ने महत्त्वपूर्ण प्रमाण हुन सक्दैन। यो त केवल अपराध अनुसन्धानको एउटा सूचनासम्म हो। जाहेरी दरखास्त कुनै व्यक्तिको नाम उल्लेख गर्दैमा उक्त जाहेरी दखास्तलाई किटानी जाहेरी भन्न मिल्दैन। जाहेरवाला आरिफ अहमद राइनले अनुमानको भरमा हामी परिवारका सदस्यले शिवा हास्मीलाई मारेको भनी लेखाउनु भएको छ। यदि कुनै व्यक्तिले कुनै अपराधमा कसैको संलग्नता पुष्टि हुने तरिकाले प्रमाणसहित नाम उल्लेख गर्दछ भने त्यसलाई किटानी जाहेरी दरखास्त भन्न सकिन्छ। प्रस्तुत मुद्दामा किटानी भनिएको जाहेरी दरखास्त तथ्य र प्रमाणमा आधारित नभई अनुमान र शंकामा आधारित भएकोले उक्त जाहेरी दरखास्त किटानी हुन सक्दैन। अनुमानका आधारमा जाहेरी दिने जाहेरवालाले अदालतमा आई गरेको बकपत्रको कुनै प्रामाणिक मूल्य हुन सक्दैन।

उक्त घटनामा हाम्रो बहिनी शिवा हास्मीको मृत्यु भएको छ। सुरूमा पुनरावेदकमध्येको म रिजवान अहमद हास्मीले बाबु खाँ भन्ने व्यक्तिउपर शंका गरी जाहेरी दरखास्त दिएको थिएँ। अदालतले फैसला गर्दा निजलाई सफाइ दिई जबरजस्ती तर्कका आधारमा हामी पुनरावेदकलाई सजाय गरेको अवस्था छ। कतिपय मुद्दामा चश्मदिद गवाहको अभाव हुनु स्वाभाविक रहे तापनि कसैलाई दोषी प्रमाणित गर्न वस्तुनिष्ठ प्रमाणको आवश्यकता हुन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि फौजदारी कसुरमा दाबी प्रमाणित गर्ने भार वादी पक्षमा रहने स्पष्ट व्यवस्था गरेको छ।

बाहिरी मानिसले आगो लगाएको भए प्रतिवादी हसिनाले देख्नु पर्ने भन्ने पनि निर्णयाधार बनाइएको छ। निजले पनि बयानमा कहिँकतै हामी पुनरावेदकले आगो लगाएको पनि भन्नुभएको छैन प्रतिवादीले पीडितलाई अस्पताल लैजान पहल नगरेको भनी गलत तथ्यलाई फैसलामा उल्लेख गरिएको

छ । आगो लागेको देखेपश्चात् आमा चिच्याउनु भएको, हामी पुनरावेदकलगायत परिवारका सदस्यहरू उठेका, पीडितको आगो निभाएको र प्रहरीसमेत आइसकेपछि तुरुन्त अस्पताल लगेको तथ्यलाई फरक ढंगले व्याख्या गरिएको छ। आमा चिच्याउँदा हामी पुनरावेदक सुतिरहेको अवस्था प्रमाणित भइसकेपछि हामीले कसरी आगो लगाउन सक्दछौं ? उक्त कुरालाई ध्यान दिइएको छैन।

प्रस्तुत मुद्दाको पीडित शिवा हास्मीले जिल्ला अस्पताल बर्दिया र नेपालगन्जजमा उपचार गरेको अवस्थामा र बाटोमा समेत आफूलाई बाबु खाँले आगो लगाएको भनेर भनेको उक्त बेहोरा भनेको भनी विभिन्न व्यक्तिहरूले भनेको र पीडित स्वयंले कागज गरेको अवस्थामा उक्त तथ्यलाई प्रमाणमा नलिई गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ११ को प्रतिकूल भई त्रुटिपूर्ण रहेको हुँदा सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू रिजवान अहमद हास्मी र सिद्धु भन्ने रिहान अहमद हास्मीको तर्फबाट यस अदालतमा दर्ता भएको संयुक्त पुनरावेदनपत्र।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले प्रस्तुत मुद्दामा प्रतिवादी हसिना हास्मीसमेत उपर किटानी जाहेरी परेको छ। सो किटानी जाहेरी बेहोरालाई समर्थन गर्दै जाहेरवालाले अदालतसमक्ष उपस्थित भई बकपत्र गरिदिएको छ । मृतक शिवा हास्मी र बाबु भन्ने रइस खाँको प्रेमसम्बन्धको विषयलाई लिएर परिवारमा वादविवाद हुँदा जाहेरवाला आरिफ अहमदले निजहरूको विवाह गराइदिने भन्दा प्रतिवादी हसिना हास्मीले शिवा हास्मीलाई मारिदिने भनी भनेकी थिइन् भनी लेखाई दिएकोसमेतबाट प्रतिवादी हसिना हास्मीको उक्त घटनामा मुख्य भूमिका रहेको पुष्टि भइरहेको छ । प्रतिवादी हसिना हास्मी र मृतक शिवा हास्मी एउटै कोठामा सुतेको र बिहान सबेरै हास्मीलाई आगो लगाएको र आगो लागी घाइते भएको शिवालाई उपचार गर्न लैजान निजले समेत आलटाल गरेको भन्ने जाहेरी तथा मृतकको घरको भित्रबाट मानिसको शरीरको आगोको लप्का घर पछाडिपट्टि गएको र निभेको देखेको भन्ने लक्ष्मी थापा, शिवा मण्डल, जुमा अन्सारीसमेतले लेखाई दिएको कागज, हरिसुन शेषले कागज गर्दा हसिना हास्मीले सिद्धु अर्थात् रिहान अहमद हास्मीले जलाई दियो भन्ने २ पटक कराएको सुनेको भन्ने घटनाका प्रत्यक्षदर्शी एवं थाहा पाउने अन्य मानिसहरूले बेहोरा लेखाई दिएको अवस्था विद्यमान हुँदाहुँदै उक्त प्रमाणहरूको विवेचना नै नगरी समान स्तरका अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरे तापनि यी प्रतिवादी हसिना हास्मीलाई कम सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

त्यसैगरी अर्का प्रतिवादी बाबु भन्ने रइस खाँउपर किटानी जाहेरी परेको छ । सो किटानी बेहोरालाई मृतक शिवा हास्मीले आफू जीवित छँदै मौकामा कागज गर्दा अर्थात् मृत्युकालीन घोषणा (Dying Declaration) गर्ने क्रममा बाबु भन्ने रइस खाँले बिहान धारामा पानी लिन गएको अवस्थामा मलाई पर्खालपछाडि ल्याई तँलाई मारिदिन्छु भनी प्लास्टिकको बोतलमा ल्याएको पेट्रोल खनाई सलाई कोरी शरीरमा फालिदिएको हो भनी किटानीपूर्वक लेखाई दिएको देखिन्छ । घटनामा स्वयं घाइतेले मौकामा व्यक्त गरेको कुरालाई प्रमाणको रूपमा लिनु पर्ने कानूनी व्यवस्था हुँदाहुँदै उक्त प्रमाणको बेवास्ता गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलामा प्रमाणको मूल्याङ्कन एवं विश्लेषणमा गम्भीर कानूनी त्रुटिरहेको हुँदा प्रतिवादी हसिना हास्मीलाई अभियोग मागदाबीभन्दा कम सजाय हुने र प्रतिवादी बाबु भन्ने रइस खाँलाई अभियोग

मागदाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलामा गम्भीर कानूनी त्रुटि रहेको हुँदा सो बदर गरी निज प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी गर्नु भएको बहससमेत सुनियो।

उल्लिखित बहस जिकिर र तथ्य भएको प्रस्तुत मुद्दामा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा मृतक शिवा हास्मीलाई प्रतिवादीहरू बाबु भन्ने राइस खाँ, रिहान अहमद हास्मी, हसिना हास्मी, रिजवान अहमद हास्मीसमेतको कर्तव्य एवं संलग्नताबाट शिवा हास्मीलाई आगोले जलाई कर्तव्य गरी मारेको भन्ने तथ्य प्रमाणित हुन आएकोले प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३ नं. बमोजिमको कसुर भएकोले यी प्रतिवादी बाबु भन्ने राइस खाँ, रिहान अहमद हास्मी, हसिना हास्मी, रिजवान अहमद हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी रहेको देखिन्छ।

प्रतिवादी बाबु भन्ने रइस खाँले अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादी रिजवान अहमद हास्मी र सिद्धु भन्ने रिहान अहमद हास्मीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा जन्मकैदको सजाय हुने र प्रतिवादी हसिना हास्मीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१।०५।१५ मा भएकोमा फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादीहरूको तर्फबाट उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा पुनरावेदन परेकोमा सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१०।२४ मा फैसला भएको देखियो। सो फैसलाउपर वादी र प्रतिवादी दुवै पक्षको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

२. निर्णयतर्फ विचार गर्दा सर्वप्रथम प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कन नै नगरी प्रतिवादी हसिना हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने र अर्का प्रतिवादी बाबु भन्ने रइस खाँलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलामा गम्भीर कानूनी त्रुटि रहेको हुँदा सो फैसला बदर गरी निज प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्नु पर्ने देखियो।

३. सो सम्बन्धमा हेर्दा पीडित मृतक शिवा हास्मीको मृत्यु कर्तव्यबाटै भएको हो भनी यी प्रतिवादीहरूउपर अलग अलग जाहेरी परेको देखिन्छ। पहिलो जाहेरी मृतककै दाजु रिजवान हास्मीको तर्फबाट परेको देखिन्छ। मृतक शिवा हास्मीको मृत्यु नहुँदै परेको उक्त जाहेरीमा बाबु खाँ भन्ने व्यक्तिले मेरो घरको पछाडि उत्तरतर्फको पर्खालबाट रातो रङ्गको प्लाष्टिकको जगमा लिई आएको पेट्रोल मेरो बहिनीको शरीरमा हाली सलाई कोरी ज्यान मार्नको लागि आगोसमेत लगाई मृतक बहिनीलाई जलाएको भनी बाबु खाँउपर किटानी जाहेरी दिएको देखिन्छ। दोस्रो जाहेरी मृतककै अर्का दाजु तनवीर अहमद हास्मीले दिएको देखिन्छ। निजले पनि आफ्नो जाहेरीमा बहिनीलाई पेट्रोल छर्केर आगो लगाएको भनी बाबु भन्ने

रईस खाँउपर नै किटानी जाहेरी दिएको देखिन्छ। तेस्रो जाहेरी घरपरिवार बाहिरका मृतकका छिमेकी आरिफ अहमद राइनको तर्फबाट परेको देखिन्छ । उक्त तेस्रो जाहेरीमा घरपरिवारका सदस्यहरूमध्ये सिद्धु भन्ने रिहान अहमद हास्मी, रिजवान अहमद हास्मी र हसिना हास्मी मिली मृतक शिवा हास्मीलाई पेट्रोल छर्की मार्ने काम गरेका हुन् भनी निजहरूउपर किटानी जाहेरी दिएको अवस्था छ । यसरी मृतकका घरपरिवारका जाहेरवाला दाजुहरूले बाबु खाँलाई र घरपरिवारदेखि बाहिरका मृतकका छिमेकी आरिफ अहमद राइनले मृतकका घरपरिवारका आमा र दाजुहरूलाई नै कसुरदार देखाई किटानी जाहेरी दिएको देखिन्छ।

४. पहिलो र दोस्रो जाहेरीमा बाबु खाँले विवाह गरौं भनी बहिनीलाई दबाब दिँदै आएकोमा बहिनीले अस्वीकार गरेकीले घरको उत्तरतर्फको पर्खालबाट पेट्रोल छर्की फाली आगो लगाई जलाएको भनी उल्लेख गरिएको छ भने तेस्रो जाहेरीमा बाबु खाँ र शिवा हास्मीबिच प्रेमसम्बन्ध रहेको, सो सम्बन्धलाई लिएर मिति २०६९।०८।२० मा शिवा हास्मीका साहिला दाजु रिजवान र कान्छा दाजु सिद्धुले शिवा हास्मीका प्रेमी बाबु खाँलाई लतारेर आफ्नै घरमा लगी कुटपिट गरेका, शिवा हास्मीलाई एउटा कोठामा थुनेको देखेको अवस्थामा मैले मुस्लिम समाजको रीतिरिवाजअनुसार मौखिक मिलापत्र गराई गएकोमा २० गतेको कुरालाई जरीया लिई २१ गते राति केटी शिवा हास्मीलाई कुटपिट गरेका, तेरो विवाह कुनै हालतमा बाबु खाँसँग हुन दिन्नौं, त्यसको नाम लिइस् भने पेट्रोल छर्केर मारी फाल्छौं भनेका रहेछन्, मिति २०६९।८।२२ गते बिहान अन्यायीहरूले बाबु खाँसँगको सोही प्रेम सम्बन्धको जरीयालाई लिएर पेट्रोल छर्की आगो लगाई सख्त घाइते बनाएकोमा निज मृतकको उपचारको क्रममा मृत्यु हुन गएकोले शिवा हास्मीको मृत्यु अन्य कोही व्यक्तिबाट नभई मृतकका आफ्नै घरपरिवारका सदस्यमध्ये सिद्धु हास्मी, रिजवान हास्मी र हसिना हास्मीसमेत मिली निज शिवा हास्मीलाई पेट्रोल छर्की मार्ने काम गरेकोले कारबाही गरिपाउँ भन्ने आरिफ अहमद राईनको जाहेरी दरखास्तको बेहोरा रहेको देखिन्छ।

५. निज मृतक शिवा हास्मीको शरीरमा मिति २०६९।०८।२२ गते बिहान अन्दाजी ६ बजेको समयमा पेट्रोल छर्की आगोले जलेकोमा उपचारको क्रममा मिति २०६९।०८।२७ गते निजको मृत्यु भएको भन्ने सम्बन्धमा वीर अस्पतालमा भएको लास जाँच प्रकृति मुचुल्का हेर्दा मृतक शिवा हास्मीको निधारको भागमा छाला उस्किएको, दुवै आँखा बन्द, मुख अर्ध खुल्ला, दुवै कान जलेको, अनुहारको भाग पूरै जली छाला खुइलिएको, घाँटीदेखि दुवै खुट्टाको गोलीगाँठासम्म उपचारको क्रममा बाँधिएको ब्यान्डेज खोली हेर्दा मृतक शरीरको छाला पूरै जली खुइलिएको, दुवै हात पाखुरा पञ्जासमेत जली छाला खुइलिएको, योनि मलद्वार जलेको, योनिबाट तरल पदार्थ निस्किएको, कपाल जली खुम्रिएको, गर्धन तथा पिठ्युँसमेतको भाग आगोले जली छाला खुइलिएको, मृतकको शरीर ९०% आगोले जलेको भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का एवं मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारणमा (Flame burn injuries) उल्लेख भएको र (Burn injury over body. Burn injury is about 80-90%. Swelling of face and neck region) भन्ने बेहोराको घाउ जाँच केस फाराम रहेको देखिन्छ। साथै शरीरको अगाडिको भाग बढी जलेको हुनाले सोही भागबाट आगो लागेको अनुमान गर्न सकिने भन्नेसमेत बेहोराको जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको मिति २०६९।९।२४ को पत्रबाट लेखिआएको देखिन्छ। यी सबै कागज प्रमाणहरू र मौकामा बुझिएका व्यक्तिहरूको भनाइसमेतका आधारमा मृतक शिवा हास्मीको मृत्यु आगोले जलेर भएको तथ्यमा कुनै विवाद रहेको देखिँदैन।

६. मृतककी आमा प्रतिवादी हसिना

हास्मीले मौकामा घटना विवरण कागज गर्दा छोरी शिवा हास्मीलाई को कसले आगो लगायो, मैले कसैलाई देखिनँ भनी लेखाई दिएको र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा शिवा हास्मीलाई शरीरमा आगो लागेको अवस्थामा निजले मलाई बचाउ, आगो निभाउ भन्दै कराएकी थिइन् भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ। मुन्ना भन्ने सुभान अहमद हास्मीले आफ्नो घटना विवरण कागजमा भाइजान बचाउ भनेकी थिइन् भनी बेहोरा लेखाएको र निजले अदालतमा समेत उपस्थित भई बकपत्र गर्दा बहिनी पानीको खाल्डोमा हामफालिन् भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ । मृतकका मामा अब्दुल मोईज हास्मीले अदालतसमक्ष बकपत्र गर्दा गल्लीबाट बाहिर हेर्दा शिवा हास्मी जलिरहेको अवस्थामा दौडँदै जाँदै थिइन्, म जाँदाजाँदै भान्जी शिवा हास्मी पानीको खाल्डोमा हामफालिन् भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ । उल्लिखित व्यक्तिहरूसमेतका कथनबाट मृतक शिवा हास्मी आफ्नो शरीरमा आगो लागेपछिको अवस्थामा बाँच्नको लागि प्रयासरत रहेको भन्ने देखिन्छ । निज मृतकले एकाबिहानै उठी आफ्नो शरीरमा आफैँ पेट्रोल खन्याई आत्महत्या गर्नुपर्नेसम्मको अवस्था रहेभएको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन।

७. मृतक शिवा हास्मी र प्रतिवादी बाबु खाँ एकअर्काप्रति प्रेम सम्बन्धमा रही उनीहरूको प्रेम सम्बन्ध वैवाहिक बन्धनमा बाँधिने चरणमा पुगेको अवस्था रहेको कुरा निजहरूको बिच मोबाइलमा भइरहेको **"बाबु हम नरही रहपाते तुम्ने बिना"** भन्ने जस्ता सन्देश मृतकले आफ्नो प्रेमी बाबु खाँलाई पठाएको मिसिल सामेल रहेको मोबाइल कल डिटेल तथा प्रतिवादी बाबु खाँको मौकाको र अदालतको बयान बेहोरा एवं मृतककी आमा प्रतिवादी हसिना हास्मीले अदालतसमक्ष बकपत्र गर्दा मृतक छोरीले बाबु खाँलाई म तिमी बिना बाँच्न सक्दिन भनेको सुनेको र (स.ज. २४ मा) मेरी छोरीको विवाहको लागि काठमाडौँबाट धनी परिवारको मुस्लिम केटाबाट विवाहको प्रस्ताव आएकोमा छोरीले म टाढा विवाह गर्दिन, बाबुसँगै विवाह गर्छु भनी जिद्दी लिएको भन्नेसमेतको बयान बेहोरा लेखाई दिएको कथनबाट मृतक शिवा हास्मी र प्रतिवादी बाबु खाँ एकआपसमा प्रेमी प्रेमिका भएको प्रस्ट देखिन्छ।

८. मृतक शिवा हास्मीलाई आगो लगाएको वारदात हुनु २ दिनअघि अर्थात् मिति २०६९।८।२० गते शिवा हास्मीका साहिला दाजु रिजवान र कान्छा दाजु सिद्धुले शिवा हास्मीका प्रेमी बाबु खाँलाई लतारेर आफ्नै घरमा लगी कुटपिट गरेको र शिवा हास्मीलाई एउटा कोठामा थुनेको र निज शिवा हास्मीलाई तेरो विवाह कुनै हालतमा बाबु खाँसँग हुन दिन्नौं, त्यसको नामसमेत लिइस् भने पेट्रोल छर्केर मारी फाल्छौं भनेका र सोको २ दिनपछि २२ गते आगो लगाई जली उपचारको क्रममा निजको मृत्यु भएको हुँदा निज शिवा हास्मीको मृत्यु अन्य कोहीबाट नभई आफ्नै घरका सदस्यमध्ये सिद्धु रिजवान र हसिनासमेत मिली पेट्रोल छर्की जलाई मार्ने काम गरेका हुन् भनी आरिफ अहमद राईनले दिएको किटानी जाहेरी दरखास्तको बेहोराबाट प्रतिवादी बाबु खाँ र मृतक शिवा हास्मीबिच रहेको प्रेम सम्बन्धलाई लिएर प्रतिवादीहरू हसिना हास्मी, रिहान अहमद हास्मी र रिजवान अहमद हास्मीले अस्वीकार गरेको र आक्रोश रहेको देखिन्छ।

९. मृतक शिवा हास्मी र प्रतिवादी बाबु खाँबिच रहेको प्रेम सम्बन्ध टुटाउन बाबु खाँलाई निजको घरबाट आफ्नो घरसम्म लतारेर ल्याउने, हातपात गरी धम्क्याउने, मृतकलाई आगो लगाई जलाएको, वारदात भएको अघिल्लो दिन मृतकका दाजु रिजवानद्वारा प्रहरी कार्यालयसमक्ष उजुर पारी बाबु खाँ र मृतक शिवा हास्मीबिच फोन तथा एस.एम. एस. केही गर्न नपाउने, बाबु खाँको मोबाइलको मेसेज डिलिट गर्न लगाउनेलगायतका प्रयासहरू प्रतिवादीहरू हसिना, रिजवान र रिहानसमेतबाट भएको तथ्य बाबु

खाँको बयान, जाहेरवाला आरिफ अहमदको जाहेरी एवं निजको बकपत्रको बेहोराबाट पुष्टि हुन आएको देखिन्छ । त्यसैगरी मेरो बहिनी शिवा हास्मीलाई प्रतिवादी बाबु खाँले प्रेम सम्बन्ध राखेको भनेपछि रिस उठी मैले मिति २०६९।०८।२० गते निज बाबु खाँलाई २/३ थप्पड हानेको हुँ भनी मृतककै माहिला दाजु मुन्ना भन्ने सुभान अहमद हास्मीले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागजसमेतबाट प्रेम सम्बन्ध छुटाउन धेरै प्रयत्न भइरहेको भए तापनि उनीहरूबिचको प्रेम सम्बन्ध टुटाउन नसकिरहेको अवस्था रहेको भन्ने मिसिलबाट देखिएको स्थितिमा प्रतिवादी बाबु खाँले मृतक शिवा हास्मीलाई आगोले जलाई मार्नुपर्ने कुनै स्वाभाविक कारण र परिस्थिति रहेभएको देखिँदैन।

१०. सर्वप्रथम प्रतिवादी बाबु भन्ने रइस खाँ कसुरदार हुन् वा होइनन् भन्ने सम्बन्धमा हेर्दा प्रतिवादी बाबु भन्ने रईस खाँको स्थायी घर भारतको बहराइचमा रहेको र बिगत १२ वर्षदेखि नेपालमा खासगरी बर्दियामा आमा बुबाको साथमा डेरा गरी बस्ने मोटरसाइकल रिपेरिङ काम गर्ने कामदार मजदुर जम्मा ५ कक्षासम्म अध्ययन गरेका, २२ वर्षीय निज प्रतिवादी र भारतको नानपाराबाट हाइस्कूल पास गरी ११ कक्षा पढ्ने तरखरमा रहेकी १९ वर्षीय शिवा हास्मीबिच प्रेम सम्बन्ध रहन गएको देखिन्छ । निजहरूबिचको प्रेम सम्बन्ध रहेको कुरा निजहरूबिच मोबाइल फोनमा हुने गरेको **"म तिमी बिना बाँच्न सक्दिन" "बाबु हम नही रहपाते तुम्ने बिना"** जस्ता सन्देशहरू शिवा हास्मीले पठाएको सन्देशबाट पुष्टि भइरहेको देखिन्छ।

११. प्रतिवादी बाबु खाँ र मृतक शिवा हास्मीबिच प्रेम सम्बन्ध रहेको भन्ने देखिइरहेको अवस्थामा मिति २०६९।८।२२ गते एकाबिहानै आफ्नै घर परिसरभित्र शिवा हास्मीको शरीरमा पेट्रोल छर्की आगो लगाई ९० प्रतिशत शरीर जलेको अवस्थामा उपचारको क्रममा निजको मृत्यु भएको घटनाको तथ्य रहेकोमा सो घटना हुनुअघि यी दुई प्रेमी प्रेमिकाबिच कुनै मनमुटाव, वादविवाद झैझगडा केही भएको वा कुनै असहज परिस्थिति उत्पन्न भएको भन्ने कहीँकतैबाट पनि खुल्न आएको देखिँदैन । आफ्नो प्रेमिका मृतक शिवा हास्मीलाई यी प्रतिवादी बाबु खाँले पेट्रोल छर्की आगो लगाई जलाई हत्या गर्नुपर्नेसम्मको कुनै कारण रहेभएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन।

१२. मृतकका दाजुहरू जाहेरवाला रिजवान र तनवीरको जाहेरीअनुरूप मृतकको घर पर्खाल बाहिरबाट यदि प्रतिवादी बाबु खाँले नै पेट्रोल फाली मृतक शिवा हास्मीलाई जलाएको हो भनी मान्ने हो भने सो समयमा मृतकको आमा सोही ठाउँमा रहेको भन्ने देखिन्छ । निज प्रतिवादीले त्यसरी पेट्रोल फ्याँक्दा मृतकको आमा हसिना हास्मीले स्वाभाविक रूपमा देख्नु पर्नेमा निज प्रतिवादीलाई पेट्रोल छर्केको देखेको भनी भन्न पनि सकेको देखिँदैन । मृतककी आमाले कसैलाई नदेखेको भनाइ व्यक्त गरेको देखिन्छ। निजले छोरी शिवा हास्मीको शरीरमा एक्कासी आगो लागेको मात्र देख्नु र आगो लगाउने मानिस कसैलाई नदेख्नुबाट जाहेरवालाहरूले यी प्रतिवादीलाई फसाउने उद्देश्यबाट जाहेरी दरखास्त दर्ता गराएका हुन् भन्ने पुष्टि हुन्छ।

१३. घटनास्थलको प्रकृतितर्फ विचार गर्दा प्रतिवादी बाबु भन्ने रईस खाँले पर्खाल बाहिरबाट पेट्रोल छर्की मृतक शिवा हास्मीलाई आगो लगाएको भन्ने निजउपरको अभियोग दाबी वस्तुपरक रहेको मान्न सकिने अवस्था देखिँदैन । जाहेरवाला रिजवान हास्मीको जाहेरीमा जाहेरवालाको घरको उत्तरतर्फको पर्खालबाट प्रतिवादी बाबु खाँले रातो प्लाष्टिकको जगमा लिई आएको पेट्रोल बहिनी शिवा हास्मीको शरीरमा हाली सलाई कोरी ज्यान मार्नको लागि आगोसमेत लगाई दिएको भन्ने उल्लेख गरेको भए तापनि जाहेरीमा उल्लिखित उक्त रातो प्लाष्टिकको जग बरामद हुन सकेको देखिँदैन।

१४. त्यसैगरी यदि उत्तरतर्फको पर्खाल बाहिरबाट पर्खालभित्र रहेकी भनिएकी मृतकको शरीरमा पेट्रोल फाली आगो लगाइएको भए त्यहाँ पेट्रोलको गन्ध आएको स्थिति हुनुपर्ने, कसैले पनि सो पर्खालभित्र पेट्रोलको गन्ध आएको भन्ने बेहोरा लेखाएको मिसिलबाट देखिँदैन । सो वारदात मिति र समयमा गाडी मोबाइल ड्युटीमा रहेका प्र.ना.नि. विष्णुबहादुर के.सी. ले पेस गरेको प्रतिवेदनमा निजले सो वारदात मितिका दिन बिहान ६:१५ बजे सो आगलागी भएको स्थानमा आदेशानुसार घटना भएको लगत्तै सो उत्तरतर्फको पर्खालतिर गई हेर्दा पछाडि अर्केको करेसाबारी पर्खाल नजिक चटाइले बेरेको शौचालय रहेको र पानीको हिलो रहेको देखेँ, पर्खाल वरिपरि कुनै किसिमको गन्ध थिएन । हिलोमा कुनै खुट्टा वा जुत्ताको वा चप्पलको डाम देखिएन भन्ने बेहोराको प्रतिवेदन पेस गरेको देखिन्छ । यदि त्यस स्थानमा पर्खाल बाहिरबाट पेट्रोल फालिएको भए वरिपरि पेट्रोलको गन्ध आउनु पर्नेमा पेट्रोलको गन्ध नआएको देखिनु तथा खुट्टाको, जुत्ताको र चप्पलको डामसमेत रहेको नपाइनुबाट पर्खाल बाहिरबाट प्रतिवादी बाबु खाँद्वारा पेट्रोल फालिएको भन्ने तथ्य वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको देखिँदैन ।

१५. प्रतिवादी बाबु खाँले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अभियोग दाबीबमोजिमको कसुरमा इन्कार रही आफ्नो विगत दुई वर्षअगाडिदेखि मृतक शिवा हास्मीसँग प्रेम सम्बन्ध रहेको, सो कुरा मृतकका घरपरिवारलाई स्वीकार्य नभएको, मृतकले म तिमीसँगै आत्महत्या गरी तिमीलाई फसाउँछु भन्दै आएकी, मैले त्यस्तो कुरा नगर बरू घरपरिवारलाई राजी बनाउ भन्दा घरपरिवारले मान्दैनन् भन्दै आएकी थिइन् । मैले मृतकलाई पेट्रोल हाली आगो लगाएको होइन । मृतकसँग सम्पर्क हुँदा तिमीले मलाई विवाह गरी लग्दैनौ भने मलाई मेरो घरका मानिसले आगो लगाई मारिदिन्छौं भनेका छन् भन्थिन् भन्नेसमेतका बेहोरा लेखाएको देखिन्छ ।

१६. निज प्रतिवादीले अदालतमा बयान गर्दा मृतक शिवा हास्मी र मेरोबिचमा २ वर्ष अघिदेखि प्रेम सम्बन्ध थियो । उक्त वारदात मितिमा म आफ्नै घर डेरामा सुतिरहेको थिएँ । म र शिवा हास्मीबिच प्रेम सम्बन्ध भई हामीबिच फोनबाट कुराकानी हुन्थ्यो । शिवा हास्मीले भागेर जाउँ भन्थिन्, सोही कुरामा निजको आमाले थाहा पाएपछि मलाई बोलाई तिम्रो र छोरी शिवा हास्मीबिच विवाह गरिदिन्छौं तर तिमीले मेरो सर्त मान्नु पर्छ भनेपछि निजले गुलरिया बजारमा ५ धुर जग्गा र २ तोला सुन छोरीको नाउँमा गराई दिई तिमी ३ वर्ष बाहिर कमाउन जाउ, तब विवाह गरिदिन्छु भनेकीले सो सर्त मान्न मन्जुर गरी म कमाइको सिलसिलामा सुर्खेततिर गएँ, त्यसको करिब १ हप्तापछि शिवा हास्मीले मलाई अन्यत्रै विवाह गरिदिने कुरा गरेका छन्, तिमीलाई ३ वर्षपछि विवाह गरिदिन्छु भन्ने आमाको बहाना मात्र हो, तिमी छिट्टै आउ भनेकीले म आएँ, त्यसपछि निज शिवा हास्मी र मेरोबिच फोन सम्पर्क भएको थाहा पाई निजको आमाले फोनबाट मलाई मेरो छोरीको किन पिछा लागेको छस् भनी गालीसमेत गरेकी थिइन्, शिवा हास्मीले भागेर जाँदा बुबा हर्टको बिरामी हुनुहुन्छ, पछि म आमा बुबालाई सम्झाई तब जाउँला भनेकी थिइन् । सोही विषयमा निज शिवा हास्मीको आमा र दाजुहरूले मलाई मार्ने पिट्ने कुरासमेत गरेको र मेरो आमाले सो कुरा थाहा पाई बाबु केही समयको लागि बाहिर जाउ भन्नु भएको थियो भनी र (स.ज.९ मा) मिति २०६९।०८।२२ गतेभन्दा ४ दिन अगाडि निज शिवा हास्मीले मिस कल गरिन् र मैले फोन गर्दा निजले मैले तिमीसँग विवाह गर्छुभन्दा आमा दाजुसमेत घर परिवारले मानेका छैनन् । त्योसित विवाह गरिदिनु भन्दा बरू मारिदिन्छौं भनेका छन् भनी फोन गरेकी थिइन् भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ । निज प्रतिवादीको उक्त बयानलाई समर्थित हुने गरी मौकामा कागज गर्ने केही व्यक्तिहरूले सुरू

अदालतमा उपस्थित भई गरिदिएको बकपत्रलगायतका मिसिल संलग्न अन्य कागजहरूबाट पुष्टि हुन आएको पाइन्छ भने निजहरूको प्रेम सम्बन्धमा कुनै किसिमको मनमुटाव अथवा असमझदारी भई तनाव उत्पन्न भएको अवस्था मिसिल संलग्न प्रमाणहरू देखिएको छैन । यस्तो अवस्थामा आफ्नो प्रेमिकालाई विना कारण आगो लगाई मारे भन्ने अनुमान गर्न सकिँदैन ।

१७. मृतकका दाजु प्रतिवादी सिब्बु भन्ने रिहान अहमद हास्मीले मौकामा घटना विवरण कागज गर्दा बहिनीलाई के कसरी आगो लाग्न गएको हो सो सम्बन्धमा मलाई केही थाहा छैन भनेको देखिन्छ भने निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा दाइ रिजवान अहमद हास्मीले मेरो बहिनी शिवा हास्मीलाई पेट्रोल हाली आगो लगाउने बाबु खाँ हो भनी जिल्ला प्रहरी कार्यालयमा दर्खास्त दिएका रहेछन् । के कुन प्रमाणबाट उक्त किटानी जाहेरी दरखास्त दिएका हुन् मलाई थाहा जानकारी भएन, मेरो बहिनीसँग कुरा हुँदाको अवस्थामा आगो के कसरी लाग्न पुगेको हो सोसम्बन्धी केही कुरा नबताएकाले आगो के कसरी लाग्न पुगेको हो यकिन थाहा छैन भनी बेहोरा लेखाएको देखिन्छ । निजले अदालतसमक्ष बयान गर्दा बाबु खाँले पनि आगो लगाएजस्तो मलाई लाग्दैन भनी बयान गरेको देखिएबाट प्रतिवादी बाबु खाँको कसुरमा संलग्न नहरेको पुष्टि हुन्छ ।

१८. त्यसैगरी घटना विवरण कागज गर्ने पप्पु अहमद हलुवाई, मोहम्मद अयुव हलवाई, अब्बुल हसनसमेतका मानिसले बाबु खाँले मृतक शिवा हास्मीलाई जलाएको होइन भनेको देखिन्छ । अदालतमा आई बकपत्र गर्दा मोहम्मद अयुब हलवाई, शिखा मण्डल, हसिब हलवाई, जाहेरवाला अरीफ अहमद राइनले बाबु खाँले शिवा हास्मीलाई आगो लगाई मारेका होइनन् भनी बकपत्र गरेको देखिन्छ । घटना विवरण कागज गर्ने हरिसुन शेषले म पिसाब फेर्न निस्किएको अवस्थामा जाहेरवाला रिजवान हास्मीको आमाले सिब्बु जलादिया भन्दै दुई पटक कराएको सुनेको हुँ भनी लेखाई दिएको र निजले अदालतमा समेत सोही बेहोराको बकपत्र गरेको तथा मृतक शिवा हास्मी जाहेरवाला रिजवान अहमद हास्मीको घरभित्र ग्यालरीबाट शरीरमा आगो बल्दै बाहिर निस्किएको मैले देखेकी हुँ भन्नेसमेत बेहोराको लक्ष्मी थापा, जुमा अन्सारीसमेतको अलग अलग कागजसमेत भएको अवस्थामा निजहरूका भनाइहरू हेर्दा मृतक शिवा हास्मीलाई प्रतिवादी बाबु खाँले पेट्रोल छर्की आगो लगाएको हो भनी निष्कर्ष निकाल्न मिल्ने अवस्था देखिँदैन ।

१९. जहाँसम्म मृतक शिवा हास्मीको मौकाको कागज जसलाई मृत्यु हुनुपूर्व होस छँदै व्यक्त गरेको मृत्युकालीन घोषणाको संज्ञा दिइएको र जिकिर लिइएको छ सो सम्बन्धमा विचार गर्दा मृतक शिवा हास्मीबाट बर्दिया जिल्ला अस्पताल गुलरियामा र भेरी अञ्चल अस्पताल नेपालगन्जमा व्यक्त भएको भनिएको मिति २०६९।०८।२२ को मौकाको कागज मृत्युकालीन घोषणाको रूपमा मिसिल सामेल रहेको पाइन्छ । मृत्युकालीन घोषणालाई प्रमाणमा ग्रहण गर्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ११ को व्यवस्था यसप्रकार रहेको छ **"कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको सम्बन्धमा व्यक्त गरेका कुरा प्रमाणमा लिन हुन्छ"** । यस कानूनी व्यवस्थाअनुसार मृत्युकालीन घोषणालाई प्रमाणमा लिनका लागि त्यसको सत्यता र विश्वसनीयताको परीक्षण मिसिल संलग्न अन्य तथ्य प्रमाणबाट गरिनु पर्ने हुन्छ । यदि दुई ठाउँमा वा एक पटकभन्दा बढी त्यस्तो अभिव्यक्ति अभिलिखित गरिएको अवस्था छ भने त्यसमा एकरूपता छ या छैन भन्ने पनि हेरिनु पर्ने हुन्छ । यसरी हेर्दा निज पीडितको मौकामा भएको भनिएको २ वटा कागजमध्ये मृतक शिवा हास्मीले जिल्ला अस्पताल बर्दियामा उपचारको क्रममा अस्पतालका मेडिकल अधिकृत डा.अमित लामगादेको

रोहवरमा भएको भनिएको मौकाको कागजको बेहोरा हेर्दा मिति २०६९।०८।२२ गते धारोबाट पानी ल्याउँदै गरेको अवस्थामा बाबु खाँले पछाडिबाट पेट्रोल ल्याई छरी आगो लगाएको हो **"जस्तो लाग्छ"** मेरा दुवै हातका औंलाहरू जली सहीछाप गर्न नसक्ने भएकाले यस कागजमा मेरो बायाँ खुट्टाको बुढी औंलाले छाप लगाई दिएँ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ।

२०. त्यसैगरी सोही मिति २०६९।८।२२ मा भेरी अञ्चल अस्पतालमा गरेको कागजको बेहोरा हेर्दा बाबु खाँले घर पछाडि नल्कामा पानी लिन गएको अवस्थामा तिमी मसँग विवाह गर्नुपर्छ र तिमी मसँग नगएमा तिमीलाई म मारी दिन्छु भनी भनेकोमा म तँसँग विवाह पनि गर्दिन र जाँदा पनि जाँदिन भनी भन्दा मलाई नल्काबाट समातेर देवाल पछाडि लिई तँलाई मारिदिन्छु भनी प्लाष्टिकको बोतलमा ल्याएको पेट्रोल मेरो शरीरमा खन्याई सलाईको काँटी सल्काई शरीरमा फालिदिएको हो भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ। मिति २०६९।०८।२२ गते केही समय पहिला जिल्ला अस्पताल, बर्दियामा कागज गर्दा यकिनसाथ भन्न नसकी प्रतिवादी रइस भन्ने बाबु खाँले नै मलाई पेट्रोल छरी आगो लगाएको **"जस्तो लाग्छ"** भनी कागज गर्ने मृतक शिवा हास्मीले सोही दिन केही समयपछि भेरी अञ्चल अस्पतालमा भने यकिन साथ मलाई प्रतिवादी रइस भन्ने बाबु खाँले नै पेट्रोल छरी आगो लगाएको हो भनी सुरूमा बर्दिया जिल्ला अस्पतालमा व्यक्त गरेको भन्दा फरक किसिमको बेहोरा उल्लेख गरी एकआपसमा विरोधाभासपूर्ण कथन व्यक्त भएको भन्ने पाइन्छ । भेरी अञ्चल अस्पतालमा गरिएको भनेको कागजमा चिकित्सकलगायत अस्पतालमा उपचारमा संलग्न व्यक्तिहरूलाई रोहवरमा राखेको देखिँदैन भने बर्दिया जिल्ला अस्पतालमा गरिएको भनेको कागजमा डाक्टरलाई रोहवरमा राखेको भए तापनि निज डाक्टरलाई अदालतमा उपस्थित गराई बकपत्र गराएको पाइँदैन । सोही समयमा उपचारमा संलग्न रहेकी अ.हे.व. शर्मिला सुवेदीलाई मौकामा कागज गराइएकोमा निजले कागज गर्दा मृतक शिवा हास्मीले मलाई कसैले पछाडिबाट आगो लगाइदियो भनेकी थिइन् अन्य केही बोलिनन् भनी उल्लेख गरेकोबाट बर्दिया जिल्ला अस्पतालको मृतकले सहीछाप गरेको भनिएको कागजको प्रमाणिकता खण्डित भएको पाइन्छ । त्यसैगरी प्रतिवादी बाबु खाँले मृतक शिवा हास्मीलाई आगो लगाइदिएको भनी देखाइएको घटनास्थलमा र बाबु खाँको मोटरसाइकल रिपेयरिङ वर्कसपमा मुद्दासँग प्रमाण लाग्ने चीजवस्तु केही फेला नपरेको भन्ने मिति २०६९।८।२४ को बरामदी मुचुल्का तथा निज प्रतिवादी बाबु खाँ तत्कालै पक्राउ परेको, घटनाको सम्बन्धमा बुझ्दा आमा रोइकराई रहेको, छोराहरूमध्ये जेठो मुन्ना र माहिलो चुन्नाले बाबु खाँले उत्तरतर्फको पर्खालबाट पेट्रोल छर्की आगो लगाई भागेको भनेपछि पर्खालतर्फ गई हेर्दा पछाडि अर्कैको करेसाबारी रहेको, पर्खाल नजिकै शौचालय रहेको, पानीको हिलो रहेको, वरपर कुनै चीजको गन्ध थिएन, हिलोमा कुनै जुत्ता चप्पलको डाम थिएन भन्नेसमेत बेहोराको घटनास्थलमा तत्काल पुगेको प्रहरी विष्णुबहादुर के.सी. को प्रतिवेदनबाट मौकामा मृतक शिवा हास्मीले गरेको कागज भनी प्रस्तुत भएका कागजमा उल्लिखित बेहोराबाट खण्डित भएका छन्। कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै आफ्नो मृत्युको सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा ग्रहण गर्नको लागि दुई वा दुईभन्दा बढी कागज पेस भएकोमा ती कागजहरू एकापसमा विरोधाभाषपूर्ण रहेको हुनुहुन्न, दुई वा दुईभन्दा बढी व्यक्तिहरूले सुनेको भनी लेखाएको विषय एकापसमा विरोधाभासपूर्ण हुनुहुँदैन । अस्पतालमा गराइएको भनिएको कागजमा उपचारमा संलग्न चिकित्सक वा अन्य कर्मचारीलाई रोहवरमा राखी निजहरूले अदालतसमक्ष सोको विषयमा बकपत्र गरेको हुनुपर्दछ र पेस गरिएका कागजमा उल्लिखित बेहोरा मिसिल

संलग्न कागजबाट समर्थित भएको हुनुपर्दछ, सो नभए पनि खण्डित भएको हुनुहुँदैन। प्रस्तुत मुद्दामा मृतकले मृत्यु हुनुभन्दा अगाडि होस छँदै व्यक्त गरेको भनी पेस भएका कागजहरू एकआपसमा विरोधाभासपूर्ण रहेको, एउटा कागजमा डाक्टरलाई रोहवरमा राखिएको भए तापनि डाक्टर अदालतमा उपस्थित भई सोको सत्यता प्रमाणित नभएको, सो अवस्थामा उपचारमा संलग्न कर्मचारीले कागजको बेहोरा खण्डित हुने गरी मौकामा कागज गरेको र उक्त कागजहरूमा उल्लिखित बेहोरा मिसिल संलग्न अन्य प्रमाणहरूबाट समर्थित नभई खण्डित भएको अवस्थामा अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न सकिने देखिँदैन।

२१. कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षले प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरबाट प्रमाणित गर्नु पर्दछ अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको छ। विवेचित आधार र प्रमाणहरूबाट प्रतिवादी बाबु खाँउपर किटानी जाहेरीसम्म दिएको देखिए तापनि मृतककै घरपरिवारभित्रका सदस्यले बाबु खाँउपर किन जाहेरी दिए थाहा छैन भन्ने बेहोरा लेखाएका, जाहेरवाला मृतकका दाजुहरू रिजवान अहमद र तनवीर अहमदले बाबु खाँउपर दिएको किटानी जाहेरी निजहरूकै बयानबाट खण्डित भएको र घटनास्थलको वस्तुस्थितिबाट यी प्रतिवादी बाबु खाँले मृतकलाई पेट्रोल छर्की सलाई कोरी आगो लगाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको र मृतकले उपचारका क्रममा मौकामा व्यक्त गरेका भनी पेस भएका कागजहरू प्रमाणयोग्य नदेखिएको अवस्थामा प्रतिवादी बाबु खाँ भन्ने रइस खाँलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुने हुँदा निज प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट भएको फैसला मनासिब नै रहेको देखियो।

२२. अब प्रस्तुत मुद्दाका अर्का प्रतिवादी मृतककी आमा हसिना हास्मीउपर अभियोग दाबीअनुसार नै सजाय हुनु पर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम घटी सजाय गरेको मिलेन भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा शिवा हास्मीलाई निजकै दाइ सिद्धु हास्मी, रिजवान हास्मी र आमा हसिना हास्मीले पेट्रोल हाली आगो लगाई दिएको र निजको उपचारको क्रममा मृत्यु भएको हुँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलबमोजिम कारबाही गरिपाउँ भनी आरिफ अहमद राइनले जाहेरी दिएको देखिन्छ भने यी प्रतिवादी हसिना हास्मीले अनुसन्धानमा र अदालतमा कसुर गरेकोमा इन्कार गरी बयान गरेको पाइन्छ।

२३. शिवा हास्मी घरको बिच कोठाबाट आगोले जल्दै बरन्डाबाट पछाडितर्फ जाँदै गरेको देखेकी हुँ भनी अदालतमा बकपत्र गर्ने जुमा अन्सारीले उल्लेख गरेकी छन् भने घरभित्रैबाट आगलागी भएको हो। घरभित्र को कसले किन आगो लगाए म भन्न सक्दिन भनी मो. आयुव हलवाईले बकपत्र गरेका छन्। मौकामा कागज गर्ने शिवा हास्मीका दाजु सुभान अहमद हास्मीले मेरो आमा जोडजोडसँग कराएको सुनी के भयो भनी बाहिर जाँदा बहिनी शिवा हास्मी जल्दै गरेको अवस्थामा देखेको हुँ भनी उल्लेख गरेका छन् भने मृतक शिवा हास्मीको मामा अब्दुल मोइज हास्मीले कागज गर्दा दिदी बाहिर जोडजोडसँग कराएको सुनी जाँदा भान्जी शिवा हास्मीको शरीरमा आगो लागेको देखेँ भनी लेखाएको पाइन्छ। यी भनाइहरूबाट शिवा हास्मीको शरीरमा आगो घरभित्र लागेको र यी प्रतिवादी हसिना हास्मी बाहिर कराउँदै गरेको भन्ने देखिएको स्थितिमा यी प्रतिवादी हसिना हास्मीले समेत पेट्रोल छर्की आयो लगाएको भन्ने दाबी खण्डित भएको पाइन्छ।

२४. अभियोग दाबीबमोजिम यी प्रतिवादीले मृतक शिवा हास्मीलाई आगो लगाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनु पर्दछ । प्रतिवादीउपरको अभियोग दाबी वादी पक्षले शंकारहित तवरबाट प्रमाणित गर्नुपर्दछ । जाहेरी दरखास्त आफैँमा प्रमाण होइन, अन्य परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित हुन नसकेको अवस्थामा जाहेरी दरखास्तलाई प्रमाणमा लिन मिल्दैन । प्रस्तुत वारदातमा निज प्रतिवादीले मृतकलाई आगो लगाएको भन्ने अभियोग दाबी वादी पक्षले सप्रमाण पुष्टि गर्नसकेको देखिँदैन । एक जनाभन्दा बढी प्रतिवादी रहेको ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरमा प्रत्येक प्रतिवादीउपरको अभियोग प्रतिप्रमाणबाट प्रमाणित हुनुपर्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको छ । कुनै पनि फौजदारी कसुरमा केवल गोश्वारा अभियोगको आधारमा कसुरदार ठहर गर्न मिल्दैन । निज प्रतिवादीले मृतक छोरी शिवा हास्मीलाई आगो लगाई मार्ने कार्य गरेको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित हुन नसकेको अवस्थामा जाहेरी दरखास्तमा सुनेको आधारमा आरोपित गरेकै भरमा निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्न मिल्ने देखिन आएन ।

२५. प्रतिवादी बाबु खाँ र मृतक शिवा हास्मीको बिच रहेको प्रेमसम्बन्ध छुटाउनको लागि निज प्रतिवादी हसिना हास्मीसमेतको मतसल्लाहबमोजिम प्रतिवादी बाबु खाँलाई आफ्नो घरमा ल्याई कुटपिटसमेत गरेको तथ्य निर्विवाद रूपमा रहेको छ । आफ्नो घरमा छोरी जलेर छटपटाई रहेको अवस्थामा मृतकलाई उपचार गरी बचाउन प्रयास गर्नु घरपरिवारका सदस्यहरूको त्यसमा पनि आमाको मुख्य दायित्व भएकोमा सो दायित्व यी प्रतिवादीले पूरा गरेको नदेखिएको, मृतकको छिमेकी घटना विवरण कागज गर्ने अनिता दाहाल राईनले आगोले जलेकी शिवा हास्मीले म जलिरहेको छु भनी कराइरहेको र निजको अनुहार पूरै जलेको अवस्था हुँदा मैले अस्पताल लान एम्बुलेन्सलाई खबर गर्नु पर्‍यो भन्दा मृतककी आमा हसिना हास्मीले प्रहरीलाई देखाएर मात्र अस्पताल लाने हो भनेपछि हामी चुप लाग्यौं भनी लेखाई दिएकोबाट छिटोभन्दा छिटो उपचारको लागि अस्पताल लैजानु पर्नेमा ढिलो गर्न खोजेको प्रस्ट देखिन आउँछ । शिवा हास्मीलाई आगो लगाइएको कुरा सुनेँ । म घटनास्थलमा पुग्दा निजको अवस्था नाजुक थियो । पुलिसलाई खबर गरौं, एम्बुलेन्स बोलाई उपचारको लागि लैजाउँ भन्दा शिवाका दाजुभाइ, आमाले उपचार गर्ने होइन जली मर्न देउ भन्दै थिए भन्नेसमेत बेहोराको जाहेरवाला आरिफ अहमद राइनले सुरू अदालतमा गरेको बकपत्रको बेहोराबाट पुष्टि भइरहेको देखिएको र बाबु खाँलाई यी प्रतिवादीको घरमा ल्याई यिनका छोराहरूले कुटपिट गरेको निर्विवाद तथ्य रहेकोमा जाहेरवाला आरिफ अहमद राइनले झगडा भएको बेला विवाह गराइदिए हुन्छ, मिलेकै छ भन्दा विवाह गरिदिँदैनौं बरू मारिदिन्छौं भनी लेखाएकोसमेतबाट यी प्रतिवादी हसिना हास्मीसमेत छोरी शिवा हास्मीलाई मार्न मतसल्लाहमासम्म पसेको भन्ने परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन आएको अवस्थामा निज प्रतिवादी हसिना हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुरमा निजलाई सोही १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहर्‍याई सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट भएको फैसला मनासिब नै रहेको देखियो ।

२६. अब प्रतिवादीहरू सिद्धु भन्ने रिहान अहमद हास्मी र रिजवान अहमद हास्मीले आफूहरू निर्दोष भएकोले सुरू अदालतबाट भएको फैसला सदर

हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा मृतक शिवा हास्मीलाई निजकै दाइ सिद्धु हास्मी, रिजवान हास्मी र आमा हसिना हास्मीले पेट्रोल हाली आगो लगाई दिएको र निजको उपचारको क्रममा ऐ.२७ गते वीर अस्पताल काठमाडौंमा मृत्यु भएको हुँदा ज्यानसम्बन्धीको महलबमोजिम कारबाही गरिपाउँ भन्ने आरिफ अहमद राइनको जाहेरी दरखास्त परेको देखिन्छ। मैले देख्दा शिवा हास्मीको शरीरमा आगो निभिसकेको थियो । शिवा हास्मीलाई उपचार गराउन लैजाउ भन्दा निजको आमा, दाइ रिजवान र सिद्धुले मर्न देउ औषधी गर्न लैजान्न भनेका कारणबाट सिद्धुले पेट्रोल खन्याएको रिजवान र हसिनाले आगो लगाएको हुनुपर्छ भनी निज जाहेरवाला आरिफ अहमद राइनले मौकामा कागज गरेको देखिन्छ। मृतक शिवा हास्मी र प्रतिवादी बाबु खाँ भन्ने रइस खाँबिच प्रेमसम्बन्ध धेरै अगाडिदेखि रहेको थियो । यी दुईजनाको प्रेमसम्बन्धको बारेमा दुवै परिवारबिच वादविवाद पनि थियो। बाबु खाँलाई शिवा हास्मीका दाइभाइले मारपिट गरेको अवस्थामा शिवा हास्मीले बाबु खाँलाई मारपिट नगर बचाउ भनेकी थिइन्। शिवा हास्मीको आमासँग सबै कुरा मिलेकै छ, विवाह गरी देउभन्दा विवाह हुन सक्दैन, बरू शिवा हास्मीलाई मारिदिन्छु भन्नुभयो । निज दुईजनाको प्रेमसम्बन्धको बारेमा जिल्ला प्रहरी कार्यालय, बर्दियामा समेत छलफल भएको हो। छलफलमा अब दुवै पक्षले एकअर्कालाई कुनै सम्बन्ध नराख्ने भन्ने समझदारी पनि भएको हो । मिति २०६९।०८।२२ गते बिहान शिवा हास्मीलाई आगो लगाइएको कुरा सुनेँ। म घटनास्थलमा पुग्दा निजको अवस्था नाजुक थियो । पुलिसलाई खबर गरौं, एम्बुलेन्स बोलाई उपचारको लागि लैजाउँ भन्दा शिवाका दाजुभाइ, आमाले उपचार गर्ने होइन जली मर्न देउ भन्दै थिए। निजहरूले जे भने पनि एम्बुलेन्स बोलाई पुलिसलाई खबर गरी उपचारको लागि अस्पताल लगेको हो । घटनास्थलको भौतिक अवस्थासमेतबाट बाबु खाँ उपरको जाहेरी बेहोरा अविश्वसनीय भएको देखिएबाट शिवा हास्मीको शरीरमा आगो लगाउने व्यक्ति घरभित्रै हुन् प्रतिवादी बाबु खाँ होइनन् भनी मैले जाहेरी दिएको हुँ भनी जाहेरवाला आरिफ अहमद राइनले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ।

२७. प्रस्तुत घटनाको सम्बन्धमा मौकामा कागज गर्ने मानिसहरूले उक्त वारदात घरपरिवारभित्रकै मानिसहरूबाट भएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । शिवा हास्मी घरभित्र ग्यालरीबाट शरीरमा आगो बल्दै बाहिर निस्किएको मैले देखेकी हुँ भन्ने लक्ष्मी थापा, जुमा अन्सारी, शिखा मण्डलले मौकामा गरेको अलग अलग कागज, म शिवा हास्मीको घरभित्र जाँदा ग्यालरीमा मट्टितेल वा पेट्रोलको जस्तो गन्ध आएको थियो, भन्नेसमेत बेहोरा निब्बर मनिहारले मौकामा गरेको कागज, शिवा हास्मीको शरीर पूरै जलेको अवस्थामा राधा कुँवरले च्यादर ओढाउँदै कोठामा ल्याउँदै गरेको देखेकी हुँ । उपचार गर्न लैजाउभन्दा हसिनाले पहिले प्रहरीलाई खबर गर भनेकी, ९० प्रतिशत जल्दा पनि सँगै रहेकी आमाले आगो निभाउने कोसिस नगरेकीले घरपरिवारबाटै उक्त घटना घटाएकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको अनिता दाहाल राइनले मौकामा गरेको कागज, बाबु खाँलाई फसाउन शिवा हास्मीको शरीरमा पेट्रोल हाली आगो लगाउने निजकै घरपरिवारकै मानिस हुन् भन्नेसमेत बेहोराको पप्पु अहमद हलवाईले मौकामा गरेको कागज, वारदातस्थलमा रहेको पर्खाल हेर्दा घर बाहिरका मानिसले आगो लगाई दिने अवस्था नरहेको, शिवा हास्मी र बाबु खाँको बिचमा प्रेमसम्बन्ध रहेको हुँदा घरपरिवारकै सदस्यमध्ये को कसले शिवालाई जलाएका हुन्, घरपरिवारबाटै कर्तव्य भएकोमा पूर्णविश्वास लाग्छ भन्नेसमेत बेहोराको अब्बुल हसनले

मौकामा गरेको कागज, शिवा हास्मीलाई निजकै घरपरिवारका सिद्धु भन्ने रिहान अहमद हास्मी, हसिना हास्मी र रिजवान हास्मीसमेत जना ३ ले जलाई मारेको हुनुपर्छ भन्नेसमेत बेहोराको सुरज राईले मौकामा कागज गरिदिएको देखिन्छ।

२८. शिवा हास्मीको मृत्यु आगोले जलेर भएको हो। आगो को कसले लगाएका हुन्, मैले देखिनँ। बाहिरको व्यक्तिले शिवा हास्मीलाई आगो लगाई मारेको होइन। घटना हेर्दा घरभित्रको जो कोही व्यक्तिले उक्त घटना घटाएको हुनु पर्दछ भन्नेसमेत बेहोराको घटना विवरण खुलाई कागज गर्ने अनिता दाहाल राइनले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ। त्यसैगरी मेरो पसलदेखि शिवा हास्मीको घर आमनेसामने करिब १०/१२ मिटरको फरकमा छ। म पसलमा थिएँ। शिवा हास्मी घरको बिच कोठाबाट आगोले जल्दै बरन्डाबाट पछाडितर्फ जाँदै गरेको देखेकी हुँ भन्नेसमेत बेहोराको जुमा अन्सारीले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । यसरी उल्लिखित मौकामा कागज गर्ने मानिसहरूको भनाइ, अनिता दाहाल राइन र जुमा अन्सारीले सुरू अदालतमा गरेको बकपत्रसमेतबाट जाहेरवाला आरिफ अहमद राइनको जाहेरी दरखास्तलाई समर्थन गरेको देखिन आउँछ।

२९. शिवा हास्मी मिति २०६९।८।२२ गते बिहान अं. ६:०० बजे आफ्नै घर परिसरभित्र जलेकी छिन् । निजको मृत्यु यी प्रतिवादीहरूको घर परिसरभित्र जलेको कारणबाट उपचारको क्रममा अस्पतालमा भएको तथ्यमा विवाद पनि देखिँदैन। मिति २०६९।८।२१ गते बेलुका उक्त घरमा यी प्रतिवादीहरू र अन्य जेठो छोरा चुन्ना भन्ने तनवीर अहमद, माहिलो मुन्ना भन्ने सुभान अहमद, प्रतिवादी हसिनाका भाइ मोइज अहमद, प्रतिवादी हसिनाकै बहिनीको छोरी अं. वर्ष ४ की तच्किरा र मृतकसमेत गरी आठजना रहेको भन्ने देखिन्छ। निजहरूमध्ये प्रतिवादी हसिना हास्मी, मृतक र बच्चा एउटा कोठामा सुतेको भन्ने छ भने प्रतिवादीसहितका अन्य सबै पाँचजना एउटा कोठामा सुतेको भनिएको छ । मिति २०६९।८।२२ को बिहान सबैभन्दा पहिला प्रतिवादी हसिना हास्मी उठेको, बहिनीको छोरीलाई पिसाब फेराई पुन: सुताई आफू ट्वाइलेट जान बाहिर आएको, ट्वाइलेटबाट फर्की फेरि भित्र गएको, छोरी शिवा हास्मीलाई उठाउन खोजेको, छोरीले नउठी सिरकले मुख ढाकेको, आफू बाहिर आई मञ्जन गरी आँगनमा हात धुन लागिरहेको भन्ने निजको अदालतसमक्ष भएको बयान बेहोराबाट खुल्न आएको छ । प्रतिवादी हसिना हास्मीले आफू बाहिर आँगनमा हात धुन लागिरहेका बेला छोरी उठी ट्वाइलेट जाने डब्बा कहाँ छ भनिन्, मैले आँगनको ढिकमा छ भने, छोरी डब्बा भएतिर गइन् र एकैछिनमा कराउन लागिन समेत भनेकी छन् । तर बोलाउँदा नउठी सिरकले मुख ढाकेर सुतेकी छोरी अकस्मात उठी बाहिर आएपछि नै निजको शरीरमा घर बाहिरको व्यक्तिबाट पेट्रोल छर्की आगो लागेको भए बाहिरै रहेकी प्रतिवादी हसिना हास्मीले त्यसरी पेट्रोल छर्की आगो लगाउने व्यक्तिलाई आगो लगाउँदै गरेको अवस्थामा वा भाग्दै गरेको वा कुनै क्रियाकलाप गरेको अवस्थामा देख्नु पर्नेमा देखिन भनी उल्लेख गरेकी छन् जबकी मृतकसँग निजको ट्वाइलेटको डब्बा सम्बन्धमा दोहोरो कुराकानी भइरहेको भन्ने निजकै बयानबाट खुल्न आएको स्थिति छ। आमा र छोरी एकआपसमा नजिकै र त्यतिन्जेल छोरी शिवा हास्मीलाई केही नभएको भन्ने सोही वार्तालापबाट पुष्टि हुन्छ। मानिस चिन्न सक्ने उज्यालो भइसकेको थियो भन्ने पनि निज हसिना हास्मीकै बयान बेहोराबाट खुल्न आएको छ।

३०. यी पुनरावेदक प्रतिवादीहरू रिजवान अहमद हास्मी र सिद्धु भन्ने रिहान अहमद हास्मी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। निजहरूले वारदात घटाएको देख्ने प्रत्यक्ष प्रमाण साक्षी सबुद प्रस्तुत मुद्दामा रहेको पाइँदैन । यस्तो अवस्थामा अदालतले अनुसन्धानका क्रममा संकलित कागज

प्रमाणहरूमध्ये के कुन कागज प्रमाण बढी विश्वसनीय र भरपर्दो देखिन्छन् सोतर्फ विचार पुऱ्याउनु पर्ने हुन्छ । यसै सम्बन्धमा सर्वोच्च अदालतबाट शुक्रराज विश्वकर्मा वि. बमबहादुर विश्वकर्माको जाहेरीले नेपाल सरकार वादी भएको ०६७-CR-०२१० कर्तव्य ज्यान मुद्दामा (ने.का.प. २०६९ अंक १२ नि.नं.८९३०) **"वारदात प्रतिवादीकै घर कोठाभित्र हुनुको साथसाथै रातको समय भन्ने पनि देखिएको अवस्थामा यस्तो स्थान र समयमा चश्मदिद गवाहको अभाव रहनु स्वाभाविक नै हुन्छ र सबै वारदात एवं अपराधमा चश्मदिद गवाह हुनैपर्छ भन्ने पनि छैन । कसुरदारले गरेको कसुर प्रमाणित हुन अपराधको अनुसन्धान हुँदा विभिन्न कोणहरूबाट प्राप्त तथ्य एवं अभिव्यक्त भएका भनाइहरूलाई परिस्थितिजन्य प्रमाणहरूबाट समर्थित भने हुनुपर्ने"** भनी प्रतिपादन भएको सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने देखिन्छ ।

३१. मृतक शिवा हास्मी र बाबु खाँबिच गहिरो प्रेम सम्बन्ध रहेको भन्ने देखिन्छ । निजहरूको बिच मोबाइलमा कुराकानी हुने गरेको र मोबाइलमार्फत सन्देशहरू आदानप्रदान हुने गरेको पनि देखिन्छ । मृतकले बाबु खाँसँग विवाह गर्ने इच्छा गरेको भन्ने कुरा प्रतिवादी हसिना हास्मीले अदालतसमक्ष गरेको बयानमा (स.ज.२४) लेखिएको बेहोराबाट पनि खुल्न आउँछ । मृतकको घरपरिवारका सदस्यहरूलाई मृतक र बाबु खाँबिचको प्रेम सम्बन्ध स्वीकार्य नभएको भन्ने समग्र घटनाको विश्लेषणबाट देखिएको छ । सुभान अहमद हास्मीले मौकामा घटना विवरण कागज गर्दा प्रेम सम्बन्ध रहेको भनेपछि मलाई रिस उठी बाबु खाँलाई मैले र दाइ तनवीरले मिति २०६९।८।२० गते हाम्रो घरमा ल्याई २/३ थप्पड लगाएको हो भनी बेहोरा लेखाएको देखिन्छ । सोही क्रममा मिति २०६९।८।२१ गते प्रतिवादी रिजवान अहमद हास्मीले मेरो बहिनीलाई बाबु खाँले अपशब्द प्रयोग गरी व्यवहार गरेकाले कारबाही गरिपाउँ भनी प्रहरी कार्यालयमा दरखास्त दिएको र सोही दिन जिल्ला प्रहरी कार्यालयमा बाबु खाँले शिवा हास्मीलाई आँखा नलगाउने एवं कुनै नराम्रो दृष्टिकोणले नहेर्ने, बाबु खाँलाई अपशब्द गालीगलौज नगर्ने, बाबु खाँको मोबाइलमा शिवा हास्मीले पठाएका एस.एम.एस. हरू हटाई दिने भनी मौखिक सहमति भएको देखिन्छ । सो कुराको पुष्टि तनवीर अहमद हास्मीले अदालतमा गरेको बकपत्र बेहोराबाट समर्थित भएको देखिन्छ । यसबाट घरपरिवारले बाबु खाँलाई मृतक शिवा हास्मीबाट छुटाउन खोजेको देखिन्छ । शिवा हास्मी मृत्यु नहुँदै बाबु खाँउपर ज्यान मार्ने उद्योगअन्तर्गत कारबाही गरिपाउँ भनी जाहेरी दिने पछि प्रतिवादी कायम हुन आएका रिजवान अहमद अन्सारी आफ्नो जाहेरीलाई पुष्टि गर्नेतर्फ नलागी निजहरूसमेत उपर आरिफ अहमद राइनको किटानी जाहेरी परेपछि फरार रही घटना भएको लामो समयपछि मिति २०७०।२।१६ मा मात्र प्रतिवादी रिजवान अहमद अन्सारी अदालतमा हाजिर हुन आएको देखिन्छ । अदालतसमक्ष उपस्थित भई कसुरमा इन्कार रही बयान गरे तापनि आफ्नो बहिनीले बाबु खाँले रातो जगमा ल्याएको पेट्रोल मेरो शरीरमा हाली सलाई कोरी आगो लगाई दिएको भनेकी हुन् भनी बेहोरा लेखाउने यी प्रतिवादीले सो कुरालाई पुष्टि गर्नेतर्फ लागी अनुसन्धानको कार्यमा समेत सहयोग गर्नुपर्नेमा उल्टै फरार रहेको देखिन्छ ।

३२. अनुसन्धानका क्रममा र अदालतबाट बुझ्ने क्रममा मौकामा घटना विवरण कागज गर्ने लक्ष्मी थापाले मृतक शिवा हास्मी शरीरमा आगो बलिरहेको अवस्थामा बाहिर निस्कँदा कराउँदै निस्किएकी थिइन् भनेकी छन् । त्यसैगरी शिखा मण्डलले मृतक कोठाबाट ग्यालरी हुँदै शरीरभरी आगोको लप्का हुँदै कराउँदै बाहिर निस्किएकी हुन् भनेको देखिन्छ । निजले अदालतमा बकपत्र गर्दा केटीले म सुतेकै बेलामा आगो लाग्यो, कसले लगाएभन्दा सुतिरहेको अवस्थामा मट्टितेल छर्की आगो लगाए भनिन्, कसैको नाम

लिएनन् भनेकी छन्। निजले सोही बकपत्रमा (स.ज.६) मृतक शिवा हास्मीको शरीरमा आगो घरभित्रै बिच कोठामा लागि कोठाबाट बाहिर ग्यालरी हुँदै आएको मैले देखेकी हुँ भनेकी छन्। मौकाको घटना विवरण कागजमा जुमा अन्सारीले बिच कोठाबाट शरीरमा आगो बली घरको पछाडिपट्टिको भागमा गएको मैले देखेकी हुँ भनेकी छन् भने निजले अदालतसमक्ष बकपत्र गर्दा (स.ज.४५) शिवा हास्मीलाई आफ्नो घरको बिच कोठाबाट आगोले जल्दै गरेको अवस्थामा बाहिर भएर बरन्डाबाट पछाडितर्फ जाँदै गरेको देखेकी हुँ भनेको पाइन्छ। सोही बकपत्रमा (स.ज.११) शिवा हास्मी आफ्नो घरभित्रबाट शरीरमा आगो बलेको अवस्थामा कोठाबाट आँगनतर्फ भाग्दै गरेको अवस्थामा देखेँ, निजले आमा आमा मलाई के भयो भन्दै चिच्याउँदै आँगनतर्फ भागिन् भनेको देखिन्छ। मौकामा कागज गर्ने हरिसुन शेषले म पिसाब फेर्न निस्किएको अवस्थामा जाहेरवाला रिजवान अहमद हास्मीको आमाले सिद्धु जलादिया भन्दै दुई पटक कराएको मैले सुनेकी हुँ भन्ने बेहोरा लेखाएको देखिन्छ। जाहेरवाला आरीफ अहमद राइनले यिनै प्रतिवादीहरू सिद्धु भन्ने रिहान अहमद हास्मी तथा रिजवान अहमद हास्मी र हसिना हास्मी कसुरदार रहेभएको भनी अदालतमा उपस्थित भई बकपत्रको बेहोरा लेखाई दिएको देखिन्छ।

३३. यसरी मौकामा बुझिएका मानिसहरूले गरिदिएका घटना विवरण कागजमा उल्लिखित बेहोराहरू, अनुसन्धानका क्रममा र अदालतसमक्ष व्यक्त गरेका बयान बेहोराहरू र अदालतबाट बुझिएका साक्षी प्रमाणमा उल्लिखित बेहोराहरूसमेतका आधारमा हेर्दा जाहेरवाला आरीफ अहमद राइनले दिएको जाहेरी दरखास्त र निजले आफ्नो जाहेरीलाई पुष्टि हुने गरी अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रको बेहोरा परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भइरहेको आधारसमेतबाट मृतक शिवा हास्मीको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाटै भएको पुष्टि हुन आएको देखियो।

३४. अत: माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी रिजवान अहमद हास्मी र प्रतिवादी सिद्धु भन्ने रिहान अहमद हास्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने र प्रतिवादी हसिना हास्मीलाई ऐ.को १७(३) नं. बमोजिम २ (दुई) वर्ष कैद सजाय हुने तथा प्रतिवादी बाबु खाँ भन्ने रइस खाँलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७१।५।१५ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।१०।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको प्रतिलिपिसहितको जानकारी थुनुवा प्रतिवादीलाई दिनू। फैसलाको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। प्रस्तुत फैसला अपलोड गर्नु र प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.कुमार रेग्मी

इजलास अधिकृत: गोपी विश्वकर्मा
इति संवत् २०७६ साल वैशाख २२ गते रोज १ शुभम्।

निर्णय नं. १०३८६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७५।३।१२

मुद्दाः- टप घर भत्काई खिचोला छोडाई बाटो कायम चलन

०७३-CI-०१८७

पुनरावेदक / प्रतिवादी : पन्नालाल साहको छोरा बारा जिल्ला छातापिप्रा गा.वि.स. वडा नं. २ हाल परिवर्तित बारा जिल्ला गढीमाई नगरपालिका वडा नं. ७ बस्ने जगतप्रसाद साह

विरूद्ध

प्रत्यर्थी / वादी : बारा जिल्ला छातापिप्रा गा.वि.स.वडा नं.९ हाल परिवर्तित बारा जिल्ला गढीमाई नगरपालिका वडा नं.१० बस्ने जानकीदेवी धनुकाइन

०७३-CI-१०७५

पुनरावेदक / प्रतिवादी : अनिसुर रहमान अंसारीको श्रीमती जिल्ला बारा गा.वि.स. भवानीपुर जितपुर वडा नं. ३ परिवर्तित ऐ. गढीमाई नगरपालिका वडा नं. ७ बस्ने नइमुन नेसा

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला बारा गा.वि.स. छातापिप्रा वडा नं. ९ बस्ने जानकीदेवी धनुकाइनसमेत

- **दाताले बाटो निकास रहेको भनी लिखतमा उल्लेख गरेको बेहोरालाई पछि जग्गा खरिद गर्ने दातालाई पनि सो तथ्य बन्धनकारी हुने र बाटो निकासलाई अवरोध गर्न नमिल्ने ।**

(प्रकरण नं.३)

वादीका तर्फबाट :
प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री दीपक राजभण्डारी, विद्वान् अधिवक्ता श्री पुण्यप्रसाद दंगाल
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-
मा.न्या.श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा
बारा जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
माननीय न्यायाधीश श्री रेवन्तबहादुर कुँवर
पुनरावेदन अदालत हेटौंडा

फैसला

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ : साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छ :

म जानकीदेवी धनुकाइनको नामदर्ताको जिल्ला बारा, गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ९, कि.नं. ३७१७, को ज.वि. ०-०-५$^{१}/_{२}$ जग्गा र म मसौदादेवी धनुकाइनको ऐ., कि.नं. ३७१६ को ज.वि. ०-०-६$^{१}/_{२}$ जग्गाको पूर्वमा टाँसिएको १० फिट चौडाइको बाटो हाम्रो जग्गाको दक्षिणतर्फ रहेको कि.नं. २०७८ को जग्गासम्म रहेको छ । हाम्रो कि.नं. ३७१६ र कि.नं. ३७१७ को पूर्वबाटो सोदेखि पूर्व नइमुन नेसाको कि.नं.

१७५४ को जग्गा छ। कि.नं. ३६१० को जग्गा महमद याकुबले बाटो बनाई आफ्नो नाउँमा बचाई राखेका थिए र हामीले निजलाई आफ्नो नामको लगत कट्टा गरी चलिआएको सो बाटोलाई कायम गराउनु होस् भनी भन्दै आएकोमा विपक्षीले आलटाल गर्दै आएका थिए, र मिति २०६७।०९।१५ मा मजदुर लगाई बाटो जग्गामा नइमुन नेसाले पक्की घर बनाउन जग खन्न सुरू गर्दा विवाद बढेपछि यो जग्गा मैले खरिद गरेकी छु, घर बनाउँछु भनेकीले जग्गासँग सम्बन्धित रहेका कित्ताहरूको लिखतहरूको नक्कल लिई हेर्दा महमद याकुबले कि.नं. ३६१० को जग्गा मालपोत कार्यालय, बाराको र.नं. ११४९२, मिति २०६०।०२।३० मा नइमुन नेसालाई हस्तान्तरणण गरेको र नइमुन नेसाले र.नं. १२४६ , मिति २०६३।०७।०१ मा पारित गरेको लिखतबाट ज.वि. ०-०-१८-८ जग्गा महमद याकुबको नाउँमा गई कित्ता काट हुँदा कि.नं. ३६१० तीन कित्तामा विभाजित भई कि.नं. ४४९५ महमद याकुबको नाउँमा गएको, कि.नं. ४४९६ र कि.नं.४४९७ को जग्गा विपक्षी नइमुन नेसाकै नाउँमा कायम रही कि.नं. ४४९७ को बाटो जग्गामा विपक्षी नइमुन नेसाले पक्की घर बनाई निकास बाटो बन्द गर्नुभएकोले यो फिराद लिई आएका छौं। महमद याकुबले आफ्नो नाममा कि.का. गराई लिएको कि.नं. ४४९५ को ज.वि. ०-०-१८-८ जग्गा मालपोत कार्यालय, बाराको र.नं. ४२६९/२ बाट मिति २०६४।२।२७ को राजीनामा लिखतले शारदाकुमारी धनुकाइनलाई हस्तान्तरण गरेको र शारदाकुमारी धनुकाइनले सो कि.नं. ४४९५ को बाटो जग्गालाई मालपोत कार्यालय, बाराको र.नं. २५१९ बाट मिति २०६७।९।९ को लिखतले जगतप्रसाद साहलाई हस्तान्तरण गरेकी रहिछन् । विपक्षी नइमुन नेसाले कि.नं. ४४९७ को बाटो जग्गामा मिति २०६७।११।२५ सम्ममा टप निकाली पक्की घर निर्माण गरी हाम्रो १० फिट चौडाइको बाटो निकास मारी बाटो साँगुरो पारी निकास बन्द गरिदिएकी र कि.नं. ४४९५ खरिद गरेका विपक्षी जगतप्रसाद साहले आफ्नो जग्गामा केही निर्माण नगरे तापनि बाटोको जग्गा विपक्षीको नाउँमा दर्ता भएकोले निजले निकास बन्द हुने गरी टन्टा झमेला गर्दैछन् । अतः बाटो जग्गालाई कि.का. गराई कि.नं. ४४९५, ४४९६ र ४४९७ कायम गराई कि.नं. ४४९७ को ज.वि. ०-०-२-१४ जग्गा च्यापी विपक्षी नइमुन नेसाले पक्की घर बनाई लिएकी र कि.नं. ४४९५ को ज.वि. ०-०-१८-८ जग्गा विपक्षी जगतप्रसाद साहले आफ्नो नाउँमा दर्ता गराई निकास बाटो मार्नलाई टन्टा झमेला गर्नु भएकोबाट र कि.नं. ४४९७ को कित्ता जग्गाको घर टप भत्काउनु पर्ने भएको हुँदा कि.नं. ४४९५, ४४९६ र ४४९७ समेतको बाटो जग्गाको खिचोला छोडाई टप घर भत्काई बाटो कायम गरी सबैले बाटो उपभोग गर्न पाउने गरी चलन चलाई पाउँ भन्नेसमेत बेहोराको वादीहरू जानकीदेवी धनुकाइन र मसौदादेवी धनुकाइनको संयुक्त फिरादपत्र।

प्रतिवादी नइमुन नेसाका नाममा सुरू अदालतबाट जारी भएको फिराद नक्कलसहितको ३० दिने इतलायनामा म्याद मिति २०६८।३।३० मा तामेल भएकोमा सुरू म्यादै गुजारी बसेको।

वादीको फिराद दाबीबमोजिम मैले दाबीको १० फिट बाटोमा टन्टा खिचोला लगाई कब्जा भोग चलनसमेत केही गरेको छैन । महमद याकुब हुसेन ठकुराईको नाउँमा दर्ता भएको जिल्ला बारा, गा.वि.स. भवानीपुर जितपुर, वडा नं. ३ को कि.नं. ३६१० को ज.वि. ०-१-२-६ जग्गामा पश्चिमतर्फ विवादित कि.नं. २०७८ सम्म १० फिटको बाटो भई सो बाटोसमेतको कि.नं. ३६१० को जग्गा महमद याकुब हुसेन ठकुराइले प्रतिवादी नइमुन नेसालाई रजिस्ट्रेसन पास गरिदिएकोले सो जग्गा नइमुन नेसाको दर्ता भई सो जग्गामध्ये ज.वि. ०-०-१८-८ प्रतिवादी नइमुन नेसाले महमद याकुब हुसेन ठकुराइलाई राजीनामा लेखी रजिस्ट्रेसन पास गरिदिँदा सो कि.नं. ३६१० को

०-१-२-६ जग्गा कि.का. भई कायमी कि.नं. ४४९५, ४४९६, ४४९७ को जग्गामध्ये सो लिखतको आधारमा कि.नं. ४४९५ को ०-०-१८-८ जग्गा महमद याकुब हुसेन ठकुराइको नाउँमा दर्ता भई सो कि.नं. ४४९५ र प्रतिवादी नइमुन नेसाको नाउँमा दर्ता भएको कि.नं. ४४९७ को जग्गामा विवादित १० फिटको बाटो भई सो बाटोको जग्गा छुट्याई अलग कि.नं. कायम नभए पनि सोही जाग्गाहरूका विवादित १० फिटको बाटो भई वादीहरूलगायतका त्यहाँ बसेका मानिसहरूले आवत-जावत गरी बाटो उपभोग गरी आएकोमा महमद याकुब हुसेन ठकुराईले उक्त कि.नं. ४४९५ को ज.वि. ०-०-१८-८ जग्गा शारदा कुमारी धनुकाइनलाई राजीनामा लेखी मालपोत कार्यालय, बाराबाट र.नं. ४२६९ बाट मिति २०६४।२।२७ मा रजिस्ट्रेसन पास गरिदिएकोमा सो लिखतको आधारमा उक्त कि.नं. ४४९५ को जग्गा शारदाकुमारी धनुकाइनको नाउँमा दर्ता हुन आई शारदाकुमारी धनुकाइनले सो कि.नं. ४४९५ को ज.वि. ०-०-१८-८ जग्गा म प्रतिवादी जगतप्रसाद साहलाई बिक्री गरी राजीनामा लेखी र.नं. २५१९/२ बाट मिति २०६७।९।९ मा मालपोत कार्यालय, बाराबाट रजिस्ट्रेसन पास गरी दिई मैले जग्गा खरिद गरी आफ्नो नाममा दर्ता गराई लिए पनि उक्त कि.नं. ४४९५ र कि.नं. ४४९७ मा विवादित १० फिटको बाटो भई सो बाटो कायम नै रही सो बाटोबाट वादीहरूको आवत जावत, रोख निस्कार भइरहेकोमा यता आएर प्रतिवादी नइमुन नेसाले सो बाटो च्यापी पक्की घर निर्माण गरी टप हाली बाटो मिचेकोमा वादीहरूले नइमुन नेसाको नाउँमा मात्र प्रस्तुत फिराद दिनुपर्नेमा म प्रतिवादी जगतप्रसाद साहले बाटोमा टन्टा खिचोला गरे भन्ने कुरा वादीहरूसमेतले देखाउन नसकेबाट मैले १० फिटको विवादित बाटोमा टन्टा खिचोला गरे भन्ने वादी लेख झुट्टा जालफरेवी मात्र हो । विवादित जग्गामा अर्थात् मेरो कि.नं. ४४९५ मा भोग भइराखेको जग्गादेखि पश्चिम र वादीहरूको जग्गादेखि पूर्व साबिकदेखि १० फिटको रोख निस्कारको बाटो कायम भई सो १० फिटको बाटोमा मैले टन्टा खिचोला गर्ने आवश्यक नभई कायम सो बाटोबाट पनि मेरो आवत जावत भइराखेको हुँदा मैले बाटोमा टन्टा खिचोला गरेको नहुँदा वादी दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी जगतप्रसाद साहको प्रतिउत्तरपत्र ।

फिराद लेखमा भुलवश लेखिन गएको वडा नं. संशोधन गरिपाउँ भनी वादीका वारेसले दिएको नि.द.नं. १४६८ मिति २०६८।६।२९ को निवेदन इजलाससमक्ष पेस हुँदा, "फिरादमा उल्लिखित वादी दाबीको कि.नं.३७१७ र कि.नं.३७१६ का जग्गाहरू जिल्ला बारा, गा.वि.स. भवानीपुर जीतपुर, वडा नं.३ को रहे भएको यसै लगाउको दे.नं. १५९३ को लिखत बदर मुद्दामा संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जा, राजीनामा लिखतका प्रतिलिपिसमेतबाट देखिनुका अतिरिक्त लगाउका दे.नं. १५९३, १५९५ र १५९६ को मुद्दाहरूको फिरादपत्रमा सोहीअनुरूप दाबीका कित्ताहरू जिल्ला बारा, गा.वि.स. भवानीपुर जीतपुर, वडा नं. ३ भन्ने देखिएबाट वादीको प्रस्तुत फिरादपत्रको प्रकरण २ मा कि.नं. ३७१७ र ३७१६ का जग्गाहरू जिल्ला बारा, गा.वि.स. भवानीपुर जीतपुर, वडा नं. ९ को साटो वास्तविक वडा नं. ३ कायम गरिपाउँ भन्ने निवेदन माग दाबी बेमनासिब देखिएन । अतः प्रस्तुत मुद्दाको फिरादपत्रको प्रकरण २ को पहिलो हरफमा उल्लिखित "वडा नं.९" को सट्टा "वडा नं.३" जिल्ला अदालत नियमावली, २०५२ को नियम १७ अनुसार कायम गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीसमेतलाई दिनु" भन्ने सुरू बारा जिल्ला अदालतको मिति २०६८।७।४ को आदेश।

सुरू अदालतको आदेशानुसार मिति २०६९।५।१८ मा डोरबाट भई आएको नाप नक्सा मुचुल्का।

प्रतिवादी नइमुन नेसाको वारेस देवीलाल

गुप्ताले बेरीतको म्याद तामेल सम्बन्धमा दिनु भएको नि.द.नं.४७८३ मिति २०६९।१०।१४ मा दिनु भएको निवेदन पत्रमा, "यसमा यो निवेदनसहितको मिसिल अध्ययन गरी हेरियो। यी निवेदिकाउपर प्रस्तुत मुद्दाका वादीले नै दे.नं.१५९३, दे.नं.१५९६ को लिखत बदर मुद्दासमेत दायर गरेको देखियो । प्रस्तुत मुद्दा र उक्त मुद्दासमेतमा यी निवेदिकाको नाममा यस अदालतबाट म्याद जारी भई मिति २०६८।३।३० मा तामेल भएको म्याद बेरितको भएकाले बदर गरिपाउँ भनी दे.नं.१५९६ को लिखत बदर मुद्दामा यी निवेदिकाले मिति २०६९।६।३ मा दिएको निवेदनअनुसार म्याद बदर भई प्रतिवाद गरेको अवस्था छ भने अर्को दे.नं.१५९३ को लिखत बदर मुद्दामा पनि सोही मितिको म्याद बदर गरिपाउँ भनी मिति २०६९।८।८ मा निवेदन गरेकोमा सोमा समेत म्याद बदर भई प्रतिवाद गरेको देखिन्छ । एउटै मितिमा तामेल भएको म्यादलाई बेरितको भो भनी यी निवेदिका दुई दुई महिनाको अन्तरालमा यो तेस्रो पटक निवेदन लिई उपस्थित भएको पाइन्छ । लगाउको मुद्दामा एकै पटक म्याद जारी भई एकै मितिमा तामेल भएको म्यादलाई पटक पटक बेरितको भनी मुद्दामा प्रमाण बुझ्ने कार्य पुराई अंग पुगिसकेको मुद्दामा निवेदन ल्याइ मुद्दा लम्ब्याउन खोजेको देखिन्छ । यसरी अदालतमा आफूउपर मुद्दा पारेको कुरा थाहा पाई निवेदन दिई म्याद बदर गराई प्रतिवाद गरी तारेखमा बसेपछि लगाउको मुद्दासमेत आफूउपर परेको कुरा एकै पटक निवेदिकालाई थाहा जानकारी भएन होला भनी विश्वास गर्ने मनासिब आधार पनि निवेदिकाले निवेदनमा खुलाउन सकेको नपाइँदा निवेदन मागबमोजिम गर्न मिलेन, कानूनबमोजिम गर्नु" भन्ने सुरू बारा जिल्ला अदालतको मिति २०६९।१०।१५ को आदेश।

प्रतिवादी नइमुन नेसाको वारेस रामप्रकाश पण्डितले बारा जिल्ला अदालतको बेरितको आदेश सम्बन्धमा पुनरावेदन अदालतमा चढाएको निवेदनउपर आदेश भई आदेशानुसार कैफियत प्रतिवेदन भई जाँदा, "यसमा आदर्श गा.वि.स. कार्यालयको सिफारिस र मतदाता परिचय पत्रसमेतबाट निवेदक प्रतिवादीको वतन बारा, भवानीपुर जीतपुर गा.वि.स. भन्ने देखिएकोमा जारी भएको इतलायनामाको म्यादमा पर्सा बेलुवा भन्ने वतन उल्लेख भई टाँस भएको भनी भन्न मिल्ने नदेखिँदा मिति २०६९।१०।१५ मा त्यहाँबाट भएको आदेश बेरितको देखिन आएकोले बदर गरिदिएको छ । अब निवेदक प्रतिवादी नइमुन नेसाको नाममा निजले देखाएको वतनमा इतलायनामा जारी गरी अ.बं. ११० नं. बमोजिम रीत पुर्‍याई तामेल गराउनु होला" भन्ने पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६९।११।१७ को आदेश।

जिल्ला बारा, गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ९ मा वादीहरूको कि.नं. ३७१७, ३७१६ र सोही वडा नं. ९ मा मेरो नाउँमा कित्ता नं. १७५४, ४४९६ र ४४९७ समेत दर्ता भएको दर्साई अदालतमा प्रस्तुत फिराद दर्ता गराउनु भएको छ। जिल्ला बारा, गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ९ मा फिरादमा उल्लिखित कित्ताका जग्गा नै छैनन् । वादीबाट हुँदै नभएको जग्गाको दाबी गरिएको हुँदा फिरादको तथ्यभित्र प्रवेश गर्ने अवस्था छैन। मिति २०६७।९।१३ मा मैले घर बनाउँदा विपक्षीसँग विवाद हुँदा सो जग्गा खरिद गरेकोले घर बनाएको भनी फिरादको प्रकरण ३ मा उल्लेख गर्नुभएको रहेछ। विपक्षीले उल्लेख गरेको जिल्ला बारा, गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ९ मा जग्गा नै नभएकोले विपक्षीले काल्पनिक संवाद रचना गरी निराधार तथ्य दर्साई झुट्टा फिराद दिनु भएको प्रस्ट छ भन्नेसमेत बेहोराको प्रतिवादी नइमुन नेसाको प्रतिउत्तरपत्र।

यसमा वादीले फिरादमा गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ९ को सट्टा वास्तविक वडा नं. ३ कायम हुने गरी संशोधन गरिपाउँ भनी निवेदन दिएबमोजिम यस अदालतबाट मिति २०६८।८।४ मा

संशोधनको आदेश भएको र सो संशोधन आदेशमा संशोधनको जानकारी दिइएको देखिएन । प्रतिवादी नइमुन नेसाको प्रतिउत्तरको मूल बेहोरामा वडा नं. ९ मा उक्त विवाद उठाइएका जग्गाहरू नै नभएको हुँदा दाबी इन्साफ योग्य छैन भन्ने जिकिर रहेको छ। सो सम्बन्धमा प्रतिवादी नइमुन नेसाको प्रतिक्रिया लिई थप भनाइ राख्ने भए मनासिब समयसमेत दिई पेस गर्नुहोला । साथै नापी कार्यालय बाराबाट प्राप्त नाप साइजसहितको टायल चेक गरी पठाइएको च.नं.११३९ मिति २०७०।१२।५ को पत्र बेहोरामा यस कार्यालयमा रहेको पुरानो फायल नक्सामा बाटो केही फरक देखिएकाले सो नक्साअनुसार पनि माथि उल्लिखित कित्ताहरूको टायल चेक गरी पठाइएको भन्ने बेहोरासहित दुइवटा पृथक-पृथक क्षेत्रफल उल्लेख भएका जस्तै कि.नं. ४४९५, ४४९६ टायल चेक पठाइएकोमा कुन चाहीँलाई आधार मानी निर्णय ठहरमा पुग्नु पर्ने हो पुरानो मुद्दा हुँदा १ हप्ताभित्रमा जवाफ आइपुग्ने गरी मगाई नियमानुसार पेस गर्नुहोला भन्ने सुरू बारा जिल्ला अदालतको मिति २०७०।१२।२६ को आदेश।

जिल्ला बारा, गा.वि.स. जीतपुर भवानीपुर, वडा नं. ३ को कि.नं. ४४९७ को ०-०-२-१४ जग्गाको मेरो घरको टप भत्काई पाउँ भनी प्रस्तुत फिराद दायर गरिएको रहेछ । विपक्षीले जग्गा आवाद गर्नेको ४ नं., जग्गा मिच्नेको १, १४, १८ नं., घर बनाउनेको ३ नं. आधारमा लिखत दर्ता बदरको दाबी गर्नु भएको छ । मालपोत ऐन, २०३४ को दफा ६ बमोजिम मालपोत कार्यालय बारामा विधिवत् मेरो नाउँमा दर्ता स्रेस्ता भएको सो जग्गाको घरको टप भत्काई पाउँ भनी फिराद दिन पाउने प्रावधान वादीले दाबी गरेको उक्त कुनै पनि दफामा उल्लेख नहुँदा सर्वोच्च अदालतबाट (ने. का.प. २०४४, अङ्क ४, नि नं.३०६३) प्रतिपादित सिद्धान्तसमेतको आधारमा विपक्षीको फिराद दाबी खारेजभागी छ भन्नेसमेत बेहोराको प्रतिवादी नइमुन नेसाको पूरक प्रतिवाद।

यसमा मिसिल संलग्न कागज प्रमाणको आधारमा वादी दाबीको बाटो सार्वजनिक ठहर हुन आएबाट अदालतबाट भई आएको नक्सा मुचुल्काको न.नं. ७, ८, ९, १०, ११ र १२ सम्मका हकमा प्रतिवादी नइमुन नेसाले दूषित तवरबाट कब्जा गरेर भौतिक संरचना निर्माण गरेको देखिँदा सोमा बनेका भौतिक संरचनालगायतको कब्जा अनाधिकार र दूषित हुन आयो । निज प्रतिवादी नइमुन नेसाको कि.नं. १७५४ न.नं. २, ३, ४, ५ र ६ समेतको क्षेत्रफल स्रेस्तामा भएको क्षेत्रफलभन्दा ०-०-९$^{१}/_{२}$ बढी नै भोगमा रहेको समेत देखिन आएको छ। त्यसैगरी कि.नं. ४४९५ लाई न.नं. १९ मा झगडा जनिई आएकोले सो झगडा जनिएको कि.नं. ४४९५ साबिक कि.नं. ३६१० को भई सोही कारणले लिखतसमेत बदर हुने ठहरेकाले त्यस्तो लिखत बदर भइरहेको जग्गामा झगडा जनिई प्रतिवादी जगतप्रसाद साहको भोगमा रहेको पाइन्छ । अतः दाबीबमोजिम साबिक कि.नं. ३६१० यथावत् कायम रहने भएबाट सोही कि.नं. ३६१० बाट कित्ताकाट भई हाल कायम हुन आएको कि.नं. ४४९७ को जग्गा सार्वजनिक बाटोमा पर्ने हुँदा सो बाटोमा परेका सबै संरचनासमेत भत्काई कि.नं.३६१० कि.का. भई कायमी कि.नं. ४४९५, ४४९६ र ४४९७ को जग्गाबाट प्रतिवादीहरूको खिचोला छोडाई सार्वजनिक बाटोको रूपमा उपभोग गर्न पाउने गरी चलनसमेत पाउने ठहर्छ भन्नेसमेत बेहोराको सुरू बारा जिल्ला अदालतबाट मिति २०७१।०१।२८ मा भएको फैसला।

वादीहरूले आफ्ना फिरादपत्रमा हाम्रो कि.नं. ३७१६ तथा ३७१७ को पूर्वमा १० फिट चौडाइको बाटो भएको सो बाटोको जग्गा प्रतिवादीहरूले कब्जा गरी घर टप बनाएका भन्ने दाबी लिइएको देखिन्छ । अर्थात् वादीहरूले १० फिट चौडाइको बाटो आवत जावत निक्सार पैसारका लागि माग दाबी गरेकाले सोही दाबीमा सीमित रही फैसला गर्नुपर्नेमा

अदालतबाट भई आएको नक्साअनुसार नक्सामा बाटो भनी देखाइएको ९.९" सोको पूर्वमा भएको मेरो कि.नं. ४४९५ को उत्तरतर्फको चौडाइ २४.६ फिट दुवैलाई जोड्ने हो भने ३५ फिट हुन्छ। वादीहरूको माग दाबी १० फिट छ। अतः मेरो कि.नं. ४४९५ को जग्गामा नपुग बाटोको जग्गा ६ इन्च मात्र भएकोले सोही ६ इन्चसम्मको जग्गामा खिचोला मान्नु पर्नेमा कि.नं. ४४९५ को जग्गालाई नै बाटो मानी खिचोला ठहर गरिएको फैसला त्रुटिपूर्ण हुँदा सुरू जिल्ला अदालतको मिति २०७१।१।२८ को दूषित फैसलालाई बदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी जगतप्रसाद साहको तर्फबाट पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र।

विपक्षीको दाताको मूल कित्ता नं. १६७२ कित्ताकाट भई विपक्षीहरूले ३७१६ र ३७१७ प्राप्त गरी दाताको नाउँमा बाँकी रहेको कित्ता नं. ३७१८ को जग्गाको नक्सामा भएको बाटोलाई निजले स्वीकारी कुनै उजुर गरेको छैनन्। कि.नं. ३७१६, ३७१७ को कुनै निकास बाटो नभई कि.नं. ३६१० मा १० फिटको बाटो भएको भन्ने फिराद झुट्ठा हो। विपक्षीको जग्गाको प्रत्येक कित्ताको ४ फिटको बाटो देखाई नापी शाखाको नक्सामा रेखाङ्कन गरिएको स्पष्ट देख्नुको साथै अदालतबाट भई आएको नक्सामा समेत विपक्षीहरूले सबै कित्ताको पूर्व बाटो भएको नक्सामा देखिँदादेखिँदै विपक्षीहरूको निकास बाटो नभएको आधारमा मेरो हकभोग दर्ताको जग्गामा खिचोला ठहऱ्याई गरिएको फैसला त्रुटिपूर्ण हुँदा सुरू जिल्ला अदालतबाट मिति २०७१।१।२८ मा भएको फैसला उल्टी गरी विपक्षीको झुट्ठा फिराद दाबीबाट मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी नइमुन नेसाको तर्फबाट पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र।

यसमा यसै लगाउको ०७१-DP-०१०१९ को बाटो जग्गाको लिखत बदर दर्ता बदर मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएकोले प्रस्तुत मुद्दा उल्लिखित मुद्दासँग अन्तरप्रभावी हुँदा यसमा पनि मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम, ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नुहोला भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।११।१८ को आदेश।

न.नं. १८ मा देखाइएको ३ फिट बाटोलाई पूर्वतर्फ ७ फिट थप गरी १० फिट चौडाइको कायम गरी कि.नं. २०७८ को जग्गाको दक्षिण कुनासम्म घर टप भत्काई वादीलाई बाटो चलन चलाई दिनुपर्नेमा कि.नं. ४४९५, ४४९६ र ४४९७ का जग्गामा बनाइएको सम्पूर्ण घर भत्काई दिने ठहर गरी बारा जिल्ला अदालतबाट मिति २०७१।०१।२८ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई न.नं. १८ को बाटोको पूर्वतर्फबाट उत्तर दक्षिण ७ फिटभित्र प्रतिवादीले बनाएका घर टप भत्काई बाटो कायम गरी दिने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।२० मा भएको फैसला।

वादीहरूको जग्गाको पूर्वतर्फ बाटो रहेको, सो पूर्वतर्फको बाटो हुँदै निजहरूको निकास उत्तरतर्फको बाटोमा जोडिने अवस्था विद्यमान हुँदा हुँदै शारदाकुमारी धनुकाइनको कि.नं.२०७८ र मेरो कि.नं.४४९५ को जग्गाको बिचबाट बाटो कायम गरी दिँदा मेरो र शारदाकुमारी धनुकाइनको कित्ताको क्षेत्रफल कम हुन गई घर बनाउन नमिल्ने भएको छ, मेरो जग्गाको बिचबाट नक्सा तथा ट्रेस नक्सामा बाटो कायम छैन। मेरो कि.नं.४४९५ कि.नं.२०७८ को पूर्वतर्फ पर्ने जग्गा हो, बाटोको जग्गा होइन। वादीहरूको जग्गाको पूर्वतर्फ तथा शारदाकुमारी धनुकाइनको कि.नं.२०७८ को उत्तरतर्फ बाटो कायम हुने गरी भएको फैसलामा मलाई चित्त बुझेको छ, तर मेरो र.नं.२५१९।२ मिति २०६७।०९।०९ को राजीनामा लिखत बदर हुने गरी भएको फैसला त्रुटिपूर्ण छ।

कि.नं.४४९५ म पुनरावेदकले मिति

२०६७।०९।०९ मा र.नं.२५११९।२ बाट राजीनामाको लिखत पारित गरी खरिद गरेको नम्बरी जग्गा हो । नागरिक अधिकार ऐन, २०१२ को दफा ६(६) बमोजिम मैले भोग गर्न, आर्जन गर्न पाउने जग्गालाई बाटोको जग्गा भनी केही लिखत बदर गर्ने गरी फैसला भएको छ । म पुनरावेदकको साँधमा जोडिएको शारदाकुमारी धनुकाइनको नाउँको कि.नं.२०७८ र म पुनरावेदकको कि.नं.४४९५ को जग्गाको बिचबाट अन्य व्यक्तिको लागि बाटोको रूपमा प्रयोगमा नआउने र मसमेतलाई बाटोको रूपमा प्रयोग गर्न नपर्ने, वादी मस्यौदादेवी धनुकाइनको जग्गासँग नजोडिएको, निजले पनि बाटोको रूपमा प्रयोग नगरेको म पुनरावेदकले मालपोत कार्यालयबाट रजिस्ट्रेसन पारित गरी खरिद गरी लिई मेरो निर्विवाद हक अधिकार रहेको उक्त जग्गाको केही लिखत बदर गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

कि.नं.२०७८ को उत्तरी सिमासम्म मात्रै १० फिटको बाटो कायम गर्नु पर्नेमा कि.नं.२०७८ को दक्षिण सीमासम्म बाटो कायम गर्ने गरी म पुनरावेदक र शारदा कुमारी धनुकाइनको जग्गाको समेत क्षेत्रफल घट्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।२० मा भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला केही उल्टी गरी म पुनरावेदकको कि.नं.४४९५ र मुद्दामा वादी प्रतिवादी नरहेकी सँधियारा शारदा कुमारी धनुकाइनको कि.नं.२०७८ को उत्तरतर्फको साँध सीमासम्म मात्रै १० फिटको बाटोको लम्बाइ कायम हुने गरी र मेरो नाउँमा दर्ता रहेको जग्गाको क्षेत्रफल नघट्ने गरी फैसला गरी न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीमध्येका जगतप्रसाद साहको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

जिल्ला बारा, गा.वि.स. भवानीपुर जितपुर वडा नं. ३ कित्ता नं. ४४९६ क्षेत्रफल ०-०-१, ऐ. कित्ता नं. ४४९७ क्षेत्रफल ०-०-२-१४ का जग्गा मेरो विधिवत् हक स्वामित्व भएका जग्गा हुन् । यसरी मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. अनुसार लिखत पारित गरी हक भोग स्थापित भएको आफ्नो जग्गामा घर बनाइएको हो ।

जग्गाको भौतिक स्थितिको स्रेस्ता रहेको मालपोत कार्यालयको जग्गा दर्ता स्रेस्ताबाट उक्त जग्गा मेरो एकलौटी हकभोग दर्ताको जग्गा भएको स्पष्ट छ । मेरो हकभोग दर्ताको जग्गामा मैले बनाएको घर हटाई पाउन उजुर दिने हकदैया विपक्षीलाई नभएको हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८२ नं. ले फिराद दाबी खारेज गर्नुपर्नेमा घर हटाउनु पर्ने भनी फैसला भएको छ । कुनै निजी जग्गालाई सार्वजनिकीकरण गर्न कानूनमा निर्धारण गरिएको कानूनी विधि र प्रक्रिया पूरा गरिएपश्चात् मात्र सो जग्गामा सम्बन्धित व्यक्तिको हक समाप्त भई सार्वजनिक हुन्छ । त्यसैले विपक्षीको मौखिक कथनको आधारमा मेरो हकभोग दर्ता भएको जग्गा कानूनले तोकेको प्रक्रिया र व्यवस्था प्रतिकूल सार्वजनिक गर्न मिल्ने होइन ।

र.नं.१२४६ को लिखतमा मालपोत कार्यालय बाराले मूल्याङ्कन प्रयोजनको लागि कि.नं. ३६१० को जग्गा साबिकदेखि हालसम्म पिच रोड, रेल्वे तथा अन्य कुनै बाटोसँग जोडिएको छ छैन भनी सोधनी भएको विषयमा नक्सा हेरी कच्ची बाटोसँग जोडिएको भनी नापी शाखाले उल्लेख गरेकोलाई मेरो जग्गा निजी नभई सार्वजनिक भएको भनी गलत अर्थ गरी फैसला गरिएको छ । जबकि यही कि.नं. ३६१० मूल लिखतको पारित हुँदा र.नं. ११४९२ को लिखतमा नापी शाखाबाट कि.नं. ३६१० को जग्गा साबिकदेखि हालसम्म प्लटको बाटोसँग जोडिएको देखिन्छ भनी स्पष्टरूपले उल्लेख गरिएबाट पनि उक्त राजीनामा लिखतमा उल्लिखित तथ्यको गलत अर्थ गरिएको पुष्टि भएको छ । अदालतबाट भएको नक्साको न.नं. १८ भन्दा बाहेकको जग्गामा मेरो घर बनेकोमा सोलाई हटाउने भनी फैसला गरिएको छ ।

मूल रूपमा जिल्ला बारा, गा.वि.स. भवानीपुर जितपुर वडा नं. ३, कित्ता नं. १६७२ क्षेत्रफल ०-१-

० जग्गा चन्द्रदेव राउतको नाउँमा दर्ता रहेको जग्गा हो । सोही जग्गा निज चन्द्रदेवको दाजुभाइबिच मिति २०५८/९/१० मा बन्डा हुँदा कित्ता नं.३७१६, ३७१७, ३७१८ मा विभाजन गरी नक्सा ट्रेससमेत बनाइएको छ । जसमा सो जग्गाहरूको पूर्वपट्टि ४ फिटको बाटो भएको रेखाङ्कन गरिएको छ । सोही जग्गा विपक्षीहरूले प्राप्त गरेको हुँदा उक्त नक्सा स्रेस्तामा ४ फिट बाटो भएको देखिँदादेखिँदै १० फिटको बाटो कायम गर्न मिल्ने होइन । त्यसमा पनि वादीको दाताको मूल कि.नं. १६७२ को जग्गा कित्ताकाट भई विपक्षी मस्यौदादेवीको नाउँमा कि.नं.३७१६ र विपक्षी जानकीदेवीको नाउँमा कि.नं.३७१७ को जग्गा दर्ता भई कित्ता नं.३७१८ मूल दाता चन्द्रदेव राउतको नाउँमा बाँकी रहेकोमा सो कित्ता नं. ३७१८ को जग्गा बिक्री गर्दाको लिखतमा जग्गाको ४ किल्लामा सो जग्गाको पूर्वतर्फ ४ फिट बाटो रहेको उल्लेख गरी गढीमाई नगरपालिकाबाट सो जग्गाको पूर्वतर्फ ४ फिट बाटो रहेको प्रमाणित प्रतिलिपि पेस गरी जग्गाको लिखत पारित गरिएको छ । यसरी स्वयम् विपक्षीको दाताले ४ फिट मात्र बाटो भएको भनी लिखित रूपमा स्वीकार गरेकोमा विपक्षीले इन्कार गर्न विबन्धित हुनाको साथै विपक्षीहरूको दाबी निजहरूको दाताको लिखतबाट समेत खण्डित हुन गई विपक्षीको झुट्ठा फिराद दाबीबमोजिम लिखत बदर गरिएको फैसला त्रुटिपूर्ण छ। तसर्थ, सुरु फैसला आंशिक उल्टी गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।२० मा भएको फैसला बदर गरी सुरू फैसलासमेत उल्टी गरी विपक्षीको झुट्ठा फिराद दाबीबाट मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी नइमुन नेसाको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन-पत्रसहितको मिसिल अध्ययन गरी हेरियो । पुनरावेदक प्रतिवादी नइमुन नेसाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दीपक राजभण्डारीले पुनरावेदक नइमुन नेसाले मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. अनुसार लिखत पारित गरी विधिवत् रूपमा आफ्नो हक भोग स्थापित भएको जग्गामा घर बनाएका हुन् । पुनरावेदकको एकलौटी हकभोग दर्ताको जग्गामा निजले बनाएको घर हटाई पाउन उजुर दिने हकदैया विपक्षीलाई नभएको हुँदा फिराद दाबी खारेज गर्नुपर्नेमा घर हटाउनु पर्ने भनी पुनरावेदन अदालतबाट फैसला भएको छ । र.नं. १२४६ को लिखतमा मालपोत कार्यालय बाराले मूल्याङ्कन प्रयोजनको लागि सोधनी भएको विषयमा नक्सा हेरी कच्ची बाटोसँग जोडिएको भनी नापी शाखाले उल्लेख गरेकोलाई पुनरावेदक नइमुन नेसाको जग्गा निजी नभई सार्वजनिक भएको भनी गलत अर्थ गरी फैसला गरिएको छ। अदालतबाट भएको नक्साको न.नं. १८ भन्दा बाहेकको जग्गामा पुनरावेदक नइमुन नेसाको घर बनेकोमा सोलाई हटाउने भनी फैसला गरिएको छ। मूल रूपमा चन्द्रदेव राउतको नाउँमा दर्ता रहेको कित्ता नं. १६७२ को जग्गा निजका दाजुभाइबिच बन्डा हुँदा कित्ता नं. ३७१६, ३७१७, ३७१८ मा विभाजन भएकोमा सो जग्गाहरूको पूर्वपट्टि ४ फिटको बाटो भएको रेखाङ्कन गरिएको छ । यसरी वादीको दाताको मूल कि.नं. १६७२ को जग्गा कित्ताकाट भई विपक्षी मस्यौदादेवीको नाउँमा कि.नं.३७१६ र विपक्षी जानकीदेवीको नाउँमा कि.नं.३७१७ को जग्गा दर्ता भई कित्ता नं. ३७१८ मूल दाता चन्द्रदेव राउतको नाउँमा बाँकी रहेकोमा सो कित्ता नं. ३७१८ को जग्गा बिक्री गर्दाको लिखतमा जग्गाको ४ किल्लामा सो जग्गाको पूर्वतर्फ ४ फिट बाटो रहेको उल्लेख गरी गढीमाई नगरपालिकाबाट सो जग्गाको पूर्वतर्फ ४ फिट बाटो रहेको प्रमाणित प्रतिलिपि पेस गरी जग्गाको लिखत पारित गरिएको छ । यसरी स्वयम् विपक्षीको दाताले ४ फिट मात्र बाटो भएको भनी लिखित रूपमा

स्वीकार गरेकोले सुरू फैसला आंशिक उल्टी गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला तथा सुरू बारा जिल्ला अदालतबाट भएको फैसलासमेत उल्टी गरी पुनरावेदकउपर परेको झुठ्ठा फिराद दाबीबाट मुक्त गरिपाउँ भनी बहस गर्नुभयो।

यसैगरी पुनरावेदक प्रतिवादी जगतप्रसाद साहको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पुण्यप्रसाद दंगालले कि.नं.४४९५ पुनरावेदक जगतप्रसाद साहले मिति २०६७।०९।०९ मा र.नं.२५१९।२ बाट राजीनामाको लिखत पारित गरी खरिद गरेको नम्बरी जग्गा हो। पुनरावेदक जगतप्रसाद साहको साँधमा जोडिएको शारदाकुमारी धनुकाइनको नाउँको कि.नं.२०७८ र पुनरावेदक जगतप्रसाद साहको कि.नं.४४९५ को जग्गाको बिचबाट अन्य व्यक्तिको लागि बाटोको रूपमा प्रयोगमा नआउने पुनरावेदकले मालपोत कार्यालयबाट रजिस्ट्रेसन पारित गरी खरिद गरी लिई निजको निर्विवाद हक अधिकार रहेको उक्त जग्गाको केही लिखत बदर गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ। कि.नं.२०७८ को उत्तरी सीमासम्म मात्रै १० फिटको बाटो कायम गर्नु पर्नेमा कि.नं.२०७८ को दक्षिण सिमासम्म बाटो कायम गर्ने गरी पुनरावेदक जगतप्रसाद साह र शारदाकुमारी धनुकाइनको जग्गाको समेत क्षेत्रफल घट्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला केही उल्टी गरी पुनरावेदक जगतप्रसाद साहको कि.नं.४४९५ र मुद्दामा वादी प्रतिवादी नरहेकी पुनरावेदककी सँधियारा शारदाकुमारी धनुकाइनको कि.नं.२०७८ को उत्तरतर्फको साँध सीमासम्म मात्रै १० फिटको बाटोको लम्बाई कायम हुने गरी फैसला गरिपाउँ भनी बहस गर्नुभयो।

हाम्रो कि.नं. ३७१६ र ३७१७ को पूर्वतर्फको १० फिट चौडाइ भएको र कि.नं. २०७८ को जग्गाको दक्षिण सिमानासम्मको लम्बाइमा रहेको बाटो भोग चलन भई आएकोमा बाटो जग्गालाई कित्ता काट गराई कि.नं. ४४९५, ४४९६ र ४४९७ को जग्गा कायम गराई कि.नं. ४४९७ को ज.वि. ०-०-२-१४ जग्गा च्यापी विपक्षी नइमुन नेसाले पक्की घर बनाई लिएकी र कि.नं. ४४९५ को ज.वि. ०-०-१८-८ जग्गा विपक्षी जगतप्रसाद साहले आफ्नो नाउँमा दर्ता गराई निकास बाटो मार्नलाई टन्टा झमेला गर्नुभएकोबाट र कि.नं. ४४९७ को कित्ता जग्गाको घर टप भत्काउनु पर्ने भएको हुँदा कि.नं. ४४९५, ४४९६ र ४४९७ समेतको बाटो जग्गाको खिचोला छोडाई टप घर भत्काई बाटो कायम गरी सबैले बाटो उपभोग गर्न पाउने गरी चलन चलाई पाउँ भन्नेसमेत बेहोराको वादीहरू जानकीदेवी धनुकाइन र मसौदादेवी धनुकाइनको संयुक्त फिराद दाबी रहेछ। दाबीबमोजिम साबिक कि.नं. ३६१० यथावत् कायम रहने भएबाट सोही कि.नं. ३६१० बाट कित्ताकाट भई हाल कायम हुन आएको कि.नं. ४४९७ को जग्गा सार्वजनिक बाटोमा पर्ने हुँदा सो बाटोमा परेका सबै संरचनासमेत भत्काई कि.नं.३६१० कि.का. भई कायमी कि.नं. ४४९५, ४४९६ र ४४९७ को जग्गाबाट प्रतिवादीहरूको खिचोला छोडाई सार्वजनिक बाटोको रूपमा उपभोग गर्न पाउने गरी चलनसमेत पाउने ठहराई सुरू बारा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। सुरू अदालतको सो फैसलाउपर चित्त नबुझी प्रतिवादी नइमुन नेसा तथा प्रतिवादी जगतप्रसाद साहको तर्फबाट पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन-पत्र दायर भएको रहेछ। बारा जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी न.नं. १८ को बाटोको पूर्वतर्फबाट उत्तर दक्षिण ७ फिटभित्र प्रतिवादीले बनाएका घर टप भत्काई बाटो कायम गरी दिने ठहराई पुनरावेदन अदालत हेटौंडाबाट फैसला भएको रहेछ। पुनरावेदन अदालत हेटौंडाको उक्त फैसलामा चित्त नबुझी प्रतिवादी नइमुन नेसा तथा प्रतिवादी जगतप्रसाद साहको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको रहेछ।

अब पुनरावेदन अदालत हेटौंडाको फैसला

मिलेको छ वा छैन, पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न कागज प्रमाण हेर्दा, मालपोत कार्यालय, बाराको र.नं. १२४६, मिति २०६३।७।१ मा दिने नइमुन नेसा र लिने महमद याकुव हुसेन भई कि.नं. ३६१० को ज.वि. ०-१-२-६ मध्येबाट ज.वि. ०-०-१८-८, कि.नं. ४४९५ कायम भई पुन: महमद याकुव हुसेनको नाममा राजीनामा पारित भई आएको देखियो भने कि.नं. ४४९६ र कि.नं. ४४९७ नइमुन नेसाको नाममा नै बाँकी रहेको देखिन आयो। यसरी उक्त कि.नं.४४९५, ४४९६ र ४४९७ का जग्गाहरू सोही कि.नं. ३६१० बाट कित्ताकाट भई कायम हुन आएका जग्गाहरू रहेको मिति २०६३।७।१ मा मालपोत कार्यालय, बाराको र.नं. १२४६ को लिखतबाट देखिन्छ। मालपोत कार्यालय, बाराको र.नं. १२४६ को उक्त लिखतमा, "कि.नं. ३६१० को जग्गा साबिकदेखि हालसम्म प्लटको कच्ची बाटोमा पर्छ, अरू बेहोरामा पर्दैन" भन्नेसमेतको बेहोरा नापी शाखा, बाराबाट उल्लेख भएको देखिन्छ। यसरी कि.नं. ३६१० को जग्गामा बाटो रहेको भन्ने तथ्य मालपोत कार्यालय, बाराको र.नं. १२४६ को उक्त लिखतबाट देखिन आयो।

३. यसरी कि.नं. ३६१० को जग्गामा बाटो रहेको देखिन आएबाट न.नं. १ बाट दक्षिणतर्फ कि.नं. २०७८ को दक्षिण कुनासम्म १० फिट चौडाइको बाटो रहेको भन्ने फिराद दाबीलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। सो बाटो १० फिट चौडाइको होइन भन्ने जिकिर पनि छैन। भई आएको नक्सा मुचुल्का हेर्दा, न.नं. १८ मा ३ फिट चौडाइको बाटो देखाइएको छ। यसरी विवादित बाटो १० फिट भएकोमा विवाद नभएको र सोसँग जोडिएका उल्लिखित कि.नं.४४९५, ४४९६ र ४४९७ का जग्गाहरूमा प्रतिवादीले घरलगायतका संरचना निर्माण गर्दा न.नं. १८ मा देखाइएको बाटो छोडी बाँकी जग्गामा मात्र घर निर्माण गर्नुपर्नेमा प्रतिवादीले सो बाटो ३ फिट चौडाइ मात्र छाडेर घर निर्माण गरेको देखिन आयो। विवादित स्थानमा साबिक जग्गाका दाताले बाटो जनाई प्लटिङ गरेको भन्ने तथ्य छ। दाताले नै बाटो रहेको स्वीकार गरेको तथ्यलाई पछि जग्गा खरिद गर्ने व्यक्तिहरूले होइन भनी भन्न पनि मिल्ने होइन। प्लटिङ गरी जग्गा बिक्री गर्दा बाटो जनाई बिक्री गर्दै सो बाटोलाई नै निकास देखाइएको छ। अब सो उल्लिखित बाटो होइन, छैन भनी पछि खरिद गर्ने दाताले बाटो मिची घर निर्माण गर्दा बाटो निकास जस्तो विषयमा अरू खरिदकर्तालाई प्रत्यक्ष असर पर्न जाने हुन्छ। वस्तुत: दाताले बाटो निकास रहेको भनी लिखतमा उल्लेख गरेको बेहोरालाई पछि जग्गा खरिद गर्ने दातालाई पनि सो तथ्य बन्धनकारी हुने र बाटो निकासलाई अवरोध गर्न मिल्ने हुँदैन। त्यसैले नक्सा मुचुल्कामा देखाइएको ३ फिट बाटोलाई पूर्वतर्फ ७ फिट थप गरी १० फिट चौडाइको कायम हुनुपर्ने देखिन्छ।

४. सुरू अदालतबाट फैसला हुँदा कि.नं.३६१० बाट कित्ताकाट भई कायम हुन आएको कि.नं.४४९७ को जग्गा सार्वजनिक बाटोमा पर्ने हुँदा सो बाटोमा परेका सबै संरचनासमेत भत्काई कि.नं.३६१० कित्ता काट भई कायमी कि.नं. ४४९५, ४४९६ र ४४९७ को जग्गाबाट प्रतिवादीहरूको खिचोला छोडाई सार्वजनिक बाटोको रूपमा उपभोग गर्न पाउने गरी चलनसमेत पाउने ठहरी फैसला भएको रहेछ। यसरी न.नं. १ बाट दक्षिणतर्फ कि.नं. २०७८ को दक्षिण कुनासम्म १० फिट चौडाइको बाटो रहेको देखिन आएको र नक्सा मुचुल्कामा न.नं. १८ मा ३ फिट चौडाइ मात्रको बाटो देखाइएकोमा सुरू फैसलालाई केही उल्टी गरी न.नं. १८ को बाटोको पूर्वतर्फबाट उत्तर दक्षिण ७ फिटभित्र प्रतिवादीले बनाएका घर टप भत्काई बाटो कायम गरी दिने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न

मिल्ने देखिन आएन, उक्त फैसला मिलेकै देखिन आयो।

५. अतः कि.नं.३६१० बाट कित्ताकाट भई कायम हुन आएको कि.नं.४४९७ को जग्गा सार्वजनिक बाटोमा पर्ने भई सो बाटोमा परेका सबै संरचनासमेत भत्काई कि.नं.३६१० कित्ता काट भई कायमी कि.नं. ४४९५, ४४९६ र ४४९७ को जग्गाबाट प्रतिवादीहरूको खिचोला छोडाई सार्वजनिक बाटोको रूपमा उपभोग गर्न पाउने गरी चलनसमेत पाउने ठहरी बारा जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी न.नं. १८ को बाटोको पूर्वतर्फबाट उत्तर दक्षिण ७ फिटभित्र प्रतिवादीले बनाएका घर टप भत्काई बाटो कायम गरी दिने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।०८।२० मा भएको फैसला माथि उल्लेख गरिएका तथ्य, आधार र प्रमाणसमेतबाट मिलेकै देखिँदा सो फैसला सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृतः कृति थापा
इति संवत् २०७५ साल असार १२ गते रोज ३ शुभम्।

& & & & & &

निर्णय नं. १०३८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७६।५।१८
०६४-CR-०३१९

मुद्दाः- भ्रष्टाचार

पुनरावेदक / प्रतिवादी : जिल्ला पर्सा, वीरगन्ज उपमहानगरपालिका वडा नं. २ छपकैया घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने बस्ने जगरनाथप्रसाद सोनार

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत जगदिशमान श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार

- **भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुर्‍याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने।**

(प्रकरण नं.९)

- **करारीय सम्बन्धको विषयलाई लिएर**

भ्रष्टाचार मुद्दा चलाइएको, कर्जा लगानी गर्ने बैंकका कर्मचारीहरूलाई सफाइ दिने गरी भएको फैसलाउपर वादी पक्षको पुनरावेदन परेको नदेखिएको, खास ऋणीहरूउपर मुद्दा नै नचलाइएको, हायर पर्चेज कर्जासम्बन्धी बैंक र ऋणीबिच भएको सम्झौताको सर्तबमोजिम बैंकले गाडी कब्जामा लिने कार्य गरेको नदेखिएको, फौजदारी कसुरजन्य बदनियत राखेर प्रतिवादीले कारोबार गरेको देखिने तथ्य प्रमाणित हुन नआएको र ऋणी तथा जमानत दिने सप्लायर्स कम्पनीसमेतका प्रतिवादीबाट कृषि विकास बैंक र सप्लायरबिच भएको Buy Back Agreement अनुसार र प्रचलित कानूनबमोजिम असुल गर्नुपर्ने बाँकी रकम बैंकले असुल गर्न सक्ने नै भएको अवस्था रहेकोले यसमा आरोपपत्र दाबीबमोजिम भ्रष्टाचारको कसुर ठहर गर्न नमिल्ने ।

(प्रकरण नं.१२)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री कृष्णप्रसाद सापकोटा, श्री सविता भण्डारी, श्री प्रकाश के.सी. विद्वान् अधिवक्ताहरू डा. श्री भिमार्जुन आचार्य र श्री दुर्गाप्रसाद उप्रेती

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, विद्वान् वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे र विद्वान् अधिवक्ता श्री निर्मलराज कोइराला

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

सुरू तहमा फैसला गर्ने:

अध्यक्ष मा.न्यायाधीश श्री भूपध्वज अधिकारी
सदस्य मा. न्यायाधीश श्री कोमलनाथ शर्मा
सदस्य मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.
विशेष अदालत, काठमाडौं

फैसला

न्या. ईश्वरप्रसाद खतिवडा : विशेष अदालत ऐन, २०५९ को दफा १७ तथा साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९(घ) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

संक्षिप्त तथ्य

कृषि विकास बैंकका उपमहाप्रबन्धक रामचन्द्र महर्जनसमेतको मिलेमतोबाट अनिता इलेक्ट्रिक एन्ड मेकानिक कम्पनी प्रा.लि., रवि इन्टरनेसनल र काठमाडौं टुक टुक प्रा.लि. का सञ्चालक जगरनाथ प्रसाद सोनारसमेतबाट हायरपर्चेज (बस गाडी खरिद) कर्जाअन्तर्गत इटहरी स्थित बैंकिङ कार्यालयबाट विना धितो बस नै धितो भनेर करिब सवा तीन करोड लगानी भएको, एउटै कम्पनीको गाडी अपत्यारिलो किसिमले फरक फरक मूल्यमा बिक्री गरेको, कर्जाबाट खरिद गरिएका गाडीहरू विभिन्न ठाउँमा बेवारिसे अवस्थामा रहेको, नेपाल भरीका कृषि विकास बैंकहरूबाट हालसम्म करीब एक अरब रूपैयाँ वाइब्याक ऋणअन्तर्गत डुबेको हुँदा यससम्बन्धी भ्रष्टाचारमा कडा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दर्ता नं. १९४४ मिति ०६१।९।६ मा दर्ता भइ मिसिल सामेल रहेको ।

सप्लायर कम्पनीका सञ्चालकहरू र निजहरूको अन्तरसम्बन्ध

काठमाडौं टुक टुक प्रा.लि.नामको कम्पनी प्रा.लि. कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०५३।२।१६ गते प्रा.लि. नं. ४९८१/०५२।५३ मा दर्ता भएको देखिएको छ । उक्त कम्पनीको संस्थापक सेयर होल्डरहरूमा निर्मलकुमार जैन, प्र.जगरनाथप्रसाद सोनार र निज जगरनाथप्रसाद सोनारकी छोरी प्र.सरोज सर्राफ रहेको देखियो । सञ्चालक समितिमा निर्मलकुमार जैन र प्र.जगरनाथप्रसाद सोनार रहेको देखिएकोमा सो कम्पनीको मिति २०५५।४।१ को सञ्चालक समितिको बैठकबाट निर्मलकुमार जैनको नामको सेयर प्र. जगरनाथप्रसाद सोनारको छोरा प्र.रविन्द्रकुमार सर्राफको नाममा हस्तान्तरण भएको देखिएको छ । सो संस्थाको मिति २०५५।१०।२४ को निर्णयले प्र. जगरनाथप्रसाद सोनारलाई उक्त कम्पनीको अध्यक्ष तथा प्रबन्ध सञ्चालक र प्र. जगरनाथप्रसाद सोनारकी छोरी प्र. सरोज सर्राफलाई सञ्चालक तोकेको देखियो । मिति २०५६।४।२ पछि उक्त संस्थाका सञ्चालकहरूमा प्र.जगरनाथप्रसाद सोनार, निजको छोरा प्र. रविन्द्रकुमार सर्राफ र निज प्र. जगरनाथकी छोरी प्र.सरोज सर्राफ कायम रहेको देखियो ।

अनिता इलेक्ट्रिक एन्ड मेकानिकल कम्पनी प्रा.लि. कम्पनी रजिस्ट्रारको कार्यालयमा संस्थापक सेयरहोल्डरहरू प्र. जगरनाथप्रसाद सोनारकी बुहारी प्र. अनिता सर्राफ र शोभा सर्राफको नामबाट प्रा.लि. नं. ७२६९।०५४।०५५ मिति २०५४।५।१५ मा दर्ता भएको देखिएको छ । सो संस्थामा शोभा सर्राफको नाममा भएको सम्पूर्ण सेयर मिति २०५५।४।१ मा श्रीमती अमिता अग्रवालको नाममा हस्तान्तरण भएको देखिएको छ । सोपछि मिति २०५७।५।२५ र २०५८।१।३ मा अमिता अग्रवालको नामको सम्पूर्ण सेयर प्र. जगरनाथप्रसाद सोनारकी पत्नी प्र. कौशिला सोनारीनका नाममा हस्तान्तरण भएको देखिएको छ । यसरी यस कम्पनीमा हाल प्र. जगरनाथप्रसाद सोनारकी बुहारी, सुरेन्द्रकुमार सर्राफकी पत्नी प्र. अनिता सर्राफ र प्र. जगरनाथप्रसाद सोनारकी पत्नी प्र. कौशिला सोनारिन सञ्चालक कायम भएको देखियो ।

रवि इन्टरनेसनल नाम भएको फर्म मिति २०५८।९।१३ गते प्रा.फ.र.नं. ५७८५२।०५८।५९ मा वाणिज्य विभागमा दर्ता भएको देखियो भने यस फर्मको प्रोपाइटर प्र. जगरनाथप्रसाद सोनारको छोरा प्र. रविन्द्रकुमार सर्राफ रहेको देखियो ।

अनुसन्धानको क्रममा भएका बयान

हायर पर्चेज कर्जा लगानीसम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा का.मु. महाप्रबन्धकको हैसियतबाट निर्माण भई स्वीकृत हुने कार्यमा मसमेतको सहभागिता रहेको हो । कर्जा कार्यविधि तयार गर्दा ऋणको सुरक्षण र अनुगमनमा बढी जोड दिइएको छ । कार्यविधिमा सप्लायर्सले वाइब्याक गरी लिने थप व्यवस्था भएको छ । सर्तहरूको पालना हुँदा बाध्यात्मकता भन्दा कार्यान्वयन पक्षमा जोड दिनुपर्ने हो । सबै कर्जामा जोखिमको अंश विद्यमान नै हुने हुँदा यस कार्यविधिले बैंकको हित सुरक्षित नै हुने स्थिति रहेको छ । ऋणीले कर्जा नबुझाएमा सप्लायरले पुनः खरिद गरी असुल हुने स्थितिमा अन्य विकल्प नअपनाई उक्त कर्जा असुली हुने अनुमान गरेको हो । बैंकिङ उपसमितिबाट निर्णय भई कार्यविधि बनेको हो, सप्लायर आधिकारिक मान्यता प्राप्त हुनुपर्ने हो । सप्लायरले पेस गरेको मूल्यका बारेमा जानकारी नहुने भएकोले मिलेमतो हुने कुरै भएन । सप्लायर कम्पनीसँग सम्पर्क र परिचय केही छैन । नीति नियम बनाउँदा सकभर सबै ठाउँमा एउटै मापदण्ड प्रयोग गरी बनाउने सोच रहेको हो । ऋण लगानी गर्दा नै ऋण असुली हुँदैन भन्ने सोच यसमा रहेको छैन, सप्लायरबाट समेत असुलीमा

पुनः खरिद गर्ने सम्झौता भएको छ । धितो भनेकै गाडी नै रहेको र वाइब्याक गर्नेले ऋण चुक्ता गर्न सहयोग गर्ने सम्झौतासमेत भएको छ । ३०% रकम बैंकमा दाखिला ऋणीले गर्नुपर्ने हो तर शाखा कार्यालयबाट भए नभएको विषय मेरो जानकारीमा छैन । केन्द्रीय कार्यालयबाट सबै ऋणीको अनुगमन सम्भव हुँदैन । त्यसकारण ऋण लगानी गर्ने कार्यालयको एकजना कर्मचारी किटान गरी लगानी गर्न का.मु. महाप्रबन्धक हुँदा टिप्पणी तथा आदेशमा लेखी स्वीकृत गरेको हो । २ वर्षअगाडि नै बैंकको सेवा छोडिसकेकोले सवारी साधन कसको जिम्मामा छ थाहा छैन । कर्जाको कार्यान्वयन र फिल्ड तहको राम्रो र बलियो अनुगमन नभएको कारणले कर्जाको वर्तमान स्थिति देखा परेको हो । मेरो तत्कालीन का.मु. महाप्रबन्धकको हैसियतले बैंकको प्रयत्नमा रहेको सञ्चालक समितिको निर्णय, सञ्चालक समितिले बनाएको वाणिज्य बैंकिङ ऋण र बजार प्रबर्द्धन उपसमिति र महाप्रबन्धकको अधिकार क्षेत्रभित्र रही आफ्नो दायित्व निर्वाह गरेको हुँ । खराब कर्जा तब हुन्छ जब त्यो कर्जाको राम्रो अनुगमन गरिँदैन र जिम्मेवार व्यक्ति तोकिँदैन । भाखा नाघ्ने बित्तिकै आवश्यक कार्यबाही कार्यालयबाट नै हेरिनु र गरिनु पर्ने कार्य हो । प्रस्तुत कर्जा कार्यक्रममा धितो भनेको मूलतः सवारी साधन नै हो । सवारी साधनको मूल्यकै आधारमा हिसाब गरिने वा त्यस्तै प्रकारले लगानी प्रवाह भएको छ।

रत्नपार्क शाखाको च.नं. ७६८ मिति २०६०।१।२२ को कम्पनीलाई कालो सूचीमा राख्ने पत्र मिति २०६०।१।२४ मा कृषि विकास बैंक, मुख्य कार्यालयमा प्राप्त गरेको सम्बन्धमा थाहा छैन । थाहा पाएको भए कारबाही गर्थें । विषयको गाम्भीर्यलाई महाप्रबन्धक कहाँ पेस गरेपछि तत्काल आवश्यक कार्यबाही हुने गरेको थियो । यसमा मेरो मिलेमतो छैन । आ.व. २०५९।६० मा सञ्चालक समितिले ७०:३० को दरले ऋण प्रवाह गर्ने नीति पास गरेको हो। यस केसमा पनि २०५९।८।९ को टिप्पणी र आदेशमा महाप्रबन्धकको हैसियतले एकजना कर्मचारी किटान गरी लगानी गर्ने सर्त राखी टिप्पणी स्वीकृत गरेको हो । तलबाट तयार भई आउने कुरोमा मेरो विवेकले दिएसम्म काम अगाडि बढाउन प्रयास गरेको हुँ । प्रस्तुत आरोप मलाई लाग्नु नपर्ने र बैंकलाई हानि नोक्सानी नगरेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कारबाही मउपर हुन नपर्ने हो भन्नेसमेत बेहोराको कृषि विकास बैंकका **का.मु. महाप्रबन्धक जलनकुमार शर्मा**को अनुसन्धानको क्रममा भएको बयान।

उपमहाप्रबन्धक (बैंकिङ) मा रहँदा ऋण कमिटीमा सदस्यको हैसियतले भाग लिएको र कार्यविधि बनाउँदा महाप्रबन्धक अध्यक्ष रहेको बैंकिङ उपसमितिमा उपमहाप्रबन्धकको रूपमा सदस्य रहेको हुँ । उपर्युक्त कार्यविधि निर्माण गर्ने कार्यमा म संलग्न रहेको छु । विभागबाट पेस भएको टिप्पणीमा महाप्रबन्धकबाट थपघट गरेर टिप्पणी स्वीकृत गर्ने अधिकार महाप्रबन्धकलाई नै हुन्छ । यसरी स्वीकृत भएको टिप्पणीअनुसार विभागबाट अथवा उपमहाप्रबन्धकबाट परिपत्र गर्ने गरेको छ । बैंकको सञ्चालक समितिले नीति तय गरेअनुसार वाणिज्य बैंकिङ नीति तथा बजार प्रबर्द्धन विभागले २०५९।८।९ मा तयार गरेको हायर पर्चेज कर्जाको कार्यविधिसम्म हो । नेपाल बैंक र बैंक अफ काठमाडौंले ७०:३० अन्तर्गत रही लगानी गरेको बुझिएको हो । अन्य बैंकले वाइब्याकको प्रावधानसमेत राख्ने गरेको कुरा विभागबाट विभागीय प्रमुख भरतकुमार पोखरेलबाट जानकारी पाएको हो । वाणिज्य बैंक ऐन, २०३१ ले चल अचल सम्पत्तिमा नै धितो रहने गरी लगानी गर्न सक्ने व्यवस्था गरेकोले गाडी नै धितो रहने गरी लगानी गरिएको हो । बैंकको हित संरक्षण हुन्छ भन्ने विश्वास गरी नीति तथा कार्यविधि तर्जुमा गरेको हो । लगानी भएको ऋण मात्र हेर्ने Loan Supervision

को अत्यन्त आवश्यक पर्ने भएकोले एक जना कर्मचारी छुट्टै तोक्नु पर्ने व्यवस्था गरिएको तर कार्यान्वयन पक्ष कमजोर रहेको देखियो।

बैंकसँग कम्पनीले गरेको सम्झौताअनुसार सहयोग नगरेमा कानूनबमोजिम सम्झौताअनुसार बाध्य गराउन सकिने अवस्था विद्यमान छ। पूर्णरूपमा ऋण जोखिम हुने गरी कार्यविधि तर्जुमा नगरेको र पूर्णरूपमा ऋण जोखिममा परेको समेत छैन । सप्लायरले सम्झौताअनुसार गाडी वाइब्याक नगरेमा २ वर्षभित्र सम्झौता कार्यान्वयन गरी पाउनको लागि अदालतमा मुद्दा हाल्न सकिने कानूनी आधार रहेको बेहोराको बैंकको कानूनी राय प्राप्त भइसकेको छ। वाइब्याकबाटै असुल नभएमा धितोमा रहेको गाडी लिलाम गर्न सक्ने र ऋणीको अन्य सम्पत्तिबाट समेत ऋण असुलीमा कार्यबाही गर्न सक्ने भएकोले त्यसप्रकारको कार्यविधि बनाइएको हो। जहाँसम्म सप्लायरबाट बैंक जमानतको कुरा छ निजलाई सम्झौताको आधारमा कानूनी दायित्वको परिधिभित्रसम्म राख्नलाई सम्झौता गरिएको हो । बैंकले गाडी कब्जा गरी ऋण असुली गर्ने कार्यमा खास गरी कार्यान्वयन तहका शाखाहरूले विभिन्न कारणले तदारूकता अपनाउन सकेनन् । नेपाल सरकारको नीतिभित्र रही कार्य गर्ने कम्पनीले सप्लाई गर्न पाउने प्रावधान रहेकोले गाडी सप्लाई गर्ने कम्पनीको कोटेसनलाई मान्यता दिइएको हो । त्यसैले आधिकारिक सप्लायर कम्पनीको कोटेसन मूल्य फरक पर्ला जस्तो लाग्दैन। एउटा कम्पनीको गाडी धेरै कम्पनी वा आयातकर्ताले कोटेसन पेस गर्न सक्ने अवस्था देखिँदैन। ऋण विश्लेषण गर्दा लगानी शाखामा ऋण अधिकृतहरूले छलफल गर्ने पनि Banking Practice छ। जहाँसम्म कोटेसन मूल्यलाई बाध्यात्मक बनाउने भन्ने कुरा छ त्यो मूल्य ग्राहकले स्वीकार नगरेसम्म बैंकले मान्ने कुरा छैन।

जगरनाथप्रसाद सोनार एवं निज संलग्न कम्पनीबाट त्यस्तो किसिमको कर्जा कार्यक्रम माग भएकोले सञ्चालक समितिले त्यस्तो कार्यक्रम स्वीकृत गरेको भन्ने मलाई लाग्दैन। मससमेतले उक्त कार्यविधि कर्जा लगानीको लागि स्वीकृत गर्दा विभागबाट सिफारिससाथ आएको कार्यविधिको टिप्पणीमा दस्तखत गरी पठाएको हुँ । विभागले निजहरूको मागबमोजिम कार्यविधि टिप्पणी पेस गरेको भन्ने मलाई लाग्दैन । हायरपर्चेज कार्यविधि २०५० का साथ हा.प. कर्जा विश्लेषण फाराममा कर्जा पाउनेको योग्यता ग्राहकले कोटेसन पेस गरेको छ, छैन, कर्जा विश्लेषण गर्दा उल्लेख गर्नुपर्ने किटानी व्यवस्था गरिएको छ । सो हेर्ने कार्य लगानी गर्ने कार्यालयको ऋण विश्लेषकको हो। लोकेसनको कारणले मूल्यमा सामान्य फरक पर्न सक्छ, धेरै नै अनुचित किसिमले नगरून् भनेर ऋण विश्लेषकले ध्यान दिनुपर्ने कुरा हो। कार्यविधिमा सबै कुरा लेख्ने नभई केही कुरा अन्य फरमेट, विश्लेषण फाराम तथा कार्यविधिको अन्य ठाउँमा उल्लेख भएको कुराहरूसमेतलाई ध्यानमा राखेर कर्जा विश्लेषकले विश्लेषण गरेर कर्जा लगानी गर्नु पर्दछ।

सप्लायरले ७ वटा गाडी बुझी लिएको भन्ने मिति २०६०।११।१४ को पत्रबाट महाप्रबन्धकलाई जानकारी दिई इटहरी शाखालाई बोधार्थ दिएको पत्रका सम्बन्धमा सम्झौताको सर्त नं. २ अनुसार गर्न किन आवश्यक आदेश दिई कार्यान्वयन गरिएन भन्ने बेहोरा आयोगमा प्राप्त प्रतिलिपिबाट मात्र थाहा पाएँ। त्यसमा भुक्तानी नगरी बैंकलाई तत्कालै पठाउन पर्ने दायित्वलाई कम्पनीले जानाजानी ढिलो गरेको देखिएको छ । उक्त कार्यविधिअनुरूप लगानी भएको कर्जा असली मुख्य कार्यालयबाट दिइएको निर्देशनअनुसार शाखा कार्यालयहरूबाट नगरेको भन्ने जानकारी हुने बित्तिकै २०६०।९।९ मा हा.प. कर्जा बन्द गराएको हुँ। समग्ररूपमा विभिन्न कारणले गर्दा हा.प. कर्जा असुलीमा कठिनाई देखिएको छ। निरीक्षण तथा अनुगमन गर्ने कार्य बैंकिङ विभाग र सोअन्तर्गत निरीक्षण तथा अनुगमन शाखाको हो।

असुलीमा कठिनाई परेको बुझ्ने बित्तिकै लगानी रोक्का गरेकै हुँ। सप्लायरबाट पछि भए पनि सुरक्षण लिन प्रयास गर्न सकिन्थ्यो, त्यसतर्फ कतैबाट पनि त्यसो गर्ने कुरा उठन सकेन। कार्यविधिमा थप गरी त्यस्तो प्रावधान राख्ने वा नराख्ने बारेमा पछि हामीबिच (बैंकिङ उपसमितिमा) विचार विमर्श हुन सकेन। ऋणीले पेस गरेको कोटेसनको सत्यताको विश्लेषण गर्ने ऋण विश्लेषकहरूले गर्ने काम हो यी कुरा कार्यविधिमै उल्लेख गरिरहनु आवश्यक महसुस गरिएन। ऋणी तथा सप्लायरले जथाभावी मूल्याङ्कनको कोटेसन देला भन्ने अनुमान गर्न सकिएको थिएन। शाखाहरूले सुरक्षणमा रहने गाडीको मूल्याङ्कनतर्फ ध्यानै नदिनु ठीक थिएन। धितो जमानत नलिएको अवस्थामा जमानत गर्ने पक्षको दायित्व भनेको सम्झौताको सर्त पूरा नगरेमा कानूनले दायित्व वहन गर्न सकिने हदसम्म मात्र हुने हो।

कृषि विकास बैंक, बैंकिङ कार्यालय रत्नपार्क शाखाको च.नं. ७६८ मिति २०६०।१।२४ को पत्र बैंकिङ विभागमा फेला पर्न नसकेको हो। यो कुरा हालको उपमहाप्रबन्धकले बताएपछि बुझ्ने मौका पाएको हुँ। उक्त पत्र मैले प्राप्त गरेको थिएँ कि थिइनँ भन्नेबारे सम्झना पनि हुन सकेन। रत्नपार्क शाखाले ताकेता गरेको पनि थाहा भएन। मेरो कार्यकक्षमा दर्ता चलानी गर्ने चलन थिएन। आएको सबै पत्रमा यथोचित कारबाही (तोक आदि) लगाएपछि पियन वा पि.ए.ले नै सम्बन्धित विभागमा बुझाउन लाने प्रचलन थियो। उक्त समयमा मेरो सचिवालयमा नमराज कार्की नामको (अर्दली) पियन कायरत थिए। रत्नपार्क शाखाको च.नं. ७६८ मा उल्लिखित (Second hand मा आइसकेको) गाडीहरू नयाँ बानेश्वर शाखाबाट लगानी भएको तुलनामा लगनखेल र भैरहवालगायतका शाखाहरूबाट बढी मूल्यमा सोही गाडीमा लगानी भई बैंकको ऋण जोखिमपूर्ण बनाएको र समयमै आवश्यक सतर्कता नअपनाएको सम्बन्धमा लगानी गर्ने कार्यालयले कार्यविधिमा उल्लिखित बुँदाको सही पालना गरी ऋण प्रशोधन गर्नुपर्ने र ऋण अधिकृतले कर्जा विश्लेषण गरी कागज पत्रको सही परीक्षण गरेको भए बैंकलाई ठग्ने दुर्घटनाबाट जोगिन सक्ने थियो। बैंकको ऋण नतिर्ने र नतिराउनेसमेतको बदनियत राखी सप्लायर कम्पनीहरूसँग मिलेमतो गरी ऋण असुल हुनै नसक्ने गरी कार्यविधि तयार गरी गैरकानूनी लाभ पुऱ्याउनेसमेतको कार्य गरेको छैन। असल नियत राखी गरेको कामको लागि कृषि विकास बैंक ऐन, २०२४ दफा ३७ अनुसार व्यक्तिगत वा सामूहिक रूपमा उत्तरदायित्व हुनु नपर्ने व्यवस्था रहेको छ भन्नेसमेत बेहोराको कृषि विकास बैंकका तत्कालीन **उपमहाप्रबन्धक रामचन्द्र महर्जन**को अनुसन्धानको क्रममा भएको बयान।

मिति २०५९।८।९ को हायरपर्चेज कर्जा कार्यविधि निर्माण गर्न आवश्यक छलफल गरी मसमेतले निर्णय गरी उक्त कार्यविधि तयार गरेको हो। सो कार्यविधि बैंकको प्रत्येक वर्ष निर्धारण हुने गरेको योजना तथा वार्षिक नीतिअनुरूप गर्न भनी तोकिएका कार्यक्रममा परेकोले कार्यविधिमा पर्नुपर्ने कुराहरू राखी कार्यविधि निर्माण भएको हो। बैंकको योजना पुस्तिकामा पारित भएको नीतिअनुरूप कार्यविधि बनेको सन्दर्भमा विभागस्तरमा छलफल भई सोअनुरूप टिप्पणी उठान भएको हो। यस विभागमा कार्यरत नीति हेर्ने शाखाका कर्मचारीहरू र बैंकिङ हेर्ने सम्बन्धित उपमहाप्रबन्धकसँग छलफल गरी मस्यौदा गर्नुपर्नेमा सोसमेतको कार्य गरी कार्यविधि स्वीकार गर्न सम्बन्धित बैंकिङ उपसमितिमा छलफल गरी उपसमितिमा निर्णय गरी कार्यविधि तर्जुमा भएको हो। यो सञ्चालक समितिबाट स्वीकृत नीति कार्यान्वयन गर्न तयार गरिएको कर्जा प्रवाह गर्ने कार्यविधि हो। निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उद्देश्यले यो कर्जा कार्यक्रम ल्याएको हो। हायरपर्चेज कर्जा दिँदा सवारी साधन नै सुरक्षणमा लिने गरी कार्यविधि तयार भएको हुँदा सोही

अनुरूप कार्य गरेको हो। उक्त कार्यविधिमा बैंकको हित संरक्षणका लागि ग्राहकसँग बैंकले गर्ने सर्तनामा तथा वाइब्याक गर्नेले गर्ने सर्तनामाका ढाँचाहरूसमेत संलग्न गरेको छ । कार्यविधि तयार गर्ने क्रममा नकारात्मक सोचबाट (कर्जा असुली नहोला भनी नसोची) काम नभई सकारात्मक ढंगबाट कार्य भएकोले सप्लायरसँग धितो लिनेतर्फ व्यवस्था नभएको हो । बैंक हित संरक्षणको लागि अचल सम्पत्ति धितो वा बैंक ग्यारेन्टी वा संरक्षण लिने व्यवस्था हुन सकेको भए बैंकको थप हित संरक्षण हुन सक्ने थियो।

कार्यविधि तयार गर्दा सप्लायरले आफूखुसी मूल्य कायम गर्न सक्ने / नसक्ने विषयमा छलफल हुँदा किन्ने र बेच्नेबिचको सहमतिबाट मूल्य तय हुने हुँदा कसैले आफूखुसी जथाभावी मूल्य राख्न नपाइने सप्लायरको कोटेसनलाई मान्यता दिने व्यवस्था भएको हो । सप्लायर कम्पनीले ७ वटा गाडी बुझी २०६०।११।१४ को पत्रबाट महाप्रबन्धकलाई जानकारी दिएको सम्बन्धमा २०६०।११।१४ अगावै अवकाश लिएकोले कुनै जानकारी छैन । शाखा कार्यालयहरूबाट कर्जा लगानी गर्दा उक्त कार्यविधिअनुरूप हुनुपर्ने हो । सोअनुसार भए, नभएको जानकारीमा छैन । बैंकमा नियमित अनुगमन गर्ने व्यवस्था रहेकोले कार्यविधिमा सो व्यवस्था नराखिएको हो । बैंकको गलत निर्णयको कारणले कर्जा रकम असुलउपर गर्न दिनप्रतिदिन नसक्ने देखिएको परिप्रेक्ष्यमा खराब कर्जा कार्यक्रम वा कार्यविधि बनाई निर्णय गर्ने निर्णयकर्ताको हैसियतले दायित्व लिनुपर्ने सम्बन्धमा जानीजानी खराब कर्जा कार्यविधि तयार नगरेकोले मेरो दायित्व हुनु नपर्ने हो । कृषि विकास बैंक, रत्नपार्क शाखाले मिति २०६०।१।२२ च.नं. ७६८ को पत्र मुख्य कार्यालयमा २०६०।१।२४ मा प्राप्त गरेको देखिएबाट उक्त पत्रमा उल्लेख भएअनुसार कालोसूचीमा राख्ने सम्बन्धमा सम्बन्धित निकायमा र उक्त कम्पनी तथा सञ्चालकहरूका अन्य कम्पनीहरूउपर के कस्तो कार्यबाही गर्नु भयो भन्ने सम्बन्धमा सो बेहोरा जानकारीमा नआएकोले सतर्कता अपनाउने सम्भावना रहेन । बैंकलाई हानि नोक्सानी र आफू तथा सप्लायरलाई समेत गैरकानूनी लाभ पुग्ने गरी कार्यविधिसमेत तयार गर्ने कार्य नगरेकोले मलाई कारबाही हुनुपर्ने होइन भन्नेसमेत बेहोराको कृषि विकास बैंकका तत्कालीन **विभागीय प्रमुख भरतकुमार पोखरेल**को अनुसन्धानको क्रममा भएको बयान।

आ.व. २०५९।६० को कार्यक्रम तथा बजेट पुस्तिकामा "कर परमिट स्वीकृति प्राप्त गरेकाहरूले अनिवार्य रूपले बिमा गराउने र रिन्यू गर्न प्रतिवद्ध सम्भाव्य क्षेत्रमा चलाउने गरी बस, ट्रक, टेम्पो, ट्याक्सी, माइक्रोबस आदिमा बैंक ऋण र ऋणीले बेहोर्ने रकमको अनुपात ७०:३० को आधारमा खरिद गरिने सवारी साधन नै धितो रहने गरी हायरपर्चेज कर्जा लगानी गर्ने" उल्लेख भएअनुसार वाइब्याक नीति सम्बन्धमा विभागमा सामान्य छलफलको आधारमा मैले तयार गरी सञ्चालक समितिको २०५७।१।२० को बैठक नं. ६८४ बाट गठित उपसमितिलाई सोही बैठकबाट तोकेको दफा ५ मा प्रचलित नियम नीति, कार्यविधि र कार्यक्षेत्र सम्बन्धमा पुनरावलोकन गर्ने, दफा ६ मा ऋण लगानी कार्यक्रम सम्बन्धमा नयाँ नीति कार्यान्वयनमा ल्याउनु पर्दा विस्तृत छलफल गर्ने उल्लेख भएअनुसार मिति २०५९।८।१० मा उक्त उपसमितिको बैठक बसी विस्तृत छलफल गरी ७०:३० कर्जा रहने गरी सवारी साधन नै धितो लिई कर्जा लगानी गर्ने निर्णय भएको हो । २०५९।८।९ को प्रस्ताव हायर पर्चेज कर्जा कार्यविधि को मस्यौदा मात्र हो। यसलाई कार्यविधिको रूपमा अन्तिम निर्णय दिने वाणिज्य बैंकिङ उपसमितिले गर्ने हो। यो नियमपूर्व यसै बैंकबाट ८५:१५ मा घर जग्गा धितो लिई लगानी गरेको हा.प. कर्जासमेतलाई मानी सोको अतिरिक्त अन्य सर्तसमेत थप गरी कार्यविधि तयार गरिएको थियो। सञ्चालक समितिको

तथा बैंक व्यवस्थापनले निर्दिष्ट गरेका नीति तथा निर्देशनअनुरूप प्रतिस्पर्धी बजार व्यवस्थामा आफ्नो स्थायित्वको लागि कार्यविधि बनेको हो । ३ किस्ता नघाई बसेको ऋणीको हकमा सप्लायरलाई जानकारी दिई वाइब्याक गर्ने लक्ष्य रहेको हो। ५०:५० मा अचल सम्पत्ति धितो नलिई सवारी साधन नै धितो रहने गरी कर्जा प्रवाह भएको कर्जाको असुली राम्रो भएको भनी विभिन्न शाखा तथा कालीमाटी शाखाको मिति २०५८।५।८ को पत्रानुसार र सञ्चालक समितिले ७०:३० मा लगानी गर्ने निर्णय गरेअनुसार लगानी गर्ने मस्यौदा टिप्पणी पेस गरेको हुँ। वाइब्याक सम्झौताको सर्त नं. २ अनुसारको कार्य सप्लायर कम्पनीले नगरेमा करार ऐनअनुसार कानूनी उपचारको लागि जानुपर्ने हुन्छ । मलाई उक्त रकम उठ्छ भन्ने सो समयमा लागेको थियो। आधिकारिक सप्लायर वा गाडी निर्माता कम्पनी हुनु र नहुनुले कोटेसन मूल्य पेस हुँदा फरक पर्न सक्ने हुन्छ । अधिक मूल्य सम्बन्धमा सम्बन्धित कार्यालयले लगानीपूर्व विश्लेषण गरेर नै लगानी गर्ने हो। नेपाल सरकारमा दर्ता भएका सप्लायर कम्पनीको कोटेसन ऋणीले पेस गर्ने हुँदा मूल्यमा Inflate हुन्छ भन्ने लागेन।

२०५९।८।९ को कार्यविधिको मस्यौदा टिप्पणी स्वीकृत हुनुपूर्व बैंकिङ कार्यालय इटहरीका शाखा प्रबन्धक प्रयागराज उपाध्यायले २० वटा गाडीको कोटा स्वीकृतसमेतको कार्यविधि माग भई मुख्य कार्यालयमा फ्याक्स प्राप्त भएको थियो । सञ्चालक समितिको निर्णयमा सवारी साधन नै धितो रहने व्यवस्था भएको र हा.प.मा मद्दत पुगोस् भनेर वाइब्याकमा कम्पनीसँग सम्झौता गरेको हो। असुलीका सम्बन्धमा कर्जाको नियमित अनुगमन गर्न एक जना कर्मचारी तोक्नु पर्ने व्यवस्था भएको थियो। अनुगमन गर्ने कार्य कर्जा विभागअन्तर्गत परेकोले केन्द्रबाट अनुगमन गर्ने व्यवस्था गरिएन। सो धितो मूल्याङ्कन र सोको विश्लेषण गर्ने कार्य लगानी गर्ने कार्यालयको हो। हा.प. को परिपत्रको १४ नं. अनुसार कर्जा प्रशोधन गर्नुपर्ने व्यवस्था भएको छ, सो गरेन भने जिम्मेवारी शाखा कार्यालयको हुन्छ भन्नेसमेत बेहोराको कृषि विकास बैंकका तत्कालीन **शाखा प्रमुख गोपालप्रसाद घिमिरे**को अनुसन्धानको क्रममा भएको बयान।

म वाणिज्य बैंकिङ उपसमितिमा (विभागीय प्रमुख) पदेन सदस्यको हैसियतले मिति २०५९।८।१० को बैठक नं. १४ मा सहभागी भएको हो । बैठक नं. ६८४ मिति २०५१।२० को निर्णयअनुसार वाणिज्य बैंकिङ उपसमिति गठन गर्ने निर्णय भएको र सोही निर्णयअनुसार उक्त उपसमितिले प्रचलित नियम नीति, कार्यविधि र कार्यक्षेत्र सम्बन्धमा पुनरावलोकन गर्ने, ऋण लगानी कार्यक्रम सम्बन्धमा नयाँ नीति कार्यान्वयनमा ल्याउनु पर्दा विस्तृत छलफल गर्नेलगायतका कार्य तोकिएको र वाणिज्य बैंकिङ नीति तथा बजार प्रबर्द्धन विभाग मुख्य कार्यालयले कुनै नीति बनाउनु पर्दा वाणिज्य बैंकिङ विभागमा छलफलपश्चात् कार्यविधिको ड्राफ्ट तयार गरी टिप्पणीको रूपमा विभागबाट निर्णय गरी महाप्रबन्धकसमक्ष पेस भई उपयुक्त देखिएमा उपसमितिको बैठक बोलाई पुनः छलफल गरी निर्णय गर्ने गरिन्छ । पेस भएको कार्यविधिमा कुनै थपघट गर्नुपर्ने कुरा भए थपघट गरी परिणत गरिन्छ । उक्त उपसमितिको नीतिगत निर्णय भएपछि सोही कुराहरू नै महाप्रबन्धकज्यूबाट सदर भएपछि कार्यविधिमा परिणत हुन्छ। २०५९।८।१० को बैठक नं. १४ को निर्णय कार्यविधिको नीतिगत निर्णय हो। यही नीतिगत निर्णयसहितको प्रस्ताव महाप्रबन्धकले सदर गरेपछि कार्यविधिमा परिणत भई कार्यविधि बनेको हो । उक्त समितिमा वाइब्याक गर्ने कुरा बैंक कर्जा बढी सुरक्षित हुने देखी समर्थन जनाएको हो। सम्झौतानुसार वाइब्याक गर्नुपर्ने सो नभएमा सम्पूर्ण ऋण असुल हुन सक्ने भएमा कानूनत: बैंकले लिलाम गर्न सक्ने र करार ऐनअनुसार सप्लायरलाई कार्यबाहीको लागि अदालत जान सक्ने व्यवस्था छ । बैंक डुब्ने गरी खराब कर्जा कार्यक्रम

बनाएको सम्बन्धमा बैंक वा नीति तथा बजार प्रबर्द्धन विभागले बढी जवाफदेही हुनुपर्ने हो । उपसमितिमा निर्णय गर्दा सप्लायर कम्पनीलाई गैरकानूनी रूपले फाइदा हुन्छ भन्ने मलाई कुनै ज्ञान भएन । जानीजानी बैंकलाई हानि नोक्सानी पुग्ने गरी कुनै काम नगरेकोले आफूउपर कार्यबाही नहोस् भन्नेसमेत बेहोराको बुझिएका कृषि विकास बैंङ्कका तत्कालीन विभागीय प्रमुख (सदस्य) **रामराज जोशी**को अनुसन्धानको क्रममा भएको बयान।

वाणिज्य बैंकिङ उपसमिति बैंकको सञ्चालक समितिको बैठक नं. ६८४ मिति २०५७।१।२० को निर्णयबाट गठन भएको उपसमिति हो । प्रस्तुत कार्यविधिका सम्बन्धमा छलफल गरी पुनः संशोधनसहितको कार्यविधि प्रस्तुत गर्ने परिपाटी रही नीतिगत निर्णय भएको हो । यस नीतिगत निर्णयसहितको प्रस्ताव महाप्रबन्धकज्यूबाट सदर भएपछि कार्यविधिमा परिणत हुन्छ र कार्यविधि बन्छ। उक्त कार्यविधि उपसमितिमा पेस हुँदा आमन्त्रित सदस्यको रूपमा म रहेको थिएँ । २०५९।८।९ को टिप्पणीअनुसार नै हुने भनी २०५९।८।१० को बैठक नं. १४ को वाणिज्य बैंकिङ उपसमितिले पारित गरेको हो। लेख्नेले भुलवश समितिको निर्णयमा २०५८।८।९ लेख्न गएको हो। हायर पर्चेज (वाइब्याक) को कार्यविधि पारित गर्ने निर्णयकर्ताको हैसियतले बैंक डुब्ने गरी खराब कर्जा कार्यविधि बनाएको कारणले दायित्व लिनुपर्ने सम्बन्धमा राम्रो नियतले काम गरेकोले मलाई कारबाही हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बुझिएका कृषि विकास बैंकका तत्कालीन **शाखा अधिकृत राजनप्रसाद श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

२०५९।८।१० को १४ नं. को बैठकले गरेको निर्णय कार्यविधि भएको हो। वाणिज्य बैंकिङ नीति तथा बजार प्रबर्द्धन विभागले बैंकिङ उपसमितिमा आमन्त्रित सदस्यको रूपमा राखिएको उक्त समितिमा आवश्यक छलफलपश्चात् सबै सदस्यहरूको सहमतिमा कार्यविधि स्वीकृत भएको हो। २०५९।८।९ को टिप्पणीअनुसार नै हुने भनी मिति २०५९।८।१० मा पारित भएको हो। वाइब्याकको प्रावधान बारेमा थाहा छैन। सञ्चालक समितिले बिना धितो कर्जा लगानी गर्ने निर्णय लिएको र उपसमितिले लगानी गर्ने कार्यविधि मात्र स्वीकृत गरेको हो। बैंकलाई हानि नोक्सानी हुने गरी काम नगरेकोले आफूउपर कार्यबाही हुनुपर्ने होइन भन्नेसमेत बेहोराको **केशवबहादुर खड्का**को अनुसन्धानको क्रममा भएको बयान।

रत्नपार्क शाखाको मिति २०६०।१।२४ को पत्र बुझ्दा म वाणिज्य बैंकिङ उपमहाप्रबन्धकको कार्यालयमा पियन पदमा कार्यरत रहेको थिएँ । आयोगबाट देखाइएको पियन बुक हेरे । सोबमोजिमको रत्नपार्क शाखाको च.नं. ७६८ मिति २०६०।१।२२ को पत्र पि.ए.ज्यू कार्यालयमा नभएकोले उपमहाप्रबन्धकज्यूलाई सोधेर मैले पत्र बुझी वहाँलाई दिएको हो। उपमहाप्रबन्धक कार्यालयमा दर्ता गर्ने परिपाटी नभएकोले पत्र दर्ता नभएको हो । उपमहाप्रबन्धकज्यूले के तोक आदेश गर्नुभयो मलाई थाहा छैन भन्नेसमेत बेहोराको बुझिएका नमराज कार्कीको अनुसन्धानको क्रममा भएको बयान।

अनिता इलेक्ट्रिकल मेरो बुहारीको नाममा दर्ता भएको, रवि इन्टरनेसनल छोराको नामको हो र काठमाडौं टुक टुक मेरो नामको कम्पनी हो । उक्त कम्पनीले गाडीको आयात गर्दछ । काठमाडौंमा दर्ता भएको उक्त कम्पनीहरूको मुख्य सञ्चालक म जगरनाथप्रसाद सोनार नै हो। एकाघरका परिवार छोरा, बुहारीको तर्फबाट भएको कारोबारमा मेरो जिम्मेवारी छ । आयात गरिएका गाडीहरू वाइब्याक सम्झौतामा कृषि विकास बैंक, बैंकिङ कार्यालयहरू धरान, इटहरी, वीरगन्ज, नारायणघाट, रत्नपार्क, लगनखेल, भैरहवा शाखाहरूमा सप्लाई गरेका छौं । कृषि विकास बैंकको अलावा अरू कुनै बैंकसँग वाइब्याक सम्झौता गरी

बिक्री गरेको छैन । एक वर्ष वा केही हजार कि.मी. को लागि ग्यारेन्टीसहित पार्टपुर्जा उपलब्ध गर्ने सम्झौता बैंकसँग गरेको छु । कब्जामा रहेको गाडी सञ्चालनमा छैन । लगनखेल, वीरगन्ज, भैरहवा शाखामा बिक्री गरेको गाडी फस्टहेन्ड वा सेकेन्डहेन्ड के हो रेकर्ड नहेरी बताउन असमर्थ छु ।

इटहरी शाखाबाट विभिन्न मितिमा हायरपर्चेज वाइब्याकको सम्झौताअनुसार ऋण चुक्ता गर्न भनी लेखेका पत्रहरू सम्बन्धमा फोनद्वारा कुरा भएको हो । वाइब्याकको लागि प्रपोजलहरू केन्द्रमा दिएको हो तर त्यहाँबाट हालसम्म कुनै किसिमको छलफल वा प्रोग्राम आएको छैन । आएको बेला सम्झौताबमोजिम गर्न तयार छौं । कृषि विकास बैंकका महाप्रबन्धकसँग व्यक्तिगत चिनजानी छैन । तर सप्लायरको नाताले कुनैबेला एकपटक मात्र त्यस कार्यालयमा भेट भएको हो । त्यसबेला प्रपोजल दिएको थिएँ, कुनै किसिमको घनिष्ट सम्बन्ध छैन ।

कम्पनीले गाडीको मूल्य, ढुवानी, वारेण्टी, ग्यारेन्टी, रूट, इन्सोरेन्स, समिति दर्ता, गाडीमा थप जडान गरिएका सामानको आधारमा निर्धारण गरी २० प्रतिशतदेखि २२ प्रतिशतसम्म नाफा राखेको छ । कम्पनीले बैंकसँग गरेको सम्झौताको पालना गरेको छ । कम्पनीले कर्जा लिएकै छैन त कर्जा हिनामिना गरिने प्रश्न नै छैन । फिर्ता भएको गाडी हाम्रो कब्जामा छ । ३० प्रतिशत रकम कम्पनीमा आएको छ । बैंकको लिने रकमहरू तानिएको (फिर्ता लिएको) दिनदेखि बिक्री तथा असुलीमा कम्पनीको सहयोग हुनेछ । बैंकको ऋण चुक्ता नहुन्जेलसम्म कम्पनीको दायित्व रहन्छ । पार्टस् हामीसँग पूरा स्टक छ । हामीसँग वर्कसप छ । सेवा मागिएको बेला मानिस पठाई सेवा दिइएको छ । जुन बेला उहाँहरू (बैंकले) निर्णय गरिदिनु हुन्छ, त्यसबेला हाम्रो कम्पनीहरू तयार छन् । कुनै किसिमको बदनियत राखी व्यापार गरेको छैन । मेरो परिवारका सदस्यहरू रविन्द्रकुमार सर्राफ, सरोज सर्राफ, अनिता सर्राफ र कौशिला सोनारिनको हकमा निजहरू मेरो एकापरिवारका सदस्यहरू हुन् । म परिवारको जिम्मेवार व्यक्ति हुँ भन्नेसमेत बेहोराको **प्रतिवादी जगरनाथप्रसाद सोनार**को अनुसन्धानको क्रममा भएको बयान ।

वाइब्याकअन्तर्गत लगानी हुनेमा गाडी नै धितोमा रहने र ऋण असुल नभए खरिद गर्ने सप्लायरको ग्यारेन्टी हुने भएकोले छुट्टै अचल सम्पत्ति धितो राख्न पर्ने प्रावधान छैन । सरूवा भई हाल अवकाशसमेत भइसकेकोले लगानी र असुलीको बारेमा थाहा छैन । मुख्य कार्यालयको निर्देशनसमेतको आधारमा कोटेसन मूल्यको ७० प्रतिशत लगानी गरेको हो । ऋण असुलको लागि भाखा नाघेपछि सम्झौताअनुसार सप्लायरलाई पत्राचार गरी ताकेता गरेको र मुख्य कार्यालयमा समेत अनुरोध गरेको हुँ । अवकाश भइसकेकोले गाडीको अवस्था बारेमा थाहा छैन । यस कर्जाको नीति निर्माण, कार्यान्वयन, नियन्त्रणमा प्रमुख भूमिका उपमहाप्रबन्धक रामचन्द्र महर्जनको थियो । ऋणी तथा सप्लायरलाई सम्झौताअनुसार कार्यबाही गरी असुलउपर गर्नुपर्ने हुन्छ । बैंकको नीति, निर्देशन र परिपत्रको अधीनमा रही काम गरेकोले आफूउपर कार्यबाही हुन नपर्ने हो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन **का.मु. शाखा प्रबन्धक प्रयागराज उपाध्याय**को अनुसन्धानको क्रममा भएको बयान ।

३०% कम्पनीमा रकम जम्मा गरेको प्रमाणको आधारमा ७० प्रतिशत रकम लगानी गरिएको हो । मुख्य कार्यालयको परिपत्र एवं निर्देशनमा कोटेसनको आधारमा लगानी गर्ने स्पष्ट व्यवस्था भएको र अन्य कुरा बुझ्नुपर्ने कुनै निर्देशन नभएकोले परिपत्रअनुसार कोटेसनलाई आधार लिएर लगानी गरिएको हो । कोटेसनबाहेक कुन गाडीको कति पर्छ भन्ने प्रमाण बैंकलाई नभएकोले कोटेसनको आधारमा लगानी गरेको हो । म कार्यरत रहँदा गाडीको किस्ता भाखा नाघेर फिर्ता गर्नुपर्ने भएको थिएन । नीति निर्माण

गर्ने तहका तत्कालीन उपमहाप्रबन्धक रामचन्द्र महर्जन र तत्कालीन विभागीय प्रमुख भरतकुमार पोखरेलसँग बैंकका प्रबन्धकले कर्जा कारोबार गर्न फिल्डका कर्मचारीलाई अप्ठेरो भएको महसुस गरी मौखिक निर्देशन माग गर्दा कुनै असजिलो महसुस नगरी ३०:७० मा लगानी गर्ने दुवैले निर्देशन दिएकोले कसैसँग मिलेमतो गरी अधिक मूल्याङ्कन गराई कर्जा प्रदान गरेको नभई बैंकको नीति निर्देशन, परिपत्रलाई अक्षरश: पालना गरी लगानी गरेको हुनाले मउपर कार्यबाही हुनु नपर्ने हो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **चुडामणी दाहाल**को अनुसन्धानको क्रममा भएको बयान।

मुख्य कार्यालयको परिपत्रको अधीनमा रही लगानी गर्ने प्रक्रिया रहेको छ । हाल उक्त गाडीको सावाँ ब्याजसहितको वर्तमान स्थितिको बारेमा म कार्यरत नरहेकोले जानकारी छैन। ३० प्रतिशत रकम सप्लायरले प्राप्त गरेको आधारमा ७० प्रतिशत कर्जा लगानी गरेको हो। गाडीको मूल्य निर्धारण सम्बन्धमा परिपत्रमा कुनै व्यवस्था नदेखिएको र वाइब्याक गर्ने सप्लायरको कोटेसनको आधारमा लगानी गर्नुपर्ने भएकोले लगानी गरेको हो। ऋणी तथा सप्लायरलाई सम्झौताअनुसार गर्न भनी ताकेता पत्र पठाएको छ । २०६० पौषबाट म सरुवा भई गएकोले हाल कुनै जानकारी छैन। ऋणीले पेस गरेको सप्लायरको कोटेसनको आधारमा लगानी गर्नुपर्ने परिपत्रअनुसार नै कार्यक्षेत्र र अधिकारअन्तर्गत रही कर्जा स्वीकृत गरेको र अन्य पक्षलाई लाभ हुने गरी कार्य नगरेकोले मलाई कार्यबाही हुनुपर्ने होइन भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **दिनेशप्रसाद घिमिरे**को अनुसन्धानको क्रममा भएको बयान।

ऋणीबाट सप्लायरले ३० प्रतिशतले हुने रकम प्राप्त गरेको जानकारी पत्रको आधारमा ७०% ऋण लगानी गरेको हो । मुख्य कार्यालयको नीति निर्देशनअनुसार कोटेसनको आधारमा लगानी गरेको हो। मूल्यको लागि कुनै आवश्यक कागजात लिनुपर्ने भन्ने नीति निर्देशनमा उल्लेख नभएकोले सोहीअनुसार लगानी गरेको हो। म सो कार्यालयमा रहँदासम्म गाडी वाइब्याक गर्ने अवस्था नआएकोले गाडीको जिम्मा र अवस्थाबारे हाल मलाई थाहा छैन। नीति निर्देशन तथा परिपत्रको पालना गरी सोहीअनुसार कर्जा लगानी गरेकोले मउपर कार्यबाही हुन नपर्ने भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन का.मु. शाखा अधिकृत तथा कर्जा कमिटीका **सदस्य गोपालबहादुर कटुवाल**को अनुसन्धानको क्रममा भएको बयान।

हा.प. कर्जा लगानीको लागि ध्रुव खनालको घर ठेगाना हेर्न पठाएकोले गएको हुँ तर उक्त कर्जा कमिटीमा म संलग्न छैन। बिक्री मूल्यको बारेमा हाम्रो कार्यालयभन्दा माथिको कार्यालयबाट समेत विचार पुऱ्याउनु पर्ने हो। म निर्णायक तहमा नभएकोले मबाट बैंकलाई हानि हुने कार्य गरेको छैन भन्नेसमेत बेहोराको बुझिएका कार्यालय **सहायक मातृकाप्रसाद आचार्य**को अनुसन्धानको क्रममा भएको बयान।

देवेन्द्र निरौला र राहुल खनालको घर ठेगाना निरीक्षणमा गोपालबहादुर कटुवाल र सहायक प्रबन्धकले लाए अह्राएबमोजिम निरीक्षण गरेका हौं। घर ठेगाना हेर्ने कागजातमा मात्र मैले सही गरेको हो। ऋण सिफारिस, विश्लेषण तथा स्वीकृत गर्ने अधिकारी आफू नभएकोले मलाई जानकारी छैन भन्नेसमेत बेहोराको बुझिएका कार्यालय सहायक **राधाकृष्ण नेपाल**को अनुसन्धानको क्रममा भएको बयान।

प्रकाश मादेन लिम्बूलाई गाडी खरिदमा धरान शाखाबाट हायरपर्चेज कर्जा लगानी गर्न कर्जा कमिटीको पदाधिकारीको हैसियतले सही गरेको हो । सप्लायर्सले ३० प्रतिशत रकम जम्मा गरेको रसिद (Receipt) पेस गरेको हुँदा ७० प्रतिशत रकम लगानी गरेको हो । केन्द्रले गरेको परिपत्रमा मूल्य

सम्बन्धमा अन्य कागजात लिने निर्देशन नभएकोले कोटेसनको आधारमा मूल्य निर्धारण गरी ७० प्रतिशत लगानी गरेको हुँ । पदीय आचरणले समेत मैले मुख्य कार्यालयको नीति, निर्देशनलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रस्तुत कर्जा लगानी गर्न परिपत्रपश्चात् महाप्रबन्धकज्यूबाट मौखिक निर्देशन भएको थियो । बैंकले ल्याएको नयाँ नीतिअन्तर्गत बैंकिङ कार्यालय धरान शाखालाई प्राप्त १० थान कोटामध्ये एउटा मात्र गाडीमा लगानी गरी असुल गर्नेतर्फ कार्यबाही भइरहेकोले बैंकलाई हानि नोक्सानी पुऱ्याउने हाम्रो नियत छैन । बैंकको परिपत्र तथा नीति, निर्देशनलाई पालना गरी कार्यान्वयन गर्नु पदीय दायित्व भएकोले सोहीअनुसार हा.प. कर्जा (वाइब्याक) मा लगानी गरेको हुँदा म बेकसुर छु भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा प्रबन्धक तथा कर्जा कमिटीका अध्यक्ष **ईश्वर पोखरेल**को अनुसन्धानको क्रममा भएको बयान ।

मुख्य कार्यालयको परिपत्र तथा नीतिमा स्पष्ट रूपमा गाडीको कोटेसन लिई ७० प्रतिशत कर्जा लगानी गर्ने उल्लेख भएको र सो गाडीको वास्तविक मूल्य कति हो भन्ने कुरा अन्य कतैबाट जानकारीसमेत नआएकोले कोटेसन मूल्यकै आधारमा लगानी भएको हो । ऋणीबाट कर्जा असुली नभएपछि सप्लायरलाई बाँकी असुलीको लागि ताकेता गर्नुका साथै २०६१ मङ्सिर महिनामा पत्रिकामा सूचनासमेत प्रकाशन गरिएको छ । फोन गर्दा फोन नउठाउने हाल सम्पर्क गर्न नचाहने भएकोले निज सप्लायरलाई नै कार्यबाही गर्नुपर्ने हो । बैंकको नीति, नियम, परिपत्र, निर्देशानुसारको कार्य गरेकोले भ्रष्टाचार गरेको छैन भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन ले.स. तथा कर्जा कमिटीको सदस्य **दिलिपकुमार श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान ।

३० प्रतिशतले हुने रकम सप्लायरलाई बुझाएको रसिदको आधारमा ७० प्रतिशत कर्जा लगानी गरेको हो । कृषि विकास बैंक मुख्य कार्यालयको नीति, निर्देशन एवं परिपत्रअनुसार कर्जा लगानी गर्दा कोटेसन मूल्यको आधारमा विश्लेषण गरी कर्जा प्रदान गरिएको हो । बैंकले ल्याएको नयाँ नीतिअन्तर्गत बैंकिङ कार्यालय धरान शाखालाई प्राप्त १० वटा कोटामध्ये एउटा गाडीमा मात्र लगानी गरी अरू कोटा बन्द गरेका छौं । बैंकको नीति निर्देशन एवं परिपत्रलाई पूर्ण रूपमा पालना गरी लगानी गरेको र बैंकको परिपत्रमा समेत बजार मूल्य (गाडीको) बुझ्ने भन्ने उल्लेख छैन । बैंक कर्जा असुरक्षित देखिएकोले बैंकको हित संरक्षणको लागि हायरपर्चेज कर्जा बिना धितो लगानी नगरी धितो लिई मात्र लगानी गर्नुपर्ने सुझाव दिन चाहन्छु भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन का.स. तथा कर्जा कमिटीका सदस्य **कृष्णबहादुर कठायत**को अनुसन्धानको क्रममा भएको बयान ।

३० प्रतिशत रकम सप्लायरले ऋणीसँग लिइसकेको रसिदको आधारमा कोटेसन मूल्यको ७० प्रतिशतले हुने रकम लगानी गरिएको हो । परिपत्रले कोटेसन मूल्यलाई नै आधार मानेकोले सोहीअनुसार लगानी गरेको हो । कोटेसनबाहेक वास्तविक मूल्य के कति हो र कहाँबाट लिने भन्ने सम्बन्धमा परिपत्रमा उल्लेख भएको देखिँदैन । गाडीको हालको अवस्था र असुलीका सम्बन्धमा थाहा छैन । धरान शाखालाई १० वटा कोटा प्राप्त भएको मध्ये १ (एक) वटा मात्र लगानी भएको र सप्लायरको बदनियत बुझिएको हुँदा बाँकी लगानी रोकी असुली कार्यबाही थालिएको हो । सप्लायर कम्पनीसँग धितो वा बैंक ग्यारेन्टी लिन र मूल्यको सम्बन्धमा बजार विश्लेषण गर्ने नीतिगत व्यवस्था हुनुपर्ने सुझाव दिन चाहन्छु भन्नेसमेत बेहोराको बुझिएका का.स. तथा कर्जा कमिटीका सदस्य **गोपाल कार्की**को अनुसन्धानको क्रममा भएको बयान ।

मुख्य कार्यालयबाट २० वटा गाडीको कोटा प्राप्त गरी २० वटैमा लगानी गरेको हुँ । मुख्य कार्यालयको परिपत्रअनुसार सप्लायर कम्पनीको धितो चल अचल सम्पत्ति लिन पर्ने व्यवस्था नरहेको

हुँदा जमानत नलिएको हो । भाखा नाघेको गाडी फिर्ता लैजान ताकेता गरेको छु । सप्लायरसँग अचल सम्पत्ति धितो लिने नलिने नीतिगत कुरा भएकाले जानकारी नभएको हो । बैंकको कब्जामा कुनै पनि गाडी छैन भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा अधिकृत **हरिहरप्रसाद नेपाल**को अनुसन्धानको क्रममा भएको बयान ।

बैंकको नीति मुख्य कार्यालयको परिपत्रअनुसार फाइल तयार छ, छैन हेरी कमिटीमा दस्तखत गर्ने गरेको हो । सवारी साधन बैंकको नाममा धितो लिएको छ । ताकेताको लागि कर्जा अधिकृतलाई अनुगमन गर्न र ताकेता गर्न तोकिएको छ । बैंकको नीतिमा सप्लायर कहाँ जम्मा गर्दासमेत मान्य हुने देखिएको छ । प्राविधिक विषय भएको हुँदा कोटेसन मूल्य र त्यसको विश्लेषण बारेमा जानकारी छैन । Buy Back नीतिअन्तर्गत गाडी फिर्ता दिने अन्य सप्लायर नभएको अवस्थामा अन्य कोटेसन नलिएको हो । विभिन्न मितिमा २० वटा गाडीमा लगानी गरेको बैंकको हित संरक्षणका लागि प्राप्त पत्रानुसार जमानतमा लिनुपर्ने व्यवस्था छैन । किस्ताको भाखा नाघ्ने बित्तिकै पत्राचार गरिएको छ । बैंकले केन्द्रको नीति निर्देशनमा भएको परिपत्रअनुसार कर्जा कमिटीको सदस्यको रूपमा रही कार्य गरेको हो भन्नेसमेत बेहोराको बुझिएका शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **प्रेमनारायण अर्याल**को अनुसन्धानको क्रममा भएको बयान ।

हा.प. कर्जा लगानीमा बैंकले तोकिदिएको नीतिको अधीनमा रही सप्लायर र ग्राहक दुवैसँग सम्झौता गरेको हो । सवारी साधन बैंकको नाउँमा गराइएको र तमसुक बनाइएको छ । ऋणीले सप्लायरलाई रकम बुझाइसकेको अवस्थामा मान्यता दिएको हो । दुवै पक्षको मन्जुरीले पेस भएको कोटेसन भएकोले कर्जा कमिटीले हेर्न पर्ने व्यवस्था नभएको हो । एकभन्दा बढी कोटेसन लिनुपर्ने नियम छैन । २० वटा कोटा प्राप्त भई २० नै वटामा लगानी गर्ने निर्णय गरेको हो । बैंक हित संरक्षणको लागि सप्लायरसँग कुनै अचल धितो जमानत लिनुपर्ने नीतिमा व्यवस्था छैन । बैंकको कब्जामा कुनै पनि गाडी छैन । बैंक नीतिमा गाडीको मूल्यबारे विश्लेषण आदिको कुनै व्यवस्था नभएको भन्नेसमेत बेहोराको बुझिएका शाखा प्रबन्धक तथा कर्जा कमिटीका अध्यक्ष **लोकनाथ नेपाल**को अनुसन्धानको क्रममा भएको बयान ।

सप्लायरलाई भुक्तानी दिनुपर्ने हुनाले ३०% रकम बैंक दाखिला नगरी सप्लायरलाई बुझाएकोलाई मान्यता दिएको हो । हा.प. मा लगानी गर्दा ग्राहकले पेस गरेको कोटेसनको आधारमा लगानी गर्ने भएकोले एउटै कोटेसनलाई मान्यता दिएको हो । १३ वटा कोटा प्राप्त भई लगानी गरेको हो । यस नीतिमा ऋणीको थप अचल सम्पत्ति लिनुपर्ने व्यवस्था भएको भए बढी सुरक्षित हुने थियो । नीति निर्माण हुँदाखेरी नै त्रुटिपूर्ण भई सो नीतिअन्तर्गत लगानी गर्नुपर्ने भएकोले धितो लिने व्यवस्था भएन । नीतिमा नै कोटेसन लिएर लगानी गर्ने भनिएकोले सोअनुसार लगानी गरेको हो । ऋणी र सप्लायरसँग कुनै किसिमको मिलेमतो छैन । बैंक हित संरक्षणको लागि लिनुपर्ने धितो जमानत नै लिन नपर्ने गरी त्रुटिपूर्ण नीति बनाई सो नीतिअनुसार लगानी गर्न परिपत्रसमेत जारी गरेकोले सोहीअनुसार लगानी गरिएको हो । हानि नोक्सानी पुऱ्याउने मनसायले गरेको होइन । त्यसैले ममाथि कार्यबाही नगरी नीति निर्मातामाथि नै कार्यबाही होस् भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन अधिकृत तथा कर्जा कमिटीका सदस्य **राजबहादुर गुरूङ**को अनुसन्धानको क्रममा भएको बयान ।

मुख्य कार्यालयको परिपत्रअनुसार ग्राहकले पेस गरेको कोटेसनको आधारमा ७०% बैंकले सवारी साधनमा लगानी गरेको हो । ३०% सप्लायरलाई बुझाएको रसिदलाई मान्यता दिएको । उक्त गाडी बैंकको नाममा धितो रहने हुँदा अन्य कुनै चल अचल सम्पत्ति धितो लिन जरूरी नभएको हो । उक्त नीतिमा

धितो लिने व्यवस्था छैन । ३०% बैंकमा दाखिला गर्नुपर्ने भनी परिपत्रमा उल्लेख भएको छैन। सो नीतिमा कोटेसनलाई नै आधार मानी लगानी गर्नुपर्ने र एकभन्दा बढी कोटेसन लिनुपर्ने कतै उल्लेख छैन। Buyback नीतिअन्तर्गत सोही नीतिअनुरूप नै लगानी भएकोले सो नीतिमै कमी कमजोरी भएको देखिएको पेस भएको कोटेसनलाई नै आधार मानी लगानी गर्नुपर्ने नीति भएकोले यसमा हामी कर्मचारीको दोष नभई नीति नै कमजोर रहेको बेहोरा अनुरोध छ भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **तिलकराम श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

हा.प. परिपत्रानुसार ३०% बैंकमा नै दाखिला गरी राख्नु पर्ने निर्देशन नभएकोले सप्लायरको नगदी रसिदलाई मान्यता दिएको हो। नीतिमा एकभन्दा बढी कोटेसन लिनुपर्ने उल्लेख नभएकोले कोटेसनलाई नै आधार मानी लगानी गरेको हो । Buyback नीतिअन्तर्गत रही कर्जा लगानी गरेकोले बैंकको नीति नै बढी जवाफदेही हुनुपर्ने हुन्छ। नीति निर्माता केन्द्रीय स्तरबाटै सप्लायरको चल अचल सम्पत्ति धितो जमानत लिन आवश्यक थियो / थिएन भनी पोलिसी लेभलबाट नै प्रस्ट पारिनु पर्ने हो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा प्रबन्धक तथा कर्जा कमिटीका अध्यक्ष **नरेन्द्रबहादुर चन्द**को अनुसन्धानको क्रममा भएको बयान।

नीतिमा एक मात्र कोटेसनले हुन्छ भनेकोले लगानी गरेको हो । बैंकको हित संरक्षणका लागि सप्लायरको चल अचल धितो जमानत लिन आवश्यक थियो, थिएन लगानी नीति बनाउनेसँगै सोधपुछ गर्नुपर्ने हो। हामीले पत्रानुसार लगानी गरेको मात्र हो। ऋणीबाट असुलउपर नभएपछि सप्लायरलाई सम्झौताअनुसार गर्न पत्राचार गरेको हो । अधिक मूल्याङ्कन गरी गराई बैंकलाई हानि नोक्सानीका सम्बन्धमा नीति नियम बनाउनेसँग नै सोधपुछ गर्नुहुन अनुरोध गर्दै नीति निर्माण गर्नेलाई नै त्यसको दण्ड दिन अनुरोध गर्दछु। साथै नीति निर्माताहरू र तीनका मतियारहरूले बैंक र सप्लायरबिचका कडीहरूलाई आयोगमा ल्याई कार्यबाही गरी दिन हुन अनुरोध गर्दछु भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन कार्यालय सहायक **विनोद बराल**को अनुसन्धानको क्रममा भएको बयान।

नीतिअनुसार लगानी भएकोले सोको जिम्मेवारी नीतिकर्ताले लिनुपर्छ। सप्लायरले कोटेसन दिने प्रक्रिया रहेकोले कर्जा कमिटीमा मूल्याङ्कन तथा विश्लेषण गरिराख्नु पर्ने प्रावधान छैन । नीतिमा कोटेसन लिई लगानी गर्ने भन्ने शब्द मात्र उल्लेख भई संख्या उल्लेख नभएकोले एउटै कोटेसनको आधारमा लगानी भएको हो । वाइब्याक नीतिमा सम्झौता गर्ने सप्लायरको चल अचल सम्पत्ति धितो जमानत लिने उल्लेख नभएकोले धितो जमानत लिन आवश्यक थिएन। बैंक नीतिअनुसार कोटेसन लिई लगानी गरेको हो। बैंकले जारी गरिने नीति लगानी असुली र धितो आदिबारे सम्पूर्ण कुरा पछि अप्ठेरो नपर्ने हिसावको कार्यनीति हुनुपर्ने थियो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन का.मु.शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **झपसी मण्डल**को अनुसन्धानको क्रममा भएको बयान।

३०% बैंकमा जम्मा गर्नुपर्ने बैंक नीतिमा स्पष्ट नभएकोले सप्लयारलाई बुझाएको प्रमाणको आधारमा लगानी भएको हो । बैंक नीतिअनुसार कोटेसन मूल्यको आधारमा लगानी गरेको हो। नीतिमा (परिपत्रमा) एकभन्दा बढी कोटेसन लिनपर्ने उल्लेख नभएको, वाइब्याक नीतिमा सम्झौता गर्ने सप्लायरको चल अचल सम्पत्ति धितो जमानतमा नलिने उल्लेख गरेबाट नियममा नै कमी कमजोरी देखिएको छ। बैंकको नीतिअनुसार सम्झौता गरी लगानी गरेको हो। बैंकको हित संरक्षणको लागि सप्लायरको चल अचल सम्पत्ति धितो लिनुपर्ने हुन्छ यस नीतिमा सोसम्बन्धी व्यवस्था छैन। बैंकको नीति नियम र परिपत्रको अधीनमा रही

लगानी गरेकोले आफूलाई कार्यबाही हुनु नपर्ने हो । बैंकको नीति नियममा त्रुटि देखिएको र नीति असल नभएको हुनाले बैंकलाई हानि नोक्सानी भएको हो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा अधिकृत तथा कर्जा कमिटीका सदस्य **कृष्णकुमार साह**को अनुसन्धानको क्रममा भएको बयान।

३०% सप्लायर कम्पनी मा दाखिला गरेको आधारमा लगानी गरेको हो। ऋणीले पेस गरेको कोटेसन भएकोले कर्जा कमिटीले मूल्याङ्कन र विश्लेषण गर्न आवश्यक नभएको हो। कोटेसनको ७०% मात्र लगानी गर्नुपर्ने नीति भएकोले लगानी गरेको हो। एकभन्दा बढी कोटेसन लिनुपर्ने भन्ने कुरा नीति एवं परिपत्रमा उल्लेख छैन। सो सम्बन्धमा नीति निर्माताबाट जानकारी लिए राम्रो हुने छ । नीति निर्माण गर्दा गाडीबाहेक अचल सम्पत्ति धितो जमानतमा लिने प्रावधान हुनपर्ने थियो तर प्राप्त निर्देशनमा त्यस्तो कुनै प्रावधान नभएको भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन का.मु.शाखा प्रबन्धक तथा कर्जा कमिटीका सदस्य **ओमबहादुर श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

सप्लायरले ३०% रकम ऋणीको नाममा नगदी रसिद काटी बैंकमा जम्मा गरेको आधारमा मान्यता दिएको हो। तत्कालीन उ.म.प्रबन्धक रामचन्द्र महर्जन र विभागीय प्रमुख भरत पोखरेलको बस र टुक टुक ट्याम्पोमा सेयर थियो भन्ने पनि सुनिन आएको थियो। त्यसैले सो लगानीका बारेमा मैले विरोध गर्दा निम्नस्तरको कर्मचारीको हैसियतले खासै पहुँच पुग्न सकेन । व्यवस्थापनका केही व्यक्ति र सप्लायरबिच तालमेल भएको कारणले एउटै मात्र विकल्प दिन कोटेसनलाई पेस गरिएको हो भनी कतिपय आवाज पनि आयो तर मेरो मात्र विरोधले लगानी रोक्न सकेन। नीतिअनुसार गाडी मात्र धितोमा लिएको अरू अचल सम्पत्ति धितोमा लिएको छैन । कम्पनीको आधिकारिक व्यक्तिबाहेक अन्य सप्लायर्ससँग बैंकले सम्झौता गर्न मिल्दैन । सम्झौताअनुसार सप्लायरले सहयोग नगरेको कारणले अचल सम्पत्ति जमानत लिनुपर्ने देखिएको हो । बैंकको उच्च व्यवस्थापनमा बस्ने व्यक्तिहरूले विना भिजन नीति बनाउने, नीति पनि अपारदर्शी र अस्पष्ट हुने गरेको छ। जग्गा धितो राख्दा त असुलउपर हुन नसकेको अवस्थामा बैंकले ७०:३० को नीति अचल धितो नलिने गरी ल्याउन उच्चस्तरबाटै केही निजी स्वार्थसिद्धि गर्ने काम भएको जस्तो लागेको छ भन्नेसमेत बेहोराको बुझिएका कार्यालय सहायक **रामप्रसाद गजुरेल**को अनुसन्धानको क्रममा भएको बयान।

कर्जा स्वीकृत हुनासाथ सम्पूर्ण रकम सप्लायर कहाँ जम्मा हुने भएको र सप्लायरले रकम प्राप्त गरेको कागजातको आधारमा कर्जा स्वीकृत गरेको हो। मुख्य कार्यालयको परिपत्रानुसार कोटेसन मूल्यको ७०% लगानी गर्ने उल्लेख भएकोले मूल्याङ्कन र विश्लेषण गर्नु नपर्ने भएकोले यस्तो मूल्याङ्कन गरिएन। परिपत्रानुसार धेरै कोटेसन लिनुपर्ने प्रावधान नभएकोले एउटै कोटेसनलाई मान्यता दिएको हो । चल सम्पत्तिको रूपमा गाडी नै धितो स्वरूप रही सम्झौतासम्बन्धी सम्पूर्ण कागजात मुख्य कार्यालयबाट तयार भएकोले बैंकिङ शाखाहरूलाई जानकारी नै छैन । बैंकको नीतिअनुसार सप्लायरको कुनै अचल सम्पत्ति जमानत लिनपर्ने व्यवस्था गरेको छैन भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन मुख्य प्रबन्धक तथा कर्जा कमिटीका अध्यक्ष **पवनकुमार बज्राचार्य**को अनुसन्धानको क्रममा भएको बयान।

मुख्य कार्यालयबाट ३० प्रतिशत ऋणीले लगानी गरी ७० प्रतिशत ऋण दिने हायरपर्चेज कर्जाको नीति निर्धारण भई ११ वटा कोटा निर्धारण भई आएको हुँदा सोहीबमोजिम लगानी गरिएको हो। शाखा प्रमुखको हैसियतले कर्जा कमिटीमा बसेको हुँ। ३०% रकम सप्लायरले बुझेको नगद रसिद प्राप्त भएकोले ७०% रकम भुक्तानी दिएको हो। मेरो सरूवा भएकोले असुलीमा के कार्यबाही भयो थाहा भएन । बैंकको

हित संरक्षणका लागि जमानत लिनुपर्ने हो । नजानी कतैकहीँ गल्ती भए त्यो नियति होइन भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा प्रबन्धक तथा कर्जा कमिटीका सदस्य **जगदिशप्रसाद पोखरेल**को अनुसन्धानको क्रममा भएको बयान ।

ऋण शाखाले तयार गरी पेस भएको फाइल कमिटीमा स्वीकृतिका लागि पेस हुँदा दस्तखत गर्ने गरेको हो । ऋण कारोबारमा धितोको व्यवस्था हुनुपर्नेमा सो व्यवस्था नगरिनु नै मूल नीतिगत कमजोरी हो । लगानी शाखाबाट आधिकारिक एउटै मात्र कोटेसन लिए पुग्छ भन्ने बारेमा छलफल भई निर्णय लिएकोले एउटै कोटेसन लिएको हो । परिपत्रको आधारमा लगानी भएको हो । धितो लिएर मात्रै लगानी गर्नुपर्ने नीति बनाउनु पर्ने थियो । हालको नीतिले उक्त रकम असुल हुन सक्ने अवस्था छैन । ऋण असुलीको लागि पत्राचार गर्ने समयमा अवकाश भएकोले मेरो कुनै दायित्व छैन । बैंकले दिएको परिपत्र, नीति र प्रक्रियाबमोजिम नै कार्य गरेको हुनाले आफूमाथि कारबाही हुनु नपर्ने हो । नीतिगत प्रक्रियादेखि नै त्रुटि भएको र कार्य गर्ने व्यक्तिबाट पनि त्रुटि हुने भएकोले यो प्रक्रियामाथि (सुरूदेखि नै) छानबिन गर्नुपर्ने देखिएको छ भन्नेसमेत बेहोराको तत्कालीन शाखा प्रबन्धक तथा कर्जा कमिटीका सदस्य **शारदाकान्त अधिकारी**को अनुसन्धानको क्रममा भएको बयान ।

हा.प. कर्जा लगानीको लागि कानूनी रीत र मुख्य कार्यालयको मिति २०५९।८।१३ च.नं.३२७ को नीति, निर्देशन र प्रक्रियाअन्तर्गत ३०:७० अनुपातमा नगद जम्मा गराई बिना धितो गाडीमा लगानी गरेको हो । कर्जा लगानीमा कर्जाको हैसियतले पेस गर्ने गरेकोले बैंकको परिपत्रानुसार लगानी भएको हुँदा मुख्य कार्यालय नै जवाफदेही हुनुपर्ने हो । सप्लायरले पेस गरेको कोटेसनअनुसार आवश्यक नगद जम्मा गराई ऋण स्वीकृत गरेको परिपत्रानुसार सप्लायरको कोटेसनलाई स्वीकार गरेको हो । परिपत्रमा अचल सम्पत्ति धितो लिने कतै उल्लेख छैन । बैंकको नीति, नियमानुसार लगानी भएको हुँदा आफूलाई कार्यबाही हुनु नपर्ने हो भन्नेसमेत बेहोराको तत्कालीन शा.अ. तथा कर्जा कमिटीका सदस्य **केशवलाल पालिखे**को अनुसन्धानको क्रममा भएको बयान ।

सप्लायरमा नै भुक्तानी जाने भएकोले ३०% बुझाएको प्रमाणको आधारमा लगानी गरेको हो । २० वटा कोटा प्राप्त भएकोमा २ वटा रवि इन्टरनेसनलमार्फत चाइनिज गाडीमा लगानी भएको हो । अन्य अरू कम्पनीको कतिवटा कसलाई लगानी भयो थाहा छैन। मिति २०५९।८।१३ को च.नं. ३२७ को मुख्य कार्यालयको परिपत्रानुसार प्रस्तुत कर्जा लगानी गर्दा अचल सम्पत्ति जमानत लिन आवश्यक नभएकोले लिइएन । बैंकको कर्जा सुरक्षित गर्न सप्लायरसँग बैंक ग्यारेन्टी लिने व्यवस्था हुनुपर्ने थियो । २०६०।६।५ मा भाखा नाघेको जानकारी सप्लायरलाई दिएको छु। असुलीको लागि सप्लायरलाई लिखित एवं मौखिक ताकेता गरेको हुँ । सम्झौताअनुसार गाडी वाइब्याक गराउन नसकिएकै हो । कोटेसनको आधारमा लगानी गर्न बैंक बाध्य भएकोले राष्ट्रिय सम्पत्ति तथा बैंकको लगानी बचाउनका लागि आफ्नो जिम्मेदारी सम्झी सप्लायरसमेतले राष्ट्रको सम्पत्ति डुबाउन लागेको आभास मिलेकोले मिति २०६०।१।२२ च.नं. ७६८ बाट सो सप्लायर कम्पनीलाई कालो सूचीमा राख्ने पत्र जिम्मेवार निकाय मुख्य कार्यालय (उपमहाप्रबन्धक बैंकिङ) मा पठाएको हुँ। समयमै कार्यान्वयन गरिदिएको भए यत्रो ठूलो हानि नोक्सानी बेहोर्नु पर्ने थिएन । आयोगले उक्त सक्कल प्रमाण आधारहरू सम्बन्धित स्थानबाट झिकाई सुरक्षित गराउन अनुरोध गर्दछु । मेरो मिलेमतो नभएकोले मउपर कारबाही हुनु नपर्ने हो भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन मुख्य शाखा प्रबन्धक तथा कर्जा कमिटीका अध्यक्ष **श्यामसिंह पाण्डे**को अनुसन्धानको क्रममा भएको बयान ।

३० प्रतिशत सप्लायर कँहा जम्मा गराएर मात्र

लगानी गरेको हो। २ वटा गाडीमा लगानी गरिएको छ। बैंकको हित संरक्षणको लागि चल अचल सम्पत्ति धितो जमानत लिन आवश्यक थियो । यस नीतिअन्तर्गत गाडीबाहेक थप अचल सम्पत्ति धितो जमानत लिनुपर्ने ऐन, नियममा व्यवस्था नभएको हुँदा चल अचल सम्पत्ति धितो जमानत लिइएन । हामीले (रत्नपार्क शाखाले) मुख्य कार्यालयलाई मिति २०६०।१।२२ च.नं. ७६८ को पत्रबाट सप्लायरलाई कालो सूचीमा राख्न पत्र पठाएको तर उक्त पत्र सम्बन्धमा मुख्य कार्यालयले कुनै चासो देखाएन । त्यसैले अन्य शाखाहरूबाट पनि सोहीबमोजिम लगानी भएको छ भन्ने कुरा सुन्नमा आएको छ भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शाखा प्रबन्धक तथा कर्जा कमिटीका सदस्य **सावित्री पराजुली**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसन मूल्यको ३०% ले हुने रकम बैंकमा दाखिला गर्नुपर्ने तर एजेन्टलाई नै उक्त रकम दिनुपर्ने भएकोले ऋणीले बैंकमा जम्मा नगरी सप्लायरकोमा नै जम्मा गरी सोको प्रमाण बैंकमा पेस गरेकोले ७० प्रतिशत बैंकबाट लगानी गरेको हो । एकभन्दा बढी कोटेसन लिनुपर्ने व्यवस्था उल्लेख भएको छैन । सप्लायर्ससमेतलाई जवाफदेहिता बनाउन चल अचल धितो जमानत लिन आवश्यकता थियो तर परिपत्र तथा नीति निर्माताले यसको आवश्यकता देखेन र सोहीअनुरूप कर्जा लगानी भयो । सप्लायर्ससँग असुलउपर गर्न विद्यमान नीतिमा कतै उल्लेख छैन । सप्लायर ठगी गर्ने नियतले नै बैंकमा आएको भन्ने कुरा निजमार्फत गाडी खरिद गर्न आएका ५ जना ऋणीहरूले पेस गरेको कागजातबाट थाहा हुन आएको छ । ५ मध्ये एकजना ऋणीमार्फत निज सप्लायर्सले दिएको कोटेसन दरमध्ये ४ वटा गाडीहरू कृषि विकास बैंक, नयाँ बानेश्वर शाखाबाट लगानी भइसकेको कुरा जानकारीमा आई उक्त शाखामा बुझ्दा कुरा साँचो रहेको जानकारी पाएको हो । बैंकलाई ठगी गर्ने र गुमराहमा राख्ने कार्य गरेकोले बैंकिङ कार्यालय रत्नपार्कको च.नं. ७६८ मिति २०६०।१।२२ को पत्रबाट रवि इन्टरनेसनल (प्रो. रविन्द्र सर्राफ) र काठमाडौं टुक टुक प्रा.लि.का सञ्चालक निर्मलकुमार जैन एवं जगरनाथप्रसाद सोनारलाई र सोसँग सम्बन्धित अन्य फर्मलाई समेत ब्लाक लिष्टमा समावेश गरिदिन उपमहाप्रबन्धक (बैंकिङ) लाई जानकारी गराएको हो । उक्त पत्रको मितिपश्चात् पनि पत्रको रेस्पोन्स नगरी कर्जा प्रवाह भएको बुझिएको छ । उक्त पत्रले अनुसन्धानमा सहयोग गर्ने भएकोले मुख्य कार्यालय तथा सम्बन्धित कार्यालयबाट समेत उक्त पत्र र सोसँग सम्बन्धित कागजात मगाई सुरक्षित राख्न अनुरोध गर्दछु भन्नेसमेत बेहोराको बुझिएका तत्कालीन शा.अ. तथा कर्जा कमिटीका सदस्य **ऋषिशेखर श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

गाडी सप्लायरले बुझी लिएकोले गाडीको अवस्था हाल थाहा छैन। गाडी फिर्ता लिएकोले ऋण चुक्ता हुनुपर्ने मेरो मान्यता छ । ३० प्रतिशतले हुने रकम रू. ८ लाख बझाएको हुँदा सप्लायर कम्पनीले नै मेरो नामको कर्जा चुक्ता गरी बाँकी रकम पाउनुपर्ने मेरो मान्यता छ भन्नेसमेत बेहोराको को.१ ख १६७८ का ऋणी विजय **मादेन लिम्बू**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम जम्मा गरेको हो । रू.१५.४० लाख कर्जा लिएको हो। बैंकबाट गाडी लिइसकेपछि ३ महिनाजति रूट नपाएकोले समस्या भयो। गाडी हाल सप्लायरको कारखानामा छ। हाल उक्त गाडी चल्छ, चल्दैन थाहा छैन। उक्त गाडी मैले २०५९।११।२८ देखि २०६० कार्तिक १७ गतेसम्म धरान विराटनगरमा चलाएको हो। गाडी बुझाइसकेकोले मैले तिरेको रकमबाट मैले तिर्नुपर्ने रकम कट्टा गरी बाँकी रकम फिर्ता पाउँ भन्नेसमेत बेहोराको को.१ ख १६८० का ऋणी **अनिल श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

अधिक मूल्याङ्कनको सम्बन्धमा मलाई

थाहा छैन। बैंकबाट गाडी लिइसकेपछि ३ महिनाजति रूटको समस्या भयो। यसको मुख्य दोषी नै सप्लायर हो । उक्त गाडी २०६०।११।२५ देखि धरान र काँकडभिट्टा लोकल रूटमा सञ्चालन गरेको हो। उक्त नीतिअन्तर्गत कर्मचारी चुडामणी दाहाल र सप्लायर जगरनाथप्रसाद सोनारले उक्साई केही अप्ठेरो छैन, सबै व्यवस्था सप्लायरबाट नै हुनेछ भनेकोले लिएको हो। मैले गाडी फिर्ता दिइसकेको छु। मैले बैंक कर्जा हानि नोक्सानी गरेको छैन भन्नेसमेत बेहोराको को.१ ख १६९८ का ऋणी **अनुपकुमार जोशी**को अनुसन्धानको क्रममा भएको बयान।

मलाई गाडीको मूल्य यकिन थाहा भएन । अवकाश जीवनमा व्यवसाय गर्नको लागि गाडी लिएको हुँ। उक्त गाडी चलाउन नसकेमा फिर्ता लाने भएको हुँदा म ऋणबाट मुक्त हुनेछु भनी गाडी खरिद गरेको हो। बैंकलाई हानि नोक्सानी हुने काम गरेको छैन। रूट परमिटसमेतको समस्या भएकोले मैले गाडी चलाउन सकिन भन्दा बुझाउनु भनेपछि सप्लायरलाई नै बुझाएको हुँ। बाँकी रकम सप्लायरबाट फिर्ता गराई पाउन बैंकमा निवेदन दिएको छु। मैले बैंकको हानि नोक्सानी नगरेको भन्नेसमेत बेहोराको को.१ ख १६९३ का ऋणी **इन्द्रप्रसाद घिमिरे**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम सप्लायरले बुझाउन भनेकोले निजलाई नै बुझाएको हो। विविध आश्वासन दिएकोले गाडी लिएको हो। आश्वासन झुठा भएकोले स्पयेर पार्टसहरू नपाई सञ्चालन गर्न नसकेकोले फिर्ता दिएको । गाडी बैंक कर्मचारीको रोहवरमा सप्लायरलाई बुझाएको हो। बैंकको लाग्ने रकम कटाई ३०% ले हुने जम्मा गरेको रकमबाट कट्टा गरी बाँकी रकम फिर्ता दिलाई फरफारक गरिपाउँ भन्नेसमेत बेहोराको को.१ ख १६९६ का ऋणी **लोकेन्द्रप्रसाद रिजाल**को अनुसन्धानको क्रममा भएको बयान।

३०% ले हुने रकम सप्लायरलाई बुझाएको हो । उक्त बसको मूल्य थाहा छैन । हाल आएर आफू ठगिएको थाहा पाएँ । गाडी सप्लायरसँग भएको आश्वासन पूरा नगरेकोले गाडी सञ्चालन गर्न सकिएन । गाडी बैंक कर्मचारीको रोहवरमा २०६० कार्तिक १७ गते कम्पनीका प्रतिनिधि योगेन्द्र दाहाललाई बुझाएको हुँ । मैले सञ्चालन गरेको मितिदेखि मैले गाडी बुझाएको मितिसम्म बैंकलाई बुझाउन पर्ने रकम हिसाब गरी सावाँ ब्याज कट्टा गरी पाउनु पर्ने बाँकी रकम फिर्ता पाउँ भन्नेसमेत बेहोराको को.१ ख १६९५ का ऋणी **दुर्योधन निरौला**को अनुसन्धानको क्रममा भएको बयान।

३०% ले हुने रकम सप्लायरले मागेकोले बुझाएको हो। हानि नोक्सानी बैंकलाई पुऱ्याउने कार्य गरेको होइन। उक्त गाडीको मूल्य थाहा भएन। गाडी दुर्घटनामा परेको र पार्टपुर्जा नपाएको कारण सञ्चालन गर्न नसकेकोले किस्ता तिर्न सकिन । जम्मा गरेको रकमबाट मैले गाडी बुझेको मितिदेखि गाडी चलाउन नसकेको निवेदन बैंकमा दर्ता गरेको मितिसम्म बैंकलाई दिनुपर्ने रकम कट्टा गरिपाउँ भन्नेसमेत बेहोराको को.१ ख १६८२ का ऋणी **ज्ञानु पराजुली**को अनुसन्धानको क्रममा भएको बयान।

बैंकबाट लगानी भएको गाडी पेसेन्जर प्रयोजनको लागि लिएको हो । तर सप्लायरले विराटनगर वीरगन्ज रूट मिलाई दिन्छु भनेको थियो तर सो रूट मिलाउन नसकेकोले गाडी लिएको लगत्तै १५/२० दिनपछि एकदिन पनि नचलाई सप्लायरको प्रतिनिधि योगेन्द्र दाहाललाई बुझाएको हो । अधिक मूल्य राखेर गलत काम गरेकोले सम्पूर्ण ऋणको दायित्व सप्लायरलाई हस्तान्तरण गरी निजलाई कार्यबाही गरी ऋणबाट मुक्ति पाऊँ । गाडी फिर्ता लिई ऋण नतिर्ने सप्लायरलाई आयोगबाट उचित कार्यबाही गरियोस् भन्ने माग गरेको भन्नेसमेत बेहोराको को.१ ख १६७५ का ऋणी **देवेन्द्रकुमार निरौला**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम सप्लायरलाई दिएको हो। सप्लायरले फटाई गरेको हो। रू.१ लाख २० हजारमा रूट परमिट किनेकोमा ३ महिनापछि यातायात व्यवस्था कार्यालयले खारेज गरिदियो । रूट परमिट लिनको लागि प्रधानमन्त्रीसमक्ष समेत पुगेको हो। सप्लायरसँग पार्टपुर्जा माग गर्दा उपलब्ध नगराएको अन्यत्र खोज्दा फिट नभएकोले मिति २०६० फागुन २२ गतेदेखि गाडी चलेन । २०६० आषाढ मसान्तसम्मको ब्याज रकम तिरेको छ। उक्त गाडी सप्लायरलाई बुझाई ३०% ले हुने रकम जम्मा गरेकोले बैंकको रकम कट्टा गरी बाँकी रकम पाउँ भन्नेसमेत बेहोराको को.१ ख १६९४ का ऋणी **रविन्द्रनाथ सुवेदी**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम सप्लायरलाई बुझाई नगदी रसिद बैंकमा पेस गरेको हो । बैंकलाई हानि नोक्सानी पुऱ्याउने उद्देश्य छैन । सप्लायर्स कम्पनीले गाडीको मूल्य निर्धारण गर्ने भएकोले मूल्य उचितै होला भनी कोटेसन स्वीकार गरेको हो। बुझी लिएपछि सम्झौताअनुसारको कुनै काम भएन। मुस्किलले २/३ महिना धरान काँकडभिट्टाको रूटमा सञ्चालन गरेँ। सो गाडी हाल बिग्री चल्न नसकी आफ्नै जिम्मामा छ। बैंकले उक्त गाडी वाइब्याकमा सप्लायरलाई फिर्ता दिई मेरो नाममा रहेको लगत कट्टा गरी ऋणबाट फरफारक गरिपाउँ भन्नेसमेत बेहोराको को.१ ख १७७९ का ऋणी **शिवराज कार्की**को अनुसन्धानको क्रममा भएको बयान।

हाल गाडी बिग्रिएर सिनामंगल स्थित निजी ग्यारेजमा छ । मेरो श्रीमतीको नामको अचल (जग्गा) धितोबापत बन्धकी दिएको छु। सप्लायरले सम्झौतामा उल्लेख भएको सर्त पालना गरेमा (हामी) म गाडी चलाएर बैंकको ऋण तिर्न तयार छु। जानीजानी हामीले कुनै अनियमितता तथा अपराधजन्य कसुर नगरेको भन्नेसमेत बेहोराको को.१ ख १६७२ का ऋणी राहुल खनालको अनुसन्धानको क्रममा भएको बयान।

विराटनगर काठमाडौंको रूट परमिट सप्लायरले लिई दिएका थिए । हाल गाडी बिग्रिएर सिनामंगल स्थित निजी ग्यारेजमा राखेको छु । मेरो श्रीमतीको नामको अचल (जग्गा) धितोबापत बन्धकी दिएको छु । गाडी पनि थन्किएको अवस्थामा ऋण तिर्न सक्ने अवस्था छैन भन्नेसमेत बेहोराको को.१ ख १६८६ का ऋणी **कृष्ण खनाल**को अनुसन्धानको क्रममा भएको बयान।

उक्त गाडीको लागि रूटपरमिट सप्लायरले काँकडभिट्टादेखि विराटनगरसम्मको लिई पेस गरेको थियो। कोटेसन मूल्यको ३०% ले हुने रकम सप्लायरलाई बुझाएको हो । बैंकमा सावाँ ब्याज गरी रू. १७,१३,२७७१।- बुझाउन बाँकी छ। कुनै अचल सम्पत्ति धितो राखेको छैन भन्नेसमेत बेहोराको को.१ ख १६८१ का ऋणी **ध्रुव खनाल**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसन मूल्यको ३०% ले हुने रकम सप्लायरलाई बुझाई मेचीबाट नेपालगन्ज, महेन्द्रनगर र काठमाडौंसम्मको रूट परमिट सप्लायर जगरनाथले लिई दिएको हो। पार्टपुर्जा उपलब्ध नगराएको कारणले मर्मत हुन नसकी ५/६ महिनामै बिग्री आफ्नै जिम्मामा ग्यारेजमा थन्किरहेको छ । सावाँ ब्याज गरी रू. ४,७६,८६०।– बुझाइसकेको अरू बाँकी छ । अचल सम्पत्ति धितो राखेको छैन भन्नेसमेत बेहोराको को.१ ख १६८३ का ऋणी **सुमन सुब्बा**को हकमा बाबु खड्ग लिम्बूको अनुसन्धानको क्रममा भएको बयान।

मेरो भिनाजु काठमाडौं खड्गभद्रकाली-६ बस्ने खड्गबहादुर सुब्बाले एउटै व्यक्तिले ३ वटा ट्रक निकाल्न मिल्दैन भनी मेरो नामबाट ट्रक निकालेको हो । कोटेसनको बारे मलाई थाहा छैन । निज खड्गबहादुर सुब्बालाई थाहा होला। गाडी निज खड्ग सुब्बाको जिम्मामा दिएको छु। को.१ख १६८५ गाडी बिग्री कोटेश्वर जुडिबुटी स्थित ग्यारेजमा छ भन्नेसमेत बेहोराको **मिनाकुमारी सुब्बा**को अनुसन्धानको क्रममा

भएको बयान।

उक्त गाडीको लागि रू. २९ लाखको कोटेसन पेस गरेको र कोटेसनलाई नै आधार मानी ३०% ले हुने रकम सप्लायरलाई नै बुझाएको हो। पार्टपुर्जा उपलब्ध नगराइएकोले मर्मत सम्भार हुन नसकी ५/६ महिना मात्र चलेको हो। उक्त गाडी मेरो दाइ खड्गबहादुर लिम्बूको जिम्मा दिएको हो। हाल काठमाडौंको ग्योरजमा त्यतिकै थन्किएको अवस्थामा छ। कुनै अचल सम्पत्ति धितोमा राखेको छैन। ऋण हिनामिना गर्ने उद्देश्य मेरो होइन। सप्लायर सम्पर्कमा आएन भन्नेसमेत बेहोराको को.१ ख १६८४ का ऋणी **कविता सुब्बा**को अनुसन्धानको क्रममा भएको बयान।

उक्त बसको लागि कोटेसन मूल्य रू. ३६ लाखको पेस भई बैंकबाट रू. २५ लाख स्वीकृत भई २४ लाख कर्जा गएको हो। उक्त गाडीको मर्मत गर्ने आश्वासन दिएको र सोअनुरूप नभएकोले बिग्रिएर ग्यारेजमा राखेको हो। पार्टपुर्जा उपलब्ध गराएमा सञ्चालन गरी बैंक रकम तिर्दै जानेछु भन्नेसमेत बेहोराको को.१ ख १७०४ का ऋणी **शंकरबहादुर बस्नेत**को अनुसन्धानको क्रममा भएको बयान।

३०% रकम सप्लायर्सले मेरो पत्नीसमेतको तर्फबाट रू. १०,००,०००।- बुझाएको सप्लायरले म आफैँले बैंकलाई बुझाउने छु भनेकोले रकम दिएको हो। को.१ ख १६७४ नं. को गाडी काठमाडौंको काँकडभिट्टा रूटको परमिट लिई चलाएको सो गाडी झापामा दुर्घटनामा परी करिब ९ महिना ग्यारेजमा बसेको हो। गाडीको पार्टसहरू समयमा नपाउने मेकानिक नपाउने कारणले बन्द भई चलाउन नसकी हालसम्म उक्त गाडी काठमाडौंको सोह्रखुट्टे ग्यारेजमा छ भन्नेसमेत बेहोराको ऋणी **नरेन्द्र कोइराला**को अनसन्धानको क्रममा भएको बयान।

कर्जा तिर्न नसके गाडी नै वाइब्याक गर्ने सर्तमा ऋण लिएको हो। ३०% ले हुने रकम १५ दिनअगावै बैंक दाखिला गर्नुपर्ने सम्बन्धमा सबै कुरा मलाई थाहा छैन। मेरो पति नरेन्द्र कोइरालालाई थाहा छ। २०५९ मंसिर २३ देखि ऐ. चैत्र मसान्तसम्म काठमाडौं काँकडभिट्टाको रूट परमिट लिई चलाएको हो। उक्त गाडीका सप्लायरले दिएको ग्यारेन्टीअनुसार पार्टपुर्जाहरू उपलब्ध नहुँदा बिग्री मर्मत हुन नसकी सञ्चालनमा नआएकोले बैंक कर्जाको किस्ता बुझाउन सकिन भन्नेसमेत बेहोराको को.१ ख १६७६ का ऋणी **नविन कोइराला**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम सप्लायरलाई बुझाएको हो। सप्लायर कम्पनीले मैले भनेको रूट परमिट धरान-विराटनगरको मिलाई दिन्छु भनेको तर नभएकोले तुरून्तै गाडी फिर्ता दिई रकम पनि सप्लायरबाट प्राप्त गरेको। बैंकलाई हानि नोक्सानी पुऱ्याउने काम गरेको छैन भन्नेसमेत बेहोराको को.१ ख १७३० का ऋणी **प्रकाश मादेन लिम्बू**को अनुसन्धानको क्रममा भएको बयान।

सप्लायर आफैँले कोटेसन पेस गरेकोले कोटेसन मूल्य बढी नै भएको महसुस भएको थियो। रूट परमिटका सम्बन्धमा सप्लायरले नै लिई दिएको हो। सप्लायरले पार्टस उपलब्ध नगराइदिएकोले गाडी हाल बिग्री ग्यारेजमा बसेको हो। उक्त गाडी आपसी समझदारीमा सप्लायरको जिम्मामा रहेको छ भन्नेसमेत बेहोराको बा.१ ख ८८०२ का ऋणी नविन किशोर नेपालको अनुसन्धानको क्रममा भएको बयान।

३०% ले हुने रकम बैंकलाई सप्लायर जगरनाथप्रसाद सोनारलाई दिई नवदिप ट्रेडर्स भैरहवामार्फत दिएको हो। गाडी खरिदका समयमा सप्लायरले पार्टपुर्जाको कुनै कमि हुने छैन भनी आश्वासन दिएको थियो तर व्यवहारमा नपाइएकोले गाडी चल्न सकेन भन्नेसमेत बेहोराको बा.१ ख ८८०० का ऋणी **गोविन्दप्रसाद पराजुली**को अनुसन्धानको क्रममा भएको बयान।

३०% रकम बैंकमा म बुझाउँछु भनी

सप्लायरले भनेको हो । मलाई सेकेन्ड ह्यान्ड गाडी दिएको हो । हालसम्म कुनै पनि सुविधा मलाई सप्लायर्सले दिएको छैन । मैले बैंकलाई २०६२ वैशाखसम्ममा रू.२,००,०००।- बुझाएको छु अरू रकम पछि बुझाउने छु । मेरो गाडी भैरहवा नारायणगढ रूटमा चलिरहेको छ भन्नेसमेत बेहोराका बा.अ. ८८३१का ऋणी **नन्दलाल शर्मा**को अनुसन्धानको क्रममा भएको बयान ।

नियमानुसारको ३०% रकम बैंकलाई बुझाउनु पर्छ भन्ने थाहा नभएकोले दिपकराज शर्मामार्फत सप्लायरलाई बुझाएको हो । गाडीको ब्याज नियमितअनुसार तिरेको छ भने भाखा नाघेको किस्ता हालसम्म तिरेको छैन भन्नेसमेत बेहोराको बा.१ ख ८८०४ का ऋणी **चोलाप्रसाद कँडेल**को अनुसन्धानको क्रममा भएको बयान ।

तौलिहवा-लुम्बिनी-नारायणघाटको रूट परमिट सप्लायरले नै लिइदिएको हो । बिमाको हकमा पहिले सप्लायरले गरिदिएको हो । पछि गाडीमा आगजनी भई इन्सोरेन्सको रकम लिई बैंकमा तिरी ऋण मुक्त भएको छु । गाडी हालसम्म सञ्चालनमा छ । सप्लायरसँग मेरो कुनै मिलोमतो छैन भन्नेसमेत बेहोराको बा.१ ख ८७५१ का **पुरूषोत्तम कारन्जीत**को अनुसन्धानको क्रममा भएको बयान ।

३०% को खर्च बैंकलाई बुझाउने भन्ने जानकारी नभएको र बैंकले पनि कुनै चासो देखाएन । सो गाडीको रूट परमिट सप्लायरले लिई गरिदिएको थियो । बिमा सम्बन्धमा पहिले सामान्य बिमा कम्पनीबाट भएको हो । सम्झौताअनुसार पार्टपुर्जा तुरून्त उपलब्ध गराउन सकेन । हाल उक्त गाडी भैरहवा बुटवलमा मेरो नामबाटै चलेको छ । हालसम्म कुनै दुर्घटना भएको छैन । सप्लायरसँग पनि कुनै मिलोमतो छैन भन्नेसमेत बेहोराको बा.१ ख ८८०३ का ऋणी **रविन्द्र पन्थी**को अनुसन्धानको क्रममा भएको बयान ।

रूट परमिट भैरहवा, तौलिहवा, बुटवलसम्मको सप्लायरले नै लिइदियो । सो गाडीको बिमा पहिले सप्लायरले गरेको हो । सप्लायरले पार्टपुर्जाहरू नदिएकोले पाएको छैन । ३ किस्ताभन्दा बढीको भाखा नाघेकोले बैंकलाई पटक पटक मौखिक जानकारी दिँदा गाडी फिर्ता लिएको छैन । हालसम्म सो गाडी भैरहवा-बुटवल रूटमा मेरो नाउँबाट चलेको छ भन्नेसमेत बेहोराको बा.१ ख ८७५० का ऋणी **शिवप्रसाद घिमिरे**को अनुसन्धानको क्रममा भएको बयान ।

३०% रकम बैकलाई बुझाउन थाहा नभएकोले दिपकराज शर्मालाई बुझाइयो । मैले लिएको गाडी सेकेन्ड ह्यान्ड हो । काठमाडौं टुकटुकको नामबाट नामसारी भई सप्लयरले भैरहवा काठमाडौंमा चल्ने गरी रूट परमिट लिइदिएको थियो । खर्च कति भयो थाहा भएन । उक्त गाडीको लागि कृषि विकास बैंकमा २०६२ सम्मको ब्याज बुझाएको हो । सावाँ, ब्याज आम्दानीबमोजिम बुझाइरहेको छ । हालसम्म भैरहवा सञ्चालन भइरहेकोले ठीक छ । कुनै दुर्घटनासमेत परेको छैन भन्नेसमेत बेहोराको बा.१ ख ७८०४ का ऋणी **जितेन्द्रकुमार क्षेत्री**को अनुसन्धानको क्रममा भएको बयान ।

३०% रकम बैंकमा जम्मा नगरी सप्लायर दिपकराज शर्मालाई दिएको हो । सम्झौतामा के छ हामीलाई थाहा छैन । मलाई फस्ट ह्यान्डको गाडी दिई भैरहवा काठमाडौंको रूट परमिट सप्लायरले नै लिइदिएको हो । सम्झौताअनुसारको कुनै सुविधा दिएन । साथै गाडी फिर्ता पनि लगेको छैन । सप्लायरसँग कुनै मिलोमतो छैन भन्नेसमेत बेहोराको बा.१ ख ८८२० का ऋणी **अर्जुन उपाध्याय**को अनुसन्धानको क्रममा भएको बयान ।

३०% रकम सप्लायरलाई बुझाएको हो । सप्लायरबाट सम्झौताअनुसारको कुनै सुविधा दिएको छैन । हालसम्म चार किस्ता बुझाई कर्जाको भाखा नाघी सक्यो र गाडी फिर्ता भएको छैन भन्नेसमेत बेहोराको

बा.१ ख ८८१७ का ऋणी **सूर्यकुमार सारू मगर**को अनुसन्धानको क्रममा भएको बयान।

उक्त गाडीको ३०% रकम सप्लायर दिपकराज शर्मालाई दिएको हो । बैंकमा जम्मा गरिएन। गाडी फस्ट ह्यान्ड हो। भैरहवा काठमाडौंको रूट परमिट लिएको थियो। सम्झौताअनुसारको कुनै सामान दिइएन। चार किस्ताभन्दा बढी तिरेको छैन। भाखा नाघिसक्यो। गाडी फिर्ता लाने कुनै काम भएको छैन भन्नेसमेत बेहोराको बा.१ ख ८८२८ का ऋणी बलबहादुर गुरूङको अनुसन्धानको क्रममा भएको बयान।

सो गाडीको सुनौली-नारायणघाट-काठमाडौं चल्ने रूट परमिट सप्लायरले लिई दिएको हो । सम्झौताअनुसारको कुनै सुविधा पाएको छैन । सप्लायरले सर्तअनुसार पार्टपुर्जा दिएको छैन । ३ महिनासम्मको सावाँ ब्याज तिरेको छु । गाडी धेरै नचलेकोले किस्ता तिर्न सकिएन। गाडी फिर्ता लिएको छैन भन्नेसमेत बेहोराको बा.१ ख ८८०१ का ऋणी **माया शर्मा**को अनुसन्धानको क्रममा भएको बयान।

रूट परमिट सप्लायरले लिई दिएको हो। हाल मैले सम्पूर्ण बिमा गराएको छु । सम्झौताअनुसारको सुविधा केही पाएको छैन । भाखा नाघेकोले गाडी फिर्ता लाने कुनै जानकारी नभएकोले हाल मेरै नाममा छ र भैरहवा बुटवलमा चलिरहेको छ भन्नेसमेत बेहोराको बा.१ ख ८८१९ का ऋणी **गोपाल क्षेत्री**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसनको ७० प्रतिशतले हुने रकम रू. १२.९५ लाख कर्जा लिएको हो। कोटेसन मूल्यको ३०% ले हुने रकम बैंकमा दाखिला गरेको होइन। तौलिहवा, लुम्बिनीको रूट परमिट सप्लायरले लिई दिएको हो । सप्लायरबाट आश्वासनअनुसारको कुनै काम भएको छैन। ५०% जति तिरेको र ५०% भाखा नाघेको छ। बैंकमा जानकारी गराउँदा ब्याजसमेत तिर्दै गर्नुस् भनेको र गाडी फिर्ता लिने कुनै कुरा भएन। हाल मेरै नाममा छ भन्नेसमेत बेहोराको बा.१ ख ८७४९ का ऋणी **स्वामिनाथ थारू**को अनुसन्धानको क्रममा भएको बयान।

गाडी टुक टुक कम्पनीबाट लिएको हो । कोटेसन मूल्यको ७० प्रतिशतको रकम कर्जा लिएको हो । भैरहवा सुनौलीको रूट परमिट लिएको छु । सम्झौताअनुसारको सुविधा केही पाएको छैन । सप्लायरबाट सर्तअनुसार कुनै पार्टपुर्जालगायतका सुविधा पाएको छैन। सप्लायरले छलकपट गरी मलाई फसायो भन्नेसमेत बेहोराको बा.१.ख ८८१६ का ऋणी **सन्तोषकुमार गुप्ता**को अनुसन्धानको क्रममा भएको बयान।

सम्झौताअनुसारको ३०% रकम दिपकराज शर्मालाई दिएको हो । बैंकमा बुझाइएको होइन । काठमाडौं-तौलिहवाको रूट परमिट पनि सप्लायरले नै खर्च गरी लिइदिएको हो । सम्झौताअनुसारको कुनै पार्टपुर्जाको सुविधा सप्लायरले दिएको छैन । गाडीको राम्रो आम्दानी नभएकोले ऋण गरी आफैँले हालसम्मको सावाँ ब्याज तिरेको छु । सम्पूर्ण काम सप्लायरले गरिदिएकोले सबै रकम सप्लायरलाई दिएको हो । गाडीको मूल्य अधिक पर्न गएको छ भन्नेसमेत बेहोराको बा.१ ख ८७४८ का ऋणी बखन गुरूङको अनुसन्धानको क्रममा भएको बयान।

कोटेसन कुन सप्लायरको हो, थाहा भएन। ३०% रकम दिपकराज शर्मालाई दिएको हो। बैंकमा बुझाएको होइन । गाडी First Hand हो । पहिले काठमाडौंमा चल्ने गर्दथ्यो । रूटपरमिट सप्लायरले लिई दिएको हो । हाल बुटवल भैरहवामा चल्छ । सम्झौताअनुसार सप्लायरबाट कुनै पनि पार्टपुर्जाको सुविधा पाएको छैन । किस्ता तिर्न नसक्दा साँचो फिर्ता लैजाउ भन्दा सप्लायरले कुनै चासो नदेखाएको भन्नेसमेत बेहोराको बा.१ ख ८८१८ का ऋणी **रमा अर्याल**को अनुसन्धानको क्रममा भएको बयान।

गाडी लिन नवदिप ट्रेडर्सका सञ्चालक

दिपकराज शर्माले सल्लाह दिएकोले ३०% रकम पनि उसैलाई बुझाएको हो। बैंकलाई बुझाएको होइन। गाडी लिँदा जगरनाथप्रसाद सोनारले बैंकमा कोटेसन दिएको हो। तौलिहवा-काठमाडौंको रूट लिई सञ्चालन गरेको छु। सम्झौताअनुसार सप्लायरले कुनै सुविधा दिएको छैन। २०६० साल देखि २०६१ सालसम्मको सावाँ ब्याज तिरेको छु भन्नेसमेत बेहोराको बा.१ ख ८७४७ का ऋणी **गीताकुमारी पाण्डे**को अनुसन्धानको क्रममा भएको बयान।

उक्त गाडी लिँदा जगरनाथप्रसाद सोनारका साथै नवदिप ट्रेडर्सका दिपकराज शर्माले गाडी लिन सल्लाह दिएको हो। ३०:७० को नीति भन्ने हामीलाई थाहा नभएकोले र सप्लायर जगरनाथ सोनारले बैंकमा कोटेसन दिई निजले भनेको ठाउँमा सहीछाप गरी ३०% रकम सप्लायरले लिएको हो । मलाई १२,९५,०००।- को ऋणी भयो भन्ने कुरा पछि मात्र थाहा भयो । ३०% रकम बैंकलाई बुझाएको होइन । गाडी पहिले कौशिलाको नामबाट मेरो नाममा नामसारी भई आएको हो। रूटपरमिट तौलिहवा-भैरहवा-बुटवल लिई दिएको हो । सप्लायरले सम्झौताअनुसार कुनै पार्टपुर्जाको सुविधा दिएको छैन । कुनै किस्ता तिर्न बाँकी नरहेको जेनतेन गरी तिरी राखेको छु भन्नेसमेत बेहोराको बा.१ ख ७८०६ का ऋणी **मोइनुल हक खान**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसनको काम दीपकराज शर्माले गरेकोले मलाई केही थाहा छैन । सम्झौताअनुसारको ३०% रकम पनि निजलाई नै दिएको हो। काठमाडौं-भैरहवाको रूट परमिट लिएको हो । सम्झौताअनुसारको सुविधा केही दिएन। मैले जम्मा ३ किस्तासम्म करिब रू. २ लाखभन्दा बढी बुझाएको छु । हालसम्म गाडी फिर्ता लिएको छैन । मेरै नाउँमा चलिरहेको छ भन्नेसमेत बेहोराको बा.१ ख ८८३० का ऋणी **केशमाया गुरूङ**को अनुसन्धानको क्रममा भएको बयान।

रूट परमिट सप्लायरले लिदिएको हो । उक्त गाडी १ वर्षको लागि बिमा गरिएको थियो। गाडी दुर्घटना भई बिग्रिएर बसेको २ वर्ष भयो। सप्लायरबाट आश्वासन भएअनुसार सुविधा नपाएको हो । कर्जाको भाखा नाघ्नुअगाडि नै सप्लायरलाई मौखिक रूपमा गाडी फिर्ता लिनु र तुरून्तै मेरो नाममा भएको ऋण चुक्ता गरी दिनु भनेको हो। तर फिर्ता लिएको छैन भन्नेसमेत बेहोराको बा.१ख ८३६७ का ऋणी **राजकुमार थापा**को अनुसन्धानको क्रममा भएको बयान।

जगरनाथप्रसाद सोनारसँग कोटेसन लिएको र सोको ३०% मैले बैंकमा नबुझाई जगरनाथप्रसाद सोनारलाई बुझाएको हो। गाडीलाई दिने भनेको सुविधा आश्वासन कुनै पनि दिएको छैन। उक्त गाडी हाल नचल्ने अवस्थामा भएको छ। देशको स्थितिमा सुधार आएमा किस्ता र ब्याज सुचारू रूपले बुझाउने छु भन्नेसमेत बेहोराको बा.१ ख ८३६६ का ऋणी **तुलसी नारायण श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

उमा काठमाडौं टुकटक प्रा.लि. को कोटेसन गाडीको सप्लायर आफैँले बैंकमा पेस गरेको हो । उक्त कोटेसनको ३०% ले हुने रकम कम्पनीलाई नै बुझाएको हो । बैंकमा सम्झौतामा सही गर्दा सम्झौता पेपर पढ्न नपाएको र त्यसबारे ऋण अधिकृत वा बैंक म्यानेजरले समेत केही बताएन । गाडी मेरो नाममा छ । गाडीको रूट परमिट सप्लायरले नै लिई दिएको हो। गाडी मेरो नाममा छ। ब्याज बुझाएको छ। कर्जाको भाखा नाघेको छ भन्नेसमेत बेहोराको बा.१ ख ८३६५ का ऋणी **सियाराम यादव**को अनुसन्धानको क्रममा भएको बयान।

बैंकसँग गरेको सम्झौताअनुसार बुझाउनु पर्ने ३०% रकम बैकलाई नबुझाई काठमाडौं टुक टुकलाई बुझाएको हो । उक्त गाडीको रूट परमिट कम्पनीले नै गरेको गाडी चलेको समयमा दुई पटक ब्याज मात्र बुझाएको हो। गाडी बिग्रेर सञ्चालन गर्न नसकेपछि मर्मत गर्न कम्पनीको ग्यारेजमा राखेकोमा कम्पनीले उक्त गाडी फिर्ता नदिई उल्टै अन्य व्यक्तिलाई रू.२,००,०००।-

मा सञ्चालन गर्न दिएकोमा उक्त गाडीलाई (समातेर) भेटी बैंकमा बुझाउन जाँदा बैंकले हामीलाई थाहा छैन जे गरे पनि गर्नुस् भन्ने जवाफ पाएपछि कम्पनीमा सम्पर्क गर्दा कसैले पनि जवाफ नदिएको हाल उक्त गाडी नारायणगढको चौरमा फ्याँकिएको अवस्थामा राखिएको छ भन्नेसमेत बेहोराको बा.१ ख ८३६४ का ऋणी सुनिल अर्यालको अनुसन्धानको क्रममा भएको बयान।

ऋणीले बेहोर्ने ३०% रकम बैंकलाई नबुझाई जगरनाथप्रसाद सोनारलाई बुझाएको हो। सम्झौतामा के लेखिएको छ थाहा भएन । बस लिएर आएपछि मात्र बैंक फाइनान्स भएको कुरा थाहा पाएको हो । गाडी सञ्चालन गरेको १५ दिनमा नै इन्जिन सिज भई बिग्रेको छ। गाडी सिज हुँदा पूरा नै सामान राखी गाडी बनाएर सञ्चालन गरेको १७ दिनपछि पुनः इन्जिन सिज भएपछि हालसम्म उक्त गाडी मर्मत भएको छैन । हाल उक्त कर्जाको कुनै पनि किस्ता रकम नतिरेको भन्नेसमेत बेहोराको बा.१ ख ७६४५ का ऋणी **कृष्णकुमार श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

गाडीको कोटेसन काठमाडौं टुकटुकले नै बैंकमा पेस गरेको छ । आफूले बुझाउनु पर्ने ३०% ले हुन आउने रकम बैंकमा नबुझाई जगरनाथप्रसाद सोनारलाई बुझाएको हो । काठमाडौं-नारायणघाटको रूट परमिटसमेत सप्लायरले उपलब्ध गराएको हो। किस्ता तिर्न नसक्दा बैंकलाई जानकारी गराउँदा सप्लायरलाई भन्नु भनेकोले सप्लायरलाई पनि सोबारे भन्दा दुवैले कुनै किसिमको जानकारी नदिएको भन्नेसमेत बेहोराको बा.१ ख ८५२५ का ऋणी **राजेन्द्रकुमार अग्रवाल**को अनुसन्धानको क्रममा भएको बयान।

कम्पनीले दिएको कोटेसनअनुसार गाडीको मूल्य १८.५० लाख हो। उक्त कोटेसन बैंकमा आफूले नै बुझाएको हो । बैंकमा गरेको सम्झौताअनुसार आफूले बुझाउनु पर्ने ३०% रकम सप्लायरले आफू कहाँ बुझाउन लगाएको हो। काठमाडौं-नारायणघाटको रूट परमिट सप्लायर कम्पनीले बनाई दिएको हो । सप्लायरले गाडी बिक्री गर्दा वारेन्टी र पार्ट पुर्जाको सुविधासमेतको प्रलोभन देखाई गाडी बिक्री गरेको र उसले भनेको कुनै पनि सुविधा नदिएको हो । गाडी बिग्रिएपछि किस्ता तिर्न नसकेको मौखिक रूपमा बैंकलाई जनकारी गराउँदा बैंक तथा सप्लायरले कुनै वास्ता नगरेको भन्नेसमेत बेहोराको बा.१ ख ७८०३ का ऋणी **रेशमलाल श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

ऋणी हरिशंकर लाल कर्ण (बा.१ ख ७८०५), ऋणी सरतप्रसाद उप्रेती (बा.१ ख ७६५२), ऋणी श्रीमती रूपा घिमिरे (बा.१ ख ८३६८), रविन्द्र जङ्ग विजयतारा तामाङ (बा.१ ख ७६५३), बासुदेव दाहाल (बा.१ ख ८३६१), बलराम घिमिरे (बा.१ ख ८०३२) र गोविन्दराज घिमिरे (बा.१ ख ८०३३) आयोगबाट २०६२।३।१८ मा ७ दिने सूचना गोरखापत्रमा प्रकाशित गर्दासमेत उपस्थित नभएको।

मैले जगरनाथप्रसादसँग लिएको हो। ५ लाख ६५ हजार कोटेसन भनेर ६ लाखको कोटेसन बैंकमा पेस गरेको छु । ३० प्रतिशत रकम जगरनाथजीलाई बुझाएको हो । मैले खरिद गरेको टेम्पो फर्स्टहेन्डको हो। रूट परमिटको रकम जगरनाथजीको खर्च भएको हो । वीरगन्ज सिमरा चल्छ । बिमाको रकम रू. ६ हजार कम्पनीले मसँग लिएको हो। मिस्त्री, पार्टस आदि सुविधा दिन्छु भनेकोमा हालसम्म पाएको छैन । एक किस्ता ब्याज बुझाएको छु । कर्जाको भाखा नाघेको छ। मैले टेम्पो फिर्ता गर्न गएको तर लिएन भन्नेसमेत बेहोराको ना.स.ह १०९३ का ऋणी **बाल्मिकीप्रसाद सोनार**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसनको मूल्य रू. ६ लाख राखी बैंकमा पेस गरेको हो। ३० प्रतिशतकले हुने रकम कम्पनीले नै बुझेको हो । पहिले सो टेम्पो बा.१ ह ४५२१

थियो । कसको नामबाट नामसारी भएको हो मलाई थाहा छैन । पहिले वीरगन्जमा सञ्चालन भइसकेको र इन्जिन खोलिसकेको भन्ने मिस्त्रीबाट थाहा भएको हो । यातायात कार्यालय वीरगन्जबाट रूट परमिट लिएको हो । भाखा नाघिसकेको छ । कम्पनी र बैंकलाई जानकारी गराएकोमा टेम्पो दिन जाँदा टेम्पो जलाई दिन्छु र तँलाई पनि छाड्दिन भन्ने धम्कीसमेत दिएकोले टेम्पो फिर्ता ल्याई घरमै थन्काउनु परेको भन्नेसमेत बेहोराको ना.१ ह १०७८ का ऋणी **शिवकुमार गुप्ता**को अनुसन्धानको क्रममा भएको बयान ।

जगरनाथप्रसाद सोनारले बैंकमा रू.६ लाखको कोटेसन पेस गरेको हो । कुन कुन कागजमा सही गराइयो मलाई थाहा छैन । ३० प्रतिशत रकम कम्पनीलाई बुझाएको हो । सम्झौताविपरीत काम भएको अहिले थाहा भएको हो । सो टेम्पो पहिला बा.१ ह ४४३५ थियो । मिस्त्रीले पटक पटक इन्जिन खोलेको छ भनेपछि थाहा भएको हो । टेम्पो बिग्रिएकोले हाल नवीकरण गराएको छैन । आश्वासन धेरै पाएको तर कुनै कुरा भएन । आयोगमा हामी पीडितलाई राहत होस् भनी निवेदन गर्दछु भन्नेसमेत बेहोराको ना.१ ह १०८५ का ऋणी **सत्यनारायण राउत कुर्मी**को अनुसन्धानको क्रममा भएको बयान ।

जगरनाथप्रसाद सोनारले मूल्य रू. ६ लाखको कोटेसन बैंकमा पेस गरेको हो । बैंकमा ३, ४ वटा कागजमा हस्ताक्षर र औंठा छाप लगाएको छ । केमा लगाएको हो थाहा छैन । ३० प्रतिशत रकम कम्पनीमा नै जगरनाथप्रसाद सोनारले असुल गरेको हो । मेरो टेम्पो नं. पहिला बा.१ ह ४७६० थियो । सुरूदेखि नै पटक पटक बिग्रिएकोले फर्स्टहेन्ड टेम्पो नभएको शंका भयो । नारायणीभरीको रूट परमिट कम्पनीले लिदिएको भन्नेसमेत बेहोराको ना.१ ह १२०० का ऋणी **रामकुमार गुप्ता**को अनुसन्धानको क्रममा भएको बयान ।

जगरनाथप्रसाद सोनारले कोटेसनको मूल्य रू. ६ लाख राखी पेस गरेको हो । उक्त टेम्पोको ओरिजिनल मूल्य ५ लाख ६५ हजार हो । कोटेसन मूल्यको ३०% रकम कम्पनीलाई बुझाई बाँकी रकमको ऋणमा टेम्पो लिएको हो । उक्त टेम्पो पहिले बा.१ ह ४५०४ थियो । मिस्त्रीले सो गाडी पुरानो हो काठमाडौंमा चलाएको थियो भनेपछि थाहा भयो । नारायणी अञ्चल भरीको रूट परमिट कम्पनीले नै लिई दिएको । भाखा नाघी सकेको छ । वाइब्याकअन्तर्गत गाडी फिर्ता गराई दिनु भनी सप्लायरलाई लिखित तथा मौखिक जानकारी दिँदा फिर्ता भएको छैन भन्नेसमेत बेहोराको ना.प.ह. १०९४ का ऋणी **सरफराज अंसारी**को अनुसन्धानको क्रममा भएको बयान ।

जगरनाथप्रसाद सोनारले कोटेसनको मूल्य रू. ६ लाख पेस गरेको हो । उक्त कोटेसनको ३०% रकम कम्पनीलाई बुझाई बाँकी रकमको ऋणमा टेम्पो लिएको हो । टेम्पो फस्टहेन्ड होइन मिस्त्रीलाई सोध्दा सेकेन्डहेन्ड हो भनेकोले थाहा भयो । उक्त टेम्पो पुरानो भई इन्जिन सिज भई चलेको छैन । उक्त टेम्पोको पार्टपुर्जा माग्दा विदेशबाट आउँदैछ भनेको हो । पार्टपुर्जा नपाएकोले बेवारिसे अवस्थामा थन्किएको छ । मैले आफ्नो खेत रू.१ लाख ३६ हजारमा बिक्री गरी सावाँ ब्याज तिरेको हाल १ वर्षदेखि गाडी लावारिस अवस्थामा छ । सुविधा केही दिएको छैन । गाडी फिर्ता लिन भनेकोमा लिएन भन्नेसमेत बेहोराको ना.१ ह १०९९ का ऋणी **केदारबहादुर कार्की**को अनुसन्धानको क्रममा भएको बयान ।

जगरनाथप्रसाद सोनारले कोटेसन मूल्य रू. ६ लाखको पेस गरेको हो । कोटेसनको ३०% रकम जे.पी.फर्मामा जगरनाथप्रसाद सोनारलाई बुझाएको हो । टेम्पोको पुरानो नं. ४४३७ हो । उक्त टेम्पो सिज भई खोल्दा मात्र सेकेण्ड हेन्डको भन्ने कुरा थाहा भएको । टेम्पोको रूट परमिट पाएको छैन । सप्लायरले पनि रूट परमिट दिएको छैन । माग्दा आलटाल मात्र गर्ने गरेको हो । नवीकरण भएको छैन । मेरो अचल

सम्पत्ति जगरनाथप्रसाद सोनारले लिइसकेको छ । टेम्पो सञ्चालनमा छैन। त्यसकारण मैले बैंकको सावाँ र ब्याज तिरेको छैन । घरको धान, गहुँ बेचेर टेम्पो बनाएको थिएँ भन्नेसमेत बेहोराको ना.१ ह १०७९ का ऋणी **रामप्रवेश प्रसाद कुर्मी**को अनुसन्धानको क्रममा भएको बयान।

जगरनाथप्रसाद सोनारले कोटेसनको मूल्य रू. ६ लाख राखी बैंकमा बुझाएको हो । कोटेसन मूल्यको ३० प्रतिशत ले हुने रकम जे.पी. फर्माका जगरनाथप्रसाद सोनारका छोरा सुरेन्द्र प्रसाद सोनारलाई दिएको हो। नारायणी अञ्चलभरीको रूट परमिट कम्पनीले नै खर्च गरी लिई दिएको हो। टेम्पो लिएको २५ दिनपछि नै इन्जिन सिज भई खोल्दा इन्जिन पहिला पनि खोलिसकेको कुरा मिस्त्रीबाट थाहा भएको हो। उक्त टेम्पो सेकेण्ड हेन्डको रहेछ। गाडीको इन्जिन सिज भएको जानकारी कम्पनी र बैंकलाई पटकपटक दिएको हो। कुनै किसिमको पहल नभएको हुनाले किस्ता र ब्याज तिर्न असमर्थ भएको हो। मेरो आमाको नामको ४ कट्ठा जमिन साहजीको श्रीमतीको नाममा पास गराएपछि १ महिना १५ दिनपछि गाडी दिएको भन्नेसमेत बेहोराको ना.१ ह १०९८ का ऋणी **आमिचन्दप्रसाद साह कानु**को अनुसन्धानको क्रममा भएको बयान।

बैंकलाई बुझाएको कोटेसनमा ६ लाख उल्लेख गरेको हो । गाडीको मूल्य ३ लाखसम्मको हुनुपर्ने थियो। उक्त टेम्पो पहिला काठमाडौंमा चलिसकेको र बा.१ ह ४४६४ भएर डेढ वर्ष चलाई डेन्टिङ्गपेन्टिङ्ग गरी मलाई दिएका हुन्। कृषि विकास बैंकले निरीक्षण नगरी मेरो नाममा नामसारी र ऋण दिनमा मद्दत गरेको थियो । कम्पनीले गाडी फिर्ता लिनुपर्नेमा लिएको छैन। कम्पनीले अहिलेसम्म ऋण चुक्ता गरेको पनि छैन भन्नेसमेत बेहोराको ना.१ ह १०८२ का ऋणी **गणेश श्रेष्ठ**को अनुसन्धानको क्रममा भएको बयान।

३०% रकम जगरनाथप्रसाद सोनारले मसँग लिई ७० प्रतिशत कृषि विकास बैंकको ऋणमा लिएको हुँ। रूट परमिट वीरगन्जबाट सीमरासम्मको छ। कर्जाको ब्याज मात्र बुझाएको छु। भाखा नाघेको छैन। धान बेचेर बुझाएको हो। टेम्पो फिर्ता गर्न कम्पनी र बैंकलाई ताकेता गरेकोमा टेम्पो फिर्ता भएको छैन । टेम्पो डेढ वर्षदेखि चलेको छैन भन्नेसमेत बेहोराको ना.१ ह १२०१ का ऋणी **रामविलास राउत कुर्मी**को अनुसन्धानको क्रममा भएको बयान।

जगरनाथप्रसाद सोनारले मलाई टेम्पोको दाम ३,६५,५००।- बताएको र १,६५,०००।- ब्याज चार वर्षको ब्याजमध्येमा मसँग ०-२-१५ धुर जग्गा निजको श्रीमतीको नाममा गराई टेम्पो दिएको हो । टेम्पोको मूल्य ६ लाख गरी बैंकमा पेस गरेको मलाई पछि थाहा भयो। ३० प्रतिशत रकम बैंकमा बुझाएको होइन। नामसारी कसरी भयो मलाई थाहा भएन। ४ वर्ष पुरानो चलिसकेको टम्पो दिएको पछि थाहा भएको हो। उक्त टेम्पो पाँच पटकसम्म खोली डेन्टिङ पेटिङ गरिदिएको जानकारी हुन आएको छ । बैंकमा सही गराएको एक महिना पाँच दिनपछि ब्लु बुक पाएँ। रूट परमिट जगरनाथप्रसाद सोनारले दिएको हो । गाडी फिर्ता गर्न जाँदा तँलाई थुनामा थुनाई दिन्छु भनी धाक धम्की दिएको भन्नेसमेत बेहोराको ना.प.ह. १२०२ का ऋणी **इजारूल हक अंसारी**को अनुसन्धानको क्रममा भएको बयान।

धरौटीबापत जिल्ला पर्सा, लाल पर्सा गा.वि.स. वडा नं. याद नभएको १४ धुर जग्गा धरौटी राखेको थियो। टेम्पो सेकेन्डहेन्ड हो। रूट परमिट मेरो बुबा मुनीलाल राउत कुर्मीले वीरगन्ज सिमराको लिएको हो । हाल गाडी बिग्रिएर घरमा बसेको छ भन्नेसमेत बेहोराको ना.प.ह. ११९९ का ऋणी मुनीलाल राउत कुर्मीको तर्फबाट **अशोक राउत कुर्मी**सँगको बयान।

जगरनाथप्रसाद सोनार र मनोज कुर्मीले मलाई टेम्पो खरिद गर्न जानकारी दिएको हो। कोटेसन कति को हो र कसले पेस गरेको हो मलाई थाहा

भएन। बैंकमा बुझाउनु पर्ने ३० प्रतिशतले हुन आउने रकम बैंकमा बुझाएको छैन। टेम्पो पुरानो हो कसबाट मेरो नाउँमा आएको मलाई थाहा छैन। तर मैले टेम्पो पाएको छैन। सप्लायरले मेरो नाउँमा निकालेको टेम्पो पनि दिएन र ऋण पनि चुक्ता गरिदिएन भन्नेसमेत बेहोराको ना.१ ह १०८९ का ऋणी **अशेस्वर राउत कुर्मी**को अनुसन्धानको क्रममा भएको बयान।

राजकुमार ठाकुरः (ना.१ ह १०८४) मनोजकुमार कुर्मीः (ना.१ ह १०९६) निजको नाममा पत्राचार गर्दा र गोरखापत्रमा सूचना दिँदासमेत आयोगमा बयान दिन उपस्थित नभएको।

कोटेसन मूल्य थाहा छैन। गाडीको मूल्य १६ लाख हो। ३ लाख कम्पनीमा बुझाएको हो। बाँकी ऋण लिने भनी बैंकमा लगेको हो। काठमाडौं टुकटुक कम्पनीले बैंकमा लगी सही गराएको हो। ३०% सप्लायरमा दाखिला गरेको हो। मैले मिलेमतो गरेको छैन। वाइब्याक सिस्टममा बैंकले ऋण तिर्न आउन कुनै चिठी पठाएको छैन। गाडीको सामान नपाउने, महंगो पर्ने हुनाले हामी मर्कामा छौं। वाइब्याक गरी ऋण मुक्त गरिदिए राम्रो हुने थियो भन्नेसमेत बेहोराको बा.१ ख ८३६९ का ऋणी **बाबुकाजी महर्जन**को अनुसन्धानको क्रममा भएको बयान।

कोटेसनको बारेमा जानकारी छैन। निजहरूले नै बनाई पेस गरेको हो। गाडी सेकेन्डहेन्ड हो। चेतन आचार्यको नामबाट नामसारी गरेको हो। रूट परमिट गाडी लिएको ३ महिनापछि भैरहवा-काठमाडौंको रूट परमिट दिपकराज शर्माले लिई दिई खर्च बेहोरेको हो। जगरनाथप्रसाद सोनारको गाडी सप्लाइ गर्ने सवडिलर भएकोले निजलाई नै रकम बुझाएको हो। गाडीको पार्टपुर्जा सप्लायरबाट पाइएन। इण्डियन पार्टपुर्जा जडान गरेरे गाडी सञ्चालन गरियो। सप्लायरलाई गाडी फिर्ता गर्छु भन्दा गाडी फिर्ता लिएन। हाल उक्त गाडी भैरहवा लुम्बिनी तौलिहवा रूटमा चल्छ भन्नेसमेत बेहोराको बा.१ ख ८३९५ का ऋणी नन्दकुमारी गुरूङको अनुसन्धानको क्रममा भएको बयान।

दिपकराज शर्मामार्फत गाडी खरिद गरेको हो। सम्पूर्ण कागज गाडी धनी कम्पनीले नै गरिदिएको हो। मैले चलाएको गाडी मभन्दा पहिला राजेश श्रेष्ठको नाममा थियो। हाल भैरहवा बुटवल रूटमा सञ्चालनमा रहेको छ। कम्पनी र बैंकको बिच कति कायम भएको छ हामीलाई थाहा छैन। गाडीको लाग्ने पार्टपुर्जा कम्पनीले उपलब्ध गराउने आश्वासन दिएको थियो। हाल चाहिनेजति सामान उपलब्ध गराएको छैन भन्नेसमेत बेहोराको बा.१ ख ८३९७ का ऋणी **इजाहर वारिस**को अनुसन्धानको क्रममा भएको बयान।

गाडी दिपकराज शर्मामार्फत काठमाडौं टुकटुक प्रा.लि.का प्रबन्धक जगरनाथप्रसाद सोनारले आफैँ दिनु भएको हो। जगरनाथप्रसाद सोनारले आफैँले बैंकमा बुझाउनुपर्ने रकम बुझाउँछु भनी दिपकराज शर्मामार्फत २,५५,०००।- दिएको हो। तौलिहवा काठमाडौं रूट परमिट लिई गाडी सञ्चालन भएको थियो। गाडी खरिद गर्दा सम्पूर्ण पार्टपुर्जा भैरहवामै उपलब्ध हुने २४ घण्टाभन्दा बढी खडा गर्नु नपर्ने किसिमको आश्वासन दिएको थियो तर यी कुनै पनि चिज भएन भन्नेसमेत बेहोराको बा.१ ख ८३९८ का ऋणी **हरिप्रसाद काफ्ले**को अनुसन्धानको क्रममा भएको बयान।

३० प्रतिशत रकम जम्मा रू. ५ लाख ५५ हजार सप्लायरलाई बुझाएको हो। सो रकम बैंकमा बुझाउनु पर्छ भन्ने थाहा थिएन। गाडी त्यतिबेला काठमाडौं नारायणगढ वीरगन्जको परमिट लिई चलाएको हो। मर्मत गर्न नसकी हाल ग्यारेजमा रहेको छ। रूट परमिटको लागि छुट्टै रकम दिएको हो। सप्लायरलाई गाडी बुझाई भर्पाई ल्याउनुस् भनेर बैंकले भनेको थियो। गाडी सप्लायरलाई बुझाएँ तर भर्पाई दिन मानेन। सो कुराको जानकारी बैंकलाई दिएँ। गाडी हाल सप्लायरकै ग्यारेजमा राखिएको छ भन्नेसमेत बेहोराको बा.१ ख ८३६२ का ऋणी **सरोज पाण्डे**को

अनुसन्धानको क्रममा भएको बयान।

कोटेसन सप्लायरले पेस गरेको हो। मैले रू. २ लाख ५५ हजार दिपकराज शर्मामार्फत बुझाएको हो। गाडी फर्स्टहेन्ड भनेर सप्लायरले बेचेको हो। हामीले लिँदा शिवकुमार गुप्ताको नाउँमा देखियो। भैरहवामा लोकल रूटमा चल्ने गाडी हो। हामीले नवीकरण गराई राखेका छौं। सप्लायरले भनेअनुसार हामीलाई सुविधा दिइएन। गाडीको पार्टपुर्जा पाइएन। सप्लायरले हामीसँग ३० प्रतिशत रकम पहिला नै लिएको हो। कोटेसनमा कति मूल्य छ थाहा छैन। हाम्रो गाडी दुईजनाको साझा हो। गाडी चाल हालतमा छ भन्नेसमेत बेहोराको बा.१ ख ८३९६ का ऋणी सोही गाडी संयुक्त नाममा भएका **गेहन्द्रराज पौडेल र संजिव रोका**को बयान।

तौलिहवा काठमाडौं रूट लिएकोमा हाल तौलिहवा भैरहवामा चलिरहेको छ। गाडी नयाँ भनेकोमा अभिमन्यु खड्काका नाममा देखेपछि सेकेन्डहेन्ड रहेछ भन्ने थाहा भयो। सप्लायरले पार्टपूर्जा दिएन। इन्डियन पार्टपुर्जा लगाएर चलाएको छु भन्नेसमेत बेहोराको बा.प.ख ८३९३ का ऋणी **दजिन्द्रबहादुर खत्री**को अनुसन्धानको क्रममा भएको बयान।

मैले जगरनाथप्रसाद सोनारको सवडिलरको रूपमा काम गरेको हो। नाम मात्र सवडिलर काम सम्पूर्ण वहाँले नै गरेको हो। सुविधाहरूबारे आश्वासन मात्र पाएको तर कम्पनीबाट कुनै सुविधा समयमा उपलब्ध नगराएको हो। सवडिलरको रूपमा काम गर्दा प्रत्येक गाडी बिक्रीमा २५,०००।- कमिशन दिने, १ वर्ष गाडीको ग्यारेन्टी दिने, पार्टस समयमा उपलब्ध गराउने भन्ने सर्त गरेको तर कम्पनीबाट उक्त सम्झौताअनुसार खाली लेनदेन मात्र भयो सेवा सुविधा उपलब्ध गराएको छैन। मेरो गाडी नं. बा.१ ख ८३६० सावलिन २२ सिट क्षमताको चाइनिज गाडी हो। मूल्यको ३० प्रतिशत रकम जगरनाथप्रसाद सोनारलाई मैले पाउनुपर्ने कमिसन रकमबाट दिएको हो। उक्त गाडी भैरहवा तौलिहवा बुटवल रूटमा चल्ने गाडी हो। हालसम्म सक्दो रूपमा किस्ता नियमित बुझाइरहेको छ। हालसम्म सञ्चालनमा छ भन्नेसमेत बेहोराको ऋणी **दिपकराज शर्मा तिमिल्सिना**को अनुसन्धानको क्रममा भएको बयान।

मेरो श्रीमान् श्यामबहादुर खत्रीको २०६१।६।२४ मा परलोक भएको र उहाँलाई आयोगबाट बोलावट भएकोले म राधिका खत्री उपस्थित भएकी हुँ। (बा.१ ख ८३९४) कोटेसन मूल्यको ३० प्रतिशतले हुन आउने रकम सप्लायरको घरमै गई रू. ५,५५,०००।- बुझाइएको हो। उक्त गाडी जमलदेखि कपन रूटमा चल्ने गरेको छ। जगरनाथप्रसाद सोनारलाई गाडी फिर्ता लिनु भन्दा गाडी फिर्ता लिन नमिल्ने भनी फिर्ता लिएको छैन। सबै उसैले गरेको हो। जगरनाथप्रसाद सोनारले गाडी नचले फिर्ता लिन्छु भनेकोमा पार्टपुर्जाको अभावमा गाडी नचल्दा फिर्ता नलिएको भन्नेसमेत बेहोराको श्रीमती राधिका खत्रीको अनुसन्धानको क्रममा भएको बयान।

तथ्यको विश्लेषण

कृषि विकास बैंकको सञ्चालक समितिले मिति २०५९।३।११ मा पारित गरेको आर्थिक वर्ष २०५९।६० को वार्षिक कार्यक्रम तथा बजेटको दफा ६ मा रूट परमिट स्वीकृति प्राप्त गरेका, अनिवार्य रूपले बिमा गराउने र रिन्यु गर्न प्रतिबद्ध सम्भाव्य क्षेत्रहरूमा चलाउने गरी बस, ट्रक, टेम्पो, ट्याक्सी, माइक्रोबस आदिमा ऋणीले बेहोर्ने रकम र ऋणको अनुपात 30:70 Equity-Debt Ratio को आधारमा खरिद गरिने सवारी साधन नै धितो रहने गरी हायर पर्चेज कर्जा लगानी गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाई लागू गरिने छ भनी बैंकका सञ्चालक समितिबाट नीति तय भएको पाइन्छ।

सोही वार्षिक कार्यक्रम तथा

बजेटको बुँदा नं. १७ मा महाप्रबन्धकले गर्न सक्ने कार्यहरूअन्तर्गत दफा ६ मा विकास बैंकिङ र वाणिज्य बैंकिङतर्फ प्रस्तावित नयाँ क्षेत्रहरूमा ऋण प्रवाह गर्न स्वीकृत नीतिहरूको परिधिमा रही कार्यविधि बनाई लागू गर्ने भनी सञ्चालक समितिले बैंकको महाप्रबन्धकलाई अधिकार दिएको देखिएको छ। यसबाट सञ्चालक समितिले तय गरेको नीतिअन्तर्गतको कार्यविधि बनाउने जिम्मेवारी महाप्रबन्धकलाई प्राप्त भएको देखिन्छ। सञ्चालक समितिमा तत्काल निम्न व्यक्तिहरू रहेका देखिन्छन् :

सि.नं.	नाम थर	पद	कैफियत
१	श्री देवेन्द्र प्रताप शाह	अध्यक्ष	बैंठक नं. ७५० मिति २०५९।३।११
२	श्री रूद्र कुमार श्रेष्ठ	सदस्य	,,
३	श्री आशेश्वर झा	सदस्य	,,
४	श्री नरेन्द्रमान श्रेष्ठ	सदस्य	,,
५	श्रीमती रोजा उपाध्याय	सदस्य	,,
६	श्री भार्गव धिताल	सदस्य	,,
७	श्री राजेन्द्रबहादुर शाह	सदस्य	,,
८	श्री बासुदेव विष्ट	सदस्य	,,

यसअघि कृषि विकास बैंक सञ्चालक समितिको बैठक नं. ६८४. मिति २०५७।१।२० को निर्णयबाट वाणिज्य बैंकिङ विभागमा महाप्रबन्धकको अध्यक्षतामा एउटा उपसमिति गठन गरिएको र सो उपसमितिले प्रचलित नियम, नीति, कार्यविधि र कार्यक्षेत्र सम्बन्धमा पुनरावलोकन गर्न, ऋण लगानी कार्यक्रम सम्बन्धमा नयाँ नीति कार्यान्वयनमा ल्याउनु पर्दा विस्तृत छलफल गरी सिफारिस गर्नुपर्ने देखियो । कृषि विकास बैंकमा मिति २०५९।८।१० मा सो उपसमितिमा निम्न पदाधिकारी तथा व्यक्तिहरू रहेको देखियो। निजहरूमध्ये २ जनाबाहेक अन्य व्यक्ति पदेन हुने व्यवस्था रहेको र २ जना भने महाप्रबन्धकले तोक्ने व्यवस्था रहेको समेत देखिन्छ।

वाणिज्य बैंकिङ कर्जा उपसमितिका सदस्यहरूको नामावली

सि.नं.	नाम थर	पद	कैफियत
१	जलन कुमार शर्मा	तत्कालीन का.मु.महाप्रबन्धक (अध्यक्ष)	
२	रामचन्द्र महर्जन	तत्कालीन उपमहाप्रबन्धक (पदेन सदस्य)	कार्यान्वयन (बैंकिङ हेर्ने)
३	भरतकुमार पोखरेल	तत्कालीन विभागीय प्रमुख (पदेन सदस्य)	वाणिज्य बैंकिङ विभाग
४	रामराज जोशी	तत्कालीन विभागीय प्रमुख (सदस्य)	वित्तीय व्यवस्थापन विभाग
५	केशवबहादुर खड्का	तत्कालीन शाखा प्रमुख (आमन्त्रित सदस्य)	कर्जा विभाग
६	राजनप्रसाद श्रेष्ठ	तत्कालीन शाखा अधिकृत (आमन्त्रित सदस्य)	कर्जा विभाग
७	गोपालप्रसाद घिमिरे	तत्कालीन शाखा प्रमुख (पदेन सदस्य सचिव)	वाणिज्य बैंकिङ विभाग (बजार प्रबर्द्धन शाखा)

मुख्य कार्यालयको निर्णय र परिपत्र

कृषि विकास बैंक, मुख्य कार्यालयले मिति २०५९।८।९ मा ३० प्रतिशत इक्विटी लगानी गर्ने

व्यक्तिहरूलाई सप्लायरले पेस गरेको कोटेसनमा उल्लेख भएको मूल्यको ७० प्रतिशत कर्जा लगानी गरी हायर पर्चेज गर्न दिने, यसरी यस कार्यक्रमअनुसार सवारी साधन बिक्री गर्ने बिक्रेता वा सवारी साधनको सप्लायरले त्यस सवारी साधनको ऋणीले लगातार तीन किस्तासम्म नतिरी भाखा नघाएमा उक्त सवारी साधनहरू पुनः खरिद (Buy Back) गर्नुपर्ने तथा सो पुनः खरिद (Buy Back) गर्न सर्त स्वीकार गर्नेको सवारी साधनमा मात्र लगानी गर्नेसमेतका सर्तहरू निर्धारण गरी कर्जा लगानी गर्ने निर्णय गरेको देखियो। उक्त निर्णयको प्रतिलिपि हायर पर्चेज कर्जासम्बन्धी कार्यविधि, निर्णय, निर्देशन र निरीक्षण प्रतिवेदनसमेत फाइलमा संलग्न रहेको छ।

सञ्चालक समितिले तय गरेको उक्त नीतिको तात्पर्य पूरा गर्ने गरी बैंकका महाप्रबन्धकलाई कार्यविधि तयार गरी लागू गर्ने जिम्मेवारी दिएकोमा जिम्मेवारी निभाउने बहानामा एउटा टिप्पणी र आदेश तयार गरी निर्णय गरी सोही निर्णयको आधारमा कर्जा लगानी गर्ने विभिन्न बैंकिङ कार्यालयहरूले लगानी गर्न कोटा मुख्य कार्यालयबाट प्राप्त गर्ने र प्राप्त कोटा र निर्णयको अधीनमा रही ऋण लगानी गर्ने काम भए गरेको पाइयो। सो टिप्पणी र निर्णय गर्न मुख्य कार्यालयका निम्न पदाधिकारी संलग्न देखिए:

टिप्पणी र आदेश तयार गरी निर्णय गर्ने व्यक्तिहरूको नामावली

सि.नं.	नाम थर	पद	कैफियत
१	जलनकुमार शर्मा	का.मु. महाप्रबन्धक	२०५९।८।९ को टिप्पणी तथा आदेशमा संलग्न पदाधिकारी
२	रामचन्द्र महर्जन	उपमहाप्रबन्धक	,,
३	भरतकुमार पोखरेल	विभागीय प्रमुख	,,
४	गोपालप्रसाद घिमिरे	शाखा प्रमुख	,,

उक्त निर्णय र सो निर्णय गर्ने क्रममा पेस भएका सम्झौताका मस्यौदाहरूसमेत संलग्न राखी मिति ०५९।८।१३ मा कार्यालयहरूलाई परिपत्र गरी सोअनुसार गर्न गराउन लेखी पठाएको पाइयो। लगानी गर्नको लागि मुख्य कार्यालयले निम्नबमोजिमका शाखामा निम्नबमोजिम कोटा सुरूमा तोकी पठाएको पाइयो। सो कोटाबाहेक अरू थप कोटासमेत दिएको कुरा निम्न तालिकाबाट प्रस्ट हुन्छ।

केन्द्रले बैंकिङ कार्यालयहरूलाई तोकेको कोटा (कोटा थप भएको विवरणसमेत)

सि.नं.	बैंकको नाम	तोकिएको कोटा	थप कोटा र मिति	कैफियत
१	बैंकिङ कार्यालय, नारायणगढ	१५ मिति २०५९।९।१२	३ मिति २०५९।१२।१०	-
२	बैंकिङ कार्यालय, लगनखेल	१० मिति २०६०।१।३१	१ मिति २०६०।४।९	-
३	बैंकिङ कार्यालय, वीरगन्ज	१५ मिति २०५९।९।१२	१० मिति २०६०।४१।३१	-
४	बैंकिङ कार्यालय, रत्नपार्क	२० मिति २०५९।९।१२	-	-
५	बैंकिङ कार्यालय, भैरहवा	२० मिति २०६०।४।२८	-	-
६	बैंकिङ कार्यालय, इटहरी	२०+२० मिति २०५९।८।१८	-	-
७	बैंकिङ कार्यालय, धरान	१० मिति २०६०।१।२३	-	-

कार्यक्रम निर्माण र दायित्व सम्बन्धमा

१ कृषि विकास बैंक ऐन, २०२४ ले उक्त बैंकलाई वाणिज्य बैंक ऐन, २०३१ को अधीनमा रही बैंकिङ कारोबार गर्ने अधिकार दिएको र वाणिज्य बैंक ऐन, २०३१ मुताबिक चल सम्पत्ति धितो राखेरसमेत कर्जा दिन सक्ने बैंकको अधिकार भएको देखिन्छ। सो ऐनले उक्त बैंकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम गर्ने अख्तियारी त्यस बैंकको सञ्चालक समितिलाई दिएको छ। सो अधिकारअन्तर्गत कृषि विकास बैंकको सञ्चालक समितिले कर्जा लगानी भएको सवारी साधन नै धितोमा रहने गरी कर्जा लगानी गर्ने नीति बनाएकोमा कुनै त्रुटि भएको देखिएन। बैंकको सञ्चालक समितिले मिति २०५७।१।२० को निर्णयले गठन हुने उपसमितिले अधिकारप्राप्त अधिकारीसमक्ष सिफारिससम्म गर्ने अधिकारप्राप्त गरेको देखिन्छ। सो बैंकका महाप्रबन्धक तथा अध्यक्षसमेतले सञ्चालक समितिबाट प्रत्यायोजन भएका अधिकारहरू प्रयोग गर्न पाउने भन्नेसमेतको व्यवस्था रहेको देखिन्छ। सञ्चालक समितिले बनाएको प्रस्तुत कर्जा नीतिअनुसार कार्यक्रम बनाई लागू गर्न पाउने गरी बैंकको सञ्चालक समितिले आफूमा रहेको अधिकार महाप्रबन्धकले प्रयोग गर्न पाउने गरी मिति २०५९।३।११ मा प्रत्यायोजन गरेको देखिन्छ।

बैंकको सञ्चालक समितिले ऋणीको तर्फबाट ३० प्रतिशत इक्विटी र बैंकको तर्फबाट ७० प्रतिशत कर्जा दिने गरी हायर पर्चेज गर्न दिने र कार्यविधि महाप्रबन्धकले तयार गर्ने भनी नीति बनाई बैंकको महाप्रबन्धकलाई जिम्मेवारी सुम्पिएकै आधारमा यसबाट भएको हानि नोक्सानीको विषयमा बैंकको सञ्चालक समितिका सदस्यहरूलाई जवाफदेही बनाउन पर्ने अवस्था परेन। महाप्रबन्धकले आफूले मिति २०५९।८।९ मा निर्णय गरिसकेपछि सो निर्णयलाई नै सिफारिस गराउन मिति २०५९।८।१० मा वाणिज्य बैंकिङ उपसमितिमा पेस गरेको देखिन्छ। सिफारिससम्म गर्ने हैसियत भएको उपसमितिमा निर्णयपश्चात् पेस गरेको र सिफारिस गराएको कारणले महाप्रबन्धक र टिप्पणीमा सहभागीसमेत ४ जनाबाहेक सो उपसमितिका अन्य सदस्यहरूलाई यस कर्जा कार्यक्रमको तथाकथित कार्यविधि तयार गरे सम्बन्धमा जवाफदेही मान्नु पर्ने अवस्था पनि देखिएन। यसप्रकार अख्तियारीबमोजिमको कार्यविधि तयार गरी बैंक हित संरक्षणको यथेष्ट व्यवस्था गर्नुपर्नेमा त्यसो नगरी बदनियतपूर्वक कर्जा लगानी गर्ने निर्णय महाप्रबन्धकसमेतका टिप्पणी र आदेशमा संलग्न देखिएका पदाधिकारीहरूले गरेको प्रस्ट देखिन्छ।

मुख्य कार्यालयबाट भएको परिपत्रको आधारमा विभिन्न बैंकिङ कार्यालयहरूले कर्जा प्रदान गरेको देखियो। उक्त कर्जा कार्यक्रममा सप्लायरले buy back सम्झौता गरी सवारी साधन सप्लाई गरेका ७८ वटा सवारी साधनहरू प्र. जगरनाथप्रसाद सोनार र निजको परिवार सदस्यको नाममा दर्ता भएका फर्म तथा कम्पनीहरूबाट सप्लाई भएको देखियो। जसलाई निम्न तालिकाबाट हेर्न सकिन्छ।

उक्त कार्यक्रममा वाईब्याक सम्झौता गरी सवारी साधन बिक्री गर्ने सप्लायरहरू

सि.नं.	सप्लायरको नाम	लगानी गरेको सवारी साधनको संख्या	सञ्चालकहरू	कैफियत
१	काठमाडौं टुक टुक प्रा.लि.	३७	१. जगरनाथप्रसाद सोनार २. रविन्द्रकुमार सराफ ३. सुश्री सरोज सराफ	-

२	अनिता इक्लेक्ट्रिकल एन्ड मेकानिक कम्पनी प्रा.लि.	२६	१. श्रीमती अनिता सराफ २. श्रीमती कौशीला सोनारीन	-
३	रवि इन्टरनेसनल	१५	१. रविन्द्रकुमार सराफ	-
जम्मा		७८		

यसरी प्रस्तुत कर्जा कार्यक्रमअनुसार प्र. जगरनाथप्रसाद सोनार र निजको परिवारका सदस्यहरूको नाममा दर्ता भएको देखिएका काठमाडौं टुक टुक प्रा.लि., अनिता इलेक्ट्रिक एन्ड मेकानिक कं.प्रा.लि. तथा रवि इन्टरनेसनलले कृषि विकास बैंकसँग buy back सम्झौता गरी विभिन्न ७८ जना व्यक्तिहरूलाई विभिन्न किसिमका र विभिन्न मोडलका सवारी साधनहरू सप्लाई गरेको र उक्त सम्पूर्ण सवारी साधनहरूको बिक्री सम्बन्धमा उक्त कम्पनीहरूले जारी गरेको कोटेसन मूल्यको आधारमा ७० प्रतिशतले हुन आउने रकम कृषि विकास बैंकबाट कर्जा लगानी भई निज (ऋणी) व्यक्तिहरूको नाममा कर्जा लेखिएको देखियो । सो कर्जा लगानी मिति २०५९।८।२६ देखि मिति २०६०।७।४ को बिचमा भएको देखिएको छ ।

लगानीको तुलनामा बढी मूल्य कायम गरी बिक्री गरेको

उक्त ७८ थान सवारी साधनहरू पैठारी गर्दा सवारी साधनको पैठारी कर्ता कम्पनीहरूले रू.५,३४,३५,२४१।०० सवारी साधनको निर्माता कम्पनीलाई भक्तानी दिएको र विभिन्न भन्सार कार्यालयहरूमा रू.३,०२,०८,२६७।०० भन्सारसमेतको राजस्व रकम भुक्तानी गरेको देखिएको छ । यसरी सप्लायरले सवारी साधनको निर्माता कम्पनी र नेपाल सरकारलाई भन्सारसमेतको राजस्वसमेत गरी ८,३६,४३,५०८।०० भक्तानी गरेको देखियो ।

निज सप्लायरले उक्त ७८ वटा सवारी साधनहरू निजले आफ्नो इच्छाअनुसार पेस गरेको कोटेसनमा उल्लेख गरेबमोजिमको बिक्री मूल्य कायम गरी बिक्री गरेको र निजलाई ऋणीले तिरेको रकम र बैंकले दिएको भुक्तानी जोड्दा उक्त कम्पनीहरूले सोबमोजिमका ७८ थान सवारी साधनहरू बिक्री गर्दा कुल रू.१४,७९,२०,०००।- असुल गरेको देखिएको छ ।

उक्त ७८ थान सवारी साधनहरूमध्ये ११ थान सवारी साधनहरू प्र. जगरनाथप्रसाद सोनार सम्बद्ध फर्म तथा कम्पनीहरूले आयात गरेको नभई फ्रेन्डसिप इन्टरप्राइजेजले आयात गरेको देखिएको छ । सो प्रा.लि. ले उक्त ११ थान सवारी साधन आयात गर्न र २,१७,१८,४४७।०० खर्च गरेको, प्र. जगरनाथप्रसाद सोनार सम्बद्ध कम्पनी तथा फर्महरूलाई सो ११ थान गाडीहरू रू.२,२१,७००००।०० मा बिक्री गरेको देखिएको छ । सोही ११ थान गाडीहरू सोनार सम्बद्ध कम्पनी तथा फर्महरूले प्रस्तुत लेनदेनमा विभिन्न ऋणीहरूलाई ३,६६,५०,०००।०० मा बिक्री गरी त्यसको ७० प्रतिशत रकम बैंकलाई लगानी गर्न लगाएको देखिएको छ । गाडी आयातकर्ता स्वयंले जम्मा रू.४,५१,५५३।०० फाइदा गरी बिक्री गरेका सवारी साधनहरू प्र. सोनार सम्बद्ध कम्पनीहरूले १,४४,८०,०००।०० (लगानीको तुलनामा ६५.३१ प्रतिशत) बढी मूल्य लिई बिक्री गरेको देखियोः

फ्रेन्डसिप इन्टरप्राइजेजले आयात गरेका सवारी साधनहरूको विवरण

सि.नं	गाडी नं.	खरिद मूल्य	बिक्री मूल्य	कैफियत
१	बा. १ ख ७६५२	१८८११६४।००	२२०००००।००	
२	बा.१ ख ७६४५	१०६३८०४।००	१२१००००।००	
३	को. १ ख १६८४	२००७७६४।००	१८७००००।००	
४	को. १ ख १६८३	२००७७६४।००	१८७००००।००	
५	को. १ ख १६७४	२७२५३३८।००	२८६००००।००	
६	को. १ ख १७०४	१८८११६४।००	२२०००००।००	
७	को. १ ख १६७६	३३३६८७९।००	२५०२५००।००	
८	को. १ ख १६८५	२००७७६४।००	१८७००००।००	
९	को. १ ख १६८६	१८९१८२०।००	१८९७५००।००	
१०	को. १ ख १६७२	१४५७४९३।००	१८४२५००।००	
११	को. १ ख १६७५	१४५७४९३ । ००	१८४७५००।००	
जम्मा		**२,१७,१८,४४७१००**	**२,२१,७०,०००।००**	

सवारी साधनको सञ्चालन अवस्थासँग कर्जा असुलीको तुलना

निज सप्लायर सम्बद्ध कम्पनीहरूले प्रस्तुत कर्जा कार्यक्रमअनुरूप सप्लाई गरेका ७८ थान सवारी साधनहरूमध्ये ३३ थान सवारी साधनहरू हालसम्म जेनतेन चलेका छन् भन्ने देखिन्छ। अन्य सवारी साधनहरू चलेको देखिएन। यसरी अधिकांश सवारी साधन नचल्नु नचलाउनुले बैकले लगानी गरेको रकम असुलउपर हुन नसक्ने तथ्यलाई अझ स्पष्ट गरेको छ।

अत्यधिक मूल्यको कोटेसन दिएको सम्बन्धमा

उक्त कम्पनीले आफूले आयात गर्दा खरिद गरेको मूल्यभन्दा प्रतिगाडी न्यूनतम ४४ प्रतिशत बढी मूल्य राखी बिक्री गरेको देखिन्छ भने इटहरी शाखाबाट ऋणी राहुल खनाल र देवेन्द्रकुमार निरौलाले कर्जा लिई खरिद गरेको सवारी साधनमा १०६ प्रतिशतसम्म ज्यादा मूल्य राखी बिक्री गरेको देखिएको छ। साथै सप्लायरले लगानीको तुलनामा सरदर ७५.८९ प्रतिशत मूल्य वृद्धि गरी रकम लिएको देखिन्छ। ट्याम्पोको हकमा निजले च्यासिस आयात गरी त्यसको बडी बनाई बिक्री गरेको भन्ने भनाइ रहेको र त्यस्तो बडी बनाउन लागेको खर्च यकिन गर्न नसकिए तापनि निजले च्यासिस आयात गर्दा गरेको खर्चको न्यूनतम ४८४ प्रतिशत र अधिकतम ५१९ प्रतिशतसम्म बढी मूल्य राखी कोटेसन दिई बिक्री गरेको देखिन्छ। यसरी सवारी साधनको मूल्य कायम गर्ने हकमा एकातिर महाप्रबन्धकसमेतले कोटेसन मूल्यलाई नै सवारी साधनको मूल्य कायम गर्ने भनी निर्णय गर्ने र अर्कोतर्फ सामान्य व्यापारीले खरिद बिक्री गर्दा लिने सामान्य मुनाफाभन्दा धेरै गुणा बढी मूल्य राखेर कोटेसन पेस गरी सो कोटेसनका आधारमा रकम लिने दिने कार्य भएको प्रस्ट देखिन्छ।

निर्णय पूर्व झिकाएका सवारी साधनहरू प्रस्तुत कर्जा कार्यक्रममा बिक्री गरेको

कृषि विकास बैंकबाट मिति २०५९।८।९ मा प्रस्तुत कर्जा लगानी गर्ने निर्णय हुनुपूर्व नै उक्त ७८ मध्ये ३२ वटा सवारी साधनहरू नेपालमा आयात भइसकेको र सो गाडीहरू उक्त कर्जा कार्यक्रमका ऋणीहरूलाई बिक्री गरिएको देखिएको छ। फ्रेन्डसिप इन्टरप्राइजेजले २०५९ वैशाखमा झिकाएका ११ थान सवारी साधनहरू ग्राहकको अभावमा ८ महिनासम्म यातायात कार्यालयमा दर्तासम्म नगरी राखेकोमा कृषि विकास बैंकबाट प्रस्तुत कर्जा लगानीको निर्णय भएपछि सोनार सम्बद्ध कम्पनीहरूले उक्त गाडीहरू खरिद गरी यस कर्जा लगानी कार्यक्रममा प्रयोग गरेको देखिन्छ।

समान मूल्यका सवारी साधनमा फरक फरक रकमको कोटेसन दिएको

निज सोनार सम्बद्ध कम्पनी काठमाडौं टुक टुकले सप्लाई गरेका एउटै प्रज्ञापन पत्र नं. ४९८६ मिति २०५९।८।२८ बाट आयात गरिएका एउटै मोडल SLG6551C का बसहरूको एउटै बैंकिङ कार्यालय इटहरीमा मिति २०५९।९।४ मा ऋणी ध्रुव खनालले खरिद गरेको को. १ ख १६८१ नम्बरको सवारी साधनको लागि १८,५०,०००।०० को कोटेसन दिएको र सोही प्रज्ञापन पत्रबाट आयात भएको सोही मोडलको को.१ ख १६७८ को.१ ख १६७९, को.१ ख १६८०, को.१ ख १६८१ र को.१ ख १६८२ नम्बरका बसहरूका लागि रू.२२,००,०००।०० को कोटेसन पेस गरेको पाइएको छ। यसैगरी प्रज्ञापन पत्र नं. ८४७० मिति २०५९।१।२४ बाट आयात गरिएका ZK6736D मोडलको बा.१ ख ७६५३ नम्बरको बसको कोटेसन लगनखेल शाखामा रू.३०,००,०००।०० को पेस गरेको देखिन्छ। बा.१ ख ७६५२ नम्बरको बसको कोटेसन नारायणगढ शाखामा ३६,००,०००।०० र को.१ ख १७०४ नम्बरको बसको कोटेसन इटहरी शाखामा रू.३६,५०,०००।०० का दरले पेस गरेको देखिन्छ।

बिक्रीपिच्छे रकम थप्दै गएको

उक्त फर्म तथा कम्पनीहरूले कृषि विकास बैंकबाट जति सकिन्छ त्यति रकम झिक्नको लागि आफैँले सप्लाई गरी सो बैंकको नयाँ बानेश्वर शाखाबाट ५०: ५० नीतिअन्तर्गत लगानी गरिसकेको गाडीको कर्जा चुक्ता गरी पुनः सोभन्दा ज्यादा अनुपातको कर्जा कार्यक्रम ३०:७० अन्तर्गत लगनखेल शाखाबाट कोटेसन मूल्य बराबर कर्जा लगानी गर्न लगाई भुक्तानी लिएको देखिएको छ। भैरहवा शाखाबाट ज्यादा अनुपात (५०:५० बाट ३०:७०) मात्र नभएर कोटेसनसमेत ज्यादा रकमको पेस गरी बढी रकम कर्जा लगानी गर्न लगाई भुक्तानी लिएको देखिएको छ।

एकपटक चलन चल्तीमा आइसकेको (Second Hand) गाडीमा लगानी गरेको

नयाँ बानेश्वर शाखाबाट लगानी भई चलन चल्तीमा आई पुरानो भएका गाडीहरू सो ठाउँबाट झिकी लगनखेल र भैरहवा शाखाबाट सोही सवारी साधनहरूमा कर्जा लगानी गर्न लगाएको देखियो। साथै उक्त फर्म तथा कम्पनीहरूले वीरगन्ज शाखाबाट कर्जा लिने ऋणीहरूलाई सप्लाई गरेका १५ थान टेम्पो २०५७ सालमा आयात भई, बाग्मती अञ्चलमा दर्ता भई, बिग्रेपछि मर्मत गरी तीनै टेम्पोलाई वीरगन्जमा लगी पुनः ऋण लगानी गरेको पनि देखिएको छ। उक्त टेम्पोहरू बागमती अञ्चलमा दर्ता भएको बेहोरा वीरगन्ज शाखाबाट कर्जा लिने ऋणीहरूले आयोगमा पेस गरेको उजुरी र यातायात व्यवस्था कार्यालय बागमती र नारायणीबाट प्राप्त भएको कागजातबाट देखिएको छ।

सञ्चालक समितिले लिएको नीति र प्रस्तुत निर्णयमा भएका भिन्नता

सञ्चालक समितिले Equity Debt Ratio 30:70 हुने गरी कर्जा लगानी गरिने सवारी साधन नै धितो रहने गरी रूट लिएका र बिमा गराइएका सवारी साधन हायरपर्चेज गर्न दिने नीति लिएको देखिन्छ । तर प्रस्तुत कर्जा लगानी गर्न उक्त नीतिमा उल्लिखित विषयहरूलाई मध्यनजर राखेर बैंकको हित संरक्षण हुने गरी महाप्रबन्धकले कर्जा लगानी र असुली तथा बैंक हित संरक्षणका प्रावधान राखी कार्यविधि बनाउनु पर्नेमा सप्लायरले पेस गरेको कोटेसनको ७० प्रतिशत लगानी गर्ने भनी आफूखुसी जे जति रकमको मूल्य राखी कोटेसन पेस गर्न सक्ने अवसर सप्लायरलाई दिई निर्णय गरिएको पाइयो। यसको अलावा सञ्चालक समितिको नीति बाहिर गई (Buy Back) गर्ने सप्लायरका गाडीमा मात्र लगानी गर्ने व्यवस्था गरिएको पाइन्छ। तर Buy Back गर्न बाध्य गराउने वा Buy Back नगरे ऋण असुल गर्न सकिने कुनै व्यवस्था सो निर्णयमा गरेको पाइएन । यसका साथै प्रस्तुत कर्जा निर्णयको १३ नम्बरमा उपर्युक्तबाहेकका सबै कुराहरू कर्जा फरमेट र हायपर्चेज कर्जा कार्यविधि, २०५० अनुसार हुने भन्ने कुरा उल्लेख भएको भए तापनि कोटेसन मूल्यको ७० प्रतिशत लगानी गर्ने भनी सोही निर्णयमा उल्लेख भएको हुँदा गाडीको मूल्यको विषयमा जाँचबुझ गर्ने र धितोको मूल्याङ्कन गर्ने कार्य सम्बन्धमा हायर पर्चेज कर्जा कार्यविधि, २०५० आकर्षित नहुने अवस्था सिर्जना गरेको देखियो।

केन्द्रले लगानी गर्न निर्देशन र दबाब दिएको

प्रस्तुत कर्जा कार्यक्रम तयार भई परिपत्र गरी पठाई कोटासमेत तोकिदिएपश्चात् सो निर्णयानुसार कर्जा लगानी गर्न बैंकका शाखाहरूलाई केन्द्रका र उक्त लगानी निर्णय गर्ने पदाधिकारीहरूले दबाब दिएको बेहोरा धरान शाखाका प्रबन्धकको बयानबाट देखिएको छ।

केन्द्रले पुनरावलोकन नगरेको

उक्त कर्जा कार्यक्रममा लगानी भई कर्जाका सर्तहरू सक्रिय भएको केही समयपश्चात् ऋणीले किस्ता नबुझाई गाडी सप्लायरले वाइब्याक गर्नुपर्ने अवस्था उत्पन्न भएपछि सप्लायरलाई पत्र लेखी पठाउँदा सप्लायर सम्पर्क गर्न नआएपछि केन्द्रलाई सोको जानकारी गराएको बेहोरा इटहरी शाखा प्रबन्धक प्रयागराज उपाध्यायको बयानबाट देखिएको छ । तर केन्द्रले तत्कालै कर्जा कार्यक्रम संशोधन गरी बैंक हित संरक्षणको आवश्यक व्यवस्था गरेको पाइएन । सप्लायरले सम्झौता पालन नगरेको उक्त घटनापश्चात् पनि सोही ७८ थान मध्येका ४७ वटा गाडीमा कर्जा लगानी भएको देखिएको छ । यसरी आफूले गरेको निर्णय गलत भएको थाहा पाएपछि प्रारम्भदेखि नै बदनियत नभएको भए तत्काल सो कार्य रोकी बैंकलाई थप हानि नोक्सानी हुनबाट बचाउन सकिने अवस्था थियो तर त्यसो गरेको पाइएन।

सप्लायरको बदनियत जानकारी गराउँदा पनि कारबाही नगरेको

प्रस्तुत कर्जा कारोबारको मुख्य सप्लायर प्र. जगरनाथप्रसाद सोनार सम्बद्ध फर्म तथा कम्पनीहरूले बैंक ठग्ने उद्देश्यले गलत कागजातहरू पेस गरेको पाइएको भनी रत्नपार्क शाखाले मिति २०६०।१।२४ (सो पत्र मिति २०६०।१।२२ मा लेखिएको र चलानी ०६०।१।२४ मा भई सोही मितिमा मुख्य कार्यालयमा बुझाएको देखिएको) मा पत्र लेखी मुख्य कार्यालयका वाणिज्य बैंकिङ क्षेत्र हेर्ने उपमहाप्रबन्धकसमक्ष बुझाइसकेपछि पनि बैंकको मुख्य कार्यालयले त्यस विषयमा कुनै कारबाही गरेको देखिएन। साथै उक्त पत्र नै प्राप्त नभएको भनी मुख्य कार्यालयका पदाधिकारीहरूले जिम्मेवारी पन्छाउने परिपञ्च गरेको पाइयो । बैंकका

व्यवस्थापकहरूमाथि शंका गर्दै रत्नपार्क शाखाका तत्कालीन प्रबन्धक श्यामसिंह पाण्डेलगायतले उक्त पत्र समयमै सुरक्षित राख्न आयोगलाई अनुरोध गरेबाट आयोगले रत्नपार्क शाखाबाट फायल झिकाउँदा पत्र पठाएको र मुख्य कार्यालयले बुझेको देखिएबाट समेत केन्द्रका पदाधिकारीहरूको थप बदनियत पुष्टि हुन्छ। रत्नपार्क शाखाले पठाएको सो पत्रलाई उपेक्षा गरिएपश्चात् उक्त ७८ थानमध्ये ५० थान गाडीमा लगानी भएको देखिन्छ र व्यवस्थामा सुधार गर्न कुनै प्रयास गरेको देखिँदैन।

कोटा थप र परिवर्तन

केन्द्रले बनाएको कर्जा कार्यक्रमको कार्यान्वयनअन्तर्गत कुनै कार्यालयले पुरै कोटा लगानी गरेको र कुनैले लगानी गरेको छैन। कोटाबमोजिम लगानी नगरेका शाखाले कर्जा माग नभएको कारणले लगानी गर्न नसकेको नभई सप्लायरको नियत खराब देखिएको कारणले लगानी गर्न अस्वीकार गरेको र सो कुरा मुख्य कार्यालयलाई जानकारी गराएको भन्ने निजहरूको बयानबाट देखिन्छ। तर सो जानकारीपश्चात् लगानी हुन बाँकी कोटा बन्द गरी सो कार्यलाई तत्काल बन्द गर्नु वा सुधार गर्नुपर्ने मुख्य कार्यालयले सो नगरी एउटा शाखाको बाँकी कोटा अन्य शाखालाई थप गरिदिने कार्य गरेकोसमेतबाट सो काम गर्ने जिम्मेवारी भएका तत्कालीन उपमहाप्रबन्धकसमेतको बदनियत अझ प्रस्ट भएको छ। धरान शाखाका प्रबन्धकलगायत अन्य कर्मचारीहरूको बयानबाट कर्जा लगानी रोकेको र मुख्य कार्यालयले अन्य शाखाहरूलाई कोटा थप गरेको देखिएबाट यो कुरा पुष्टि हुन्छ। साथै रत्नपार्क शाखाले कर्जा अस्वीकृत गरेको गाडी लगनखेल शाखाबाट लगानी गरिएको र मुख्य कार्यालयबाट कोटा थप गरी सो लगानीलाई समर्थन गरेको देखिएबाट यो कुरा झनै पुष्टि हुन्छ।

पुराना गाडीमा लगानी गर्न छुट दिइएको

अन्य बैंकहरूले लगानी गर्ने सवारी साधनको Economic Life / Resale Value हुनुपर्ने कुरालाई प्रमुखताका साथ उल्लेख गरेको भए तापनि प्रस्तुत कर्जा निर्णयमा एक पटक लगानी भएका सवारी साधनमा समेत पुनः लगानी गर्न सकिने भन्ने प्रावधान राखेको पाइयो। कर्जा लगानी हुने सवारी साधनहरूको Resale Value हुने हुँदा यो प्रावधान आफैँमा बैंक हितअनुकूलको देखिएन।

Second Hand गाडीमा लगानी भएको

प्रस्तुत कर्जा निर्णयमा सवारी साधनको भौतिक अवस्थाको परीक्षण विषयमा वा सवारी साधन सम्बन्धमा कुनै कुरा हेर्नु नपर्ने अवस्था २०५९।८।९ को निर्णयले गरिदिएको कारणले लगनखेल र भैरहवा शाखाबाट आफ्नै अर्को शाखा (बानेश्वर) बाट लगानी भएको गाडीमा बढी रकम हात पार्न पुनः लगानी भएको तथा वीरगन्ज शाखाबाट चालु हालतमै नरही मर्मत भएको (Reconditioned) टेम्पोमा पनि लगानी भएको पाइयो।

सप्लायरलाई निर्देशन नदिएको

आफूले केही गाडी फिर्ता लिइसकेको बेहोरा उल्लेख गरेको पत्र सप्लायरले मुख्य कार्यालयमा लेखी इटहरी शाखालाई बोधार्थ दिएको भन्ने सप्लायरको भनाइ रहेको देखिन्छ। तर मुख्य कार्यालयले सोबमोजिम तत्काल फिर्ता लिएका गाडीको रकम तिर्न लगाउने कुनै कारबाही गरेको पाइएन। हाल सो पत्र नै मुख्य कार्यालयमा प्राप्त नभएको भन्ने देखाउन प्रयास गरिरहेको पाइएको छ। सप्लायरले गाडी फिर्ता लिएको भने पनि सर्तबमोजिम बैंकले पाउनु पर्ने कुनै एउटा गाडीको रकम पनि बुझाएको पाइँदैन। सप्लायरले पठाएको उक्त पत्रको बोधार्थ इटहरी शाखामा पाइनु तर मुख्य कार्यालयका पदाधिकारीहरूले त्यस विषयमा

अनभिज्ञता जनाउनुबाट पनि मुख्य कार्यालयका जिम्मेवार पदाधिकारीको बदनियत प्रस्ट भएको देखिन्छ।

मुख्य कार्यालयका पदाधिकारीहरू र सप्लायरको बदनियतपूर्ण कार्य

कृषि विकास बैंकको सञ्चालक समितिले पारित गरेको वार्षिक कार्यक्रममा सवारी साधन हायर पर्चेजमा दिने सम्बन्धमा इक्विटी डेब्ट अनुपात ३०:७० बमोजिमको कर्जाबाट खरिद गरेको सवारी साधन नै धितो रहने गरी हायर पर्चेज कर्जा कार्यक्रममा जाने भनी नीति तयार गरी महाप्रबन्धकले त्यसको कार्यविधि बनाई लागू गर्ने भनिएको तर महाप्रबन्धकले सोबमोजिम कार्यविधि तयार गर्नु पर्नेमा सो नगरी प्रशासनिक निर्णय गरी लागू गरेको देखियो।

सो निर्णयमा ऋणीले लगातार तीन किस्ता भाखा नघाएमा सवारी साधन सप्लाई गर्ने सप्लायरले त्यस्तो सवारी साधन वाईब्याक गर्नुपर्छ भन्ने व्यवस्था गरेको देखियो तर त्यसप्रकारको अवस्था उत्पन्न भइसकेपछि सप्लायरले वाईब्याक नगरेमा उसलाई कसरी सो कार्यको लागि बाध्य बनाउने हो भन्ने विषयमा केही व्यवस्था गरेको पाइएन।

प्रस्तुत कर्जा लगानी निर्णय र त्यसमा आधारित परिपत्रमा सवारी साधनको लागत मूल्य (कोटेसनमा उल्लिखित मूल्य) को आधारमा कर्जा प्रवाह गर्ने भन्ने व्यवस्था गरेको देखियो तर सो कोटेसन पेस गर्ने सप्लायर सवारी साधनको निर्माता कम्पनीको आधिकारिक बिक्रेता हुनुपर्ने प्रस्ट व्यवस्था गरिएको पाइएन। यसप्रकार लागत मूल्य भनी कोष्ठभित्र "कोटेसनमा उल्लिखित मूल्य" भनी तोकेर शाखा कार्यालयहरूलाई हायर पर्चेज कार्यविधि, २०५० अनुशरण गरी मूल्याङ्कन गर्नु पर्ने व्यवस्थाबाट पृथक गरी सप्लायरले पेस गरेको कोटेसनको ७०% कर्जा लगानी गर्न बाध्य बनाइएको पाइयो।

उक्त निर्णयमा, यसमा भएको व्यवस्था यसैबमोजिम हुने र बाँकीमा हायरपर्चेज कर्जा कार्यविधिअनुसार हुने भन्ने व्यवस्था गरिएको भए तापनि धितो सवारी साधन नै लिने र मूल्य कोटेसनबमोजिम हुने व्यवस्था गरी योबाहेक धितो नचाहिने र त्यसको मूल्याङ्कन गर्न नपर्ने बदनियतपूर्ण अवस्थाको सिर्जना गरिएको देखियो। सो निर्णयले प्रस्तुत कर्जा कार्यक्रम तयार भई लागू भइसकेपछि केही बैंकहरूको असुलीको अवस्था नराम्रो भएको र सप्लायर वाईब्याक गर्न नआएको अवस्था पर्न आएको भनी केन्द्रलाई जानकरी दिएपश्चात् पनि तत्काल कर्जा कार्यक्रम रोक्ने र निर्णयमा सप्लायरले बैंक ग्यारेन्टी वा धितो दिनु पर्ने भन्ने प्रावधान थप गर्नेतर्फ कुनै कारबाही गरेको देखिएन। साथै, उक्त कर्जा कार्यक्रममा कर्जा लगानी गर्न हिच्किचाउने शाखाहरूलाई लगानी गर्न दबाब दिएको भन्ने कुरा इटहरी शाखाका प्रयागराज उपाध्याय र धरान शाखाका ईश्वर पोखरेलको बयानबाट पुष्टि भएको छ।

कृषि विकास बैंक रत्नपार्क शाखाले प्र. जगरनाथप्रसाद सोनार र निजको परिवार संलग्न कम्पनीहरूले गलत तरिकाले ऋण प्रवाह गर्न बैंकमा गलत कागजात पेस गरेको र त्यस विषयमा थप जानकारी लिँदा निज सोनार संलग्न कम्पनीहरूले बैंकलाई ठग्ने नियत रहेकोले निज सोनार सम्बद्ध कम्पनीहरूलाई कालो सूचीमा राख्न भनी गरेको पत्राचारको विषयमा केन्द्रबाट कुनै कारबाही भएको पाइएन। कृषि विकास बैंकको मुख्य कार्यालयमा सो पत्र दर्ता भएको मितिभन्दा अगाडि २८ वटामा र सो मितिपश्चात् ५० वटा सवारी साधनमा कर्जा लगानी भई कुल ७८ वटामा लगानी भएको देखियो। सो पत्र नै प्राप्त नभएको भनी मुख्य कार्यालयका पदाधिकारीहरूले विभिन्न प्रयासहरू गरिएको देखियो। यसबाट सो बैंकको मुख्य कार्यालयका पदाधिकारीहरूले बैंक हित संरक्षण गर्नुको बदला बैंकलाई अहित हुने कार्यक्रम

कायम राख्ने कार्य गरेको पुष्टि भएको छ।

आफूले तयार गरी कार्यान्वयनमा ल्याएको कर्जा कार्यक्रमले के कस्तो प्रतिफल दिइरहेको छ भन्ने विषयमा समय समयमा अनुगमन गरी आवश्यक संशोधन गर्नुपर्नेमा त्यसो नगर्न र शाखाहरूले दिएको जानकारीलाई ध्यान नदिएको स्पष्ट हुँदा कर्जा लगानीसम्बन्धी निर्णय गर्दादेखि नै मुख्य कार्यालयका पदाधिकारीको बदनियत रहेको पुष्टि हुन्छ।

प्र.जगरनाथप्रसाद सोनारले मिति २०६१।११।१४ मा कृषि विकास बैंकको महाप्रबन्धकलाई सम्बोधन गरी लेखेको पत्रबाट निजले बैंकसँग गरेको सर्त कबुलियत पालना नगरेको बेहोरा प्रस्ट रूपमा उल्लेख गरेको देखिँदादेखिँदै पनि मुख्य कार्यालयले निज सप्लायरलाई आफ्नो सर्तहरू पालना गर्न लगाएको देखिएन। यसको विपरीत, सोपत्रसमेत प्राप्त नभएको भन्ने निजहरूको भनाइ देखिन्छ। जबकि सो पत्रको बोधार्थ प्रति इटहरी शाखामा रहेको पाइयो। यसप्रकार उक्त कर्जा लगानीको निर्णय गर्ने व्यक्तिहरू नै सप्लायरसँग मिलेमतो गरी कृषि विकास बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने कार्यमा संलग्न रहेको पाइयो।

प्रस्तुत कर्जा कार्यक्रमलाई स्वीकार गरी सवारी साधन खरिद गर्ने ऋणीले तीन किस्ता ऋण नतिरी भाखा नाघेको अवस्थामा त्यो सवारी साधन आफैँले पुनः खरिद (Buy Back) गरी फिर्ता लिन मन्जुर छु भनी सम्झौता गर्ने निज सोनार र निजसँग सम्बद्ध कम्पनीहरूले विभिन्न बैंकहरूले सो प्रयोजनको लागि निजलाई सम्पर्क राख्न बोलाउँदा निज बैंकको सम्पर्कमा नआएको र ऋणीबाट आफूले फिर्ता बुझेको भनिएको कुनै गाडीको पनि पुनः खरिद (Buy Back) सम्झौता मुताबिक रकम फिर्ता गरेको छैन।

प्र.जगरनाथप्रसाद सोनारले बैंकको कर्जा असुलउपर गर्न निजले सहयोग गर्ने भन्ने सम्झौतामा उल्लेख भएकोमा उक्त सर्त पालन गरेको देखिएको छैन। निजले सवारी साधनहरूको मर्मत सम्भारको लागि आवश्यक व्यवस्था गरेको देखिएको छैन। यसैगरी गाडी किन्न उत्प्रेरित गर्नका लागि निजले ऋणीहरूलाई सवारी साधनको वारेन्टी र ग्यारेन्टीसमेत दिएको, पार्टपुर्जा उपलब्ध गराउने भनी भनिएको भए तापनि कुनै सुविधा उपलब्ध नगराएको भन्ने सम्बन्धित ऋणीहरूको बयानबाट खुल्न आएको छ।

निज प्र. जगरनाथप्रसाद सोनारले आफूले कबुल गरेको सर्तको पालना नगर्ने तर कृषि विकास बैंक मुख्य कार्यालयलाई यस कर्जा कार्यक्रमअनुसारका ऋणीहरूले समयमा ऋण तिरे नतिरेको सम्बन्धमा अनुगमन गर्न र निजहरूको जग्गा जमिनसमेत रोक्का राखी बैंक हित संरक्षण गर्न भनी बैंकलाई पत्राचार गरेको देखिएको छ। सम्झौतामा निजले बैंक ऋण असुल गर्न सहयोग गर्नु पर्ने सर्त राखिएकोमा निजले कुनै सहयोग गरेकोसम्म नदेखिनुबाट निजले सम्झौताका सर्त उल्लङ्घन गरेको र निजको बदनियत रहेको प्रस्ट देखिएको छ।

प्र. जगरनाथप्रसाद सोनार कुनै पनि सवारी साधनको निर्माता कम्पनीले तोकेको आधिकारिक बिक्रेता नभएको अनुसन्धानका क्रममा वाणिज्य विभागबाट प्राप्त मिति २०६२।५।२७ को पत्रबाट देखिएको छ। निज सोनारले आफैँले अर्को कर्जा कार्यक्रममा कम प्रतिशत (५०:५०) कर्जा रकममा सप्लाई गरेको सवारी साधन पहिलो कर्जा रहेको बैंकबाट झिकी बढी मूल्यको कोटेसन पेस गरी बैंकबाट सोभन्दा बढी रकम ७०% लगानी गराई दोस्रो व्यक्तिलाई बिक्री गरेको देखिएको छ। यसबाट निजले आफ्नो व्यवसाय (गाडी बिक्री गर्ने मात्र उद्देश्य नलिई बैंकबाट बढी रकम हात पार्ने बदनियतले काम गरेको स्पष्ट हुन्छ।

निज सप्लायरले आफूले निर्माता कम्पनीसँग खरिद गरी लिएका सवारी साधनहरूमा अस्वाभाविक रूपमा (बसहरूमा १०६ प्रतिशतसम्म र टेम्पोमा ५००

प्रतिशतभन्दा ज्यादा) मूल्य राखी कोटेसन पेस गरेको देखिएको छ । यसरी ज्यादा मूल्य राखी कोटेसन पेस गरेबाट सप्लायरको बैंकलाई अहित गर्ने नियत प्रस्ट भएको छ। इटहरी र वीरगन्ज शाखाका कर्जा फाइलबाट यो कुरा पुष्टि हुन्छ। साथै कतिपय ऋणीहरूलाई सवारी साधन नै प्रयोग गर्न नदिएको बेहोरा वीरगन्ज शाखाका ऋणीहरूको बयानबाट देखियो।

आफ्नो लागत मूल्यभन्दा बसहरूमा १०६ प्रतिशत र ट्याम्पुमा ५०० प्रतिशतभन्दा बढी मूल्य राखी कोटेसन दिने उक्त सप्लायर र निजको परिवारका सदस्यहरूको नाममा दर्ता भएका फर्म तथा कम्पनीहरूले सामान्य प्रकारको व्यवसाय गरेको नभई सार्वजनिक संस्था कृषि विकास बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ गर्ने बदनियतले काम गरेको देखियो। बैंकले लगानी गरेका उक्त ७८ वटा गाडी बिक्री गर्ने कार्यमा प्रमुख भूमिका प्र. जगरनाथप्रसाद सोनारको देखिए तापनि बिक्री गर्ने कम्पनी तथा फर्मका सञ्चालकहरूले समेत सामूहिक रूपमा कसुरजन्य कार्य गरेको पुष्टि हुन आयो।

यसरी माथि उल्लेख गरिएअनुसार बदनियतपूर्वक तयार भएको मिति ०५९ को निर्णयको आधारमा सप्लायर सम्बद्ध कम्पनीहरूले ७८ थान सवारी साधनहरू बिक्री गर्दा ७० प्रतिशतको दरले बैंकबाट भुक्तानी लिएको रकम रू.१०,१३,९०,०००।०० देखिएको र सप्लायरले स्वीकार गरेको पुनः खरिद (Buy Back) गर्ने सर्तबमोजिम बैंकले प्राप्त गर्नु पर्ने देखिएको २०६२ असार मसान्तसम्मको सो सावाँ र सोको ब्याजसमेतको बाँकी रकम रू.११,८५,५३,२३४।०० (बैंकबाट भएको लगानी रू.१०,१३,९०,०००।०० बाट २०६२ आषाढ मसान्तसम्म भएको सावाँ असुली रू.७१,८६,२८४।०० घटाउँदा तथा सोही समयसम्म पाकेको बाँकी ब्याज र हर्जाना रकम रू. २,४३,४९,५१८।०० थप गर्दा हुन आउने रकम बैंकलाई हानि नोक्सानी पुगेको देखियो । सोही रकमलाई प्रस्तुत मुद्दामा प्रतिवादीहरूको मिलेमतोबाट बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउन र सप्लायरसमेतलाई गैरकानूनी लाभ पुऱ्याउन गरिएको कसुरजन्य कार्यको बिगो कायम गरिएको छ।

अभियोग माग दाबी

हायर पर्चेज कर्जा कार्यक्रमअन्तर्गत कृषि विकास बैंकले विभिन्न ऋणहरू उपलब्ध गराउने गरी नीति बनाएको र सो नीतिलाई कार्यान्वयन गर्नका लागि हायर पर्चेज कर्जा कार्यविधि, २०५० आएको देखियो । उक्त कार्यविधिअन्तर्गत बैंकले लगानी गर्दा सवारी साधन नै धितो रहनेमा बैंकले बढीमा ५० प्रतिशतसम्म र अन्य सम्पत्ति धितो लिई लगानी गर्दा ८५ प्रतिशतसम्म लगानी गर्ने गरेको देखियो । हायर पर्चेजको बजार प्रतिस्पर्धात्मक हुँदै गएपछि उक्त बैंकको सञ्चालक समितिको मिति २०५९।३।११ को बैठकले Equity Debt Ratio 30:70 कायम गरी लगानी गर्ने र कर्जा लिई खरिद गरिएको सवारी साधन नै धितो रहने नीतिगत निर्णय गरी सो नीतिको कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाउन बैंकको महाप्रबन्धकलाई जिम्मेवारी दिएको पाइयो । सोबमोजिमको जिम्मेवारी पाएका महाप्रबन्धकले मुख्य कार्यालयका वरिष्ठ अधिकृतसमेत भई टिप्पणी र आदेश तयार गरी सो टिप्पणीबाट मिति २०५९।८।९ मा निर्णय गरी कार्यान्वयनका लागि मिति २०५९।८।१३ मा सम्बन्धित शाखालाई परिपत्र गरेको पाइयो । त्यस्तो निर्णय गर्नमा बैंकका तत्कालीन कायम मुकायम महाप्रबन्धक प्र. जलनकुमार शर्मा, वाणिज्य बैंकिङ क्षेत्र हेर्ने उपमहाप्रबन्धक प्र. रामचन्द्र महर्जन, वाणिज्य बैंकिङ नीति तथा बजार प्रवर्धन विभागका विभागीय प्रमुख प्र. भरतकुमार पोखरेल र शाखा प्रमुख प्र. गोपालप्रसाद घिमिरे संलग्न रहेको र सोही निर्णयलाई नै निजहरूले सञ्चालक समितिले भनेको कार्यविधि

हो भनी उल्लेख गरेको पाइयो । सञ्चालक समितिले निर्धारण गरेको नीतिभन्दा बाहिर गई उक्त निर्णयमा गाडी सप्लायरले पेस गरेको मूल्य सूची (कोटेसन) का आधारमा नै गाडीको मूल्य कायम गरी लगानी गर्ने र गाडी खरिद फिर्ता (Buy Back) गर्ने सप्लायरको गाडीमा मात्र लगानी गर्नु पर्ने तथा एक पटक लगानी भई फिर्ता भएका पुराना गाडीसमेतमा लगानी गर्ने बाध्यात्मक अवस्था सिर्जना गरिएको देखियो । तर सप्लायरले पुनः खरिद नगरेमा कर्जा सुरक्षणको लागि के व्यवस्था गर्ने भन्ने कुनै कुरा उल्लेख नगरी कर्जा असुरक्षित हुनबाट जोगाउने कुनै प्रावधान राखेको पाइएन । उक्त निर्णयअन्तर्गत प्र. जगरनाथप्रसाद सोनार र निजको परिवारका सदस्यहरूको नाममा दर्ता भएका फर्म तथा कम्पनीले मात्र बिक्री गरेको ७८ थान सवारी साधनहरूमा आधिकारिक बिक्रेताले वा गाडी निर्माता कम्पनीले जारी गरेको मूल्यभन्दा सप्लायरले नै आफूखुसी अत्यधिक मूल्य राखी पेस गरेको मूल्य सूचीका आधारमा लगानी गरेको पाइयो।

सप्लायर (प्र. जगरनाथप्रसाद सोनार र निजको परिवारका सदस्यहरूको नाममा दर्ता भएका फर्म एवं कम्पनी) लाई कालोसूचीमा राख्न शाखा कार्यालय, रत्नपार्कले मिति २०६०।१।२४ मा गरेको पत्राचार सम्बन्धमा मुख्य कार्यालयले कुनै कारबाही नगरेको, पुनः खरिद (Buy Back) गर्ने सर्त सप्लायरले पालना नगरेको भन्नेसमेत विषयमा इटहरी शाखाले समयमै जानकारी दिँदादिँदै र एउटा शाखा कार्यालयले त्यस किसिमको सप्लायरले पेस गरेको कोटेसनको आधारमा लगानी गर्न नमान्दा पनि जसरी भए पनि लगानी गराउने मनसायले अन्य शाखालाई कोटा थप गरी दिई बदनियतपूर्वक लगानी गराएकोसमेत देखियो। यसबाट प्र. जगरनाथप्रसाद सोनार र निजको कम्पनीका गाडी जसरी भए पनि उक्त कार्यक्रमअन्तर्गत बिक्री गराई बैंकलाई अहित गर्ने निजहरूको बदनियत रहेको प्रस्ट भएको छ।

पुराना गाडीहरूसमेतमा बैंकबाट अत्यधिक रकममा लगानी गराई सप्लायरलाई फाइदा पुऱ्याउने तर बैंकलाई नोक्सानी पर्ने अवस्थाबाट जोगाउन कुनै प्रावधान नराख्ने गरी बनाइएको तथाकथित कार्यविधि निर्माण गर्दा नै सप्लायरसँग मिलोमतो गरी बनाइएको र जसरी भए पनि बढीभन्दा बढी लगानी गरी बैंकलाई नोक्सान पार्ने कार्यमा संलग्न रहेको कुरा सञ्चालक समितिको नीति तथा हायर पर्चेज कर्जा कार्यविधि, २०५० मा भएका कतिपय लगानी सुरक्षात्मक व्यवस्थाहरूलाई पनि वास्ता नगरी उक्त निर्णय गरी लागू गरेबाट र समयमै उक्त कार्यक्रम बैंक हितअनुकूल भएन भन्ने जानकारी पाएपछि पनि कुनै कारबाही नगरिएको देखिएबाट उक्त निर्णय गर्न संलग्न कर्मचारीहरू र सप्लायरहरूको बदनियत पुष्टि भएको छ। बैंकको हित संरक्षण र सम्बर्धन गर्नु पर्ने कानूनी दायित्व भएका यी पदाधिकारीहरूले २०५९।८।९ मा निर्णय गर्दा र तत्पश्चात् गरेका कार्यबाट निजहरूले सप्लायरसँग मिलोमतो गरी बैंकलाई गैरकानूनी हानि पुग्ने र सप्लायरलाई गैरकानूनी फाइदा हुने गरी भ्रष्टाचारजन्य कार्य गरेको हुनाले सो कसुर गरे सम्बन्धमा निम्नानुसार मागदाबी लिइएको छ।

उपर्युक्तबमोजिम कर्जा प्रवाह गर्ने भनी निर्णय गर्ने कृषि विकास बैंक मुख्य कार्यालयका तत्कालीन का.मु. महाप्रबन्धक प्र. जलनकुमार शर्मा, उपमहाप्रबन्धक प्र. रामचन्द्र महर्जन, विभागीय प्रमुख प्र. भरतकुमार पोखरेल, शाखा प्रमुख प्र. गोपालप्रसाद घिमिरेले हायर पर्चेज कर्जा कार्यविधि, २०५० का साबिक प्रावधान उल्लङ्घन गरी सञ्चालक समितिले तय गरेको नीतिभन्दा बाहिर गई सप्लायरसँग बदनियतपूर्ण मिलोमतो गरी निजको हितअनुकूल र बैंकको हित प्रतिकूल हुने गरी निर्णय गरी सप्लायरले पेस गरेको कोटेसनलाई सवारी साधनको मूल्य मान्नु पर्ने र पुनः खरिद (Buy Back) गर्ने सप्लायरको गाडीमा मात्र लगानी गर्नेसमेतका व्यवस्था गरेको,

सप्लायरले पुनः खरिद (Buy Back) गर्नुपर्ने भन्ने सर्त उल्लङ्घन भएमा के कसरी बैंक हित संरक्षण गर्ने भन्ने विषयमा कुनै व्यवस्था नगरी बैंक हितविपरीत कार्य गरेको, एकै परिवारको स्वामित्वमा रहेका विभिन्न अनधिकृत कम्पनीहरूबाट मात्र अत्यधिक मात्रामा गाडी सप्लाई गराउने बदनियतले काम गरे गराएको र सप्लायरलाई कालो सूचीमा राख्न शाखा कार्यालयले गरेको पत्राचार सम्बन्धमा कुनै कारबाही नगरेकोसमेतका कार्यहरू गरेबाट प्रतिवादीहरू जलनकुमार शर्मा, रामचन्द्र महर्जन, भरतकुमार पोखरेल र गोपाल प्रसाद घिमिरेसमेतले सप्लायरसँग मिलेमतो गरी रू.१०,१३,९०,०००।०० लगानी गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याएको र सो कार्य भ्रष्टाचारजन्य कसुर भएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम हदैसम्मको सजाय गरिपाऊँ।

सवारी साधन सप्लाई गर्ने काठमाडौं टुक टुक प्रा.लि., अनिता इलेक्ट्रिक एन्ड मेकानिक कम्पनी प्रा. लि. का सञ्चालक र रवि इन्टरनेसनलका प्रोपाइटर प्रतिवादीहरू जगरनाथप्रसाद सोनार, कौशिला सोनारिन, रविन्द्रकुमार सरार्फ, सरोज सर्राफ र अनिता सरार्फले आफूसमेतलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कृषि विकास बैंकको मुख्य कार्यालयका पदाधिकारीहरूसँग मिलेमतो गरी सार्वजनिक संस्था (कृषि विकास बैंक) बाट बढी रकम लिने बदनियतले कम मूल्य परेका तथा पुरानो भइसकेका गाडीहरूसमेतको अत्यधिक र झुठो मूल्य राखी मूल्यसूची (Quotation) पेस गरी जसरी भए पनि बैंकबाट बढीभन्दा बढी रकम लिने बदनियत राखेको र ऋणीले ३ किस्ताभन्दा बढी रकम नतिरी भाखा नघाएमा गाडी पुनः खरिद गरी बैंकको लिन बाँकी रकम तिर्ने बुझाउने भनी उक्त बैंकसमक्ष गरेको कबुलियत, सम्झौता पालना नगरी आफूले स्वीकार गरेको सर्त उल्लङ्घन गरी बैंकलाई रू.१०,१३,९०,०००।०० गैरकानूनी हानि नोक्सानी पुऱ्याएकोसमेत देखिनाले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ अनुसार सजाय गरी निजहरूले कवुल गरेको सर्त पालना नगर्नाले बैंकलाई २०६२ असार मसान्तसम्म पुगेको हानि नोक्सानी रू.११,८५,५३,२३४।०० र असुलउपर हुँदाको दिनसम्मको लिनु पर्ने रकमसमेत निज प्रतिवादीहरू र निजहरूको नाममा रहेका कम्पनीहरू तथा फर्म काठमाडौं टुक टुक प्रा.लि., अनिता इलेक्ट्रिक एन्ड मेकानिक कम्पनी प्रा.लि., र रबि इन्टरनेसनलसमेतको नाममा रहेको चल अचल सम्पत्तिसमेतबाट असुलउपर गरिपाउँ भन्नेसमेत बेहोराको आरोपपत्र मागदाबी।

प्रतिवादीहरूको अदालतको बयान

करिब १५ वर्षदेखि गाडीको व्यापार गर्दै आएको हुँ। काठमाडौं टुक टुक प्रा.लि. अनिता इलेक्ट्रिक एन्ड मेकानिक कम्पनी प्रा.लि.र रवि इन्टरनेसनलले मलाई सम्पूर्ण कारोबार गर्न अधिकार प्रत्यायोजन गरेकाले मैले मुख्य सञ्चालकको रूपमा कार्य गरिरहेको छु। हाम्रो कम्पनीहरूले नियम कानूनभित्र रही आयत गर्ने प्रणालीभित्र रही (एल.सी.) प्रतितपत्र खोली आयात गर्ने गरिन्छ। हामीले बैंकलाई हानि नोक्सानी पुऱ्याउने कुनै कार्य गरेका छैनौं र बैंकका मुख्य कार्यालयका पदाधिकारीसँग कुनै प्रकारको मिलोमतो भएको छैन। बैकसँग गरेको Buy Back agreement को पालना इमान्दारीसाथ गरेको छु। मिति २०६०।११।१४ को निवेदनमा भविष्यको लागि पनि बैंकको हितका लागि ऋणीहरूमाथि अनुगमन तथा तदारूकताका साथ ऋण असुलीतर्फ ध्यानाकर्षण पनि गराइएको छ। ऋण नतिर्ने मानिसलाई तीन किस्ता नघाउने बित्तिकै गाडी सञ्चालनमा रोक लगाउनसमेत अनुरोध गरिएको छ। एउटै परिवारमा जति पनि कम्पनी खोली कारोबार गर्न पाउने मेरो कानूनी अधिकार छ। बैंकको लगानीमा हाम्रा कारणबाट हानि नोक्सानी भएको छैन। जुन लगानी

गरिएको हो त्यो वस्तुको लाइफ ३० औं वर्षसम्म छ। लगानी उठाउने हदम्याद बाँकी छ। बैंकले जम्मा लगानी ७९ वटा गाडीमा अं.१० करोड १३ लाख लगानी गरेको छ। यसमध्ये १ जना बसवालाले आफ्नो सम्पूर्ण ऋण चुक्ता गरिसकेको छ । यसमा बैंकको अनुगमन, निरीक्षण ताकेतासमेतको आवश्यकता छ । यो भएमा लगानी उठ्छ र लगानी डुब्दैन। कृषि विकास बैंकका शाखा कार्यालयहरूबाट Buy Back Agreement भएको हाम्रो कम्पनीको कारणले बैंकको लगानीमा हानि नोक्सानी नभएकोले अभियोग माग दाबीबमोजिम मैले सजाय पाउनु पर्ने होइन सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी जगरनाथप्रसाद सोनारले विशेष अदालतमा गरेको बयान।

हायर पर्चेज गाडी नै धितो रहने गरी लगानी गर्ने कार्यक्रम सञ्चालन गर्न सञ्चालक समितिले निर्णय गरेअनुसार महाप्रबन्धकबाट कार्यविधि स्वरूप आवश्यक व्यवस्था लागू गर्ने निर्णय भएअनुसार २०५९।८।१३ मा गरिएको परिपत्रका सबै बुँदाहरू लागू हुने र सोबाहेक अन्य बुँदाहरूको हकमा हायर पर्चेज कर्जा कार्यविधि, २०५० लागू हुने भन्ने बेहोरा २०५९।८।१३ को परिपत्रमा उल्लेख भएको हुँदा हायर पर्चेज कर्जा २०५० को उल्लङ्घन भयो भन्नु पर्ने अवस्था छैन । गाडीको मूल्य जाँचबुझ गर्ने सम्बन्धमा लागत मूल्याङ्कनको कोटेसनअनुसार ७० प्रतिशतसम्म लगानी गर्न सकिने भनेपछि र आर्थिक विश्लेषण गरी परियोजना लाभदायक देखिएमा मात्र लगानी गर्न विश्लेषण गर्नु पर्ने व्यवस्था रहिरहेको नै हुँदा आफू गम्भीर भएर मूल्य जाँचबुझ गरी मात्र शाखा कार्यालयहरूले लगानी गर्नु पर्ने अवस्था व्यवस्था गरिएको स्पष्टै छ। २०५९।८।१३ को परिपत्रको सम्पूर्ण बुँदाहरू बैंक हित र लगानी सुरक्षणको लागि उपयुक्त र यथेष्ट छन्। सञ्चालक समितिले कार्यक्रम स्वीकृत गरी कार्यविधि बनाउन महाप्रबन्धकलाई अधिकार दिएअनुसार महाप्रबन्धकबाट कार्यविधि स्वीकृत भएको हो। त्यसको लागि सिफारिससाथ टिप्पणी विभागबाट पेस हुन आएकोलाई मैले महाप्रबन्धकसमक्ष पेस गर्ने कामसम्म गरेको हुँदा सञ्चालक समितिको निर्णयभन्दा बाहिर गएको छैन । सञ्चालक समितिले ७०:३० को अनुपातमा लगानी गर्ने र हायर पर्चेज कर्जा २०५० लागू भएदेखि नै कोटेसन मूल्यलाई आधार मानी लगानी गर्ने चलन रहेको, २०५७।९।१९ को सञ्चालक समितिको बैठक नं. ७१२ ले समेत कोटेसनमा उल्लिखित रकममा आधारित भई लगानी गर्ने निर्णय गरेको छ। अन्य बिल मेसिनरी, ट्र्याक्टर आदिमा पनि कोटेसनकै आधारमा लगानी गर्ने प्रचलन र व्यवस्था रही आएकोमा गाडी नै मात्र धितो रहने गरी लगानी गर्न पर्दा जोखिम कम होस् भन्ने हेतुले ०५९।८।१३ को परिपत्रमा लागत मूल्य (कोटेसनमा उल्लिखित मूल्य) को ७०% सम्म लगानी गर्न सकिने गरी कठोर नीति अपनाइएको स्पष्ट छ । लागत मूल्य कोटेसनमा ठीकसित उल्लेख गरिएको छ छैन हेर्ने कार्य शाखा कार्यालयबाट लगानी गर्दा हेर्नु पर्ने वा जाँचबुझ गर्नु पर्ने व्यवस्था रहेको र लागत मूल्यको ७०% सम्म लगानी गर्न सकिने भनिएको हो। ७०% नै लगानी गर्नुपर्छ भनिएको होइन। कार्यक्रम स्वीकृत गरी कार्यविधि बनाउन महाप्रबन्धक लाई अधिकार दिइएअनुसार विभागबाट सिफारिस भई आएको टिप्पणी असल नियतका साथ महाप्रबन्धकसमक्ष पेस गरेको हुँ । कुनै सप्लायर्ससँग मिलेर निजलाई मात्र फाइदा हुने गरी कार्यविधि बनाइएको छैन। कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले कार्यविधि बनाइएको हो । कुनै सप्लार्यससँग व्यक्तिगत चिनाजानी पनि छैन। बदनियत मिलोमतो हुँदो हो त ०६०।९।९ बाट उक्त कार्यक्रम बन्द गराउने पनि थिइन । बैंक हित प्रतिकूल हुने गरी कुनै काम गरेको छैन। बैंकमा ऋण माग गर्नेले मागपत्र साथ कोटेसन पेस गर्नु पर्ने व्यवस्था छ। सप्लायरले सोझै पेस गर्ने होइन। कोटेसनको आधारमा लगानी गर्ने व्यवस्था २०५० सालदेखि नै रही आएको हो । २०५९।८।१३ को परिपत्रानुसार लागत मूल्य

(कोटेसन) को ७० प्रतिशतसम्म लगानी गर्न सकिने विशेष व्यवस्था गरेपछि मूल्य ठीकसँग पेस भएको छ छैन ? लगानी गर्ने शाखाले अझ गहिरिएर जाँचबुझ गरी लगानी गर्नु पर्ने हो। कर्जा लगानीसम्बन्धी कार्यविधिको पूर्ण पालना बैंकको हित संरक्षण र सम्बर्धनका लागि पर्याप्त छन् कार्यविधि निर्माण गर्दा र तत्पश्चात् विभिन्न समयमा बैंक हितका निर्णयहरू भएका छन्। मैले मेरो दायित्व पूर्ण रूपमा निभाएको छु। कसैलाई मात्र फाइदा पुऱ्याउने किसिमले काम गरेको छैन भ्रष्टाचारजन्य कुनै क्रिया मैले गरेको छैन। अनुसन्धानको क्रममा भएको बयान बेहोरा र सहीछाप मेरै हो। म निर्दोष भएकोले मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रामचन्द्र महर्जनले विशेष अदालतमा गरेको बयान।

हायर पर्चेज कार्यविधि, २०५८ को उल्लङ्घन मबाट भएको छैन। बैंक हितअनुकूल हुने गरी कार्यविधि बनाइएको हो। सप्लायरलाई म चिन्दिन र निज सप्लायरको हित हुने गरी कार्यविधि बनाइएको होइन। वाणिज्य बैंकिङ विभागबाट संलग्न कर्मचारीहरूबाट तयार गरी पेस गरिएको टिप्पणी आदेशमा मैले महाप्रबन्धकको हैसियतले यसरी लगानी गर्दा लगानी गर्ने कार्यालयले एकजना कर्मचारीले रेखदेख गर्ने, किटानी गर्ने गरी थप प्रावधान राखी ०५९।८।९ मा टिप्पणी स्वीकृत गरेको छ। बैंकको हित नचिताउने भए थप तोकको व्यवस्था गर्ने थिइन। यसरी टिप्पणी पास भइसकेपछि यसलाई अझ बढी छलफल गर्ने र बैंकको काम गर्ने पद्धतिअनुसार वाणिज्य बैंकिङ उपसमितिको बैठक बसी २०५९।८।१० मा सातजना जिम्मेवार वरिष्ठ कर्मचारीहरूको छलफलबाट कार्यविधि पास गरी कार्यान्वयन गरिएको हो। कोटेसन लिई लगानी गर्ने प्रथा २०५० को हायर पर्चेज कार्यविधिदेखि नै वाणिज्य कर्जामा चल्दै आएको हो। कृषि विकास बैंकको बैठकले नै ग्राहकहरूलाई कोटेसनमा उल्लिखित रकममा लगानी गर्ने नै निर्णय गरेको छ। यसरी बैकमा ऋण लगानी हुँदै आएको छ। अरू कृषि कर्जाहरूमा पनि ग्राहकले पेस गरेको कोटेसनमै उल्लिखित रकमको आधारमा धेरैजसो ऋण प्रवाह हुने कार्य हुँदै आएको छ। यसरी गाडी नै धितो राखी लगानी गर्ने निर्णय सञ्चालक समितिले गरेकोमा यसबाट असुल हुन नसक्दा अरू थप व्यवस्था गर्न बैंकको हितमा देखी ऋण असुली तोकिएको समयभित्र भएन भने सप्लायरले सो गाडी पुनः खरिद गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको हो। बैंकको ऋण ऋण लिनेले नै तिर्नुपर्ने सिद्धान्त हो। यसमा थप सप्लायरको पनि जिम्मेवारी दिइने दृष्टिकोण राखिएको छ। ऋण लगानी गर्ने, असुली गर्ने कार्य सम्बन्धित शाखा कार्यालयको कार्यक्षेत्रभित्र पर्दछ। मैले कुनै बदनियत मिलोमतो आदि आफूलाई फाइदा हुने र बैंकलाई नोक्सान हुने कार्य मबाट नभएको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी जलनकुमार शर्माको विशेष अदालतमा भएको बयान।

म वाणिज्य बैंकिङ नीति तथा बजार प्रबर्द्धन विभागअन्तर्गतको शाखा प्रमुख पदमा कार्यरत थिएँ। यस विभागमा मेरो काम कर्तव्य अधिकारमा बैंक जमानत, ओ.वि.सि., आई.बि.सि., नीतिसम्बन्धी आदि कार्यहरू थिए। हायर पर्चेज कार्यविधि, २०५० लागू भई सोही सालदेखि नै लगानी भइरहेको थियो। योजना तथा आयोजना विभागले पेस गरी सञ्चालक समितिले ०५९।३।११ मा निर्णय गरी परिपत्रसाथ पठाएको आ.व. ०५९।०६० को कार्यक्रम तथा बजेट आफू कार्यरत विभागमा प्राप्त भए पछि हायर पर्चेजअर्न्तगत ७०:३० मा सवारी साधन नै धितो रहने गरी कर्जा लगानी गर्ने नीति सञ्चालक समितिले स्वीकृत गरेको कुरा सोपछि मात्र मेरो जानकारीमा आएको हो। बैंकिङ कार्यालय इटहरीले ०५९।५।३१ मा विभागमा पठाएको पत्रमा उक्त कार्यक्रमअन्तर्गत कार्यविधि बनाई कोटासमेत पठाइदिने भनी पठाएको पत्र मेरो नाममा तोक लागि

आएकोमा उक्त नीतिमा सवारी साधन मात्र धितो लिने प्रावधान रहेको हुँदा सो सम्बन्धमा के गरेमा बैंकको कर्जा सुरक्षित हुन्छ भनी छलफल गर्दा यसरी सवारी साधन मात्र धितो लिई लगानी गर्ने अन्य बैंकमा समेत बुझी २.५ महिना छलफलपश्चात् टिप्पणी प्रस्तावको रूपमा आफूभन्दा माथिल्ला अधिकारीसमक्ष पेस गरेको हुँ । यसमा मैले सप्लायर वा ऋणीसमेत कसैसँग मिलोमतो गरेको छैन । हायर पर्चेज कर्जा कार्यविधि, २०५० मा भएका प्रावधानलाई कायमै राखी उपसमितिको निर्णयअनुसार मिति ०५९।८।१३ मा जारी गरिएको परिपत्रमा थप प्रावधानहरूसमेत जस्तै रोड परमिट, Buy back, ३० प्रतिशत रकम बैंकमा नै जम्मा गर्नु पर्ने, नेपाल सरकारको प्रदूषण मापदण्डभित्रको हुनु पर्ने, १ जना कर्मचारी यसै कार्यको निमित्त तोक्नु पर्ने आदि जस्ता थप सुरक्षात्मक प्रावधानहरू राखिएको हुँदा बैंक हितको संरक्षणको यथेष्ट व्यवस्था गर्नु पर्नेमा त्यसो नगरी निर्णय गरेको भन्न मिल्दैन । कर्जा लगानी गर्ने कार्य शाखाको कर्मचारीहरूको कार्य क्षेत्रभित्रको हो । मेरो कार्यक्षेत्रभित्र कर्जा लगानी गर्ने कार्य पर्दैन । सञ्चालक समितिले निर्णय गरेको बुँदाहरूको अतिरिक्त थप प्रावधान राखिएको छ । ७०:३० को कर्जामा सवारी साधन धितो रहने हुँदा कर्जा लिन इच्छुक ग्राहकको भवितव्य परी सवारी साधन चल्न नसकी वा अन्य कुनै कारणले गर्दा कर्जाको सावाँ ब्याज तिर्न नसकेको अवस्थामा बैंकको कर्जा असुरक्षित हुन सक्छ सो अवस्थामा बैंकले ग्राहक खोजी सवारी साधन बिक्री गर्ने कुरा धेरै झन्झटिलो हुने र ग्राहक पाउन पनि कठिनाई हुने हुँदा सो सवारी साधन सप्लाई गर्ने कम्पनीमा अन्य ग्राहकको सम्पर्क हुने हुँदा सप्लायर कम्पनीसँग Buy back (पुनः खरिद) सम्झौता भएमा बैंकको कर्जा सुरक्षित हुने र कर्जा असुलीमा सहयोग पुग्ने हुँदा सप्लायर कम्पनीको दायित्व बोध गराउन आफ्नो बुद्धिले भ्याएसम्म बैंक हितको निमित्त पदीय दायित्व वहन गर्दै टिप्पणी पेस गरेको हुँ । आफ्नो पदीय दायित्व वहन गर्दा असल नियत चिताई कार्य गरेको हुँदा अभियोग दाबीबमोजिम मलाई सजाय हुनु पर्ने होइन । अभियोग दाबीबाट फुर्सद गराई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी गोपालप्रसाद घिमिरेले विशेष अदालतमा गरेको बयान ।

२०३३ साल फाल्गुन महिनामा शाखा अधिकृत पदमा सेवा प्रवेश गरी २०६०।७।३ सम्म बैंक सेवामा कार्यरत रहेको छ । कार्यरत रहँदा नीतिसम्बन्धी कुराहरू छलफलमा ल्याउने कार्यविधि तर्जुमा गराई छलफलमा पेस गर्ने, नीति बनाउने, बजार प्रबर्द्धनसम्बन्धी काम गर्ने तयार भएका मस्यौदाहरू आफूभन्दा माथिल्लो निकायमा पेस गर्ने, गोष्ठी सेमिनारहरूको आयोजना गर्ने कार्य पर्दर्थे । हायर पर्चेज कर्जा कार्यविधिका साबिक प्रावधानहरू उल्लङ्घन हुने गरी काम भएको छैन ।

सञ्चालक समितिले तय गरेको कुनै पनि नीति उल्लङ्घन भएको छैन । नीतिले तय गरेको ७०% कर्जा र ३०% ऋणीको लागतलाई ७०% सम्म भनी थप हितअनुकूल व्यवस्था गरी ऋण विश्लेषणअनुसार लाभदायक भएको अवस्थामा ७०% सम्म कर्जा लगानी गर्न सक्ने गरी व्यवस्था गरी बैंकको हित संरक्षण प्रयास गरिएको छ । सप्लायरसँग बदनियतपूर्ण मिलोमतो गरी निजको हितअनुकूल कार्य गरिएको छैन । कुनै किसिमको मिलोमतो छैन । बैंक हितअनुकूल हुने गरी सप्लायर्सले पुनः खरिद गर्नु पर्ने प्रावधान राखी बैंक हितको थप प्रयास भएको छ । रू.१०,१३,९०,०००।- मुख्य कार्यालयबाट लगानी भएको होइन । बैंकका विभिन्न शाखाहरूबाट लगानी भएको हो । लगानी कार्यमा मेरो संलग्नता छैन । ऋण तिर्न नसक्ने अवस्थामा ग्राहकहरूलाई बैंकको ऋण तिर्न सजिलो होस् र बैंकको ऋण असुली सहज होस् भन्ने व्यवस्था गर्न अरू प्रतिस्पर्धी बैंकहरूमा प्रचलनमा रहेको पुनः खरिद व्यवस्था गरिएको र यसले बैंकको थप हित संरक्षण भएको छ । सप्लायरले पुनः

खरिद गर्ने सम्झौता उल्लङ्घन गरे करार ऐनलगायत कानूनबमोजिम कारबाही हुन सक्ने अवस्था रहेको छ यो Hypothetical भएकोले सामान्यतया सर्त उल्लङ्घन हुँदैन भन्ने मनसायबाट काम भएको हो । शाखा कार्यालयले सप्लायर्सलाई कालो सूचीमा राख्ने गरेको पत्राचारको विषयमा मलाई कुनै जानकारी भएन। मउपर को दाबी झुट्ठा हो। आरोप दाबीबाट फुर्सद दिलाई पाऊँ । काम गर्दा कुनै बदनियत नराखेकोले मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्र. भरतकुमार पोखरेलले विशेष अदालतमा गरेको बयान।

विशेष अदालतबाट भएको पुर्पक्षसम्बन्धी आदेश

प्रतिवादी जगनाथप्रसाद सोनारबाट २,५०,००००।- प्रतिवादी रामचन्द्र महर्जनबाट रू. १,००,०००।- प्रतिवादी जलनकुमार शर्माबाट रू. १,००,०००।- प्रतिवादी गोपालप्रसाद घिमिरेबाट रू.६०,०००।- र प्रतिवादी भरतकुमार पोखरेलबाट रू. ७०,०००।- मुद्दा पुर्पक्षको लागि धरौट माग गर्ने गरी विशेष अदालतबाट विभिन्न मितिमा भएको आदेश।

प्रतिवादी जगरनाथप्रसाद सोनारसँग विशेष अदालतबाट माग भएको रू.२,५०,००,०००।- धरौटीको सम्बन्धमा सर्वोच्च अदालतमा बेरितको आदेश बदर गरिपाउँ भनी प्रतिवादी जगरनाथप्रसाद सोनारको निवेदन परी सर्वोच्च अदालतबाट रू. ६३००,०००।- धरौट माग गर्ने आदेश भएबमोजिम निजले उक्त धरौटीबापत जेथा जमानत राखी तारेखमा रहेको।

साक्षीहरूको बकपत्र

प्रतिवादी भरतकुमार पोखरेलका साक्षी गोकुलप्रसाद पौडेल, प्रतिवादी गोपालप्रसाद घिमिरेका साक्षी सुदिन ढुंगेल, शम्भुप्रसाद शर्मा, प्रतिवादी रामचन्द्र महर्जनको साक्षी घनश्याम थापा, प्रतिवादी जलनकुमार शर्माका साक्षी प्रल्हादकुमार सत्याल, प्रतिवादी जगरनाथप्रसाद सोनारका साक्षी भगवान मिश्रसमेतले विशेष अदालतमा उपस्थित भई गरेको बकपत्र मिसिल सामेल रहेको।

विशेष अदालतको फैसला

प्रतिवादीमध्येका जगरनाथप्रसाद सोनार, कौसिला सोनार, रविन्द्रकुमार सर्राफ, अनिता सर्राफ र सरोज सर्राफले सम्म आरोपपत्र मागदाबीबमोजिमको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरको ठहर्छ । सो ठहर्नाले सोही दफा ८(४) बमोजिम कसुरको मात्राअनुसार प्रतिवादी जगरनाथप्रसाद सोनारलाई २(दुई) वर्ष, प्रतिवादी रविन्द्रकुमार सर्राफलाई १(एक) वर्ष र प्रतिवादीहरू कौसिला सोनार, अनिता सर्राफ र सरोज सर्राफलाई जनही ६(छ) महिना कैदको सजाय भई दाबीको बिगो रू.११,८५,५३,२३४।- मध्ये कर्जावाला ऋणीहरूबाट असुल हुन नसकेको जति बिगो रकम निज प्रतिवादीहरूबाट कृषि विकास बैंकलाई भराइदिनेसमेत ठहर्छ। प्रतिवादीहरू जलनकुमार शर्मा, रामचन्द्र महर्जन, भरतकुमार पोखरेल र गोपालप्रसाद घिमिरे भने प्रतिवादी सप्लायर्ससँग मिलेमतो गरी बदनियतपूर्वक कार्य गरेको भन्ने पेस भएका सबुद प्रमाणबाट पुष्टि हुन नआएको हुँदा निज प्रतिवादीहरू जलनकुमार शर्मा, रामचन्द्र महर्जन, भरतकुमार पोखरेल र गोपालप्रसाद घिमिरेले दाबीको कसुर गरेको नठहरी अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने विशेष अदालतको मिति २०६४।२।८ को फैसला।

प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन बेहोरा

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८८(४) मा वर्णित आपराधिक क्रियाहरूमध्ये मैले कुन प्रकारको क्रिया अपराधजन्य तवरबाट गरेको भन्ने प्रामाणिक आधार विशेष अदालतको फैसलामा

उल्लेख छैन । कृषि विकास बैंकले लागू गरेको हायर पर्चेज कर्जा (७०%-३०%) नीतिअन्तर्गत भएको बैंकिङ व्यवसायको विषय भ्रष्टाचारको कसुर बन्न सक्दैन । बैंकको Equity debt ratio को आधारमा हायर पर्चेज कर्जा उपलब्ध गराउने गरी गरेको निर्णयमा नीति निर्मातासँग मिली प्रचलित कानूनको उल्लङ्घन गरी भ्रष्टाचारको कसुर भएको देखिने ठोस आधारविना सवारी साधान सप्लाई गर्ने सप्लायर्सउपर मात्रै भ्रष्टाचारको कसुर ठहर हुन सक्दैन । कानूनले दिएको अख्तियार प्रयोग गरी प्रवाह गरेको कर्जा असुलउपर गर्ने सम्बन्धमा कृषि विकास ऐन, २०२४ ले प्रस्ट र ठोस व्यवस्था गरेको छ । गाडीको मूल्य निर्धारण भएपछि ३० प्रतिशत रकम ऋणीले दाखिला गरी बाँकी ७० प्रतिशत मूल्य बैंकबाट कर्जा लिन र तिर्न बुझाउन स्वीकार गरी नतिरे नबुझाए ऋणीको घर घरानाबाट असुलउपर भएमा मन्जुर रहेको कागजसमेत गरेको अवस्था छ । सप्लायर्सले पेस गरेको कोटेसनबमोजिमको मूल्यमा बैंकले लगानी गर्न इन्कार गरी गाडीको वास्तविक मूल्य यति हो भन्ने यकिन गरेको भए मूल्यमा विवाद हुने अवस्था रहँदैन ।

एकै प्रकृतिका सवारी साधनमा फरक फरक मूल्य हुनुको कारण सवारी साधनमा जडित हुने सामग्रीको मूल्यमा पर्ने अन्तर हो । ७८ थान सवारी साधन पुनरावेदक सम्बद्ध कम्पनीहरूबाट सप्लाई भएकोमा उक्त सवारी साधनको वास्तविक अवस्था जाँच निरीक्षण गरी अनुसन्धान भएको छैन । सबै सवारी साधनहरू कर्जावालाले उपभोग गरिरहेका छन् । ती सवारी साधनहरू दशीको रूपमा प्रस्तुत गरे पनि झिकाई हेरिएको अवस्था छैन । मूल्य फरक परेका कुन कुन सामान हुन् भन्न नसकेको भनी अमुक तर्क गरी प्रतिवादीलाई कसुरदार ठहर गरिएको अवस्था छ । हायर पर्चेज कर्जामा सवारी साधन नै धितोमा रहेको हुन्छ । कतिपय ऋणीको हकमा धितो सुरक्षण पारित भएको छ । ती सवारी साधनको धनी स्वयं बैंक नै रहेको छ । सप्लायर्सको सवारी साधनमाथि कुनै स्वामित्व र नियन्त्रण रहेको छैन । यस अवस्थामा कर्जावाला ऋणीले बैंकको कर्जा नतिरेमा कृषि विकास बैंक ऐन, २०२४ को दफा २०(क) को प्रक्रिया अवलम्बन गरी ऋणीहरूबाट कर्जा असुलउपर गर्नुपर्ने कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्नेमा ऋणी र बैंक कर्मचारीउपर कारबाही नगरी सप्लायर्सलाई कसुरदार ठहर गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी जगरनाथप्रसाद सोनारको यस अदालतमा परेको पुनरावेदनपत्र ।

यस अदालतबाट भएका आदेशहरू

हायर पर्चेजअन्तर्गतको ७०:३० प्रतिशत कर्जाको नीति तय गर्ने र ऋण स्वीकृत गर्ने तत्कालीन सम्बन्धित बैंकका पदाधिकारीलाई विशेष अदालतबाट सफाइ दिई सो फैसला अन्तिम भई बसेको, कर्जा लिने व्यक्तिहरूलाई प्रतिवादी नै नबनाइएको स्थिति देखिनुको साथै सम्बन्धित ऋणीबाट कर्जा असुलउपर गर्नेतर्फको कुनै पनि कानूनी प्रक्रिया प्रारम्भ नै नगरी अरू व्यक्तिहरूले नै उपभोग गरिरहेको कर्जामा यी पुनरावेदक (प्रतिवादी) जगरनाथप्रसाद सोनारलाई भ्रष्टाचारजन्य काम गरेको ठहर्‍याई सजाय गरी बिगोसमेत असुलउपर गर्ने गरी भएको विशेष अदालतको फैसलामा गम्भीर कानूनी त्रुटि देखिन आई सो इन्साफमा फरक पर्न सक्ने हुँदा छलफलका लागि अ.बं. २०२ नं. बमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।११।२९ को आदेश ।

लगानी भएको ऋणहरूमध्ये असुल नभएको ऋणहरूको हकमा सम्झौताबमोजिम सप्लायरले Buy Back Agreement गरी दायित्व पूरा गरेबाहेक अन्य ऋणीहरूबाट ऋण असुली हुने गरेको छ वा छैन, सप्लायरलाई सम्झौताबमोजिम Buy Back

Agreement गरी दायित्व पूरा गर्न ऋण असुली हुन नसकेको हरेक ऋणको हकमा प्रतिवादी सप्लायरलाई सम्झौता र कानूनबमोजिम सूचित गरेको छ वा छैन साथै बैंकको असुल हुन बाँकी वास्तविक ऋण रकम के कति छ सोको आधारभूत कागजातसहितको अद्यावधिक स्थिति खुलाई जवाफ पठाउन महान्यायाधिवक्ताको कार्यालयमार्फत कृषि विकास बैंकलाई पत्र लेखी सोबमोजिम प्राप्त भएपछि वा जवाफ आएपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।३।१९ को आदेश।

कृषि विकास बैंक मुख्य कार्यालय काठमाडौंको २०६९।२।३० को पत्रसाथ प्राप्त वाई ब्याक कर्जाको सारांश विवरणको द्रष्टव्यमा कोलम नं. १० मा उल्लिखित भाखा नाघेको सावाँ रकमलाई बाँकी सावाँ तथा ब्याजमा जोडिएको छैन भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तो भाखा नाघेको ऋणको रकमसमेतको विवरण देखिँदैन, भाखा नाघेका ऋणको परिणाम के गर्नु भन्ने यस अदालतको मिति २०६९।५।३ को आदेश।

मिति २०६९ भाद्र मसान्तसम्ममा Buy Back कर्जाको सारांश विवरण पठाएको देखिए पनि सोपश्चात् पनि ऋणीहरूले बैंकमा कर्जा तिर्दै गरेको भन्ने जिकिर बहसको क्रममा कानून व्यवसायीले लिनु भएकोले यो आदेश प्राप्त हुँदाको दिनसम्म कर्जा असुली भई वास्तविक बाँकी रहेको रकमको आधिकारिक हिसाबसहित पूर्वआदेशबमोजिम सम्बन्धित कृषि विकास बैंक, शाखाका जिम्मेवार अधिकृतलाई पेसीको दिन उपस्थित गराउन महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।८।२३ को आदेश।

यस अदालतको मिति २०७१।८।२३ को पूर्वआदेशानुसार कर्जा असुली भई वास्तविक बाँकी रहेको रकमको आधिकारिक हिसाबसहित सम्बन्धित कृषि विकास बैंक शाखामा जिम्मेवार अधिकृतलाई पेसीको दिन उपस्थित गराउन महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।५।१३ को आदेश।

पूर्वआदेशबमोजिमको प्रतिवेदन पेस गर्ने कार्यलाई निरन्तरता दिँदै आर्थिक दायित्व र हिनामिनाका विषयमा कृषि विकास बैंकको कुरासमेत सुन्न आवश्यक देखिँदा विवरणसहित बहसको लागि कानून व्यवसायी खटाउनु भनी कृषि विकास बैंक, केन्द्रीय कार्यालयलाई लेखी नियमानुसार गरी पेस गर्ने भन्ने यस अदालतको मिति २०७५।९।२५ को आदेश।

प्रस्तुत मुद्दामा विशेष अदालतबाट फैसला हुँदा सफाइ पाउने ठहरेका जलनकुमार शर्मा, रामचन्द्र महर्जन, भरतकुमार पोखरेल र गोपालप्रसाद घिमिरेको हकमा पुनरावेदन नगर्ने निर्णय भएको भन्ने कुरा बहसका क्रममा उठेकाले सोसम्बन्धी निर्णयहरू आवश्यक देखिँदा महान्यायाधिवक्ताको कार्यालयमार्फत झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०७६।१।१६ को आदेश।

यस अदालतको ठहर

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री कृष्णप्रसाद सापकोटा, श्री सविता भण्डारी, श्री प्रकाश के.सी. विद्वान् अधिवक्ताहरू डा. श्री भिमार्जुन आचार्य र श्री दुर्गाप्रसाद उप्रेतीले बैंकले ७० प्रतिशत लगानी गर्ने र ३० प्रतिशत ऋणीले भुक्तानी गर्ने गरी विभिन्न प्रकृतिका गाडी सप्लाई गर्न बैंक र पुनरावेदक प्रतिवादीसमेतको कम्पनीबिच ५ वर्षे अवधिको सम्झौता भएको हो । ऋणीले लिएको ऋण असुल हुन नसकेको आधारमा बैंक कर्मचारीहरू र सप्लायर्स

प्रतिवादीहरूउपर भ्रष्टाचारको अभियोग लगाइएको छ । बैंकका कर्मचारीहरूले सफाइ पाएको र सफाइ दिएउपर वादीको पुनरावेदन परेको छैन । कुनै पनि ऋणीहरूउपर मुद्दा चलाइएको छैन। बैंकका कर्मचारीले सफाइ पाउने अवस्थामा सार्वजनिक पदमा नरहेका यी प्रतिवादीले मात्र भ्रष्टाचार गरेको भनी कसुरदार ठहर गर्नु अन्यायपूर्ण छ । ऋण असुलीप्रति बैंक उदासीन रहेको अवस्था छ। ऋण लगानी गर्ने पदाधिकारी र ऋण खानेउपर भ्रष्टाचार नहुने, सप्लायर्सले भ्रष्टाचार गरेको भन्नु कानून र न्यायका मान्य सिद्धान्तसमेतको विपरीत छ । करारको विषयवस्तु हुँदा करारीय उपचारबाटै समस्या समाधान गर्नु पर्नेमा फौजदारी दायित्व लगाउन मिल्ने देखिँदैन । सप्लाई गरेको सवारी साधानको मूल्य बढी भयो भन्ने अभियोग लगाउँदा सो सवारीको मूल्याङ्कन गर्ने कर्मचारीलाई दोषी नदेख्ने तर सप्लाई गर्ने कम्पनीउपर भ्रष्टाचारको अभियोग लगाउनुमा वादी पक्षको बदनियत देखिन्छ । व्यापारिक कार्य गर्ने प्रतिवादीको बदनियत कहीँकतैबाट पुष्टि भएको छैन । प्रतिवादीले Buy Back गर्न अनुरोध गरेको अवस्था छ । ऋणीको धितोसमेत रहेको छ । ऋण लगानी गर्दा भएको सम्झौताबमोजिमको बिगो बैंकले दाबी गरी कुनै ऋणमा जिल्ला अदालतबाट फैसला भएको अवस्थासमेत देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी जगरनाथप्रसाद सोनारलाई कसुरदार ठहर गरी सजाय गर्न नमिल्ने हुँदा विशेष अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली तथा सरोकारवाला निकाय कृषि विकास बैंकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे र विद्वान् अधिवक्ता श्री निर्मलराज कोइरालाले Buy Back Agreement अनुसार ऋण असुली गर्ने गराउने दायित्व Supplier मा रहेको छ। निजले Buy Back नगरेको र बैंकको ऋण चुक्ता नगरेको अवस्था भएबाट भएको Default भ्रष्टाचार हुन्छ । सार्वजनिक पदाधिकारी नभए पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(क) बमोजिम भ्रष्टाचारको साथै अन्य छुट्टै मुद्दा चल्न सक्ने र अर्को मुद्दा चलाएको कारणबाट भ्रष्टाचार मुद्दा चलाउनमा बाधा पर्दैन। तसर्थ विशेष अदालतको फैसला मनासिब हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

अब उल्लिखित तथ्य र बहस रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्नमा केन्द्रित रही निर्णय दिनु पर्ने देखियोः

१. करारीय सम्बन्धको विषयमा भ्रष्टाचारजन्य कसुर कायम गरी फौजदारी दायित्व वहन गर्नुपर्ने हो, होइन ?
२. प्रतिवादीहरूलाई भ्रष्टाचार कसुरमा सजाय गर्ने गरी भएको विशेष अदालतको फैसला मिलेको छ, छैन र प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने हो वा होइन ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा, कृषि विकास बैंक सञ्चालक समितिको मिति २०५९।३।११ को बैंठकबाट ऋणीले बेहोर्ने रकम र ऋणको अनुपात ३०:७० Equity Debt Ratio को आधारमा खरिद गरिने सवारी साधन नै धितो रहने गरी हायर पर्चेज कर्जा लगानी गर्ने भनी निर्णय भएको देखिन्छ। सवारी साधनको लागत मूल्य ७० प्रतिशतसम्म बैंकको तोकिएको शाखाबाट कर्जा लगानी गर्ने र समयमा तोकिएको किस्ता नतिरी ३ वटा किस्ताको भाखा नघाएको अवस्थामा सप्लायर्स कम्पनीले बैंकको लिन बाँकी रकममा खरिद गर्नु पर्ने, यसरी पुनः खरिद (Buy Back Agreement) गर्ने सप्लायर्सको गाडीमा मात्र लगानी गर्नु पर्ने, Buy Back भएको सवारी साधनमा पनि पुनः लगानी गर्न सकिने र सोसम्बन्धी सम्झौता ग्राहकसँग पनि गराउने भनी कार्यविधि निर्माण गरेको

देखिन्छ। सोही आधारमा कृषि विकास बैंक र प्रतिवादी जगरनाथप्रसाद सोनारसमेत सञ्चालक रहेको कम्पनीबिच मिति २०६०।५।१४ मा Buy Back Agreement भएकोमा उक्त सम्झौताका सर्तहरू देहायबमोजिम उल्लेख भएको देखिन्छः

१. बैंकबाट लगानी गरिने सवारी साधन टुक टुक टेम्पुको लागि आवश्यक रोड परमिट उपलब्ध गराउन सप्लायर्स कम्पनीले आवश्यक सहयोग गर्नेछ।

२. बैंकको कर्जा असुलीमा सप्लायर्स कम्पनीले सहयोग गर्नु पर्नेछ । सवारी साधन लिने ऋणीले बैंकले तोकि दिएको भुक्तानी कार्यक्रम अनुसार लगातार ३ किस्ता सावाँ / ब्याज रकम नबुझाई कर्जा भाखा नघाएमा बैंकले सप्लायर्स कम्पनीलाई लिखित जानकारी पठाउने छ र यसरी जानकारी प्राप्त भएपछि सप्लायर्स कम्पनीले ऋणीले बैंकमा बुझाउन बाँकी कुल रकम बैंकलाई भुक्तानी गरी ऋणीबाट गाडी पुनः खरिद (Buy Back) गर्न सप्लायर्स कम्पनीको जमानी रहने छ।

३. यसरी Buy Back गरेको सवारी साधन सप्लायर्स कम्पनीले अन्य व्यक्तिलाई पुन: बिक्री गर्ने भएमा र त्यस्तो सवारी साधन लिने व्यक्तिले पुनः बैंकबाट कर्जा लिन चाहेमा उक्त सवारी साधनलाई पहिलो पटक कर्जा लगानी गर्दा तय भएको भुक्तानी कार्यक्रमअनुसार भाखा ननाघेको किस्ता रकम बराबर हुन आउने कूल रकमसम्म मात्र पुनः बैंकले लगानी गर्नेछ।

४. हायर पर्चेज कर्जा लिने व्यक्तिले बैंकको कर्जा चुक्ता नगरेसम्म एउटै सवारी साधन जतिपटक भए पनि सप्लायर्सले Buy Back गर्नु पर्नेछ।

५. बैंकबाट लगानी भएको सवारी साधन दुर्घटना चोरी आगलागी तथा अन्य कुनै पनि कारणबाट क्षति हुन गएमा सप्लायर्स कम्पनीले सम्बन्धित बिमा कम्पनीबाट सोको क्षतिपूर्ति माग गरी दिलाउनमा आवश्यक सहयोग गर्नेछ।

६. बैंकको ऋणबाट खरिद गरिएको सवारी साधनको उचित मर्मत सम्भार गर्न सप्लायर्स कम्पनीले सहयोग गर्नेछ।

७. बैंकले लगानी गरेको सवारी साधन टुक टुक टेम्पु नेपाल सरकारले तोकेको मापदण्डभित्रको नभएमा सोको सट्टा सप्लायर्स कम्पनीले तोकिएको मापदण्डभित्र पर्ने सवारी साधन टुक टुक टेम्पु ऋणीलाई उपलब्ध गराउनु पर्नेछ।

८. दुवै पक्षको आपसी सहमतिबाट यस सम्झौतापत्रमा आवश्यकताअनुसार संशोधन गर्न सकिने छ।

९. अन्य व्यवस्था बैंकको नियमानुसार हुनेछ।

१०.यो सम्झौता आजैको मितिदेखि लागू हुनेछ।

३. कृषि विकास बैंकको हायर पर्चेज कर्जा लगानी नीतिअन्तर्गत उल्लिखित Buy Back Agreement पश्चात् कृषि विकास बैंकका धरान, भैरहवा, नारायणगढ, इटहरी, वीरगन्ज, लगनखेल र रत्नपार्क शाखाबाट हायर पर्चेज कर्जा लगानी गरिएको र लगानी गरिएका सवारी साधनमध्ये ७८ वटा विभिन्न किसिमका सवारी साधनको ऋण उठ्न नसकेको भन्ने विषयमा प्रस्तुत मुद्दाको अभियोग पेस भएको देखिन्छ। कृषि विकास बैंक एक सरकारी स्वामित्वमा रहेको बैंक देखिन्छ। कृषि विकास बैंकले हायर पर्चेज कर्जा लगानी गर्ने उद्देश्यले २०५० सालबाट हायर पर्चेज कर्जा कार्यविधि, २०५० निर्माण गरी सवारी साधन नै धितो लिँदा सो सवारी साधनको मूल्यको ५० प्रतिशतसम्म लगानी गर्ने र अन्य सम्पत्ति धितो

लिएको खण्डमा ८५ प्रतिशतसम्म लगानी गर्ने गरेकोमा प्रतिस्पर्धात्मक बजार प्रबर्द्धन गर्ने भनी बैंकको सञ्चालक समितिको मिति २०५९।३।११ को बैठकले Equity Debt Ratio 30:70 कायम गरी लगानी गर्ने र कर्जा लिई खरिद गरिएको सवारी साधन नै धितो रहने नीतिअन्तर्गत कार्यविधि बनाई नीति कार्यान्वयन गर्न बैंकका महाप्रबन्धकलाई जिम्मेवारी दिएको देखिन्छ । सोअनुसारको जिम्मेवारी पाएका महाप्रबन्धकले बैंकको मुख्य कार्यालयका वरिष्ठ अधिकृतहरूसमेतले टिप्पणी उठाई मिति २०५९।८।९ मा निर्णय गर्दा कृषि विकास बैंकको सञ्चालक समितिको निर्णयभन्दा बाहिर गई Buy Back सम्झौता गर्ने कम्पनीसँग गाडी खरिद गर्ने ग्राहकलाई मात्र कर्जा लगानी गर्नुपर्ने, Buy Back सम्झौता गर्ने कम्पनीले दिएको कोटेसन मूल्यलाई आधार मानी ३० प्रतिशत ग्राहकले बेहोर्ने र ७० प्रतिशत बैंकले कर्जा दिने, सवारी साधनको Buy Back सम्झौता गर्ने कम्पनीसँग कुनै सुरक्षण लिनु नपर्ने र सवारी साधनबाहेक अन्य कुनै धितो लिनु नपर्ने नीति निर्माण गरेको कारण कर्जा असुल हुन नसकी बैंकलाई हानि नोक्सानी पर्न गएको भन्ने कृषि विकास बैंकका तत्कालीन महाप्रबन्धकसहितका पदाधिकारीहरूउपर आरोपपत्रमा दाबी लिइएको देखिन्छ । प्रतिवादी जगरनाथप्रसाद सोनार र निजका परिवार सदस्य सञ्चालक रहेको कम्पनीसँग Buy Back सम्झौता गरी ऋणीले ३ किस्तासम्म कर्जा नतिरेमा सो सवारी साधन सप्लायर्स कम्पनीले नै पुनः खरिद गरी बैंकको कर्जा चुक्ता गर्नुपर्ने सम्झौताको प्रावधानलाई सप्लायर्सबाट उल्लङ्घन भएको, सवारी साधनको वास्तविक मूल्यभन्दा अत्यधिक मूल्य राखी कोटेसन दिएको, कर्जा लगानी गर्ने बैंक शाखाबाट Buy Back सम्झौता गर्ने कम्पनीले सर्त पालना नगरेको जानकारी दिँदासमेत मुख्य कार्यालयका पदाधिकारीहरूले बेवास्ता गरी तत्पश्चात् पनि सोही कम्पनीका गाडीमा लगानी गर्न दबाब दिएको कारण सप्लायर्स कम्पनीका जगरनाथप्रसाद सोनारसमेतसँग बैंक पदाधिकारीको मिलेमतो रही भ्रष्टाचारजन्य कसुर भएको भन्नेसमेतका आधारमा सप्लायर्स कम्पनीका व्यक्तिहरूउपर समेत अभियोग लगाएको देखिन्छ ।

४. कृषि विकास बैंकको हायर पर्चेज कर्जा लगानी कार्यक्रमअन्तर्गत विभिन्न सवारी साधन सप्लाई गर्न कृषि विकास बैंक र प्रतिवादी जगरनाथप्रसाद सोनार तथा निजका परिवार सदस्यहरू रविन्द्रकुमार सर्राफ, कौसिला सोनार, अनिता सर्राफ र सरोज सर्राफसमेत सञ्चालक रहेको काठमाडौं टुकटुक प्रा.लि., रवि इन्टरनेसनल र अनिता इलेक्ट्रिकलबाट विभिन्न ७८ थान सवारी साधनहरूमा कृषि विकास बैंकका विभिन्न शाखाहरूबाट सोही सवारी साधनहरू धितोमा राखी कर्जा लगानी भएको देखिन्छ । ऋणीहरूले कर्जाको लगातार ३ किस्ता सावाँ ब्याज नतिरेमा सो गाडी नै सप्लायर्स कम्पनीले पुनः खरिद गरी ऋण असुलउपर गर्ने गरी प्रतिवादी जगरनाथप्रसाद सोनारसमेतसँग Buy Back सम्झौता भएको विषयमा विवाद देखिँदैन । यस विवादमा बैंक, सप्लायर्स कम्पनी र ऋणी गरी ३ पक्ष संलग्न रहेको देखिन्छ । कृषि विकास बैंक सार्वजनिक संस्थान रहेको र सो संस्थाको कर्जा नीतिअन्तर्गत कर्जा लगानी गरेपछि सो कर्जा असुलउपर हुन सक्ने गरी कर्जा असुली नीति तयार गरी लागू गर्ने दायित्व बैंकका जिम्मेवार पदाधिकारीउपर रहेको हुन्छ । कर्जा उचित तरिकाले लगानी गर्ने र त्यसको प्रतिफलसहित कर्जा असुल हुन सक्ने मापदण्डहरू निर्धारण गरी त्यसको निरन्तर अनुगमन गर्ने कार्यमा समेत जिम्मेवार पदाधिकारीको महत्त्वपूर्ण भूमिका रहन्छ । राष्ट्रसेवकको रूपमा कार्यरत बैंक पदाधिकारी तथा कर्मचारीहरूले बैंकलाई हानि नोक्सानी हुन र आफू वा अरू कसैलाई फाइदा पुग्ने गरी बदनियतका साथ कार्य गरेमा त्यस्तो कार्य भ्रष्टाचारजन्य कसुर हुन्छ ।

५. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २"घ" मा "राष्ट्रसेवक भन्नाले प्रचलित कानूनबमोजिम

सार्वजनिक पद धारण गरेको मानिने व्यक्ति सम्झनुपर्छ र सो शब्दले राष्ट्रपति, नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष लिएको सपथबाट वा नेपाल सरकार र सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कबुलियत वा सर्तबमोजिम वा सार्वजनिक कर्तव्य पालन गर्नको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति, कुनै विवादको निरूपण गर्न वा समाधान गर्न प्रचलित कानूनबमोजिम नियुक्त भएको मध्यस्थ वा त्यस्तै हैसियतमा नियुक्त अन्य कुनै व्यक्ति, प्रचलित कानूनबमोजिम नियुक्त, निर्वाचित वा मनोनित लिक्विडेटर, सर्भेयर वा सोही प्रकृतिको हैसियतमा काम गर्ने व्यक्ति वा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य व्यक्तिलाई समेत जनाउँछ" भन्ने व्यवस्था रहेको पाइन्छ। सोही ऐनको दफा १७ मा "कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिनेछ" भन्ने उल्लेख भएको पाइन्छ।

६. बैंकका पदाधिकारी, ऋणी र सप्लायर्सबिचको मिलेमतोबाट बैंकलाई हानि नोक्सानी र अरू कसैलाई लाभ पुऱ्याउने बदनियतले कार्य गरेको प्रमाणित भएमा त्यस्तो कार्य भ्रष्टाचारजन्य कसुर हुने देखिन्छ। कसैलाई पनि फौजदारी दायित्व वहन गराउँदा सार्वजनिक उत्तरदायित्व सिर्जना भएको अवस्थामा बदनियत पुष्टि हुने गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको देखिनु पर्दछ। कुनै कार्य (Act) वा अकर्मन्यता (Omission) बाट उत्पन्न फौजदारी दायित्व र देवानी दायित्व अलग अलग प्रकृतिका विषय हुन्। कुनै अवस्थामा दुवै दायित्व वहन गर्नुपर्ने हुन्छ। वित्तीय कारोबारसम्बन्धी कुनै अवस्थामा फौजदारी दायित्व वहन नगराई देवानी दायित्व मात्र वहन गर्नुपर्ने अवस्था पनि रहन्छ। करार पक्षहरूद्वारा निर्माण गरिएको स्वयंलाई लागू हुने कानून हो। करारका पक्षहरूबिच कुनै काम गर्ने वा नगर्ने सम्बन्धमा स्वतन्त्र सहमतिका आधारमा सम्झौता भएको अवस्थामा करारका पक्षहरूले सोही सम्झौताका सर्तहरू पालना गर्नु पर्ने हुन्छ। करारीय सर्त पालना नगरिएमा त्यसको उपचार करार कानून र सोसँग सम्बन्धित प्रचलित कानूनको आधारमा खोज्न सकिन्छ । सार्वजनिक उत्तरदायित्व वहन गर्ने पदाधिकारी वा राष्ट्र सेवकको मिलेमतो देखिएको अवस्थामा बाहेक व्यक्ति वा निजी संस्थालाई एकल रूपमा भ्रष्टाचारजन्य कसुर गरेको ठहर गर्ने विषय विचारणीय देखिन्छ। प्रस्तुत विवाद व्यापारिक र करारीय प्रकृतिको देखिएको छ। सार्वजनिक अधिकारी र निजी वा व्यापारिक व्यक्तिबिच मिलेमतो र बदनियतबाट कुनै सम्पत्तिको सार्वजनिक हानि नोक्सानी भएमा त्यसको दायित्व सम्बन्धित सबै पक्षमा रहने हुन्छ। प्रस्तुत मुद्दामा करार सम्झौता भएकोमा विवाद छैन। सम्झौताबमोजिमको कार्य गर्दा बदनियत रहेको भनी वादी पक्षबाट बैंक पदाधिकारी र सप्लायर्सहरूलाई अभियोग लगाए पनि सो अभियोगबाट बैंक पदाधिकारीहरूले विशेष अदालतबाट सफाइ पाएको देखिन्छ। सो फैसलाउपर पुनरावेदन नगर्ने भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भएको कारण नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखिँदैन। विवादको विषयसँग सम्बन्धित ऋणीहरूलाई मुद्दामा प्रतिवादी नै बनाएको अवस्था छैन। राष्ट्र सेवकको रूपमा कार्य गर्ने व्यक्तिहरूसँग मिलेमतो गरेको भन्ने तथ्य प्रमाणित नभएको अवस्थामा करारको एक पक्ष वा व्यापारिक कार्य गर्ने निजी संस्था तथा व्यक्तिले मात्र करार वा

सम्झौताको कुनै सर्त पूरा नगरेको भन्नेसम्मको कुराका आधारमा सो कार्यलाई भ्रष्टाचारजन्य कसुर ठहर गर्नु न्यायोचित देखिँदैन।

७. अब प्रतिवादीलाई सजाय गर्ने गरी भएको विशेष अदालतको फैसला मिलेको छ, छैन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, कृषि विकास बैंकले हायर पर्चेज कर्जा कार्यक्रम सञ्चालन गर्न बैंकको सञ्चालक समितिको मिति २०५९।३।११ को बैठकबाट ३० प्रतिशत ऋणीले दाखिला गर्ने र ७० प्रतिशत कर्जा बैंकले उपलब्ध गराउने नीतिअन्तर्गत सो नीति कार्यान्वयन गर्ने जिम्मा पाएका महाप्रबन्धक र मुख्य कार्यालयका वरिष्ठ अधिकृत भई टिप्पणीबाट मिति २०५९।८।९ मा निर्णय गरी सो निर्णय कार्यान्वयनका लागि मिति २०५९।८।१३ मा बैंकका सम्बन्धित शाखाहरूलाई परिपत्र गरेको पाइन्छ । सञ्चालक समितिले निर्धारण गरेको नीतिभन्दा बाहिर गई उक्त निर्णयमा गाडी सप्लायर्सले पेस गरेको मूल्यसूची (कोटेसन) का आधारमा नै गाडीको मूल्य कायम गरी लगानी गर्ने र गाडी खरिद फिर्ता (Buy Back) गर्ने सप्लायर्सको गाडीमा मात्र लगानी गर्नुपर्ने तथा एक पटक लगानी भई फिर्ता भएका पुराना गाडीमा समेत लगानी गर्न बाध्यात्मक अवस्था सिर्जना गरिएको पाइयो । सप्लायर्सले पुनः खरिद नगरेमा कर्जा सुरक्षणको लागि के कस्तो व्यवस्था गर्ने भन्ने कुरा उल्लेख गरेको देखिँदैन। प्र. जगरनाथप्रसाद सोनार र निजको परिवारका सदस्यहरूको नाममा दर्ता भएका फर्म तथा कम्पनीले बिक्री गरेको ७८ थान सवारी साधनहरूमा बिक्रेता कम्पनीले मूल्य राखी पेस गरेको मूल्यसूचीका आधारमा लगानी गरेको, सप्लायर्स कम्पनी र निजका सञ्चालकलाई कालोसूचीमा राख्न शाखा कार्यालय रत्नपार्कले लेखी पठाएकोमा मुख्य कार्यालयले बेवास्ता गरेको, Buy Back सम्झौताको सर्तहरू सप्लायर्सले पालना नगरेको, एक शाखा कार्यालयले त्यस किसिमको सप्लायरलाई कोटेसनको आधारमा लगानी गर्न नमान्दा जसरी भए पनि लगानी गराउने मनसायले अन्य शाखालाई कोटा थप गरी बदनियतपूर्वक लगानी गराएको हुँदा सप्लायर्स र बैंक पदाधिकारीहरूले मिलेमतो गरी बैंकलाई अहित गर्ने कार्य गरेको हुँदा बैंकको जिम्मेवार पदाधिकारी प्रतिवादीहरू जलनकुमार शर्मा, रामचन्द्र महर्जन, भरतकुमार पोखरेल र गोपालप्रसाद घिमिरेले सप्लायर्ससँग मिलेमतो गरी रू.१०१,३९,०००।- लगानी गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याएकोले निजहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र (४) बमोजिम सजाय हुनुपर्छ भनी माग दाबी लिएको देखिन्छ।

८. विशेष अदालतबाट फैसला हुँदा बैंकका पदाधिकारीहरूको सप्लायर्ससँग मिलेमतो नभएको भन्ने आधारमा सफाइ दिएको र Buy Back Agreement गर्ने कम्पनीका पदाधिकारीहरूलाई मात्र कसुरदार ठहर गरी प्रतिवादीहरू रविन्द्रकुमार सर्राफलाई १ वर्ष कैद, अनिता सर्राफ, सरोज सर्राफ र कौसिला सोनारलाई जनही ६ महिना कैद हुने र बिगो रू.११८,५५३,२३४।- मध्ये कर्जावालाबाट असुल हुन नसकेको बिगो यी सप्लायर्स प्रतिवादीहरूबाट भराउने ठहऱ्याई फैसला भएको पाइयो।

९. कृषि विकास बैंकका पदाधिकारीहरूलाई सफाइ दिई सप्लायर्स प्रतिवादीहरूलाई मात्र कसुरदार ठहऱ्याई भएको फैसलाउपर प्रतिवादीमध्येका जगरनाथप्रसाद सोनारको पुनरावेदन परेको देखिन्छ। कसुरदार ठहर हुन भ्रष्टाचार निवारण ऐन, २०५९ को ८(४) मा वर्णित आपराधिक क्रियामध्ये कुन आधारमा कसुरदार ठहर भएको हो, सो कुरा विशेष अदालतबाट भएको फैसलामा खुलाइएको देखिएन । प्रवाहित कर्जा सम्झौताको सर्तबमोजिम असुलउपर हुन सक्ने देखिन्छ। भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्त्विक भिन्नता रहेको हुन्छ। भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक

उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुर्‍याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने अवस्था रहन्छ। वादी पक्षबाट ऋणीबाहेक बैंक पदाधिकारी र सप्लायर्स पक्षलाई प्रतिवादी बनाएकोमा बैंक पदाधिकारीहरू र सप्लायर्सबिच मिलेमतो नरहेको भन्ने आधारमा प्रतिवादीमध्येका बैंकका पदाधिकारीहरूलाई अभियोग दाबीबाट सफाइ दिएउपर पुनरावेदन नै नगर्ने गरी निर्णय गरेको देखिन्छ।

१०. गैरकानूनी लाभ वा हानि पुर्‍याउने बदनियत राखी संस्थाको सम्पत्ति हिनामिना, हानि नोक्सानी, दुरूपयोग वा मास्ने कार्यलाई भ्रष्टाचारको कसुर मान्नुपर्छ । सो कार्य गर्दा सार्वजनिक पद धारण गरेका व्यक्ति वा राष्ट्रसेवकसँग मिलेमतो गरी उक्त कार्यसँग सरोकार रहेका व्यक्तिले बदनियत राखी कसुरजन्य कार्य गरेमा पनि भ्रष्टाचार गरेको मानिन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी एक निजी व्यापारिक संस्थाको सञ्चालक रही करारीय दायित्व रहेका व्यक्ति भएको तथ्यमा विवाद छैन । बैंकका पदाधिकारीहरू र यी प्रतिवादी आपसमा मिली बैंकलाई नोक्सानी र आफूहरूलाई फाइदा हुने गरी बदनियतपूर्वक कार्य गरेको तथ्य प्रमाणित भएको देखिँदैन। बैंक पदाधिकारीहरूको बदनियतपूर्ण संलग्नता नदेखिएको र खास ऋणीउपर मुद्दा नै नचलाएको अवस्थामा सप्लायर्सलाई मात्र फौजदारी दायित्व वहन गराउनु मनासिब देखिँदैन।

११. बैंकका जिम्मेवार पदाधिकारीको बदनियत नरहेको कुरामा वादी पक्ष सहमत रहेको, वास्तविक ऋणीलाई प्रतिवादी नै कायम नगरिएको अवस्थामा सप्लायर्सलाई मात्र करारीय सम्बन्धको विषयमा कसुरदार ठहर गरी भ्रष्टाचारमा सजाय गर्नु फौजदारी न्यायको मान्यता, सिद्धान्त, हाम्रो कानूनी अभ्यासका दृष्टिले समेत उचित देखिँदैन । बैंक र सप्लायर्स कम्पनीबिच भएको करारीय प्रकृतिको Buy Back Agreement को उल्लङ्घन गरेमा सोही सम्झौता र प्रचलित कानूनका आधारमा उपचार खोजी देवानी दायित्व वहन गराउनमा बैंकलाई कुनै बाधा पर्ने देखिँदैन। ऋणीले ऋण तिर्ने दायित्व पूरा नगरेमा सो सवारी साधन Buy Back Agreement को आधारमा फिर्ता लिई बैंकको कर्जा चुक्ता गर्न सकिने नै देखिन्छ। सोअनुसार असुलउपर हुन नसकेमा बैंकको सम्बन्धित कानूनबमोजिम असुल गर्नुपर्ने रकम असुलउपर गर्न बैंकले पाउने नै हुन्छ । सोबमोजिम ऋणी तथा सप्लायर्सलाई दायित्व वहन गराउन कृषि विकास बैंकलाई कानूनी बाटो खुला रहेकै देखिन्छ।

१२. अतः माथि विवेचित आधार कारणबाट करारीय सम्बन्धको विषयलाई लिएर भ्रष्टाचार मुद्दा चलाइएको, कर्जा लगानी गर्ने बैंकका कर्मचारीहरूलाई सफाइ दिने गरी भएको फैसलाउपर वादी पक्षको पुनरावेदन परेको नदेखिएको, खास ऋणीहरूउपर मुद्दा नै नचलाइएको, हायर पर्चेज कर्जासम्बन्धी बैंक र ऋणीबिच भएको सम्झौताको सर्तबमोजिम बैंकले गाडी कब्जामा लिने कार्य गरेको नदेखिएको, फौजदारी कसुरजन्य बदनियत राखेर प्रतिवादीले कारोबार गरेको देखिने तथ्य प्रमाणित हुन नआएको र ऋणी तथा जमानत दिने सप्लायर्स कम्पनीसमेतका प्रतिवादीबाट मिति २०६०।५।१४ को कृषि विकास बैंक र सप्लायरबिच भएको Buy Back Agreement अनुसार र प्रचलित कानूनबमोजिम असुल गर्नुपर्ने बाँकी रकम बैंकले असुल गर्न सक्ने नै भएको अवस्था रहेकोले यसमा आरोपपत्र दाबीबमोजिम भ्रष्टाचारको कसुर ठहर गर्न मिलेन । कसुर ठहर गरी विशेष अदालतबाट मिति २०६४।२।८ मा भएको फैसला उल्टी भई प्रतिवादी जगरनाथप्रसाद सोनारले प्रस्तुत भ्रष्टाचारको अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। साथै विवादित कारोबारसम्बन्धी विषय

भ्रष्टाचारजन्य कसुर ठहर नभएको (वारदात नै कायम नभएको) अवस्था हुँदा विशेष अदालतको फैसलाउपर पुनरावेदन नगर्ने कसुरदार ठहर भएका अन्य प्रतिवादीहरू कौसिला सोनार, रविन्द्रकुमार सर्राफ, अनिता सर्राफ र सरोज सर्राफको हकमा सुरू फैसला कायम राख्नु न्यायोचित देखिएन । तसर्थ पुनरावेदन नगर्ने उल्लिखित प्रतिवादीहरूका हकमा समेत सुरू फैसला उल्टी भई निजहरूले समेत साबिक मुलुकी ऐन, अ.बं. २०५ नं. तथा हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम सफाइ पाउने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीहरू जगरनाथप्रसाद सोनार, रविन्द्रकुमार सर्राफ, अनिता सर्राफ, सरोज सर्राफ र कैशिला सोनारले भ्रष्टाचारको अभियोगबाट सफाइ पाउने ठहरेकाले निजहरूको हकमा विशेष अदालतको फैसलाबमोजिम राखिएको कैद र जरिवानाको लगत कट्टा गरिदिनु भनी लगत रहेको सम्बन्धित अदालतमा लेखी पठाई दिनू १

प्रस्तुत फैसलाको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू २

उक्त रायमा सहमत छु ।

न्या.कुमार रेग्मी

इजलास अधिकृत :- ढाकाराम पौडेल

इति संवत् २०७६ साल भाद्र १८ गते रोज ४ शुभम् ।

निर्णय नं. १०३८८

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री कुमार रेग्मी

आदेश मिति : २०७६।७।१४

०७५-WO-०२३१

मुद्दाः उत्प्रेषण

निवेदक / पक्ष : काभ्रेपलाञ्चोक जिल्ला, महेन्द्रज्योति गा.वि.स. वडा नं.४ को हाल बनेपा न.पा. वडा नं. १२ बस्ने श्यामकाजी विष्टको छोरा लेनिन विष्ट

विरूद्ध

विपक्षी / प्रत्यर्थी : नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **नागरिक स्वतन्त्र छन्, सार्वभौम, र अधिकार सम्पन्न छन् भन्नुको अर्थ संविधान र कानूनले स्पष्टतः रोक नलगाएको विषयमा आफ्नो विचार राख्न स्वतन्त्र छन् भन्नु पनि हुन्छ । यसमा कसैलाई पूर्वजानकारी दिनुपर्ने वा सहमति लिनु नपर्ने ।**

(प्रकरण नं.१२)

- **जबसम्म कानूनद्वारा अख्तियार प्राप्त निकायले कुनै कानूनी कारबाही सुरू गरी कानूनको अख्तियारीभित्र रही विदेश यात्रालाई रोक्दैन तबसम्म यस्तो यात्रा रोक्न नमिल्ने ।**

(प्रकरण नं.१३)

निवेदक / पक्षका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री ओमप्रकाश अर्याल

विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- राहदानी ऐन, २०२४
- अध्यागमन ऐन, २०४९
- देवानी कार्यविधि संहिता, २०७४

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ:-

म निवेदक नेपाली नागरिक भई वंशजको नाताले नागरिकता प्राप्त गरी नेपाल सरकार परराष्ट्र मन्त्रालयको राहदानी विभागबाट राहदानी ऐन, २०२४ बमोजिम ११ सेप्टेम्बर २०१४ मा राहदानी प्राप्त गरेको छु । उक्त राहदानीको अवधि १० सेप्टेम्बर २०२४ सम्म रहेको छ । सोबमोजिम राहदानी प्राप्त गरी विदेश जान योग्य रहेको छु । उक्त राहदानीको आधारमा रसिया गई ७ दिन बसी १९ औं युवा सम्मेलनको कार्यक्रममा सहभागी भई २० अक्टोबर, २०१७ मा स्वदेश फर्केको हुँ । सोहीबमोजिम Bangkok मा मिति २०७५।५।९ देखि आरम्भ भई मिति २०७५।५।१३ सम्म सञ्चालन हुने Asian Resource Good Governance द्वारा आयोजित Youth in Conflict Areas Healing and Peace Building Through Social Engagement विषयको ५ दिने तालिममा सहभागी हुन आयोजक संस्थाबाट दुईतर्फी हवाई टिकट, खाने बस्ने सुविधासहित उक्त देशमा प्रवेश गर्ने राहदानीसमेत उपलब्ध गराई आमन्त्रण गरिएबमोजिम म निवेदक मिति २०७५।५।८ गतेको नेपाल एयरलाइन्सको उडान RA-४०१ बाट बिहानको ९.५० बजे Bangkok प्रस्थान गर्न त्रिभुवन विमानस्थलमा समयमा नै पुगी आवश्यक राहदानी, प्रवेशाज्ञा प्रस्तुत गरी बोर्डिङ पास लिई अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चेक जाँच गराई मेरो राहदानीमा प्रस्थानको छाप लगाई विमानतर्फ जान लाग्दा प्रत्यर्थी अध्यागमन कार्यालयका कर्मचारीले तपाइँको राहदानी र बोर्डिङ पास दिनुहोस् भनी मागी मैले प्राप्त गरेको राहदानीमा प्रस्थानको छापमा रद्द गरिएको (Cancelled) को छाप लगाई मैले प्राप्त गरेको बोर्डिङ पाससमेत खोसी लिएको हुँदा निवेदकले के कुन कारणबाट मेरो प्रस्थानको छाप रद्द गरिएको र बोर्डिङ पास लिएको भन्दा माथिको आदेशले हो भनी मौखिक रूपबाट भनियो । यसो गर्नुको लिखित कारण खोली जानकारी दिनुहोस् भन्दा प्रत्यर्थी कार्यालयले "थाइल्याण्ड जुन कार्यक्रममा जान लागेको हो त्यस विषयसँग सम्बद्ध नेपाल सरकारको कुनै पनि निकायको सिफारिस तथा स्वीकृति नदेखिएकोले प्रस्थान अनुमति नदिएको" भन्ने बेहोरा उल्लेख गरी च.नं. ४८२ मिति २०७५।५।८ को पत्र म निवेदकलाई दिइयो ।

प्रत्यर्थीहरूको उपर्युक्त कामकारबाही र पत्रहरूले निवेदकको नेपालको संविधानको धारा १७, १८ समेतद्वारा प्रदत्त संवैधानिक हक तथा राहदानी ऐन, २०२४ को दफा २, ३, ४, राहदानी नियमावली, २०६७ को नियम १०, मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७, १७, १८ तथा २० समेतद्वारा प्रदत्त कानूनी हक आघातित र अपहरित भएकोले प्रत्यर्थीहरूको उक्त काम कारबाहीहरू बदर गरी हकको संरक्षण र प्रचलन गरी पाउनको लागि यो निवेदन गर्न आएको छु । निवेदकलाई विदेश जान रोक लगाएको उक्त पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी उप्रान्त राहदानीको अवधि कायम नरहेको तथा जाने देशले

प्रवेशाज्ञा उपलब्ध नगराएको अवस्थामा बाहेक अन्य अवस्थामा निवेदकलाई विदेश जान नरोक्नु, रोक्न नलगाउनु भन्ने प्रतिषेधको आदेश तथा राहदानी र प्रवेशज्ञाबमोजिम विदेश भ्रमण गर्न दिनु दिलाउनु भन्ने परमादेशको आदेशलगायत अन्य जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन जिकिर।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ४, ५, ६, ७ र ८ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ३ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७५।५।१७ मा भएको आदेश।

नेपालभित्र विदेशको प्रवेश उपस्थित र प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्नका लागि अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ तथा अध्यागमन कार्यविधि, २०६५ लागू भएका छन् । प्रचलित कानूनबमोजिम अध्यागमन व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक काम कारबाहीसमेत हुँदै आइरहेको छ । अध्यागमन ऐन, २०४९ को दफा ७ मा नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य महानिर्देशकको काम, कर्तव्य र अधिकारअन्तर्गत पर्दछ । साथै अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को खण्ड ३.१ को देहाय (३) मा नेपाली नागरिकहरूलाई प्रस्थान अनुमति दिँदा अवलम्बन गर्ने कार्यविधि उल्लेख गरिएको छ । जसअन्तर्गत पेस भएको राहदानी वा भिसा वा यात्रासम्बन्धी अन्य कागजात वैध नभएमा र शंकास्पद भएमा निजलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया बढाउने र निजलाई प्रस्थान अनुमति नदिने भन्ने स्पष्ट व्यवस्था रहेको छ।

रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय क्षेत्र सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयहरू हुन् । सो संवेदनशील विषयमा स्वदेश वा विदेशमा हुने वकालत, प्रचारप्रसार जस्ता विषयहरू गृह मन्त्रालय सम्बद्ध विषयमा निजको सहभागिताको जानकारी वा सूचना गृह मन्त्रालयलाई प्राप्त नभएको आधारमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायले गरेको कामकारबाहीमा मेरो कुनै संलग्नता छैन । नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, प्रचलित कानूनबमोजिम नागरिकलाई प्राप्त अधिकार, मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध साथै नेपाल सरकारले अवलम्बन गरेको मानव अधिकारप्रतिको सम्मानपूर्ण नीतिको पालना गर्न म सदा प्रतिबद्ध तथा कटिबद्ध छु । मैले गृहमन्त्रीको सल्लाहकारको हैसियतले निज लेनिन विष्टलाई बैंकक प्रस्थान गर्ने अनुमति नदिने सम्बन्धमा सम्बन्धित कुनै पनि निकाय वा पदाधिकारीलाई कुनै आदेश वा निर्देशन दिएको छैन र सो सम्बन्धमा सल्लाहकारको कुनै पनि किसिमको भूमिका रहँदैन । प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट भए गरेको काम कारबाहीका सम्बन्धमा मसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गृहमन्त्रीको विशेष सल्लाहकार सूर्यप्रकाश सुवेदी पथिकको लिखित जवाफ।

नेपालभित्र विदेशीको प्रवेश, उपस्थिति र

प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्नका लागि अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ तथा अध्यागमन कार्यविधि, २०६५ लागू भएका छन् । प्रचलित कानूनबमोजिम अध्यागमन व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक काम कारबाहीसमेत हुँदै आइरहेको छ । अध्यागमन ऐन, २०४९ को दफा ७ मा नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य महानिर्देशकको काम, कर्तव्य र अधिकारअन्तर्गत पर्दछ । साथै अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को खण्ड ३.१ को देहाय (३) मा नेपाली नागरिकहरूलाई प्रस्थान अनुमति दिँदा अवलम्बन गर्ने कार्यविधि उल्लेख गरिएको छ जसअन्तर्गत पेस भएको राहदानी वा भिसा वा यात्रासम्बन्धी अन्य कागजात वैध नभएमा वा शंकास्पद भएमा निजलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया बढाउने र निजलाई प्रस्थान अनुमति नदिने भन्ने स्पष्ट व्यवस्था रहेको छ ।

रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय क्षेत्र सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयहरू हुन् । सो संवेदनशील विषयमा स्वदेश वा विदेशमा हुने वकालत, प्रचार-प्रसार जस्ता विषयहरू गृह मन्त्रालय सम्बद्ध विषयमा निजको सहभागिताको जानकारी वा सूचना गृह मन्त्रालयलाई प्राप्त नभएको । निज रिट निवेदकलाई बहिर्गमित अयोग्य लडाकु भनिएको (अनमिनद्वारा प्रमाणित भएबमोजिम) र निजलाई अयोग्य भई बहिर्गमनमा परेका तत्कालीन लडाकुहरूको संगठनका संस्थापक एवम् अन्य सदस्यहरूसमेत १५ जनाबाट निजका विरूद्ध आवश्यक कारबाही हुन भनी गृह मन्त्रालयमा उजुरीसमेत प्राप्त हुन आएको छ । नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, प्रचलित कानूनबमोजिम नागरिकलाई प्राप्त अधिकार, मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध, नेपाल सरकारले अवलम्बन गरेको मानव अधिकारसम्बन्धी दस्ताबेजहरूको पालना गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध तथा कटिबद्ध रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको गृहमन्त्री रामबहादुर थापा बादलको लिखित जवाफ ।

नेपालभित्र विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्नका लागि अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ तथा अध्यागमन कार्यविधि, २०६५ लागू भएका छन् । प्रचलित कानूनबमोजिम अध्यागमन व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक काम कारबाहीसमेत हुँदै आइरहेको छ । अध्यागमन ऐन, २०४९ को दफा ७ मा नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य महानिर्देशकको काम, कर्तव्य र अधिकारअन्तर्गत पर्दछ । साथै अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को खण्ड ३.१ को देहाय (३) मा नेपाली नागरिकहरूलाई प्रस्थान अनुमति दिँदा अवलम्बन गर्ने कार्यविधि उल्लेख गरिएको छ जसअन्तर्गत पेस भएको राहदानी वा भिसा वा यात्रासम्बन्धी अन्य कागजात वैध नभएमा वा शंकास्पद भएमा निजलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया बढाउने र निजलाई प्रस्थान अनुमति नदिने भन्ने स्पष्ट व्यवस्था रहेको छ ।

रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय क्षेत्र सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयहरू हुन् । सो संवेदनशील विषयमा स्वदेश वा विदेशमा हुने वकालत,

प्रचार प्रसार जस्ता विषयहरू गृह मन्त्रालय सम्बद्ध विषयमा निजको सहभागिताको जानकारी वा सूचना गृह मन्त्रालयलाई प्राप्त नभएको । निज रिट निवेदकलाई बहिर्गमित अयोग्य लडाकु भनिएको (अनमिनद्वारा प्रमाणित भएबमोजिम) र निजलाई अयोग्य भई बहिर्गमनमा परेका तत्कालीन लडाकुहरूको संगठनका संस्थापक एवम् अन्य सदस्यहरूसमेत १५ जनाबाट निजका विरूद्ध आवश्यक कारबाही हुन भनी गृह मन्त्रालयमा उजुरीसमेत प्राप्त हुन आएको छ । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गृह मन्त्रालयको लिखित जवाफ ।

नेपालभित्र विदेशीको प्रवेश उपस्थिति र प्रस्थानलाई नियमित एवम् नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्नका लागि अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ तथा अध्यागमन कार्यविधि, २०६५ लागु भएका छन् । प्रचलित कानूनबमोजिम अध्यागमन व्यवस्थापन गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक काम कारबाहीसमेत हुँदै आइरहेको छ । अध्यागमन ऐन, २०४९ को दफा ७ मा नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य महानिर्देशकको काम, कर्तव्य र अधिकारअन्तर्गत पर्दछ । साथै अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को खण्ड ३.१ को देहाय (३) मा नेपाली नागरिकहरूलाई प्रस्थान अनुमति दिँदा अवलम्बन गर्ने कार्यविधि उल्लेख गरिएको छ जसअन्तर्गत पेस भएको राहदानी वा भिसा वा यात्रासम्बन्धी अन्य कागजात वैध नभएमा वा शंकास्पद भएमा निजलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया बढाउने र निजलाई प्रस्थान अनुमति नदिने भन्ने स्पष्ट व्यवस्था रहेको छ ।

रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय क्षेत्र सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्नेमा मन्त्रालयमार्फत कार्यक्रममा सहभागिताको लागि स्वीकृति प्राप्त गरेको नदेखिएको, नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, प्रचलित कानूनबमोजिम नागरिकलाई प्राप्त अधिकार, मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध साथै नेपाल सरकारले अवलम्बन गरेको मानव अधिकारसम्बन्धी दस्तावेजहरूको पालना गर्न कार्यालय प्रतिबद्ध रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको त्रि.अ.वि.का तर्फबाट ऐ.का प्रमुख अध्यागमन अधिकृत राजेश पौडेल, वरिष्ठ अध्यागमन अधिकृत गौलोचन सैंजु, अध्यागमन अधिकृत गिताकुमारी शर्मा, अध्यागमन अधिकृत कृष्णराज रेग्मी, अध्यागमन अधिकृत अभिराज डाँगी, तत्कालीन निमित्त प्रमुख अध्यागमन अधिकृत लक्ष्मण विक्रम थापा, अध्यागमन अधिकृत कृष्णमणी फुँयाल, अध्यागमन अधिकृत रेखा दास र अध्यागमन अधिकृत प्रमिला गौतमको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ ।

नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने उद्देश्यले अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ र अध्यागमन कार्यविधि, २०६५ रहेको छ । रिट निवेदकले Bangkok मा मिति २०७५।५।९ देखि ऐ.१३ सम्म सञ्चालन हुने Youth in Conflict areas Healing and Peace Building Through Social Engagement विषयको ५ दिने तालिममा सहभागी हुन जान लागेको बेहोरा निवेदनमा उल्लेख गर्नु भएकै छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत तथा शान्ति प्रबर्द्धन गर्ने विषय गृह मन्त्रालयको भएको र निज रिट निवेदक सो प्रकृतिको कार्यक्रममा सहभागी हुन जान लागेको विषयमा गृह मन्त्रालयबाट कुनै प्रकारको जानकारी, सिफारिस, समन्वय वा स्वीकृति प्राप्त गरेको नदेखिएकोले निजलाई प्रस्थान अनुमति नदिइएको हो । निज रिट निवेदक अनमिनद्वारा अयोग्य प्रमाणित भई

बहिर्गमित भएका तत्कालीन माओवादी लडाकुहरूको संस्थाका पदाधिकारीका १५ जना सदस्यको संयुक्त हस्ताक्षरबाट प्राप्त उजुरी निवेदनका आधारमा निजउपर सम्बद्ध अधिकारप्राप्त अधिकारीहरूबाट थप बुझ्नु पर्ने भएको हुँदा प्रस्थान अनुमति नदिइएको हो । यसरी विभागका महानिर्देशकलाई प्राप्त अधिकारको कानूनबमोजिम प्रयोग गर्दा रिट निवेदकको कुनै पनि हक हनन नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको अध्यागमन विभागको लिखित जवाफ।

यसमा रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय क्षेत्र सशस्त्र, द्वन्द्वोत्तर शान्ति राहत, शान्ति प्रबर्द्धन गर्ने विषय गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने देखिएको र गृह मन्त्रालयमार्फत कार्यक्रममा सहभागिताको लागि स्वीकृति प्राप्त गरेको नदेखिएको भन्ने कुरा अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अध्यागमन अधिकृत कृष्णराज रेग्मीसमेतको लिखित जवाफबाट देखिएको अवस्थामा कुनै पनि कार्यक्रममा नागरिक विदेश जाँदा सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्ने हो, होइन भन्ने विषय आम सरोकारको विषय भएको कारणले प्रस्तुत मुद्दालाई तामेलीमा नराखी मुद्दाको सुनुवाइ नै हुनुपर्ने देखिँदा प्रस्तुत मुद्दालाई अन्तिम आदेश एवम् निर्णयका लागि नियमित पेसीमा चढाई नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७६।५।८ मा भएको आदेश।

नियमबमोजिम आजको पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान् अधिवक्ता श्री ओमप्रकाश अर्यालले रिट निवेदक लेनिन विष्टले बैंककमा मिति २०७५।५।९ देखि आरम्भ भई मिति २०७५।५।१३ सम्म सञ्चालन हुने Youth in Conflict Areas Healing and Peace Building Through Social Engagement विषयको ५ दिने तालिममा सहभागी हुन जानको लागि भिसा र प्रवेशाज्ञा प्राप्त गरिसकेको अवस्था छ । निवेदक सशस्त्र द्वन्द्वको समयमा माओवादीका पूर्व बालसेना पनि हुन्। अध्यागमन विभागले अन्तिम बिन्दुमा पुगिसकेपछि जान नमिल्ने भनी पत्र दिने काम भएको छ। उक्त मिति २०७५।५।८ को पत्रमा जान रोक लगाउनुको कारण नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति र सहमति नलिएको भन्ने मात्र लेखिएको छ । यस ऐन, नियमबमोजिम भ्रमण रोक लगाएको भनिएको छैन। उल्लिखित कारण विद्यमान कानूनी व्यवस्थासँग मिल्दो छैन। अध्यागमन नियमावलीको नियम १४(क) र (ख) मा भएको व्यवस्थाअनुसार भिसा नभएको वा कारणसहितको जानकारी प्राप्त भएको अवस्थामा मात्र नेपालबाट प्रस्थान हुन रोक लगाउन सकिने रहेकोमा रिट निवेदकको हकमा सो अवस्था रहेको देखिँदैन। अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३(१), (२) र (३) अनुसारको राहदानी वैध नभएको र शंकास्पद देखिएमा अलग्गै राखेर अनसन्धान गर्नुपर्ने र भ्रमण अनुमति हुन नसक्ने अवस्था आउन सक्नेमा रिट निवेदकको हकमा यो अवस्थासमेत रहेको छैन । गृहमन्त्रीको तर्फबाट पेस भएको लिखित जवाफ व्यक्तिको स्वतन्त्रतामा आघात पर्ने किसिमको देखिन्छ । उक्त कार्य ICCPR को धारा १२(२)(३) को विरूद्धमा छ । सम्प्रभुतामा असर पर्ने, मानिस भाग्ने जस्ता कारणबाट राज्यले रोक लगाउन सक्छ अन्यथा रोक्न मिल्दैन । जानको लागि अनुमति दिइसकेपछि जान रोक लगाउने काम भएकाले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

त्यसैगरी विपक्षी नं. ३ बाहेकका अन्य विपक्षीहरूको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मीले रिट निवेदक बैंकक जुन कार्यक्रमका लागि भाग लिन जाने भनिएको

हो सो कार्यक्रम सम्पन्न भइसकेको छ। त्यसपछि रिट निवेदकलाई विदेश जानको लागि कुनै रोक लगाइएको छैन। बैंकक जान रोकिए पनि त्यसपछि निज विदेश गएको देखिएको र प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

रिट निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरू र विपक्षीहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा मुख्यतः देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आएको छः-

१. रिट निवेदकलाई थाइल्याण्डको राजधानी बैंककमा आयोजित तालिममा सहभागी हुनबाट रोक्ने कार्य कानूनसम्मत छ वा छैन।
२. रिट निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा रिट निवेदकलाई विदेशमा आयोजना हुन गइरहेको कार्यक्रममा सहभागी हुन जानबाट रोकिएको विषयलाई लिएर आफ्नो संविधान प्रदत्त हक हनन हुन गयो भनी प्रस्तुत रिट निवेदन दर्ता भएको देखिन्छ। विवादको घटनाक्रमलाई हेर्दा निवेदक थाइल्याण्डको राजधानी बैंककमा मिति २०७५।५।९ देखि मिति २०७५।५।१३ सम्म सञ्चालन हुने Youth in Conflict Areas Healing and Peace Building Through Social Engagement विषयको ५ दिने तालिममा सहभागी हुन सो देशमा प्रवेश गर्ने भिसासमेत प्राप्त गरी मिति २०७५।५।८ गते नेपाल एयरलाइन्सको उडान RA-401 बाट बिहानको ९.५० बजे बैंकक प्रस्थान गर्न त्रिभुवन विमानस्थलमा पुगेका रहेछन्। विमानस्थलमा पुगेपछि निवेदकले राहदानी, प्रवेशाज्ञा प्रस्तुत गरी एयरलाइन्सको काउन्टरबाट बोर्डिङ पास लिई अध्यागमनको काउण्टरमा चेक जाँच गराई राहदानीमा प्रस्थानको छाप लगाई विमानतर्फ जान लाग्दा अध्यागमन कार्यालयका कर्मचारीले राहदानी र बोर्डिङ पास मागी राहदानीमा प्रस्थानको छापमा रद्द गरिएको छाप लगाई बोर्डिङ पाससमेत खोसी लिएका रहेछन्। सो गर्नुको कारणबारे निवेदकले सोधेपछि **"जुन कार्यक्रमको लागि थाइल्याण्ड जान लागेको हो त्यस विषयसँग सम्बद्ध नेपाल सरकारको कुनै पनि निकायको सिफारिस तथा स्वीकृति नदेखिएकोले प्रस्थान अनुमति नदिएको"** भन्ने बेहोराको च.नं. ४८२ मिति २०७५।५।८ को पत्र अध्यागमन कार्यालयबाट निवेदकलाई दिइएको रहेछ। विपक्षीहरूको उक्त कार्यले निवेदकको नेपालको संविधान प्रदत्त मौलिक हकमा आघात परेको हुँदा विदेश जान रोक लगाएको मिति २०७५।५।८ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी उप्रान्त राहदानीको अवधि कायम नरहेको तथा जाने देशले प्रवेशाज्ञा उपलब्ध नगराएको अवस्थामा बाहेक अन्य अवस्थामा विदेश जान नरोक्नु, रोक्न नलगाउनु भन्ने प्रतिषेधको आदेश तथा राहदानी र प्रवेशाज्ञाबमोजिम विदेश भ्रमण गर्न दिनु दिलाउनु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको जिकिर रिट निवेदकले लिएको देखिन्छ।

३. त्यसैगरी विपक्षीहरूबाट पेस भएको लिखित जवाफलाई हेर्दा मूल रूपमा रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रमसँग सम्बद्ध विषय सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयहरू हुन्। रिट निवेदकले कार्यक्रममा सहभागी हुन जान लागेको विषयमा गृह मन्त्रालयबाट कुनै प्रकारको जानकारी, सिफारिस, समन्वय वा स्वीकृति प्राप्त गरेका छैनन् भन्ने र तत्कालीन लडाकुहरूको संगठनका संस्थापक एवम् अन्य सदस्यहरूसमेत १५

जनाबाट निजका विरूद्ध आवश्यक कारबाही हुन भनी गृह मन्त्रालयमा उजुरी परेको देखिन्छ । सो उजुरीउपर सम्बद्ध अधिकारीहरूबाट थप बुझ्नु पर्ने भएको हुँदा प्रस्थान अनुमति नदिइएको हो भन्नेसमेत जिकिर लिएको देखिन्छ । तर लिखित जवाफमा जे कुराको जिकिर लिइएको छ सो कुरा निवेदकको विदेश यात्रा रोक्दा त्रि.वि. अध्यागमन कार्यालयबाट लिइएको देखिँदैन । विमानस्थल अध्यागमन कार्यालयले च.नं. ४८२ मिति २०७५।५।८ को पत्रमार्फत केवल **"थाइल्याण्ड कार्यक्रममा जान लागेकोमा जुन कार्यक्रममा जान लागेको हो त्यस विषय सम्बन्धमा नेपाल सरकारको कुनै पनि निकायको सिफारिस तथा स्वीकृति नदेखिएकोले प्रस्थान अनुमति नदिएको"** भनी निवेदकलाई जानकारी दिएको पाइन्छ । यो पत्र र लिखित जवाफको संविधान सम्मतताको बारेमा पछि विवेचना गरौंला तर प्रारम्भमा नै यति चाहिँ भन्नु उपयुक्त हुन्छ कि हाल लिखित जवाफमा लिएको जिकिर र तत्कालमा विमानस्थल अध्यागमन कार्यालयले दिएको कारण एउटै नभई फरक-फरक रहेको देखिन्छ । थाइल्याण्डको राजधानी बैंककमा मिति २०७५।५।९ देखि मिति २०७५।५।१३ सम्म सञ्चालित सो कार्यक्रम हाल समाप्त भइसकेको र त्यसपछि निवेदकलाई विदेश जान नरोकिएको भनी विद्वान् सहन्यायाधिवक्ताले इजलाससमक्ष जानकारी पनि दिनु भएको छ र सो कुरालाई निवेदकले स्वीकार गरेका पनि छन् । त्यसैले यो विषय टुङ्गो लागिसकेको भनी सम्झने स्थिति पनि आउन सक्छ तर गृह मन्त्रालयसमेतको लिखित जवाफमा रिट निवेदक बैंकक जान लागेको भनिएको **"संवेदनशील विषयमा स्वदेश वा विदेशमा हुने वकालत, प्रचारप्रसार जस्ता विषयहरू गृह मन्त्रालय सम्बद्ध विषयमा निजको सहभागिताको जानकारी वा सूचना गृह मन्त्रालयलाई नभएको"** भन्ने उल्लेख भएबाट यो विषय पेचिलो बन्न गएको छ । सम्भवतः त्यही कारणले गर्दा प्रस्तुत रिट निवेदनमा यी रिट निवेदकको तर्फबाट तारेख गुजारी बसेको कारण तामेली प्रयोजनका लागि पेस हुँदा **"कुनै पनि कार्यक्रममा नागरिक विदेश जाँदा सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्ने हो वा होइन भन्ने विषय आम सरोकारको विषय भएको"** भन्दै संयुक्त इजलासले प्रस्तुत रिट निवेदनलाई तामेलीमा नराखी मुद्दाको सुनुवाइ नै हुनुपर्ने देखिँदा प्रस्तुत मुद्दालाई अन्तिम आदेश एवम् निर्णयका लागि नियमित पेसीमा चढाई नियमानुसार गरी पेस गर्नु भनी मिति २०७६।५।८ मा आदेश गरेको देखिन्छ ।

४. त्यसैले यहाँ रिट निवेदकलाई थाइल्याण्डको राजधानी बैंककमा आयोजित तालिममा सहभागी हुनबाट रोक्न मिल्छ वा मिल्दैन, त्यसरी सहभागी हुन जाँदा सरकारका निकायहरूको स्वीकृति लिनु आवश्यक छ वा छैन, यसरी रोक्ने कार्य कानूनसम्मत छ वा छैन भन्ने प्रश्नहरू उत्पन्न हुन आएका छन् । यी प्रश्नहरूको निरूपण गर्ने क्रममा प्रस्तुत रिट निवेदनमा बैंककमा आयोजित कार्यक्रममा निवेदकलाई सहभागी हुन नदिँदा संविधानका कुन-कुन अधिकारहरूमा असर पर्छ, **नागरिक स्वतन्त्रताका परिधि र सरकारको नियन्त्रणकारी शक्तिबिचको संवैधानिक तथा कानूनी सीमा के हो, लोकतन्त्रमा सो सीमारेखा के कस्तो रहनु पर्छ, हाम्रो जस्तो भर्खर बामे सर्न लागेको लोकतन्त्रमा सरकारी निकायहरूले नागरिकहरूसँग कसरी व्यवहार गर्नु वाञ्छनीय हुन्छ** भन्ने आदि सान्दर्भिक प्रश्नहरूको पनि जवाफ खोजिनु पर्ने र सोको लागि नेपालको संविधानका व्यवस्थाहरूलाई तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धिका व्यवस्थाहरूसमेतको सापेक्षतामा हेर्नुपर्ने हुन आएको छ ।

५. यति त सबैलाई स्पष्ट भएकै हुनुपर्छ कि हाम्रो संविधानले नेपाली नागरिकहरूलाई सार्वभौम मात्र बनाएको छैन, अधिकारको पुञ्जको रूपमा

पनि हेरेको छ । स्वतन्त्रता, समानता, सम्मान, समावेशिता र सहभागिता नागरिकका अन्तर्निहित र अहस्तान्तरणीय अधिकार हुन् । यी अधिकारहरूको सम्मान गर्नु राज्यको पहिलो धर्म हो । अधिकारहरूको सम्मान गरिएमा मात्र समाजमा दिगो शान्ति, न्याय र समृद्धि सुनिश्चित हुन सक्छ । जनता आफ्ना मालिक आफैँ हुन्, अब अधिकारको प्रयोग गर्न उनीहरूले कुनै मालिक वा अलौकिक शक्तिलाई साध्नु पर्दैन, किनभने अधिकारहरू नैसर्गिक, अहस्तान्तरणीय, प्राकृतिक तथा राज्य इतर हुन्छन् । अधिकारहरू देखाउन मात्र नभई निर्वाध उपयोगको निम्ति संविधानमा राखिएका हुँदा अवाञ्छित अवरोध कुनै रूपमा पनि स्वीकारयोग्य हुँदैन । नेपाली जनताले सत्तरी वर्षदेखि गरेको संघर्षको अभिष्ट पनि अधिकारको निर्वाध उपयोगलाई सम्मान गर्न सक्ने लोकतान्त्रिक र उत्तरदायी राज्य संयन्त्र र सरकारको स्थापना नै हो । तसर्थ, लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै मानव अधिकारको प्रत्याभूतिमार्फत अन्तर्राष्ट्रिय समुदायसँग हातेमालो गर्दै नेपाल अब समृद्धिको मार्गमा अघि बढ्छ भन्ने कुरालाई वर्तमान संविधानले सहर्ष उद्घोष गरेको कुरा सदा स्मरणीय छ ।

६. संवैधानिक व्यवस्थाको कसीमा हेर्दा प्रस्तुत रिट निवेदनमा प्रमुख सरोकारको विषय नेपालको संविधानको धारा १६(१) द्वारा प्रत्याभूत "सम्मानपूर्वक बाँच्न पाउने हक", धारा १७(१) द्वारा प्रत्याभूत "वैयक्तिक स्वतन्त्रता" को हक र सोअन्तर्गत हिँड्डुल गर्ने स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रताहरू र धारा १८ द्वारा प्रत्याभूत "समानताको हक" को प्रयोग नै देखिन्छ । वैयक्तिक स्वतन्त्रता व्यक्तिको अत्यन्त महत्त्वपूर्ण हक हो । वैयक्तिक स्वतन्त्रताको निर्वाध उपभोग मानवको व्यक्तित्व विकासको लागि अर्थात् सम्मानपूर्वक बाँच्न पाउने हकको लागि जरूरत हुन्छ । मुलुकभित्र वा बाहिर गरिने विचारहरूको आदान प्रदानबाट व्यक्तिगत ज्ञानको अभिवृद्धि हुन्छ । स्वतन्त्रतापूर्वक हिँड्डुल गर्न पाउँदा र आफ्ना विचारहरू अभिव्यक्त गर्न पाउँदा मानवले आफ्नो व्यक्तित्वको विकास सन्तुलित रूपमा गर्न पाउँछ । त्यसैले वैयक्तिक स्वतन्त्रतालाई अन्य हकहरूको प्रचलनको कडीको रूपमा लिइन्छ । यो यति महत्त्वपूर्ण हक हो कि यसको जगमा नै लोकतन्त्र अडेको हुन्छ । समानता, सम्मानलगायतका हकहरूको प्रयोग र प्रचलन पनि वैयक्तिक स्वतन्त्रता सुनिश्चित हुँदा हुने हो । अर्को शब्दमा समानता, सम्मान र स्वतन्त्रता विचको त्रिकोणीय सम्बन्धको बिचबाट अधिकारहरूको विस्तिर्णता खोज्न र प्रकारान्तरले लोकतन्त्रका मूल्यहरू नियाल्न सकिने हुन्छ र त्यसको लागि स्वतन्त्रता पहिलो कुन्जी बन्दछ ।

७. प्रस्तुत विवादमा विदेशमा हुन लागेको तालिममा सहभागिताको प्रश्न उठेको छ । नेपालको संविधानले नागरिकहरूलाई मुलुकभित्र आवतजावत गर्नपाउने स्वतन्त्रता प्रत्याभूत गरेको छ । तर हिँड्डुल गर्न पाउने स्वतन्त्रता मुलुकभित्र हिँड्डुल गर्न पाउने कुरासँग मात्र सम्बन्धित छैन, खुल्ला र स्वतन्त्ररूपमा विदेश आवतजावत गर्न पाउने कुरासँग पनि यो सम्बन्धित छ । हामी नागरिक र राजनीतिक अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएको कारणले पनि अब मुलुक बाहिर आवतजावत गर्ने, आफ्ना विचारहरू राख्ने स्वतन्त्रतालाई पनि हामीले वैयक्तिक स्वतन्त्रताको अभिन्न अङ्गको रूपमा हेर्नुपर्ने हुन आएको छ[1] ।

८. लोकतन्त्र विचारहरूको बजार हो । विचारहरू सबै सरकार वा सत्ताले मनपराउने खालका नहुन पनि सक्छन् । ती सबै सिर्जनात्मक हुन्छन् भन्ने पनि केही छैन । तर विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रयोग हुँदा र सूचनाको निर्वाध प्रचारप्रसार हुँदा सुसूचित जनमत निर्माण हुन पुग्छ । जनता आफैँले ग्रहणयोग्य

1 नागरिक र राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि १९६६, धारा १२, १८, १९

विचार र मतहरू ग्रहण गर्छ, अग्रहणीय विचारहरू स्वीकार गर्दैन। त्यसैले लोकतन्त्रमा सरकार र सत्ताले अप्रिय विचारहरू पनि सहने सामर्थ्य राख्नुपर्छ । यो अवश्य हो कि हाम्रो संविधान वा हामी पक्ष रहेको मानव अधिकारसम्बन्धी महासन्धिले वैयक्तिक स्वतन्त्रतालाई बन्देजरहित मानेको छैन। संविधानको धारा १७ मा नै "मनासिब प्रतिबन्ध" लगाउन सकिने कुरालाई स्वीकार गरिएको छ। तर ती प्रतिबन्धहरू कानूनद्वारा लगाइनु पर्छ। कार्यकारिणीको आदेशमार्फत होइन। साथै ती कानूनहरूले सारभूत रूपमा र उचित कार्यविधिमार्फत संविधानको मूल मान्यतालाई सम्मान गरेको हुनुपर्छ । ती प्रतिबन्धहरू लोकतान्त्रिक व्यवस्थामा स्वीकार्य किसिमको पनि हुनुपर्छ। अधिकारमा प्रतिबन्ध लगाउने कानूनहरू न्यायपूर्ण, उचित र तर्कसङ्गत छन् वा छैनन्, लगाइएका प्रतिबन्धहरूले अधिकार नै निस्तेज पार्छन् वा पार्दैनन्, ती पश्चगामी छन् वा छैनन्, रोक्न खोजिएको हानिलाई हेरी ती वाञ्छनीय छन् वा छैनन् र लोकतन्त्रको मूल मान्यताअनुकूल छन् वा छैनन् भनी अदालतले सधैं परीक्षण गर्न सक्छ। जहाँ प्रतिबन्धको प्रश्न उठ्छ, लगाइएका बन्देज वा प्रतिबन्धहरू संविधान र मानव अधिकारसम्बन्धी महासन्धिअनुरूप छन् भनी पुष्टि गर्नुपर्ने दायित्व सरकारसँग रहन्छ। लोकतन्त्रमा सरोकारवाला सबैले अधिकार प्रयोग र नियन्त्रणबिचको यो सीमा बुझ्न नितान्त जरूरी छ।

९. उपर्युक्त सैद्धान्तिक पृष्ठभूमिमा प्रस्तुत विवादमा हेर्दा यी निवेदकलाई Asian Resource Foundation द्वारा आयोजित Youth in Conflict Areas: Healing and Peace Building Through Social Engagement मा भाग लिनका लागि आमन्त्रण गरिएकोले सो आमन्त्रण पत्रको फोटोकपी राहदानीसाथ राखी Kingdom of Thailand को नेपाल स्थित दूतावासमा पेस हुँदा दूतावासबाट निजलाई भिसा प्रदान गरेको देखिन्छ। स्वीकृत भिसाको आधारमा मिति २०७५।५।८ गतेको RA-४०१ उडानबाट बैंकक जानेको लागि रिट निवेदकले टिकट खरिद गरी मिति २०७५।५।८ गते बिहान त्रिभुवन विमानस्थलमा पुगी नेपाल एयरलाइन्सको काउन्टरमा टिकट, राहदानी देखाई आफूसँग भएको सामान चेक जाँच गराई बोर्डिङ पास प्राप्त गरी अध्यागमन कार्यालयमा राहदानी र बोर्डिङ पास देखाई प्रवेशाज्ञाको लागि राहदानीमा छापसमेत लागिसकेपछि अध्यागमन कार्यालयले राहदानी र बोर्डिङ पास फिर्ता मागी राहदानीमा प्रवेशाज्ञा प्राप्त गरेको छापमाथि Cancelled को छाप लगाई बोर्डिङ पास राखी राहदानी फिर्ता गरेको भन्ने रिट निवेदनबाट देखिन्छ । विपक्षीहरूबाट पेस भएको लिखित जवाफबाट पनि निवेदकको राहदानीमा प्रवेशाज्ञा प्राप्त गरेको छापमाथि Cancelled को छाप लगाई बोर्डिङ पास राखी राहदानी फिर्ता गरेको भन्ने कुरा पुष्टि भएको देखिन्छ । निवेदकले राहदानी Cancelled को छाप लगाउनु र बोर्डिङ पास फिर्ता लिनुको कारण माग गर्दा अध्यागमन कार्यालयले च.नं. ४८२ मिति २०७५।५।८ को पत्रमार्फत **"थाइल्याण्ड कार्यक्रममा जान लागेकोमा जुन कार्यक्रममा जान लागेको हो त्यस विषय सम्बन्धमा नेपाल सरकारको कुनै पनि निकायको सिफारिस तथा स्वीकृति नदेखिएकोले प्रस्थान अनुमति नदिएको"** भनी निवेदकलाई जानकारी दिएको देखिन्छ। उक्त पत्रको अनुहारबाट नै यो संविधान र कानूनको बर्खिलाप लेखिएको देखिन्छ । लोकतन्त्रमा व्यक्तिले आफ्नो अधिकार निर्बाध प्रयोग गर्न पाउँछन्। अधिकारको प्रयोग गर्न सरकारको कुनै निकायको सिफारिस वा स्वीकृति चाहिँदैन । सरकारको कुनै निकायको सिफारिस वा स्वीकृतिबेगर विदेश जान पाइँदैन भनेर न त राहदानी ऐनमा लेखिएको छ न त अध्यागमनसम्बन्धी ऐन र नियमावलीमा नै लेखिएको छ । सरकारको कार्यविभाजनको लागि बनाइएको नियमावलीको कुरा

देखाएर गृह मन्त्रालयलाई नसोधेसम्म अधिकारको प्रयोग गर्न दिन्न भन्नु हामीले अपनाएको लोकतन्त्र र विधिको शासनको मान्यताअनुकूल हुँदैन ।

१०. राहदानी र अध्यागमनसम्बन्धी कानूनी व्यवस्था हेर्दा राहदानी ऐन, २०२४ को दफा २ मा **"यस ऐनमा "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ"** भनी राहदानीको परिभाषा गरेको पाइन्छ । यी रिट निवेदक लेनिन विष्ट राहदानी ऐन, २०२४ बमोजिम राहदानी लिन योग्य भई निजले ऐनबमोजिम नेपाली नागरिकको हैसियतले परराष्ट्र मन्त्रालयअन्तर्गत राहदानी शाखाबाट राहदानी नं. ०७८४१०५४ को राहदानी प्राप्त गरिसकेको देखिन्छ । निवेदकले प्राप्त गरेको राहदानीको अवधि व्यतित भइसकेको अवस्थासमेत देखिँदैन । त्यसैगरी राहदानी ऐन, २०२४ को दफा ३ मा **"विदेश यात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ । सोबाहेक विदेश जान अन्य कुनै सर्त बन्देज राहदानी ऐन, २०२४ ले लगाएको देखिँदैन । त्यसैगरी राहदानी नियमावली, २०६७ को नियम १०(१) मा राहदानी तथा अध्यागमनसम्बन्धी कसुरमा कानूनबमोजिम मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगिरहेको, बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानूनबमोजिम कालोसूचीमा परेको, भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोगमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगिरहेको, मानव बेचबिखन वा अपहरण वा लागु औषधको कारोबारसम्बन्धी कसुरमा मुद्दा चलिरहेको वा अदालतबाट कसुरदार ठहर भई सजाय भोगी रहेको, अदालतबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न आदेश भएको र कानूनबमोजिम राहदानी रोक्का राख्ने वा जारी नगर्ने व्यवस्था भएकोमा राहदानी जारी गर्न इन्कार गर्न सक्ने आधारहरू उल्लेख भएको देखिन्छ । उल्लिखित अवस्थाबाहेकमा राहदानी जारी गर्नलाई इन्कार गर्न मिल्ने व्यवस्था रहेको पाइँदैन । राहदानी नियमावलीले राहदानी जारी गर्न इन्कार गर्न सकिने भनी तोकेको कुनै पनि आधार यी निवेदकको हकमा विद्यमान रहेको देखिँदैन । राहदानी प्राप्त गर्न योग्य व्यक्ति राहदानीमा उल्लेख भएको देश भ्रमण गर्न योग्य हुने नै देखिन्छ । कानूनबमोजिम जारी भई अवधि बाँकी रहेको राहदानीको आधारमा कानूनबमोजिम भिसा प्राप्त गरी इच्छा गरेको मुलुकको भ्रमण गर्न पाउने नै हुन्छ ।

११. हाम्रो देशमा विदेश जाने र आउने कार्यलाई व्यवस्थित गर्नको लागि अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ र अध्यागमन कार्यविधि, २०६५ विद्यमान रहेको अवस्था छ । अध्यागमन ऐन, २०४९ को दफा ३(६) मा **"नेपालबाट विदेश प्रस्थान गर्ने वा आउने नेपाली नागरिकहरूको प्रस्थान तथा आगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ"** भनी उल्लेख भएको छ । अध्यागमन नियमावली, २०५१ को नियम १४ मा नेपालबाट प्रस्थान गर्न विभाग वा अध्यागमन कार्यालयले रोक लगाउन सक्ने कुरालाई व्यवस्थित गरिएको छ । जसअनुसार नियम १४(क) मा **"वैध राहदानी र प्रस्थान गर्ने भएको देशमा प्रवेश गर्नको लागि भिसा नभएको"** र नियम १४(ख) मा **"नेपालबाट प्रस्थान गर्नबाट रोक लगाउनको लागि कुनै अधिकारप्राप्त अधिकारीबाट कारणसहितको जानकारी प्राप्त हुन आएका व्यक्तिलाई"** प्रस्थान गर्न रोक लगाउन सक्ने भनी उल्लेख भएको पाइन्छ । निवेदकलाई दिएका पत्रमा अधिकारप्राप्त अधिकारीबाट आदेश आएको भन्ने छैन । उक्त व्यवस्थाको अतिरिक्त अध्यागमन विभागबाट जारी भएको अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को ३.१ मा नेपाली नागरिकलाई प्रस्थान

अनुमति दिँदा अवलम्बन गर्नुपर्ने कार्याविधि तोकेको पाइन्छ । जसअनुसार ३.१(१)(क) मा **"राहदानी, प्रस्थान फाराम, हवाईमार्गको प्रस्थान विन्दु भए यात्राको बोर्डिङ पास यात्रुबाट प्राप्त गर्ने",** ३.१(१)(ख) मा **"राहदानी र On Arrival Visa नपाउने देश गन्तव्यस्थल भए सो देशको भिसा वैध छ वा छैन परीक्षण गर्ने",** ३.१(१)(ग) मा **"प्रस्थान फाराममा सबै विवरण भरिएका छन् वा छैनन् हेर्ने",** ३.१(१)(घ) मा **"प्रस्थान निषेध गरिएको व्यक्ति हो, होइन यकिन गर्ने",** ३.१(१)(ङ)मा **"सबै विवरण ठिक भए प्रस्थान स्टिकर टाँस गरी प्रस्थान छापसमेत लगाई प्रस्थान अनुमति दिने"** भनी, ऐ. ३.१(२)(घ) मा **"पर्यटकीय वा अन्य प्रयोजनमा जाने नेपालीहरूका लागि म्याद भएको वैध राहदानी र यात्रा प्रयोजनसम्बन्धी भिसा, द्वितर्फी हवाई टिकट, खर्च बेहोर्ने व्यक्त वा संस्थाको सबै बेहोरा खुलेको पत्र वा साथमा न्यूनतम ५०० अमेरिकी डलर वा सो बराबरको विदेशी मुद्रा सटही गरेको प्रमाण"** र ऐ. ३.१(३) मा **"पेस भएको राहदानी वा भिसा वा यात्रासम्बन्धी अन्य कागजात वैध नभएमा / शंकास्पद भएमा निजलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया अघि बढाउने र निजलाई प्रस्थान अनुमति नदिने"** भनी उल्लेख भएको पाइन्छ । त्रि.वि. अध्यागमन कार्यालयले जारी गरेको माथि उल्लिखित पत्र तथा विपक्षीहरूले पेस गरेको लिखित जवाफमा रिट निवेदक लेनिन विष्ट राहदानी ऐन, २०२४ को दफा ३, राहदानी नियमावली, २०६७ को नियम १०(१), अध्यागमन नियमावली, २०५१ को नियम १४ र अध्यागमन कार्यविधि, २०६५ को परिच्छेद ३ को ३.१ बमोजिम विदेश जान अयोग्य भएको कारणबाट प्रस्थानको लागि अनुमति नदिएको भन्नसकेको अवस्थासमेत देखिँदैन । यसरी कानूनको स्पष्ट अख्तियारीबेगर लेखिएको पत्रबाट निवेदकको विदेशमा सञ्चालित तालिममा सहभागी हुन पाउने हक खोसिएको स्पष्ट देखियो ।

१२. विपक्षीहरूबाट पेस गरिएको लिखित जवाफमा माथि उल्लिखित त्रि.वि. अध्यागमन कार्यालयको पत्रको अतिरिक्त अन्य दुई जिकिरहरू पनि लिएको देखिन्छ । तीमध्ये पहिलो, रिट निवेदक बैंकक जान लागेको भनिएको कार्यक्रम "सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धन गर्ने विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गृह मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने विषयहरू हुन् । रिट निवेदकले कार्यक्रममा सहभागी हुन जान लागेको विषयमा गृह मन्त्रालयबाट कुनै प्रकारको जानकारी, सिफारिस, समन्वय वा स्वीकृति प्राप्त गरेका छैनन्" भन्ने कुरा जहाँसम्म छ, उक्त लिखित जवाफमा रिट निवेदकलाई बहिर्गमित अयोग्य लडाकु भनिएकै छ, यस्तो लडाकुले आफू र सहयोद्धाहरूको विषयमा अर्थात् सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धनको विषयमा देशभित्र वा बाहिर कुरा गर्न नपाउने भन्ने हुँदैन । सो विषयमा कुनै अभिव्यक्ति दिनुअघि गृह मन्त्रालयलाई जानकारी दिनु पर्ने वा सो मन्त्रालयको सिफारिस, समन्वय वा स्वीकृति लिनुपर्ने बाध्यता संविधान वा कानूनले गरेको देखिँदैन । नागरिक स्वतन्त्र छन्, सार्वभौम, र अधिकार सम्पन्न छन् भन्नुको अर्थ संविधान र कानूनले स्पष्टतः रोक नलगाएको विषयमा आफ्नो विचार राख्न स्वतन्त्र छन् भन्नु पनि हुन्छ । यसमा कसैलाई पूर्वजानकारी दिनुपर्ने वा सहमति लिनुपर्ने हुँदैन । यसो भन्नुसम्म पनि विचार र अभिव्यक्तिलाई कार्यकारणीको इच्छा र मर्जिमा राख्नु हुन्छ जुन लोकतन्त्रमा होइन पुलिस राज्यमा मात्र सम्भव हुन्छ । तसर्थ लिखित जवाफमा लिइएको सो जिकिर कुनै किसिमले पनि संविधानसम्मत देखिँदैन ।

१३. जहाँसम्म **"तत्कालीन लडाकुहरूको संगठनका संस्थापक एवम् अन्य सदस्यहरूसमेत १५ जनाबाट निजका विरूद्ध आवश्यक कारबाही हुन भनी गृह मन्त्रालयमा उजुरी परेको देखिन्छ । सो उजुरीउपर सम्बद्ध अधिकारीहरूबाट थप बुझ्नु पर्ने**

भएको हुँदा प्रस्थान अनुमति नदिइएको हो" भन्ने गृह मन्त्रालयको लिखित जवाफमा उल्लेख भएको कुरा छ, सोबारेमा कम्तीमा पनि दुई कुराहरू भन्न सकिन्छ । प्रथमतः सो कुरा त्रि.वि. अध्यागमनको कार्यालयको पत्रमा नपरेको हुँदा पछिबाट उठेको विचार (After thought) हो, र दोस्रो, बहिर्गमित लडाकुहरूको उजुरी परेको भन्ने विषयमा कुनै कानूनी कारबाही चलेको वा कुनै आधिकारिक निकायबाट निवेदकलाई कुनै म्याद वा सूचना जारी गरिएको भन्ने जिकिर हालसम्म पनि छैन । जबसम्म कानूनद्वारा अख्तियार प्राप्त निकायले कुनै कानूनी कारबाही सुरू गरी कानूनको अख्तियारीभित्र रही विदेश यात्रालाई रोक्दैन तबसम्म यस्तो यात्रा रोक्न मिल्दैन । अध्यागमन नियमावली, २०५१ को नियम १४ को अवस्था छ भन्ने देखिएको अवस्था यहाँ छैन । तसर्थ गृह मन्त्रालयको लिखित जवाफमा उल्लिखित उक्त जिकिरहरू कानूनसम्मत देखिँदैनन् ।

१४. अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने सुरूमा उल्लिखित दोस्रो प्रश्नतर्फ हेर्दा रिट निवेदक सशस्त्र द्वन्द्वको समयमा विद्रोही पक्षका बालसेना भएको कुरा रिट निवेदन तथा विपक्षीहरूबाट पेस भएको लिखित जवाफसमेतबाट पुष्टि भएको देखिन्छ । निज बैंककमा तालिममा भाग लिन जाने विषय सशस्त्र द्वन्द्व, द्वन्द्वोत्तर शान्ति, राहत, शान्ति प्रबर्द्धनसँग सम्बन्धित रहेको देखिन्छ । यस्ता विषयमा तालिममा भाग लिन जानको लागि कुनै कानूनबाट रोक लगाएको देखिँदैन । अध्यागमन कार्यालयबाट निवेदकलाई दिइएको पत्रमा पनि यो कानूनी आधारमा रिट निवेदकलाई बैंककमा हुने तालिममा जान अनुमति दिन नमिल्ने भनी स्पष्ट गर्न सकिएको पनि देखिँदैन । यस्तो अवस्थामा गृह मन्त्रालय वा सम्बद्ध निकायलाई जानकारी वा सहमति नलिएको भनी विपक्षीहरूबाट रिट निवेदकको विरूद्धमा भएको उक्त कार्य नेपालको संविधानको धारा १७, १८ र २० ले प्रदान गरेको मौलिक हकाधिकार तथा देवानी कार्यविधि संहिता, २०७४ को दफा ७, १७, १८ र २० ले प्रदान गरेको नागरिक हकाधिकार र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १२(२) र (३) ले नागरिकलाई प्रदान गरेको अधिकारसमेतको विरूद्धमा रहेको देखिन आयो । यसर्थ निवेदकलाई विदेश जान रोक लगाएको अध्यागमन कार्यालयको मिति २०७५।५।८ को पत्रको औचित्य समाप्त भए तापनि यहाँ जे जस्ता प्रश्नहरू उठेका छन्, कानूनबमोजिम चाहिने सबै दस्तावेजहरू लिई विदेश जान विमानस्थलमा पुगी सबै प्रक्रिया पूरा गरेको नागरिकलाई जे जसरी विदेश जानबाट गैरकानूनी रूपमा रोकिएको छ, यसबाट संविधान प्रदत्त नागरिक हक र सरकारको अधिकारबिच स्पष्ट सीमा रेखा कोर्नु लोकतन्त्रको दिगो संरक्षण एवम् सम्बर्द्धनको निम्ति जरूरी देखिएको तथा भविष्यमा पनि गैरकानूनी रूपमा अधिकार खोसिन सक्ने सम्भावनासमेतलाई मध्यनजर गर्दै सरकारी निकायहरूले नागरिकउपर गर्नुपर्ने व्यवस्थासमेतको लागि मार्गदर्शन गर्नु जरूरी देखिएकोले निवेदकलाई माथि विवेचित कानूनबमोजिम विदेश जान अयोग्य नभएको स्थितिमा विदेश जानबाट नरोक्नु भनी विपक्षीहरूको नाउँमा प्रतिषेधको आदेश र राहदानी र प्रवेशाज्ञाबमोजिम विदेश भ्रमण गर्न दिनु, दिलाउनु भनी परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । आदेशको जानकारी विपक्षी नं. ३ बाहेकका अन्य विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत दिई प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की
इति संवत् २०७६ साल कार्तिक १४ गते रोज ५ शुभम् ।

निर्णय नं. १०३८९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७५।१०।५
०७३-CI-०५६८

मुद्दाः- उत्प्रेषण / परमादेश

पुनरावेदक / रिट निवेदक : भक्तपुर जिल्ला साबिक चपाचो गाउँ विकास समिति वडा नं.६ को परिवर्तित हाल मध्यपुर ठिमी नगरपालिका वडा नं.१० बस्ने न्हुच्छेबहादुर खड्गीसमेत

विरूद्ध

प्रत्यर्थी / विपक्षी : मध्यपुर ठिमी नगरपालिका कार्यालय, मध्यपुर ठिमी, भक्तपुरसमेत

- **कुनै व्यक्ति लामो समयदेखि घर बनाई कुनै स्थानमा बसिरहेको छ, निजको सोभन्दा बाहेक अन्य स्थानमा स्थायी प्रकृतिको बसोवास छैन, स्ववासीका आधारमा नेपालको कानूनबमोजिम निजको अधिकार सिर्जना गर्दछ भने त्यस्तो व्यक्तिको तथा स्ववासी जग्गाको समेत सन्तुलित रूपमा संरक्षण गर्नु राज्यको कर्तव्य हुने।**
- **स्ववासीको नाममा केही समयदेखि कब्जा गरी बसेका तथा परापूर्वकालदेखि बसोवास गरी आएका बिचको अधिकारमा भिन्नता हुन्छ। कुनै जग्गा हाल कब्जा गरी बस्ने तथा परापूर्वकालदेखि नै सन्तान दरसन्तानदेखि बसोवास गरी आएकालाई एकै कसीमा राख्न नमिल्ने।**
- **चिरभोगको आधारमा कानूनबमोजिम आवासको व्यवस्थाको संरक्षण गर्नु पनि अदालतको कर्तव्य हुन आउने।**

(प्रकरण नं.३)

- **कानूनबमोजिम लामो समयदेखि वासस्थान बनाई स्ववासी रूपमा प्रयोग गरी रहेको घरले चर्चेको जग्गाहरू र सार्वजनिक जग्गा छुट्टिने प्रमाण बुझी निर्णय गर्नुपर्ने।**

(प्रकरण नं.४)

पुनरावेदक / रिट निवेदकका तर्फबाट : वरिष्ठ अधिवक्ताद्वय श्री रामप्रसाद भण्डारी 'सम्भव' र श्री राजन ढुंगाना

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री उद्धव पुडासैनी, वरिष्ठ विद्वान् अधिवक्ता श्री दुर्गामोहन श्रेष्ठ, श्री शशिचन्द्र विष्ट

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- जग्गा नापजाँच ऐन, २०१९

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री जीवनहरि अधिकारी
माननीय न्यायाधीश श्री युवराज सुवेदी
पुनरावेदन अदालत, पाटन

आदेश

न्या.अनिलकुमार सिन्हा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(क) तथा ३३ नं. बमोजिम यस अदालतमा निवेदकहरूको तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

तथ्य खण्ड

हामी निवेदकहरूको पितापुर्खाको पालादेखि नै हकभोग चलन गरी निज पुर्खाहरूले नै घरसमेत

बनाई निरन्तर बसोवास गरी आएको भक्तपुर जिल्ला, मध्यपुर नगरपालिका वडा नं. १० अन्तर्गतको हाल नापीमा कायम भएअनुसार निवेदक न्हुच्छेबहादुर खड्गीको हकभोगको घरजग्गा हाल कि.नं. ५१ को पूरै र कि.नं. ४९ मध्येबाट आधा, निवेदक बेखानारायण साहीको हकभोगको घरजग्गा हाल कि.नं. ६० को पूरै र कि.नं. ५९ मध्येबाट, निवेदक कृष्णकुमारीको हकभोगको घरजग्गा हाल कि.नं. ४९ मध्येबाट आधा र निवेदक बुद्धरत्न खड्गीको हकभोगको घरजग्गा हालको कि.नं. ५२ अन्तर्गत परी नापनक्सासमेत भएको हामीहरूको स्ववासी घर र सोले चर्चेको लिग-लगापातसमेतका घरजग्गा दर्ता गरी पाउन हामीले मिति २०६४।२।१६ मा विपक्षी नापी गोश्वारा कार्यालयमा निवेदन दिई कारबाही रहिरहेकोमा हाल उक्त केही घरहरू भत्किई पाताल भइरहेकोमा विपक्षी सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समिति नामक संस्थाका पदाधिकारीसमेतका विपक्षीहरूले दाबीको घरजग्गा पर्ती घरजग्गा हो भनी दाबी गरेको कारण विवाद भएकोले सो सम्बन्धमा विपक्षी मध्यपुर ठिमी नगरपालिका वडा नं.१० वडा समितिको कार्यालयबाट मिति २०७१।९।२७ मा सर्जमिन मुचुल्का हुँदा विपक्षी सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समितिले आफ्नो प्रभावमा पारी दाबीको घरजग्गा पर्ती हो भन्ने सर्जमिन बेहोरा लेखाई अन्य वडाका मानिसहरूलाई सहिछाप गर्ने गराउने कार्य गरेको र सोही गैरकानूनी सर्जमिन मुचुल्काको आधार देखाउँदै विपक्षी मध्यपुर ठिमी नगरपालिका कार्यालयबाट दाबीको जग्गाको सम्बन्धमा यस कार्यालयबाट मिति २०७२।६।६ मा भएको आदेशबमोजिम सार्वजनिक जग्गा भएकोले सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व यस नगरपालिकाको हुने हुँदा मागदाबीअनुसार प्रमाणित तथा सिफारिस दिन नसकिने भन्ने बेहोरा पत्र मिति २०७२।६।११ मा विपक्षी मध्यपुर ठिमी नगरपालिका वडा नं.१० को कार्यालयलाई जानकारी गराइएको कुरा थाहा जानकारी हुन आएको हुँदा निज विपक्षीहरूबाट भएको उक्त कार्यहरूबाट हामी निवेदकहरूलाई नागरिक अधिकार ऐन, २०१२ ले प्रत्याभूत गरेको कानूनी अधिकार एवं नेपालको संविधानको धारा २५ समेतले प्रत्याभूत गरेको सम्पत्तिसम्बन्धी मौलिक हकमा प्रत्यक्ष आघात पार्ने कार्य भएको प्रस्ट हुँदा उक्त गैरकानूनी कार्य बदर गरी विपक्षी मध्यपुर ठिमी नगरपालिका कार्यालय, ऐ. को १० नं. वडा कार्यालय र दाबीको जग्गादर्ता गरी जग्गाधनी प्रमाणपुर्जा दिनु भनी विपक्षी नापी गोश्वारा कार्यालय ठिमी भक्तपुर, मालपोत कार्यालय, भक्तपुरसमेतको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने मिति २०७२।९।१२ को निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.५, ६ र ७ को हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनमार्फत र अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो कानूनी प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी रीतपूर्वक तामेल गराई लिखित जवाफ परे वा अवधि व्यतित भएपछि पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।१६ मा भएको आदेश।

विपक्षीले रिट निवेदनमा उल्लेख गरेको विवादित कित्ता नम्बरको जग्गा सम्बन्धमा यस कार्यालयबाट भएको कुन निर्णयले विपक्षीको हक अधिकारमा असर पर्न गयो भन्ने कुरा रिट निवेदनमा उल्लेख नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय भक्तपुरको तर्फबाट प्रमुख मालपोत अधिकृतको मिति २०७२।१२।१६ को लिखित जवाफ।

वादीले दाबी गरेको स्ववासी घर पाताल भएको भनिएको जग्गा सार्वजनिक पर्ती भएको पुष्टि भएको छ । विवादित जग्गाको सम्बन्धमा सिफारिस दिने, नदिने कार्य नगरपालिकाको हुने र मध्यपुर ठिमी नगरपालिकासमेतलाई वादीले विपक्षी बनाएको देखिँदा सो मुद्दासम्बन्धी विस्तृत बेहोरा त्यहाँबाट पेस हुने नै भएकाले वादीको दाबी खारेज गरिपाउँ भन्ने नापी कार्यालय भक्तपुरको मिति २०७२।१२।२४ को लिखित जवाफ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ञ)(३) अनुसार सार्वजानिक पर्ती जग्गाको संरक्षण गर्ने दायित्व नगरपालिकाको हुने हुँदा माग दाबीअनुसार प्रमाणित तथा सिफारिस गर्न मिलेन भनी मिति २०७२।६।६ मा निर्णय भएकोमा सो निर्णय बदरको दाबी नलिई केवल २०७२।६।११ को पत्रलाई मात्र बदरमा दाबी गरेकोले दाबी नै नभएको निर्णय बदर हुन सक्दैन। साबिकदेखि भोगचलन गरी आएको घरसम्म स्ववासीमा दर्ता हुने हो। विपक्षी निवेदकहरूले निवेदन माग दाबी गरेको कि.नं.४९ र ५९ को छुट्टै कित्ता कायम भई नापनक्सा भएको सार्वजनिक पर्ती जग्गा माग दाबीबमोजिम स्ववासी जग्गा कायम भई विपक्षीहरूको नाममा दर्ता हुन सक्दैन। साथै स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनको दफा ९६(१)(ञ)(३) ले तोकेको कर्तव्यबमोजिम यस नगरपालिकाबाट कानूनबमोजिम भएको निर्णय विपक्षीहरूको निवेदन माग दाबीका आधारमा बदर हुन सक्दैन । विपक्षीहरूको निवेदन खारेज गरिपाउँ भन्ने मध्यपुर ठिमी नगरपालिकाको कार्यालय, ऐ.का प्रमुख एवं कार्यकारी अधिकृत भुपेन्द्र सापकोटा, ऐ.का १० नं. वडा कार्यालय र ऐ. वडा कार्यालयका सचिवसमेतको मिति २०७३।२।२३ को संयुक्त लिखित जवाफ।

सरकारी पर्ती जग्गामा केही मानिसले अनधिकृत रूपमा हाल आएर स-साना कच्ची घर टहरा बनाएकै कारण सो घरटहराले ओगटेको जग्गामा स्वामित्व प्राप्त गर्न सक्दैन । नापीले टहरा देखाएकै अवस्थामा समेत पर्ती जग्गामा बनेको घरटहराले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। जब सार्वजनिक जग्गा हो भन्ने देखिन्छ सो अवस्थामा सम्बन्धित निकायलाई झुक्याई वा कुनै प्रकारले कसैले जग्गा दर्ता गरिसकेको अवस्था रहेछ भने पनि सो दर्ता बदर भई सार्वजनिक नै कायम हुने र सो अधिकार स्थानीय प्रशासन ऐनले सम्बन्धित प्रमुख जिल्ला अधिकारी र मालपोत कार्यालयलाई प्रदान गरेको अवस्थामा विपक्षीले कुनै बेहोराले प्रमाण बेगर कुनै सिफारिस लिएको वा कुनै अनधिकृत प्रमाण खडा गरेको कुनै कागज वा कुराले कुनै महत्त्व राख्दैन । अतः सार्वजनिक पर्ती जग्गा आफ्नो नाममा कायम गर्ने उद्देश्यका साथ पर्न आएको विपक्षीको निवेदन खारेज गरिपाउँ भन्ने सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समिति, सिद्धिकाली मन्दिर मध्यपुर ठिमीका अध्यक्ष श्रीकृष्ण प्रजापतीसमेत जना ८ को वारेस एवं सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समितिबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का सचिव नाइराम प्रजापतीको मिति २०७३।२।२३ को संयुक्त लिखित जवाफ।

२०६४ को नापी आउँदाकै समयमा कृष्णनारायण खड्गी, विष्णु खड्गीलगायतका मानिसहरूले हाल नापीबाट कि.नं. ४९ कायम गरेको जग्गा सार्वजनिक पर्ती हो, सोहीबमोजिम कायम होस् भनी निवेदन दिएका थिए । कि.नं. ५० कायम गरेको घरटहरा भन्दा पछाडि हुँदै कि.नं. ४६, ४७ हुँदै मूलबाटोमा निस्कने बाटोको रूपमा प्रयोग भई आएको जग्गा हाल आएर विपक्षीहरूले सरकारी पर्ती जग्गामा केही मानिसले अनधिकृत रूपमा स-साना कच्ची घरटहरा बनाएकै कारण सो घरटहराले ओगटेको जग्गामा स्वामित्व प्राप्त गर्न सक्दैन। नापीले टहरा देखाएकै अवस्थामा समेत पर्ती जग्गामा बनेको घरटहराले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । जब

सार्वजनिक जग्गा हो भन्ने देखिन्छ सो अवस्थामा सम्बन्धित निकायलाई झुक्याई वा कुनै प्रकारले कसैले जग्गा दर्ता गरिसकेको अवस्था रहेछ भने पनि सो दर्ता बदर भई सार्वजनिक नै कायम हुने र सो अधिकार स्थानीय प्रशासन ऐनले सम्बन्धित प्रमुख जिल्ला अधिकारी र मालपोत कार्यालयलाई प्रदान गरेको अवस्थामा विपक्षले कुनै बेहोराले प्रमाणबेगर कुनै सिफारिस लिएको वा कुनै अनधिकृत प्रमाण खडा गरेको कुनै कागज वा कुराले कुनै महत्त्व राख्दैन । अतः सार्वजनिक पर्ती जग्गा आफ्नो नाममा कायम गर्ने उद्देश्यका साथ पर्न आएको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको गणेशबहादुर प्रजापतीसमेत जना २६ को वारेस भई आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने चन्द्रकृष्ण प्रजापतीको मिति २०७३।२।२३ को लिखित जवाफ ।

स्ववासी जग्गा दर्ता प्रक्रियाअनुसार जग्गा दर्ताको लागि निवेदनसँग उक्त जग्गासम्बन्धी आफ्नो स्ववासी हक पुष्टि हुने प्रमाण स्थानीय निकायको सिफारिस पेस हुनुपर्ने र निवेदकको नामबाट पछि २१ दिने सूचना जारी भएपश्चात् अरू अन्यबाट दाबी विरोध परे नपरेको देखी स्थलगत सर्जमिन मुचुल्कासमेत गरी उक्त जग्गा निवेदकको नै स्ववासी भोग भएको जग्गा प्रमाणित हुन जाने भएकोले ती सम्पूर्ण प्रक्रियापश्चात् निवेदकको नाममा जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ को उपदफा ५ बमोजिम दर्ता हुने हुँदा वादीले सो प्रक्रिया पूरा नगरेकोले निजको आरोप औचित्यहीन हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने नापी कार्यालय, भक्तपुर २ नं. नापी टोली नयाँ ठिमीको मिति २०७३।०३।०५ लिखित जवाफ ।

निवेदकहरूले जग्गा दर्ता गरिपाउँ भन्ने निवेदन विभिन्न निकायमा दिएका आधारमा मात्र कसैको भोग, हक अधिकार वा स्वामित्व भएको भन्ने प्रमाणबाट स्वतः स्थापित हुन्छ भन्ने अवस्था रहन्न । कानूनको रीत पुर्‍याएर साधिकार निकायमा निवेदन गरेका बखत कानूनबमोजिम कारबाही हुने नै भएकाले प्रस्तुत विवादमा निवेदन मागबमोजिमको कुनै आदेश जारी गर्ने अवस्था देखिएन । निवेदकहरूले स्ववासी जग्गा दर्ता गर्ने सिलसिलामा सर्जमिनका व्यक्तिहरूले सार्वजनिक जग्गा भनी लेखाएको र सोही आधारमा नगरपालिकासमेतले सिफारिस नदिएको भन्ने उल्लेख गरी प्रस्तुत निवेदन लिई आएको देखिएको, निवेदनसाथ निवेदकले दाबी गरेको स्ववासी घर जग्गा हो भनी कुनै प्रमाण पेस गरेको अवस्था देखिँदैन । स्थानीय निकायले सम्बन्धित क्षेत्रका स्थानीय व्यक्तिहरूको सर्जमिनसमेत बुझिएको आधारमा सिफारिस गर्ने हुँदा सर्जमिनका सम्पूर्ण व्यक्तिहरूले सार्वजनिक जग्गा हो भन्ने उल्लेख गरेको र निवेदकहरूको हक भोग तथा अधिकारको कुनै प्रमाण नदेखिएको स्थितिमा निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।१२ गते भएको आदेश ।

हामी निवेदकहरूको पिता पुर्खाले नै आजभन्दा करिब ३०० वर्षभन्दा पनि धेरैअघिदेखि भोग चलन गरी घरसमेत बनाई निरन्तर बसोवास गरी आएको उक्त हामीहरूको स्ववासी घर जग्गालाई हाल आएर विपक्षी सिद्धिकाली क्षेत्र विकास समितिका पदाधिकारीसमेतका विपक्षीहरूले पर्ती जग्गा भनी विवाद खडा गरेकोले वडा नं. १० को कार्यालयबाट मिति २०७१।९।२७ मा सर्जमिन मुचुल्का खडा गर्दा उपस्थित व्यक्तिहरूलाई डर धाक धम्की दिई निजहरूले भनेका मान्ने मानिसहरूलाई मात्र हाम्रो घर, आँगन, पर्खाल र लिगलगापातबाहेकलाई पर्ती बेहोरा लेखाई सहिछाप गराउन बाध्य बनाएको र उक्त गैरकानूनी सर्जमिन मुचुल्कालाई नै आधार देखाउँदै विपक्षी मध्यपुर ठिमी नगरपालिकाबाट हामी निवेदकहरूको निवेदन मागबमोजिम सिफारिस नदिई

उल्टै उक्त हामीहरूको स्ववासी घर जग्गा नै पर्ती भन्ने सर्जमिन मुचुल्का भई आएकोले उक्त घर जग्गा पर्ती सार्वजनिक नै भएको भनी मिति २०७२।६।६ मा आदेश भएको भन्दै विपक्षी वडा नं. १० को वडा समितिको नाममा मिति २०७२।६।११ मा पत्राचारसमेत गरेको विपक्षीहरूको उल्लिखित सम्पूर्ण काम कारबाहीहरू पूर्ण रूपले गैरकानूनी एवं असंवैधानिक रहेको प्रस्ट हुँदा उल्लिखित गैरकानूनी कार्यहरू उत्प्रेषणको आदेशद्वारा तत्काल बदर गरी, दाबीको हामी निवेदकहरूको पिता पुर्खाको पालादेखिको स्ववासी घर जग्गा र सोले चर्चेको लिग-लिगापातसमेतको हकमा निवेदन मागबमोजिम सिफारिस दिनु भन्ने र जग्गा नाप जाँच भएको धेरै वर्षसम्म पनि हामी निवेदकहरूको निवेदन मागबमोजिमको जग्गा दर्तातर्फ कुनै कारबाही नगरी वर्षौंसम्म अनावश्यक रूपमा झुलाई राख्ने विपक्षी नापी गोश्वारा कार्यालय, गङ्गाघर, हाल ठिमी, नापी शाखा कार्यालय भक्तपुर तथा मालपोत कार्यालय भक्तपुरसमेतलाई निवेदकहरूको निवेदक मागबमोजिम विवादित घर जग्गाहरू दर्ता सम्बन्धमा कानूनबमोजिम तत्काल निर्णय गर्नु भनी परमादेशसमेतको आदेश जारी गर्नु पर्नेमा सो नगरी निवेदकहरूको साबिकदेखिको हक भोगको प्रमाणहरूलाई हेर्दै नहेरी उल्टै निवेदकहरूको हक भोग अधिकारको कुनै प्रमाण नदेखिएकोले मागबमोजिम आदेश जारी गर्न मिलेन भन्ने सम्मानित पुनरावेदन अदालत पाटनको उक्त मिति २०७३।४।१२ को आदेश / फैसला, उल्लिखित आधार प्रमाण एवं कानूनी व्यवस्थाको अतिरिक्त यसै सम्मानित अदालतबाट ने.का.प. २०६६ नि.नं. ८१२५ पृ.६२० तथा ०६१ सालको दु.पु.नं. ९१६१ फैसला मिति ०६६।१०।१७ फैसलाको नक्कल यसै साथ छ) समेतमा प्रतिपादित कानूनी सिद्धान्तहरूसमेतको पूर्णविपरीत भई तत्काल बदर / उल्टी भागी रहेको प्रस्ट हुँदा उक्त गैरकानूनी आदेश / फैसला तत्काल बदर / उल्टी गरी हामी निवेदकहरूको पिता पुर्खाको पालादेखिको स्ववासी घर जग्गाको हकमा हामी निवेदकहरूको सुरू रिट निवेदन एवं प्रस्तुत पुनरावेदन जिकिरबमोजिम उत्प्रेषणयुक्त परमादेशसमेतको आदेश जारी गरी पूर्ण न्याय पाउँ भन्नेसमेत बेहोराको न्हुच्छेबहादुर खड्गीसमेतको पुनरावेदन पत्र।

यसमा निवेदकको घर भएको बेहोरा सर्भे नापीको नक्साबाट देखिन्छ। घर बनाउने स्रोत के हो स्ववासी हो होइन भन्ने निर्णय प्रमाणबाट विश्लेषण भई आदेश गर्नुपर्नेमा सोतर्फ विचार नगरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।१२ मा भएको आदेश फरक पर्ने देखिँदा मुलुकी ऐन अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७४।९।९ को आदेश।

निवेदकहरूले लगाएको आरोपपत्रमा स्थानीय निकायले सिफारिस नदिएको भनी उल्लेख गरेको देखिन्छ। सिफारिसबिना स्ववासी जग्गा दर्ता गर्ने कुनै प्रावधान नरहेको र स्ववासी जग्गा दर्तामा दोधार रहेकोले निवेदकले लगाएको आरोप भ्रमात्मक देखिन्छ। स्ववासी जग्गा दर्तामा स्थानीय निकायको सिफारिस र सर्जमिन मुचुल्का, त्यसमा स्थानीय निकायको प्रतिनिधिको रोहवर अनिवार्य हुन जान्छ। उक्त बसोवास क्षेत्रको नापनक्सा २०२१ सालको सर्भेमा नापनक्सा नभएको उक्त क्षेत्रमा २०६२ देखि २०६४ सम्म नापनक्सा भई २०६४ सालमा सात दिने सूचना प्रकाशित भएको र सोही म्यादभित्र निवेदकहरूले निवेदनसँग नागरिकताको फोटोकपी मात्र राखी निवेदन दर्ता भएको देखिन्छ। स्ववासी जग्गा दर्ता प्रक्रिया स्थगित रहेको अवस्थामा श्री सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समितिको मिति २०७१।१०।२ को पत्रबाट उक्त जग्गा सार्वजनिक जग्गा संरक्षण गरिपाउँ भनी पत्रबाट दाबी पर्न आएकोले पछि स्ववासी दर्ताका दुविधा हटेपछि उक्त जग्गाको सत्य पहिचान गर्न मद्दत पुग्ने हुँदा फिल्डबुकको कैफियतमा रोक्का जनाई

राखेको देखिन्छ भन्नेसमेत बेहोराको नापी कार्यालय, भक्तपुर २ नं. नापी टोलीले मिति २०७४।१२।०८ मा यस अदालतमा पेस गरेको लिखित जवाफ।

जुन जग्गामा हक अधिकार आघात परेको भनी माग दाबी लिएको हो सो जग्गामा आफ्नो स्वमित्व भएको कुनै प्रमाण नै पेस गर्न नसकेको कारण विपक्षलाई सो विषयमा निवेदन गर्ने हकदैया नै नभएको । विवादित जग्गा विपक्षको नाममा दर्ता नभएको मात्र नभई विपक्षको नाममा नाप नक्सासमेत नभएको । स्थानीय निकायले घरजग्गा दर्ताको लागि सिफरिस नगरी आफ्नो अधिकारमा आघात पारेको भन्ने मूल दाबी भएकोमा दर्ताको लागि सिफरिस माग दाबी गरेको जग्गा निवेदकको हो भन्ने देखिने ठोस प्रमाण निवेदकले पेस गर्न नसकेको र निवेदकसमेतको सहमतिमा स्थलगत निरीक्षण र सर्जमिन गर्ने भनी स्थानीय निकाय अर्थात् नगरपालिकाले गरेको सर्जमिनमा सबैले विवादित जग्गा सार्वजनिक भनी लेखाई दिएको। आफ्नो स्वामित्व नभएको सार्वजनिक पर्ती वा सरकारी जग्गामा अनधिकृत रूपमा कच्ची अस्थायी घर टहरा बनाउँदैमा जग्गामा स्वमित्व प्राप्त हुन नसक्नेसमेतका कारण विपक्षको पुनरावेदन पत्र खारेज गरिपाउँ भन्नेसमेत बेहोराको वा.स. नाइराम प्रजापती र वा.स. चन्द्रकृष्ण प्रजापतीले मिति २०७५।०१।२४ मा यस अदालतमा पेस गरेको एकै मिलानको छुट्टाछुट्टै लिखित जवाफ।

विवादित जग्गाहरू पुनरावेदकहरूकै पिता पुर्खाका पालादेखि निरन्तर रूपमा भोगचलन गरी आई तत्काल घरसमेत बनाई बसोवास गरी आएको कुरा मसमेतले देखे जाने बुझेको हुँदा मसमेतलाई प्रतिवादी बनाई दिएको प्रस्तुत पुनरावेदन मेरो हकमा खारेज गरिपाऊँ । उपर्युक्त उल्लेख गरेअनुसार विवादित जग्गामा पुनरावेदकहरूकै हकभोग चलनमा रही निजहरूकै घरसमेत रहेको हुँदा विपक्षी बनाउनै नपर्ने मसमेतलाई विपक्षी बनाई दायर गरेको निवेदनसमेतको आदेश फैसला कानूनबमोजिम गरी पूर्ण न्याय पाउँ भन्ने विष्णु खड्गीले यस अदालतमा मिति २०७५।३।८ गते गरेको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस भएको प्रस्तुत निवेदनसहित मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निवेदकहरूका तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ताद्वय श्री रामप्रसाद भण्डारी 'सम्भव' र श्री राजन ढुंगानाले विवादित जग्गाहरूमा बाजे-बराजुको पाला करिब ३०० वर्षअघिदेखि घर बनाई बसोवास गरी आएको कारण आफ्नो भएको हुँदा आफूले स्वामित्व प्राप्त गर्नु पर्नेमा प्रत्यर्थी सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समितिसमेतले उक्त जग्गा सार्वजनिक भनी उपभोग गर्न नदिएको र सार्वजनिक भनी सर्जमिनमा बोलेको कारण आफ्नो अधिकारमा आघात पर्न गएको कारण उत्प्रेषणसमेतको आदेश जारी गरिपाउँ भनी दिएको निवेदनमा पुनरावेदन अदालत पाटनले भएको प्रमाण नहेरी नक्सासमेत नगरी निवेदन खारेज गर्ने गरी भएको आदेश कानूनविपरीत भएको हुँदा सो बदर गरी रिट निवेदनमा माग दाबी लिएबमोजिम हुने ठहराई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री उद्धव पुडासैनीले यी पुनरावेदक छुट जग्गा दर्ता गर्न नभई स्ववासी भनी दर्ता गर्न आएको छ, स्ववासीको जग्गा दर्ता गर्ने पूर्वसर्तहरू छन्, तीमध्ये सर्जमिन एक मुख्य सर्त हो, सर्त पूरा नगरी दर्ता भएको भए सो पनि खारेज हुन्छ, स्ववासीका नाममा दर्ता हुने प्रक्रिया र कागज प्रमाण के-के हुन् भनी कानूनले तोकेबमोजिम हुने हुँदा विपक्षी निवेदकहरूको निवेदन बेहोरा झुट्टा हुँदा निवेदन खारेज गरी पुनरावेदन अदालतले गरेको आदेश सदर गरिपाउँ भनी र मध्यपुर थिमी नगरपालिकाको तर्फबाट वरिष्ठ विद्वान् अधिवक्ता श्री दुर्गामोहन श्रेष्ठले २०२१

सालमा नापी नभएको क्षेत्र भएकाले घर बनाएर बसेको देखिन्छ, घरबाहेकको जग्गा पर्ती सार्वजनिक हो भनी तथा सिद्धिकाली क्षेत्र संरक्षण तथा विकास समितिको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री शशिचन्द्र विष्टले हुलहुज्जतबाट सर्जमिन भएको होइन र त्यस क्षेत्रका टोलवासी, भजन गर्ने मानिसहरूको एउटै आवाज छ, त्यो जग्गा सार्वजनिक हो व्यक्तिको होइन भनी आ-आफ्नो बहस प्रस्तुत गर्नुभयो।

निर्णयतर्फ विचार गर्दा, साबिक पिता पुर्खाको पालादेखि घर बनाई निरन्तर बसोवास गरी आएको हाम्रो स्ववासी घरजग्गालाई विपक्षी सिद्धिकाली क्षेत्र विकास समिति एवं सोका पदाधिकारीहरूको कर, बल र प्रभावमा पारी अन्य विपक्षीहरूले समेत दाबीको घरजग्गालाई पर्ती जग्गा हो भन्ने बेहोरा उल्लेख भएको मिति २०७१।०९।२७ को सर्जमिन मुचुल्का, मध्यपुर ठिमी नगरपालिकाका कार्यकारी अध्यक्षसमेतले दाबीको घरजग्गालाई सार्वजनिक भनी मिति २०७२।०६।०६ मा गरेको आदेश एवं चपाचो गा.वि.स. वडा नं. ७, ८, ९ र १० को वडा कार्यालयको मिति २०७२।०६।११ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूको मागबमोजिम स्ववासी घरजग्गा नापी दर्ता गरी पाउन मिति २०६४।०२।१६ समेतमा नापी गोश्वारा कार्यालयमा निवेदन दिई नापी नक्सासमेत भइसकेकोमा हालसम्म जग्गाधनी प्रमाणपुर्जा नदिएकोले निवेदकहरूको नाउँको जग्गाधनी प्रमाणपुर्जा दिनु भनी परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी निवेदकहरूको निवेदन जिकिर रहेकोमा निवेदकहरूको दाबीमा रहेको स्ववासी घरजग्गा सार्वजनिक पर्ती भएको भन्ने पुष्टि भइरहेको छ । साबिकदेखि भोग चलन गरिआएको घरसम्म स्ववासीमा दर्ता हुने हो। स्रोतगत प्रमाणको अभावमा जग्गा स्ववासीमा दर्ता हुन सक्दैन । स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ञ)(३) ले पर्ती जग्गाको संरक्षण गर्ने जिम्मेवारी स्थानीय नगरपालिकाको हुन्छ भनी विपक्षीहरूले लिखित जवाफ पेस गरेको रहेछ।

स्थानीय निकायले सम्बन्धित क्षेत्रका स्थानीय व्यक्तिहरूको सर्जमिनसमेत बुझिएको आधारमा सिफारिस गर्ने हुँदा सर्जमिनका सम्पूर्ण व्यक्तिहरूले सार्वजनिक जग्गा हो भन्ने उल्लेख गरेको र निवेदकहरूको हक भोग तथा अधिकारको कुनै प्रमाण नदेखिएको स्थितिमा निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।१२ मा भएको आदेशउपर चित्त नबुझाई सो आदेश बदर गरी निवेदन मागबमोजिम गरिपाउँ भनी यस अदालतमा पुनरावेदन परेको देखियो।

अब, उच्च अदालत पाटनबाट भएको आदेश मिलेको छ वा छैन ? पुनरावेदक रिट निवेदक बुद्धरत्न खड्गीसमेतको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा पुनरावेदन अदालत पाटनबाट मिति २०७३।४।१२ मा आदेश हुँदा स्थानीय व्यक्तिहरूको मिति २०७१।९।२७ को सर्जमिनलाई आधार लिई सम्पूर्ण व्यक्तिहरूले सार्वजनिक जग्गा हो भन्ने उल्लेख गरेको भनिए तापनि सर्जमिनकै बेहोरा हेर्दा, **"भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. १० स्थित नापी नक्सा सिट नं. १०२-११९०-१३ को साबिक कि.नं. ५० मा परेको घरले चर्चेको लिग-लिगापातबाहेक, कि.नं. ५१ मा परेको घरले चर्चेको पर्खालबाहेक, कि.नं. ५२ मा परेको घरले चर्चेको घर आँगनबाहेक र कि.नं. ६० मा परेको घरले चर्चेको लिग-लिगापतबाहेकको दक्षिणपट्टिको जग्गा र कि.नं.५३ र ५९ समेतको सबै पर्ती जग्गा हो"** भनी गणेशबहादुर प्रजापतिसमेतका व्यक्तिहरूले बेहोरा लेखाई दिएको देखिन्छ । **"बुद्धरत्न खड्गीसमेतका व्यक्तिहरूका बाजे-बराजुको पालादेखि नै घरसमेत बनाई बसोवास गरी निरन्तर रूपमा भोगचलन**

गरी चर्ची आएको उक्त विवादित घरजग्गा हाल ७ नं. नापी टोलीबाट नापनक्सा हुँदा मध्यपुर ठिमी नगरपालिका वडा नं. १० को कि.नं. ५२, ६०, ५१ र ४९ समेत कित्ता कायम भई नापनक्सा भई हाल ऐ. नापी कार्यालयमा दर्ताको प्रक्रिया नै रहेको उक्त घर जग्गाहरू हालसम्म निजहरूले भोगी चर्ची आएका छन्, कुनै सार्वजनिक पर्ती जग्गा होइन" भनी चिनीबहादुर खड्गीसमेतका मानिसहरूले सोही सर्जमिन मुचुल्कामा आफ्नो बेहोरा लेखाई सहिछाप गरिदिएको समेत देखिन्छ । उक्त सर्जमिन मुचुल्कामा बेहोरा लेखाई सहिछाप गरिदिने मानिसहरूले कि.नं. ५१ समेतका कित्ता जग्गामा घरहरू र घरहरूले चर्चेको लिग-लिगापत भनी आफ्नो बेहोरा लेखाई दिएबाट निवेदकहरूको घरहरू रहेको कुरा स्वीकार गरेको देखियो । मध्यपुर ठिमी नगरपालिकाबाट मिति २०७२।६।११ मा भक्तपुर जिल्ला चपाचो गा.वि.स. वडा नं. ७, ८, ९ र १० को कार्यालयमा पत्राचार गर्दा मिति २०७२।६।६ मा भएको नगरपालिकाको आदेशानुसार सार्वजनिक जग्गाको संरक्षण प्रयोजनार्थ मागदाबीबमोजिम प्रमाणित तथा सिफारिस दिन नमिलेको भन्ने उल्लेख भएको पाइन्छ ।

३. प्रस्तुत विवाद व्यक्तिको आवासको विषयसँग पनि आबद्ध रहेको छ । नेपालको संविधानको धारा ३७ ले नेपालको नागरिकलाई आवाससम्बन्धी हक प्रदान गरेको सम्बन्धमा विचार गर्दा कुनै व्यक्ति लामो समयदेखि घर बनाई कुनै स्थानमा बसिरहेको छ, निजको सोभन्दा बाहेक अन्य स्थानमा स्थानीय प्रकृतिको बसोवास छैन, स्ववासीका आधारमा नेपालको कानूनबमोजिम निजको अधिकार सिर्जना गर्दछ भन्ने त्यस्तो व्यक्तिको तथा स्ववासी जग्गाको समेत सन्तुलित रूपमा संरक्षण गर्नु राज्यको कर्तव्य हो । स्ववासीको नाममा केही समयदेखि कब्जा गरी बसेका तथा परापूर्वकालदेखि बसोवास गरी आएकाबिचको अधिकारमा भिन्नता हुन्छ । कुनै जग्गा हालका अवस्थामा आई कब्जा गरी बस्नु तथा परापूर्वकालदेखि नै सन्तान दरसन्तानदेखि बसोवास गरी आएकालाई एकै कसीमा राख्न मिल्ने हुँदैन । यो विभेद छुट्याउनु राज्य, यसका निकाय तथा स्थानीय सरकारको पनि कर्तव्यको विषय हो । सार्वजनिक पर्ती जग्गामा राजनीतिक वा अन्य प्रभुत्वको आधारमा नयाँ बस्ती बसाउने, आफ्नाहरूलाई जग्गा कब्जा गर्न लगाई संरक्षण दिने तथा त्यस्ता जग्गा विभिन्न प्रपञ्च गरी व्यक्तिको नाममा दर्ता गर्ने प्रवृत्ति हालैका केही दशकमा नदेखिएका होइनन् । त्यस्तो गैरकानूनी प्रवृत्तितर्फ अदालतले उदार दृष्टिकोण राख्दैन । तर कुनै व्यक्ति सन्तान दरसन्तान कुनै स्थानमा घरबास गरी बसी आएको छ । चिरभोगको आधारमा कानूनबमोजिम निजहरूको आवासको व्यवस्थाको संरक्षण गर्नुपर्ने अवस्था छ भने त्यस्ता व्यक्तिहरूको संरक्षण गर्नु पनि अदालतको कर्तव्य हुन आउँछ ।

४. जग्गा नापजाँच ऐन, २०१९ को दफा ५ मा *"…..निर्धारित भएको वन सिमानाभित्रको जग्गाबाहेक दर्ता तिरो केही नभई परापूर्वदेखि बेनिस्सा हकभोग भई आवाद गरी खाई आएको जग्गावालाले पनि सो जग्गा दर्ता गराउनुपर्नेछ । ………..नगरपालिका क्षेत्रको बेनिस्साको स्ववासी चर्ची आएको घर जग्गा भए नापी गोश्वाराले सरजमिन र आवश्यक जाँचबुझ गरी आफ्नो रायसाथ नेपाल सरकारले तोकेको समिति वा अधिकारी छेउ जाहेर गरी भएको निकासाबमोजिम गर्नुपर्नेछ ।….."* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । कानूनबमोजिम लामो समयदेखि वासस्थान बनाई स्ववासी रूपमा प्रयोग गरिरहेको घरले चर्चेको जग्गाहरू र सार्वजनिक जग्गा छुट्टिने प्रमाण बुझी हेरी कानूनबमोजिम निर्णय हुनुपर्ने हुँदा सोबमोजिम आदेश हुनुपर्नेमा पुनरावेदन अदालत, पाटनबाट स्थानीय निकायले सम्बन्धित क्षेत्रका स्थानीय व्यक्तिहरूको सर्जमिनसमेत बुझिएको आधारमा सिफारिस गर्ने हुँदा सर्जमिनका सम्पूर्ण व्यक्तिहरूले सार्वजनिक जग्गा हो

भन्ने उल्लेख गरेको र निवेदकहरूको हक भोग तथा अधिकारको कुनै प्रमाण नदेखिएको स्थितिमा निवेदन मागबमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था नदेखिई रिट निवेदन खारेज हुने भनी अन्यथा आदेश भएको हुँदा सो हदसम्म मिलेको देखिन आएन । पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७३।४।१२ को आदेश उल्टी हुने ठहर्छ । मध्यपुर ठिमी नगरपालिकाको मिति २०७२।६।११ को उक्त पत्रमा नगरपालिकाको कार्यालयबाट को-कस्को हकभोग रहेको र पुरानो बसोवासको घरहरू तथा ती घरहरूले चर्चेको स्ववासी भनी दाबी गरेको जग्गा के-कति हो, सोबारे आफ्नो निर्णयमा उल्लेख गरेको नपाइएकोबाट मध्यपुर ठिमी नगरपालिकाको मिति २०७२।६।६ को निर्णय मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ । अब, विवादित जग्गामा को-कस्को हकभोग रहेको र पुरानो बसोवासको घरहरू तथा ती घरहरूले चर्चेको स्ववासी भनी दाबी गरेको जग्गा के-कति हो, सोबारे जो-जे गर्नुपर्ने वा बुझ्नुपर्ने हो बुझी पुनः निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिदिएको छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको पूर्णपाठ विद्युतीय माध्यममा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृतः सोनी श्रेष्ठ
इति संवत् २०७६ साल माघ ५ गते रोज १ शुभम् ।

§ § □ § §

निर्णय नं. १०३९०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
फैसला मिति : २०७६।७।४
०७२-CR-००७४

मुद्दाः- जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : मकवानपुर जिल्ला, आमभञ्ज्याङ्ग गा.वि.स. वडा नं.१ घर भई हाल कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ६ बस्ने हाल जिल्ला कारागार कार्यालय कास्कीमा थुनामा रहेको जितबहादुरको छोरा मदन परियार

विरूद्ध

प्रत्यर्थी / वादी : मकवानपुर जिल्ला, स्थायी घर भई हाल कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं.१ बस्ने कल्पना परियारको जाहेरीले नेपाल सरकार

- **जाहेरी बेहोरा र पीडितको मौकाको कागजलाई मिसिल संलग्न पीडितको शारीरिक परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको अवस्थामा जाहेरवाली र पीडितको बकपत्र नभएकै कारण ती आधारहरू ग्रहण नगर्नु न्यायोचित नहुने ।**
- **अन्य प्रमाणहरूले जाहेरी बेहोराका साथै पीडितको मौकाको कागजलाई समर्थन गरिरहेको अवस्थामा ती प्रमाणहरूलाई नजरअन्दाज गरी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान र पुनरावेदन**

जिकिरलाई आधार मानी आरोपित कसुरबाट उन्मुक्ति दिन सकिने अवस्था नहुने ।

(प्रकरण नं.९)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता श्री टिकाराम लिम्बू

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुन कोइराला

अवलम्बित नजिर :

- ने.का.प.२०७१, नि.नं.९१०७

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री पुरूषोत्तमप्रसाद ढकाल
कास्की जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री प्रकाशकुमार ढुङ्गाना
माननीय न्यायाधीश श्री ऋषिराम दवाडी
पुनरावेदन अदालत पोखरा

फैसला

न्या.प्रकाशमान सिंह राउत : तत्कालीन न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

तथ्य खण्ड

मिति २०६८।१२।११ गते राति मेरो श्रीमान् मदन परियारले मेरी छोरी वर्ष-७ की परिवर्तित नाम M_{61} २०६८ लाई आफ्नै डेरा कोठामा राति सुतेको मौकामा बिस्ताराबाट उठाई आफ्नो बिस्तारामा लगी मुख थुनी जबरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको कल्पना परियारको जाहेरी।

कास्की जिल्ला पोखरा-६ बैदाम जरेबर ठाडो पसलस्थित जाहेरवाली कल्पना परियारको डेरा कोठामा मदन परियारले पीडित M_{61} २०६८ लाई जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

मिति २०६८।१२।११ गते राति घरका सबैजना कोठामा सुतेको अवस्थामा बुबा मदन परियारले मलाई सुतेको ठाउँबाट आफू सुतेको ठाउँमा लगी सुताई मेरो सुरूवाल खोली सिरकले थिची मुख छोपी मेरो पिसाब फेर्ने ठाउँमा आफ्नो पिसाब फेर्ने कुराले जोडले धकेली भित्र छिराई २/३ पटकसम्म भित्र बाहिर गरेका हुन् । त्यसबखत मलाई ज्यादै दुखेकोले म चलेपछि खाट कराउँदा आमाले थाहा पाउनु भएको हो । त्यसअधिसमेत २/३ पटक मेरो पिसाब फेर्ने ठाउँमा बुबाले आफ्नो पिसाब फेर्ने कुरा छिराएका हुन् भन्नेसमेत बेहोराको पीडित M_{61} २०६८ को कागज।

मिति २०६८।१२।११ गते राति खाना खाई सुत्ने बेलामा श्रीमतीसँग ठाकठुक विवाद भएको थियो । रातको करिब ११/११:३० बजेको समयमा सबैजना सुतेका अवस्थामा मलाई मेरै छोरीमाथि करणी गर्ने उत्सुकता बढ्दै आएपछि छामछुम गर्दै छोरी सुतेको ठाउँमा गई सुतेकी छोरीलाई जुरूक्क उठाई आफू सुतेको ठाउँमा ल्याई सुताई निजको योनिमा मेरो उत्तेजित लिङ्ग जोडले रगडी केही घुसाई एकपटक करणी गरेको हुँ। योनिमा लिङ्गको टुप्पो मात्र छिरेको थियो र बल गर्दा छोरी रून कराउन थालेपछि मैंले हतार हतार गरी वीर्यपतन गराएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी मदन परियारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

पक्राउ परेका मदन परियारले मिति २०६९।१२।११ गते राति आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको भन्नेसमेत थाहा पाएँ । यसभन्दा

अघिसमेत निजले छोरी परिवर्तित M_{61} २०६८ लाई जबरजस्ती करणी गरेको भन्नेसमेत सुनी थाहा पाएँ। अभियुक्तलाई कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको बुझिएका मानिसहरूको भनाइ लेखाई।

प्रतिवादी मदन परियारले आफ्नै सहोदर छोरी वर्ष ७ की परिवर्तित नाम M_{61} २०६८ लाई जबरजस्ती करणी गरेकोले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ (१) नं. बमोजिमको कसुर अपराध गरेको हुँदा निजउपर ऐ. महलको ३(१) नं. बमोजिम सजाय हुनका अतिरिक्त यी प्रतिवादीले आफूले जन्माएकी छोरीलाई जबरजस्ती करणी गरेको सन्दर्भमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको २ नं. र मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको १ नं. विपरीतको कसुर अपराधमा ऐ. जबरजस्ती करणीको २ नं.बमोजिम थप सजायसमेत हुन र ऐ. को १० नं. बमोजिम पीडितलाई यिनै प्रतिवादीबाट उचित क्षतिपूर्तिसमेत भराई पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

मैले अभियोगमा उल्लेख भएअनुसारको कुनै गलत कार्य गरेको छैन। घटना भएको भनिएको दिन राति म मेरो डेरा कोठामा सुत्न आएको थिइनँ। साहुको पसल चिप्लेढुङ्गामा नै सुतेको थिएँ। नभएको कुरालाई सबै मिलेर मलाई फसाएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी मदन परियारले सुरू कास्की जिल्ला अदालतमा गरेको बयान।

यसमा मिति २०६८।१२।११ गतेको बेलुका जाहेरवाली कल्पना के.सी.को भाइ जितेन्द्र र स्वयं जाहेरवालीले छोरी नाम परिवर्तित M_{61} २०६८ लाई बाबु मदन परियारले करणी गरेछन् भनी भनेका हुँदा थाहा पाएको हुँ भनी वादी पक्षका साक्षी ओमबहादुर दासले गरेको बकपत्र मिसिल सामेल रहेको।

पीडितको स्वास्थ्य परीक्षण गर्दा घटना घटेको धेरै समयपछि मात्र ल्याइन्छ। त्यसकारण जबरजस्ती करणीका लक्षणहरू प्राय: लुप्त भइसकेका हुन्छन्। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि पीडितको स्वास्थ्य परीक्षण गर्दा त्यस्तो कुनै लक्षण देखिएन भन्नेसमेत बेहोराको विशेषज्ञ डा.रविप्रसाद रेग्मीले गरेको बयान।

मौकाको जाहेरी, पीडितको कागज, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सोलाई पुष्टि गर्दै परीक्षण गर्ने चिकित्सकले गरेको बकपत्र, प्रतिवादी वारदातको भोलिपल्ट पोखराबाट भागी हिँडेको र काभ्रेपलाञ्चोकको मेथिनकोटमा प्रहरीद्वारा पक्राउ परेको अवस्थासमेतका तथ्यगत, प्रत्यक्ष एवं परिस्थितिजन्य प्रमाणहरूको समग्रताबाट प्रतिवादीको उपर्युक्त कार्य अभियोग दाबीको कसुर ठहर्छ। पीडित ७ वर्षकी नाबालिका भएकोमा विवाद नभएको र सजाय गर्नुको उद्देश्य अपराधीको जीवन समाप्त पार्नु नभई अपराधको प्रायश्चित गरी मनासिब माफिकको सजाय भोगाउनु भएको र न्यूनतम सजाय गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने नै भएकोले प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं. बमोजिम न्यूनतम कैद १०(दश) वर्ष हुने ठहर्छ। पीडित प्रतिवादी आफैँले जन्म दिएकी छोरी भएकोले आफूले जन्माएकी छोरीलाई करणी गर्नेलाई हाडनातामा करणी गर्नेको महलको १ नं. को कसुरसमेत हुने र थप सजाय हुने भई सोहीबमोजिमको दाबीसमेत भएकोले हाडनाता करणीको २ नं.को कानूनी व्यवस्थाअनुसार हाडनाता करणीको १ नं. ले १०(दश) वर्ष थप गरी जम्मा २० (बिस) वर्ष कैद हुने ठहर्छ। पीडितलाई पर्न गएको क्षति, प्रतिवादीको आर्थिक हैसियतसमेतलाई विचार गर्दा रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्तिसमेत पीडितलाई प्रतिवादीले भराई दिनुपर्ने ठहर्छ भन्नेसमेत सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।२।२७ मा भएको फैसला।

मेरो र श्रीमतीका बिचमा झगडा

परिरहन्थ्यो । सोही झगडाको कारण मलाई फसाउने नियतले छोरीलाई जरिया बनाई प्रस्तुत मुद्दाको जाहेरी दिएकी हुन् । पीडितको कागज निजकी आमा र मामाहरू मिलेर अह्राई सिकाई गरी तयार गरिएको हो । जाहेरवाली मेरी श्रीमती कल्पना परियार र पीडित M_{61} २०६८ ले अदालतमा आई बकपत्र गर्न सकेको अवस्था नहुँदा अनुसन्धानको सन्दर्भमा तयार भएको बयान कागजले मात्र अभियोग दाबी पुष्टि हुन सक्तैन । मैले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको भनिएको बयान कागज गलत र झुट्टा हो। सो सन्दर्भमा मैले अदालतसमक्षको बयानको क्रममा स्पष्ट पारेको छु। पीडितको स्वास्थ्य प्रतिवेदनअनुसार योनि वरपर कुनै घाउ वा ददारिएका चिह्नहरू छैनन्। पीडितको योनिको झिल्लीमा प्वाल परेको सम्बन्धमा जाहेरवालीले मलाई फसाउने नियत र उद्देश्यले त्यस्तो बनाई दिएको अनुमान गर्न सकिन्छ, अन्य कारणहरूबाट समेत झिल्ली नष्ट हुन वा सोमा प्वाल पर्न सक्ने हुँदा त्यसतर्फ फैसलामा कुनै विवेचना नगरिएको र चिकित्सकको बकपत्रमा समेत केही नखुलेको अवस्थामा मलाई पर्याप्त र शंकारहित निर्विवाद प्रमाणको अभावमा आरोपित कसुर ठहर गर्ने गरी गरिएको फैसला मनासिब नभएकोले सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदन अदालत पोखरामा परेको पुनरावेदनपत्र।

यसमा पीडित M_{61} २०६८ को शारीरिक जाँच रिपोर्टमा योनिको झिल्लीमा सानो (०.५ मि.मि.× ०.५ मि.मि.) प्वाल भएको, योनि वरिपरि र योनिमा कुनै घाउ चोटपटक र रगत बगेको नपाइएको भन्नेसमेत उल्लेख हुनुको साथै स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष गरेको बकपत्रको सवाल जवाफ ५ मा "**पीडितको योनिको झिल्ली Natural किसिमको नै थियो**" भनी लेखाएको अवस्थामा प्रतिवादी मदन परियारलाई माग दाबीबमोजिम सजाय गर्ने गरेको कास्की जिल्ला अदालतको मिति २०७१।२।२७ को फैसला प्रमाण मूल्याङ्कनको रोहबाट फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. को प्रयोजनार्थ प्रस्तुत आदेश तथा पुनरावेदनपत्रको प्रतिलिपिसहितको जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय पोखरालाई दिई नियमानुसार गर्नु भन्नेसमेत मिति २०७१।०९।२१ मा पुनरावेदन अदालत पोखराबाट भएको आदेश।

प्रतिवादी मदन परियारले आफ्नै सात वर्षिया छोरीलाई जबरजस्ती करणी गरेको कसुरमा जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद र ऐ. महलको २ नं. अनुसार हाडनातामा करणी गर्नेको महलको १ नं. ले १०(दश) वर्ष थप गरी जम्मा २० (बिस) वर्ष कैद हुने र जबरजस्ती करणीको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७१।०२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पोखराको मिति २०७१।११।१३ को फैसला।

म र मेरो श्रीमतीबिचमा निकै झगडा परिरहन्थ्यो। उनीसँग झगडा र भनाभन भइरहँदा तँलाई ठिक पार्न जानेको छु भन्ने गर्दथिन् । जाहेरवालीले रिस फेर्न भाइहरूको सहयोग लिई फसाउने नियतले नै षड्यन्त्र रची उनको छोरी अर्थात् मेरो झड्केली छोरीलाई जरिया बनाई प्रस्तुत मुद्दाको जाहेरी दिई सो जाहेरीलाई पुष्टि नगराइकन र एउटै कोठामा खाट जोडी ५ जना परिवार सँगै सुतेको, श्रीमतीसमेत सँगै रहे भएकोमा के कसरी जबरजस्ती करणी हुन्छ सो सम्बन्धमा कुनै विवेचना नभई भएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र परीक्षण गर्ने चिकित्सकको बकपत्र पनि मुख्य निर्णयाधारको रूपमा रहेको हुन्छ । पीडितको स्वास्थ्य प्रतिवेदनअनुसार पीडितको योनि वरपर कुनै घाउ वा ददारिएका चिह्नहरू छैनन् । पीडितको योनिको झिल्लीमा 0.5mm को

प्वाल रहेको बताइएको छ । ७ वर्षकी बालिकाको योनिमा एक बयस्क मानिसको लिङ्ग पटकपटक घुसाउँदा 0.5mm को झिल्लीमा प्वाल मात्रै पर्ने नभई पूरै योनि छेदन हुने अवस्था हुन्छ । चिकित्सकको बकपत्रमा त्यस्तो ठोस प्रामाणिक र निश्चयात्मक कुरा केही पनि नखुलाई ढिला भएकाले बलत्कारका चिह्नहरू लुप्त भएका छन् पीडितको योनिको झिल्ली प्राकृतिक किसिमको नै थियो भनी स्पष्ट रूपमा लेखाई दिएबाट मउपर लगाइएको अभियोग दाबी पुष्टि हुन सक्ने अवस्था छैन ।

यसैगरी अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज गलत र झुट्टा हो । प्रहरीले मलाई मरणासन्न अवस्थामा कुटेको हुनाले मैले पुलिसले ल्याएको कागजमा सही गरेको हुँदा उक्त बयान प्रमाण ऐन, २०३१ दफा ९ को २ अनुसार प्रमाणको रूपमा लिन मिल्दैन । घटना भएको मिति २०६८।१२।११ गते रातको अन्दाजी ११ बजेको समयमा म उक्त स्थानमा रहेको थिइनँ । उक्त मिति र समयमा म महेन्द्रपुलस्थित साहुको पसलमा थिएँ । घटना घटेको भनिएको भोलिपल्ट मिति २०६८।१२।१२ गतेका दिन मेरो आफ्नो घरायसी काम परेकाले काभ्रे जिल्ला गएको थिएँ । आफ्नो काम परी अन्यत्र गएको अवस्थालाई गलत व्याख्या गरी भागी गएको र लुकी बसेको भन्ने गलत अनुमान गरी कसुर पुष्टि गर्ने आधार बनाइएको छ, सो कुराको पुष्टि कथित रूपमा घटना घट्यो भनिएको मितिले १७ औं दिनपछि तयार भएको घटनास्थलबाट समेत पुष्टि भएको छ ।

जाहेरवाली र पीडित M_{61} २०६८ अदालतमा आई बकपत्र गरेका छैनन् । अनुसन्धान र तहकिकातको सन्दर्भमा तयार भएको बयान कागजको आधारमा मात्र अभियोगँ मागदाबी पुष्टि हुन सक्दैन । यसै सन्दर्भमा ने.का.प. २०७१ निर्णय नं. ९१०७ पृष्ठ ७० मा जाहेरवाली वा पीडितले अनुसन्धानको क्रममा व्यक्त गरेको कुरालाई निजहरू साक्षीसरह अदालतमा उपस्थित भई बकपत्र नगरेको अवस्थामा त्यस्तो मौकाको कागज प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन नमिल्ने भनी सिद्धान्त कायम भएको र यस मुद्दामा पनि जाहेरवाली कल्पना परियार र पीडित भनिएकी M_{61} २०६८ अदालतमा आई अनुसन्धानको क्रममा भएका कागजलाई पुष्टि गराउन नसकेको अवस्थामा जबरजस्ती करणी जस्तो गम्भीर मुद्दामा २० वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पोखराको मिति २०७१।११।१३ को फैसला प्रमाण ऐन, २०३१ को दफा १८, २५, ५४ तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तविपरीत भएको हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा मिति २०६८।१२।११ को वारदात घटनाको सम्बन्धमा मिति २०६८।१२।२८ मा मात्र जाहेरी दरखास्त दर्ता भएको देखिन्छ । जाहेरी दरखास्तमा उल्लिखित बेहोरा हेर्दा साथै सुतेकी छोरीलाई श्रीमान्ले उठाई लगी एउटै कोठामा आफूसमेत सँगै सुतेकै अवस्थामा जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको तथ्य विश्वासप्रद रूपमा निज अदालतमा आई बकपत्र गर्न सकेको छैन । पीडित वर्ष ७ की परिवर्तित नाम M_{61} २०६८ को स्वास्थ्य परीक्षण हेर्दा योनिको झिल्लीमा सानो (०.५ मि.मि x ०.५ मि.मि.) प्वाल पाइएकोबाहेक अरू कुनै घाउ चोट उल्लेख देखिन आएको छैन । उक्त प्रमाणहरूको समुचित मूल्याङ्कनको रोहमा पुनरावेदन अदालत पोखराले प्रतिवादीलाई दाबीबमोजिम कसुरदार ठहराउने गरी भएको फैसला विचारणीय देखिँदा छलफलको लागि मुलुकी ऐन, अ.बं.२०२ नं.बमोजिम प्रत्यर्थी झिकाई सोको जानकारी महान्यायाधिवक्ताको

कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०७५।४।२२ मा यस अदालतबाट भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री टिकाराम लिम्बूले यी प्रतिवादी अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेका छन् । जाहेरवालीले प्रतिवादीउपर किटानी जाहेरी दिए तापनि सो जाहेरी बेहोरालाई पुष्टि गराउन वादी पक्षले निज जाहेरवाली र पीडितलाई बकपत्रका लागि अदालतसमक्ष उपस्थित गराउन सकेको अवस्था छैन। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र परीक्षण गर्ने चिकित्सकले गरिदिएको बकपत्रबाट समेत जबरजस्ती करणी भएको पुष्टि हुँदैन। आफ्नै बाबुले नाबालिका छोरीलाई जबरजस्ती करणीजस्तो जघन्य अपराध गरे होलान् भन्ने वादी दाबी विश्वासलायक देखिँदैन । वस्तुनिष्ठ एवं यथेष्ठ प्रमाणबिना नै जबरजस्ती करणीजस्तो जघन्य अपराधमा प्रतिवादीलाई कसुरदार ठहऱ्याउनु न्यायोचित हुँदैन। तसर्थ प्रतिवादी निर्दोष हुनुका साथै निजले शंकाको सुविधासमेत पाउने हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

विपक्षी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुन कोइरालाले प्रतिवादी मौकामा कसुर गरेकोमा साबित रहेका छन्। निजउपर पीडितकी आमा जाहेरवालीले आफ्नै पतिले छोरीलाई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएकी छिन्। पीडितले मौकामा कागज गर्दा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेका हुन् भनी उल्लेख गरेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवेदन दिने चिकित्सकले गरिदिएको बकपत्रमा पीडितको योनिको झिल्लीमा 0.5mm को प्वाल रहेको भनी खुलाएको देखिन्छ। घटनास्थल मुचुल्काका मानिस ओमबहादुर दासले प्रतिवादीले आफ्नै सहोदर छोरी परिवर्तित नाम M_{61} २०६८ लाई जबरजस्ती करणी गरेको भनी घटनास्थल मुचुल्कामा खुलाएका र सो मौकाको बेहोरालाई पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरेको हुँदा सुरू अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै हुँदा सदर कायम हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बेहोराको बहस जिकिर र तथ्य रहेको प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कसुर ठहऱ्याई सजाय निर्धारण गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।११।१३ को फैसला मिलेको छ वा छैन ? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. अब निर्णयतर्फ विचार गर्दा, प्रतिवादी मदन परियारले आफ्नै सहोदर छोरी वर्ष ७ की परिवर्तित नाम M_{61} २०६८ लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ (१) नं. बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई ऐ. महलको ३ (१) नं. बमोजिम सजाय हुनका अतिरिक्त यी प्रतिवादीले आफूले जन्माएकी छोरीलाई जबरजस्ती करणी गरेको सन्दर्भमा मुलुकी ऐन, जबरजस्ती करणी महलको २ नं. र मुलुकी ऐन, हाडनाता करणी गर्नेको महलको १ नं. विपरीतको कसुर अपराधमा ऐ. जबरजस्ती करणीको २ नं. बमोजिम थप सजायसमेत हुन र ऐ.को १० नं.बमोजिम पीडितलाई प्रतिवादीबाट उचित क्षतिपूर्तिसमेत भराइपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र पेस भएकोमा पीडित वर्ष ७ की नाबालिकालाई प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) नं.बमोजिम न्यूनतम कैद १०(दश)

वर्ष हुने ठहर्छ । पीडित प्रतिवादी आफैँले जन्म दिएकी छोरी भएकोले हाडनाता करणीको १ नं.को कसुरसमेत हुने हुँदा हाडनाता करणीको १ नं. ले १०(दश) वर्ष कैद थप गरी जम्मा २०(बिस) वर्ष कैद हुने ठहर्छ । पीडितलाई पर्न गएको क्षति, प्रतिवादीको आर्थिक हैसियतसमेतलाई विचार गर्दा रू.२५,०००।– (पच्चिस हजार) क्षतिपूर्तिसमेत पीडितलाई प्रतिवादीले भराई दिनुपर्ने ठहर्छ भनी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादीको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. प्रतिवादीले जाहेरवाली र आफूबिचमा झगडा भइरहने हुँदा रिस फेर्नका लागि भाइहरूको सहयोग लिई फसाउने नियतले छोरीलाई जरिया बनाई झुट्टा बेहोराको जाहेरी दिएकी हुन् । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवेदन दिने चिकित्सकको बकपत्रबाट जबरजस्ती करणी भएको पुष्टि हुँदैन । घटना भएको मिति र समयमा म उक्त स्थानमा नभई महेन्द्रपुलस्थित साहुको पसलमा थिएँ । वादी पक्षले जाहेरवाली र पीडितलाई बकपत्रका लागि अदालतसमक्ष उपस्थित गराउन सकेको देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान बेहोरा झुट्टा हो, प्रहरीले मरणासन्न अवस्थामा कुटेको हुनाले पुलिसले ल्याएको कागजमा सही गरेको हुँ । अनुसन्धान र तहकिकातको सन्दर्भमा तयार भएको बयान कागजको आधारमा मात्र अभियोग मागदाबी पुष्टि हुन सक्दैन । यसै सन्दर्भमा ने.का.प. २०७१ निर्णय नं. ९१०७ मा सिद्धान्त प्रतिपादनसमेत भएको अवस्थामा मलाई कसुरदार ठहऱ्याई सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने मुख्य पुनरावेदन जिकिर लिएको देखिन्छ ।

४. प्रतिवादीले लिएको उल्लिखित पुनरावेदन जिकिर पुष्टि गर्ने वस्तुनिष्ठ आधारहरू मिसिलमा संलग्न छन् वा छैनन् ? भन्ने सम्बन्धमा विवेचना गरी प्रस्तुत मुद्दाको निष्कर्षमा पुग्नुपर्ने अवस्था देखिएको छ । पीडित M_{61} २०६८ वर्ष ७ की नाबालिका भएको र प्रतिवादी पीडितको आफ्नै बाबु भएको तथ्यमा विवाद देखिँदैन । पीडित नाबालिकालाई अभिभावकको तर्फबाट शिक्षा, स्वास्थ्य, मनोरञ्जनलगायत नाबालक सन्तानको सर्वोत्तम हितहरूको पक्षमा उपयुक्त, उचित र आवश्यक लगानी तथा यथोचित प्रबन्ध गरी भविष्य उज्ज्वल पार्ने दायित्व निज प्रतिवादीमा रहे भएको कुरामा समेत दुईमत हुन सक्दैन । प्रतिवादी र निजको ५ जनाको परिवार ज्याला मजदुरी गरी सामान्य रूपमा जीविकोपार्जन गरी एउटा मात्र कोठा भाडामा लिई बसी आएको देखिन्छ ।

५. प्रतिवादीउपर निजकै श्रीमती कल्पना परियारले मिति २०६८।१२।११ गते राति श्रीमान् मदन परियारले छोरी वर्ष-७ की परिवर्तित नाम M_{61} २०६८ लाई आफ्नै डेरा कोठामा राति सुतेको मौकामा विस्तराबाट उठाई आफ्नो विस्तरामा लगी मुख थुनी जबरजस्ती करणी गरेको हुँदा कारबाही गरिपाउँ भनी किटानी जाहेरी दिएको देखियो । प्रतिवादीले सो जाहेरीका सम्बन्धमा जाहेरवालीसँग बेलाबेलामा आफ्नो झगडा परिरहने हुँदा मलाई फसाउनका लागि माइती पक्षको सहयोगमा कथित वारदात भएको धेरै दिनपछि झुट्टा बेहोराको जाहेरी दिएकी हुन् भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । सो जिकिरका सम्बन्धमा हेर्दा, पतिसँग रिसइवी भएको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको पाइँदैन । एकछिनलाई पत्नीसँग रिसइवी भएको मान्दा पनि आफैँले जन्माएको नाबालिका छोरीको भविष्यलाई नै जीवनभर नकारात्मक असर पर्ने गरी कुनै पनि आमाले बिना कारण र औचित्य आफ्नै पतिलाई फसाउने उद्देश्यले जबरजस्ती करणी जस्तो कसुरमा दोषारोपण गरेकी होलिन् भनी विश्वास गर्न सकिने

देखिँदैन । पतिको अनैतिक कार्यमा पतिलाई दोषारोपण गर्ने नगर्ने द्विविधामा जाहेरवालीले आफ्नो नाबालक छोरीको भविष्यमा पर्न जाने नकारात्मक असरप्रति सजग रहेर नै वारदातको तथ्य केही समयसम्म बाहिर प्रकाशमा नल्याएको देखिन्छ । पीडितले आफूलाई मिति २०६८।१२।११ मा मात्र नभई त्यसभन्दा अगाडि पनि प्रतिवादीले पटकपटक त्यस्तो अनैतिक क्रियाकलाप गर्ने गरेको तथ्य आमासँग खुलाएपछि त्यस्तो अपराधबाट छोरी थप पीडित बन्न नपरोस् भनी जाहेरवालीले माइती पक्षसँग सरसल्लाह गरी वारदात भएको केही दिनपछि मात्र प्रतिवादीउपर किटानी जाहेरी दिएको अवस्था छ । निज प्रतिवादीको परिवार ज्याला मजदुरी गरी एउटा मात्र कोठा भाडामा लिई बसी आएको देखिन्छ । आर्थिक हैसियत कमजोर भएका कारण प्रतिवादी र निजको ५ जनाको परिवार एउटै कोठामा खाट जोडेर सुत्ने गरेको तथ्य घटनास्थल मुचुल्काबाट देखिएको र सो तथ्यलाई यी प्रतिवादीले खण्डन नगरी स्वीकारै गरेको अवस्था छ । सबै परिवार एउटै कोठामा सुत्नुपर्ने बाध्यात्मक परिस्थितिजन्य वातावरणको फाइदा लिएर यी प्रतिवादीले आफ्नो यौन चाहना पूरा गर्नका लागि आफ्नै नाबालिका छोरीलाई प्रयोग गरेको देखिन्छ । निज प्रतिवादीले श्रीमतीसमेत सोही कोठामा सुतेको अवस्थामा आफ्नो यौन चाहना पूरा गर्नका लागि आफैँले जन्म दिएको अवोध नाबालिका छोरीलाई प्रयोग गरेको घृणित कार्यलाई अभिभावकीय जिम्मेवारीको अन्तिम सीमा नाघेको मान्नुपर्ने हुन जान्छ । घटनास्थल मुचुल्कामा पीडित परिवर्तित M_{61} २०६८ लाई बाबु मदन परियारले जबरजस्ती करणी गरेका हुन् भन्ने बेहोरा उल्लेख भएको र सो घटनास्थल मुचुल्काका साक्षी ओमबहादुर दासले अदालतसमक्ष उपस्थित भई सो मौकाको मुचुल्कालाई समर्थन गरी बकपत्र गरेबाट जाहेरी बेहोरा थप पुष्टि भएको देखिन्छ । घटनास्थल मुचुल्काका साक्षीले गरेको सो बकपत्र बेहोरालाई प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरमा खण्डन नगरी स्वीकार गरेको अवस्था छ । प्रस्तुत घटनाक्रमलाई सामान्य समझको मानिसले विश्वास गर्न सक्ने किसिमको देखिँदैन । अभिभावकीय जिम्मेवारीबाट विमुख भई आफैँले जन्म दिएकी अवोध ७ वर्षकी छोरीलाई पटक पटक जबरजस्ती करणी गरेको भनी श्रीमतीले पतिउपर जाहेरी दिएको अवस्था हुँदा मुद्दाको सुनुवाइमा न्यायकर्मीले विशेष सावधानी, संवेदनशीलता र विवेकको उच्चतम प्रयोग गर्नु वाञ्छनीय देखिन्छ । जाहेरवालीले आफूसँग रिसइवी भएकै कारण फसाउनकै लागि अवोध नाबालिका छोरीलाई जरिया बनाई जाहेरी दिएकी हुन् भन्ने पुनरावेदक प्रतिवादीको जिकिर प्रतितलायक देखिएन ।

६. पीडितले मौकामा कागज गर्दा मिति २०६८।१२।११ गते राति घरका सबैजना सुतेको अवस्थामा बुबा मदन परियारले मलाई सुतेको ठाउँबाट आफू सुतेको ठाउँमा लगी सुताई मेरो सुरूवाल खोली सिरकले थिची मुख छोपी मेरो पिसाब फेर्ने ठाउँमा आफ्नो पिसाब फेर्ने कुराले जोडले धकेली भित्र छिराई २/३ पटकसम्म भित्र बाहिर गरेका हुन् । त्यसबखत मलाई ज्यादै दुखेकोले म चलेपछि खाट कराउँदा आमाले थाहा पाउनु भएको हो । त्यसअघिसमेत २/३ पटक मेरो पिसाब फेर्ने ठाउँमा बुबाले आफ्नो पिसाब फेर्ने कुरा छिराएका हुन् भनी बाल सुलभ भाषामा हृदयविदारक तथ्य खुलाएको देखिन्छ । प्रतिवादी बाबुले आफूमाथि गरेको घृणित कार्य के हो भनी बुझ्न सक्ने उमेर अवस्था नै नभएकी अवोध बालिकाले घटनाको सम्बन्धमा गरेको मौकाको कागजको सिलसिलेवार यथार्थ चित्रण अध्ययन गर्दा पनि अरूले सिकाएर व्यक्त गरेको नभई आफैँले स्वःस्फूर्त रूपमा प्रकट गरेको देखिन आउँछ । एउटी ७ वर्षकी अवोध बालिकाले अरूले सिकाएको कुरालाई सिलसिलेवार रूपमा प्रकट गर्न सक्ने सामर्थ्यसमेत रहँदैन । आफूले जन्म दिएको सन्तानलाई अभिभावकीय संरक्षण दिई सन्तानको भविष्य उज्ज्वल बनाउने जिम्मेवारी निर्वाह गर्नुपर्ने

बाबुबाट नै अवोध नाबालिका छोरीमाथि यस्तो घृणित कार्य हुन गएको अवस्थामा न्यायकर्ताले पीडितप्रति हृदयदेखि नै सहानुभूति देखाउनुपर्ने अवस्था सिर्जना हुन जान्छ। आफैँलाई जन्म दिने बाबुमाथि पीडितले आरोप लगाउनुपर्ने कुनै आधार कारणसमेत मिसिल संलग्न तथ्यहरूबाट देखिन आउँदैन। पीडितको उमेर अवस्थालाई विचार गरी हेर्दा पनि निजको मौकाको कागज बेहोरालाई स्वाभाविक रूपमा नै लिनुपर्ने हुन आउँछ।

७. पुनरावेदक प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष मिति २०६८।१२।११ गते राति सबैजना सुतेका अवस्थामा छोरीमाथि करणी गर्ने उत्सुकता बढ्दै आएपछि छामछुम गर्दै छोरी सुतेको ठाउँमा गई सुतेकी छोरीलाई जुरूक्क उठाई आफू सुतेको ठाउँमा ल्याई सुताई निजको योनिमा मेरो उत्तेजित लिङ्ग जोडले रगडी केही घुसाई एकपटक करणी गरेको हुँ, छोरी रून कराउन थालेपछि मैले हतार हतार वीर्यपतन गराएको हुँ भनी कसुर गरेकोमा साबित रही बयान गरेको पाइन्छ भने अदालतसमक्ष बयान गर्दा मौकाको बयान बेहोरा झुट्टा हो, प्रहरीले मरणासन्न अवस्थामा कुटेको हुनाले प्रहरीले ल्याएको कागजमा सहीछाप गरेको हो भनी कसुर गरेकोमा इन्कार रहेको र पुनरावेदनमा समेत सोही बेहोराको जिकिर लिएको देखियो। मौकाको बयानको सम्बन्धमा प्रतिवादीले सो जिकिर लिए तापनि निज प्रतिवादीलाई म्याद थपका लागि स्वतन्त्र अदालतमा उपस्थित गराउँदा म्याद थप गर्ने अधिकारीसमक्ष सो तथ्यको बारेमा कुनै जानकारी गराएको मिसिलबाट देखिन आउँदैन। यसका साथै प्रहरीले मरणासन्न अवस्थामा कुटपिट गरेको भए स्वास्थ्य परीक्षण गराई पाउन माग गर्न सक्ने कानूनी अधिकार प्रतिवादीमा रहे भएकोमा सो तर्फसमेत कुनै माग गरेको देखिँदैन। प्रतिवादीले मौकामा गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिन मिल्ने नै हुन्छ। प्रतिवादी अदालतमा आरोपित कसुरमा इन्कार रहे तापनि निजको सो इन्कारी बयान प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न सकेको पाइँदैन। प्राय: जघन्य अपराधमा अधिकांश अभियुक्तहरू सजायबाट छुटकारा पाइन्छ कि भन्ने आशामा अदालतसमक्ष कसुरमा इन्कारी रहने परिपाटी हाम्रो न्याय प्रणालीमा हामीले बेहोर्दै आएको वास्तविकता हुँदा त्यसलाई अस्वाभाविक मान्न मिल्दैन। प्रस्तुत मुद्दामा निज प्रतिवादीले आफू निर्दोष रहेको भनी प्रमाणित गर्न सकेको देखिएन। साथै प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयान पुष्टि गराउनका लागि साक्षीसमेत उपस्थित गराउन सकेको देखिएन। अधिकारप्राप्त अधिकारीसमक्ष भएको निजको बयान कागजको बेहोरा खण्डित हुने कुनै आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीको मौकाको साबिती बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको विद्यमानता देखिएन।

८. वारदातको समयमा म उक्त स्थानमा रहेको थिइनँ। उक्त मिति र समयमा महेन्द्रपुलस्थित साहुको पसलमा थिएँ। घटना घटेको भनिएको भोलिपल्ट मिति २०६८।१२।१२ गतेका दिन मेरो आफ्नो घरायसी काम परी काभ्रे जिल्ला गएको थिएँ। आफ्नो काम परी अन्यत्र गएको अवस्थालाई गलत व्याख्या गरी भागी गएको र लुकी बसेको भन्ने गलत अनुमान गरिएको भनी Alibi को जिकिर लिई कसुरमा इन्कार भएको देखिए तापनि आफ्नो सो जिकिर यी प्रतिवादीले विश्वसनीय तथा भरपर्दो प्रमाणहरू पेस गरी पुष्टि गराउन सकेको देखिँदैन।

९. वादी पक्षले पीडित र जाहेरवालीलाई अदालतसमक्ष बकपत्रका लागि उपस्थित गराउन नसकेको अवस्थामा जाहेरी बेहोरा र पीडितको मौकाको कागजलाई प्रमाणमा लिन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा आफ्ना साक्षीलाई अदालतसमक्ष उपस्थित गराई

बकपत्र गराउने दायित्व कानूनले वादी पक्षलाई तोकेको देखिन्छ । फौजदारी कसुरमा वारदात स्थापित हुन र आरोपित व्यक्तिलाई कसुरदार ठहऱ्याउनका लागि साक्षीको बकपत्रका साथै अनुसन्धानको क्रममा तयार भएका अन्य वस्तुनिष्ठ प्रमाणहरूको पनि उत्तिकै भूमिका रहने गर्दछ । जाहेरी बेहोरा र पीडितको मौकाको कागजलाई मिसिल संलग्न पीडितको शारीरिक परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको अवस्थामा जाहेरवाली र पीडितको बकपत्र नभएकै कारण ती आधारहरू ग्रहण नगर्नु न्यायोचित देखिँदैन । अन्य प्रमाणहरूले जाहेरी बेहोराका साथै पीडितको मौकाको कागजलाई समर्थन गरिरहेको अवस्थामा ती प्रमाणहरूलाई नजरअन्दाज गरी प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान र पुनरावेदन जिकिरलाई आधार मानी आरोपित कसुरबाट उन्मुक्ति दिन सकिने अवस्था हुँदैन ।

१०. जहाँसम्म स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवेदन दिने चिकित्सकको बकपत्रबाट पीडितको जबरजस्ती करणी भएको पुष्टि हुन नसकेको अवस्थामा मलाई कसुरदार ठहऱ्याउन मिल्दैन भन्ने प्रतिवादीले लिएको जिकिर छ सो सम्बन्धमा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको योनिको झिल्लीमा 0.5mm को प्वाल रहेको भनी उल्लेख भएको र प्रतिवेदन दिने चिकित्सकले अदालतसमक्ष उपस्थित भई सो प्रतिवेदन बेहोरालाई पुष्टि गरिदिएको अवस्था छ । उमेर भएका बालिकाको हकमा कडा परिश्रम, दुर्घटनालगायत विभिन्न कारणले योनिको झिल्ली च्यातिने सम्भावनालाई मेडिकल साइन्सले नै मान्यता दिएको देखिन्छ तर प्रस्तुत मुद्दामा पीडितको उमेर ७ वर्षकी बालिका देखिएको र निजको योनिको झिल्लीमा प्वाल पर्नुपर्ने अन्य कुनै कारण रहेको तथ्य मिसिलबाट देखिँदैन । साथै प्रतिवादी स्वयंले यो कारणले गर्दा पीडितको योनिमा प्वाल परेको हुन सक्दछ भनी वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा निजको सो पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

११. अतः माथि विवेचित आधार, कारण एवं प्रमाणबाट पुनरावेदक प्रतिवादी मदन परियारले पीडित वर्ष ७ की नाबालिका आफ्नै छोरीलाई जबरजस्ती करणी गरी निज प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३(१) नं. र मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको १ नं. विपरीतको समेत कसुर गरेको तथ्य पुष्टि हुन आयो ।

१२. तसर्थ, प्रतिवादी मदन परियारले आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएबाट निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद र हाडनातामा करणी गर्नेको महलको १ नं. ले १०(दश) वर्ष कैद थप गरी जम्मा २०(बिस) वर्ष कैद हुने ठहर्छ । पीडितलाई पर्न गएको क्षति, प्रतिवादीको आर्थिक हैसियतसमेतलाई विचार गर्दा रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्तिसमेत पीडितलाई प्रतिवादीबाट भराई दिनुपर्ने ठहर्छ भनी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७१।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी मदन परियारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृतः मुना अधिकारी (ढकाल)
इति संवत् २०७६ साल कार्तिक ४ गते रोज २ शुभम् ।

निर्णय नं. १०३९१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७६।९।२७
०७६-WH-०२०५

मुद्दाः बन्दीप्रत्यक्षीकरण

रिट निवेदक : ललितपुर जिल्ला महालक्ष्मी -२ बस्ने कमलबहादुर सुवेदीको छोरा हरिकृष्ण सुवेदी

विरूद्ध

विपक्षी : हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ माइतीमा बस्ने ज्ञानबहादुरको छोरी श्रीजया कार्कीसमेत

- **प्रत्येक मुद्दाको कारबाही उक्त मुद्दाका परिस्थितिहरूको मूल्याङ्कन र विश्लेषण गरी सम्बन्धित बालबालिकाको हितलाई केन्द्रमा राखी गरिनु पर्ने।**
- **सामान्यतया अदालत वा न्यायाधीशले बालबालिकाको सर्वोत्तम हित हेर्दा बच्चाको विशिष्ठ परिस्थिति, उसको व्यक्तिगत अवस्था र परिवेशलाई मूल्याङ्कन गर्नुपर्दछ । यस्तो निर्णयमा पुग्दा बालबालिकाको मनोवैज्ञानिक अवस्थासहितको प्रतिवेदनसमेतलाई विचार गरी निर्णयमा पुग्नु महत्त्वपूर्ण आधार हुन सक्दछ। त्यस्तै यस्तो निर्णयमा पुग्दा बुबा, आमा, हजुरबुबा, हजुरआमा, कुनै पनि नातेदार वा अन्य संघ संस्थाको परिस्थिति वा अवस्था होइन निज बालकको परिस्थिति र इच्छासहितको वस्तुगत दृष्टिकोण महत्त्वपूर्ण हुने।**

(प्रकरण नं.७)

- **बाबु वा आमालाई प्रत्यक्ष भेट गर्न नदिने भन्ने विषयले सम्बन्धित बालबालिकालाई गम्भीर खतरा सिर्जना गर्न सक्छ । बाबु वा आमाको आर्थिक अवस्था, शारीरिक अशक्तता वा अन्य यस्ता सामान्य कारणहरू बालबालिकाको संरक्षण वा जिम्मा हटाउने आधार बन्न सक्दैनन्। यदि सम्बन्धित बालबालिका परित्याग गरिएको हो भने त्यसको आधार र कारणसहितको मूल्याङ्कन हुनु पर्ने।**
- **एउटा निर्णयकर्ता सम्बन्धित बालकसँग बस्ने मात्र होइन, छुट्टिएका बाबु आमाको बच्चासँगको व्यक्तिगत र भावनात्मक सम्बन्ध के कति महत्त्वपूर्ण छ भन्ने आधारमा जोसुकैसँग बसे पनि एक अर्काले भेट्ने र सामिप्यता प्राप्त गर्ने आधार सिर्जना गरिदिनु पर्दछ भन्ने मान्यताबाट विचलित हुनु हुँदैन । त्यस्तो सामिप्यताभित्र पारिवारिक वातावरण मात्र होइन निज नाबालकका दुवैतर्फका नजिकका नातेदारहरूसँगको सामिप्यता पनि अन्तर्निहित हुने।**

(प्रकरण नं.८)

- **बालिकाका बाबुले आफूले राख्न पाउने भन्ने दाबी पनि नगरेको र हजुरबुबा हजुरआमाले दाबी गरेको प्रसङ्गमा स्वाभाविक रूपमा आमाले अर्को विवाह नगरेको अवस्थामा निजले नै राख्न पाउनुपर्ने भन्ने प्रसङ्ग तार्किक देखिने।**

(प्रकरण नं.१९)

- **एक नवजात सन्तानलाई संसारसँग**

साक्षात्कार गराई स्तनपानको माध्यमद्वारा आहारा र आफ्नै आँचलमा साहारा दिई ममतापूर्वक हुर्काउने जननीको यो प्राकृतिक देनलाई उनको प्रजनन अधिकारको सामिप्यतासँग समेत जोडेर हेरिनुपर्ने।

- **बालिका आफ्नो आमाको साथमा रहनु स्वभावैले प्राकृतिक र प्राथमिक विषय हो। विकल्प रहेसम्म दुध काख गर्ने उमेरको नाबालिगलाई आफ्नो आमासँग जबरजस्ती छुटाउन खोज्नु विवेकसङ्गतसमेत हुन सक्तैन । अन्यथा प्रमाणित नभएको र अपवादबाहेकको अवस्थामा एक नाबालिग सन्तान आफ्नो जीवनको प्राथमिक संरक्षक आमाको साथमा रहेको अवस्थामा त्यस्तो नाबालिगलाई आमाले बन्दी बनाइराखेको भन्नु मनासिब नदेखिने।**

(प्रकरण नं.२१)

- **नाबालिग छोरीको संरक्षकत्वको जिम्मा बालिकाकै आमाको हुने भनी सुनाएको निर्णयअनुसार नै विपक्षीले छोरीलाई आफ्नो जिम्मामा लिई साथमा राखेको हुँदा सो कार्यबाट आमाले छोरीलाई गैरकानूनीरूपमा बन्दी बनाएको भनी मान्न नमिल्ने।**

(प्रकरण नं.२२)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री सविता भण्डारी, श्री रमणकुमार श्रेष्ठ, विद्वान् अधिवक्ता श्री टिकाराम भट्टराई, श्री विजयकुमार बस्नेत र श्री किरणकुमार श्रेष्ठ

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुसाल, विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, श्री वोर्णबहादुर कार्की, विद्वान् अधिवक्ता श्री रमेश बडाल, श्री युवराज भण्डारी, श्री रमेशकुमार ढकाल, श्री शेषराज खरेल र श्री पुष्पा पौडेल

अवलम्बित नजिर :

- ने.का.प.२०६१, अंक ६, नि.नं.७३८९, पृ.६७६
- ने.का.प.२०६७, अंक ५, नि.नं.८३७६, पृ.८०४
- ने.का.प.२०६८, अंक ८, नि.नं.८६७४, पृ.१४१२
- ने.का.प.२०७०, अंक ३, नि.नं.८९७९
- ने.का.प.२०७१, अंक ८, नि.नं.९२१९
- ने.का.प.२०७१, अंक ८, नि.नं.९२२६
- ने.का.प.२०७१, अंक १०, नि.नं.९२५७
- ने.का.प.२०७५, अंक ७, नि.नं.१००५३
- ने.का.प.२०७५, अंक ८, नि.नं.१००७४
- ने.का.प.२०७६, अंक ४, नि.नं.१०२४७

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी देवानी संहिता, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०७५

आदेश

न्या.हरिप्रसाद फुयाल : नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपधारा (२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

तथ्य खण्ड

विपक्षी श्रीजया र म निवेदकको छोराबिच मिति २०६९।१२।११ मा लण्डनमा विवाह भई लण्डनमै नाबालक छोरी खुसी सुवेदीको जायजन्म भएको हो। केही समयपश्चात् खुसी ११ महिनाकी हुँदा निज नाबालिगलाई नेपालमा ल्याई म हजुरबुबाको साथमा छोडी नाबालिग सन्तान र हामी परिवारको

कुनै वास्ता नगरी निज विपक्षी आफ्नै मर्जीले घर छोडी क्यानडा गएकी रहिछिन्। विपक्षी श्रीजयाले हामीलाई विपक्षी बनाई दिएको अंश चलन र मानाचामल मुद्दामा मिलापत्र गरी अंशबापत ३६ लाख बुझिलिई नाबालिग छोरी खुसीको संरक्षकत्वको जिम्मा म निवेदक हजुरबुबा हरिकृष्ण सुवेदीको नै रहने भनी मिलापत्रको कागजमै खुलाइएको थियो। नाबालिग छोरीलाई हप्तामा एक पटक आमासँग भिडियो कल गराउने र आमा नेपाल आई छोरीसँग भेटघाट गर्न चाहेमा भेटघाट गराउने भन्ने कुराहरू उक्त मिलापत्रको सर्तमै उल्लेख छ। निज आमा एक वर्षपछि नेपाल आई छोरीसँग भेटघाट गर्ने इच्छा देखाएपछि मेरो संरक्षणमा रहेकी बालिकालाई आमासँग भेट गराउन भाटभटेनी सुपरमार्केट कोटेश्वरमा लैजाँदा बालिकाले आमालाई नचिनेको, निजसँग कुरासम्म गर्न नमानेको हुँदा विपक्षी श्रीजयाले झम्टेर बच्चालाई खोस्न खोज्दा बच्चा डराएर रोई कराई गरेको अवस्था थियो। तत्पश्चात् विपक्षी श्रीजयाले मसमेत विरूद्ध महिला आयोगमा निवेदन दिएको, महिला आयोगका कर्मचारीहरूले जबरजस्ती गर्न खोजेपश्चात् बच्चा डराएर ठुलो ठुलो स्वरमा रोई कराई ड्याडी घर जाने भनी भनेकीले बच्चालाई दुर्व्यवहार भएको ठानी म आफूले घर लिई आएको थिएँ। सोही कुरालाई लिई आयोगका कर्मचारीले महानगरीय प्रहरी वृत्त सातदोबाटोमा उजुर गर्न पठाएको र त्यहाँ बालिकालाई लिई गई छलफल गर्दा बालिका खुसीले विपक्षी श्रीजया कार्कीसँग जान नमानेको अवस्था थियो। तत्पश्चात् महानगरीय प्रहरी परिसर जावलाखेलमा निवेदन दिई त्यहाँ पनि जोरजबरजस्ती गरी प्रहरीसमेतको सहयोगमा बालिकालाई कोठाभित्र राखी बन्धक बनाई अनुचित लालच देखाई बनावटी फोटो भिडियो बनाई बालिका आमासँग जान राजी भएको भनी भ्रम सिर्जना गर्ने कार्य विपक्षी श्रीजया कार्कीबाट भएको थियो।

नाबालिगको हितविपरीत निजलाई कहिले महिला आयोग त कहिले प्रहरीकोमा बोलाउने गरेपश्चात् बालिकाको मनस्थितिमा नै असर पार्ने कार्य विपक्षी श्रीजयाबाट भएको र त्यसपछि बालिका राति सुत्दा बर्बराउने, ज्वरो आउने हुन थालेपश्चात् मैले उप्रान्त बालिकालाई लिई आउँदिन भनेको थिएँ। त्यसपछि विपक्षी श्रीजया कार्कीले ललितपुर जिल्ला अदालतमा निवेदन दिएकोमा नाबालिगले आमासँग जान इच्छा नदेखाएको र संरक्षक हजुरबुबाबाट नै बालिकाको उचित रेखदेख भएकोले बालिकालाई हाल संरक्षक हजुरबुबासँगै राख्नु उचित हुने, बालिकाको इच्छाविपरीत हाललाई आमाको जिम्मा लगाई दिन मिल्ने देखिएन। निवेदक / आमा नेपाल आउँदा छोरीलाई देख्न, भेट्न र कुराकानी गर्न पाउने, छोरीको इच्छामा मात्र आमासँग जान बस्न पाउने र निज छोरी साबालिग भएपछि आत्मनिर्णयको आधारमा आमासँग विदेश जानसमेत पाउने नै हुन्छ भनी ललितपुर जिल्ला अदालतबाट मिति २०७६/०६/०१ मा आदेश भएको थियो। विपक्षी श्रीजयाले जिल्ला अदालतको सो आदेश विरूद्ध उच्च अदालत पाटनमा निवेदन दिएकोमा उच्च अदालतबाट मिति २०७६।०६।०९ मा बालिकाको हित र चाहनालाई ध्यानमा राखी जिल्ला प्रहरी कार्यालयको महिला मनोविज्ञसँग परामर्श गरी एक महिनाभित्र प्रतिवेदन पेस गर्न लगाउने र तत्काल दशैं पर्व सुरू हुने भएकोले सो अवधिमा र त्यस अघिपछिसमेत बालिका खुसी सुवेदीलाई आमा श्रीजया कार्कीसँग दैनिक दुई घण्टा भेटघाट गर्नसमेत दिनु भनी आदेश भएको अवस्था छ।

बालिकालाई आमासँग राख्न मिलेन भनी ललितपुर जिल्ला अदालतबाट भएको सो आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। निवेदक र प्रत्यर्थीबिच बालमैत्री वातावरणमा छलफल गराई अदालतबाट निर्धारण गरिदिएको स्थान र समयमा नियमित भेटघाट एवं निवेदक आमाको साथमा रहने बस्ने व्यवस्थासमेत मिलाउने र प्रत्येक हप्ताको प्रगति विवरण दुवै पक्षबाट त्यहाँ अदालतमा पेस गर्न लगाई

मिलापत्र कार्यान्वयनमा अन्य आवश्यक जो जे आदेश गर्नुपर्ने हो गर्नु भनी उच्च अदालत पाटनबाट मिति २०७६।०७।१४ मा अन्तरकालीन आदेश भएको थियो। उच्च अदालतको सो आदेशबमोजिम ललितपुर जिल्ला अदालतमा विपक्षी आमा श्रीजया कार्की र नाबालिगबिच भेटघाट गराउने कार्य हुँदा विपक्षी श्रीजयाले बालिकालाई यातना दिई, प्रलोभनमा पारी कोठाभित्रै थुनी आफू अनुकूलको श्रव्यदृश्य सामग्री बनाउने गरेको कुरा हामीले थाहा पाई सोधखोज गर्दा निज बालिका खुसीले ललितपुर जिल्ला अदालतको स्रेस्तेदारसमक्ष रुँदै यो मेरो ममी होइन, यसले मलाई प्रहरीकोमा उभ्याउँछ, मलाई स्कुल पनि जान दिँदैन, मेरो होमवर्क गर्न पनि दिँदैन, यस्तो पनि मेरो ममी हुन्छ भनी रोई कराई बिन्तीसमेत गरेकी थिइन्। यसरी बालिकाले निज विपक्षी श्रीजया कार्कीलाई आफ्नो ममी नै होइन भनी भावनात्मक रूपमा निज आमासँग घुलमिल नै हुन नसकेको अवस्था छ।

यसै क्रममा उच्च अदालत पाटनबाट मिति २०७६।०९।१३ मा आदेश हुँदा हजुरबुबा हरिकृष्ण सुवेदीले यदि निवेदिका / आमा नेपालमै बसी बालिकाको संरक्षकत्व लिन तयार भएमा बालिका खुसीलाई आमाको जिम्मा लगाएमा पनि आफ्नो आपत्ति नरहने भनेको र निवेदिका / आमाले पनि आफू नेपालमै बसी बच्चाको जिम्मेवारी र संरक्षकत्त्व लिन तयार रहेको धारणा व्यक्त गरेको सन्दर्भमा उल्लिखित मिलापत्रको सर्त, कानूनी व्यवस्था र यस अदालतको पूर्वआदेशबमोजिम प्राप्त प्रतिवेदनसमेतका आधारमा ललितपुर जिल्ला अदालतबाट मिति २०७६।०६।०१ मा बालिकालाई हजुरबुबासँगै बस्न दिने भनी भएको आदेश रीतपूर्वकको नदेखिँदा बदर गरिदिएको छ। अब, यी निवेदिकाले आफू नेपालमै बसी नाबालिग छोरीको संरक्षकत्वको जिम्मा लिन चाहेमा आजैका मितिमा यस अदालतको रजिस्ट्रारको रोहवरमा कागज गरी जिम्मा लगाई दिनू । नाबालिगको बालमनोविज्ञानमा कुनै किसिमको नकारात्मक प्रभाव नपरोस् भन्नेतर्फ दुवै पक्षले विशेष सजगता अपनाई बालिकालाई हजुरबुबालगायत परिवारका अन्य सदस्यहरूलाई छोरीसँग भेटघाट सम्पर्क सम्बन्ध कायम राख्न निवेदकबाट कुनै किसिमको बाधा व्यवधान नगर्नु भनी उच्च अदालत पाटनबाट मिति २०७६/०९/१३ मा आदेश भएको थियो । उच्च अदालत पाटनको मिति २०७६/०९/१३ को उक्त आदेश बेरितको हुनुका साथै आमासँग रहन दिने बहानामा बालिका खुसीलाई बन्धक बनाई राखिएको हुँदा उच्च अदालत पाटनबाट भएको सो आदेश निज बालिकाको सर्वोत्तम हित प्रतिकूलसमेत रहेको छ।

उच्च अदालतको सो आदेशविपरीत विपक्षी आमा श्रीजयाले आफ्नो दाजु नाताका व्यक्तिको घरको चार दिवारभित्र बालिकालाई कैद गरी बाहिर कसैलाई भेटघाट गर्न, बोल्नसमेत नदिई बन्धक बनाई राखिएको अवस्था छ। हामीसँग भेटघाट बोलचाल गर्न दिइएको छैन । मुलुकी फौजदारी संहिता, २०७४ को दफा २००, २०१, २०३ समेतको विपरीत विपक्षीले मलाई नाबालिगसँग भेट्न नदिई कैदी बन्दीसरह राखिआएका छन्। यसबाट निज नाबालिगको हक हितमा प्रत्यक्ष असर परिरहेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३ बमोजिम प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट निज बालिका वञ्चित भएकी छन्। सोही ऐनको दफा ६ बमोजिम बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार, दफा ७ बमोजिम संरक्षणको अधिकार, दफा ९ बमोजिम अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, दफा १३ बमोजिम पोषण तथा स्वास्थ्यको अधिकार, दफा १४ बमोजिम खेलकुद, मनोरन्जन तथा सांस्कृतिक अधिकार, दफा १५ बमोजिम शिक्षाको अधिकारसमेतबाट यी नाबालिगलाई वञ्चित गराइएको अवस्था छ । नेपालको संविधानको धारा १६, १७ र ३९ बमोजिम पनि नाबालिगको अधिकारमा

प्रत्यक्ष असर परिरहेको र निजको स्वतन्त्रपूर्वक बाँच्न पाउनेलगायतको सम्पूर्ण अधिकार विपक्षीबाट हनन गरिएको अवस्था छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६ बमोजिम बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्नेमा बालिकाको हितविपरीत निजलाई बन्द कोठाभित्र सीमित गर्ने कार्य विपक्षी श्रीजया कार्कीबाट भइरहेको अवस्था छ। विद्यालयमा चलिरहेको जाँचमा सम्म बालिकालाई सामेल नगराई निजलाई बन्धक गराउने कार्य भएको छ । यसले बालिकामा पूर्णत: नकारात्मक असर परिरहेको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १७ (३) को बुबाआमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्थाविपरीत बालिकालाई घरको चार दिवारभित्र नै कैद गरी राखिएको छ।

तसर्थ, उच्च अदालत पाटनबाट मिति २०७६।९।१३ मा भएको आदेश बदर गरी ललितपुर जिल्ला अदालतको मिति २०७६।६।१ को आदेशबमोजिम हुने गरी तत्काल निज नाबालिगलाई अदालतमा हाजिर गराई निजको अधिकारको संरक्षण गर्न बन्दी प्रत्यक्षीकरणको आदेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी नाबालिग खुसी सुवेदीलाई म हजुरबुबाको जिम्मा लगाइ पाऊँ। साथै, विपक्षी श्रीजया कार्की क्यानडाको स्थायी बासिन्दा भएकोले उच्च अदालत पाटनको आदेशविपरीत छोरी खुसी सुवेदीलाई क्यानडा लिएर जाने सम्भावना भएको र निज श्रीजयाले नै विभिन्न मिडियामा क्यानडा लिएर जाने भनी बोलिसकेको अवस्था भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (१) बमोजिम प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म क्यानडालगायत विदेश लाने कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा परेको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक २४ घण्टाभित्र बन्दी र लिखित जवाफसहित उपस्थित हुनू। साथै, चौबिस घण्टाभित्र बन्दीसहित उपस्थित हुनु भनी म्याद सूचना जारी भएको परिप्रेक्ष्यमा उपस्थित भएपछि निवेदकले उठाएका प्रत्येक विषयमा छलफल हुने नै हुँदा हालकै प्रारम्भिक अवस्थामा मागबमोजिमको अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने बेहोराको यस अदालतबाट मिति २०७६/०९/२१ मा भएको आदेश।

मिलापत्रको सर्तबमोजिम निवेदकले छोरीलाई भेटघाट गर्न र आफ्नो साथमा राख्न नपाएको भन्नेसमेत आधारमा ललितपुर जिल्ला अदालतको मिति २०७६।०६।०१ को आदेश बदरका लागि निवेदन परेकोमा निवेदक आमालाई नाबालिग छोरीसँग नियमित भेटघाट गर्न र आफ्नो साथमा रहने व्यवस्था मिलाउनु भनी यस अदालतबाट मिति २०७६/०७/१४ मा आदेश भएको थियो । यस अदालतको सो आदेशबमोजिम गर्न गराउन भनी सुरू ललितपुर जिल्ला अदालतले मिति २०७६।०७।२५ मा गरेको आदेश यस अदालतबाट भएको उल्लिखित आदेशबमोजिम नभएको भनी निवेदक बालिकाकी आमाले पुनः उल्लिखित निवेदन दायर गरेको देखिन्छ।

मिति २०७५।०६।२३ को मिलापत्रमा यथास्थितिमा नाबालिग छोरी खुसी सुवेदीलाई हजुरबुबा हरिकृष्ण सुवेदीको संरक्षण र जिम्मामा राख्ने तर निवेदिका श्रीजया कार्की नेपाल आउँदा छोरीलाई भेटघाट गर्न र आफूसँग राख्न पाउने भनी उल्लेख भएको पाइन्छ । मुलुकी देवानी संहिता, २०७४

को दफा ११५ मा पनि पति पत्नीबिचको वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा नाबालक बच्चाको संरक्षकत्वको जिम्मेवारी लिन आमालाई नै प्राथमिकता दिएको तथा यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६ (१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने छ भन्ने व्यवस्था भएको देखिँदा नाबालिग खुसी सुवेदीको सर्वोत्तम हितलाई मध्यनजर गरी यस अदालतबाट मिति २०७६।०९।१० मा भएको आदेशअनुसार इजलास अधिकृत श्री कृष्णशोभा सुवाल र बालमनोविज्ञ श्री सुनिल अधिकारीबाट स्थलगत रूपमा सूक्ष्म अवलोकनसमेत गरी लिएको प्रतिवेदन, नाबालिगको आमा श्रीजया कार्की, हजुरबुबा हरिकृष्ण सुवेदी र बाल मनोविशेषज्ञसँग छलफल गर्दा बाल मनोविशेषज्ञले नाबालिग खुसी आमासँग क्रमश: घुलमिल हुँदै गएको, आमासँग बस्न दिनु बच्चाको हितमा रहेको र जोससँग रहे पनि नाबालिकाले दुवै पक्षबाट पारिवारिक स्नेह र ममता पाउनु पर्ने वातावरण गराउन जरूरी रहेको भनी राय व्यक्त गरेको पाइयो।

इजलाससमक्ष भएको छलफलका क्रममा हजुरबुबा हरिकृष्ण सुवेदीले यदि निवेदिका नेपालमै बसी बच्चाको संरक्षकत्व लिन तयार भएमा बच्चा आमाको जिम्मा लगाएमा पनि आफ्नो आपत्ति नरहने भनी भनेको, निवेदिकाले पनि आफू नेपालमै बसी बच्चाको जिम्मेवारी र संरक्षकत्व लिन तयार रहेको भनी आफ्नो धारणा व्यक्त गरेको सन्दर्भमा उल्लिखित मिलापत्रको सर्त, कानूनी व्यवस्था र प्राप्त प्रतिवेदनसमेतका आधारमा ललितपुर जिल्ला अदालतबाट मिति २०७६।०६।०१ मा भएको आदेश रीतपूर्वकको नदेखिँदा बदर गरिदिई यी निवेदिकाले आफू नेपालमै बसी नाबालक छोरीको संरक्षकत्वको जिम्मा लिन चाहेमा आजैका मितिमा रजिस्ट्रारको रोहवरमा कागज गरी जिम्मा लगाई दिनू। नाबालिकाको बाल मनोविज्ञानमा कुनै किसिमको नकारात्मक प्रभाव नपरोस् भन्नेतर्फ दुवै पक्षले विशेष सजगता अपनाई निवेदिकाले हजुरबुबालगायत परिवारका अन्य सदस्यहरूलाई छोरीसँग भेटघाट सम्पर्क सम्बन्ध कायम राख्न कुनै किसिमको बाधा व्यवधान नगर्नु भनी निवेदिकाबाट सो बेहोराको कागजसमेत गराई मिसिल सामेल गर्नु भनी मिति २०७६।०९।१३ गते यस अदालतबाट आदेश भएको भन्ने बेहोराको उच्च अदालत पाटन र ऐ.का रजिस्ट्रारका तर्फबाट मिति २०७६/०९/२२ मा पेस भएको लिखित जवाफ।

ललितपुर जिल्ला अदालतबाट मिति २०७४।०६।२३ मा अंश र सम्बन्ध विच्छेद मुद्दा मिलापत्र हुँदा म निवेदक विदेशमा रहेको बखत अधिकृत वारेसमार्फत मिलापत्र हुँदा नाबालिग छोरी खुसी यथास्थितिमा हजुरबुबाको जिम्मा संरक्षकत्वमा रहेकोमा हाल म क्यानडामा अध्ययनपश्चात् छोरीको लालन-पालन, शिक्षा स्वास्थ्यको उचित व्यवस्था गर्न सक्षम रहेको अवस्थामा अदालतबाट भएको मिलापत्र र प्रचलित कानूनबमोजिम नाबालक छोरीलाई म निवेदक आमाले निर्विवाद रूपमा आफूसाथ राखी बच्चाको लालन-पालन, शिक्षा-दिक्षा, हेरविचार गर्न पाउने र नाबालक छोरीले समेत आमाको वात्सल्य माया ममता प्राप्त गर्ने अधिकार रहेको छ। मिति २०७६।०५।०४ मा छोरी भेट्न दिनुहोस् भनी विपक्षी हरिकृष्ण सुवेदीलाई पटक पटक फोन गरेकोमा विपक्षीले मिति २०७६।०५।०६ मा भाटभटेनी सुपरमार्केट कोटेश्वरमा भेट गर्ने भनी बोलाई आफूलगायत अन्य मानिसहरूसमेत भई हुल हुज्जत, गालीगलौज गरी छोरीसँग भेटघाट गर्न नदिएकोले राष्ट्रिय महिला आयोगमा निवेदन दिएकोमा त्यहाँ पनि विपक्षीहरूको हुलहुज्जत र जबरजस्ती कायमै रहेकोमा आयोगले प्रहरीलाई पत्राचार गरेको हो। प्रहरी कार्यालयहरूमा धाउनु परेको हो। विपक्षीहरूले प्रहरीमा समेत त्यस्तै

हर्कत देखाइरहेपछि प्रहरीको सल्लाहबमोजिम म अदालतको शरणमा आएकी हुँ । ललितपुर जिल्ला अदालतबाट आदेश हुँदा मिलापत्रको मर्म, भावना र कानूनको विपरीत हुने गरी छोरीको इच्छा नभएको भनी आमाको जिम्मा नलगाउने निर्णय भयो।

ललितपुर जिल्ला अदालतले उच्च अदालत पाटनबाट मिति २०७६/०७/१४ मा भएको आदेशको अक्षरश: पालना गरी बच्चालाई आमाको साथमा राख्ने व्यवस्था गर्नु पर्नेमा मिति २०७६/०७/१७ र मिति २०७६/०७/१९ गते दुई दिन बालमैत्री कक्षमा भेटघाट गर्ने व्यवस्था मिलाएकोमा छोरी खुसीले ममी ढोका लगाई दिनुहोस् हजुरसँग कुरा गरेको देख्नु भयो भने बाबाले पिटिसिन्छ भनी भनेको र उक्त बेहोरा ललितपुर जिल्ला अदालतका महिला कर्मचारीहरूले समेत सुनेको बेहोरा उक्त अदालतको सि.सि. टिभी फुटेजबाट समेत स्पष्ट हुने अवस्थामा श्री उच्च अदालतको आदेशको भावना र मर्मविपरीत नाबालक छोरीको सर्वोत्तम हितसमेतलाई हेर्दा नाबालिग छोरी अभ्यस्त भएको विद्यालय श्री गौरीशङ्कर बोर्डिङ स्कुल महालक्ष्मी ललितपुरमा भेटघाट गर्दा बालमनोविज्ञानमा असर पनि नपर्ने तथा पढाई पनि नियमित हुने देखिन्छ। बालमैत्री वातावरणमा निज छोरी अध्ययन गर्ने विद्यालयमा नै कक्षासमेत नछुट्ने गरी समय मिलाएर कम्तीमा हप्ताको तीन पटक एक महिनासम्म आमा श्रीजया कार्कीलाई भेटघाट कुराकानी गर्ने व्यवस्था मिलाई दुवैपक्षबाट प्रतिवेदन पेस गर्न लगाई अदालतका स्रेस्तेदारबाट आवश्यक अनुगमनसमेत गर्ने गरी एक महिनाको समय व्यतित भएपछि नियमानुसार पेस गर्नु भनी ललितपुर जिल्ला अदालतबाट मिति २०७६/०७/२५ मा आदेश भएको थियो।

उच्च अदालत पाटनबाट भएको मिति २०७६।०९।१० को आदेशबमोजिम उच्च अदालतका कर्मचारी र बाल मनोविशेषज्ञबाट पेस भएको प्रतिवेदन र पक्ष विपक्षबिच अदालतमा भएको छलफलमा विपक्षी हजुरबुबा हरिकृष्णको सहमतिसमेतमा नाबालिग छोरी हजुरबुबाको साथमा रहन पाउने भनी ललितपुर जिल्ला अदालतबाट भएको आदेश बदर गरी छोरी खुसीलाई मेरो जिम्मा लगाउन भनी उच्च अदालतबाट आदेश भएको थियो । प्रथमतः विपक्षीद्वारा मसमेत विरूद्ध दायर भएको रिट निवेदन आफैँमा प्रचलित कानून, नजिर सिद्धान्त र प्राकृतिक कानूनसमेत विपरीत छ । नौ महिनासम्म गर्भमा राखी प्रसव वेदनासहित जन्म दिने आमाले आफ्नो छोरीको अहित हुने कार्य गर्छ भनी तर्क गर्नु अपवाद भन्दा अर्को विषय हुन सक्दैन। सम्बन्ध विच्छेद भएको तत्कालै विवाह गर्ने बाबु र सौतेनी आमासँग बाध्यतावश बसिरहेकी अवोध नाबालिग छोरी खुसी आफ्नो जन्म दिने आमाले छोरीलाई साथमा राख्न र नाबालिग छोरीले आमाको वात्सल्यता प्राप्त गर्ने अधिकारबाट वञ्चित गराउने अधिकार कसैलाई पनि छैन । आफ्नो छोरीलाई आमाले राख्न पाउँदैन भन्नु प्राकृतिक कानूनसमेतको खिलाप हुँदा रिट प्रारम्भमै खारेज हुनुपर्दछ। आमाको साथमा रही वात्सल्य पाइरहेको बच्चालाई बन्दी बनाएको भन्ने तर्क नै अप्राकृतिक छ । छोरी मसँग हाँसीखुसी रहेकी छिन् । उच्च अदालत पाटनबाट भएको आदेशबमोजिम मैले छोरी खुसी सुवेदी र विपक्षी हरिकृष्ण सुवेदीबिच बेलाबेलामा च्याट गराई दिएको र मेरो माइतिघरमा आउँदा भेट गर्न पनि दिएकै छु। निवेदन बेहोरा झुठा हो। विपक्षीहरूले निरन्तर तनाव सिर्जना गरिरहेकोले सुरक्षाका कारण छोरी खुसीको पढाई छुटेको हो। शिक्षाबाट वञ्चित गराउने मेरो नियत र उद्देश्य होइन। मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ मा पति पत्नीबिचको वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा नाबालिगको संरक्षकत्वको जिम्मेवारी लिन आमालाई नै प्राथमिकता दिइएको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक

कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था भएको अवस्थामा समेत नाबालिग छोरी म आमाको जिम्मा रहँदा नै उनको सर्वोत्तम हित हुन्छ । म आमाले दाबी गरेको र छोरीको समेत आमासँगै रहने इच्छा भएको अवस्थामा हजुरबुबाले मेरी छोरीलाई राख्न पाउनुपर्ने भन्ने दाबी नै असङ्गतपूर्ण छ । अतः अप्राकृतिक र गैरकानूनी दाबी लिई विपक्षीले दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको श्रीजया कार्कीले मिति २०७६/०९/२५ मा पेस गरेको लिखित जवाफ ।

ठहर खण्ड

दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फका कानून व्यवसायी विद्वान् वरिष्ठ अधिवक्ता श्री सविता भण्डारी र विद्वान् वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठ, विद्वान् अधिवक्ता श्री टिकाराम भट्टराई, विद्वान् अधिवक्ता श्री विजयकुमार बस्नेत र विद्वान् अधिवक्ता श्री किरणकुमार श्रेष्ठले गर्नुभएको बहसमा उच्च अदालत पाटनबाट भएको आदेश यिनै निवेदक र विपक्षीसमेत वादी प्रतिवादी भई चलेको सम्बन्ध विच्छेद अंशचलन मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०७५/०६/२३ मा भएको मिलापत्रविपरीत रहेको छ । सो सम्झौता र मुलुकी देवानी संहिताको दफा ११५ को उपदफा (२) बमोजिम निवेदकले पाएको संरक्षकत्वको हक टुटाउने अधिकार उच्च अदालतलाई छैन । बालिकालाई दुधकाख गर्ने बेलामा विदेशमा रही ध्यान नदिने आमाले बालिकाको उच्चतम हित गर्न सक्दैन । उच्च अदालतबाट प्रहरीसमेतको बल लगाई बालिकालाई वैधानिक संरक्षकबाट खोसी चिल्लीबिल्ली पार्दै निजको इच्छाविपरीत आमासँग पठाउने काम भयो । कानूनी संरक्षक एवं पालनपोषण गर्ने हजुरबुबाको साथ टुटाई इच्छाविपरीत आमाको जिम्मा लगाउँदा बालिकाको अहित हुने भएकोले रिट जारी हुनुपर्छ भन्ने जिकिर लिनुभयो भने विपक्षीतर्फ उच्च अदालत पाटन र ऐ. का रजिस्ट्रारका पक्षबाट बहसमा उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री टेकराज भुसालले बन्दी प्रत्यक्षीकरणको रिट कसैले कसैलाई गैरकानूनी थुनामा राखेकोमा त्यस्तो थुनाविरूद्ध आकर्षित हुने हो । अदालतको आदेशले नै यी बालिकालाई आमाको जिम्मा दिई राखेको छ । गलत तथ्य र कानूनी आधार नै नभई दर्ता भएको प्रस्तुत निवेदनमा बन्दी प्रत्यक्षीकरणको रिट जारी हुन सक्तैन भनी बहस प्रस्तुत गर्नुभयो । त्यसैगरी, विपक्षीमध्येका श्रीजया कार्कीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, विद्वान् वरिष्ठ अधिवक्ता श्री वोर्णबहादुर कार्की, विद्वान् अधिवक्ता श्री रमेश बडाल, विद्वान् अधिवक्ता श्री युवराज भण्डारी, विद्वान् अधिवक्ता श्री रमेशकुमार ढकाल, विद्वान् अधिवक्ता श्री शेषराज खरेल र विद्वान् अधिवक्ता श्री पुष्पा पौडेलले नाबालिगलाई मातृवात्सल्यबाट वञ्चित गरिनु हुँदैन । मातृवात्सल्यको हक नै नाबालिगको लागि प्राथमिक र सर्वोत्तम अधिकार हो । बालिकाको आमासँगै बस्ने चाहना भएको, आमा आफैँले बालिकाको संरक्षकत्व लिन चाहेको तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को व्यवस्था पनि बाबु-आमाबिच सम्बन्धबिच्छेद भएको अवस्थामा नाबालिगको संरक्षकत्वको पहिलो हक आमाको भएको, मिति २०७५।६।२३ को मिलापत्रको अवस्था र हालको अवस्थामा परिवर्तन आएको र हाल आमा आफैँले बच्चा राख्न चाहेको हुँदा अदालतको आदेशबमोजिम नै आमाले बालिकालाई राखेकी हुन् । गैरकानूनी बन्दी बनाएको होइन । यस्तोमा बन्दी प्रत्यक्षीकरणको रिट जारी हुन सक्तैन । रिट खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

यसमा, एघार महिनाकी छोरी खुसी सुवेदीलाई हजुरबुबाको जिम्मा लगाई आमा श्रीजया कार्की विदेश गएकै बखत अंशचलन र मानाचामल मुद्दा

चली सो मुद्दामा मिलापत्र हुँदा श्रीजयाले अंशबापत छत्तिस लाख बुझिलिई नाबालिग छोरी खुसीको संरक्षकत्वको जिम्मा हजुरबुबा हरिकृष्ण सुवेदीको नै रहने भन्ने मिति २०७५/०६/२३ मा ललितपुर जिल्ला अदालतमा मिलापत्रको लिखत भएको रहेछ । केही समयपछि आमा श्रीजया नेपाल आई छोरीलाई भेट्न खोज्दा बालिकाको संरक्षक रहेका हजुरबुबालगायतका मानिसहरूले बाधा व्यवधान उत्पन्न गरेपछि सोको न्यायिक उपचारका लागि आमा श्रीजयाले ललितपुर जिल्ला अदालतमा निवेदन दिएकोमा नाबालिगले आमासँग जान इच्छा नदेखाएको र संरक्षक हजुरबुबाबाट नै बालिकाको उचित रेखदेख भएकोले बालिकालाई हजुरबुबासँगै राख्नु उचित हुने, बालिकालाई उनको इच्छाविपरीत हाललाई आमाको जिम्मा लगाई दिन नमिल्ने, भनी ललितपुर जिल्ला अदालतबाट मिति ०७६।०६।०१ मा आदेश भएको देखिन्छ । उक्त आदेशमा चित्त नबुझाई आमा श्रीजया कार्कीले उच्च अदालत पाटनमा निवेदन दिएकोमा उच्च अदालत पाटनबाट मिति २०७६/०७/१४ मा ललितपुर जिल्ला अदालतबाट मिति २०७६।६।१ मा भएको आदेश बदर गरी बालिकालाई आमाको साथमा रहन बस्न दिने व्यवस्थासमेत मिलाई बालबालिकाको हितलाई समेत ध्यानमा राखी मिलापत्रको सर्तबमोजिम जे जो गर्नुपर्छ गर्नु भनी अन्तरकालीन आदेशमार्फत ललितपुर जिल्ला अदालतको नाममा आदेश गरेकोमा जिल्ला अदालत ललितपुरबाट उच्च अदालतको सो आदेश कार्यान्वयनका लागि मिति २०७६/०७/२५ मा अर्को आदेश भएको रहेछ । जिल्ला अदालत ललितपुरको मिति २०७६/०७/२५ को सो आदेश उच्च अदालत ललितपुरको मिति २०७६/०७/१४ को आदेशविपरीत भएको भनी आमा श्रीजयाले पुन: उच्च अदालत पाटनमा निवेदन दिएको देखिन आयो । तत्पश्चात् उच्च अदालत पाटनले पारिवारिक छलफल र बालमनोविज्ञसमेतको राय परामर्श लिई मिति २०७६/०९/१३ मा आदेश गर्दा ललितपुर जिल्ला अदालतबाट मिति २०७६/०६/०१ मा भएको उक्त आदेश बदर गरी आमा आफैँले नेपालमै बसी नाबालिग छोरीको संरक्षकत्व लिन चाहेमा आमाको जिम्मा लगाइदिनु र हजुरबुबालगायत परिवारका अन्य सदस्यहरूलाई समेत भेटघाट गर्न दिनु भनी उल्लेख भएको देखिन्छ । उच्च अदालतको सो आदेश बालिकाको सर्वोत्तम हितमा नभएको र आमा श्रीजयाले बालिकालाई सो आदेशैबमोजिम राखेको भए पनि कसैसँग बोल्न, भेटघाट गर्न नदिई कोठाभित्र बन्धक बनाई राखेको हुँदा अदालतको रोहवरमा म निवेदकको जिम्मा लगाई पाउँ भन्ने हजुरबुबा हरिकृष्ण सुवेदीको निवेदन रहेको देखियो । पति पत्नीबिचको वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा नाबालिगको संरक्षकत्वको जिम्मेवारी लिन कानूनले आमालाई नै प्राथमिकता दिएको तथा नाबालिग खुसी सुवेदीको सर्वोत्तम हितलाई मध्यनजर गरी मिति २०७६।०९।१० मा भएको आदेशअनुसार इजलास अधिकृत श्री कृष्णशोभा सुवाल र बालमनोविज्ञ श्री सुनिल अधिकारीबाट स्थलगत रूपमा सूक्ष्म अवलोकनसमेत गरी लिएको प्रतिवेदन, नाबालिगको आमा श्रीजया कार्की, हजुरबुबा हरिकृष्ण सुवेदी र बाल मनोविशेषज्ञसँग छलफल गर्दा बाल मनोविशेषज्ञले नाबालिग खुसी आमासँग क्रमश: घुलमिल हुँदै गएको, आमासँग बस्न दिनु बच्चाको हितमा रहेको र जोससँग रहे पनि नाबालिकाले दुवै पक्षबाट पारिवारिक स्नेह र ममता पाउनु पर्ने वातावरण गराउन जरूरी रहेको भनी मिति २०७६/०९/१३ मा व्यक्त गरेको रायसमेतलाई आधार लिई हजुरबुबालगायत परिवारका अन्य सदस्यहरूलाई छोरीसँग भेटघाट गर्न, सम्पर्क सम्बन्ध कायम राख्न कुनै किसिमको बाधा व्यवधान नगर्नु भनी आदेश गरिएको भन्ने उच्च अदालत पाटनको लिखित जवाफ रहेको देखिन्छ भने नौ महिनासम्म गर्भमा राखी प्रसव वेदनासहित जन्म दिने आमाले आफ्नो छोरीको

अहित हुने कार्य गर्छ भनी तर्क गर्नु विवेकसङ्गत छैन। सम्बन्ध विच्छेद भएको तत्कालै विवाह गर्ने बाबु र सौतेनी आमासँग बाध्यतावश बसिरहेकी अवोध नाबालिग छोरी खुसीलाई आफ्नो जन्म दिने आमाले साथमा राख्न र नाबालिगलाई आमाको वात्सल्यता प्राप्त गर्ने अधिकारबाट वञ्चित गराउने अधिकार कसैलाई पनि छैन। आफ्नो छोरीलाई आमाले राख्न पाउँदैन भन्नु प्राकृतिक कानूनसमेतको खिलापमा छ। नाबालिग छोरी म आमाको जिम्मा रहँदा नै उनको सर्वोत्तम हित हुन्छ। म आमाले दाबी गरेको र छोरीको समेत आमासँगै रहने इच्छा व्यक्त गरेको अवस्थामा हजुरबुबाले मेरी छोरीलाई राख्न पाउनुपर्ने भन्ने दाबी नै अप्राकृतिक रहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोरा उल्लेख गरी आमा श्रीजया कार्कीले लिखित जवाफ पेस गरेको पाइयो।

अब, उल्लिखित तथ्यलाई मध्यनजर गर्दै निम्नप्रश्नको निरूपण गरी निर्णय गर्नुपर्ने देखियो:

१. बालबालिकाको सर्वोत्तम हित भनेको के हो ?
२. निवेदकको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने हो वा होइन ?

२. निरूपण गर्नुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक र हित संरक्षण गर्ने उद्देश्य राखेको छ। बालबालिकाको सर्वोत्तम हित केन्द्रित संयुक्त राष्ट्र संघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को प्रस्तावना र नेपालको संविधानको बाल विकास र हित लक्षित यस धाराको उद्देश्यलाई कार्यान्वयन गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रस्तावनामै ऐनको उद्देश्य बालबालिकाको सर्वोत्तम हित कायम गर्नु भन्ने उल्लेख भएको पाइन्छ भने सो ऐनको दफा ३ को उपदफा (१) मा बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। त्यस्तै अन्य विभिन्न दफाहरूमा बालबालिकाको हक अधिकारको व्यवस्था उल्लेख भएको पाइन्छ। सोही ऐनको दफा १६ ले राज्यका कुनै निकाय (अदालत पनि) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने भन्ने उल्लेख गरेको पाइन्छ।

३. त्यस्तै, पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएको अवस्थामा नाबालिगको संरक्षण र जिम्मा सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ मा उल्लेख भएको पाइन्छ। पाँच वर्ष नपुगेको त्यस्तो अवस्थाको नाबालिग जस्तोसुकै अवस्थामा पनि आमाको जिम्मा हुनुपर्ने तथा पाँच वर्षमाथि भए आमाले अर्को विवाह नगरेको भए आमाले चाहेमा आमाको जिम्मा र उक्त अवस्थाबाहेक मात्र बाबुको जिम्मामा रहने देखिन्छ। यसबाहेक दफा ११५ को उपदफा (२) मा बाबुआमाको सम्बन्ध विच्छेद वा भिन्न हुँदा छुट्टै सहमति भएको भए सोहीबमोजिम हुने व्यवस्था भएको पाइयो। दफा ११५ को उपदफा (३) ले दश वर्ष उमेर पुगेको नाबालिगको हकमा मात्र ऊ बाबु आमा कसको जिम्मा रहने हो भन्ने सम्बन्धमा नाबालकको राय लिन सकिने व्यवस्था भएको पाइन्छ। सोहीको दफा ११५ को उपदफा (४) मा आमा वा बाबु कसैको मृत्यु भएमा जीवित रहने बाबु वा आमाले नाबालिगको जिम्मा लिनु पर्ने भन्ने व्यवस्था रहेको छ। यस दफामा भएका यी समग्र व्यवस्थाको समुचित मूल्याङ्कन गर्दा सामान्यतया पाँचदेखि दश वर्षसम्मको नाबालिगको जिम्मा र संरक्षण आमाले लिन नचाहेको खण्डमा बाहेक आमाकै जिम्मा वा संरक्षणमा रहने भन्ने देखिन्छ। यद्यपि, ऐजनको दफा ११५ को उपदफा (२) अनुसार छुट्टै सहमति भएकोमा सोहीबमोजिम हुने गरी अपवाद पनि यस दफाले परिकल्पना गरेको देखियो।

४. त्यसैगरी नेपाल पक्षधर संयुक्त राष्ट्र संघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on the Rights of the Child, 1989) को धारा ३ को उपधारा (१) मा सबै प्रयोजनको लागि

अर्थात् सार्वजनिक वा निजी सामाजिक कल्याणकारी संघ संस्था, अदालत, प्रशासनिक अधिकारी वा विधायिकाले बालबालिकासँग सम्बन्धित सबै कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्नुपर्ने (best interests of the child shall be a primary consideration) भनी उल्लेख भएको पाइयो ।

५. यी माथि उद्धृत संविधान, अन्तर्राष्ट्रिय सन्धि तथा कानूनमा उल्लिखित बालबालिकाको सर्वोत्तम हित (best interest of the child) लाई विश्लेषण गर्नुपर्ने देखिन्छ । बालबालिकाको सर्वोत्तम हित पूर्वीय धार्मिक र सामाजिक परिवेशमा नौलो विषय होइन । बालबालिकालाई संरक्षण र माया गरिनुपर्ने मान्यता एउटा सदियौंदेखि चलिआएको प्रथाजनित अभ्यास पनि हो । **हरेक परिस्थितिमा बालबालिकाले संरक्षणको प्राथमिकता पाउने पूर्वीय दर्शन, अभ्यास, धर्मशास्त्र तथा धार्मिक मान्यतामा अन्तरनिहित रहेको पाइन्छ । बालबालिका भगवान्‌सरह हुन् भन्ने पूर्वीय मान्यताभित्र बालबालिकाको सर्वोत्तम हित (best interest of the child) अन्तर्निहित रहको मान्नुपर्दछ ।** बालबालिकाको संरक्षण पाउने हकलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले बाध्यात्मक मान्यता मात्र प्रदान गरेका हुन् । **बालबालिकाको सर्वोत्तम हित हाम्रो धार्मिक सामाजिक मान्यता र चेतनाको अग्रिम उपज पनि हो ।**

६. यद्यपि, कानूनी परिप्रेक्ष्यमा बालबालिकाको सर्वोत्तम हित बालबालिकाको स्वतन्त्रता र सर्वोपरि विकाससँग सम्बन्धित छ । यो एक अधिकार मात्र नभई सिद्धान्त र प्रक्रियाको रूपमा स्थापित भइसकेको पाइन्छ । कुनै बालबालिकाको सम्बन्धमा निर्णय लिँदा विभिन्न परिस्थितिमध्ये सबभन्दा बढी निजको हितमा के गर्दा हुन्छ भन्ने हेरिनु पर्दछ । त्यस्तै कानूनको व्याख्या गर्दा त्यस्तो व्याख्यामा बालबालिकाको संरक्षण वा सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्दछ र कुनै बालबालिकाको बारेमा कुनै पनि निकायले निर्णय लिँदा त्यस्तो निर्णयबाट बच्चालाई कस्तो असर पर्दछ भन्ने कुराको वस्तुगत मूल्याङ्कन गरिनु पर्दछ ।

७. यथार्थमा बालबालिकाको सर्वोत्तम हित प्रत्येक मुद्दा वा परिस्थितिमा फरक पर्न सक्छ । यो एउटा विकासशील अवधारणा हो र यसलाई बालबालिकाको हितमा परिस्थितिअनुसार प्रयोग र विकास गर्नु पर्दछ । अर्थात्, **प्रत्येक मुद्दाको कारबाही बालबालिकाको सर्वोत्तम हित उक्त मुद्दाका परिस्थितिहरूको मूल्याङ्कन र विश्लेषण गरी सम्बन्धित बालबालिकाको हितलाई केन्द्रमा राखी गरिनु पर्दछ । अतः आफूसमक्ष आएको सम्बन्धित मुद्दाको निर्णय गर्दा सम्बन्धित बालबालिकाको हित संरक्षण गर्नुपर्ने दायित्व अदालत र न्यायाधीशको जिम्मेवारीभित्र पर्दछ । सामान्यतया अदालत वा न्यायाधीशले बालबालिकाको सर्वोत्तम हित हेर्दा बच्चाको विशिष्ठ परिस्थिति, उसको व्यक्तिगत अवस्था र परिवेशलाई मूल्याङ्कन गर्नुपर्दछ । यस्तो निर्णयमा पुग्दा बालबालिकाको मनोवैज्ञानिक अवस्थासहितको प्रतिवेदनसमेतलाई विचार गरी निर्णयमा पुग्नु महत्त्वपूर्ण आधार हुन सक्दछ । त्यस्तै यस्तो निर्णयमा पुग्दा बुबा, आमा, हजुरबुबा, हजुरआमा, कुनै पनि नातेदार वा अन्य संघ संस्थाको परिस्थिति वा अवस्था होइन निज बालकको परिस्थिति र इच्छासहितको वस्तुगत दृष्टिकोण महत्त्वपूर्ण हुन्छ ।**

८. अझ, परिवार विखण्डन भएको अवस्थामा बालबालिकाको सर्वोत्तम हित हेरिनु झनै महत्त्वपूर्ण हुन्छ । यस्तो विखण्डित अवस्थामा छुट्टिएका बाबु आमाको अवस्था र निज नाबालकसँग भावनात्मक सम्बन्ध भएका अन्य नजिकका नातेदारहरूको व्यक्तिगत इच्छाका कारण एक जटिल परिस्थितिको सिर्जना हुन सक्दछ । वैवाहिक सम्बन्ध बिग्रने र त्यसलाई सहज रूपमा नलिने नेपालको मात्र

होइन समग्रमा एउटा विकासशील देशहरूको साझा समस्या हो । नेपालमा सहमतिमै परिवार छुट्टिने र बालबालिकालाई साझा रूपमा जिम्मा वा संरक्षण गर्ने परम्पराको क्रमिक विकास हुँदै गएको मात्र देखिन्छ । यस परिप्रेक्ष्यमा बाबु आमाको सम्बन्ध विच्छेद हुँदाका परिस्थितिहरूले बालबालिकाहरूमा असर पार्नु हुँदैन । सन्तान भएका पति पत्नीले आफूहरू छुट्टिएमा बालबालिकाले समानरूपमा दुवैजनासँग (परिवारका अन्य सदस्यसँग पनि) नियमित रूपमा प्रत्यक्ष व्यक्तिगत सम्बन्ध राख्न पाउने व्यवस्थाका लागि कानूनी र नैतिक जिम्मेवारी लिनु पर्दछ । साथै यस्तो अवस्थाको सिर्जना अदालत र कानून कार्यान्वयन गर्ने अन्य अधिकारीहरूले पालना गर्नुपर्ने दायित्व बालबालिकाको सर्वोत्तम हितमा अन्तरनिहित हुन्छ । **बाबु वा आमालाई प्रत्यक्ष भेट गर्न नदिने भन्ने विषयले सम्बन्धित बालबालिकालाई गम्भीर खतरा सिर्जना गर्न सक्छ । बाबु वा आमाको आर्थिक अवस्था, शारीरिक अशक्तता वा अन्य यस्ता सामान्य कारणहरू बालबालिकाको संरक्षण वा जिम्मा हटाउने आधार बन्न सक्दैनन् । यदि सम्बन्धित बालबालिका परित्याग गरिएको हो भने त्यसको आधार र कारणसहितको मूल्याङ्कन हुनु पर्दछ । वास्तवमा एउटा निर्णयकर्ता सम्बन्धित बालक कोसँग बस्ने मात्र होइन, छुट्टिएका बाबु आमाको बच्चासँगको व्यक्तिगत र भावनात्मक सम्बन्ध के कति महत्त्वपूर्ण छ भन्ने आधारमा जोसुकैसँग बसे पनि एक अर्काले भेट्ने र सामिप्यता प्राप्त गर्ने आधार सिर्जना गरिदिनु पर्दछ भन्ने मान्यताबाट विचलित हुनु हुँदैन । त्यस्तो सामिप्यताभित्र पारिवारिक वातावरण मात्र होइन निज नाबालकका दुवैतर्फका नजिकका नातेदारहरूसँगको सामिप्यता पनि अन्तर्निहित हुन्छ ।**

९. यस अदालतबाट बालबालिकाको संरक्षकत्वको सम्बन्धमा यस पहिलेका महत्त्वपूर्ण फैसलाहरूको विवेचना हुनु जरूरी छ । हजुरआमाको संरक्षकत्वमा रहेको छोराछोरीलाई आमाले अपहरण गरी लगी बन्दी बनाएकी भन्ने तथ्य रहेको *ने.का.प. २०६१, अंक ६, नि.नं. ७३८९, पृष्ठ ६७६ विवेक चालिसेसमेत वि. सत्यवती चालिसेसमेतको बन्दी प्रत्यक्षीकरण* मुद्दामा व्याख्या गर्दै बालबालिकाको स्वतन्त्रताको दृष्टिकोणबाट विश्लेषण गरी छोराछोरी आमासँग रहेको अवस्थालाई बन्दी रहेको भनी मान्न नमिल्ने भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । त्यसैगरी *ने.का.प. २०६७, भदौ, नि.नं. ८३७६, पृष्ठ ८०४ विश्वराज पन्त वि. रीता ढकालसमेतको बन्दीप्रत्यक्षीकरण* मुद्दामा बच्चाको आमाले प्राकृतिक संरक्षकको हैसियतले आफ्नो भूमिका निभाउन नसक्ने र सो हैसियतले बच्चाको पालन पोषण गर्न सक्ने अवस्थामा बाबुले संरक्षकत्व ग्रहण गर्न पाउने व्याख्या गरेको छ । सो मुद्दामा आमाले पालन पोषण गरेको नै देखिएको आधार लिएको पाइन्छ । त्यस्तै आमाले बच्चाको पालनपोषण गर्न लापरवाही गरेको भन्ने तथ्य रहेको *ने.का.प. २०६८, अंक ८, नि.नं. ८६७४, पृ. १४१२, अतुल शाह वि. मल्लिका शाहसमेत भएको बन्दीप्रत्यक्षीकरण* मुद्दामा यस अदालतले यस प्रकृतिको बन्दीप्रत्यक्षीकरणको विवादमा पक्ष र विपक्षको अहम् तुष्टिभन्दा सम्बद्ध बालबालिकाको सर्वोत्तम हित र आफ्नो इच्छा जाहेर गर्न नसक्ने यस्ता नाबालिगहरूको हक अधिकार प्रचलन गराउन अदालत सदैव उद्यत रहनुपर्ने मान्यता स्थापित गरेको पाइन्छ । चार वर्षीया नाबालिगलाई आमाबाट छुटाई दिँदा निज बच्चीलाई पर्ने सम्भावित मानसिक उत्पीडनको आँकलन तथा तत्कालीन अवस्था वा तथ्यहरूलाई हेर्नुपर्ने भन्दै बालबालिकाको सर्वोत्तम हितलाई विशेष जोड दिएको पाइन्छ ।

१०. त्यस्तै, यसै अदालतको *ने.का.प. २०७०, अङ्क ३, निर्णय नं.८९७९, आमा सुनीता वि. समीर के.सी.समेतको* बन्दीप्रत्यक्षीकरण मुद्दामा

बालबालिकाहरूको अविभावक बिचको विवादमा अदालतले बाबु वा आमा वा अरू कसैको अहमको पृष्ठपोषण गर्न नसक्ने तथा बालमनोविज्ञानको कसीमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हित रहेको उल्लेख छ। बाबु आमाका बिचको सम्बन्धबाट उत्पन्न हुने समस्याको दुष्प्रभाव नाबालिग छोराछोरीमा पर्न नदिन वा सोको प्रभावबाट पर्ने असर कसरी न्यून गर्ने भन्ने कुराको खोजी नै बाल न्याय प्रणालीको मर्म भएको उल्लेख छ । बालबालिकाको संरक्षकत्वको विषयमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हितको पक्षलाई साङ्गोपाङ्गो रूपमा हेरी समन्यायिक दृष्टिकोणबाट निष्कर्षमा पुग्नु अपरिहार्य हुने भनी व्याख्यासमेत भएको पाइन्छ। नाबालिगलाई आफ्नी आमाबाट पूर्णतः अलग राखिँदा निजको कलिलो मस्तिष्कमा पर्नसक्ने नकारात्मक प्रभावप्रति अदालत निस्पृह बस्न नमिल्ने र बालिकाकी बाबुकी आमा अर्थात् हजुरआमाको साथमा खुसीसाथ रहेको देखिए पनि निजमा आफूलाई जन्मदिने आमासँगको सामिप्यता र वात्सल्यताबाट वञ्चित हुनु परेको पीडाबोध थिएन भनी स्वतः अनुमान गरिनु बालमनोविज्ञानका दृष्टिले न्यायोचित नहुने भनी उल्लेख भएको पाइन्छ।

११. त्यस्तै, *ने.का.प. २०७१, अङ्क ८, निर्णय नं. ९२१९, बन्दीप्रत्यक्षीकरण* मुद्दामा बालबालिका कोसँग खुसी हुन्छन् भन्ने कुरा विचार गर्नुपर्ने भनी उल्लेख भएको पाइन्छ । *ने.का.प. २०७१, अङ्क ८, नि.नं.९२२६, बन्दीप्रत्यक्षीकरण* मुद्दामा बालमनोवृत्तिलाई असर पुग्ने गरी कसैको जिम्मा लगाउन नहुने तथा बालमनोविज्ञानमा आमाको प्राथमिकताको सम्बन्धमा व्याख्या गरेको पाइन्छ। *ने.का.प. २०७१, अंक १०, निर्णय नं. ९२५७ भएको उत्प्रेषण र परमादेश* मुद्दामा बालबालिकाको अधिकारको विषय आमाबाबुबाट राज्यको दायित्वमा पनि रूपान्तरण हुन पुगेको छ। doctrine of parents patriae को अवधारणाअनुसार देशका प्रत्येक बालबालिकाको सर्वोत्तम हित र संरक्षणको लागि राज्यले अभिभावकत्वको जिम्मेवारी ग्रहण गर्नुपर्ने उल्लेख भएको अवस्थामा सर्वोच्च अदालत पनि राज्यको अङ्ग भएकोले अदालत यस्तो अविभावकीय दायित्वबाट पन्छिन मिल्दैन भन्ने उल्लेख भएको पाइन्छ। यस्तै, *ने.का.प. २०७५, अकं ७, निर्णय नं. १००५३ राजीनामा लिखत बदर* मुद्दामा नाबालिगको संरक्षण गर्ने पहिलो दायित्व निजहरूकै बाबु आमाको हो तर बाबु स्वयंले आफ्ना सन्तानको भविष्य विचार नगरी जग्गा राजीनामा पारित गरिदिई हक छाडिदिएको अवस्थामा त्यस्ता नाबालिगहरूको अंश हकको संरक्षणतर्फ सक्रियता देखाउनु अदालतको कर्तव्य र दायित्व पनि हो भन्ने उल्लेख भएको पाइन्छ। सोही फैसलामा राज्यले बालबालिकाको सर्वोत्तम हितको लागि कार्य गर्नुपर्ने भनी उल्लेख भएको छ।

१२. त्यसैगरी *ने.का.प. २०७५, अंक ८, निर्णय नं. १००७४, अप्सरा थापा खड्का वि. राजेन्द्रकुमार खड्कासमेत भएको बन्दीप्रत्यक्षीकरण* मुद्दामा यस अदालतले पति पत्नीका बिचको सम्बन्धमा समस्या देखिएको अवस्थामा नाबालिगलाई हुन सक्ने सामाजिक र मानसिक क्षतिलाई कसरी नियन्त्रण गरी न्यून गर्ने भन्नेतर्फ बाबु आमा दुवैले संवेदनशील भएर हेर्नुपर्ने र निर्णय गर्ने पक्ष सदैव सजग र सचेत भई बालबालिकाको सर्वोत्तम हित (best interest of the child) लाई ध्यानमा राख्नुपर्ने भनी व्याख्या गरेको पाइन्छ। *ने.का.प. २०७६, अकं ४, निर्णय नं. १०२४७ मेदिना जोशी वि. मनिषलाल श्रेष्ठको सम्बन्ध विच्छेद* मुद्दामा आमा वा बाबु जोसँग बसे पनि आफू नबसेको बाबु वा आमालाई चाहेको अवस्थामा बेलाबखत भेट गर्न पाउने कुरा बालबालिकाको सर्वोत्तम हितसँग तथा निजको माया ममता पाउने र आफूले समेत माया ममता गर्न पाउने हकसँग सम्बन्धित विषय हो भनी विवेचना भएको पाइन्छ।

१३. यस अदालतले गरेका माथि

उल्लिखितलगायतका प्राय: सबै फैसलाहरूमा बालबालिकाको हित परिस्थितिजन्य अवस्थासँग सम्बन्धित हुने, राज्यको जुनसुकै निकाय तथा अदालतले पनि आफ्नो काम कारबाहीमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, बालमनोविज्ञानलाई मध्यनजर गरी कार्य गर्नुपर्ने तथा अन्यथा प्रमाणित नभएसम्म आमा नै बालबालिकाको प्राथमिक हित र रोजाई हुने, आमाले नै आफ्नो बच्चाको हित अन्य व्यक्तिहरूले भन्दा गुणस्तरयुक्त तवरले गर्न सक्ने तर भेटघाट गर्न भने बाबु, हजुरबुबा, हजुर-आमालगायत परिवारका सदस्यहरूलाई दिनुपर्ने भन्ने मान्यता स्थापित गरेको पाइन्छ।

१४. माथि उल्लिखित सैद्धान्तिक तथा हाम्रो अदालती अभ्यासको परिप्रेक्ष्यमा यस अदालतका फैसलाहरू क्रमिकरूपमा बालबालिकाको समग्र हितको संरक्षण र संवर्द्धन गर्ने दिशातर्फ विकसित हुँदै आएको पाइन्छ। हाम्रो संवैधानिक र कानूनी व्यवस्थाले पनि यही सैद्धान्तिक परिकल्पनालाई आत्मसात् गरेको पाइन्छ र समग्रमा कानूनी तथा न्यायिक व्याख्याको दृष्टिकोणबाट बाबुआमा छुट्टिँदा बालबालिकाको दाबिमा परेको मुद्दामा निज नाबालिगको सर्वोत्तम हितलाई सर्वाधिक महत्त्व दिई संविधान र कानूनको व्याख्या गर्ने दिशामा यस अदालतले संस्थागत मान्यता अंगीकार गरिआएको पाइन्छ। साथै बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ मा रहेका बालबालिकाको सर्वोत्तम हितसम्बन्धी प्रावधानहरू हाम्रै बालबालिकासम्बन्धी ऐनमा पनि उल्लेख भएको पाइन्छ। यसरी बालबालिकासम्बन्धी principle of best interest of child सम्बन्धी सिद्धान्तलाई केन्द्रबिन्दुमा राखी बालबालिकाको समग्र हितको संरक्षण र संवर्द्धन हुनु नै बालबालिकाको सर्वोत्तम हित हो।

१५. यस मुद्दामा यी बालिकाको सर्वोत्तम हितका सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो। मिति २०७५।०६।२३ मा भएको मिलापत्रअनुसार यथास्थितिमा नाबालिग छोरी खुसी सुवेदीलाई हजुरबुबा हरिकृष्ण सुवेदीको संरक्षण र जिम्मामा राख्ने र, आमा श्रीजया कार्की सुवेदी नेपाल आउँदा छोरी खुसीलाई भेटघाट गर्न र आफूसँग राख्न, नाबालक छोरी खुसी सुवेदी आमासँग विदेश जान चाहेमा जान पाउने कुरामा दुवै पक्ष मन्जुर रहेको पाइन्छ। बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने छ भन्ने ऐनको व्यवस्था हेर्दा नाबालिग खुसी सुवेदीको सर्वोत्तम हितलाई मध्यनजर गरी उच्च अदालत पाटनबाट मिति २०७६।०९।१० मा भएको आदेशअनुसार इजलास अधिकृत श्री कृष्णशोभा सुवाल र बालमनोविज्ञ श्री सुनिल अधिकारीबाट स्थलगत रूपमा सूक्ष्म अवलोकनसमेत गरी मिति २०७६/०९/१३ मा तयार पारिएको प्रतिवेदन, बालिकाकी आमा श्रीजया कार्की, हजुरबुबा हरिकृष्ण सुवेदी र बाल मनोविशेषज्ञसँग छलफल गर्दासमेत बाल मनोविशेषज्ञले यी नाबालिग खुसी सुवेदी आमासँग क्रमशः घुलमिल हुँदै गएको, आमासँग बस्न दिनु बच्चाको हितमा रहेको र जोसँग रहे बसे पनि नाबालिकाले दुवै पक्षबाट पारिवारिक स्नेह र माया ममता पाउनुपर्ने वातावरण निर्माण गर्न जरूरी रहेको भनी राय व्यक्त गरेको पाइयो।

१६. यी बालिका खुसी सुवेदीको उमेर पाँच वर्षको सेरोफेरोमा रहेको सन्दर्भमा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को उपदफा (१) मा भएको कानूनबमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक पाँच वर्ष उमेर पूरा नभएको भए आमाले अर्को विवाह गरेकोमा वा नगरेको भए पनि निजले चाहेमा नाबालिग आमाको जिम्मा रहने भन्ने व्यवस्था भएको देखिन्छ। साथै, पाँच वर्षभन्दा माथिको नाबालक भए

आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा त्यस्तो नाबालिग सन्तानलाई आफ्नो जिम्मा लिन पाउने भनी व्यवस्था भएको देखियो।

१७. मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नीबिच सम्बन्धविच्छेद हुँदा वा भिन्न हुँदाका बखत नाबालक जिम्मा लिने सम्बन्धमा छुट्टै सहमति भएकोमा सोहीबमोजिम हुने भनी व्यवस्था भएको पाइन्छ । सोहीबमोजिम विपक्षी श्रीजयाले निवेदकसमेतलाई विपक्षी बनाई दिएको अंशचलन र मानाचामल मुद्दामा मिलापत्र गरी अंशबापत ३६ लाख रूपैयाँ बुझिलिई नाबालिग छोरी खुसी सुवेदीको संरक्षकत्वको जिम्मा निवेदक हजुरबुबा हरिकृष्ण सुवेदीको नै रहने भनी मिति २०७५।०६।२३ मा भएको मिलापत्रको कागजमै खुलाइएको तथा नाबालिग छोरीलाई हप्तामा एक पटक आमासँग भिडियो कल गराउने, आमा श्रीजया कार्की सुवेदी नेपाल आउँदा छोरी खुसीलाई भेटघाट गर्न र आफूसँग राख्न, नाबालक छोरी खुसी सुवेदी आमासँग विदेश जान चाहेमा जान दिने भनी मिलापत्रको कागजमा उल्लेख भएकोसमेत देखियो । यसमा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को बनावट समग्रमा हेर्दा, यस दफाले बालबालिकाको सर्वोत्तम हित (best interest) लाई संरक्षण गरेको देखियो र दफा ११५(२) को विशेष व्यवस्था तथा समग्र दफा ११५ को व्याख्या गर्दा नेपालको संविधानको धारा ३९, विशेष कानूनको रूपमा रहेको बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रस्तावना र सो ऐनको दफा १६ भित्र रही गरिनुपर्ने हुँदा यी सबै अवस्थामा best interest of the child लाई अन्य कुराभन्दा माथि राखी व्याख्या गर्नु पर्दछ । उल्लिखित मुद्दामा भएको मिलापत्रको लिखतका सर्तहरू हेर्दा नाबालिग छोरी खुसी सुवेदीलाई यथास्थितिमा हजुरबुबा हरिकृष्ण सुवेदीको साथमा राखी निजको पालन पोषण, शिक्षा, औषधोपचार हजुरबुबाको जिम्मा रहने, वादी श्रीजया कार्की सुवेदी नेपाल आउँदा छोरीलाई भेटघाट गर्न र आफूसँग राख्न पाउने, नाबालिगले आमासँग विदेश जान चाहेमा जान पाउने गरी मिलापत्र गर्न मन्जुर छौं भनी लेखिएको पाइँदा सो मिलापत्रमा उल्लिखित सर्तहरूले पनि नाबालिगको हित संरक्षणमै केन्द्रित रही बालिकालाई आफ्नै साथमा राख्न पाउने आमाको प्राथमिक अधिकारलाई वञ्चित गरेको अवस्था देखिन आएन । हजुरबुबाले नातिनीलाई यथास्थितिमा मात्र आफूसँग राख्न पाउने तथा छोरी आमासँग विदेश जान चाहेमा जान पाउने भनी मिलापत्रमै उल्लेख भएको देखिँदा नेपालमा रहेका बखत छोरीलाई आफूसँग राख्ने चाहना गर्नु यी आमाको मिलापत्रको सर्तअनुसारकै वैध अपेक्षा भएको मान्नु पर्दछ । यसरी मिलापत्रमा उल्लेख भएका सर्तहरूलाई समग्रमा नहेरी सतही तवरले मात्र बुझी नाबालिगको संरक्षकत्वको जिम्मा हजुरबुबाबाट आमामा सार्ने गरी भएको उच्च अदालतको आदेश मिलापत्रको सर्तविपरीत र देवानी संहिताको दफा ११५ को उपदफा (२) को मर्मविपरीत भयो भन्ने निवेदन जिकिर नै युक्तिसङ्गत देखिन आएन । यद्यपि, मिलापत्रमा उल्लिखित सर्तहरू करारीय प्रकृतिका हुने र कानूनसङ्गत हुनुपर्ने नै हुन्छ । सम्बन्धित बालबालिकाको अहित हुने तथा सम्बद्ध कानूनी व्यवस्था प्रतिकूल हुने गरी भएको करार वा सम्झौता प्रारम्भमै देखिएमा (prima facie) समग्र परिस्थितिको वस्तुगत मूल्याङ्कन गरी अदालतले best interest of the child को अवस्थाको मूल्याङ्कन र व्याख्या गर्न नसक्ने भन्ने हुँदैन । तर यहाँ यस्तो अवस्थाको विद्यमानता नै देखिन आएन अर्थात् देवानी संहिताको दफा ११५ को मर्म प्रतिकूल मिलापत्र भएको भन्ने देखिन आएन । बालबालिकाको हित सरोकार रहेको कानून वा कुनै सम्बन्धित कानूनी लिखतको व्याख्या गर्दा best interest of the child नै सर्वोपरि हुन्छ भन्ने सरोकारवाला सबैले हेक्का राख्नुपर्ने देखिन्छ

(best interest of the child prevails over the interpretation of law and any document made thereafter.)।

१८. आमा नै नेपाल आई नाबालिग छोरीलाई रेखदेख गरेको अवस्थामा परिस्थिति फरक परेकोले निज बालिका मुद्दा पर्दाका बखत पाँच वर्षभन्दा कम उमेर रहेको र यस्तो अवस्थामा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को उपदफा (१) मा कानूनबमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा निजहरूबाट जन्मिएको नाबालक पाँच वर्ष उमेर पूरा नभएको नाबालक भए आमाले अर्को विवाह गरेको भए वा नभए पनि निजले चाहेमा नाबालिग सन्तान आमाकै जिम्मा रहने भन्ने कानूनी आधार भएको पाइयो । साथै पाँच वर्षभन्दा माथिको भए आमाले अर्को विवाह गरेकोमा बाहेक निजले चाहेमा नाबालिग सन्तानलाई आफू जिम्मा लिन पाउने व्यवस्था भएको देखियो। यी बालिका यथास्थितिमा हजुरबुबाको साथमा रहने गरी सहमति भएको तथा हजुरबुबा हजुरआमासँग खुसीसाथ रहेको देखिए पनि निजमा आफूलाई जन्मदिने आमासँगको सामिप्यता र वात्सल्यताबाट वञ्चित हुनु परेको पीडाबोध थिएन भनी स्वतः अनुमान गरिनु बालमनोविज्ञानका दृष्टिले न्यायोचित हुँदैन । यसर्थ, बालबालिकाहरूको अभिभावकबिचको विवादमा अदालतले बालमनोविज्ञानको कसीमा सम्बन्धित बालबालिकाको सर्वोत्तम हितलाई नै न्यायको आधार बनाउनु पर्ने देखियो।

१९. अब, प्रस्तुत निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन भनी निरूपण गर्नुपर्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, आमा श्रीजयाले अर्को विवाह नगरेको तर बाबुले अर्को विवाह गरेको भन्ने देखियो । हजुरबुबा हजुरआमाभन्दा प्राकृतिक एवं स्वाभाविक रूपमै आमा नजिक हुने र आमाले बच्चालाई imminent danger सिर्जना गर्न सक्ने वा बच्चाको सर्वोत्तम हितविपरीत कार्य गर्न सक्ने भन्ने कुनै वस्तुगत अवस्था र प्रमाण निवेदकले पेस गरेको पाइएन । संयमित तवरले बालिकालाई राखी उनको मनोवैज्ञानिक चाहना र इच्छा इजलासमा बुझ्दा पनि निजले आमासँगको सामिप्यतालाई नै बढी महत्त्व दिएको देखियो। मिसिल संलग्न बालिका खुसी सुवेदीसँग सम्बन्धित मनोविमर्श प्रतिवेदनसमेतमा बच्चालाई आमासँग रहन दिनुपर्ने भन्ने भाव सन्निहित रहेको देखियो। उक्त मिलापत्रमा आमाले नेपाल आएमा छोरीलाई भेट्न, बच्चा आफूसँग राख्न र विदेश लैजान चाहेमा लैजान पाउने प्रावधान उल्लेख हुनुका साथै **निज बालिकाका बाबुले आफूले राख्न पाउने भन्ने दाबी पनि गरेको पाइएन र हजुरबुबा हजुरआमाले दाबी गरेको प्रसङ्गमा स्वाभाविक रूपमा आमाले अर्को विवाह नगरेको अवस्थामा निजले नै राख्न पाउनुपर्ने भन्ने प्रसङ्ग तार्किक देखिन आयो।**

२०. अन्यथा प्रमाणित हुने अवस्था नभएसम्म आमासँग नै रहन दिनुमा बालबालिकाको सर्वोत्तम हित हुन्छ। तर बालबालिकाको मनोवैज्ञानिक संवेगको आबद्धता परिवारका अन्य सदस्यहरूसँग पनि जोडिने भएकोले यी आमामा पनि आफ्नी छोरीलाई निज बालिकाका बाबु, हजुरबुबा, हजुरआमा तथा अन्य नातेदारलाई भेटघाट गर्न दिनुपर्ने कानूनी तथा नैतिक जिम्मेवारी रहेको छ । बालबालिकालाई आमाले आफूसँग राख्न पाउने भन्ने विषय आमाको परिस्थितिमा पनि भर पर्दछ। तसर्थ, मिलापत्रमा आमा श्रीजया कार्की सुवेदी नेपाल आउँदा छोरी खुसीलाई भेटघाट गर्न र आफूसँग राख्न, नाबालक छोरी खुसी सुवेदी म वादी आमासँग विदेश जान चाहेमा जान पाउने कुरामा दुवै पक्ष मन्जुर रहेको अवस्थामा निज आमाले छोरीलाई अन्य कुनै देशमा आफूसँग बस्ने गरी यात्राको वैधानिक प्रक्रिया पुर्‍याई आफूसँगै लैजान सक्छिन् तर विद्युतीय वा सम्भव र उपयुक्त हुने अन्य माध्यमद्वारा बालिकाका बाबु, हजुरबुबा, हजुरआमा र परिवारका

अन्य सदस्यलाई भेटघाट गर्न दिनु र कुराकानी गराई बालिकाको पारिवारिक सामिप्यतालाई अक्षुण्ण राख्नु निज आमाको दायित्वभित्र पर्दछ । बालिकाको उमेर १० वर्ष पुगेपछि भने उनी कोसँग बस्ने भन्ने प्रारम्भिक निर्णय निज बालिकाकै इच्छामा भर पर्दछ।

२१. सिद्धान्ततः कुनै व्यक्तिको गैरकानूनी थुना विरूद्ध सक्षम अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिन्छ । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुको मूल अभिप्राय व्यक्तिको जीवन र स्वतन्त्रतालाई गैरकानूनी अतिक्रमण हुनबाट जोगाउनु हो । **व्यक्तिको हितको निमित्त ऊ कसैको संरक्षकत्वमा रहनु र जीवन स्वतन्त्रता नै कुण्ठित हुने गरी अनिच्छापूर्वक कुनै व्यक्ति अरू कसैको नियन्त्रणमा रहनु फरक फरक कुराहरू हुन् ।** बालबालिकालाई संरक्षकत्वको आवश्यकता पर्छ र यही संरक्षकत्वको खातिर उनीहरू बयस्क नभएसम्म कसै न कसैको साथमा रहनुपर्ने हुन्छ । बालबालिकामा यस्तो संरक्षकत्व र सुरक्षाको मनोवैज्ञानिक अनुभूति स्वाभाविक रूपले उनीहरूको नजिकको प्राकृतिक नाता सम्बन्धसँग जोडिएर आउने विषय हो । समाजको गति सधैँभरि उही पारिवारिक संरचनाको मान्यताभित्र चलिरहन्छ भनी यकिनका साथ भन्न सकिँदैन तर मनुष्यको यो सम्बन्ध यही पारिवारिक संरचनाभित्र चले पनि नचले पनि उसको अस्तित्व रहेसम्म जनन् प्रक्रिया निरन्तर चली नै रहन्छ । शारीरिक र मानसिक रूपमा सक्षम भई जीवनको कसीमा स्वयम् आफ्नो अस्तित्व जोगाउनसक्ने क्षमताको विकास नहुँदासम्म बालबालिकालाई सर्वाधिक सुरक्षा र हेरचाहको आवश्यकता पर्दछ भने बढ्दो उमेरसँगै उसको अरूप्रतिको यो परनिर्भरता पनि स्वाभाविक रूपमा कम हुँदै जान्छ । **एक नवजात सन्तानलाई संसारसँग साक्षात्कार गराई स्तनपानको माध्यमद्वारा आहारा र आफ्नै आँचलमा साहारा दिई ममतापूर्वक हुर्काउने जननीको यो प्राकृतिक देनलाई उनको प्रजनन् अधिकारको सामिप्यतासँगसमेत जोडेर हेरिनुपर्दछ ।** तसर्थ, **एक दुधेकाखे बालिका आफ्नो आमाको साथमा रहनु स्वभावैले प्राकृतिक र प्राथमिक विषय हो । विकल्प रहेसम्म दुध काख गर्ने उमेरको नाबालिगलाई आफ्नो आमासँग जबरजस्ती छुटाउन खोज्नु विवेकसङ्गत समेत हुन सक्तैन। अन्यथा प्रमाणित नभएको र अपवादबाहेकको अवस्थामा एक नाबालिग सन्तान आफ्नो जीवनको प्राथमिक संरक्षक आमाको साथमा रहेको अवस्थामा त्यस्तो नाबालिगलाई आमाले बन्दी बनाइराखेको भन्नु मनासिब देखिन आएन।**

२२. यी बालिकाकी आमा श्रीजया कार्कीसमेत विपक्षी भएको सम्बन्ध विच्छेद अंशचलन मुद्दामा ललितपुर जिल्ला अदालतको रोहवरमा मिति २०७५/०६/२३ मा भएको मिलापत्रको लिखतअनुसार बालिकाको संरक्षकत्वको पूरै अधिकार आफूलाई भएको हुँदा बालिका आफूसँगै रहनुपर्छ भन्ने निवेदन जिकिर छ भने यी बालिका खुसी सुवेदी आफ्नो बाबु-आमाको सम्बन्धविच्छेदपछिका सुरूवाती दिनहरूमा हजुरबुबाको साथमा रहँदै आएकी पनि छिन् । समयक्रममा सोही मिलापत्रको मर्मबमोजिम सौहार्द्रपूर्ण तवरले छोरीसँग आफूलाई भेटघाट र बोलचाल गर्न नदिएकोले आफूले सहज रूपमा छोरीसँग भेटघाट गर्न र आफूसँग राखी भरणपोषण गर्न पाउनुपर्छ भन्ने दाबीसहित आमा श्रीजयाले अदालतमा आई न्यायिक कारबाही प्रारम्भ गरेको देखिन्छ । यसमा, मिलापत्रको लिखत र सोलाई आधार लिइएको मुलुकी देवानी संहिता, २०७४ को दफा ११५ को उपदफा (२) को कानूनी व्यवस्थाको बारेमा माथिल्ला प्रकरणहरूमा समेत व्याख्या विवेचना गरिसकिएको छ । यस अलावा, बालिकाकी आमाको उल्लिखित निवेदनमा सुनुवाइ गर्दा उच्च अदालत पाटन आफैँले वस्तुस्थितिको समुचित मूल्याङ्कनसमेत गरी बालमनोविज्ञको राय परामर्श लिई पक्ष विपक्षलगायत घरपरिवारका अन्य

सदस्यसमेतको खुला छलफल गराई सम्बद्ध कानूनको व्यवस्थासमेत उल्लेख गरी बालिकालाई आमासँगै राख्नु उचित हुने भनी निर्णय गरेको छ । यसरी **सक्षम अदालतले हाल बालिकालाई आमाकै साथमा रहन दिएमा उनको बढीभन्दा बढी हित हुने भनी आधार कारण जनाई कानूनी व्यवस्थासमेत उल्लेख गरी नाबालिग छोरीको संरक्षकत्वको जिम्मा बालिकाकै आमाको हुने भनी सुनाएको निर्णयअनुसार नै विपक्षीले छोरीलाई आफ्नो जिम्मामा लिई साथमा राखेको हुँदा सो कार्यबाट आमाले छोरीलाई गैरकानूनीरूपमा बन्दी बनाएको भनी मान्न मिलेन ।**

२३. अतः प्रस्तुत मुद्दाको तथ्य, प्रमाण, परिस्थिति तथा माथि गरिएको विवेचनाको आधारमा उच्च अदालत पाटनबाट मिति २०७६।९।१३ मा भएको आदेश बदर गरी ललितपुर जिल्ला अदालतको मिति २०७६।६।१ को आदेशबमोजिम हुने गरी तत्काल निज नाबालिगलाई अदालतमा हाजिर गराई निजको अधिकारको संरक्षण गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी नाबालिग खुसी सुवेदीलाई म हजुरबुबाको जिम्मा लगाइपाउँ भन्ने निवेदन मागदाबीसँग सहमत हुन सकिएन । रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत: ताराप्रसाद डाँगी
शाखा अधिकृत: रक्षाराम चमार
इति संवत् २०७६ साल पौष २७ गते रोज ६ शुभम् ।

निर्णय नं. १०३९२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७६।९।२
०७२-CR-०९९४

मुद्दा:- अपहरण तथा शरीर बन्धक

पुनरावेदक / वादी : उपेन्द्रराज बस्नेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला रोल्पा, घर्तीगाउँ गाउँ विकास समिति वडा नं. ४ बस्ने प्रेमबहादुर वि.क.समेत

- **पछि दिइएको वा दोस्रो जाहेरी वारदात र तथ्यको नजिक छ, किटानी छ, प्रतिवादीहरूको बयान पनि वारदातसँग नजिक छ, त्यसलाई भौतिक र परीक्षण प्रतिवेदन जस्ता अन्य स्वतन्त्र प्रमाणहरूले पनि समर्थन गर्दछ र जाहेरवाला स्वयंले तथ्य पुष्टि हुने गरेर अदालतमा आई किटानी बकपत्र गरी दिन्छन् भने त्यस्तो जाहेरीलाई ढिलो गरिदिएको वा "सोच विचार गरी" (after thought) पूर्वाग्रह राखी दिइएको जाहेरीको कोटीमा राख्न नमिल्ने ।**

(प्रकरण नं.१०)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री खेमराज भट्ट

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता श्री इन्दिरा सिलवाल

अवलम्बित नजिर :

- ने.का.प. २०६७, अंक १२, नि.नं. ८५२५
- ने.का.प. २०६९, अङ्क १, निर्णय नं. ८७६०

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री विश्वमंगल आत्रेय

दाङ देउखुरी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री शम्भुबहादुर खड्का

माननीय न्यायाधीश श्री कृष्णलाल भट्टराई

पुनरावेदन अदालत, तुलसीपुर

फैसला

न्या.तेजबहादुर के.सी.: न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

तथ्य खण्ड

म निवेदकको फोन नं. ९८५७८३१९६५ मा ९८१२८२११०२ र ९८१२८२११३४ मोबाइलबाट हामी पूर्वमाओवादी लडाकु हौं, हामीले तपाईंबाट रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) लिने निर्णय भएको छ भनी बारम्बार फोन गर्ने गरेकाले निजहरूले मेरो पेसा व्यवसायमा नै बाधा पारिरहेका थिए । म काम विशेषले मिति २०६९।११।११ गते रोल्पातर्फ जाँदै गरेको समयमा जिल्ला दाङ, घोराही नगरपालिकावडा नं. ७ स्थित मलाई पछ्याउँदै गएका मानिसहरूले मेरो मोटरसाइकल रोकी मलाई नियन्त्रणमा लिई नजिकै रहेको जंगलमा लिई मलाई बन्धक बनाई निजहरूले मेरो साथमा भएको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) तत्काल लिई बाँकी रहेको रकम तत्काल दिने सहमतिमा म निज अपहरणकारीहरूको पञ्जाबाट मुक्त भएको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको उपेन्द्रराज बस्नेतको निवेदन।

जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ७ स्थित पूर्वमा बाह्रकुने दहको मूल ढोका, पश्चिममा सोही दहको जंगल, उत्तरमा घोराही होलेरी सडकखण्ड, दक्षिणमा सानो जोगिनी खोला यति चार किल्लाभित्र पर्ने बाह्रकुने दहको पश्चिम किनारातर्फ रहेको जंगलमा अपहरणकारीहरूले उपेन्द्रराज बस्नेतलाई अपहरण गरी बन्धक बनाएको भन्ने घटनास्थल प्रकृति मुचुल्का।

मैले दाङ घोराही नगरपालिका वडा नं. ११ मा लालबन्दी फर्निचर उद्योग खोली आफ्नो पेसा व्यवसाय गरी आइरहेको अवस्थामा मिति २०६९।११।०६ गतेदेखि मेरो मोबाइल नं. ९८५७८३१९६५ मा ९८१२८२११३४ बाट फोन गरी पूर्वमाओवादी लडाकु समूहको मान्छे हो। हाम्रो पार्टीले तपाइँसँग रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) लिने निर्णय भएको हुँदा तपाइँले हामीहरूलाई आर्थिक सहयोगबापत मागबमोजिमको रकम जति सक्दो छिटो उपलब्ध गराई दिनुहोस् भनी भन्दा मैले यति ठूलो रकम दिन सक्ने क्षमता छैन । तपाइँहरू माओवादी लडाकु हो भने मेरो उद्योगमा आउनुस् मैले अन्य पार्टीलाई पनि सहयोग गरेकै हो, मैले दिन सकेको सहयोग गरौंला भनी बताएको थिएँ। अर्को दिन निजले हाम्रो व्यवस्था के भयो ? हामीले भनेको रकम दिने कि नदिने ? तपाइँ पूर्वको मान्छे दाङ जिल्लामा आएर राम्रो पैसा कमाउनु भएको छ, हाम्रो पार्टीलाई भनेजतिको रकम दिनै पर्छ, नदिए तपाइँको ज्यानमा खतरा हुन सक्छ र तपाइँ अपहरणमा पर्नसक्नु हुन्छ । तपाइँको परिवारसमेत अपहरणमा पर्ने छन् भनी धम्की दिएको हुँदा म भयभित

भएर बस्दै आएको थिएँ। वारदातको दिन काम विशेषले म रोल्पातर्फ मोटरसाइकलमा जाँदै गरेको अवस्थामा निजहरूले मलाई पछ्याउँदै गएका रहेछन् । घोराही नगरपालिका वडा नं. ७ स्थित बाह्रकुने दहको पश्चिम किनारातर्फ रहेको जंगलमा पुगेको अवस्थामा नाम थर वतन नखुलेका, मुखमा मास्क लगाएका व्यक्तिहरूले एकाएक मेरो मोटरसाइकल रोकी तँ सालेलाई फोन गरी रकम माग गर्ने हामीहरू हौं भनी मलाई नियन्त्रणमा लिई बन्धक बनाई यातना दिई मेरो साथमा भएको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लगेको र बाँकी रकम तुरून्त उपलब्ध गराउनु भनी छाडी दिएका थिए। मैले तत्काल घटनाको बारेमा मोबाइल फोन नं. सहित हुलिया निवेदन जिल्ला प्रहरी कार्यालयमा पेस गरेको थिएँ। हाल आएर अपराध गर्ने व्यक्तिहरूमध्ये माइक्रोस भन्ने प्रेमबहादुर वि.क.लाई प्रहरीबाट पक्राउ परेको भन्ने सुनेको हुँदा निज र अन्य पक्राउ पर्न बाँकी व्यक्तिहरूलाई अपहरण तथा शरीर बन्धक लिनेको महलबमोजिम हदैसम्मको सजाय गरी मबाट लिएको रकमसमेत निजहरूबाट दिलाई भराई पाउँ भन्ने बेहोराको उपेन्द्रराज बस्नेतको जाहेरी दरखास्त।

मैले प्रकाश घर्तीले दिएको सिमकार्ड प्रयोग गरी जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ मा रहेको काठ उद्योगमा गएर काठ किन्ने निहुँमा मैले काठ उद्योगका साहुको फोन नं. मागी मैले फोनबाट रकम माग गरी रू.५०,०००।- (पचास हजार रूपैयाँ) लिने सहमति भएपछि मैले पैसा लिने स्थान दाङ घोराही नगरपालिका वडा नं. ७ बाह्रकुने दहतर्फ मेरा साथीहरू विजय नेपाली, प्रकाश घर्ती र दिपेश रोकालाई पठाई म सो स्थानतर्फ नगई घोराहीदेखि ४/५ कि.मी. पूर्व रहेको चौपट्टामा गएर फोन गरी पैसा माग्न लगाएको हुँ। साथीहरूले पैसा निज उपेन्द्रराज बस्नेतबाट लिएर आई सबैजना लमहीमा भेट गरी मलाई प्रकाश घर्तीले रू. ५,०००।- (पाँच हजार रूपैयाँ) दिएको थियो। मैले अन्य घोराहीको प्रयास हार्डवेयरलाई र देउखुरीको एउटा कुखुरा फाराममा पनि फोन गरेर पैसा माग गरेको थिएँ । निजहरूले मलाई पैसा दिएका थिएनन् भन्ने माइक्रोस भन्ने प्रेमबहादुर वि.क. ले मौकामा गरेको बयान।

जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ स्थित काठ उद्योग वा साहु जाहेरवाला उपेन्द्रराज बस्नेतलाई को कसले के कसरी अपहरण गरी बन्धक बनाए, निजको साथबाट कति पैसा लिए मलाई केही थाहा छैन । मलाई फोन रेकर्ड सुनाउँदा प्रेमबहादुर वि.क.को आवाज जस्तो लाग्यो भन्नेसमेत बेहोराको स्वर्णिम भन्ने भीमबहादुर सुनारले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०६९।११।११ गते वारदातको समयमा म जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ मा रहेको लालबन्दी फर्निचर उद्योगमा थिएँ। उक्त उद्योगमा काम गर्ने भएकाले साहु उपेन्द्रराज बस्नेतको बारेमा सबै कुरा थाहा छ। निज उपेन्द्रराज बस्नेतलाई फोन गरेर रकम माग गरेको, मागबमोजिमको रकम नदिए अपहरण गर्ने बन्धक बनाउने धम्की दिएको कारणबाट निज त्रसित भएका थिए । वारदातको दिन काम विशेषले रोल्पातर्फ जाने भनी जानुभएको थियो। निज बालाई दाङ घोराही नगरपालिका वडा नं. ७ स्थित बाह्रकुने दहस्थित नामथर वतन नखुलेका व्यक्तिहरूले मोटरसाइकल रोकी नियन्त्रणमा लिई सोही स्थान नजिकको जंगलमा लगी बन्धक बनाई आफूसँग भएको कामको लागि लिएको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) दिई बाँकी रकम तत्काल उपलब्ध गराउने सहमति भएपछि निजहरूले अपहरणमुक्त गराएको भनी बाले बताएपछि थाहा पाएको थिएँ। वारदातको दिनदेखि निज झन् आतंकित भएर बस्नु भएको थियो। यसरी आफ्नो पेसा व्यवसाय गरी जीवनयापन गर्ने व्यक्तिहरूलाई फोन गरी रकम माग गर्ने धम्की दिने व्यक्तिहरूलाई कानूनबमोजिम हदैसम्मको कारबाही हुनपर्छ भनी रविन्द्र बुढाले गरेको घटना विवरण

कागज।

मिति २०६९।११।११ वारदातको समयमा म जाहेरवाला बा भन्ने उपेन्द्रराज बस्नेतको टेक्टर चलाउने काममा थिएँ। वारदात हुनुभन्दा केही दिन अगाडिदेखि ९८१२८२११०२ र ९८१२८२११३४ बाट हामी पूर्वमाओवादी लडाकु हौं । तपाइँबाट रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) लिने निर्णय भएको छ, नदिएमा तपाइँलाई खतरा हुनेछ। अपहरणमा पर्न सक्ने ज्यान जानसक्ने भनी धम्की दिएको भनी बताउनु भएको थियो । यसैक्रममा जाहेरवाला काम विशेषले रोल्पातर्फ जाने क्रममा दाङ घोराही नगरपालिका वडा नं. ७ स्थित बाह्कुने दहनजिक पुगेको समयमा मुखमा मास्क लगाएका व्यक्तिहरूले बाको मोटरसाइकल रोकी जाहेरवाला बालाई अपहरण गरी लिई बन्धक बनाई मेरो साथमा भएको रकम दिएपछि बाँकी रकम जतिसक्दो छिटो उपलब्ध गराउने सर्तमा अपहरणमुक्त गरेको भनी बताएका थिए । अपहरणकारीहरूमा प्रेमबहादुर वि.क., भीमबहादुर सुनार, विजय नेपाली, प्रकाश घर्ती र दिपेश रोकासमेत हुन् भन्ने थाहा पाएको हुँ। निज अपहरणकारी व्यक्तिहरूलाई कानूनबमोजिम हदैसम्मको कारबाही गरी पीडितलाई न्याय दिनुपर्छ भन्ने बालकृष्ण चौधरी र मोहनसिंह घर्तीले गरेको घटना विवरण कागज।

म जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ स्थित सडक विभागनजिक मैले हार्डवेयर पसल गरी बसेको छु। अपहरणकारीहरूले जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ११ भरतपुरमा रहेको बा भन्ने व्यक्तिलाई फोनबाट रकम माग गरेको र जाहेरवालालाई निजहरूले दाङ घोराही नगरपालिका वडा नं. ७ बाट अपहरण गरी बन्धक बनाई रू. ५०,०००।- (पचास हजार रूपैयाँ) फिरौती लिई अपहरणमुक्त गरेको भन्ने सुनी थाहा पाएको हुँ। बालाई फोन गर्ने व्यक्तिहरू र मलाई फोन गर्ने व्यक्तिहरू पूर्वमाओवादी लडाकु समूह भनेको हुँदा निजहरू एउटै व्यक्ति हुन्। निजहरूले पेसा व्यवसाय गरी बस्ने मानिसलाई फोन गरी रकम माग गर्ने, अपहरण गर्ने र बन्धक बनाउने जस्ता कार्य गरेको हुँदा हाल पक्राउ परेका व्यक्तिहरू प्रेमबहादुर वि.क. र भीमबहादुर सुनारलाई कानूनबमोजिम हदैसम्मको कारबाही हुनुपर्छ भनी गिरिराज खड्काले गरेको घटना विवरण कागज।

प्रतिवादीहरू प्रेमबहादुर वि.क., भीमबहादुर सुनार, विजय नेपाली, प्रकाश घर्ती र दिपेश रोकाले जाहेरवाला उपेन्द्रराज बस्नेतलाई अपहरण तथा शरीर बन्धक बनाउने कार्य गरेकाले मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. र २ नं. विपरीतको कसुर गरेकोले निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र।

मिति २०६९।११।०२ गते काठमाडौं गई ऐ. ७ गते घरमा गएको थिएँ। उक्त मिति र समयमा म आफ्नै घर रोल्पा भावाङमा नै छु। मिति २०६९।११।२५ मा मात्र दाङ आएको हुँ। मैले जाहेरवालालाई चिनेको पनि छैन र निजलाई अपहरण गरी रकम लिने काम गरेको छैन। को कसले जाहेरवालालाई अपहरण गरी के कति रकम माग गरी लिएका हुन् ? मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी प्रेमबहादुर वि.क.ले अदालतमा गरेको बयान।

मिति २०६९।११।११ गते म मेरो घरमा छु। उक्त घटनाको सम्बन्धमा मलाई केही थाहा नभएकोले मउपरको जाहेरी एवं कागजपत्रहरू झुट्टा हुन्। अरू कसैले गरेको अपराधमा मलाई फसाउने नियतले मउपर झुट्टा मुद्दा चलाएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी भीमबहादुर पटेल सुनारले अदालतमा गरेको बयान।

पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारलाई अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु र प्रतिवादी चुक्ता

भइसकेको हुँदा वादी प्रतिवादीका साक्षी बुझी पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०६९।१२।२९ को थुनछेक आदेश।

दाङ देउखुरी जिल्ला अदालतको मिति २०६९।१२।२९ को बेरितको आदेश बदर गरी प्रतिवादीहरूलाई मुद्दाको पुर्पक्षको निमित्त थुनामा राखी कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट परेको निवेदनमा कैफियत प्रतिवेदन माग भई प्रतिवादीमध्येका प्रेमबहादुर वि.क.लाई अ.बं. ४७ नं. बमोजिम तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने गरी मिति २०६९।१२।२९ मा भएको थुनछेक आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। निजलाई अ.बं. ११८(२) नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने र अर्का प्रतिवादी भीमबहादुर पटेल सुनारको हकमा निजउपर किटानी जाहेरी नरहेको, निज मौकाको अनुसन्धानमा र अदालतमा भएको बयानमा समेत इन्कार रहेको देखिँदा निजलाई अ.बं. ४७ नं. बमोजिम तारेखमा राख्ने गरी भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन भन्नेसमेत बेहोराको मिति २०७०।०३।१३ मा पुनरावेदन अदालत तुलसीपुरबाट भएको आदेश।

हामी पूर्वमाओवादी लडाकु हौं, हाम्रो पार्टीले तपाइँसँग रू. ३,००,०००।- (तीन लाख रूपैयाँ) लिने निर्णय गरेको छ, पैसा नदिए नराम्रो होला भनी फोनबाट धम्काएका हुन्। निज प्रतिवादीहरूले नै जाहेरवालालाई कब्जामा लिई रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लुटी लिएका हुन् भन्नेसमेत बेहोराको प्रहरीमा कागज गर्ने गिरिराज खड्काले अदालतमा गरेको बकपत्र।

यी प्रतिवादीहरूले मलाई पटकपटक फोनमार्फत ४/६ दिन अगाडिदेखि पाँच लाख मागी नदिए ज्यानसमेत लिने भनी धम्काई रहेका थिए। घोराही होलेरी सडक खण्डमा पर्ने बाह्रकुने दहनेरबाट मलाई अपहरण गरी जंगलतिर लगी प्रेमबहादुर वि.क., र भीमबहादुर पटेलसमेतका ५ जना लुटेराहरूले मेरो साथमा रहेको रू. ५०,०००।- लुटेर लगेका हुन् भन्नेसमेत बेहोराको जाहेरवाला उपेन्द्रराज बस्नेतले गरेको अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले मौकामा गरेको साबितीलाई जाहेरवालाको किटानी जाहेरी तथा जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्रबाट र प्रहरीमा कागज गर्ने गिरिराज खड्काले निज प्रतिवादीहरूले नै जाहेरवालालाई कब्जामा लिई रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लुटी लिएका हुन् भनी गरिदिएको बकपत्रसमेतबाट मौकाको साबिती बयान पुष्टि भई वारदातको तथ्य स्थापित हुन आएकोले प्रतिवादीहरूलाई अभियोगपत्रमा सजायको माग दाबी लिएको तर प्रतिवादी कायम नगरेका विजय नेपाली, प्रकाश घर्ती र दिपेश रोकाको हकमा सुरू अदालतबाट केही नबोलिएको र प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. बमोजिमको कसुर अपराधमा ऐ.ऐ.को ३ नं. बमोजिम जनही ८ (आठ) वर्ष कैद र रू. एक लाख जरिवानासमेत हुने ठहर्छ भन्ने बेहोराको मिति २०७०।०५।३० को सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला।

हामी पुनरावेदक प्रतिवादीहरूउपर मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ नं. तथा ३ नं. समेतको सजायको मागदाबी लिई अभियोगपत्र दायर गरेकोमा पुनरावेदक प्रतिवादी म भीमबहादुर पटेल सुनारले मौकामा अधिकारप्राप्त अधिकारी तथा सुरू दाङ देउखुरी जिल्ला अदालतमा बयान गर्दा मैले जाहेरवालालाई अपहरण गर्ने तथा रूपैयाँ माग्ने कार्य गरेको छैन, को कसले कसरी निजलाई अपहरण गरी रूपैयाँ लिए मलाई थाहा छैन भनी आरोपित कसुरमा पूर्णतः इन्कार रही बयान गरेको छु भने पुनरावेदक प्रतिवादी म प्रेमबहादुर वि.क.ले सुरू दाङ देउखुरी जिल्ला अदालतमा बयान गर्दा मिति २०६९।११।०२ मा काठमाडौं गई ऐजन ७ गते

घर फर्केको र वारदात मिति र समयमा म आफ्नै घर भावाङ रोल्पामा छु, फागुन महिनाको २५ गते मात्र दाङ आएको हुँ, मैले जाहेरवालालाई चिनेको पनि छैन । निजलाई अपहरण गरी रकम लिने काम गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको छु । हाम्रो अदालतको बयानलाई प्रमाणमा नलिई हामी प्रतिवादीलाई कसुरदार ठहऱ्याइएको छ । जबकी हामी पुनरावेदक प्रतिवादीहरूलाई विनाकारण मिति २०६९।११।२५ गतेका दिन दाङमा आई कोर्चावाङ्गी होटलमा बसेको अवस्थामा प्रहरीले पक्राउ गरी शारीरिक यातना दिई थुनामा राखेउपर हामीले यस पुनरावेदन अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गरेपछि मात्र सुरू अदालतमा म्याद थप गराइएको अवस्था रहेको छ । हामीलाई गैरकानूनी तवरले गिरफ्तार गरी हिरासतमा राखी हामीलाई शारीरिक यातना दिई आफैँ तयार पारेको बयानमा हामीलाई सहिछाप गर्न लगाइएको तथ्य हाम्रो निवेदनअनुसार भएको घा केस फारामबाट प्रमाणित भइरहेकोमा सोलाई नजर अन्दाज गरी प्रमाण ऐन, २०३१ को दफा ९(२) को देहाय २ विपरीत भएको बयानलाई प्रमाणमा ग्रहण गरिएको छ । प्रस्तुत मुद्दाको थुनछेक आदेश भएकै दिन हिमलाल बस्नेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हामी पुनरावेदकहरू भएको डाँका चोरी मुद्दामा सुरू दाङ देउखुरी जिल्ला अदालतकै आदेशबमोजिम हामीहरू कारागारमा थुनामा रहेकोमा सुरू अदालतबाट प्रस्तुत मुद्दामा हामीलाई हाम्रा साक्षी उपस्थित गराउनका लागि सूचना तथा मौकासमेत नदिई कथित जाहेरवालालाई बकपत्र गराउँदा प्रमाण ऐन, २०३१ को दफा ४९(२), ५० अ.बं. १४३, १४६, १५६ नं.समेतको विपरीत गरी हामीलाई जिरह गर्ने अवसरबाट समेत वञ्चित गरी एकतर्फी रूपबाट भएको बकपत्रलाई प्रमाणमा ग्रहण गरी हामीलाई कसुरदार ठहऱ्याई भएको सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर उल्टी गरी झुट्टा अभियोग दाबीबाट फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारको पुनरावेदन अदालत तुलसीपुरमा दायर गरेको संयुक्त पुनरावेदनपत्र ।

दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०।०५।३० गतेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय तुलसीपुरलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।०२।१८ को आदेश ।

मुद्दा अनुसन्धानका अवस्थामा प्रतिवेदक प्रहरी नायव निरीक्षक सुरेन्द्रबहादुर स्वाँरले पेस गरेको कल डिटेलको मोबाइल नं. ९८१२८२११३४ मिसिलसंलग्न रहेको र कलडिटेलको मोबाइल नं. ९८१२८२११०२ को कसका नाममा दर्ता रजिस्टर भएको छ सोको जवाफ पुनरावेदन सरकारी वकिल कार्यालय तुलसीपुरमार्फत झिकाउनु भन्ने पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।११।१८ को आदेश ।

जाहेरवालाको हुलिया निवेदनमा मुखमा मास्क लगाएका मानिसहरूले एकाएक रोकी नियन्त्रणमा लिएको भनिएको छ भनेपछि प्रतिवादीहरूमध्ये माइक्रोस भन्ने प्रेमबहादुर वि.क. लाई प्रहरीले पक्राउ गरेको थाहा पाई सोपश्चात् मात्र जाहेरवालाले नाम नामेसी खुलाई प्रतिवादीका उपर किटानी जाहेरी दरखास्त दिएको देखिन्छ । यस्तो अवस्थामा जाहेरी अपराधको सूचनाको स्रोत मात्र हो । यसलाई मूल प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भनी नन्दादेवी जोशी विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा सिद्धान्त कायम भएको (ने.का.प. २०६९, अंक १, नि.नं. ८७६०) र पछिबाट परेको जाहेरी दरखास्तलाई समेत प्रमाण मूल्याङ्कनको

रोहमा उच्च स्तरको प्रमाण मान्न मिल्दैन । यस्तो जाहेरीलाई After Thought Statement को संज्ञा दिएको जाहेरवालाले यसैको आधारमा गरेको बकपत्रलाई समेत सोहीबमोजिम हेर्नुपर्ने भनी जागेश्वर कमैत विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा सिद्धान्त कायम भएको पाइन्छ (ने.का.प. २०६७, अंक १२, नि.न. ८५२५, पृष्ठ २१०१) अतः उल्लिखित नजिर सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूका उपर परेको जाहेरी दरखास्त तथा जाहेरवालाले गरेको बकपत्रसमेतका प्रमाणहरू प्रतिवादीहरूउपरको कसुर कायम गर्न मिल्ने मजबुत र खम्बिर प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था देखिएन । प्रतिवादीहरूले मौकामा साबित भई बयान गरेको आधारमा प्रस्तुत मुद्दामा सुरू अदालतबाट प्रतिवादीहरूउपरको कसुर कायम गरेतर्फ विचार गर्दा मौकाको साबितीलाई मात्र आधार मानी कसुर कायम गर्दा साबिती अन्य प्रमाणबाट पुष्टि हुनुपर्दछ । यसमा प्रतिवादीहरूले अदालतमा मौकाको साबिती खण्डन हुने गरी कसुर गरेको होइन भनी इन्कार रही बयान गरेका छन् भने मौकाको साबिती, प्रमाण ऐन, २०३१ को दफा ९(२), क, (२) प्रतिकूल भएको भनी म्याद थपको क्रममा प्रतिवादीहरूको घाँउजाँचसमेत गराएको देखिन्छ । यसबाट प्रतिवादीहरूको मौकाको साबिती निजहरूका इच्छाविपरीतको होइन होला भन्न मिल्ने देखिएन । यस्तोमा मौकाको साबिती ठोस एवं निश्चयात्मक प्रमाणबाट पुष्टि भएको पाइँदैन । पक्षले साक्षी उपस्थित गराउन पाउने तथा विपक्षीको साक्षी बकपत्रमा जिरह गर्न पाउने अधिकार पक्षको हुन्छ । यस्तो अधिकार स्वच्छ सुनुवाइ (Fair trail) को सिद्धान्तअन्तर्गत पर्दछ । यस्तो अवस्थामा स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत प्रतिवादीहरूका साक्षी उपस्थित गराउने मौकासम्म नदिई भएको सुरू फैसला न्यायको रोहमा त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्लिखित सिद्धान्तसमेतबाट मनासिब एवं न्यायपूर्ण छ भनी भन्न मिलेन । फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ । शंकारहित प्रमाणबाट अभियोग दाबीको कसुर प्रमाणित गर्न नसकेको खण्डमा शंकाको सुविधा स्वत: अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबी शंकारहित प्रमाणबाट वादीले प्रमाणित गर्नसकेको नदेखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट प्रतिवादीहरूलाई जनही ८ (आठ) वर्ष कैद तथा रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई मिति २०७०।०५।३० मा भएको सुरू फैसला उल्टी भई पुनरावेदक प्रतिवादीहरू प्रेमबहादुर वि.क. तथा भीमबहादुर सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।१२।२९ को फैसला।

प्रतिवादीहरूले मिति २०६९।११।०६ गतेदेखि मेरो मोबाइल नं. ९८५७८३१९६५ मा ९८१२८२११३४ बाट फोन गरी पूर्वमाओवादी लडाकु समूहको मान्छे हो, हाम्रो पार्टीले रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) लिने निर्णय भएको हुँदा उक्त रकम दिनुहोस् नत्र भने तपाईँलाई अपहरण गऱ्यो भनी बारम्बार धम्की दिई रहेकोमा मिति २०६९।११।११ गते वारदातको दिन जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ७ बाह्रकुने दहको पश्चिम किनारातर्फको जंगलमा लगी रू. ५०,०००।- (पचास हजार रूपैयाँ) रकम लिई अन्य रकम पछि उपलब्ध गराउने सर्तमा छाडिदिएको भनी जाहेरी दिएको देखिन्छ । प्रतिवादी प्रेमबहादुर वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जाहेरवालासँग रकम माग गरेको र इन्कारी गरेपछि ठिक हुँदैन । त्यसको जिम्मेवारी आफैँ हुनुपर्छ भनेपछि रू. ५०,०००।- (पचास हजार रूपैयाँ) दिने सहमत भई रकम लिनको लागि जाहेरीमा उल्लिखित स्थानमा साथीहरूले लिएका र लमही बजारमा आउन

भनी सबै त्यहीँ भेला भई रकम बाँडफाँट गरेको भनी कसुर गरेकोमा स्वीकार गरेकै छैन । मौकामा कागज गर्ने गिरीराज खड्काले समेत यी प्रतिवादीहरूले जाहेरवालालाई कब्जामा लिई रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लुटी लगेका छन् भनी कागज गरिदिएका छन् भने अदालतमा उपस्थित भई मौकाको बेहोरा समर्थन गर्ने गरी बकपत्र गरिदिएका छन् । यस्तै जाहेरवालाले अदालतमा उपस्थित भई जाहेरी बेहोरा समर्थन गर्दै यिनै प्रतिवादीहरूले नै अपहरण गरी रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लुटी लगेका छन् भनी बकपत्र गरिदिएका छन् । यसरी मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीहरूले जाहेरवालालाई अपहरण गरी निजसँग भएको रकमसमेत लुटी लगेको पुष्टि हुँदाहुँदै सुरू फैसला उल्टी गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।

प्रतिवादीले अदालतसमक्ष उपस्थित भई कसुर गरेकोमा इन्कार गरे तापनि उक्त इन्कारी बयान वस्तुनिष्ठरूपमा पुष्टि गर्नसकेको देखिँदैन । प्रतिवादी भीमबहादुर पटेल सुनारले जाहेरवाला र प्रतिवादीबिच भएको संवादको CD मा भएको आवाज प्रेमबहादुर वि.क.को आवाज जस्तो भनी सनाखत गरी बयान गरेको देखिन्छ । प्रेमबहादुर वि.क.ले समेत उक्त भिडियो रेकर्डको स्वर आफ्नै भएको भनी सनाखतसमेत गरेका छन् । जाहेरवालाले दिएको आफ्नो नं. र प्रतिवादीको फोन आएको भन्ने नं.मा कुरा भएको कल डिटेलबाट समेत पुष्टि भइरहेको छ । यसरी मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीहरूले जोहरवाला उपेन्द्रराज बस्नेतलाई अपहरण गरी लगी बन्धक बनाएको पुष्टि हुँदाहुँदै उल्टी हुने गरी भएको फैसला मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिने महलको १, २ तथा ३ को प्रयोग र पालनामा त्रुटिपूर्ण रहेको हुँदा सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला बदर गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला बदर गरी निज प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदनपत्र ।

"यसमा प्रतिवादी प्रेम वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरेका छन् । जाहेरवालाको मोबाइलमा फोन गरेको Voice Record गरेको सो अडियोसमेत पेस गरेको देखिन्छ साथै सो अडियो रेकर्ड लेखबद्ध गरिएकोमा सो रेकर्ड मेरो हो भनी निज प्रतिवादीले मौकाको बयानमा स्वीकारेका छन् । भिडियो अडियो प्रमाणमा लिने सम्बन्धमा यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त (ने.का.प. २०७० अंक ६ नि.नं. ९०२२ पृ. ७७७) प्रतिपादन भएको सन्दर्भमा समेत अडियो प्रमाणलाई वैधानिकता नदिने भनी आरोपित कसुरबाट निज प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहबाट फरक पर्नसक्ने भएबाट अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु" भन्ने यस अदालतको मिति २०७४।११।१६ को आदेश ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत पुनरावेदन पत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री खेमराज भट्टले प्रस्तुत मुद्दामा घटना भएकै दिन जाहेरवालाले निवेदन प्रहरीमा दिएको अवस्था छ । प्रतिवादी प्रेमबहादुर वि.क. मौकामा साबिती रहेको निजको बयान बेहोराबाट देखिएको र सो कुरालाई Call detailed बाट पनि पुष्टि भएको देखिन आएको अवस्थामा प्रतिवादीहरू घटनामा संलग्न रहेको हुँदा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेकाले निजहरूलाई सुरू अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ । पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला उल्टी गरी

सुरू अदालतको फैसला सदर कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत हुन आएको छ।

प्रत्यर्थी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री इन्दिरा सिलवालले सर्वप्रथमतः जाहेरीमा यी प्रतिवादीहरूको नाम उल्लेख नै छैन । यी प्रतिवादीहरूउपरको किटानी जाहेरी प्रतिवादीहरू पक्राउ परेको १४ दिनपछि मात्र परेको अवस्था छ । प्रस्तुत वारदातको घटनालाई पुष्टि हुने भनेको एक मात्र घा जाँच केस फाराम रहेको र सो घा जाँच केस फारामले मात्र यी प्रतिवादी दोषी हुन् भनी भन्न सकिने स्थिति छैन । जाहेरीलाई मात्र प्रमाणमा लिन मिल्ने होइन । CD को Voice Record लाई वैज्ञानिक परीक्षण हुनुपर्नेमा सोलाई परीक्षण नै नगरी अर्का प्रतिवादी भीमबहादुर पटेल सुनारलाई सुनाएको अवस्था छ, सो पनि कानूनतः मिल्ने होइन। घटनास्थल मुचुल्कामा स्थानीयलाई रोहवरमा नराखी प्रहरीलाई नै राखिएको हुँदा सो मिल्ने पनि होइन। मौकाको साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम प्रमाणमा लिन मिल्दैन । प्रतिवादीहरूको साबिती बयान अन्य कुनै प्रमाणबाट पुष्टि भएको नहुँदा निज प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला सदर कायम हुनुपर्छ भन्ने बहस प्रस्तुत हुन आएको छ।

प्रस्तुत मुद्दामा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीहरूतर्फबाट उपस्थित उपन्यायाधिवक्ता तथा वैतनिक अधिवक्ताले आआफ्नो पक्षको तर्फबाट प्रस्तुत गर्नुभएको उल्लिखित बहस सुनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।१२।२९ मा भएको फैसला मिले नमिलेको के हो ? पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ। शंकारहित प्रमाणबाट अभियोग दाबीको कसुर प्रमाणित गर्न नसकेको खण्डमा शंकाको सुविधा स्वत: अभियुक्तले पाउँदछ भन्ने फौजदारी न्यायको सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबी शंकारहित प्रमाणबाट वादीले प्रमाणित गर्न सकेको नदेखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतबाट प्रतिवादीहरूलाई जनही ८ (आठ) वर्ष कैद तथा रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई मिति २०७०।०५।३० मा भएको सुरू अदालतको फैसला उल्टी भई प्रतिवादीहरू प्रेमबहादुर वि.क. तथा भीमबहादुर सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसलामा चित्त नबुझाई नेपाल सरकारका तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. प्रतिवादीले अदालतसमक्ष उपस्थित भई कसुर गरेकोमा इन्कार गरे तापनि उक्त इन्कारी बयान वस्तुनिष्ठरूपमा पुष्टि गर्नसकेको देखिँदैन । प्रतिवादी भीमबहादुर पटेल सुनारले जाहेरवाला र प्रतिवादीबिच भएको संवादको CD मा भएको आवाज प्रेमबहादुर वि.क.को आवाजजस्तो भनी सनाखत गरी बयान गरेको देखिन्छ। प्रेमबहादुर वि.क.ले समेत उक्त भिडियो रेकर्डको स्वर आफ्नै भएको भनी सनाखतसमेत गरेका छन् । जाहेरवालाले दिएको आफ्नो मोबाइल नं. र प्रतिवादीको फोन आएको भन्ने नं.मा कुरा भएको कल डिटेलबाट समेत पुष्टि भइरहेको छ । यसरी मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीहरूले जाहेरवाला उपेन्द्रराज बस्नेतलाई अपहरण गरी लगी बन्धक बनाएको पुष्टि हुँदाहुँदै पुनरावेदन अदालत तुलसीपुरबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको फैसला उल्टी गरी निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको पाइयो।

४. अब, वादी नेपाल सरकारको उल्लिखित पुनरावेदन जिकिर रहेतर्फ हेर्दा, जाहेरवालाले सुरूमा हुलिया निवेदनमा आफू मोटरसाइकलबाट रोल्पातर्फ जाँदै गरेको अवस्थामा जिल्ला दाङ, घोराही नगरपालिका वडा नं. ७ स्थित बाहकुने दहको पश्चिम किनारातर्फ मुखमा मास्क लगाएका व्यक्तिहरूले एकाएक मेरो मोटरसाइकल रोकी मलाई नियन्त्रणमा लिई नजिक जंगलमा लगी हामी पूर्वमाओवादी लडाकु हौं, हामीहरूले तपाँइबाट रू. ५,००,०००।– (पाँच लाख रूपैयाँ) लिने निर्णय भएको छ भनी तत्काल मसँग भएको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लिएका र बाँकी रकमसमेत तत्काल दिने सहमतिमा निजहरूको पन्जाबाट मुक्त भएको भन्ने बेहोरा उल्लेख गरी प्रहरीमा निवेदन दिएको देखिन्छ । उल्लिखित बेहोराको निवेदन दिएपछि मात्र यी प्रतिवादीहरू पक्राउ परेको र पछि दिएको जाहेरी दरखास्तमा निज प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारको नाम नामेसी उल्लेख भएको पाइन्छ।

५. प्रस्तुत मुद्दाका जाहेरवाला उपेन्द्रराज बस्नेत दिउँसोको समयमा दाङ घोराहीबाट रोल्पा जाँदै गर्दाको अवस्थामा बाहकुने दह नजिक अपहरणमा पर्दा मास्क लगाएका ४/५ जना व्यक्तिमध्ये निजको मोबाइल नं. ९८५७८३१९६५ मा फोन गर्ने यिनै प्रतिवादीहरू हुन् भनी यकिनसाथ तत्काल कहीँकतै उल्लेख गरेको देखिँदैन । निजको मोबाइलमा नं. ९८१२८२११०२ र ९८१२८२११३४ बाट फोन आएको भनिएकोमा उल्लिखित मोबाइल नं.हरू निज प्रतिवादीहरूको नाममा दर्ता रहेभएको प्रमाण देखिँदैन । यस स्थितिमा जाहेरवालाले दिएको सुरू हुलिया उजुरी तथा जाहेरी दरखास्तको बेहोरामा एकरूपता देखिन आउँदैन । उक्त जाहेरी दरखास्तको बेहोरा ठोस प्रमाणहरूबाट पुष्टि भएको भन्न पनि मिलेन । यसरी जाहेरवालाको सुरू जाहेरी नै प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा निज जाहेरवालाको बकपत्रलाई समेत प्रतिवादीहरूका विरूद्धमा अकाट्य प्रमाण हुने भनी मान्न सक्ने अवस्थासमेत देखिन आएन।

६. अनुसन्धानको क्रममा कागज गर्ने गिरिराज खड्काको भनाइलाई हेर्दा निजले अदालतमा गरेको बकपत्रबाट जाहेरवालालाई र आफूलाई फोन गर्ने व्यक्तिहरू पूर्वमाओवादी लडाकुको भूमिगत समूहका हौं भनी भनेको हुँदा निजहरू एउटै व्यक्ति हुनुपर्दछ भनी अनुमान र अड्कलको आधारमा मौकामा र अदालतमा गरेको बकपत्रबाट देखिन आएको छ । यसरी अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर फौजदारी कसुर अपराधमा अनुमान, अड्कल र शंकाको भरमा प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्दा फौजदारी न्याय मर्न जाने हुन्छ। न्याय गरेर मात्र हुँदैन, न्याय परेको पनि देखिनु पर्दछ भन्ने न्यायको सर्वमान्य सिद्धान्त रही आएको छ।

७. प्रस्तुत मुद्दामा सुरू उजुरी नै शंकाको भरमा दिएको, स्वयं जाहेरवालाले मुखमा पट्टी लगाएर आएका व्यक्तिहरूले आफूलाई अपहरण गरेको भनी रू.५०,०००।- (पचास हजार रूपैयाँ) तत्काल लिई बाँकी रकम पछि दिने सहमति भएको भनी उजुरी तथा जाहेरीमा उल्लेख गरेको अवस्था छ भने अदालतमा बकपत्र गर्दा रू.५०,०००।- (पचास हजार रूपैयाँ) प्रतिवादीहरूले लुटेर लिएका हुन् भनी भनेबाट पनि निज जाहेरवालाको भनाइ आफैँमा विरोधाभासपूर्ण रहेको देखिन्छ । यसरी एकातिर पीडित जाहेरवालाले प्रतिवादीहरूलाई यकिनसाथ ठम्याउन सकेको अवस्था देखिँदैन भने अर्कोतिर प्रहरीले प्रतिवादीहरूलाई पक्राउ गरिसकेपश्चात् मात्र जाहेरी दिएको अवस्था छ। जाहेरवाला स्वयंले आफू र प्रतिवादीहरूबिच टेलिफोन वार्ता भएको भनिएको टेलिफोन वार्ताको CD समेत पेस गरेको देखिन्छ। सो CD को वैधानिक मान्यता हुने कुनै विधिसम्मत तथा वैज्ञानिक परीक्षण हुन सकेको अवस्था छैन । यस स्थितिमा प्रस्तुत मुद्दामा उक्त CD लाई प्रमाणको रूपमा ग्रहण गर्नसमेत मिल्ने देखिन

आएन।

८. वारदातको प्रकृति हेर्दा, पूर्वमाओवादी लडाकुहरूले जाहेरवालासँग रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) मागेका र आफू रोल्पातर्फ जाँदै गर्दा मुखमा पट्टी बाँधेको व्यक्तिले जाहेरवालासँग बाटोमा साथमा रहेको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लगी अन्य रकम पछि दिने भनी छाडेको भन्ने जाहेरवालाको भनाइ रहेको छ। यसबाट जाहेरवालासँग फोनबाट रकमहरू माग गरे पनि जाहेरवाला अपहरणमा परी कतै एकान्त स्थानमा लगी बाँधछाद गरेर, आँखामा पट्टी बाँधेर, यातना दिएर जाहेरवालाबाट आफन्तसँग मोबाइल वा फोनबाट कुरा गर्न लगाएर रकमहरू माग गरेको र लगेर बुझाएको भन्ने अवस्था देखिँदैन । जाहेरवालासँग रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) मागेको समयमा निजसँग भेटी कुनै कागज एवं रसिद दिइएको अवस्थासमेत छैन । जाहेरवालाले आफूलाई बाटोमा भेटेपछि साथमा रहेको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लगेको र अन्य रकम पछि दिनुपर्ने भन्ने भनाइ रहेको छ । उक्त पहिलो भेटपछि अन्य रकम यी जाहेरवालासँग मागेको सम्बन्धमा पछि फेरि फोन भए नभएको तथ्य केही पनि खुल्दैन। प्रतिवादीले रकमको लागि अपहरण गरी पीडितलाई एकान्त ठाउँमा लगी आफ्नो कब्जामा राखी साथमा भएको रकम लगी अन्य रकमको सम्बन्धमा सर्त राखी छाडेको अवस्था पनि छैन । व्यक्तिलाई अपहरण गरेपछि साथमा भएको रकम लिने र बाँकी अरू रकम पछि दिनुपर्ने भन्ने सर्तमा कसैलाई छाडिने हुन्छ भन्ने कुरालाई नै पत्यारलायक मान्न सकिँदैन। व्यक्ति कसैको अपहरण र कब्जामा परिसकेपछि उसले मागेअनुसार वा सहमति भएअनुसारको फिरौती रकम अपहरण गर्ने भन्नेको साथमा नपुगेसम्म पछि दिने बुझाउने भन्ने सर्तमा छाडिने र छुट्ने भन्ने हुन सक्दैन।

९. यसै सन्दर्भमा यस अदालतबाट **ने.का.प. २०६९, अङ्क १, निर्णय नं. ८७६०, नन्दादेवी जोशी विरूद्ध नेपाल सरकार** भएको **कर्तव्य ज्यान मुद्दा**मा "जाहेरी अपराधको सूचनाको स्रोत मात्र हो । यसलाई मूल प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन" भनी र **ने.का.प. २०६७, अंक १२, नि.नं. ८५२५, जागेश्वर कमैत विरूद्ध नेपाल सरकार** भएको **कर्तव्य ज्यान मुद्दामा "पछिबाट परेको जाहेरी दरखास्तलाई समेत प्रमाण मूल्याङ्कनको रोहमा उच्चस्तरको प्रमाण मान्न मिल्दैन । यस्तो जाहेरीलाई After Thought Statement को संज्ञा दिएको जाहेरवालाले यसैको आधारमा गरेको बकपत्रलाई समेत सोहीबमोजिम हेर्नुपर्ने"** भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ।

१०. उपर्युक्त प्रतिपादित सिद्धान्तलाई चिरफार गरी हेर्दा, जाहेरवालाले मौकामा प्रतिवादीहरूलाई चिनेर किटानी जाहेरी दिएको अवस्था छैन । मुखमा पट्टी बाँधेका व्यक्तिहरूले आफूसँग भएको रकम लुटे भनी जाहेरीमा उल्लेख गरिएको छ। पछि दिएको जाहेरीमा यी प्रतिवादीहरूले आफ्नो मोटरसाइकल रोकी आफ्नो साथमा भएको रकम पनि लुटे र अरू रकम पनि पछि दिनुपर्छ भनी सर्त राखी छाडी गए भन्ने उल्लेख छ । यसरी यस्तो दुइवटा जाहेरी किन र कसरी पर्ने गर्छन् ? र यस्ता जाहेरीलाई कस्तो प्रमाणको रूपमा कसरी लिनु पर्दछ ? भनी हाम्रो अदालतबाट धेरै सिद्धान्तहरू प्रतिपादन भएका छन्। ती प्रतिपादित सिद्धान्तहरूमा मुख्यतः जाहेरी भनेको अपराधको सूचना मात्र हो । यसले मुख्य एवं प्रमुख प्रमाणको रूपमा स्थान ग्रहण गर्न सक्दैन । ढिलो गरी र पछि दोस्रो पटक दिएको जाहेरी सोच विचार (after thought) गरेर दिइने हुँदा यसलाई पनि मुख्य प्रमाणको रूपमा लिन मिल्दैन भन्ने रहेका छन्। जाहेरी मुख्यतः अपराधको सूचना मात्र हो, कि ? यसलाई केही हदसम्म प्रमाणको रूपमा लिनुपर्छ ? यदि लिनु पर्दछ भने कुन हदसम्म ? र कस्तो अवस्थामा लिनु पर्दछ ? भनी हेर्दा, प्रारम्भमा

त जाहेरीलाई कानूनी कारबाहीलाई अगाडि बढाउने अपराधको सूचनाको रूपमा नै लिनु पर्दछ। जाहेरी यदि चश्मदिद वा प्रत्यक्षदर्शी र घटनाबाट पीडित व्यक्तिबाट नै दिइएको र सो तथ्यपरक छ, पूर्वाग्रही, रिसइवी एवं बदलाको भावनाले प्रेरित छैन र अन्य स्वतन्त्र प्रमाणहरूसँग पनि सामन्जस्यता राख्दछ भने त्यस्तो जाहेरीलाई अदालती प्रक्रियाबाट परीक्षण भएपछि त्यसलाई स्वाभाविकरूपमा प्रमाणको मूल्याङ्कनका सिद्धान्तको आधारमा प्रमाणमा लिन सकिने हुन्छ। कतिपय अवस्थामा तत्काले वारदातको बारेमा सत्य तथ्य कुरा केही पनि थाहा हुन नसकी वारदातको बारेमा मात्र जाहेरी दिने गरिन्छ, यो हदसम्मको जाहेरीलाई पहिलो सूचना (first information) को रूपमा लिने गरिन्छ। वारदात घट्दाको समयदेखि नै वारदातको पृष्ठभूमि, प्रकृति र त्यसको पीडित व्यक्तिसँगको कारण र सम्बन्धलाई जोडेर सूक्ष्म ढंगले अनुसन्धानकर्ताले अनुसन्धान गरिरहेको हुन्छ। त्यस आधारमा केही तथ्यको जानकारी हुन आउँछ। त्यस आधारमा वारदातको केही दिनपछि अर्को किटानी जाहेरी पर्न जान्छ। यसप्रकार अघि र पछिको जाहेरीबिच कसुरदारको किटानी नाम र संख्यामा पनि केही फरक परेको पनि हुन सक्छ। यस्तो अवस्थामा दोस्रो वा ढिलो गरी परेको जाहेरीलाई सोच विचार गरी (after thought) दिइएको जाहेरी भन्ने गरिन्छ। यसलाई त्यसरी मात्र नहेरी वारदातको सम्बन्धमा अनुसन्धान सुरू भएपछि खुल्न आएका केही तथ्यको आधारमा दिइएको पछिल्लो वा केही दिनपछिको जाहेरीलाई सोच विचार गरेर (after thought) का रूपमा दिइएको जाहेरी भनी हाल्न मिल्दैन। यसरी पछि दिइएको वा दोस्रो जाहेरी वारदात र तथ्यको नजिक छ, किटानी छ, प्रतिवादीहरूको बयान पनि वारदातसँग नजिक छ, त्यसलाई भौतिक र परीक्षण प्रतिवेदन जस्ता अन्य स्वतन्त्र प्रमाणहरूले पनि समर्थन गर्दछ र जाहेरवाला स्वयंले तथ्य पुष्टि हुने गरेर अदालतमा आई किटानी बकपत्र गरी दिन्छन् भने त्यस्तो जाहेरीलाई **"घटनाको सूचना"** र ढिलो गरिदिएको वा दोस्रो जाहेरीलाई **"सोच विचार गरी" (after thought)** पूर्वाग्रह राखी दिइएको जाहेरीको कोटीमा राखेर अन्तिम मूल्याङ्कन गरी हाल्न मिल्दैन। प्रमाणको स्थान ग्रहण गर्ने हदसम्म अन्य स्वतन्त्र प्रमाणहरूले जाहेरीलाई पुष्टि गरेमा त्यसलाई प्रमाणमा लिनुपर्ने हुन्छ। त्यस्तो जाहेरीलाई विलकुलै निरर्थक छ भनी प्रमाणको रूपमा अनदेखा गरी हाल्नु हुँदैन।

११. यसरी उल्लिखित नजिर सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूका उपर परेको जाहेरी दरखास्त तथा जाहेरवालाले गरेको बकपत्रलाई हेर्दा घटनाबाट पीडित जाहेरवालाले नै मौकामा दिएको जाहेरीमा नचिनेका मुखमा मुकुन्डो लगाएका व्यक्तिहरूले आफूबाट रुपैयाँ लुटी लगे भनेका छन् भने पछि प्रतिवादीहरूका विरूद्ध किटानी जाहेरी दिए पनि जाहेरीको बेहोरामा नै प्रतिवादीहरूले जाहेरवालाको साथमा रहेको रू. ५०,०००।- (पचास हजार रूपैयाँ) लुटी लगे र अन्य बाँकी रकम पछि दिनुपर्छ भन्ने सर्तमा छाडे भनिएको छ। उक्त तथ्य पत्यारलायक नहुनुको साथै जाहेरवालालाई अपहरण गरी बन्धक बनाएको अवस्था नहुँदा ती प्रमाणहरू प्रतिवादीहरूउपरको कसुर कायम गर्न मिल्ने खम्बिर र बलियो प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था देखिन आएन।

१२. यसरी प्रतिवादीमध्येका प्रेमबहादुर वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष साबिती रही बयान गरेको भए पनि निजले अदालतमा कसुरमा इन्कार रही बयान गरेको, अर्का प्रतिवादी भीमबहादुर पटेल सुनारले मौकामा र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको र निज प्रतिवादीहरूको सो बयानलाई वादी पक्षबाट beyond reasonable doubt prove गर्न सकेको स्थिति नदेखिएको, जाहेरवालाले जाहेरी दरखास्त र आफ्नो बकपत्रमा

समेत यी प्रतिवादीहरूलाई यकिनसाथ कसुरदार भनी ठम्याउन नसकेको, मिसिल संलग्न CD को वैधानिक निकायबाट समेत परीक्षण गरेको नदेखिएको आधारहरूमा यी प्रतिवादीहरूले अभियोग दाबीअनुसारको कसुर गरेको भन्ने तथ्य स्थापित हुन नआएबाट निज प्रतिवादीहरू कसुरदार हुन् भन्ने देखिन नआएकाले पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिएन।

१३. अतः उल्लिखित विवेचित आधार, कारण तथा प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादीहरू प्रेमबहादुर वि.क. र भीमबहादुर पटेल सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।१२।२९ मा भएको फैसला सदर हुने ठहर्छ । प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरी पुनरावेदन अदालतको फैसला बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत : मिनबहादुर कुँवर
इति संवत् २०७६ साल पुस २ गते रोज ४ शुभम्।

§ 📖 §

निर्णय नं. १०३९३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश मिति : २०७६।७।२८
०७५-WO-०६८६

मुद्दाः उत्प्रेषण / परमादेश

रिट निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० मा रजिस्टर्ड कार्यालय रहेको जन्नत ओभरसिज प्रा.लि.का अख्तियार प्राप्त सञ्चालक एवं आफ्नो हकमा समेत ऐ.का सञ्चालक सेयरधनी महोत्तरी जिल्ला बलवा नगरपालिका वडा नं. ९ बस्ने सेयरधनी तसलिम खाँ मिस्कार

विरूद्ध

विपक्षी : वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौंसमेत

- **कम्पनीका सेयर होल्डरहरूमध्ये कसैको मृत्यु भएमा सेयर कारोबार के कसरी विभाजन गरी हक दायित्व बाँडफाँड गर्ने भन्ने कुरा पक्षहरूको दायित्व हुने र सोबमोजिमको हिसाब किताब बाँडफाँड गरी पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने कानूनी दायित्व कम्पनीको सञ्चालकहरूमा नै निहित रहने।**

(प्रकरण नं.६)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री मनोहर साह, विद्वान् अधिवक्ता श्री घुरन शाह

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश मरासेनी, विद्वान् अधिवक्ता श्री भुनेश्वर थापा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- कम्पनी ऐन, २०६३
- वैदेशिक रोजगार ऐन, २०६४

आदेश

न्या.पुरूषोत्तम भण्डारी : नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

निवेदकको निवेदन बेहोराः-

निवेदक जन्नत ओभरसिज प्रा.लि. वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कम्पनी ऐन, २०६३ अनुसार स्थापित भई उक्त ऐनको दफा ७ बमोजिम अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । ऐ.ऐनको दफा १०(क) बमोजिम यस कम्पनीले गर्नु पर्ने सम्पूर्ण काम कारोबारहरू यसै कम्पनीको नामबाट गर्नु पर्ने, दफा २६ बमोजिम कम्पनीको आफ्नो छाप कम्पनीको तर्फबाट सही गरिएको वा जारी गरिएको आधिकारिक लिखतहरूमा प्रयोग गर्नु पर्ने, दफा १०८(२)(३) बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयले स्वीकृति दिएकोमा बाहेक यस कम्पनीको लेखा कम्पनीको रजिस्टर्ड कार्यालयबाहेक अन्यत्र राख्न नपाउने र सञ्चालक समितिले तोकिदिएको रकमबाहेक कम्पनीसँग रहेको नगद मौज्दात बैंकमा दाखिला गरी बैंकमार्फत नै कारोबार गर्नु पर्ने भन्ने कानूनी व्यवस्थाबाट नियन्त्रित एवं सञ्चालित संस्था हो । निवेदक कम्पनीले वैदेशिक रोजगार ऐन, २०६४ अनुसार विपक्षी वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न १०४७/०७३/०७४ नं.को इजाजत पत्र मिति २०७३।३।२६ मा प्राप्त गरी २०७७ आषाढ मसान्तसम्म नवीकरण गराएको छ । यो कम्पनीमा हाल ओमनारायण जोशीको ५१% र म निवेदक तसलीम खाँ मिस्कारको ४९% सेयरसहित हामी २ जना मात्र सञ्चालक सेयरधनीहरू रहेका छौ । यो कम्पनीले खास गरेर नेपाली कामदारहरूलाई मलेसिया देश मात्र पठाउने गरेकोमा नेपाल सरकारले २०७५ साल आषाढ यता मलेसिया पठाउन रोक लगाएदेखि हालसम्म कम्पनीले कसैसँग वैदेशिक रोजगारीमा पठाउनेसम्बन्धी कुनै काम कारोबार गरेको छैन । यस कम्पनीका सञ्चालक सेयरधनी ओमनारायण जोशीको मिति २०७५।९।५ गते देहावसान पछि कम्पनीमा निजको नाउँमा रहेको ५१% सेयरको हक खाने हकदार अंशियारहरू निजको पत्नी विपक्षी राधाकुमारी श्रेष्ठ, छोरी सोनी जोशी, छोराहरू माउन्टेन जोशी र पारस जोशी रहेकोमा निज अंशियारहरूले उक्त सेयर आफ्नो नाउँमा नामसारी गराएको छैन र विपक्षी विभागले सहमति नदिएसम्म यस्तो कम्पनीको सेयर नामसारीलगायत हक हस्तान्तरणसम्बन्धी कुनै काम अगाडि बढ्दैन ।

सञ्चालक सेयरधनी ओमनारायण जोशीको मिति २०७५।९।५ मा देहावसान पछि विपक्षी अनुगमन शाखाबाट "वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाउने भनी ओमनारायण जोशीले राहदानी र रकम लिएकोमा विदेश नपठाएको, क्षतिपूर्ति दिन इन्कार गरिएकोले क्षतिपूर्ति दिलाई पाउँ भनी टेकबहादुर तामाङ, विनय चौधरी, नारायण चौधरी र भुपाल थापा मगरले यस विभागमा निवेदन गरेकाले सो सम्बन्धमा के कति कारणले निजहरूलाई क्षतिपूर्ति रकम दिन इन्कार गरेको हो ? सोको लिखित जवाफसहित ७ दिनभित्र उपस्थित हुनु" भनी यस कम्पनीलाई लेखेको च.नं.२८१ मिति २०७५।९।९ को पत्र तथा सोही बेहोराको मानबहादुर भोलनको निवेदन परेको भनी च.नं.२८४ मिति २०७५।९।१० को पत्र कम्पनीमा प्राप्त भएपछि म निवेदक अचम्मित भई निवेदक कम्पनीले र म निवेदकसमेतले २०७५ साल आषाढदेखि हालसम्म

कुनै कारोबार नगरेको अवस्थामा के कसरी उजुरी पर्न गयो भनी विपक्षी विभागमा बुझ्न गई उजुरी र संलग्न प्रमाणहरूको प्रमाणित नक्कल माग गरिएकोमा सोको फोटोकपीहरू दिएको थियो।

उक्त फोटोकपीहरूको अध्ययन गरी हेर्दा यस जन्नत ओभरसिजका सञ्चालकमध्येका ओमनारायण जोशीसँग कुरा गरी माल्दिभ्स जाने भनी निजले हामी दुवैजनासँग सक्कल राहदानी र जम्मा रू.३,००,०००।- रकम बुझी लिई कुनै कारणले विदेश पठाउन सकिनँ भने मिति २०७५।८।२५ मा रकम फिर्ता लान सक्नुहुन्छ भनी विश्वास दिलाउँदै आफ्नो नाउँको प्रभु बैंकको चेकसमेत दिइएकोमा हामीलाई विदेश नपठाएपछि उक्त चेक भजाउन बैंकमा जाँदा रकम नभएको भनी फिर्ता पठाइदिएको र सो मेनपावर पनि बन्द भएकोले हामीबाट बुझी लिएको सक्कल राहदानी, रकम र ब्याजसमेत दिलाई पाउँ भनी मिति २०७५।९।८ मा विनय चौधरी र नारायण चौधरीले, उक्त मेनपावरका सञ्चालक ओमनारायण जोशीसँग इराक पठाइदिने भनी सहमति भई निजले मबाट सक्कल राहदानी र रू. ४,५०,०००।- रकम बुझी लिई यदि पठाउन सकिन भने रकम फिर्ता लान सक्छौ भन्दै निज ओमनारायण जोशीले निजकै नाउँको सनराईज बैंकको चेक दिएकोमा पछि इराक पठाउन सकिएन सोही काममा माल्दिभ्स पठाइदिन्छु भनी सहमति गरी रू.१,००,०००।- तत्काल फिर्ता गरी त्यही पुरानो चेकमा काटेर रू.३,५०,०००।- बनाई उक्त चेक मलाई फिर्ता दिएकोमा पछि मलाई विदेश नपठाएकाले राहदानी, लिएको रकम र ब्याज दिलाई पाउँ भनी सोही मितिमा टेकबहादुर तामाङले, मेनपावरका सञ्चालक ओमनारायण जोशीलाई भेटी माल्दिभ्स जाने भन्ने सहमति भई राहदानी र रू.१,००,०००।- नगदै तत्कालै निज सञ्चालक ओमनारायणलाई बुझाएको र त्यसपछि मेरो आमा कृष्णकुमारी थापाले निज सञ्चालक ओमनारायण जोशीको नाउँमा रहेको एन.आई.सी. एसिया बैंकको खातामा रू.२,५०,०००।- रकम जम्मा गरी पठाइदिनु भएपश्चात् पनि विदेश नपठाएकोले लिन बाँकी रहेको रकम र ब्याजसमेत दिलाई पाउँ भनी मिति २०७५।९।९ मा भुपाल थापा मगरले, उक्त मेनपावरका प्रबन्ध निर्देशक ओमनारायण जोशीले पोल्याण्ड मुलुकमा पठाइदिन्छु भनी मबाट रू.१०,००,०००।- बुझी लिएको र तोकिएको म्यादभित्र विदेश नपठाएको र निज सञ्चालकले समस्या समाधान नगरेकोले कसुरमा कानूनबमोजिम कारबाही गरी लिएको रकम र ब्याजसमेत दिलाई पाउँ भनी मिति २०७५।९।१० मा मानबहादुर भोलनले र निज सञ्चालक ओमनारायण जोशीसँग रू.३५०,०००।- खर्चमा माल्दिभ्स जाने सहमति भई निज सञ्चालकको एन आइसी एसिया बैंकको खाता नं.६५४१०५०५९८३५२४०१ मा रू.१००,०००।- र निजले भनेअनुसार निजको श्रीमती विपक्षी राधाकुमारी श्रेष्ठको नाउँमा रहेको सिद्धार्थ बैंकको खाता नं.०१७१५१३७५४८ मा मिति २०७५।६।५ मा रू.२,००,०००।- जम्मा गरेपश्चात् पनि विदेश नपठाएकोले लिएको रकम र ब्याजसहित दिलाई पाउँ भनी प्रेमनारायण शर्मासमेतले विपक्षी विभागसमक्ष उजुरी निवेदन दिएका रहेछन्।

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम निवेदक कम्पनीले उजुरीकर्ताहरूलाई वैदेशिक रोजगारीमा विदेश पठाइदिने भनी भनिएको देशको कुनै पनि कम्पनीसँग सम्झौता गरी कामदार पठाउने डिमान्ड लेटर माग नगरेको, विपक्षी विभागबाट नेपाली कामदारहरू छनौट प्रक्रियाको लागि लिनु पर्ने पूर्वस्वीकृति नलिएको, त्यस सम्बन्धमा कुनै पनि पत्र पत्रिकामा विज्ञापनलगायत नेपाली कामदारलाई विदेश पठाउने कुनै कानूनी प्रक्रियाको थालनी नै नगरेकोबाट निवेदक कम्पनीले उजुरीकर्तालगायत कुनै पनि व्यक्तिलाई विदेश पठाउने कुनै पनि काम कारबाही अगाडि नबढाएको कुरा प्रस्ट रहेको छ। निवेदक कम्पनीले विदेश पठाउनेसम्बन्धी कुनै कानूनी प्रक्रिया नै अगाडि नबढाएको अवस्थामा उजुरीकर्ताहरू निवेदक कम्पनीको रजिस्टर्ड कार्यालयमा आउने निवेदक र निवेदक कम्पनी वा कम्पनीको तर्फबाट म निवेदक वा सञ्चालक ओमनारायण जोशीले वैदेशिक

रोजगारीमा जानको लागि कुनै कुराकानी वा सहमति गर्ने आवश्यकता नरहेको तथा त्यस्तो काम कारबाही गरेको भन्ने उजुरीकर्ताहरूको दाबीसमेत रहेको छैन । यदि त्यस्तो काम कारबाही निज ओमनारायण जोशीले कम्पनीको सञ्चालकको हैसियतले कम्पनीको नाउँमा कम्पनीको हित र फाइदाको लागि गरेको भए उजुरीकर्ताहरूबाट मगाउनु पर्ने रकम निवेदक कम्पनीको खातामा पठाउन लगाएको हुनु पर्ने, कम्पनीमा बुझाएको भनिएको सक्कल राहदानी र रकम कम्पनीले बुझेको भए सो बुझेको भनी कम्पनीको छाप लगाएको रिसिप्ट / बिल भरपाई दिएको हुनु पर्ने तथा रकमको ग्यारेन्टीको लागि चेक नै दिनु पर्ने अवस्था भए निवेदक कम्पनीको चेकहरू उजुरीकर्ताहरूलाई दिनु र उजुरीकर्ताहरूले पनि लिनुपर्नेमा सो नगरेको, उजुरीकर्ताहरूले दाबी गरेको रकम निवेदक कम्पनीको नाउँमा सनराइज बैंकमा रहेको खातामा निजहरूले वा ओमनारायण जोशीले जम्मा नगरेको अवस्था रहेकोले उजुरीकर्ताहरूलाई विदेश पठाउने सन्दर्भमा भएको उल्लिखित कार्यमा निवेदक कम्पनी वा निवेदक सञ्चालकको कुनै संलग्नता नरहेको कुरा प्रमाणित भइरहेको छ ।

विपक्षीहरू राधाकुमारी श्रेष्ठ, सोनी जोशी, माउन्टेन जोशी र पारस जोशीका पति / पिता ओमनारायाण जोशीले विपक्षी उजुरीकर्ताहरूलाई दाबी गरेबमोजिम विदेश पठाई दिने भनी कुराकानी सहमति गरी निजहरूबाट निज ओमनारायण जोशीले केही नगद रकम आफैँले बुझेको, केही रकम आफ्नो बैंक खातामा र केही रकम आफ्नो पत्नी विपक्षी राधाकुमारी श्रेष्ठको बैंक खाताहरूमा जम्मा गर्न लगाएको, उजुरीकर्ताहरूलाई विश्वास दिलाउन रकमको ग्यारेन्टीको लागि निज ओमनारायण जोशीले आफ्नै नाउँको खाताको चेकहरू उजरीकर्ताहरूलाई दिएको र निजहरूले पनि लिएको तथा सो कुराहरू उजुरीकर्ताहरू स्वयम्ले उजुरी निवेदनमा उल्लेख गरी चेक भौचरहरूसमेत पेस गरेको अवस्थामा निज ओमनारायण जोशीले उजुरीकर्ताहरूसँग गरेका उक्त सम्पूर्ण काम कारबाहीहरू निवेदक कम्पनीको तर्फबाट गरेको नभई निज ओमनारायण जोशीले व्यक्तिगत रूपमा व्यक्तिगत फाइदाको लागि गरेको कुरा प्रस्ट एवं प्रमाणित भइरहेको स्थितिमा त्यसको सम्पूर्ण जिम्मेवारी, जवाफदेही एवं दायित्व निज ओमनारायण जोशी र निजको उक्त कार्यमा संलग्न निजको पत्नी विपक्षी राधाकुमारी श्रेष्ठको रहेको तथा निज ओमनारायण जोशीको परलोकपछि निजको हकभोग खाने अंशियार निज विपक्षी राधाकुमारी श्रेष्ठ र निजका छोराछोरीहरूको हुन आएकोले उजुरीकर्ताहरूले आफ्नो कारोबार असुलउपर गर्न गराउन निज विपक्षीहरूउपर उजुरी कार्य गर्नु पर्नेमा सो नगरी सोको विपरीत सजिलोको लागि उक्त कार्यको कुनै जिम्मेवारी एवं दायित्व नरहेको निवेदक कम्पनीउपर उजुरी दिएको रहेछ ।

निवेदक कम्पनीले सोही बेहोरा उल्लेख गरी समस्या समाधानको उपायसहित विपक्षी विभागमा मिति २०७५।९।१५ गते लिखित जवाफ दर्ता गराएको थियो। विपक्षी विभागले उक्त लिखित जवाफबाट सम्पूर्ण तथ्यको जानकारी भएपछि निज ओमनारायणको उक्त कार्यमा संलग्न एवं निजको हक खाने अंशियार निजका पत्नी विपक्षी राधाकुमारी श्रेष्ठ र निजको छोरी सोनी जोशी, छोराहरू विपक्षी माउन्टेन जोशी र पारस जोशीलाई विभागमा बोलाई उक्त अनुसन्धान कार्यमा संलग्न गराई यस कम्पनीमा रहेको निजहरूको हक लाग्ने सेयर नामसारी बिक्री वितरण गरी वा अन्य तरिकाबाट उजुरीकर्ताहरूको समस्या समाधान गर्नु पर्नेमा नगरी सोको विपरीत विपक्षी अनुगमन शाखाले "तहाँ प्रा.लि.को लिखित जवाफले पीडितको समस्या समाधान हुन नसकेकोले २४ घण्टाभित्र यस विभागसमक्ष निवेदकहरूको समस्या समाधान गर्ने विकल्पबारे लिखित जवाफसहित उपस्थित हुन निर्देशानुसार अनुरोध छ, अन्यथा कानूनबमोजिम हुनेछ" भनी च.नं.२००० मिति २०७५।०९।२४ गतेको पत्र निवेदक कम्पनीमा पठाएकोमा विपक्षी अनुगमन शाखामा गई शाखा अधिकृतलाई भेटी सोही

बेहोराको विकल्पबारे जानकारी गराउँदासमेत तपाइँको फाइल अगाडि बढेको छ १-२ दिनपछि आउनु भनी जवाफ दिएकोले फेरी २०७५।०९।३० गते जाँदा यस विभागको मिति २०७५।०९।२७ को निर्णयअनुसार निवेदक जन्नत ओभरसिज प्रा.लि.को कारोबार हाललाई रोक्का गरिदिनु हुन भनी विपक्षी अनुगमन शाखाले विपक्षी सूचना प्रविधि शाखालाई लेखेको च.नं. ३९६ मिति २०७५।०९।२७ को पत्र म निवेदकलाई थमाई दिनुभयो।

निवेदक कम्पनी रहेको भवनमा नै ओमनारायण जोशीले आफ्नो एकल सेयरधनी रहेको फुल मुन इन्टरनेसनल एजुकेसन कन्सल्टेन्सी प्रा. लि.को अफिसलाई निवेदक कम्पनीको अफिस हो भनी देखाई उजुरीकर्ताहरूलाई अफ्नो कन्सल्टेन्सीको अफिसमा लगी निवेदक सञ्चालकसमेतलाई केही थाहा जानकारी नदिई झुट्टा कागजातहरू देखाई आफ्नो निजी फाइदाको लागि व्यक्तिगत रूपमा उजुरीकर्ताहरूलाई विदेश पठाइदिने भनी माथि उल्लिखित कार्यहरू आफ्नो पत्नी राधाकुमारी श्रेष्ठको संलग्नतामा गरेको अवस्थामा निज ओमनारायणको उक्त कार्यमा संलग्न एवं निजको हक खाने अंशियार निजका पत्नी विपक्षी राधाकुमारी श्रेष्ठ र निजका छोरी सोनी जोशी, छोराहरू माउन्टेन जोशी र पारस जोशीलाई विपक्षी विभागले बोलाई उक्त अनुसन्धान कार्यमा संलग्न गराई यस कम्पनीमा रहेको निजहरूको हक लाग्ने सेयर नामसारी बिक्री वितरण गरी वा अन्य तरिकाबाट उजुरीकर्ताहरूको समस्या समाधान गर्नु पर्नेमा नगरेको साथै म निवेदकले दाबीको रकम तपाइँ र तपाइँहरूको लोग्ने बुबाले नै लिए खाएकोले त्यो तिर्नु पर्ने दायित्व तपाइँहरूको हो, यस कम्पनीको सेयरहरू आफ्नो नाउँमा नामसारी गराई बेचबिखन गरेर वा अन्य प्रकारले उजुरीकर्ताहरूको समस्या समाधान गरिदिनुहोस् नभए तपाइँहरूउपर ठगी, चेक अनादरलगायतका मुद्दाहरू पर्न सक्छ भनेर विपक्षीहरूलाई बारम्बार सम्झाउँदा पनि निज विपक्षीहरूले कुनै वास्ता नगरी अटेर गरी बसेका छन्।

ओमनारायण जोशीले उजुरीकर्ताहरूसँग गरेको उक्त व्यवहारहरूमा निजको पत्नी विपक्षी राधाकुमारी श्रेष्ठको पनि संलग्नता रहेकोले उक्त सम्पूर्ण कार्यको दायित्व बेहोर्ने जिम्मा निज ओमनारायण जोशी र विपक्षी राधाकुमारी श्रेष्ठको रहेको र निज ओमनारायणको शेषपछि निजको हक खाने एकासगोलका अंशियारहरू विपक्षी पत्नी राधाकुमारी श्रेष्ठ, छोरी सोनी जोशी र विपक्षी माउन्टेन जोशी र पारस जोशीको रहेकोमा विपक्षी विभागले निजहरूलाई विभागमा बोलाई अनुसन्धानमा संलग्न गराई निजका पति पिताको नाउँमा यस कम्पनीमा रहेको ५१% सेयरको हकसम्म नामसारी बेचबिखन गरी गराई वा निज ओमनारायण जोशीको अन्य श्रीसम्पत्तिबाट असुलउपर गरी गराई दिई उजुरीकर्ताको समस्या समाधान गर्नु पर्नेमा सो नगरी माथि उल्लिखित कार्य गरी गराई समस्या समाधान गर्ने बाटो नै अवरूद्ध हुने गरी निवेदक कम्पनीको कारोबार नै रोक्का राख्ने भनी भएको विपक्षी विभागको मिति २०७५।०९।२७ को निर्णय, उक्त निर्णयानुसार विपक्षी अनुगमन शाखाले लेखेको पत्र र सो पत्रको सम्बन्धमा भए गरेको विपक्षीहरूको काम कारबाही कम्पनी ऐन, २०६३ को दफा ७, १०(क), २६, १०८(४) एवं वैदेशिक रोजगार ऐन, २०६४ को दफा १४ को विपरीत भई निवेदकको पेसा रोजगार गर्न पाउने नेपालको संविधानको धारा १७(२)(च) द्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकमा आघातित भएकोले सोको अन्य प्रभावकारी उपचारको अभावमा धारा १३३(२)(३) अनुसार यस सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र गुहार्न आएको छु।

माथि उल्लेख गरेअनुसार विपक्षी विभागको मिति २०७५।०९।२७ को निर्णय, उक्त निर्णयानुसार विपक्षी अनुगमन शाखाले लेखेको पत्र र सो पत्रको आधारमा विपक्षीहरूबाट निवेदक कम्पनीको कारोबार रोक्का राख्ने कार्यबाट निर्दोष कम्पनी आफ्नो व्यावसायिक कार्य गर्नबाट वञ्चित हुने भएकोले विपक्षीहरूको उक्त कार्य नेपालको संविधानको धारा

१३३(२)(३) अनुसार उत्प्रेषणको आदेशद्वारा बदर गरी निज ओमनारायण जोशीको उक्त निजी दायित्वको काम कारबाहीमा संलग्न विपक्षी राधाकुमारी श्रेष्ठ र हक खाने अंशियार निजका, छोरा छोरीहरू विपक्षी माउन्टेन जोशी र पारस जोशीसमेतलाई उक्त अनुसन्धान कार्यमा संलग्न गराई उजुरीकर्ताहरूको समस्या समाधान गर्नु गराउनु र निवेदक कम्पनीको कारोबार फुकुवा गर्न गराउनु भनी विपक्षी विभागलगायत अन्य विपक्षीहरूको नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भनी यस अदालतमा दायर गरेको रिट निवेदन।

यस अदालतको आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१, २, ३ र ४ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूका हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ, परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। अन्तिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिँदा सो प्रयोजनका लागि मिति २०७५।१०।२० को पेसी तोकी विपक्षीहरूलाई सोको सूचना जानकारी दिनू। उक्त अन्तरिम आदेशको छलफलको टुङ्गो नलागेसम्म वैदेशिक रोजगार विभागको मिति २०७५।९।२७ को निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७५।१०।१३ को आदेश।

मानबहादुर भोलनको लिखित जवाफ

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ मा रजिस्टर्ड कार्यालय रहेको जन्नत ओभरसिज प्रा.लि. वैदेशिक रोगजार विभागबाट इजाजतपत्र प्राप्त, इजाजत पत्र नं. १०७४।०७३।०७४ का प्रबन्ध निर्देशक ओमनारायण जोशी तथा अर्का सञ्चालक विपक्षीसमेतले पोल्याण्ड मुलुकको प्रतिष्ठित कम्पनीबाट आकर्षक तलबमा नेपाली कामदारहरूको लागि माग आएको छ, विदेश जान्छौ भने वैदशिक रोजगारमा नेपाली रूपैयाँ रू.१,००,०००।- एक लाख र खाना बस्नसमेत पाउने गरी लगाई दिन्छु भनी मलाई ललाई फकाई, जाल परिपञ्च गरी झुक्यानमा पारी धोका दिई गफलतमा पारी पोल्याण्ड मुलुकमा वैदेशिक रोजगारीमा ३ महिनाभित्रमा पठाउने गरी भिषा प्रोसेसिङ र अन्य कामको लागि तत्काल नै सम्पूर्ण रकम चुक्ता गर्नुपर्छ भनी भनेकोले निजलाई भनेबमोजिमको सम्पूर्ण रकम रू.१०,००,०००।- अक्षरेपी रूपैयाँ दश लाख मात्र बुझाई कागजसमेत गरिदिई प्रा.लि.का सञ्चालक ओमनारायण जोशीले बुझिलिएकोमा भनेको म्यादभित्रमा वैदशिक रोजगारमा माथि उल्लिखित देशमा नपठाएको र रकम फिर्ता माग्न जाँदा कार्यालयसमेत बन्द गरी फोनसमेत नउठाई अन्यायमा पारेको र म्यानपावर कम्पनीका सञ्चालकले समस्या समाधानमा कुनै चासो नदेखाएकोले प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५३ (नेपाल सरकारले तोकेको भन्दा बढी रकम लिएको), दफा ५१ (प्रा.लि.को सञ्चालकले रकम बुझेर पनि वैदेशिक रोजगारमा नपठाएको तथा लिएको रकमसमेत फिर्ता नगरेको) को कसुरमा कारबाही गरी मैले बुझाएको रकम रू.१०,००,०००।- रूपैयाँ दश लाख र सोको वैदेशिक रोजगार ऐन, २०६४ को दफा २० अनुसारको ब्याज २० प्रतिशतसमेत दिलाई कसुरदार म्यानपावर

कम्पनीलाई कारबाही गरिपाउँ भनी २०७५।०९।१० गते वैदेशिक रोजगार विभागमा उजुरी निवेदन दिएको तथा सो सम्बन्धमा वैदेशिक रोजगार विभागबाट आवश्यक कारबाही भइरहेको सन्दर्भमा विपक्षीले म पीडितलाई समेत विपक्षी बनाई रिट निवेदन दिएको बेहोरा त्यहाँबाट मिति २०७५।१०।१७ मा म्याद तामेली भएको बेहोरा अनुरोध गर्दछु।

विपक्षी तसलिम खाँ मिस्कार र ओमनारायण जोशीले संयुक्त लगानी गरी प्रा.लि. कम्पनी दर्ता गराएको तथा ओमनारायण जोशीको ५१ प्रतिशत सेयर भएको सन्दर्भमा दुवैको मिलोमतो बिना प्रा लि. को रजिस्टर्ड कार्यालयबाट सोझा साझा जनताबाट रकम उठाउन असम्भव देखिन्छ । म पीडित उल्लिखित मुलुकमा जान आवेदन दिएदेखि बारम्बार प्रा.लि.को रजिस्टर्ड कार्यालयमा गई विपक्षी तसलिम खाँ मिस्कारसमेतको उपस्थितिमा छलफल भएको तथा प्रा.लि.का अर्का सञ्चालकले पोल्याण्ड पठाउनेसम्बन्धी रकम लिएको तथा प्रक्रियाको सन्दर्भमा छलफल हुँदा उहाँले उक्त मुलुकबाट मागपत्र नआएको विषयमा केही नबोल्नु भएको, ओमनारायण जोशीले प्रा.लि. को रजिस्टर्ड कार्यालयमा बसी खुलेआम रकम उठाउँदासमेत निजले आफ्नो कानूनी दायित्व पूरा नगरी ठगी कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गरेको तथा ओमनारायण जोशीको जालप्रपञ्चमा साक्षी भई बसेर ठगी कार्यमा सहयोग गरेको तथा ओमनारायण जोशीको खातामा जम्मा भएको सर्वसाधारणको रकम निजले समेत बैंकमार्फत बुझिलिएको भन्ने कुरा बुझिन आएकोले निजमाथि समेत सम्बन्धित निकायबाट छानबिन हुन जरूरी देखिन्छ । विबन्धनको सिद्धान्तको आधारमा समेत निजले दर्ता गराएको रिट निवेदन खारेजभागी छ । साथै मिलेमतोमा सोझा साझा जनतालाई ठगी गरी रकम लिने मास्ने तथा खाने गरी पीडितको उजुरी परेपछि आफ्नो दायित्वबाट पन्छिन तथा पीडितलाई थप पिडा दिने दूषित नियतबाट प्रेरित भई रिट निवेदन दिएको स्पष्ट देखिन्छ । तसर्थ रिट निवेदक तथा ओमनारायण जोशीबिचको कारोबारको विवरणसमेत यस मुद्दामा सम्बद्ध हुने भएकोले हालसम्म गरिएको कारोबारको लागि निजहरूको नाममा खोलिएको खाताहरूको बैंक स्टेटमेन्टसमेत मगाई बुझिपाऊँ।

वैदेशिक रोजगारसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्न वैदेशिक रोजगार विभागलाई अख्तियारी दिएको तथा यो मुद्दा सामान्य लेनदेनभन्दा फरक भएको तथा प्रा.लि.का सञ्चालक रिट निवेदकले आफू सञ्चालक रहेको कम्पनीको विषयमा रकम नबुझाउन तथा प्रा.लि.मा मागपत्र नरहेको विषयमा कुनै पनि कुरा कार्यालयको सूचना पाटीमा टाँससमेत नगरी आफ्नो कानूनी दायित्वबाट विमुख रहेको सन्दर्भमा प्रा.लि.को धरौटीबाट मेरो माग दाबी तथा प्रमाणको आधारमा कानूनबमोजिम वैदेशिक रोजगार विभागबाट भइरहेको अनुसन्धानलाई प्रभावित पार्ने तथा पीडितलाई झन् पीडा पुऱ्याउने उद्देश्यले दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने मानबहादुर भोलनको लिखित जवाफ।

वैदेशिक रोजगार विभाग, सूचना प्रविधि, राहत उद्धार, लेखा शाखासमेतको लिखित जवाफ

रिट निवेदक तसलिम खाँ मिस्कार र निज मृतक ओमनारायण जोशीको संयुक्त सञ्चालनमा रहेको जन्नत ओभरसिज प्रा.लि. इ.प.नं. १०७४ को कार्य सञ्चालन दुवै सञ्चालकहरूबाट हुँदै आएको कुरामा कुनै विवाद देखिएन, तर अचानक एकजना सञ्चालक ओमनारायण जोशीको मृत्यु भएपश्चात् निजको मध्यमबाट वैदेशिक रोजगारमा जान चाहने उजुरी कर्ताहरूले ओमनारायण जोशीमार्फत कारोबार गरेको हुँदा यस विभागमा उजुरी गरेको देखिँदा उक्त प्रा.लि.लाई सोसम्बन्धी लेखापढी भएको हो । सुरूमा संयुक्तरूपमा प्रा.लि.सञ्चालन गरेपछि सो प्रा.लि.को काम कारबाहीबाट हुने नाफा / घाटामा दुवै सञ्चालकहरूको बराबर हक भोग लाग्ने तथा सेयरको प्रतिशतको आधारले सोहीबमोजिम हुने न्यायिक तवरबाट देखिँदा प्रा.लि. को नाफा / घाटा दुवै सञ्चालकले बेहोर्नु पर्ने सिद्धान्त रही आएको प्रचलित

मान्यता नै हो । एक सञ्चालक ओमनारायण जोशीको मृत्यु भएपश्चात् निजले कुनै कुरा तिर्नु पर्दैन भन्ने होइन । प्रतिशतको आधारमा जो जसको भागमा जे जति पर्छ, सोहीबमोजिम दुवै सञ्चालकहरूले बेहोर्नु पर्ने हुन्छ । त्यसकारण उक्त प्रा.लि. को सञ्चालक निवेदक तसलिम खाँ मिस्कार पनि उक्त प्रा.लि.बाट भए गरेका कार्यहरू मैले गरेकै नहुँदा मैले तिर्न बुझाउन पर्दैन भन्न मिल्ने अवस्था देखिएन । प्रा.लि.का साझेदारहरूले समानरूपले प्रतिशतको आधारमा प्रा. लि. उपरको उजुरीहरू समान दायित्व रहने हुँदा रिट निवदकले सो उजुरीकर्ताहरूले दिएको उजुरीबाट उम्कन पाइँदैन ।

उल्लिखित आधारबाट जन्नत ओभरसिज प्रा.लि. इ.प.नं. १०७४ ले यस विभागमा पर्न आएको उजुरीउपर समानरूपमा धरौटी राखी प्रा.लि. सञ्चालन गरेको हुँदा उक्त प्रा.लि. को जस / अपजस दायित्व प्रा. लि. सञ्चालकहरूको नै रहने हुँदा पर्न आएको उजुरी तथा गुनासोमा प्रा.लि.का सञ्चालकहरूको पूर्णरूपमा जिम्मा प्रा.लि.को नै हुने देखिँदा उक्त उजुरीहरूउपरको कारोबार मैले गरेको हैन भनी सञ्चालक रिट निवेदक तसलिम खाँ मिस्कारले छुटकारा पाउने अवस्था नदेखिँदा कानूनबमोजिम भई यस विभागसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने वैदेशिक रोजगार विभाग, सूचना प्रविधि, राहत उद्धार, लेखा शाखासमेत लिखित जवाफ ।

यस अदालतको आदेश

यसमा वैदेशिक रोजगार विभागबाट मिति २०७५।०९।२७ मा सोही विभागको सूचना प्रविधि शाखालाई निवेदक जन्नत ओभरसिज प्रा.लि.को कारोबार "हाललाई रोक्का गर्नु" भनी लेखिएको पत्रलाई चुनौती दिई अन्तरिम आदेशसमेतको माग गर्दै प्रस्तुत निवेदन परेको देखियो । निवेदनसाथ पेस गरेका विभिन्न उजुरीबाट विभिन्न व्यक्तिहरूलाई विदेश पठाइदिन्छु भनी रकम लिएको तर विदेश नपठाएकोले रकम फिर्ता पाउँ भन्नेसमेतको उजुरी विपक्षी विभागमा परेको कुरा उल्लेख गरेको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयमार्फत प्राप्त वैदेशिक रोजगार विभागको सम्बन्धित फाइल हेर्दा यी निवेदकसमेत विभागमा उपस्थित भई छलफलमा सहभागी भएको तर विवाद समाधान नभएको भन्ने मिति २०७५।०९।२५ को कागजबाट देखियो । मिसिलमा कम्पनीका नाउँमा रकम जम्मा भएको र कम्पनीको खाताबाट चेक काटिएको पनि देखियो । वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत स्थापित नियामक निकाय वैदेशिक रोजगार विभागले प्रस्तुत निवेदनमा अनुसन्धान गरिरहेको र तत्कालको लागि मात्र कारोबार रोकेको देखिँदा अहिले नै रिट क्षेत्रबाट हस्तक्षेप गर्दा अनुसन्धान प्रभावित हुन जाने देखियो । निवेदकहरूले उठाएको अन्य कानूनी प्रश्नहरूमा अन्तिम निर्णय हुँदा विचार हुने नै हुँदा हाल मागबमोजिम अन्तरिम आदेश जारी गर्न उचित र आवश्यक देखिएन । कानूनबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०७५।११।७ गतेको आदेश ।

राधाकुमारी श्रेष्ठसमेतको लिखित जवाफ

वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारको लागि इजाजत प्राप्त जन्नत ओभरसिजका २ जना सञ्चालकहरूमध्ये १ जना विपक्षी तसलिम खाँ मिस्कार र अर्का सञ्चालक हामी लिखित जवाफवालाहरूका पति पिता ओमनारायण जोशी हुनुहुन्छ । हामी लिखित जवाफवालाहरूमध्ये म राधाकुमारी श्रेष्ठकी छोरी सोनी जोशी प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएकी हाल अध्ययनको सिलसिलामा अष्ट्रेलियामा रहनु भएको छ । यसकारण निजको हकमा समेत यसै लिखित जवाफबमोजिम हुन अनुरोध छ । रिट निवेदनमा हामीलाई विपक्षी बनाउनुपर्ने अवस्था होइन । उक्त म्यानपावर कम्पनीको विपक्षी आफैँ हर्ताकर्ता भई स्थापनाकालदेखि नै सञ्चालनमा रहेको भन्ने बेहोरासम्म थाहा छ अन्य बेहोरा जानकारी भएन । उक्त म्यानपावर कम्पनीको हर्ताकर्ता भएको र विपक्षीले रिट निवेदनमा खुलाउनु भएको उजुरवालाहरूको पासपोर्ट निज आफैँले बुझ्नु

भएको बेहोरा लुकाउन सकिन्छ कि भनी झुट्टा बेहोरा उठान गर्नुभएको हो।

विपक्षीले रिट निवेदकको महलमा नै जन्नत ओभरसिजको अख्तियार प्राप्त सञ्चालक भनी उल्लेख गर्नुभएबाट नै उक्त कम्पनीको हर्ताकर्ता निज विपक्षी भएको स्पष्ट हुन्छ। सञ्चालकहरूमध्ये हामीहरूका पति पिताको मिति २०७५।९।५ मा देहावसान भएपश्चात् आफूले लिएका सम्पूर्ण जिम्मेवारीहरूबाट उम्कने मनसाय राखी दोषजति मृतकमाथि थोपरी आफू बच्ने प्रयास सिवाय अरू नभएको रिट निवेदनबाट नै स्पष्ट हुन्छ। मेरो श्रीमान् र बुबा ओमनारायण जोशीको असामयिक हृदयघात भई मृत्यु भएको हुनाले हामीलाई कुनै कुराहरू भन्न नपाएको कारणले हामीलाई कुनै कुराको जानकारी नभएको तसर्थ अफिसको कुरा अफिसबाट नै मिलाई दिनुहुन विनम्र अनुरोध गरेकोमा रिट निवेदनको प्रकरण नं. २ मा उक्त कम्पनीले २०७५ साल असारदेखि कारोबार नगरेको उल्लेख गर्नुभएको छ भने प्रकरण ९ र १० मा कारोबार रोक्का हुँदा अपूरणीय क्षति बेहोर्नु पर्ने भनी उठान गर्नु भएको बेहोरा आपसमा नै बाझिएको हुँदा रिट निवेदन झुट्टा हो भन्ने स्पष्ट हुन्छ। असारदेखि कारोबार नभएको कम्पनी हाल रोक्का रहेको कारोबार खुलाउन विपक्षीको निश्चित स्वार्थ लुकेको छ भन्ने स्पष्ट हुन्छ। उक्त कम्पनीको करोडौंको सम्पत्ति हिनामिना गरी हामी हकवालाहरूलाई उक्त कम्पनीबाट प्राप्त हुने लाभ शून्य गराउनतर्फ विपक्षी लागिपरेको अवस्था प्रस्तुत रिट निवेदनमा माग गरिएको विषयवस्तुसँग जोडिएको हुँदा उक्त रोक्का यथावत् गरी रिट निवेदन खारेज गरिपाऊँ। कम्पनीमा सेयरवालाको मृत्युपश्चात् सेयर नामसारीलगायतका कार्यहरू कानूनबमोजिम उपयुक्त समयमा गर्ने नै छौँ। उक्त नामसारी नभएसम्म कम्पनीको कारोबार हामी लिखित जवाफवालाहरूले नै रोक्का गर्न लगाउनुपर्ने अवस्था रहेको हुँदा अहिले वैदेशिक रोजगारबाट भएको कारोबार रोक्का हामी लिखित जवाफवालाहरूको हकमा समेत रहेको हुँदा उक्त कारोबार रोक्का यथावत् राखी अन्तरिम आदेशसहित विपक्षीको रिट निवेदन खारेज गरी पाउन अनुरोध गर्दछौं भन्ने राधाकुमारी श्रेष्ठ, माउन्टेन जोशी, पारस जोशीसमेतको संयुक्त लिखित जवाफ।

यस अदालतको आदेश

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री मनोहर साह, विद्वान् अधिवक्ता श्री घुरन शाहले जन्नत ओभरसिज प्रा.लि. वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कम्पनी ऐन, २०६३ अनुसार स्थापित भई अविच्छिन्न उत्तराधिकारवाला एवम् स्वशासित र संगठित संस्था भएको र वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने गरी १०४७/०७३/०७४ नं. को इजाजतपत्र मिति २०७३।३।२६ मा प्राप्त गरी २ जना मात्र सञ्चालक सेयरधनी रहेकामा सञ्चालकमध्येका ओमनारायण जोशीको ५१% र निवेदकको ४९% सेयर रहेको अवस्थामा सेयरधनीमध्येका ओमनारायण जोशीको मिति २०७५।९।५ मा मृत्यु भएपछि निज ओमनारायण जोशीसँग कुरा गरी विभिन्न देश जाने भनी निज ओमनारायणलाई सक्कल राहदानी र रकम निजको पत्नीको बैंक खातामा जम्मा गरेको उक्त रकम ग्यारेन्टीका लागि निजले आफ्नो नाउँको चेक दिए पनि विदेश नपठाएकोले चेक पनि भुक्तानी नभएकोले लिएको रकम र ब्याजसमेत भराई पाउँ भनी टेकबहादुर तामाङसमेतका पीडितले वैदेशिक रोजगार विभागमा उजुरी निवेदन दिएको, मृतक ओमनारायण जोशीको नाउँमा कम्पनीमा रहेको ५१% सेयर हकसम्म नामसारी बेचबिखन गरी गराई वा निजको अन्य स्रोतबाट असुलउपर गरी पीडित उजुरीकर्ताहरूको समस्या समाधान गराउनुपर्नेमा निवेदक कम्पनीको कारोबार नै रोक्का राख्ने भनी विपक्षी वैदेशिक रोजगार विभागको मिति २०७५।९।२७ को निर्णय र उक्त निर्णयानुसार विपक्षी अनुगमन शाखाले लेखेको पत्र र सो पत्रका सम्बन्धमा

भए गरेको विपक्षीहरूको कामकारबाही कम्पनी ऐन, २०६३ को दफा ७,१०(क), २६,१०८(४) एवम् वैदेशिक रोजगार ऐन, २०६४ को दफा १४ विपरीत भई हाम्रो पक्षको पेसा रोजगार गर्न पाउने संवैधानिक तथा कानूनी हकमा आघात पुग्न गएकाले ओमनारायण जोशीको निजी दायित्वको कारबाहीमा संलग्न विपक्षी राधाकुमारी श्रेष्ठ र हक खाने अंशियार निजका छोरा छोरीहरूसमेतलाई उक्त अनुसन्धान कार्यमा समावेश गराई उजुरीकर्ताहरूको समस्या समाधान गरी निवेदक कम्पनीको कारोबार फुकुवा गर्नु गराउनु भनी विपक्षी वैदेशिक रोजगार विभागलगायत अन्य विपक्षीहरूका नाउँमा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने बहस प्रस्तुत गर्नुभयो।

विपक्षीमध्येकी राधाकुमारी श्रेष्ठसमेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री भुनेश्वर थापाले रिट निवेदकले आफ्नो कम्पनीले मिति २०७५ आषाढदेखि कारोबार नै नगरेको भन्ने दाबी गर्नु भएको देखिन्छ भने कारोबार रोक्का हुँदा अपूरणीय क्षति बेहोर्नु पर्ने भनी उठान गर्नु भएको विषयमा मेल खाँदैन। कम्पनीको करोडौं सम्पत्ति हिनामिना गरी सञ्चालकमध्येका ओमनारायण जोशीको मृत्युपश्चात निजको हकवाला मेरो पक्षलाई उक्त कम्पनीबाट प्राप्त हुने लाभलाई शून्य गराई आफूले एकतर्फी खानेतर्फ निवेदक लागि परेकोले नामसारी नभएको कम्पनीको कारोबारमा मात्र रोक्का गराउनु पर्ने अवस्था सिर्जना भएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने बहस प्रस्तुत गर्नुभयो।

विपक्षी वैदेशिक रोजगार विभागसमेतको तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश मरासेनीले जन्नत ओभरसिज प्रा.लि.इ.प.नं. १०७४ को विरूद्ध वैदेशिक रोजगार विभागमा दर्ता भएको उजुरीका आधारमा सञ्चालकको कारोबार रोक्का गरिएको हो। सञ्चालकहरूले समानरूपमा धरौटी राखी प्रा.लि. सञ्चालन गरेको हुँदा ओभरसिज प्रा.लि.का सञ्चालकहरूले उक्त प्रा.लि.को जसअनुरूपको दायित्व प्रा.लि. सञ्चालकहरूमा रहने नै हुँदा, वैदेशिक रोजगार विभागमा पर्न आएको उजुरी तथा गुनासोमा सञ्चालकहरू पूर्णरूपमा जिम्मेवार हुनुपर्ने हुन्छ। उक्त उजुरीउपरको कारबाही हुँदा मैले गरेको होइन भनी सञ्चालक रिट निवेदक तसलिम खाँ मिस्कारले छुटकारा पाउने अवस्थासमेत नदेखिँदा वैदेशिक रोजगार विभागसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त विद्वान्हरूले गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी निवेदन मागबमोजिमको रिट जारी हुने नहुने विषयमा निर्णय दिनु पर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, जन्नत ओभरसिज प्रा.लि. वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कम्पनी ऐन, २०६३ अनुसार स्थापित अच्विछिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था भएको कुरामा विवाद देखिँदैन। निवेदक कम्पनी वैदेशिक रोजगार ऐन, २०६४ अनुसार वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने गरी इ.प. नं. १०४७-०७३/०७४, मिति २०७३।३।२६ मा प्राप्त गरी मिति २०७७ आषाढ मसान्तसम्म नवीकरण गरिएको र कम्पनीमा ओमनारायण जोशीको ५१% र रिट निवेदकको ४९% सेयरसहित २ जना सञ्चालक भएकोमा कम्पनीले मलेसियाको लागि मात्र नेपाली कामदार पठाउने गरेको थियो। मिति २०७५।९।५ मा सञ्चालक सेयर ओमनारायण जोशीको मृत्यु भएको र निजले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाउने भनी राहदानी र रकम लिएकोमा विदेश नपठाएको, क्षतिपूर्ति दिन इन्कार गरेकाले क्षतिपूर्ति दिलाई पाउँ भनी टेकबहादुर तामाङ, विनय चौधरी, नारायण चौधरी र भूपाल थापा मगरले वैदेशिक रोजगार विभागमा उजुरी गरेकाले, तत्पश्चात् मानबहादुर भोलनको पनि निवेदन परी उक्त उजुरी निवेदनको आधारमा, विपक्षी वैदेशिक रोजगार विभागले सञ्चालकमध्येका ओमनारायण जोशीले विभिन्न व्यक्तिबाट वैदेशिक रोजगार पठाउन भनी

लिएको रकमको आधारमा परेको उजुरीको सम्बन्धमा निजको हकवाला व्यक्तिहरूलाई समेत झिकाई समस्या समाधान गर्नुपर्नेमा मिति २०७५।९।२७ मा निवेदक जन्नत ओभरसिज प्रा.लि.को कारोबारलाई हाल रोक्का गरिदिनु भनी विपक्षी अनुगमन शाखाले सूचना प्रविधि शाखालाई च.नं. ३९६ मिति २०७५।९।२७ मा निवेदकलाई पत्र दिएको हुँदा उक्त पत्र र सोको सम्बन्धमा भएका गरेका विपक्षीहरूको कामकारबाही कम्पनी ऐन, २०६३ को दफा ७,१०(क), २६, १०८(४) एवम् वैदेशिक रोजगार ऐन, २०६४ को दफा १४ को विपरीत भई संविधानद्वारा प्रदत्त पेसा रोजगार गर्न पाउने संवैधानिक तथा कानूनी हकमा असर पुऱ्याएको हुँदा विपक्षी विभागलगायतका अन्य विपक्षीहरूको नाउँमा परमादेशलगायतको उपयुक्त आदेश जारी गरिपाउँ भन्ने रिट निवेदनको मुख्य जिकिर रहेको पाइयो।

३. जन्नत ओभरसिज प्रा.लि. इ.प.नं. १०७४ को कार्य निवेदक तसलिम खाँ मिस्कार र मृतक ओमनारायण जोशीको संयुक्त सञ्चालनमा रहेको, ओमनारायण जोशीको मृत्युपश्चात् निजको माध्यमबाट वैदेशिक रोजगारमा जान चाहने उजुरीकर्ताहरूले ओमनारायण जोशीमार्फत कारोबार गरेको हुँदा यस विभागमा उजुरी गरेको देखिँदा उक्त प्रा.लि.को नाफा घाटामा दुवै सञ्चालको बराबर हकभोग लाग्ने तथा सेयर प्रतिशतको आधारले कम्पनीले नाफा घाटा आफैँ बेहोर्नुपर्ने दायित्व रही आएको हुन्छ। प्रा.लि.का साझेदारहरूको समानरूपले प्रतिशतको आधारमा प्रा. लि.उपरको उजुरीहरूमा समान दायित्व रहने हुँदा रिट निवेदक उजुरीकर्ताहरूले दिएको उजुरीबाट उम्कन नपाउने हुँदा कानूनबमोजिम भई यस विभागलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्ने वैदेशिक रोजगार विभागसमेतको लिखित जवाफ रहेको छ भने अन्य विपक्षी मानबहादुर भोलन तथा राधाकुमारी श्रेष्ठसमेतले हाम्रा हकमा रिट निवेदन झुट्टा हुँदा खारेज गरिपाउँ भनी छुट्टाछुट्टै लिखित जवाफ पेस गरेको पाइयो।

४. रिट निवेदक तसलिम खाँ मिस्कार र मृतक ओमनारायण जोशीको संयुक्त सञ्चालनमा रहेको जन्नत ओभरसिज प्रा.लि.इ प.नं. १०७४।०७३।०७४ मिति २०७३।९।२६ मा वैदेशिक रोजगार विभागमा, कम्पनी रजिस्ट्रारको कार्यालयको च.न.२६०८ मिति २०७३।१०।२० को पत्रानुसार आकिरा ओभरसिज प्रा. लि. बाट परिवर्तन भई जन्नत ओभरसिज प्रा. लि. मा कायम भई मिति २०७३।८ १७ मा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भई इजाजत प्राप्त कम्पनीको रूपमा कारोबार गरेको देखिन्छ। रोजगारमा जान चाहने उजुरीकर्ताहरूले ओमनारायण जोशीमार्फत कारोबार गरेको र आफूहरूलाई वैदेशिक रोजगारीमा नपठाएको र पैसासमेत फिर्ता नदिएको भनी वैदेशिक रोजगार विभागमा क्षतिपूर्ति दिलाई भराई पाउँ भनी कम्पनी विरूद्ध उजुरी गरेको देखिन्छ। संयुक्त रूपमा प्रा.लि. सञ्चालन गरेपछि सो प्रा.लि.बाट हुने कामकारबाहीमा दुवै सञ्चालकहरूको हक बराबर लाग्ने तथा सेयर प्रतिशतको आधारमा दायित्व बहन गर्नुपर्ने कानूनी मान्यता रहेको पाइन्छ। सञ्चालकमध्येका ओमनारायण जोशीको मृत्यु भइसकेपछि निजले कुनै पनि दायित्व बहन गर्नु पर्दैन भन्नसमेत मिल्दैन। कम्पनीको नाममा दर्ता भएको जन्नत ओभरसिज प्रा.लि. विरूद्ध उजुरीकर्ता मानबहादुर भोलनसमेतले प्रा.लि.को सञ्चालकले रकम बुझेर पनि वैदेशिक रोजगारमा नपठाएको तथा लिएको रकमसमेत फिर्ता नगरेकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा २० अनुसार कम्पनीलाई कारबाही गरिपाउँ भनी वैदेशिक रोजगार विभागमा उजुरी निवेदन दर्ता गरेको आधारमा वैदेशिक रोजगार विभाग राहत, उद्धार तथा अनुगमन शाखाको च.नं. ३९६, मिति २०७५।९।२७ को पत्रबाट उक्त प्रा.लि.को कारोबार रोक्काको लागि पत्राचारसमेत भएको देखिन्छ। वैदेशिक रोजगारमा पठाउन भनी रकम लिई समयमा नै रोजगारमा नपठाई पैसासमेत फिर्ता नदिएको अवस्थामा पीडित पक्षले सम्बन्धित निकायमा उजुरी गर्न पाउने कानूनी अधिकार उजुरीकर्तामा रहेको भएको नै मानिन्छ भने

पीडितहरूको उजुरीको आधारमा वैदेशिक रोजगार विभागले निवेदकको कारोबार रोक्का राख्ने गरी निर्णय भएको देखिन्छ।

५. संस्थागत रूपमा भएको कार्यबाट निस्कने नकारात्मक तथा सकारात्मक दुवै कुराको परिणाम संस्थाले बेहोर्नु पर्ने हुन्छ। उक्त संस्थाले कुनै पनि दायित्वबाट पन्छिन मिल्ने देखिँदैन। संस्थाको नामको माध्यमबाट रकम सङ्कलन भएको र जुन उद्देश्यबाट रकम सङ्कलन भएको हो उक्त कार्य नगरी रकम प्राप्त गरिसकेपछि पनि आफूले पालन गर्नपर्ने दायित्वबाट पन्छिन मिल्ने देखिँदैन। निवेदक संस्थाकै नामबाट रकम सङ्कलन भएको र त्यसैको कारणबाट विश्वासमा पारि संलग्न भएको देखिँदा जुन उद्देश्यबाट रकम सङ्कलन भएको सोअनुसारको कार्य पूरा नगरी कसैको व्यक्तिगत सम्पत्तिमा प्रतिकूल असर पार्ने गरी भएको कुनै पनि कार्यलाई कानूनी संरक्षण प्राप्त हुनसक्ने देखिँदैन। आफ्नो दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। काम सम्पन नभएको अवस्थामा जुन उद्देश्यको लागि रकम प्राप्त गरेको हो सो कार्य पूरा गर्न नसकेको अवस्थामा लिएको रकम फिर्ता गर्नुपर्ने कानूनी दायित्व पनि हुन आउँछ।

६. कम्पनीका सेयर होल्डरहरूमध्ये कसैको मृत्यु भएमा सेयर कारोबार के कसरी विभाजन गरी हक दायित्व बाँडफाँड गर्ने भन्ने कुरा दुवै पक्षको दायित्व हुने र सोबमोजिमको हिसाब किताब बाँडफाँड गरी पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने कानूनी दायित्व निज कम्पनीको सञ्चालकहरूमा नै निहित रहने हुँदा उक्त सेयर बाँडफाँड गरी फरफारकसमेतको कार्यसम्बन्धी निकायबाट गर्नु पर्नेमा उक्त कामकारबाही भए गरेको देखिएन।

७. तसर्थ माथि विवेचित आधार, प्रमाण र कारणबाट सञ्चालकहरूको नाममा रहेको सेयर बाँडफाँड गरी विवाद निरूपण भएको अवस्थामा कारोबार फुकुवा गर्ने सम्बन्धमा आवश्यक निर्णय हुने नै हुँदा मिसिल संलग्न प्रमाणहरूलाई केलाउँदा विवाद समाधानको सम्बन्धमा निवेदकसमेत छलफलमा उपस्थित भई छलफलबाट निस्कर्ष निस्कन नसकेको कुरा मिति २०७५।९।२५ को पत्रबाट देखिन आउँछ। कम्पनीको नाममा रकम जम्मा भएको, कम्पनीको खाताबाट चेक काटिएको देखिएबाट वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत स्थापित नियामक निकाय वैदेशिक रोजगार विभागले अनुसन्धान गरिरहेको अवस्थामा तत्कालको लागि अर्थात् यथार्थ रूपले रिजल्ट प्राप्त नभएसम्मका लागि तत्कालको लागि कारोबार रोक्का राखिदिने गरी भएको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिँदा मागबमोजिमको उत्पेषणको रिट आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत उत्प्रेषणको रिट खारेज हुने ठहर्छ।

८. निवेदक जन्नत ओभरसिज प्रा. लि. का दुईजना सञ्चालक रहे भएको देखिएबाट सेयरधनीहरूको सेयर कानूनबमोजिमबाट बाँडफाँड गरी विवाद निरूपणतर्फ आवश्यक कारबाही गरी समाधान गरिदिनेतर्फ उचित प्रक्रिया पूरा गरी कारबाही गरी दिनु भनी वैदेशिक रोजगार विभागका नाममा परमादेशसहितको निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

उक्त रायमा सहमत छु।
न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृतः नारायण सापकोटा
इति संवत् २०७६ साल कार्तिक २८ गते रोज ५ शुभम्।